“समृद्ध गंगादेव, सम्मानित गंगादेववासी”

# दोस्रो आवधिक विकास योजना

(आ.व.२०८१/०८२–२०८५/०८६)

## गंगादेव गाउँपालिका

रोल्पा, लुम्बिनी प्रदेश

असार, २०८१

| | | |
|---|---|---|
| प्रकाशक | : | गंगादेव गाउँकार्यपालिकाको कार्यालय, |
| | | सानडाँडा, रोल्पा, लुम्बिनी प्रदेश |
| फोन नं | : | ९८४५५७०४०० |
| ईमेल | : | gangadevmun@gmail.com |
| वेव | : | www.sukidahamun.gov.np |
| सर्वाधिकार | : | गंगादेव गाउँ कार्यपालिकाको कार्यालय, सानडाँडा, रोल्पा |
| मुद्रण | : | १०० प्रति |

गंगादेव गाउँपालिका

गंगादेव गाउँपालिका

**अध्ययन समूह :**

| | |
|---|---|
| **पुस्तक चन्द** | **टिम लिडर** |
| डा. सर्ब राज खड्का | अर्थशास्त्री/योजना विज्ञ |
| ई. कपिल आचार्य | सिभिल इन्जिनियर |
| डा.शालिक राम धिताल | स्वास्थ्य प्रबर्द्धन विज्ञ |
| विकास ज्ञवाली | समाजशास्त्री |
| गणेश कुमार के.सी. | भाषा विज्ञ |
| सागर गोसाइ | जि.आइ.एस. विज्ञ |
| सञ्जय श्रेष्ठ | तथ्याङ्क विश्लेषक |

गंगादेव गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
सानडाँडा, रोल्पा
लम्बिनी प्रदेश
नेपाल
९८४५५७०४००

प.सं -: .८०/८१
च.नं -: .

## मन्तव्य

मुलुक नयाँ युगमा प्रवेश गरेको छ । संघीय संरचना अनुसार स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई सबै स्थानीय तहमा जन निर्वाचित प्रतिनिधिहरूले नेतृत्व गरिरहेका छन् । नेपालमा नयाँ संविधान बमोजिमको संघीय ढाँचाको राज्य संरचना कार्यान्वयन गर्ने दोस्रो चरणमा हामीलाई जनताले निर्वाचित गरेर पठाएका छन् । संविधानको मर्मअनुसार नेपाली जनताको दिगो शान्ति र सामाजिक न्याय सहितको समृद्धिमा पुग्ने तीव्र चाहना अनुसार यो व्यवस्थाको जगलाई बलियो बनाउने ऐतिहासिक अवसर हामी जनप्रतिनिधिहरूले प्राप्त गरेका छौं ।

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी स्वाधिन, समुन्नत तथा समाजवादउन्मुख अर्थ व्यवस्था मार्फत् समृद्ध नेपाल निर्माण गर्ने परिकल्पना गरेको छ। यसैगरी संयुक्त राष्ट्र संघद्वारा सन् २०१६ देखि २०३० सम्मका लागि विश्वव्यापी विकास एजेण्डाको रूपमा विभिन्न १७ वटा दिगो विकासका लक्ष्यहरू निर्धारण गरिएका छन् । यसै सन्दर्भमा संघीय व्यवस्थाको महत्वपूर्ण आधारको रूपमा रहेको स्थानीय सरकारले पनि स्वाभाविक रूपमा दिगो विकास लक्ष्य, राष्ट्रिय सोच, प्रदेश सरकारको दोस्रो आवधिक योजनाले तय गरेका लक्ष्य र संविधानले निर्देश गरे अनुसारको नीतिसँग समायोजन हुने गरी गंगादेव गाउँपालिकाले पनि आफ्नो योजनावद्ध आवधिक र दीर्घकालीन योजना तर्जुमा गर्न वाञ्छनीय रहेको छ ।

गंगादेव गाउँपालिकाको आर्थिक तथा हेड लाइट प्रा.लि.को प्राविधिक सहयोगमा करिव ३ महिनाको अवधि लगाएर गंगादेव गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन वातावरण र संस्थागत विकासका क्षेत्र समेटिने गरी विभिन्न चरणमा गाउँपालिकाका वडा तथा बस्तीहरूमा गइ विज्ञहरूबाट सुझावहरू संकलन गरी आगामी पाँच वर्षको आवधिक योजना सहितको गंगादेव गाउँपालिको एकीकृत आवधिक गुरुयोजना निर्माण गरिएको छ ।

जैविक विविधताले भरिपूर्ण प्रचुर प्राकृतिक सम्पदा र सांस्कृतिक विशेषताहरू भएको गंगादेव गाउँपालिकामा जनताको सामाजिक न्याय सहितको समृद्धिको तीव्र चाहना अनुसार योजनाबद्ध विकास गर्न यो प्रतिवेदन मार्गचित्र हुनेछ । हाम्रो स्रोत र साधनहरूलाई आधारभूत तहमा रहेका जनताहरूको पहुँच र लाभ पुग्ने गरी उपयोग र विस्तार होस भन्ने हेतुले आर्थिक, सामाजिक र वातावरणीय पक्षको नकारात्मक प्रभाव न्यून हुने गरी दिगो विकासको सिद्धान्त अनुसार योजनाहरू तय गर्नका निम्ति यो दस्तावेज तयार गरिएको छ । यो आवधिक योजना तयार गर्नका लागि प्रारम्भिक चरणदेखि प्रत्यक्ष, अप्रत्यक्ष रूपमा योगदान गर्नु हुने विज्ञ विद्वान्हरू, पालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यहरु, विषयगत समितिका संयोजकहरु, आम जनसमुदाय र सम्पूर्ण कर्मचारी वर्गप्रति विशेष धन्यवाद व्यक्त गर्दछु ।

**"समृद्ध गंगादेव, सम्मानित गंगादेवबासी"** सोचलाई मूर्त रूप दिनका लागि मिहीन मेहनतका साथ प्रस्तुत योजना तयार गर्न महत्वपूर्ण योगदान दिनु हुने हेड लाइट प्रा.लि.का सम्पूर्ण विज्ञ सदस्यहरू प्रति विशेष आभार प्रकट गर्दछु ।

..................

हरि बहादुर पुन
अध्यक्ष
गंगादेव गाउँपालिका, रोल्पा

प.सं -: .८०/८१
च.नं -: .

## मन्तव्य

स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रदान गरेको अधिकारको क्षेत्रभित्र रही स्थानीय तहले प्रभावकारी सेवा प्रवाहको लागि योजनाबद्ध विकास गर्नुपर्ने मान्यताको आधारमा गंगादेव गाउँपालिकाले यो दोस्रो पञ्चवर्षीय आवधिक योजना निर्माण गरेको छ ।

यस आवधिक योजनाले गंगादेव गाउँपालिको समग्र विकासमा ठोस योगदान पुऱ्याउन सक्नेछ भन्ने अपेक्षा लिएको छु । गंगादेव गाउँपालिकाका जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, पत्रकार, सरकारी तथा गैरसरकारी संस्थाहरूले यस आवधिक योजनाका लक्ष्यहरूलाई सफल पार्न हरेक वर्ष योजना तर्जुमा, कार्यान्वयन र समीक्षा गर्दा विगतमा भए गरेका प्रशंसनीय कार्यको आत्मबोध गर्ने, अपनत्व ग्रहण गर्ने र समेटेर सँगसँगै लैजाने कार्यमा सहयोग गर्न सबैमा विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु । आवधिक योजनामा भएका योजनाहरूको कार्यान्वयनका पक्षमा गुणस्तरीय सुशासन र कानुनी मर्यादालाई आत्मसात गर्दै योजनाको सफलताको लागि सकारात्मक र नकारात्मक पक्षको समीक्षा गर्दै गाउँपालिकाले तोकेको लक्ष्य अनुसार कार्यान्वयन पक्ष सफल र सक्षम बनाउनको लागि हामी सबै दृढ संकल्पका साथ अगाडि बढेमा विकासको प्रतिफल सबैले पाउने कुरामा दुईमत छैन साथै आवधिक योजना निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्ण जनता, गाउँ सभाका सदस्य, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी र हेड लाइट प्रा.लि.का सम्पूर्ण टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अमृता कुमारी के.सी.
उपाध्यक्ष
गंगादेव गाउँपालिका, रोल्पा

गंगादेव गाउँपालिका

गंगादेव गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
सानडाँडा, रोल्पा
लुम्बिनी प्रदेश
नेपाल
९८४५५७०४००

प.सं -: .८०/८१
च.नं -: .

## मन्तव्य

गंगादेव रोल्पा जिल्लाको पश्चिम उत्तर भागमा अवस्थित गाउँपालिका हो । गाउँपालिकाले हेड लाइट प्रा.लि.को प्राविधिक सहयोगमा गाउँपालिकाको अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना छनौट गरी एकीकृत आवधिक योजना २०८१/०८२ देखि २०८५/०८६ निर्माण भएको छ । यस गाउँपालिकाको विकास र समृद्धिका लागि पहिचान गरिएका प्राथमिकताहरू, किटान भएका कार्यक्रम तथा योजनाहरू र अनुमानित लागत समेत समेटेर पालिकाका सरोकारवालासँगको प्रत्यक्ष संलग्नतामा विषय विज्ञहरू मार्फत् यो दस्तावेज तयार गरिएको छ । यसको प्रभावकारिता स्थानीय स्तरमा त्यतिबेला मात्र देखिन जान्छ जति बेला यी सबै कार्यक्रमहरूमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वःस्फूर्त रूपमा अधिकतम् जनसहभागिता र साझेदारी प्राप्त हुने गरी कार्यान्वयनमा जानेछ ।

यो आवधिक योजना तर्जुमाका क्रममा गाउँपालिकालाई अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नुहुने आदरणीय अध्यक्ष, उपाध्यक्ष, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरू, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यबद्धता जनाउनु हुने सबै राजनीतिक दलका स्थानीय नेतृत्वहरू, विषयगत दक्षता र ज्ञान सहित रायसुझाव, सल्लाह प्रदान गर्नुहुने विषयगत प्रमुख एवं राष्ट्रसेवकहरू आवधिक योजना तर्जुमामा खट्ने ७ वटै वडाका वडा सचिव र कर्मचारी साथीहरू प्रति धन्यवाद दिन चाहन्छु । साथै यस आवधिक योजनाको छलफल कार्यक्रममा उपस्थित भइ गहन राय सुझाव सल्लाह दिनुहुने माननीय ज्यूहरू, जिल्ला समन्वय रोल्पाका प्रमुख, जिल्ला स्थित सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू, विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरू र योजना तयार पार्ने सेवाप्रदायक हेड लाइट प्रा.लि.का प्राविधिक टिमका सम्पूर्ण सदस्यहरूलाई विशेष आभार प्रकट गर्दछु ।

......................
दुर्गबहादुर ओली
प्रमुख प्रशासकीय अधिकृत

## कृतज्ञता

गंगादेव गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासको क्षेत्रगत गहन अध्ययन अनुसन्धान गरी गाउँपालिकाले निर्देश गरेको कार्यक्षेत्र भित्र रही आवधिक योजना निर्माण गरिएको छ। यो आवधिक विकास योजना २०८१/०८२-२०८५/०८६ तयार गरी गंगादेव गाउँपालिकाको कार्यालयमा प्रस्तुत गरिएको छ।

विश्वव्यापी रूपमा सोच्ने, स्थानीय स्तरमा काम गर्ने (Think Globally, Act Locally) भन्ने मान्यतालाई आत्मसात गर्दै, विकासको योजना निर्माण गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयोग र अभ्यासबाट सिक्दै स्थानीय आवश्यकता र यथार्थततामा आधारित भएर गर्नुपर्दछ। जनप्रतिनिधिको परिकल्पना, जनताको आवश्यकता, स्रोत साधनको उपलब्धता र योजना विद्को विज्ञताका आधारमा विकास आयोजनाहरूलाई प्राथमीकरण गरी योजनाबद्ध रूपमा कार्यान्वयन गर्दा दिगो विकासले मूर्त रूप लिन्छ। स्थानीय विकास स्थानीयकै सहभागितामा स्थानीयका लागि भन्ने मान्यतालाई स्वीकार गरी स्थानीय सीप, ज्ञान र प्रविधिको प्रयोग गर्दै मौलिकतामा ह्रास नहुने गरी विकास योजना निर्माण गनुपर्दछ। विकास आयातित र अन्ध अनुकरण हुनुहुदैन। विकासले स्थानीय आवश्यकताको परिपूर्ति, आर्थिक उपार्जनमा सहयोग, रोजगारीको सृजना गरी जनताको समृद्धिको यात्रा तय गर्न सक्नु पर्दछ। स्थानीय स्रोत साधनको उचित प्रयोग गरी न्यूनतम् लागतमा अधिकतम् परिणाम निकाल्न सक्नुपर्दछ। विकास समन्यायिक तथा दिगो, स्थानीय कला, संस्कृति र मौलिकताको संरक्षण गरेर गर्नुपर्दछ भन्ने कुरालाई शिरोधार्य गरी यो आवधिक योजना तयार गरिएको छ।

यो आवधिक योजना तयार गर्ने क्रममा जनप्रतिनिधि र प्रतिनिधिमूलक जनसहभागिता, शिक्षा, स्वास्थ्य, कृषि र विकाससँग सरोकार राख्ने सरोकारवालाहरूको सक्रिय सहभागिता, सल्लाह, सुझाव र मार्गनिर्देशका आधारमा तयार गरिएको छ। यो योजना माथिबाट तल (Top-Down) नभइ तलदेखि माथि (Bottom-up) को अवधारणामा तयार गरिएको छ। संघीयताको मर्म र भावना अनुसार तयार गरिएको प्रस्तुत योजनाको स्वामित्व गंगादेवबासी जनता र तिनीद्वारा निर्वाचित जनप्रतिनिधिले स्वीकार गर्नुहुनेछ भन्ने विश्वास लिएको छु। यो योजना कार्यान्वयनले "**समृद्ध गंगादेव, सम्मानित गंगादेवबासी**" को दीर्घकालीन सोचलाई साकार पार्न सहयोग गर्नेछ।

गंगादेव गाउँपालिकाको आवधिक योजना तयार पार्ने अवसर प्रदान गर्नुहुने गाउँपालिका परिवारप्रति हेड लाइट प्रा.लि. हार्दिक आभार व्यक्त गर्दछ। योजना निर्माणका क्रममा सकारात्मक र रचनात्मक सल्लाह, सुझाव दिनुहुने गाउँपालिका अध्यक्ष श्री हरि बहादुर पुन, उपाध्यक्ष श्री अमृता कुमारी के.सी., वडाअध्यक्षहरु, गाउँकार्यपालिका परिवार र जनप्रतिनिधिहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

सूचना संकलन तथा कार्यालयीय काममा सहजीकरण गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत श्री दुर्गबहादुर ओली ज्यू, विभिन्न शाखाका शाखा प्रमुखज्यूहरू यो प्रतिवेदन तयार गर्दा महत्वपूर्ण सल्लाह सुझाव प्रदान गर्नु हुने डा. सर्वराज खड्का प्रतिवेदन लेखन समूहका विद्वान् व्यक्तित्व गणेश कुमार के.सी., विकास ज्ञवाली, सागर गोसाई र सञ्जय श्रेष्ठ प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

पुस्तक चन्द
टिम लिडर
गंगादेव गाउँपालिका आवधिक योजना अध्ययन समूह

# विषय सूची


परिच्छेद एक ....... १
आवधिक योजनाको परिचय र विधि ....... १
१.१ पृष्ठभूमि ....... १
१.२ आवधिक योजनाको अवधारणा ....... १
१.३ आवधिक योजनाको नीति तथा वैधानिक प्रावधान ....... २
१.४ संघ, प्रदेश र गाउँपालिकाको आवधिक योजनासँग अन्तरसम्बन्ध ....... ३
१.५ आवधिक योजना तर्जुमाका उद्देश्यहरू ....... ३
१.६ आवधिक योजनाका क्षेत्र तथा सीमाहरू ....... ४
१.६.१ योजनाका क्षेत्रहरू ....... ४
१.६.२ आवधिक योजनाका सीमा ....... ५
१.७ अध्ययन विधि ....... ६
१.७.१ पूर्व अध्ययनहरूको पुनरावलोकन ....... ६
१.७.२ पूर्व योजना तयारी कार्यशाला गोष्ठीः ....... ६
१.७.३ आवधिक योजना तर्जुमाका लागि निर्देशक समिति तथा विषयगत उपसमिति गठनः ....... ७
१.७.४ तथ्याङ्क एवं सूचना संकलनः ....... ७
१.७.५ तथ्याङक विश्लेषण ....... ९
१.८ योजना तर्जुमाको प्रकृया ....... १०
१.९ प्रारम्भिक मस्यौदा योजना लेखन, प्रस्तुति तथा छलफल ....... १२
१.१० आवधिक योजनाको अन्तिम प्रतिवेदन प्रस्तुति : ....... १२
१.११ प्रतिवेदनको संगठन ....... १३
परिच्छेद दुई ....... १४
गंगादेव गाउँपालिकाको विद्यमान स्थिति ....... १४
२.१. परिचय ....... १४
२.२ भौगोलिक स्थिति ....... १४
२.२.१ अवस्थिति ....... १४
२.२.२ धरातलीय स्वरूप : ....... १५
२.२.३ हावापानी ....... १६
२.३ प्राकृतिक स्रोत सम्पदा ....... १७
२.३.१ जल प्रवाह प्रणाली ....... १७
२.३.२ प्राकृतिक वनस्पति तथा वन्यजन्तु ....... १८
२.३.३ माटोको बनावट ....... १९
२.३.४ माटोको अम्लीयताको स्थिति ....... २०
२.४ भू-उपयोग तथा मानव बसोबास ....... २१
२.४.१ भू-उपयोग ....... २१
२.४.२ मानव बसोबास ....... २३
२.४.३. भू-स्वामित्वको अवस्था ....... २३
२.५ सामाजिक तथा सांस्कृतिक अवस्था ....... २४
२.५.१ जनसंख्या संरचना तथा वितरण ....... २४
२.५.२ जातजातिगत अवस्था ....... २४
२.५.३ धार्मिक अवस्था ....... २४
२.५.४ जनशक्तिको संरचना ....... २४
२.५.५ बसाइँसराइको वर्तमान अवस्था ....... २५
२.५.६ वैदेशिक रोजगारीमा रहेको जनशक्ति ....... २५


गंगादेव गाउँपालिका

२.५.७ चाडपर्व तथा जात्रा ........ २५
२.५.८ भाषाभाषी तथा भेषभूषा ........ २५
२.५.९ शैक्षिक अवस्था ........ २६
२.५.१० स्वास्थ्य सेवा तथा सुविधाको अवस्था ........ २७
२.६ आर्थिक अवस्था ........ २८
२.६.१ कृषि ........ २८
२.६.२ पशुपालनको अवस्था ........ २९
२.६.३ खाद्यान्न आपूर्तिको अवस्था ........ २९
२.६.४ उद्योग तथा वाणिज्य ........ २९
२.६.५ पर्यटन क्षेत्रको अवस्था ........ ३०
२.६.६ वित्तीय संस्था र सहकारी ........ ३१
२.६.७ पारिवारिक आय व्ययको अवस्था ........ ३१
२.७ खानेपानी तथा सरसफाइको अवस्था ........ ३२
२.८ इन्धन तथा बत्तीको श्रोत र प्रयोगको अवस्था ........ ३३
२.९ वन वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था ........ ३३
२.१० यातायात तथा परिवहन सुविधाको अवस्था ........ ३४
२.११ प्राकृतिक प्रकोप जोखिमका सम्भावित क्षेत्रहरू ........ ३५
२.१२ सूचना तथा सञ्चारको पहुँच ........ ३६
२.१३ पर्यटकीय स्थलहरू ........ ३६
परिच्छेद तीन ........ ३७
गाउँवासीको अपेक्षा र विद्यमान अवस्थाको विश्लेषण ........ ३७
३.१ गाउँपालिकाका प्रमुख समस्याहरू ........ ३७
३.१.१ आर्थिक तथा वित्तीय विकाससँग सम्बन्धित समस्याहरू ........ ३७
३.१.२ सामाजिक विकाससँग सम्बन्धित समस्याहरू ........ ३८
३.१.३ भौतिक पूर्वाधार विकाससँग सम्बन्धित समस्याहरू ........ ३९
३.१.४ वातावरणीय तथा प्रकोप सम्बन्धी समस्याहरू ........ ४०
३.१.५ सुशासन तथा संस्थागत विकाससँग सम्बन्धित समस्याहरू ........ ४०
३.२ गाउँपालिकाको सबलता, दुर्बलता, अवसर र चुनौतीको विश्लेषण ........ ४०
३.३ जनसंख्याको प्रक्षेपण तथा विश्लेषण ........ ४२
३.४ यातायात सुविधाको विश्लेषण ........ ४३
३.५ आर्थिक अवस्थाको विश्लेषण ........ ४५
३.६ प्रकोप तथा वातावरणीय अवस्थाको विश्लेषण ........ ४६
३.७ प्रमुख परिसूचकहरूको प्रवृत्ति विश्लेषण ........ ४७
३.७.१ भौतिक पूर्वाधार ........ ४७
३.७.२ शैक्षिक स्थिति ........ ४८
३.७.३ स्वास्थ्य सेवा तथा सुविधाको अवस्था ........ ४९
३.७.४ प्राथमिकताका मुख्य विषयहरू ........ ५१
परिच्छेद चार ........ ५२
सोंच, समग्र लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम ........ ५२
४.१ पृष्ठभूमि ........ ५२
४.२ राष्ट्रिय पन्ध्रौं योजनाको सोंच, लक्ष्य र रणनीतिहरू ........ ५२
४.२.१ राष्ट्रिय सोंच ........ ५२
४.२.२ राष्ट्रिय दीर्घकालीन रणनीति ........ ५२
४.३ लुम्बिनी प्रदेशको दीर्घकालीन सोंच ........ ५३
नगरिक गाउँपालिका

४.३.१ प्रदेशको दीर्घकालीन लक्ष्य ........ ५३
४.४ गंगादेव गाउँपालिकाको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य तथा उद्देश्य ........ ५३
४.४.१ गंगादेव गाउँपालिकाको दीर्घकालीन सोंच ........ ५३
४.४.२ लक्ष्य ........ ५४
४.४.३ उद्देश्यहरू ........ ५४
४.४.४ समग्र रणनीति तथा कार्यनीतिहरू ........ ५५
४.५ राष्ट्रिय र प्रदेशका दीर्घकालीन अपेक्षित नतिजा/उपलब्धिहरू ........ ६९
४.६ गंगादेव गाउँपालिकाका अपेक्षित नतिजा/उपलब्धिहरू ........ ७०
४.७ आय-व्ययको प्रवृत्ति र प्रक्षेपण ........ ७६
४.८ लगानीको स्रोत र व्यवस्था ........ ८१
४.८.१ लगानीको आवश्यकता र स्रोत ........ ८१
४.८.२ आन्तरिक स्रोतको व्यवस्था र परिचालन नीति ........ ८२
४.८.३ अन्तर सरकारी स्रोत परिचालन ........ ८२
४.८.४ जनसहभागिता परिचालन ........ ८२
४.८.५ निजी तथा वित्तीय क्षेत्रको स्रोत परिचालन ........ ८२
४.८.६ संघ संस्थाको स्रोत परिचालन ........ ८२
४.८.७ अन्य स्रोत परिचालन ........ ८२
४.८.८ स्रोत साधनको बाँडफाँट तथा परिचालनका आधारहरू ........ ८२
४.९ सार्वजनिक खर्च र राजश्व परिचालन नीतिः ........ ८३
४.९.१ सार्वजनिक खर्च नीति ........ ८३
४.९.२ राजश्व नीति ........ ८४
४.१० निजी क्षेत्रको स्रोत परिचालन नीति ........ ८४
४.११ सहकारी क्षेत्रको स्रोत परिचालन नीति ........ ८४
४.१२ जनसहभागिता परिचालन नीति ........ ८४
४.१३ संघ संस्थाको स्रोत परिचालन नीति ........ ८४
परिच्छेद पाँच ........ ८५
आर्थिक क्षेत्रगत विकास योजना ........ ८५
पृष्ठभूमि ........ ८५
५.१ कृषि ........ ८५
५.२ पशुपंछी विकास ........ ९८
५.३ सिंचाइ ........ १०६
५.४ उद्योग तथा वाणिज्य ........ ११५
५.५ पर्यटन ........ १२१
५.६ सार्वजनिक, निजी र सहकारी साझेदारी ........ १२८
५.७ श्रम तथा रोजगारी र मानव संसाधन विकास ........ १३३
परिच्छेद छ ........ १४०
सामाजिक क्षेत्र विकास योजना ........ १४०
पृष्ठभूमि ........ १४०
६.१ शिक्षा ........ १४०
६.२. स्वास्थ्य तथा पोषण ........ १६०
६.३ खानेपानी तथा सरसफाइ ........ १७०
६.४. युवा तथा खेलकुद ........ १८३
६.५ कला तथा संस्कृति ........ १८९
६.६ लक्षित समूह विकास ........ १९४

गंगादेव गाउँपालिका

परिच्छेद सात ........ २०२
पूर्वाधार क्षेत्र विकास योजना ........ २०२
पृष्ठभूमि ........ २०२
७.१ सडक, ढल तथा पुल पुलेसा ........ २०२
७.२ उर्जा र संचार ........ २२०
७.३ भवन निर्माण, आवास तथा बस्ती विकास ........ २२७
परिच्छेद आठ ........ २३३
वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र विकास योजना ........ २३३
पृष्ठभूमि ........ २३३
८.१ वन तथा वातावरण ........ २३३
८.२ विपद् व्यवस्थाप ........ २५०
८.३ वातावरण संरक्षण र जलवायु परिवर्तन ........ २५७
परिच्छेद नौ ........ २६४
संस्थागत विकास तथा सुशासन क्षेत्र विकास योजना ........ २६४
पृष्ठभूमि ........ २६४
९.१ संस्थागत क्षमता विकास योजना ........ २६४
९.२ मानव संसाधन विकास ........ २६९
९.३ सुशासन ........ २७२
परिच्छेद दश ........ २७०
योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन ........ २७०
१०.१ तथ्याङ्क प्रणाली ........ २७०
१०.२ योजना तर्जुमा तथा कार्यान्वयन ........ २७२
१०.३ आयोजना बैंक ........ २७४
१०.४ तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय ........ २७६
१०.५ अनुगमन तथा मूल्याङ्कन ........ २७८
१०.६ जोखिम व्यवस्थापन ........ २८०

गंगादेव गाउँपालिका

## नक्सा सूची


नक्सा १: गंगादेव गाउँपालिकाको भौगोलिक तथा प्रशासनिक नक्सा ........ १५
नक्सा २: गंगादेव गाउँपालिकाको धरातलीय स्वरूप ........ १६
नक्सा ३: गंगादेव गाउँपालिकाको औषत वार्षिक वर्षा ........ १७
नक्सा ४: गंगादेव गाउँपालिकाको जलप्रवाह प्रणाली ........ १८
नक्सा ५: गंगादेव गाउँपालिकाको परिस्थितिकीय नक्सा ........ १९
नक्सा ६: गंगादेव गाउँपालिकाको माटोको बनोट ........ २०
नक्सा ७: गंगादेव गाउँपालिकाको माटोको अम्लीयताको स्थिति ........ २१
नक्सा ८: गंगादेव गाउँपालिकामा भू-उपयोगको स्थिति ........ २२
नक्सा ९: गंगादेव गाउँपालिकाको सडक सञ्जाल ........ ३५


गंगादेव गाउँपालिका

# तालिका सूची


तालिका १: गंगादेव गाउँपालिकाको धरातलीय भिरालोपनाको विवरण ...................................................१६
तालिका २: गंगादेव गाउँपालिकाको औषत वार्षिक वर्षाको विवरण ...................................................१७
तालिका ३: गंगादेव गाउँपालिकाको परिस्थितिकी ...................................................१९
तालिका ४: गंगादेव गाउँपालिकाको माटोको बनावट ................................................... २०
तालिका ५: माटोको अम्लीयताको स्थिति ................................................... २१
तालिका ६: भू-उपयोगको स्थिति ...................................................२२
तालिका ७: गंगादेव गाउँबासीहरूका औषत वार्षिक आम्दानीका स्रोतहरू (रु.मा) ................................................... ३१
तालिका ८: परिवारको वार्षिक खर्चका क्षेत्रहरू (रु. मा) ...................................................३२
तालिका ९: गंगादेव गाउँपालिकाको सडकका प्रकार...................................................३५
तालिका १०: गंगादेव गाउँपालिकाको पर्यटकीय स्थलहरुको नाम................................................... ३६
तालिका ११: गंगादेव गाउँपालिकाको जनसंख्या वृद्धि तथा प्रक्षेपण................................................... ४२
तालिका १२: गंगादेव गाउँपालिकामा विस्तारित पालिका स्तरीय सडक सम्बन्धी विवरण ................................................... ४३
तालिका १३: गंगादेव गाउँपालिकामा विस्तारित वडा स्तरीय सडक सम्बन्धी विवरण...................................................४४
तालिका १४: गंगादेव गाउँपालिकामा सडक निर्माणको स्थिति ................................................... ४७
तालिका १५: गंगादेव गाउँपालिकामा खानेपानी सुविधाको स्थिति ...................................................४८
तालिका १६: गंगादेव गाउँपालिकामा विद्युत् सुविधाको स्थिति...................................................४८
तालिका १७: गंगादेव गाउँपालिकाको शैक्षिक संस्थाको स्थिति................................................... ४९
तालिका १८: गंगादेव गाउँपालिकाको योजनाका प्राथमिकताका क्षेत्र ...................................................५१
तालिका १९: राष्ट्रिय दीर्घकालीन लक्ष्य ...................................................५२
तालिका २०: गंगादेव गाउँपालिकाले निर्धारण गरेका सोंच पुरा गर्ने प्रमुख आधारहरू ...................................................५३
तालिका २१: राष्ट्रिय र प्रदेशका दीर्घकालीन परिमाणात्मक लक्ष्यहरू...................................................६९
तालिका २२: आर्थिक विकासको लक्ष्य तथा गन्तव्यका सूचकहरू ................................................... ७०
तालिका २३: सामाजिक विकासका लक्ष्य तथा गन्तव्यका सूचकहरू...................................................७२
तालिका २४: शहरी तथा पूर्वाधार विकासका लक्ष्य तथा गन्तव्यका सूचकहरू ...................................................७४
तालिका २५: विपद् व्यवस्थापन तथा वातावरण संरक्षणका लक्ष्य तथा गन्तव्यका सूचकहरू ...................................................७४
तालिका २६: संस्थागत विकास, सेवा प्रवाह र सुशासनका लक्ष्य तथा गन्तव्यका सूचकहरू ................................................... ७५
तालिका २७: गंगादेव गाउँपालिकाको योजना अवधिको आय र लगानीको अनुमान र प्रक्षेपण (रु. मा) आयका स्रोतहरू ........७७
तालिका २८: गंगादेव गाउँपालिकाको योजना अवधिको व्ययको अनुमान र प्रक्षेपण (रु. मा) ................................................... ७८
तालिका २९: आय प्रक्षेपण................................................... ८१

## परिच्छेद एक
## आवधिक योजनाको परिचय र विधि

### १.१ पृष्ठभूमि

गंगादेव गाउँपालिका रोल्पा जिल्लाका दश वटा स्थानीय तह (एक नगरपालिका र नौ गाउँपालिका) मध्ये एक हो । यो गाउँपालिका जिल्लाको पश्चिम उत्तर भागमा अवस्थित रहेको छ । भौगोलिक रूपमा रोल्पाको कुल क्षेत्रफल १८८५.४१ वर्ग कि.मि. मध्ये १२४.३८ वर्ग कि.मि. क्षेत्रफलमा यो गाउँपालिका फैलिएको छ । यस गाउँपालिकाको अधिकांश भूभाग भिरालो पहाड, पहाडी खोच र थोरै मात्र भूभाग गल्छी, फाँट र वेशीमा रहेको छ । पहाडी भूभाग भए तापनि जमिनको उर्वराशक्ति राम्रो रहेको छ । भौतिक पूर्वाधार निर्माणका दृष्टिले तुलनात्मक रुपमा प्रतिकूल रहेको यो गाउँपालिकाका सबै वडा कार्यालयसम्म कच्ची सडक पुऱ्याएको छ। नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही गाउँपालिकाको विकास र सम्वृद्धिको खाका आफै कोर्ने र निर्धारित खाका अनुसार योजनाबद्ध कार्यान्वयन गर्दै जनताको दिगो तथा उच्च जीवनस्तर हासिल गर्न स्थानीय सरकारको दायित्वलाई व्यवस्थित गर्ने उद्देश्यले प्रस्तुत आवधिक योजना तयार गरिएको छ । जनताको प्रत्यक्ष सहभागिता र निगरानीमा सहभागितामूलक, समावेशी, समन्यायिक द्रुत आर्थिक तथा सामाजिक विकासको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन दृष्टिकोण राख्दै विकासका उद्देश्यहरू, रणनीतिक कार्यक्रमहरू र आयोजनाहरूको छनौट गर्ने, कार्यान्वयनको कार्ययोजना र अनुगमन तथा मूल्याङ्कनको सुस्पष्ट ढाँचा र कार्यविधि प्रस्तुत गर्नु यस आवधिक योजनाको कार्यभार रहेको छ। यस योजनाले विकास निर्माण र सार्वजनिक सेवा प्रवाहलाई स्थानीय जनताको निकट पहुँचमा राखी उनीहरूको सम्वृद्धिको रेखा आफै कोर्ने सहभागितामूलक रणनीति अवलम्वन गरेको छ । कार्यान्वयन र मूल्यांकनमा समेत स्थानीय जनताको प्रत्यक्ष संलग्नता, दिगो विकासका लक्ष्य, संघीय, प्रादेशिक सरकारका नीति तथा कार्यक्रम, गैरसरकारी संघ संस्थाहरू तथा निजी क्षेत्रको क्रियाकलाप समेतलाई साझेदार क्रियाकलापका रूपमा ग्रहण गरी गाउँपालिकालाई समन्वयात्मक भूमिका र विकासको केन्द्र (Focal point) का रूपमा सुदृढ गर्ने अवधारणा राखेको छ ।

नेपालको संविधानको सफल कार्यान्यनका लागि नेपाल सरकारले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को सोचलाई साकार पार्न सबै तहका सरकारहरूको योजना चक्र प्रभावकारी हुन जरूरी छ। तसर्थ संविधानले स्थानीय तहलाई आफ्नो क्षेत्रको प्राकृतिक र आर्थिक स्रोत संकलन तथा परिचालनका लागि जिम्मेवार बनाएको छ। यिनै जिम्मेवारीलाई पुरा गर्न स्थानीय तहले आ-आफ्नो क्षेत्रको समष्टिगत विकासका लागि आवधिक योजना बनाई कार्यान्वयन गर्न आवश्यक रहेको छ । जनताको जीवनस्तरमा सुधार ल्याउन गाउँपालिका भित्रका विकासका संभावनाहरूको आधार तथा नेपाल सरकारले आन्तरिकीकरणमा जोड दिएको दिगो विकासका लक्ष्यहरूलाई समेत आधार मानी विकासमा लगानीको अभिवृद्धि गर्नका लागि आगामी ५ वर्ष भित्र सामाजिक न्याय सहितको शिक्षित, स्वस्थ, समृद्ध र विभेद रहित समाजको निर्माण गर्न तथा उच्च आर्थिक वृद्धि हाँसिल गर्दै गाउँबासीको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य लिएको छ। नेपालको संविधान, संघ तथा प्रदेश सरकारका दीर्घकालीन सोचलाई आत्मसात गर्दै जनताको आवश्यकता, गाउँपालिकाको क्षमता तथा स्थानीय यथार्थताका आधारमा गाउँपालिका भित्रका जनताका आधारभूत र बदलिँदो परिवेशका आवश्यकताहरूलाई मध्यनजर गर्दै समावेशी विकासको धारणालाई समेत ध्यानमा राखी गंगादेव गाउँपालिकाले यो आवधिक योजना २०८१/२०८२–२०८५/२०८६ तयार पारेको छ।

### १.२ आवधिक योजनाको अवधारणा

विकास योजना पूर्वनिर्धारित आर्थिक/सामाजिक उद्देश्य र लक्ष्यहरू प्राप्त गर्न निर्धारित अधिकार प्राप्त निकायले आधिकारिक तथ्यहरूको व्यापक सर्वेक्षणका आधारमा व्यवस्थित रूपमा तयार गर्ने वैधानिक

दस्तावेज (Document) हो । यसलाई कार्यक्रम वा क्रियाकलापहरूको प्रक्षेपित लक्ष्यहरू प्राप्त गर्ने प्रभावकारी कार्यान्वयनको मार्गदर्शन पनि भन्न सकिन्छ । आवधिक योजनालाई दीर्घकालीन योजनाको कार्यान्वयनको अल्पकालीन र मध्यमकालीन समयबद्ध खाका, विद्यमान श्रोतको उपयुक्त बाँडफाँड र क्रियाकलाप कार्यान्वयनको चरणवद्ध कार्यक्रम भन्न सकिन्छ । स्थानीय निकायको आवधिक योजना भनेको जनताका विकासका चाहना र आकांक्षाहरूको सर्वेक्षणका आधारमा जनताकै प्रत्यक्ष सहभागिता र संग्लनतामा बनाइने तलबाट उठेको (Bottom up) ढाँचा, श्रोत साधनहरूको समयबद्ध र क्षेत्रगत बाँडफाँडका आधारमा पूर्व निर्धारित उद्देश्य र लक्ष्यहरूको प्राप्तिका लागि बनाइएका सुस्पष्ट, विशिष्ट कार्यक्रम र कार्ययोजनाहरूको खाका र रणनीतिको रूपमा बुझ्न सकिन्छ । यस्तो योजना प्रकृयामा सम्बद्ध जनता र समुदायको अर्थपूर्ण सहभागिता र साझेदारी, स्थानीय श्रोतहरू र संभावनाहरूको उपयोगबाट स्थानीय आवश्यकताहरूको परिपूर्ति तथा स्थानीय जनताको विकास निर्माणमा प्रत्यक्ष निगरानी, अनुगमन र मूल्यांकनको स्थानीय ढाँचा र जिम्मेवारीको बाँडफाँड महत्वपूर्ण हुन्छ ।

केन्द्रिकृत योजना माथिबाट तल कार्यान्वयन गरिएको (Top-down) प्रकृयाभन्दा विकेन्द्रिकृत योजना तलबाटै उठेका (Bottom-up) हुन्छन् । योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकनको वैकल्पिक प्रकृया राष्ट्रिय तथा अन्तर्राष्ट्रिय योजना र विकासका अनुभवहरूले सिद्ध गरेको जनमुखी प्रकृया हो । यसमा दिगो विकासका आधारभूत मान्यताहरू समेटिनुका साथै आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र संस्थागत योजनाहरूको उपयुक्त सन्तुलन स्थापित गर्ने प्रयत्न हुन्छ । यस्तो योजनामा योजनाको प्रारम्भदेखि आवश्यकता पहिचान, दीर्घकालीन सोच, ध्येय तथा उद्देश्य तय गर्ने, योजना, कार्यक्रम र परियोजनाहरूको छनौट र प्राथमिकता निर्धारण, कार्यक्रम र आयोजनाको कार्यान्वयनका साथै स्थानीय मूल्य मान्यता र संस्कृतिको संरक्षण, श्रोत र साधनहरूको व्यवस्थापन, कार्यान्वयन प्रकृयाको अनुगमन र मूल्याकंनमा स्थानीय जनताको सक्रिय सहभागिताको महत्वपूर्ण भूमिका हुने भएकाले यस्ता योजनाहरूमा आम जनसमुदायको अपनत्व र स्वामित्व स्थापित भै योजनाबद्ध कार्यक्रमहरूको अधिकतम प्रतिफल प्राप्ति हुने र त्यसबाट समयमै आयोजना तथा कार्यक्रमहरू सम्पन्न हुने कुराको सुनिश्चितता हुन्छ । यस्ता योजनाले आयोजना र कार्यक्रमहरूबाट प्राप्त हुने अपेक्षित प्रतिफलको वितरण समन्यायिक र दिगो समेत हुने विश्वास गरिन्छ ।

## १.३ आवधिक योजनाको नीति तथा वैधानिक प्रावधान

यो आवधिक योजना स्थानीय तहले आफ्नो संवैधानिक हैसियत र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६, दफा २४ को व्यवस्थाअनुसार स्थानीय तहलाई प्रदान गरिएका अधिकारहरूको कार्यान्वयन गर्ने क्रममा तयार गरिएको हो । उक्त ऐनले निर्धारण गरेको क्षेत्राधिकार र त्यसले स्थानीय तहलाई आफ्नो क्षेत्रको विकास आफै गर्न सक्ने र त्यसका लागि वार्षिक, आवधिक र दीर्घकालीन योजना तथा कार्यक्रमहरू निर्माण गर्नुपर्ने प्रावधान बमोजिम गंगादेव गाउँपालिकाको विनियोजित बजेट र कार्यनिर्देशन (TOR) को अधिनमा रहि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ बमोजिम प्रकृया पूरा गरी हेड लाइट प्रा.लि.लाई नियमानुसार परामर्शदाता नियुक्त गरी योजना निर्माण गर्ने जिम्मेवारी दिइएको थियो । सो जिम्मेवारी अनुसार परामर्शदाता संस्थालाई दिएको कार्यनिर्देशन (TOR) अनुसार व्यापक सर्वेक्षण र अन्तर्क्रियाबाट सहभागितामूलक प्रकृया अवलम्बन गरी यो आवधिक योजना तयार गरिएको छ । विभिन्न विषयगत समितिहरूसँग व्यापक छलफल गरी परामर्शदाता संस्थाले तयार गरेको यस योजनालाई गाउँपालिकाको निर्देशक समिति (Steering Committee) बाट पारित भए पछि गाउँकार्यपालिकाले स्वीकृत गरी गाउँसभाले अनुमोदन गरेपछि यो आवधिक योजना लागू हुनेछ । यो आवधिक योजना तयार गर्दा देहायबमोजिमका नीतिहरूलाई अबलम्बन गरिएको छ :

- राष्ट्रिय योजना आयोगको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा आधारित,

- गंगादेव गाउँपालिकाको आवधिक योजना तर्जुमाको निर्दिष्ट कार्य निर्देशिका (Terms of Reference) मा आधारित,
- गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक तथा प्राकृतिक स्रोतको विद्यमान अवस्थामा आधारित,
- जनताको आवश्यकता र आकांक्षाको संकलन र छलफलमा आधारित,
- गाउँपालिकाको विगतको वित्तीय अवस्था र भविष्यको प्रक्षेपणमा आधारित,
- स्थानीय स्रोत, सामग्री र जनशक्तिको अधिकतम प्रयोग गर्ने सोंचमा आधारित,
- गाउँपालिकाको दीर्घकालीन सोंच, लक्ष्य र रणनीतिहरूमा आधारित,
- संघ र प्रदेशका योजना तथा कार्यक्रमहरूसँग तादात्म्यतामा आधारित,
- विकास योजनाहरूको क्षेत्रगत बाँडफाँड र सन्तुलनमा आधारित,
- समयबद्ध कार्यान्वयनको ढाँचा र लगानीको योजनामा आधारित र
- योजना र कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्यांकनको सुस्पष्ट प्रणालीमा आधारित ।

## १.४ संघ, प्रदेश र गाउँपालिकाको आवधिक योजनासँग अन्तरसम्बन्ध

राज्यको पुनर्संरचनासँगै संघ, प्रदेश र स्थानीय सरकारले आफ्नो आवश्यकतामा आधारित विकासका आवधिक योजनाहरू निर्माण गरी कार्यान्वयनका लागि नीति, कार्यक्रम र बजेटका माध्यमबाट समृद्धिको यात्रा तय गर्ने अधिकार रहेको छ । राष्ट्रको समग्र विकास एकल प्रयासबाट मात्र संभव नहुने भएकाले अन्तर सरकार सम्बन्ध र योजनाका माध्यमबाट एकतावद्ध ढंगले एउटै सोचाई राखेर गरिएको विकास प्रयासले सीमित स्रोत र साधनको एकीकृत ढंगले उपयोग गरी छोटो समयमा उपलब्धिमूलक प्रगति गर्नका लागि तीनवटै तहका सरकारहरूको विकास योजनाहरू एक अर्काका परिपूरक हुनु पर्दछ । तिनीहरू बीचको सम्बन्ध र तादात्म्यता हुनुपर्ने आवश्यकतालाई यो आवधिक योजनामा पनि मध्यनजर गरिएको छ । खासगरी केन्द्रीय, प्रादेशिक र स्थानीय योजना र कार्यक्रमहरू परस्पर बाझिने, दोहोरिने संभावना र त्यसबाट कार्यान्वयनमा पैदा हुने जटिलतालाई योजना बनाउँदा विशेष हेक्का राखिएको छ । सुख र समृद्धि सबैको चाहना भएकाले संघीय सरकारले पन्ध्रौं योजनामा परिकल्पना गरेको **"समृद्ध नेपाल र सुखी नेपाली"** को नारालाई आफ्नो दीर्घकालीन सोचको रूपमा अगाडि सारेको छ र यही नारालाई एकाकार गर्दै लुम्बिनी प्रदेश सरकारले पनि आगामी वर्षहरूको विकासको सोच **"समृद्ध प्रदेश खुशी जनता"** को नारालाई विकास अभियानको रूपमा कायम गरेको छ । गंगादेव गाउँपालिकाको सोच र विकास अभियानलाई सोहि अनुकूल बनाइ तीनै तहका सरकारहरूको विकास अभियानलाई एकअर्काका पूरकका रूपमा अगाडि बढाउने गरी यो आवधिक योजना तयार गरिएको छ । केन्द्र, प्रदेश र स्थानीय तहको अधिकारको सूचीलाई समेत मध्यनजर गरी तिनीहरूबाट निक्षेपित हुने अनुदान र राजश्व बाँडफाँडलाई यस आवधिक योजनाको वित्तीय योजना र क्षेत्रगत लगानी कार्यक्रम तय गर्दा विशेष ध्यान पुऱ्याइएको छ । साथै नेपालले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता, राष्ट्रिय र प्रादेशिक विकास नीति र कार्यक्रमसँग यो आवधिक योजनालाई आबद्ध गरिएको छ ।

## १.५ आवधिक योजना तर्जुमाका उद्देश्यहरू

संविधानको अनुसूची ८ अन्तर्गत २२ एकल अधिकार र अनुसूची ९ अन्तर्गत प्रदेशसँगका साझा अधिकार स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य गंगादेव गाउँपालिकाको विकासको दीर्घकालीन सोच बमोजिम क्षेत्रगत विकासको समग्र योजना र कार्यक्रमहरू तय गरी गंगादेववासी जनताको सम्वृद्धिलाई सुनिश्चित गर्नु रहेको छ । यसका विशिष्ट उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

- गाउँपालिका र यसका विभिन्न क्षेत्रभित्र कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार, ऊर्जा र रोजगारी प्रबर्द्धन कार्यक्रमहरू मार्फत आर्थिक गतिविधिमा विस्तार र विकास गर्न आर्थिक विकास योजना तर्जुमा गर्नु ।
- आवधिक योजनाका विभिन्न कार्यक्रमहरूको संचालनका लागि आवश्यक पर्ने वित्तीय श्रोत परिचालन र त्यसको क्षेत्रगत लगानी योजना प्रस्तुत गर्नु ।
- पछौटे, विपन्न र सामाजिक हिसावले वञ्चितीकरणमा परेका क्षेत्र, वर्ग र लिङ्गका जनताको शिक्षा, स्वास्थ्य, खेलकुद एंव मनोरञ्जनको आवश्यकतालाई परिपूर्ति गर्न योजना तर्जुमा गर्नु ।
- गंगादेव गाउँपालिकाका विद्यमान पूर्वाधारहरूको अधिकतम उपयोग गर्दै योजनाबद्ध तवरले आर्थिक सामाजिक पूर्वाधारको दिगो विकास योजना तर्जुमा गर्नु ।
- गंगादेव गाउँपालिका क्षेत्रको पर्यावरणीय सन्तुलन, वातावरण संरक्षण र व्यवस्थापन तथा संभावित विपद् व्यवस्थापनको योजना तर्जुमा गर्नु ।
- गाउँपालिकाको सांगठनिक स्वरूप, संस्थागत व्यवस्थापन, जनशक्ति व्यवस्थापन र असल शासनका कार्यक्रमहरू समेटिएको संस्थागत योजना प्रस्तुत गर्नु ।
- गाउँपालिकाको आवधिक योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्ययोजना निर्माण गर्नु ।

## १.६ आवधिक योजनाका क्षेत्र तथा सीमाहरू

### १.६.१ योजनाका क्षेत्रहरू

राष्ट्रिय योजना आयोगले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले निर्दिष्ट गरेको कार्य निर्देशन, गंगादेव गाउँपालिका र परामर्शदाता संस्थाबीच भएको सम्झौताको परिधिभित्र रही यो आवधिक योजना तयार गरिएकोले तद्नुरूप यस योजनामा निम्न लिखित क्षेत्रका योजनाहरू समेटिएका छन् :

#### क) गंगादेव गाउँपालिकाको दीर्घकालीन योजनाको प्रारूप :

यस भित्र विकासको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य, उद्देश्यहरू र विकासका प्राथमिकताका साथै गंगादेव गाउँपालिका क्षेत्रका सबल तथा दुर्बल पक्ष, संभावना र चुनौतीहरू समेत प्रस्तुत गरिएको छ ।

#### ख) आर्थिक विकास योजना :

यस योजना अन्तर्गत कृषि, पशुपालन, बागवानी, जलस्रोतको उपयोग, वनमा आधारित आर्थिक क्रियाकलाप, उद्योग तथा वाणिज्य, पर्यटन, रोजगारी प्रबर्द्धन, गरिबी निवारण, घरेलु तथा साना उद्यम विकासका कार्यक्रम, वित्तीय क्षेत्र, एकल अधिकार अन्तर्गत सहकारी संस्था, स्थानीय बजार व्यवस्थापन (हाटबजार, स्थानीय स्तरका व्यापारिक फर्म), बेरोजगारको तथ्याङ्क संकलन (रोजगार सूचना केन्द्र, वैदेशिक रोजगार), कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण जस्ता विषय क्षेत्र समेटिएका छन् ।

#### ग) सामाजिक विकास :

यस योजना अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, भाषा संस्कृति, ललितकलाको संरक्षण र विकास, जेष्ठ नागरिक, अपाङ्ग तथा असहाय भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन, लैङ्गिक तथा जातजातिगत समानता, बसाइँसराइ व्यवस्थापन, सार्वजनिक सम्पत्तिमा जनताको पहुँच, सामुदायिक स्रोत विकास, बालविकास, दलित तथा सीमान्तकृत समुदायको सामाजिक मूल प्रवाहीकरणमा सहभागिता सुनिश्चित गर्ने, सामाजिक सुरक्षाका कार्यक्रमहरू, युवा तथा खेलकुद विकास, ऐतिहासिक स्थलको संरक्षण, खाद्य गुणस्तर, प्रदुषण, स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन, खेलकुद, पत्रपत्रिका, स्वास्थ्य (स्वास्थ्य संस्था दर्ता अनुमति, औषधीजन्य वनस्पति, औषधी खरिद, आकस्मिक सेवा), सामाजिक सुरक्षा तथा गरिबी निवारण (लक्षित समूह) जस्ता विषय क्षेत्र समेटिएका छन् ।

### घ) भौतिक पूर्वाधारः

स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, साना सिंचाइ तथा जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, नदी नियन्त्रण, स्वच्छ खानेपानी, सुरक्षित आवास, सामाजिक पूर्वाधार (शिक्षा, स्वास्थ्य र सामुदायिक भवन) पर्यटन पूर्वाधार विकास तथा औद्योगिक पूर्वाधारहरूः सडक तथा पुल, झोलुङ्गे पुल, भवन तथा शहरी विकास, सञ्चार, स्थानीयस्तरका विकास आयोजना तथा परियोजना र साझा अधिकार अन्तर्गतः स्थानीय स्तरका पुरातत्व, प्राचीन स्मारक र संग्राहलय संरक्षण, सम्बर्द्धन र पुनर्निर्माण, न्यूनतम दररेट निर्धारण, भवन निर्माण इजाजत जस्ता भौतिक विकास योजना समेटिएको छ ।

### ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन :

यस अन्तर्गत सरसफाइ, ठोस फोहोर व्यवस्थापन, प्राकृतिक तथा सांस्कृतिक वातावरणको संरक्षण, नदीजन्य कटान नियन्त्रण, भूक्षय नियन्त्रण, वन तथा वातावरणको संरक्षण, वन पैदवारको उपयोग र विकास प्रबर्द्धन, जलाधार संरक्षण, जल उपयोग, जलउत्पन्न प्रकोप नियन्त्रण, खानी तथा खनिज पदार्थ संरक्षण, वन्यजन्तु, चराचुरूंगी, जैविक विविधता संरक्षण, विपद् व्यवस्थापन पर्यावरणीय (जलवायु) अनुकूलन कार्यक्रमहरू समेटिएका छन् । जोखिमयुक्त स्थानहरूको पहिचान गरी भूकम्प, आगलागी, बाढी, पहिरो, सुख्खा खडेरी र महामारीजस्ता विपद्हरूको पूर्वतयारी, सूचना प्रणालीको विकास, विपद् पश्चात् उद्धार र पुनर्स्थापनाका कार्यक्रमहरू समावेश गरिएका छन् ।

### च) वित्तीय व्यवस्थापन योजना :

यस योजना अन्तर्गत गाउँपालिकाको आय-व्ययको विश्लेषणका आधारमा आगामी योजना अवधिको लागि आय र व्ययको प्रक्षेपण गरिनुका साथै गाउँपालिकाको बजेटको क्षेत्रगत बाँडफाँड, आन्तरिक राजश्व वृद्धिका योजना, निजी र सहकारीको योगदान, अन्तर सरकारी वित्तीय बाँडफाँड र हस्तान्तरण, खर्चको बाँडफाँड र व्यवस्थापनको योजना समेटिएको छ ।

### छ) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनः

यस अन्तर्गत गाउँपालिकाको सेवा प्रवाहको सहजता, स्वच्छ र प्रभावकारी सेवा, असल शासन प्रबर्द्धन, लेखा र अभिलेखहरूको प्रभावकारी व्यवस्थापन, स्थानीय स्रोत तथा साधनको प्रभावकारी उपयोग, अन्य संस्थाहरूसँगको साझेदारी र सञ्जाल (Networking), कर्मचारी र जनशक्ति व्यवस्थापन, अभिप्रेरणा र सुदृढीकरण, विकास प्रशासनको ढाँचा र कार्यविधिको विकास जस्ता कार्यक्रमहरू समेटिएका छन् । वडा स्तरीय, गाउँपालिका स्तरीय, प्रदेश र संघीय कार्यक्रमहरूसँग तादात्म्यता र जिम्मेवारी बाँडफाँड गरी कार्यक्रम कार्यान्वयनको ढाँचा प्रस्तुत गरिएको छ भने विकास निर्माण र गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूको अनुगमन तथा मूल्यांकनको योजना समेटिएको छ ।

## १.६.२ आवधिक योजनाका सीमा

प्रस्तुत आवधिक योजना तयार गर्दा निम्नलिखित सीमाहरूलाई मध्यनजर गरिएको छ :

- वडा भेलामा सहभागीहरूको विचार प्रतिनिधिमूलक रूपमा आवधिक योजनामा समावेश गरिएको ।
- स्रोत साधन र समय सीमितताको कारणले वडाबासीहरूका सम्पूर्ण अपेक्षा र आकांक्षाहरू योजनामा समेटन सकिएको छैन ।
- यो योजना गंगादेव गाउँपालिकाको दोस्रो आवधिक योजना भए पनि कतिपय द्वितीय स्रोतबाट प्राप्त हुनु पर्ने तथ्यांकहरू पर्याप्त रूपमा उपलब्ध हुन सकेका छैनन् ।

- गाउँपालिकाका विभिन्न कार्यक्रमहरू दीर्घकालीन प्रकृतिका र विस्तृत परियोजना प्रतिवेदनको आवश्यकता पर्ने खालका भएकाले परियोजनागत विस्तृत लगानी योजना तयार गर्न तत्काल सम्भव नभएको ।

## १.७ अध्ययन विधि

### १.७.१ पूर्व अध्ययनहरूको पुनरावलोकन

पूर्व अध्ययनको क्रममा आवधिक योजनासँग सम्बन्धित गंगादेव गाउँपालिकाको प्रथम आवधिक योजना (.....), नेपालको संविधान २०७२, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, स्थानीय तहको आवधिक योजना तयारी निर्देशिका २०७८, पन्ध्रौं योजना, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय तहका विभिन्न नीतिहरू, भू-उपयोग नीति २०७२, विकास सहायता नीति, कृषि, सिंचाइ, वन तथा वातावरण सम्बन्धी नीतिहरू, कृषि तथा शिक्षा क्षेत्रको सम्भाव्यता अध्ययन प्रतिवेदन, गाउँपालिकाको आ.व. २०८०/२०८१ को नीति, कार्यक्रम तथा बजेट, गाउँपालिकाको योजनाका मध्यावधिक समीक्षा २०८० लगायतका दस्तावेज र जानकारी तथ्यांक तथा नक्साहरूको अध्ययन गरिएको छ। यसका अतिरिक्त गंगादेव गाउँपालिकामा हाल आबद्ध साविक गाउँ विकास समितिका सूचनाहरू अध्ययन गरिएको छ। मुख्य रूपमा गंगादेव गाउँपालिका र साविकका गाउँ विकास समितिहरूको आर्थिक, सामाजिक, राजनैतिक, भौतिक तथा भौगोलिक अवस्थाको बारेमा वृहत् अध्ययन गरिएको छ । साथै यो योजना तयार पार्दा गंगादेव गाउँपालिकाबाट प्राप्त तथ्यांक तथा प्रतिवेदनहरू संकलन गरी ती तथ्यांक तथा सूचनाहरूको अध्ययन तथा विश्लेषण गरिएको छ। सूचना संकलनको क्रममा गाउँपालिकाका विभिन्न वडाहरू (साविकका गाउँ विकास समिति) बाट प्राप्त तथ्यांकहरू, ईन्टरनेट र केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त सूचनाहरूलाई समेत प्रयोग गरिएको छ। गंगादेव गाउँपालिका क्षेत्रका विविध समस्याहरूका बारेमा विज्ञबाट प्रस्तुत लेख तथा अनुसन्धान प्रतिवेदनहरू समेत अध्ययन गरी समस्याहरूको पहिचान र समाधानका उपायहरूलाई योजनामा समावेश गरिएको छ । यो योजना निर्माणका क्रममा योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवमा आधारित प्रकाशित प्रतिवेदन, जर्नल, लेख र सन्दर्भ पुस्तकहरूको समेत सिंहावलोकन गरिएको छ।

### १.७.२ पूर्व योजना तयारी कार्यशाला गोष्ठीः

गाउँपालिकाको सहमतिमा तयारी चरणका सिलसिलामा २०८१ बैशाख २९ गतेका दिन गंगादेव गाउँपालिकाका अध्यक्ष श्री हरि बहादुर पुन ज्यूको अध्यक्षतामा, उपाध्यक्ष श्री अमृता कुमारी के.सी., लगायत गाउँकार्यपालिकाका सदस्यहरू र गाउँपालिकाका शाखा प्रमुखहरू, समाजका प्रतिष्ठित समाजसेवी, बौद्धिक व्यक्तित्वहरू, विभिन्न संस्थाका प्रतिनिधिहरू सहित ३७ जनाको उपस्थितिमा दुई दिने कार्यशाला गोष्ठी सम्पन्न गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा गाउँपालिकाको आवधिक योजना निर्माणका लागि विधि, प्रक्रिया, समय र सरोकारवालाहरूको भूमिका, आवधिक योजना निर्माण गर्दा आर्थिक, सामाजिक, भौतिक, वन तथा वातावरण, सुशासन र संस्थागत विकास योजना निर्माणका सन्दर्भमा ध्यान दिनुपर्ने कुराहरूका बारेमा छुट्टाछुट्टै विज्ञहरू मार्फत प्रस्तुतीकरण गरी सहभागीहरूसँग छलफल पश्चात निर्माण गरिएको थियो । गोष्ठीको दोस्रो दिन गाउँपालिकाको सम्भावना, चुनौती, अवसर र समस्याहरूका विषयमा SWOT analysis गरिएको थियो । जसका आधारमा गाउँपालिकाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रमहरू निर्धारण गरियो ।

### १.७.३ आवधिक योजना तर्जुमाका लागि निर्देशक समिति तथा विषयगत उपसमिति गठनः

आवधिक योजना तर्जुमा तयार गर्ने सिलसिलामा गाउँपालिकाका अध्यक्ष श्री हरि बहादुर पुन ज्यूको संयोजकत्वमा उपाध्यक्ष श्री अमृता कुमारी के.सी., प्रमुख प्रशासकीय अधिकृत दुर्गबहादुर ओली, वडा अध्यक्षहरू, राजनैतिक दलका प्रतिनिधिहरू, विषयगत समितिका प्रमुखहरू, गैर-सरकारी तथा अन्य संघ-संस्थाका प्रतिनिधिहरू, स्थानीय बुद्धिजीवी, दलित, पीछडिएका वर्ग, अपांग तथा महिला प्रतिनिधिहरू रहेको निर्देशक समिति गठन गरिएको थियो । गाउँपालिकामा कायम रहेका आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, संस्थागत विकास तथा वित्तीय व्यवस्थापन विकास समितिलाई आवधिक योजना तर्जुमाका विषयगत समितिसँग गाउँपालिकामा गर्नुपर्ने विविध विषयगत योजना तथा कार्यक्रम र सो क्षेत्रमा कसरी विकासको खाका तयार गर्न सकिन्छ भन्ने विषयमा समेत विस्तृत छलफल गरिएको थियो । प्रत्येक विषयगत समितिसँग छलफल गरी छलफलको निचोडलाई आवधिक योजनामा समावेश गरिएको छ ।

योजनाका विषयगत समितिहरूलाई कायम राख्दै यो आवधिक योजना तर्जुमालाई सहजीकरण गर्न निम्न अनुसारको निर्देशक र संयोजन तथा सहजीकरण समिति गठन गरियो ।

**अ) आवधिक योजना तर्जुमा निर्देशक समिति**

| | |
|---|---|
| संयोजकः | गाउँपालिकाका अध्यक्ष |
| सदस्यः | गाउँपालिकाका उपाध्यक्ष |
| सदस्यः | १ देखि ७ सम्मका वडा अध्यक्षहरू |
| सदस्यः | विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने ३ जना प्रतिनिधि |
| सदस्य सचिवः | प्रमुख प्रशासकीय अधिकृत |

**आ) योजना तर्जुमा संयोजन तथा सहजीकरण समिति**

| | |
|---|---|
| संयोजकः | गाउँपालिका उपप्रमुख |
| सदस्यः | प्राविधिक शाखा प्रमुख |
| सदस्यः | शिक्षा शाखा प्रमुख |
| सदस्यः | कृषि शाखा प्रमुख |
| सदस्यः | स्वास्थ्य शाखा प्रमुख |
| सदस्यः | लेखा शाखा प्रमुख |
| सदस्यः | सूचना तथा सञ्चार प्रविधि शाखा प्रमुख |
| सदस्य सचिवः | योजना शाखा प्रमुख |

### १.७.४ तथ्याङ्क एवं सूचना संकलनः

प्रतिवेदन तयारीका क्रममा द्वितीय श्रोतबाट प्राप्त आधिकारिक सूचनाहरूलाई समावेश गरिएको छ । तत्कालीन रोल्पा जिल्लाका विकास योजनाका प्रतिवेदनहरू (२०७० देखि २०७४ सम्म) समेतलाई पनि आधार तथ्यांक (Baseline data) को रूपमा लिइएको छ । यसका अतिरिक्त अन्य द्वितीय श्रोतहरू जस्तै अन्य नगरपालिका तथा गाउँपालिकाका पूर्व आवधिक योजनाको अध्ययन समेत गरिएको छ । यसका साथै साविक जिल्ला विकास समिति रोल्पाका विभिन्न वर्षहरूका जिल्ला विकास योजना र गंगादेव गाउँपालिकाको आ.व. २०७४/०७५ देखि २०८०/०८१ सम्मका नीति कार्यक्रम तथा बजेट र विकास योजना समेतलाई



गंगादेव गाउँपालिका

अध्ययन गरिएको छ । आवधिक योजना तर्जुमा गर्नको लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचनाहरू जस्तै : जनसंख्या, शिक्षा, स्वास्थ्य, खानेपानी, आर्थिक विकास, सामाजिक अवस्थालाई रोल्पा जिल्लाको वस्तुगत विवरण २०७५, राष्ट्रिय जनगणना २०७८ को तथ्यांक र अन्य सामग्री तथा रोल्पा जिल्लाको वस्तुगत विवरणबाट संकलन गरिएको छ । उक्त वस्तुगत विवरणबाट गाउँपालिकाको वडागत तथ्याङ्कका अलावा सडक, खानेपानी, विद्युत्, जलसम्पदा, जंगल, जमिन, आदिसँग सम्बन्धित सूचनाहरू प्राप्त गरी प्रयोग गरिएको छ । यसका साथै गाउँपालिकामा वडास्तरीय भेला गरी गुणात्मक तथा मात्रात्मक सूचना समेत संकलन गरिएको छ। मुख्य सूचनादाता (Key informants) बाट प्राप्त सूचनाहरू, अभिमत र सुझावहरूलाई समेत प्रतिवेदन तयार गर्दा समावेश गरिएको छ ।

### क) श्रोत व्यक्तिहरूसँगको छलफल

गाउँपालिकाको आवधिक योजना तयार गर्ने सिलसिलामा गंगादेव गाउँपालिकासँग सम्बन्धित विभिन्न व्यक्तिहरूलाई श्रोत व्यक्तिहरूको रूपमा अन्तर्वार्ता लिइ सूचना संकलन गर्ने काम गरिएको छ । आवधिक योजना तर्जुमाको सिलसिलामा गाउँपालिकाका विभिन्न क्षेत्रहरू रोजगारी, व्यवसाय, राजनीति र अध्ययन अध्यापनमा संलग्न व्यक्तिहरूसँग छलफल गरिएको थियो । नेपाल सरकारका उच्च तहदेखि जिल्ला र गाउँपालिका स्तरका कर्मचारी तथा केन्द्रदेखि स्थानीय स्तरका राजनीतिक नेतृत्वहरूसँग समेत छलफल गरेर उनीहरूको अनुभवजन्य रायसमेत संकलन गरिएको छ। यसरी स्रोत व्यक्तित्वहरूबाट प्राप्त सुझाव, अभिमत र सोंचहरूले यो योजना निर्माणमा उल्लेख्य योगदान पुऱ्याएको छ।

### ख) वडास्तरीय बृहत् भेला तथा अपेक्षा संकलन

गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्नको लागि निर्देशक समिति तथा विषयगत समिति गठन पश्चात् प्रत्येक वडामा वडा अध्यक्ष, निर्वाचित वडा समितिका सदस्यहरू र सरोकारवाला अन्य व्यक्तित्वहरू सहितको भेलामा विज्ञहरूले तयार पारेका प्रश्नावलीमा कार्यशाला गोष्ठी गरिएको थियो । यसबाट वडागत समस्या पहिचान गर्ने, वडास्तरका कार्यक्रम र आयोजनाहरूको प्राथमिकीकरण गर्ने तथा समस्या न्यूनीकरणको लागि सुझावहरू संकलन गरिएको थियो । यसरी नै गाउँपालिकाको क्षेत्रगत आधारमा २०८१ बैशाख ३०गतेदेखि जेठ ६ गतेसम्म ७ वटै वडामा वडागत रूपमा क्षेत्रगत प्रतिनिधिहरूको प्रतिनिधित्व हुने गरी छलफल तथा अन्तर्क्रियाबाट आवधिक योजनाका दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य तथा कार्ययोजना निर्धारणमा राय संकलन गरी वडाका अपेक्षा पहिचान समेत गरिएको थियो । त्यसैगरी परामर्शदाताका प्राविधिक समूहहरूबाट विभिन्न समूह विभाजन गरी ती समूहमा सहजीकरण गरी चेक लिष्टबाट आएका आवश्यकता तथा कार्यक्रमहरूको पुनः छलफल र विश्लेषण गरी प्राथमिकताका आधारमा आगामी ५ वर्षको योजनाको मार्गचित्र तयार गरिएको छ । यस मार्गचित्रलाई परामर्शदाताका विज्ञ टोलीबाट सोही क्षेत्रका स्थानीय बुद्धिजीवी, राजनीतिक दलका प्रतिनिधि तथा विषय विज्ञहरूसँगको छलफलबाट कार्ययोजना प्रतिवेदनमाथि टिप्पणी सहित सुझाव समेत संकलन गरिएको थियो ।

### ग) स्थलगत सर्वेक्षण तथा प्रमाणीकरण

परामर्शदाताका तर्फबाट खटिएका विषय विज्ञसहितको स्थलगत अध्ययन समूहले गंगादेव गाउँपालिकाका प्रत्येक वडा र टोलसमेत भ्रमण गरी स्थलगत सर्वेक्षण तथा अवलोकनको माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो । सबै वडाहरूमा वडा भेला गरी संकलित तथ्यांकहरू वडामा गठित सम्पर्क समितिसँगको छलफलबाट पुनः अध्यावधिक गरिएको थियो । नापी विभागबाट तयार गरिएको स्थलरूप नक्सालाई आधार नक्साको रूपमा लिई स्क्यान (Scan) गरी GIS Software बाट हालसम्मको स्थलगत सर्वेक्षण तथा अवलोकन पश्चात् स्रोत नक्साहरू तयार गरिएको छ । यस सन्दर्भमा मुख्य रूपमा गाउँपालिकामा रहेका भौतिक पूर्वाधारहरू जस्तै : सडक, संचार, विद्युत्, खानेपानी आदिका सम्बन्धमा सर्वेक्षण, अवलोकन तथा

स्थलगत जाँच गरी नक्शामा समेत अध्यावधिक गरिएको छ । यसरी विविध स्रोतबाट संकलित तथ्यांकबाट गाउँपालिकाको विभिन्न स्रोत नक्साहरू समेत तयार गरिएको छ । वडा भेला मार्फत वडागत आवश्यकता तथा समस्याको पहिचान गरी प्रत्येक वडामा गठित वडा सम्पर्क समिति मार्फत प्राथमिकीकरण गरिएको छ । यही प्राथमिकता क्रमका आधारमा वडागत योजना तर्जुमा गरिएको छ भने रणनैतिक योजनाको लागि विषयगत समिति, विज्ञ तथा निर्देशक समितिमा विस्तृत छलफल गरिएको छ ।

### घ) जिल्लास्तरीय सम्बन्धित निकायबाट तथ्यांक संकलन

जिल्ला स्थित कृषि, पशु, वन, शिक्षा, स्वास्थ्य, ऊर्जा आदिसँग सम्बन्धित विज्ञहरू तथा जनप्रतिनिधिहरू (स्थानीय, प्रदेश तथा संघीय) र राजनैतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजीवीहरू सँग व्यापक छलफल तथा अन्तर्क्रियाबाट सुझाव संकलन गर्नुका साथै आवधिक योजनाका दीर्घकालीन सोच, ध्येय र लक्ष्यलाई अन्तिम रूप दिइएको छ ।

## १.७.५ तथ्याङ्क विश्लेषण

गाउँपालिकाको रणनैतिक योजना, कार्यक्रम तथा अल्पकालीन र दीर्घकालीन आयोजनाहरू छनौट गर्नको लागि तथ्यांक विश्लेषणको महत्वपूर्ण स्थान हुन्छ । आयोजना छनौटका लागि समष्टिगत विकासका चुनौती र सम्भावनाहरूको सन्दर्भमा प्राप्त तथ्यांक र सूचनाहरूलाई विस्तृत रूपमा विश्लेषण गरिएको छ । स्थलगत अध्ययन भ्रमण, वडा भेला, सामुहिक छलफल, अन्तर्क्रिया र विज्ञहरूको राय सुझावका साथै द्वितीय स्तरका तथ्यांकहरूको आधारमा तपशिल बमोजिम तथ्यांक विश्लेषण गरिएको छ ।

### क) भौगोलिक अवस्थाको विश्लेषण :

गंगादेव गाउँपालिकाको भौगोलिक अवस्थाको विश्लेषण गर्ने क्रममा यसको भू-भौतिक अवस्था, क्षेत्र, अवस्थिति, भू-स्वरूप, नदीनाला, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएको छ । यसैगरी भौगोलिक अवस्थाको परिणाम स्वरूप उत्पन्न सम्भावना र चुनौतीहरूलाई पनि विश्लेषण गरिएको छ । साथै विश्लेषण गर्ने क्रममा भौगोलिक अवस्थितिले विकासमा पारेको चुनौती, वास्तविकता समेतलाई कसरी योजनागत हिसाबमा समेट्न सकिन्छ, कुन कुन क्षेत्रगत योजनालाई प्राथमिकता दिदै विकास आयोजनाहरू सञ्चालन गरिनुपर्दछ भन्ने कुरालाई ख्याल गरिएको छ । यसले गर्दा क्षेत्रगत विशिष्टताका आयोजनाहरू तथा रणनैतिक दीर्घकालीन आयोजनाहरूको छनौटमा समेत मद्दत पुगेको छ ।

### ख) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण:

जनसंख्याको बनावट, जनसंख्या वृद्धि, भाषा, धर्म संस्कृति, रीतिरिवाज, परम्परा, बसाँइसराइ, जनसंख्याको प्रक्षेपण आदि सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण गरिएको छ । यी तथ्यांकले भविष्यमा गाउँपालिकाका कार्य कस्तो किसिमको रूपमा विकास गराउने भन्ने कुराको मूल्याङ्कन र प्रक्षेपण गर्न मद्दत पुग्नेछ । त्यसैगरी अध्ययन क्षेत्रको सामाजिक अवस्था थाहा पाउनका लागि शिक्षा, स्वास्थ्य, सुरक्षा, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएको छ । यसैगरी भविष्यको लागि विकास निर्माणमा प्राथमिकता दिनुपर्ने क्षेत्र, सामाजिक रूपमा समावेशीकरणको सिद्धान्त अवलम्बन गर्नु पर्ने पक्षहरू, शिक्षा, स्वास्थ्य र सामाजिक पूर्वाधारमा गर्नुपर्ने लगानी जस्ता विषयमा समेत यसले महत्वपूर्ण योगदान पुर्‍याउने छ ।

### ग) आर्थिक अवस्थाको विश्लेषण:

आवधिक योजना तर्जुमाको क्रममा गाउँपालिकाको विद्यमान र भविष्यको आर्थिक अवस्थाको प्रकृतिलाई समेत विश्लेषण गरिएको छ । गाउँपालिकाको भविष्यमा कस्तो र कुन रूपमा विकास गर्ने, मुख्य आर्थिक गतिविधि के हुने ? यस्ता आर्थिक गतिविधिबाट गाउँपालिकाको विकासको लागि कस्तो फाइदा पुग्ने ? भन्ने सन्दर्भमा लेखाजोखा गरिएको छ । मानव बस्तीलाई भविष्यमा कति क्षेत्रमा विस्तार गर्न सकिने, कुन क्षेत्रमा विस्तार गर्न सकिने, छरिएर रहेको कुन कुन बस्तीलाई कहाँ र कसरी एकीकृत गर्ने साथै कस्तो प्रकारको

आर्थिक क्रियाकलापमा ध्यान केन्द्रित गर्ने भन्ने विषयमा विश्लेषण गरिएको छ । दिगो योजनाका लागि गाउँपालिकाले खेलेको भूमिका, आर्थिक आम्दानीका श्रोतहरू, बसाँइसराइको प्रभाव आदि कुराहरूमा समेत समीक्षा गरिएको छ । यसका साथै गाउँपालिकाको विगत ५ वर्षको आय व्यय अभिलेखको आधारमा आगामी ५ वर्षको आम्दानीलाई प्रक्षेपण गरी सोको आधारमा आगामी ५ वर्षको गाउँपालिकाको व्ययको योजना तयार गरी गाउँपालिकाको आयोजना छनौट तथा योजना तर्जुमामा समेत यसको विश्लेषण गरिएको छ ।

### घ) भौतिक र वातावरणीय अवस्थाको विश्लेषण:

भौतिक विकासका पूर्वाधार मध्ये सडक तथा ढल, यातायात, सञ्चार, नदी नियन्त्रण, पिउने पानीको उपलब्धता, स्वच्छ र किफायती उर्जा आदिको अवस्था अध्ययन तथा विश्लेषण गरिएको छ । गाउँपालिकाले आफ्नो क्षेत्रको व्यवस्थित विकास गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारहरूको विकासमा जोड दिनु पर्दछ । यस क्रममा दिगो विकास र विस्तारको लागि वातावरणीय पक्षको पनि अध्ययन गरिएको छ । विद्यमान वातावरणीय अवस्थालाई विशेष ध्यान दिई वातावरणीय व्यवस्थापनमा खास गरी भू-क्षय, नदीखोला नियन्त्रण तथा प्रदुषण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन आदिको अध्ययन तथा त्यसको समाधानका लागि विभिन्न विषयमा विश्लेषण गरिएको छ ।

### ङ) संस्थागत विकासको विश्लेषण:

यस अन्तर्गत गाउँपालिकाको सेवा प्रवाहको सहजता, स्वच्छ र प्रभावकारी सेवा, असल शासन प्रबर्द्धन, लेखा र अभिलेखहरूको प्रभावकारी व्यवस्थापन, स्थानीय स्रोत तथा साधनको प्रभावकारी उपयोग, अन्य संस्थाहरूसँगको साझेदारी र सञ्जाल (Networking), कर्मचारी र जनशक्ति व्यवस्थापन, अभिप्रेरणा र सुदृढीकरण, विकास प्रशासनको ढाँचा र कार्यविधिको विकास आदिको अध्ययन तथा त्यसको समाधानका लागि विभिन्न विषयमा विश्लेषण गरिएको छ ।

## १.८ योजना तर्जुमाको प्रकृया

### क) गंगादेव गाउँपालिकाको अग्रणी क्षेत्र पहिचान र विश्लेषण

प्रत्येक गाउँ वा सहरको भविष्यमा हुने विकासका आ-आफ्नै विशेष सम्भावनाहरू हुन्छन् र यिनै सम्भावनाहरूले बस्तीहरूको विकासको खाका कोर्ने गरेको हुन्छ । यही विशेष सम्भावनालाई अग्रणी क्षेत्र भनिन्छ, जुन उक्त क्षेत्रको विकासका लागि महत्वपूर्ण हुन्छ साथै बस्तीको विकास र विस्तारलाई निर्देशित गर्दछ । आवधिक योजना तयारीको सन्दर्भमा बस्तीको सम्भावित विस्तार र विकासका लागि गंगादेव गाउँपालिकाका अग्रणी क्षेत्रको पहिचान गरिएको छ । गंगादेव गाउँपालिकाको मुख्य अग्रणी क्षेत्रहरूमा: कृषि, जलस्रोत, पूर्वाधार, सामाजिक विकास, उद्योग, पर्यटन, वातावरण तथा आर्थिक क्रियाकलाप रहेका छन् । तसर्थ यसै दृष्टिकोणमा गाउँपालिकाको अग्रणी क्षेत्र पहिचान गरिएको छ र सोही आधारमा योजनाहरू समेत तयार पारिएको छ ।

### ख) अपेक्षा पहिचान

विकास योजना तर्जुमा र विकास निर्माणको क्रममा समस्याहरूलाई पहिचान गर्दै क्रमबद्ध रूपमा विश्लेषण गरिएको छ । गंगादेव गाउँपालिकाको समस्या पहिचान गर्दा स्थलगत अध्ययनका क्रममा बस्तीहरूमा देखिएका मुख्य समस्याहरू अवलोकन तथा मुख्य सूचनादाताहरूको छलफलबाट जानकारी प्राप्त गरिएको छ । छलफल तथा अन्तर्क्रियाको क्रममा गाउँपालिकाका प्रतिनिधिहरू, विज्ञ समूहहरू लगायत अन्य निकायका प्रतिनिधिहरू तथा स्थानीय तहका विभिन्न पेशा, वर्ग र समूहहरूसँग आबद्ध विद्वान्, समाजसेवी, शिक्षक, सामाजिक कार्यकर्ता, महिला, सम्बन्धित क्षेत्रका सर्वसाधारणहरूसँग बैठक आयोजना गरी मुख्य समस्याहरू पहिचान गरिएको छ । यस्तो सहभागितामूलक छलफलमा धेरै भन्दा धेरै मानिसको सहभागिता गराउने प्रयास गरिएको थियो । यसले गर्दा वास्तविक आवश्यकता पहिचान सहित योजना तर्जुमा गर्न सहयोग

पुगेको महशुस गरिएको छ । यस्तो छलफलबाट एकातिर सम्बन्धित क्षेत्रको प्रमुख समस्या पहिचान गर्न मद्दत पुग्यो भने अर्कोतिर गाउँपालिकाका सम्भावना समेत पहिल्याउन सहयोग पुगेको छ । अपेक्षा पहिचान गर्दा वडागत तहमा देखिएका मुख्य समस्याहरू समेत पहिचान गरिएको थियो । यसले वडागत आयोजना तथा रणनैतिक योजना तर्जुमामा महत्वपूर्ण सहयोग पुगी गाउँपालिकाको ५ वर्षे आवधिक योजना तर्जुमा गर्दा प्राथमिकीकरण गर्न तथा अग्रणी क्षेत्र सहितको कार्ययोजना बनाउन समेत विशेष सहयोग पुगेको छ ।

### ग) रणनीतिक योजना तयारी

रणनीतिक योजनाहरूले गाउँपालिकाको दीर्घकालीन समस्या समाधान गर्न मद्दत पुऱ्याउँछ भने यसैका आधारमा गाउँपालिकालाई भविष्यमा कुन दिशातर्फ विस्तार र विकास गर्न सकिन्छ भन्ने कुराको निर्धारण गर्दछ । तसर्थ रणनैतिक योजनाले गाउँपालिकाको अग्रणी स्रोतहरूको आधारमा योजना तर्जुमा गर्न सहयोग पुऱ्याउदछ भने भू-उपयोग नीतिलाई कार्यान्वयन गरी भविष्यको विकासलाई मार्ग निर्देश गर्न सहयोग गर्दछ । दीर्घकालीन रूपमा गाउँपालिकाको विकासको लागि दीर्घकालीन रणनीतिक योजनाको आवश्यकता पर्दछ जसले गाउँपालिकाको समस्या समाधान तथा विद्यमान मुख्य सम्भावनालाई सम्बोधन गर्न सक्दछ । त्यसैले यस अन्तर्गत गाउँपालिकाको दीर्घकालीन विकासको लागि स्थानीय, प्रादेशिक तथा राष्ट्रिय महत्व भएका रणनीतिक योजनाहरू प्रस्ताव गरिएको छ । उक्त योजना अनुसारको विकास योजना सञ्चालन गरिने कार्ययोजनाहरू प्रस्ताव गरिएको छ । गाउँपालिकाको दीर्घकालीन सोच निर्धारण गरी सोही अनुसार क्षेत्रगत योजना तर्जुमा गरी मुख्य आयोजनाहरूलाई तर्कबद्ध प्रणाली (Logical Framework Analysis) मा समेत राखिएको छ । यस्ता योजना र कार्यक्रमहरूलाई स्थानीय तहका प्रमुख लगानीकर्ताहरू, छिमेकी गाउँपालिका तथा नगरपालिकासँग सम्बन्धित वाणिज्य संघसंस्थाहरू, सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थाहरू र स्थानीय राजनैतिक दलहरूसँग छलफल गरी अन्तिम निर्णयमा पुगिएको छ भने उनीहरूको भूमिका र योगदानमा समेत जोड दिइएको छ । यी रणनीतिक योजनाहरूले विद्यमान समस्याहरूलाई सम्बोधन गर्नुका साथै भविष्यमा अग्रणी क्षेत्रहरूलाई ग्रहण गर्दै निरन्तर रूपमा विकास दिगो भै अघि बढाउन मद्दत गर्ने छ । गाउँपालिकाको दीर्घकालीन सोचले निर्धारण गरेको लक्ष्य हासिल गर्न समेत मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

### घ) नक्सांकन तथा विश्लेषण

यस कार्यमा नक्सा तयारी र अद्यावधिकलाई विशेष प्राथमिकता दिई नक्साङ्कनको कार्य सम्पन्न गरिएको छ । गाउँपालिकाको भौतिक पूर्वाधारहरू जस्तै सडक, ढल, खानेपानी, विद्युत, संचार लगायत पूर्वाधारहरू नक्साङ्कनद्वारा प्रस्तुत गरिएको छ भने सामाजिक पूर्वाधारहरू जस्तै शिक्षा, स्वास्थ्य, खेलकुद, धार्मिक मठमन्दिर लगायतलाई नक्सांकन गरिएको छ । साथै भौगोलिक तथा प्राकृतिक श्रोतहरूको पहिचानको नक्सांकन र वर्तमान भू-उपयोगको स्थिति र प्रस्तावित भू-उपयोगको समेत नक्सांकन सहितको विश्लेषण गरिएको छ । नक्सांकन कार्य गर्दा सर्भे विभागको टोपोसिट, Landsat Image 2022 का तस्बीरहरू, Google Earth Pro, Open street map बाट तथ्यांक प्राप्त गरिएको छ । उक्त तथ्यांकलाई GIS Software प्रयोगबाट तथ्यांक विश्लेषण गरी निम्नानुसारका नक्सा तयार गरिएको छः

- राजनैतिक तथा प्रशासनिक नक्साङ्कन
- भूबनोट नक्साङ्कन
- नदी प्रवाह प्रणाली नक्साङ्कन
- जलाधार प्रणाली नक्साङ्कन
- जनघनत्व नक्साङ्कन
- सडक पहुँचको नक्साङ्कन

- वर्तमान तथा प्रस्तावित भू-उपयोग नक्साङ्कन
- वनस्पति तथा पर्यावरणीय नक्साङ्कन
- माटो तथा खनिजको नक्साङ्कन
- प्राकृतिक प्रकोप जोखिमका सम्भावित क्षेत्रहरूको पहिचान र नक्साङ्कन

#### ङ) विषयगत विकास योजनाहरूको तर्जुमा

विकास योजना भनेको अर्थतन्त्रको सबै विषयगत वा क्षेत्रगत योजनाहरूको समग्रता हो । यस अन्तर्गत भौतिक विकास, आर्थिक विकास, सामाजिक विकास, वातावरण संरक्षण र व्यवस्थापन, विपद् तथा प्रकोप व्यवस्थापन, संस्थागत विकास र वित्तीय विकास योजनाहरू समेटिएका हुन्छन् । गाउँपालिकाको यस आवधिक योजनामा उपरोक्त सबै क्षेत्रगत योजनाहरूलाई वस्तुगत रूपमा विश्लेषण गरी ५ वर्षका लागि विभिन्न लक्ष्यहरू राखी कार्यक्रमहरू प्रस्ताव गरिएको छ । सबै योजनाहरूको कार्यक्रमका उपलब्धिका सूचकहरू, आधारहरू र मान्यताहरू समेटेर तर्कबद्ध ढाँचामा सबै विषयगत योजनाहरू निर्धारण गरिएको छ ।

#### च) योजना कार्यान्वयन रणनीति

योजना तर्जुमा जति महत्वपूर्ण छ त्यत्तिकै कार्यान्वय रणनीति पनि महत्वपूर्ण मानिन्छ । प्रायः योजनाहरू बनाइन्छन् तर सही रूपमा कार्यान्वयन हुन नसकेको परिप्रेक्ष्यमा कार्यान्वयन र अनुगमन पक्ष बलियो बनाउनु जरूरी हुन्छ । गाउँपालिकाको आवधिक योजना कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला निकायहरूलाई सजग गराउँदै सम्बद्ध निकायहरूलाई सक्रिय बनाउनु पर्दछ । यसका लागि सबै सरोकारवाला निकायसँग अन्तर्क्रिया गरी कार्यान्वयनमा संलग्न गराउन जोड दिनु पर्दछ भने आयोजनाको लगानीका लागि बहुपक्षीय छलफल गरी बहुक्षेत्रगत लगानी योजनालाई समेत यस योजनामा समावेश गरिएको छ । यस्ता बहुक्षेत्रगत लगानी कार्ययोजनाले कुन निकायले कुन वर्ष कति लगानी गर्ने भन्ने कुराको समेत जानकारी दिन्छ भने सम्बद्ध निकायलाई बढी उत्तरदायी बनाउन मद्दत गर्दछ ।

### १.९ प्रारम्भिक मस्यौदा योजना लेखन, प्रस्तुति तथा छलफल

मिति २०८१ जेठ २९ गते गाउँपालिकाका अध्यक्ष श्री हरि बहादुर पुनको अध्यक्षतामा बसेको गंगादेव गाउँ सभा तथा अधिवेशनमा गाउँपालिकाको आवधिक योजनाको मस्यौदा प्रतिवेदन प्रस्तुत गरी गाउँसभाका सदस्यहरूबाट राय, सुझाव संकलन समेत गरिएको थियो । प्रस्तुतीकरणका क्रममा सहभागीहरूबाट आएका सुझावहरूलाई समेत संकलन गरिएको थियो । प्राप्त राय तथा सुझावहरूलाई मस्यौदा प्रतिवेदनमा समावेश गरिएको छ । त्यसैगरी मिति २०८१ जेठ २९ गते गाउँपालिका विषयगत समितिका सदस्यहरू, राजनैतिक दलका प्रतिनिधिहरू, विभिन्न कार्यालयका विज्ञहरूको अन्तर्क्रिया कार्यक्रममा मस्यौदा प्रतिवेदन प्रस्तुतीबाट प्राप्त सुझावहरूलाई समेत समावेस गरी परिमार्जित मस्यौदा प्रतिवेदन मिति २०८१ असार ७ गते गाउँकार्यपालिका समक्ष प्रस्तुत गरिएको थियो । उक्त प्रस्तुतीकरणमा प्राप्त सुझावहरूलाई समावेश गरी योजनाको अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

### १.१० आवधिक योजनाको अन्तिम प्रतिवेदन प्रस्तुति :

विभिन्न अन्तर्क्रिया तथा छलफल कार्यक्रमबाट प्राप्त सुझावहरूलाई पुनः आवधिक योजनामा समावेश गरी गंगादेव गाउँपालिकाको ५ वर्षे आवधिक विकास योजना (२०८१/०८२ देखि २०८५/०८६) अन्तिम प्रतिवेदन २०८१ असार ७ गते गाउँपालिकाको कार्यालय गाउँ सभा हलमा प्रस्तुत गरी अनुमोदनका लागि गाउँसभा समक्ष पेश गरिएकोमा सभाले सर्वसम्मत अनुमोदन गरी पारित गरेको छ ।

### १.११ प्रतिवेदनको संगठन

यस आवधिक योजनाको प्रतिवेदनलाई दश भागमा विभाजन गरिएको छ। पहिलो भागमा आवधिक योजनाको परिचय र विधिलाई समावेश गरिएको छ। दोस्रो भागमा गाउँपालिकाको वस्तुस्थिति विवरण, तेस्रो भागमा गाउँवासीको अपेक्षा र विद्यमान अवस्थाको विश्लेषण गरिएको छ। त्यसैगरी चौथो भागमा गाउँपालिकाको सोच, समग्र लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र परिमाणात्मक लक्ष्यहरू समावेश गरिएको छ। पाचौं भागमा आर्थिक क्षेत्रगत विकास योजना, छैटौ भागमा पालिकाको सामाजिक विकास योजना, सातौं भागमा भौतिक विकास योजना, आठौं भागमा वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन तथा दिगो विकास योजना, नवौं भागमा संस्थागत विकास योजना र वित्तीय विकास योजना, दशौं भागमा अनुगमन तथा मूल्याङ्कनलाई समेटिएका छन्।

गंगादेव गाउँपालिका

## परिच्छेद दुई
## गंगादेव गाउँपालिकाको विद्यमान स्थिति

### २.१. परिचय


गंगादेव गाउँपालिका रोल्पा जिल्लाको पश्चिम उत्तर क्षेत्रमा अवस्थित छ । साविकका ओत, जिनावाङ, पाखापानी, राँक गरी जम्मा ४ वटा गाउँ विकास समितिहरूलाई पुनर्संरचना गरी वि.सं. २०७३ फागुन २७ गते स्थानीय सरकारका रूपमा स्थापना गरिएको हो । जम्मा ७ वटा वडाबाट सार्वजनिक सेवा प्रवाह गरिरहेको यस गाउँपालिकाको मुख्य प्रशासनिक केन्द्र सानडाँडामा रहेको छ। रोल्पाको सदरमुकाम लिवाङदेखि करिव ६५ कि.मि. पश्चिम उत्तरमा पर्ने गंगादेव गाउँपालिकामा भिरालो पहाडी बस्तीहरू र साना खोलाका तटीय क्षेत्रमा साना साना खेतीयोग्य फाँट तथा बस्ती रहेका छन् । देश र जनताका लागि बलिदान गर्ने शहिद गंगा र देवको नामबाट यस गाउँपालिकाको नाम गंगादेव नामकरण गरिएको छ। यस गाउँपालिकाको पूर्वमा माडी र परिवर्तन गाउँपालिका, पश्चिममा सल्यान जिल्लाको बागचौर न.पा र छत्रेश्वरी गाउँपालिका, उत्तरमा रुकुम जिल्लाको त्रिवेणी गाउँपालिका र दक्षिणमा रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिका रहेका छन् । १२४.३८ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस गाउँपालिका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । एउटा संघीय र दुईवटा प्रादेशिक निर्वाचन क्षेत्र रहेको रोल्पा जिल्लामा गंगादेव गाउँपालिका प्रदेश निर्वाचन क्षेत्र नम्बर 'ख' मा पर्दछ ।

### २.२ भौगोलिक स्थिति

#### २.२.१ अवस्थिति

गंगादेव गाउँपालिकाको भौगोलिक अवस्थिति २८ डिग्री ४१ मिनेट ०३ सेकेन्ड उत्तरी अक्षांश र ८० डिग्री ५६ मिनेट ४३ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। पहाडी क्षेत्रका वनजंगल, खोलानाला र प्राकृतिक छटाले भरिपूर्ण यस गाउँपालिकाको जम्मा क्षेत्रफल १२४.३८ वर्ग कि.मि. अर्थात् १२४३८ हेक्टर जमिन रहेको छ। जुन रोल्पा जिल्लाको जम्मा क्षेत्रफल १८८५.४१ वर्ग कि.मि. को झण्डै ६.५९ प्रतिशत भू-भाग हुन आउँछ। समुद्र सतहदेखि करिब १३९४ मिटर (४५७२ फिट) देखि २८१९ मिटर (९२४६ फिट) सम्मको उचाइमा रहेको छ। यो गाउँपालिका भौगोलिक हिसाबले भिरालो पहाडी बस्तीहरु, थोरै भाग खोला तटीय क्षेत्र र फाँट रहेको छ। यो पालिकालाई रणनैतिक महत्वको मदन भण्डारी राजमार्गले सडक यातायातको पहुँच पुऱ्याएको छ। तुलसीपुरदेखि ७२ किलोमिटरमा यस पालिकाको मुकाम रहेकाले सडक यातायातको पहुँच र सुविधाका दृष्टिले सुगम मान्न सकिन्छ। संघीय राजधानी काठमाडौंदेखि ५०९ कि.मि. पश्चिम उत्तर र लुम्बिनी प्रदेशको राजधानी दाङ देउखुरीदेखि करिब १४८ कि. मि. उत्तरतर्फ रहेको छ।


नक्सा १: गंगादेव गाउँपालिका भौगोलिक तथा प्रशासनिक नक्सा




## २.२.२ धरातलीय स्वरूप :

मध्य पहाडी भूभामा अवस्थित भएका कारण गाउँपालिकामा समथर भू-भाग ज्यादै कम र भिरालो भू-भाग बढी पाईन्छ । गाउँपालिकाको धरातलीय स्वरूपलाई विश्लेषण गर्दा ० - १० डिग्री भिरालो भूभाग ५०७.२९ हेक्टर अर्थात ४.०८ प्रतिशत, १० - २० डिग्री भिरालो भूभाग २१९५.१६ हेक्टर अर्थात १७.६६ प्रतिशत, २० - ३५ डिग्री भिरालो भूभाग ७९२८ हेक्टर अर्थात ६३.७८ प्रतिशत, ३५ - ४५ डिग्री भिरालो भूभाग १५४२.५४ हेक्टर अर्थात १२.४१ प्रतिशत र ४५ डिग्री भन्दा बढी भिरालो भूभाग २५७.८१ हेक्टर अर्थात २.०७ प्रतिशत रहेको छ । ३५ डिग्री भन्दा माथि रहेका भिरालो भूभाग सम्बेदनशील हुन्छन् । पालिकामा यस्ता सम्बेदनशील क्षेत्रहरु बढी भएको हुँदा त्यस्ता क्षेत्रहरूमा खेती पाती तथा बस्ती रहँदा पहिरो जाने सम्भावना बढी हुन्छ । गंगादेव गाउँपालिकाको धरातलीय स्वरूप तलको भौगर्भिक नक्सामा देखाइएको छ ।

नक्सा २: गंगादेव गाउँपालिकाको धरातलीय स्वरूप





तालिका १: गंगादेव गाउँपालिकाको धरातलीय भिरालोपनाको विवरण

| भिरालोपन | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| ० - १० डिग्री भिरालो | ५०७.२९ | ४.०८% |
| १० - २० डिग्री भिरालो | २१९५.१६ | १७.६६% |
| २० - ३५ डिग्री भिरालो | ७९२८ | ६३.७८% |
| ३५ - ४५ डिग्री भिरालो | १५४२.५४ | १२.४१% |
| > ४५ डिग्री भिरालो | २५७.८१ | २.०७% |
| **जम्मा** | १२४३०.८२ | १००.००% |

### २.२.३ हावापानी

समुन्द्र सतहबाट ९०० देखि २००० मिटरको उचाइमा रहेको गंगादेव गाउँपालिकाको हावापानी चिसो र समशीतोष्ण छ। गाउँपालिकामा वसन्त, ग्रीष्म, वर्षा, शरद, हेमन्त र शिशिर गरी छ फरक मौसमहरू पाइन्छ। गाउँपालिकाको अधिकतम तापक्रम जेठ/असारतिर ३१.२ देखि ३८.२ डिग्री सेन्टिग्रेटसम्म र पौष/माघतिर न्यूनतम २.२ देखि अधिकतम २६.४ डिग्री सेन्टिग्रेटसम्म रहेको पाइन्छ। यहाँको औसत वर्षा १८४० मि.मि. सम्म भएको देखिन्छ। सामान्यतः यहाँका होचा खोचहरूमा अर्धउष्ण मनसुनी जलवायु (Sub-Tropical Monsoon Climate) पाइन्छ भने क्रमशः उचाइ बढ्दै जाँदा न्यानो समशितोष्ण, ठण्डा समशितोष्ण हावापानी पाइन्छ।

नक्सा ३: गंगादेव गाउँपालिकाको औषत वार्षिक वर्षा




**तालिका २: गंगादेव गाउँपालिकाको औषत वार्षिक वर्षाको विवरण**

| वार्षिक औसत वर्षा (मि.मि./वर्ष) | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| <१६०० | ४६०४.११ | ३७.०४% |
| १६००–१८०० | ६१०५.४९ | ४९.१२% |
| १८००–२००० | १७२०.९४ | १३.८४% |
| जम्मा | १२४३०.५५२ | १००.०० |


## २.३ प्राकृतिक स्रोत सम्पदा

### २.३.१ जल प्रवाह प्रणाली

गंगादेव गाउँपालिकाका भएर बग्ने बाफु खोला गाउँपालिकाको जलप्रवाह प्रणालीको प्रमुख स्रोत हो । यी नदी मध्ये पाखापानी खोलाको लम्बाइ १२.१५ कि.मि. रहेको छ भने जायचौर खोलाको लम्बाइ १२.१९ कि.मि रहेको छ । गाउँपालिकाभित्रका सहायक खोलाहरू जिनावाङ खोला - ५.५७ कि.मि., मरठ खोला - ३.८२ कि.मि., बाफु खोला - २.७४ कि.मि., गोठी खोला - २.६२ कि.मि., उन्नेरी खोला - १.९१ कि.मि, महानेटा खोला - १.३५ कि.मि., ताप्ले खोला १० कि.मी. गोज्जाले खोला १० कि.मी. र अन्य साहयक खोला - १०.०८ कि.मि., रहेका छन् । मुख्य रूपमा यी खोलाहरू बाहेक थुप्रै पानीका मुहान तथा साना खोलाहरू प्रायः सबै भूभागमा रहेका छन् । व्यावसायिक तरकारीको उत्पादन र तरकारी खेतीका साथै पर्याप्त खाद्यान्न उत्पादनका लागि जलस्रोतको उपयोग आवश्यक मात्रामा हुन सकेको छैन । गाउँपालिका भित्र रहेका पानीका स्रोतहरूलाई प्राकृतिक तथा प्रविधिका माध्यमबाट वैज्ञानिक व्यवस्थापन र दिगो सदुपयोगको नीति अवलम्वन

गरी कृषिका लागि सिंचाइ र खानेपानी तथा सरसफाइका लागि उपयोग गर्न सकिने प्रशस्त सम्भावना रहेको छ। नदी प्रवाह प्रणाली र मुख्य खोलाहरूको विवरण तपसिल अनुसार रहेको छ।


**नक्सा ४: गंगादेव गाउँपालिकाको जलप्रवाह प्रणाली**




## २.३.२ प्राकृतिक वनस्पति तथा वन्यजन्तु

धरातलीय भू-बनोट, माटोको प्रकृति र हावापानीको अवस्थामा प्राकृतिक वनस्पति तथा वन्यजन्तुको जीवनचक्र निर्भर रहेको हुन्छ। गंगादेव गाउँपालिकामा प्रायः शीतकालमा पात झर्ने खालका विरुवा पाइन्छन्। यहाँ मध्य तथा उच्च पहाडी क्षेत्रमा पाइने वनस्पति तथा वनपैदावारः सल्लो, उत्तीस, काफल, साज, खयर, बाँझ, खसरु, पइयु, किम्बु, बाँस, निगाला, बइस, चाबु, कटुस, चिलाउने, चाँप, ओखर, गुराँस, चिउरी, पिपल, अंगेर, लाखुरी, सिसौ, सिमल, धाइरो आदि वनस्पति पाइन्छन् भने टिमुर, दालचिनी, बोझो, चिराइतो, पुदिना, तितेपाती, चुत्रो, समायो जस्ता औषधीय जडीवुटी तथा स्याउ, किवी, ओखर, कागती, सुन्तला, मौसम, केरा, आरु, आरुबखडा, नास्पाती आदि फलफूलहरू पाइन्छन्। वन्यजन्तु अन्तर्गत बदेल, बाघ, भालु, रतुवा, घोरल, कस्तुरी, मृग, चितुवा, स्याल, बाँदर, खरायो, दुम्सी/मलस्याब्रो आदि यस क्षेत्रमा पाइने वन्यजन्तुहरू हुन्। त्यसैगरी चराचुरुङ्गीहरूमा चिल, डाँफे, कालिज, काग, गिद्ध, भ्याकुर, लाटोकेसेरो, सारौँ, ढुकुर, न्याउली, कोइली, जुरेली, गौथली आदि पाइन्छन्। तालिका ४ अनुसार तल्लो शितोष्ण क्षेत्रमा बाँझको जङ्गल पाइने परिस्थितिकीले पालिको कुल क्षेत्रफलको ८४५७.२ हेक्टर (६८.०४ प्रतिशत) क्षेत्रफल ओगटेको छ। खोटे सल्लो-फराकिलो पाते जङ्गल पाइने परिस्थितिकीले २४१२.८१ हेक्टर (१९.४१ प्रतिशत), शीतोष्ण हिमाली खर्सुको जङ्गल पाइने परिस्थितिकीले १३०६.६५ हेक्टर (१०.५१ प्रतिशत) र उत्तीसको जङ्गल पाइने परिस्थितिकीले २५३.९० हेक्टर (२.०४ प्रतिशत) क्षेत्रफल ओगटेको छ।

नक्सा ५: गंगादेव गाउँपालिकाको परिस्थितिकीय नक्सा




तालिका ३: गंगादेव गाउँपालिकाको परिस्थितिकी


| क्र.सं. | परिस्थितिकीको प्रकार | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | उत्तीस वन | २५३.९० | २.०४ |
| २ | खोटे सल्ला चौडा पाते वन | २४१२.८१ | १९.४१ |
| ३ | तल्लो शीतोष्ण बाँझ वन | ८४५७.२० | ६८.०४ |
| ४ | शीतोषण हिमाली खर्सु वन | १३०६.६५ | १०.५१ |
| | **जम्मा** | **१२४३०.५५** | **१००.००** |

### २.३.३ माटोको बनावट

नेपालमा पाँगो, बलौटे पत्थरिलो, रातो फुस्रो, तलैया र हिमाली गरी जम्मा पाँच प्रकारका माटो पाइन्छन् । यी मध्ये गंगादेव गाउँपालिकाको अधिकांश पहाडी भिरालो भूभागमा कालो र रातो रंङको फुस्रो प्राङ्गारिक उर्वरायुक्त माटो महाभारतका ठाडा भीरहरूमा ऋतु अपक्षयबाट टुक्रिएका चट्टानमा सडेका झारपात मिलेर बनेको माटो पाइन्छ । यस प्रकारको माटोमा चुन, नाइट्रोजन जस्ता तत्व कम हुने र माटोको गहिराई पनि कम हुनाले फलफूल, आलु, कोदो, मकै, गहुँ, फापर, उवा, जौ, चिनो, कागुनोका लागि उपयुक्त मानिन्छ । यस प्रकारको माटोमा अम्ल, फलाम तथा तामा खानी जस्ता खनिज तत्व पाइन्छ । गंगादेव गाउँपालिका मध्य पहाडी भूभागमा अवस्थित भएकाले यहाँ समथर भू-भाग ज्यादै कम भिरालो भू-भाग बढी पाईन्छ । समथर क्षेत्रमा माटोको गहिराई बढी र भिरालो क्षेत्रमा माटोको गहिराई कम पाइन्छ । गंगादेव गाउँपालिकाको सम्पूर्ण भू-भागमा दोमट (loam) माटो रहेको छ जसले पालिकाको सम्पूर्ण जमिन ओगटेको छ । प्राकृतिक

स्रोतहरू मध्ये माटो एक प्रमुख स्रोत हो । धरातलीय र हावापानीको विविधता अनुसार माटो पनि विभिन्न प्रकारको हुन्छ ।

नक्सा ६: गंगादेव गाउँपालिकाको माटोको बनोट





तालिका ४: गंगादेव गाउँपालिकाको माटोको बनावट

| माटोको बनोट | क्षेत्रफल (हेक्टर) | क्षेत्रफल प्रतिशत |
|---|---|---|
| दोमट माटो | १२४३० | १०० |
| **जम्मा क्षेत्रफल** | १२४३० | १०० |

## २.३.४ माटोको अम्लीयताको स्थिति

गंगादेव गाउँपालिकाको जम्मा जमिनको क्षेत्रफल १२४३० हेक्टर मध्ये ६३७८.७७ हे. अर्थात ५१.३२ प्रतिशत जमिनको माटोको अम्लियताको श्रेणी ५.० देखि ५.५, ६०५१.६८ हेक्टर अर्थात ४८.६८ प्रतिशतमा माटोको अम्लीयताको श्रेणी ५.६ देखि ६.० सम्म रहेको पाइन्छ । यसका आधारमा यो गाउँपालिकाको माटोको अम्लीयताका दृष्टिले उर्वरायुक्त रहेको देखिन्छ। कृषि अनुसन्धान केन्द्रको अध्ययनले ५.५ देखि ६.५ अम्लीयता भएको माटो खेतीका लागि सबैभन्दा उपयुक्त हुने देखाएको छ। तसर्थ, गंगादेव गाउँपालिकामा खेतीपातीको एकदम धेरै सम्भावना रहेको छ । यहाँको माटोमा मकै, गहुँ, धान, कोदो, अदुवा, वेसार, सुन्तला, कागती, भोगटे, अलैची, नास्पाती, आलु, फर्सी, बन्दा, काउली, प्याज, मुला, साग, तोरी, गेडागुडी, टमाटर, गोलभेडा आदिको खेती गरी लाभ लिन सकिन्छ, तथापि अधिकांश जमिन भिरालो भएकाले धान खेती भने गरिदैन ।

नक्सा ७: गंगादेव गाउँपालिकाको माटोको अम्लीयताको स्थिति




तालिका ५: माटोको अम्लीयताको स्थिति

| क्र.सं. | माटोको अम्लीयता श्रेणी | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | ५.०–५.५ | ६३७८.७७ | ५१.३२% |
| २ | ५.६–६.० | ६०५१.६८ | ४८.६८% |
| | जम्मा | १२४३०.४५ | १००.००% |

## २.४ भू-उपयोग तथा मानव बसोबास

### २.४.१ भू-उपयोग


गंगादेव गाउँपालिका खेतीयोग्य जमिन र सहज मानव बसोवासका दृष्टिले तुलनात्मक रूपमा उपयुक्त रहेको छ । यहाँको भू-भागलाई कृषि, मानव बस्ती, वन जंगल, घाँसे मैदान तथा चरण क्षेत्र, जलाधार क्षेत्र र खनिजजन्य पदार्थका लागि उपयोग भइरहेको छ । भू-धरातल, उचाइ, माटोको प्रकृति, हावापानी, वनस्पति आदिका दृष्टिकोणले भू-उपयोगको सम्भावना विविधतायुक्त रहेको छ । यसले गर्दा यहाँको भू-उपयोगलाई मानवहित, पर्यावरण सन्तुलन, जैविक विविधता आदिका लागि उपयोग गर्न सकिन्छ ।

गाउँपालिकाको कुल क्षेत्रफल १२४३०.४५ हेक्टर जमिन मध्ये खेतीयोग्य जमिनले ओगटेको क्षेत्रफल ५११८.५४ हेक्टर अर्थात् ४१.१८ प्रतिशत तथा बस्तीले ओगटेको क्षेत्रफल १२९.७२ हेक्टर अर्थात् १.०४ प्रतिशत रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल मध्ये वन जंगलले ओगटेको क्षेत्रफल ७१७४.३८ हेक्टर अर्थात् ५७.७२ प्रतिशत रहेको छ । चरण क्षेत्रले ओगटेको क्षेत्रफल ५.७८ हेक्टर अर्थात् ०.०५ प्रतिशत र बाँझो जमिनले ओगटेको क्षेत्रफल २.१३ हेक्टर अर्थात् ०.०२ प्रतिशत रहेको छ । गाउँपालिकामा वन जंगलको

विस्तार पालिका भरि नै भएको र झाडी तथा घाँसे क्षेत्रहरु पालिका भरि समानरुपमा छरिएर रहेको छ । बाँकी भूभागमा मानब बस्ती र खेतीयोग्य जमिनको आसपासमा विभिन्न प्रजातिका डाले घाँसका वनस्पतिहरू र छिटफुट रूपमा साना तथा ठुला जंगली क्षेत्रहरू रहेको पाइन्छ । यहाँका जंगलमा सल्लो, उत्तीस, काफल, बाँझ, खर्सु, पैयु, किमु, बाँस, निगाला, बइस, चाबु, कटुस, चिलाउने, चाँप, ओखर, गुराँस, चिउरी, पिपल, अंगेर, लाखुरी, सिसौ, सिमल, धाइरो आदि प्रजातिका वनस्पतिहरु पाइन्छन् ।

वन क्षेत्रको बाहुल्यता भएको कारण यस गाउँपालिकामा कार्वन उत्सर्जनको मात्रा निकै कम छ भने यसले गर्दा गाउँपालिकाको शून्य हरित गृह ग्यास उत्सर्जनको लक्ष्य पूरा भइरहेको छ । पालिका भित्र नाङ्गो भूमि नभएको तथ्यले यहाँको अधिकतम भू-भागको उपयोग भएको देखिन्छ । खेती गरिएको भूमि निकै कम मात्रामा रहेकाले विभिन्न अन्नबाली, तरकारी तथा फलफूलको उत्पादन प्रर्याप्त रुपमा हुन सकेको छैन ।

**नक्सा ८: गंगादेव गाउँपालिकामा भू-उपयोगको स्थिति**




**तालिका ६: भू-उपयोगको स्थिति**

| क्र.सं. | भू-उपयोगको किसिम | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | वन क्षेत्र | ७१७४.३८ | ५७.७२ |
| ३ | चरण क्षेत्र | ५.७८ | ०.०५ |
| ४ | बस्ती क्षेत्र | १२९.७२ | १.०४ |
| २ | खेती गरिएको भूमि | ५११८.५४ | ४१.१८ |
| ६ | बाँझो जमिन | २.१४ | ०.०२ |
| | **जम्मा** | **१२४३०.५७** | **१००.००** |

### २.४.२ मानव बसोबास

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार गंगादेव गाउँपालिकामा २१,५०३ जम्मा जनसंख्या रहेको छ भने ४,४३३ परिवारले बसोबास गरिरहेका छन् । गंगादेव गाउँपालिका पार्श्वचित्र २०७४ अनुसार, गाउँपालिकाको कूल क्षेत्रफल १२४.३८ वर्ग किलोमिटर मध्ये ३२.३८ वर्ग किलोमिटर अर्थात् ४१.९ प्रतिशत खेतीयोग्य जमिनले, ३६.१४ वर्ग किलोमिटर अर्थात् ४६.८४ प्रतिशत वन जङ्गलले ढाकेको छ भने बस्ती वा आवादीले २.२२४ वर्ग किलोमिटर अर्थात् २.८८ प्रतिशत ढाकेको छ । भू-उपग्रहीय तस्बीर २०२३ को आधारमा यस गाउँपालिकाभित्र १२९.७२ हेक्टर जमिनमा मानव बसोबास रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँका अधिकांश बस्तीका घरहरू ढुङ्गा र माटोको गाह्रो र स्लेटको छानो भएका छन् । यस गाउँपालिकाका घरहरू बनोटको आधारमा ढुङ्गा र माटोको पर्खाल भएका र स्लेटको छानो भएका सबैभन्दा धेरै २५१३ अर्थात् ५६.७ प्रतिशत, ढुङ्गा र माटोको पर्खाल भएका र जस्तापाताको छाना भएका १८०२ अर्थात् ४०.६ प्रतिशत, आर.सी.सी. पिल्लर भएका ५२ अर्थात् १.२ प्रतिशत, ढुङ्गा र माटोको पर्खाल भएका र खरको छानो भएका ५३ अर्थात् १.२ प्रतिशत र अन्य १३ अर्थात् ०.३ प्रतिशत घरहरु रहेका छन् ।

भवन निर्माण संहिता २०७२ अनुसार कुनै प्रयोजनका लागि निर्माण गरिने घरहरु भूकम्प प्रतिरोधी हुनुपर्दछ । राष्ट्रिय जनगणना २०७८ को तथ्यांकलाई विश्लेषण गर्दा यहाँ भूकम्प प्रतिरोधी घरहरू अत्यन्त न्यून प्रतिशत मात्र बनेको देखिन्छ । यहाँको मानव बस्तीको बसोबास ढाँचालाई हेर्दा विभिन्न स्थानहरूमा छरिएर रहेका छन् । जनघनत्व १७३ जना प्रति वर्ग किलोमिटर र प्रति परिवार संख्या ४.८५ जना रहेका छन् । यहाँका बस्तीहरू मध्ये कुनै साना छन् भने कुनै बस्तीमा जनसंख्या अत्यधिक रहेको छ । यसका साथै कतिपय बस्तीहरू छरिएर रहेका छन् । छरिएर रहेका घर बस्तीहरूलाई एकत्रित गर्न सकेको खण्डमा बाटो, खानेपानी, विद्युत्, शिक्षा, स्वास्थ्य लगायत विभिन्न सेवा सुविधाहरूको पहुँच वृद्धि गर्न सकिन्छ ।

### २.४.३. भू-स्वामित्वको अवस्था

नेपालका धेरैजसो ग्रामीण भागमा जस्तै गंगादेव गाउँपालिकामा पनि जग्गाको स्वामित्व प्रत्येक बस्ती र स्थान विशेषका आधारमा फरकफरक रहेको छ । तथापि सामान्यतः यस क्षेत्रको अधिकांश उपभोग्य जमिन व्यक्ति वा परिवारको स्वामित्वमा रहेको छ । सार्वजनिक जमिन, सामुदायिक तथा राष्ट्रिय जंगल र सार्वजनिक संस्थाहरुका नाममा राखिएको छ ।

आवधिक योजना निर्माणका लागि सरोकारवालाहरुसँगको छलफलका आधारमा यस गाउँपालिकामा थोरै भएपनि सत्प्रतिशत परिवारसँग आफ्नो खेतीयोग्य जमिन रहेको छ । त्यसमध्ये करिब ८ प्रतिशतसँग सिंचित, ६९ प्रतिशतसँग असिंचित जमिन र २३ प्रतिशतसँग बाझो खरबारी समेत रहेको छ । यस गाउँपालिकाका केही वडाहरूमा सीमित परिवारहरूले आफ्ना जमिन अरुलाई कमाउन दिएका छन् भने केहीले अरुको जमिन कमाएका पनि छन् । समग्रमा करिब ३ प्रतिशत परिवारले अरुको जमिन कमाएका छन् भने करिब ३ प्रतिशतले आफ्नो जमिन अरुलाई कमाउन दिएका छन् । जग्गा जमिनको प्रयोग मानिसले विभिन्न कार्यका लागि गरेका छन् । आवास, खाद्यान्न उत्पादन, फलफूल तथा तरकारी खेती, घाँस तथा चरण क्षेत्र, काठ, जडिवुटी तथा वनपैदावार, पशुपालन लगायत विभिन्न आर्थिक क्रियाकलापसँग सम्वन्धित क्षेत्रमा भू-स्वामित्वको उपयोग गरिएको छ ।

## २.५ सामाजिक तथा सांस्कृतिक अवस्था

गंगादेव गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था अन्तर्गत जनसंख्या, बसाँइसराइँ, जातजाति, भाषाभाषी, चाडपर्व, धर्म, संस्कृति, साक्षरता तथा शैक्षिक स्थिति एवं स्वास्थ्य सम्बन्धी विवरण समावेश गरिएको छ ।

### २.५.१ जनसंख्या संरचना तथा वितरण

राष्ट्रिय जनगणना २०७८ अनुसार गंगादेव गाउँपालिकाको जम्मा जनसंख्या २१,५०३ रहेको छ र जनघनत्व १७३ प्रति वर्ग किलो मिटर रहेको छ । जसमा महिलाको संख्या १०,०४५ अर्थात् ४६.७ प्रतिशत र पुरुषको संख्या ११,४५८ अर्थात् ५३.३ प्रतिशत रहेको छ। घरधुरीको संख्या जम्मा ४,४३३ रहेको छ। गाउँपालिकाको औषत परिवार संख्या ४.८५ जना प्रति परिवार रहेको छ । जनसंख्याको वितरणलाई हेर्दा गाउँपालिका भित्र सबैभन्दा धेरै जनसंख्या वडा नं. ६ मा जम्मा ३७०३ रहेको छ । त्यसैगरी क्रमशः वडा नं ४ मा जम्मा ३६४४, वडा नं ५ मा जम्मा ३३४१, वडा नं ३ मा जम्मा ३१३७, वडा नं २ मा जम्मा २९०८, वडा नं ७ मा जम्मा २५२७ र वडा नं १ मा सबैभन्दा कम २२४३ जनसंख्या रहेको छ ।

### २.५.२ जातजातिगत अवस्था

गंगादेव गाउँपालिकामा क्षेत्री जातिको बाहुल्यता रहेको पाइन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार गंगादेव गाउँपालिकामा क्षेत्री ७६.५ प्रतिशत, जनजाति १२.५ प्रतिशत, ठकुरी ०.६ प्रतिशत, दलित १०.३ प्रतिशत, ब्राह्मण ०.१ प्रतिशत, र अन्य ०.१ प्रतिशत जनसंख्या रहेको छ । यस गाउँपालिकामा बसोवास गर्ने समुदायहरू बहुभाषिक र बहुजातीय भएको हुँदा भाषिक, सामाजिक, सांस्कृतिक, जातिगत र धार्मिक विविधता समेत रहेको छ ।

### २.५.३ धार्मिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार गंगादेव गाउँपालिकामा हिन्दु, बौद्ध, क्रिश्चियन, प्रकृति आदि धर्मावालम्बीहरूको बसोबास रहेको पाइन्छ। यी मध्ये सबैभन्दा बढी हिन्दु ९८.६ प्रतिशत, बौद्ध ०.३ प्रतिशत, क्रिश्चियन १.०९ प्रतिशत र प्रकृति पुजक ०.०२ प्रतिशत धर्मावलम्बीहरू रहेका छन् । धार्मिक विविधतामा आपसी सहिष्णुताका साथ जीवन निर्वाह गर्नु यस पालिकाको धार्मिक विशेषता हो । धार्मिक रुपमा हिन्दु धर्मको बाहुल्यता रहेपनि बौद्ध तथा क्रिश्चियन धर्मावलम्बीहरु सहित यस गाँउपालिकामा जातीय र धार्मिक सहिष्णुता कायम रहेको छ ।

### २.५.४ जनशक्तिको संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार गंगादेव गाउँपालिकामा सरदर परिवारको आकार ४.८५ रहेको छ । गाउँपालिकामा आर्थिक रूपमा सक्रिय जनसंख्या ६४.९ प्रतिशत रहेको देखिन्छ। यी आर्थिक रूपमा सक्रिय जनसंख्या मध्ये ९७ प्रतिशत रोजगार र ३ प्रतिशत बेरोजगार रहेको देखिन्छ। पेशाको आधारमा करिब ७१.५ प्रतिशत जनसंख्या कृषि पेशामा आबद्ध रहेको छ। त्यसैगरी रोजगारीको प्रमुख क्षेत्रहरूमा करिब २.९ प्रतिशत सरकारी, १८.८ प्रतिशत अन्य संगठित संघसंस्थामा कार्यरत छन् भने ७८.३ प्रतिशत घरायसी काममा संलग्न रहेका छन् ।

आवधिक योजना निर्माणका सन्दर्भमा गरिएको स्थलगत सर्वेक्षण र सरोकारवालाहरुसँगको सामुहिक छलफलका आधारमा यस गाउँपालिकाका अधिकांश युवाहरु पर्याप्त जमिनको अभाव, उद्यमशील सीपको अभाव, व्यावसायिक चेतनाको कमी आदिका कारण रोजगारीको खोजीमा भौतारिरहेको देखिन्छ । यहाँका बासिन्दाहरु कामको खोजीमा नेपालका ठुला शहरहरुमा खासगरी इटाभट्टामा मजदुरको रुपमा ठुलो मात्रामा जाने गरेका छन् । बैदेशिक रोजगारीमा जाने मध्ये छिमेकी मुलुक भारतमा ६३ प्रतिशत, तेस्रो (खाडी)

मुलुकमा २७ प्रतिशत र बाँकी १० प्रतिशत मानिसहरु युरोप, अमेरिका, क्यान्डा, अष्ट्रेलिया लगायतका देशहरुमा गएको देखिन्छ ।

### २.५.५ बसाइँसराइको वर्तमान अवस्था

बदलिँदो विश्व परिवेश र मानिसको जीवन शैलीमा आएको परिवर्तनसँगै हरेक मानिसले दिनानुदिन सुखको खोजी गरिरहेका छन् । दुर्गमबाट सुगम स्थानको खोजी गरी सुविधायुक्त जीवन बिताउने क्रममा मानिसले बसाइँसराइ गर्ने गर्दछन् । यो प्रवृत्तिले गंगादेव गाउँपालिकालाई पनि प्रभावित पारेको छ । भौगोलिक विकटता, यातायातका साधनको सहज र गुणस्तरीय पहुँचको अभाव, शिक्षा, स्वास्थ्य, सुरक्षित आवासको अभावबाट मुक्त भइ सुविधायुक्त जीवन ज्यूनका लागि यस पालिकाबाट दाङ, नेपालगञ्ज, बुटवल, काठमाडौं लगायत देशका विभिन्न स्थानमा बसाइँसराइ गर्ने गरेका छन् । साठीको दशकदेखि बसाइँसराइ गर्ने प्रवृत्तिमा परिवर्तन आइ आफ्नो पुर्ख्यौउली थलोमा नबस्ने तर त्यहाँको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक आदि अधिकारहरूको उपयोग गर्ने प्रचलनका कारण कानुनी रूपमा बसाइँसराइको अवस्थालाई एकिन गर्न गाह्रो रहेको छ । गंगादेव गाउँपालिकाको अभिलेख अनुसार गाउँपालिकामा जम्मा २६ घरपरिवार बसाई सरी पालिकामा आएको देखिन्छ भने १८८ घरपरिवार अन्य स्थानमा बसाइँसराइ गरी गएको देखिन्छ ।

### २.५.६ वैदेशिक रोजगारीमा रहेको जनशक्ति

विकास उन्मुख देशका युवा जनशक्तिको रोजगारीको मूल आधार वैदेशिक रोजगारी रहि आएको छ । गंगादेव गाउँपालिकाका युवा जनशक्तिको सोचमा आएको परिवर्तन, अस्वस्थ आर्थिक प्रतिष्पर्धा, गुणस्तरीय जीवन निर्वाहका लागि आवश्यक रोजगारीको अभाव, सीप, क्षमता र दक्षता अनुसारको रोजगारीको अभाव, युवा मानसिकतामा बढेको वैदेशिक रोजगारी प्रतिको मोहका कारण युवा शक्ति वैदेशिक रोजगारीमा जाने चलन रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गंगादेव गाउँपालिका भित्र करिब ११.२८ प्रतिशत व्यक्ति विभिन्न देशमा वैदेशिक रोजगारीका सिलसिलामा कार्यरत रहेका छन् । लैगिंक आधारमा हेर्दा ८२.२ प्रतिशत पुरुष र १७.८ प्रतिशत महिला वैदेशिक रोजगारीका सिलसिलामा विभिन्न देशमा कार्यरत छन् ।

### २.५.७ चाडपर्व तथा जात्रा

गंगादेव गाउँपालिका चाडपर्व, स्थानीय मेला तथा जात्राका दृष्टिकोणले सुसम्पन्न रहेको छ । सांस्कृतिक विविधतामा आपसी एकतामा रमिरहेको नेपाली समाजमा चाडपर्व तथा जात्राले मनोरञ्जन दिनुका साथै आपसी भातृत्व र सहिष्णुता कायम गरेको हुन्छ । विभिन्न जातिहरूको भाषा, संस्कृति, भेषभूषा तथा विवाह तथा गाउँपालिका भित्र लाग्ने ओइनी मेला, सिघ मेला, ठुलो पोखरी मेला, पातिहाल्न मेला, बसारेचौर मेला, मौलेखाल मेला, पाँचपुनी मेला जस्ता मेलापर्वमा नाचिने झ्याउरे नाच, मयूर नाच, पञ्चेबाजा नाच, पैसेरी नाच र सालैजो झाका वा ठाडी झाका यहाँका महत्वपूर्ण सांस्कृतिक सम्पतिहरू हुन् । यी नाच तथा पर्वमा मादल, दमाहा, पञ्चेबाजा, बाँसुरी तथा अन्य बाजागाजाहरू बजाएर मनोरञ्जन गर्ने गरिन्छ । मुख्य गरी दशैं, तिहार, जनै पूर्णिमा, माघे संक्रान्ति, बैशाख पूर्णिमा/बुद्ध जयन्ती, जेठासी पूर्णिमा, नागपञ्चमी, चैते दशै, फागु पूर्णिमा, असारे संक्रान्ति, श्रीकृष्ण जन्माष्टमी, हरितालिका तीज, साउने संक्रान्ति, शिवरात्री, नाग पञ्चमी, श्रीपञ्चमी आदि रहेका छन् ।

### २.५.८ भाषाभाषी तथा भेषभूषा

गंगादेव गाउँपालिकाका बासिन्दाले मातृभाषाका रुपमा नेपाली भाषा बोल्छन् । तथापि यस पालिकामा विभिन्न जातीय र भाषिक समूहहरू रहेका छन् ती समुदायको आफ्नै मौलिक भाषा र संस्कृतिहरू रहेका छन् । आदिबासी जनजाति, क्षेत्री, ब्राह्मण र दलित समुदायको बासोबास रहेको यस पालिकामा नेपाली बाहेक

जनजाति समूहका मानिसले केही मात्रामा मगर भाषा, संस्कार र संस्कृतिको पनि प्रयोग गर्दछन् । गाउँपालिकामा जातीय विविधता भए पनि भाषा तथा पहिरणमा तात्विक विन्नता पाइदैन । गाउँपालिका भित्र बसोबास गर्ने मानिसमा जातजातिगत भिन्नता पाइए पनि कुनै खास जातजातिले मातृ भाषाका रुपमा नेपाली बाहेक अन्य कुनै भाषाको प्रयोग गरेको पाइदैन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिका भित्रको कूल जनसंख्या २१,५०३ मध्ये मातृ भाषाका रुपमा नेपाली भाषा बोल्ने जनसंख्या २१,४२६ अर्थात् ९९.६ प्रतिशत, मातृभाषाका रुपमा मगर भाषा बोल्ने जनसंख्या ३९ अर्थात् ०.२ प्रतिशत र अन्य भाषा बोल्ने जनसंख्या १५ अर्थात् ०.१ प्रतिशत रहेको छ ।

### २.५.९ शैक्षिक अवस्था

शिक्षा क्षेत्रको विकास देश विकासको मूल आधार हो । दिगो, गुणस्तरीय र समयसापेक्ष रूपमा शिक्षा क्षेत्रको विकास भएमा देश विकास सहि ढंगले हुन सक्छ । गंगादेव गाउँपालिकाको दीर्घकालीन विकासका लागि शिक्षा क्षेत्रको विकास कोशेढुंगा सावित हुन्छ । यस परिप्रेक्ष्यमा यस गाउँपालिका क्षेत्रभित्र जम्मा ३९ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालय गरी जम्मा ४१ वटा विद्यालय रहेका छन् । गाउँपालिकाको अभिलेख अनुसार, कक्षागत आधारमा विद्यालयको संरचना हेर्दा १-५ कक्षा भएका विद्यालयहरू २१ वटा ( १९ वटा सामुदायिक र २ वटा माध्यामिक), १-८ कक्षा भएका विद्यालयहरू ९ वटा रहेका छन् भने माध्यमिक तह अन्तर्गत कक्षा १-१० सम्म ६ वटा र कक्षा १-१२ सम्म ५ वटा विद्यालयहरू रहेका छन् । गाउँपालिकामा

गाउँपालिकाको अभिलेख २०८० अनुसार गाउँपालिका भित्र रहेका ३९ सार्वजनिक विद्यालयहरूमा छात्र ४२९३ र छात्रा ४२४५ गरी जम्मा ८५३८ जना विद्यार्थी अध्ययनरत छन् । तहगत रुपमा प्रारम्भिक बाल कक्षामा छात्र ६६० र छात्रा ६४६ गरी जम्मा १३०६, प्रावि तह (कक्षा १ देखि ५ सम्म)मा छात्र र छात्राको संख्या क्रमश १९१३ र १७७१ गरी जम्मा ३६८४, निम्न माध्यमिक तह (कक्षा ६ देखि ८ सम्म)मा छात्र ८७७ र छात्रा ९८८ गरी जम्मा १८६५ विद्यार्थी रहेका छन् भने माध्यमिक तह (कक्षा ९ देखि १० सम्म)मा छात्र ५४१ र छात्रा ५६७ गरी ११०८ जना विद्यार्थी रहेका छन् । कक्षा ११ र १२ मा छात्र ३०२ र छात्रा २७३ गरी जम्मा ५७५ जना विद्यार्थी अध्ययनरत गरी रहेको देखिन्छ । त्यसैगरी संस्थागत विद्यालयमा बाल विकासमा छात्र ७१ र छात्रा ६५ जम्मा १०६ जना, १ देखि ५ सम्म छात्र ६३ र छात्रा ३४ गरी जम्मा ९७ जना विद्यार्थीहरु अध्ययनरत गरी रहेको देखिन्छ । गाउँपालिकाका यसरी हेर्दा विद्यालय प्रवेश गरेका बालबालिकालाई माध्यमिक तहसम्मको अध्ययन गर्ने गराउने कुराका लागि पालिकाले विशेष कार्यक्रम संचालन गनुपर्ने देखिन्छ ।

गाउँ शिक्षा समितिको तथ्यांक २०८१ अनुसार, गाउँपालिका भित्र रहेका सार्वजनिक विद्यालयको पठनपाठन क्रियाकलापलाई अगाडि बढाउनका लागि स्थायीमा ८१ जना, राहतमा ३८ जना, करार मा ५ जना, संघिय अनुदानमा १४ जना, पालिका अनुदानमा ९१ जना, पालिका बालविकासमा ५ जना र ३१ जना बालविकास सहजकर्ता गरी जम्मा २६५ शिक्षक कार्यरत रहेका छन् । यस तथ्यांकलाई विश्लेष्ण गर्दा पालिकामा शिक्षक विद्यार्थीको अनुपात १:३२ रहेको देखिन्छ । यस अर्थमा गाउँपालिकाले आगामी दिनमा शिक्षक दरबन्दीको तुलनामा विद्यालयको भौतिक, प्रशासनिक तथा शिक्षण सिकाइका क्षेत्रमा क्षमता अभिवृद्धि गरी विद्यार्थी संख्या बढाउने विषयमा दीर्घकालीन सोच बनाउनु पर्ने देखिन्छ । गंगादेव गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसंख्याको १६,६२२ अर्थात ७७.३ प्रतिशत जनसंख्या साक्षर रहेको देखिन्छ । यसमध्ये पुरुष साक्षरता दर ८४.४ प्रतिशत र महिला साक्षरता दर ७१.२ प्रतिशत रहेको छ ।

### २.५.१० स्वास्थ्य सेवा तथा सुविधाको अवस्था

गंगादेव गाउँपालिकाको मानव विकास, पूर्वाधार क्षेत्रको विकास र स्वास्थ्य क्षेत्रको विकासका सूचकांकका दृष्टिले राष्ट्रिय आँकडाभन्दा पछि परेको देखिन्छ । भौगोलिक विकटता तथा सामाजिक चेतना, आर्थिक अवस्था, सांस्कृतिक मूल्य, मान्यता र परम्परागत जातीय तथा धार्मिक मान्यताका कारण समुदायका मानिसहरू स्वास्थ्य सेवाबाट बञ्चित भएका छन् ।

गंगादेव गाउँपालिकामा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न ४ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य केन्द्र, २ वटा सामुदायिक स्वास्थ्य ईकाइ गरी जम्मा ९ वटा स्वास्थ्य केन्द्र रहेका छन् । साथै १३ वटा गाउँघर क्लिनिक, १५ वटा खोप क्लिनिक र ३३ जना महिला स्वास्थ्य स्वयंसेविका रहेका छन् । गाउँपालिकाको आवश्यकतालाई सम्बोधन गर्न १२ क्लिनिक र एक वटा गैर सरकारी संस्थाहरूबाट पनि सेवा प्रदान हुँदै आएको छ । सामान्यतः यस गाउँपालिकाका मानिसहरू बिरामी हुँदा सर्वप्रथम सरकारी अस्पताल र स्वास्थ्य चौकी जाने गरेका छन् । तथापि अझैँपनि स्वास्थ्य केन्द्र पुग्न २/३ घण्टा हिड्नुपर्ने बाध्यता रहेको छ ।

राष्ट्रिय स्तरमा निर्धारण गरिएका खोप कार्यक्रम अन्तर्गत गंगादेव गाउँपालिकाले पालिका भित्रका स्वास्थ्य संस्थाहरु मार्फत खोप सेवाका साथै गर्भजाँच, परिवार योजनाका साधनहरू वितरण र परामर्श सेवाहरू प्रदान गरिरहेका छन् । गाउँपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र र केही स्वास्थ्य चौकीबाट २४ सै घण्टा प्रसूति सेवा उपलब्ध छन् भने ९ वटा स्वास्थ्य संस्थाबाट तीन प्रकारका (कण्डम, पिल्स, डिपो) र ७ वटा स्वास्थ्य संस्थाबाट थप दुई प्रकारका (आई.यु.सि.डी, इम्प्लान्ट) परिवार नियोजनका सेवा उपलब्ध भइरहेका छन् । गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थामा सुरक्षित मातृत्व सेवा, परामर्श सेवा, स्वास्थ्य सेवा र जनचेतना सेवा उपलब्ध छन् तथापि कुनै पनि स्वास्थ्य संस्थामा रक्तसंचार सेवा र आँखा उपचार सेवाको उपलब्धता छैन ।

गाउँपालिकाको स्वास्थ्य शाखाको अभिलेख अनुसार गाउँपालिका भित्रका स्वास्थ्य संस्थाको जम्मा दरबन्दी २६ जनाको रहे पनि हाल पालिकामा २७ जना स्वास्थ्य कर्मी कार्यरत रहेका छन् । जसमध्ये स्थायी दरबन्दी भएका कर्मचारीको संख्या १० जना अर्थात ३७ प्रतिशत र करार दरबन्दीमा कार्यरत कर्मचारी संख्या १७ जना अर्थात ६३ प्रतिशत रहेको छ । गाउँपालिका भित्र ३३ जना महिला स्वयं सेविका कार्यरत छन् । गंगादेव गाउँपालिकाको ९ वटा स्वास्थ्य संस्था मध्ये ६ वटाको आफ्नै भवन भएपनि निर्धारित मापदण्ड अनुसारका भवन जम्मा ५ वटा स्वास्थ्य संस्काका मात्रै छन् । कुनै पनि स्वास्थ्य संस्थामा २४ सै घण्टा विद्युतको उपलब्धता छैन तर ९ वटा स्वास्थ्य संस्थामा सोलार ब्याकअप जडान गरिएको छ । सरसफाइको अवस्थामा जम्मा २ वटा स्वास्थ्य संस्थामा महिला र पुरुषका लागि छुट्टै शौचालय र ६ वटा स्वास्थ्य संस्थामा सुरक्षित खानेपानीको नियमित उपलब्धता छ । गंगादेव गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरू मध्ये सबै स्वास्थ्य संस्थामा मोटरबाटो पुगेको छ र शीघ्र स्वास्थ्य उद्दारका लागि स्थानीय स्तरमा १ वटा एम्बुलेन्स सेवा उपलब्ध छ भने ७ वटा वडामा स्टेचर सेवा उपलब्ध छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गंगादेव गाउँपालिका भित्र ५ वर्ष भित्रका बालबालिकाको संख्या २,६१९ र किशोरकिशोरीहरु १० देखि १९ वर्ष संख्या ५,१५६, प्रजनन् उमेरका महिलाहरु १५ देखि ४९ वर्ष संख्या ५३९२ रहेका छन् । गाउँपालिका भित्र विसिजी, डि.पि.टी, हेपटाइटिस बि, पोलियो, दादुरा रोग विरुद्ध खोप लिने बालबालिकाको संख्या शत प्रतिशत देखिन्छ । गाउँपालिकाको स्वास्थ्य शाखाको तथ्याङ्क अनुसार सबैभन्दा बढी ग्यास्ट्रिक वा अल्सरका दीर्घ रोगीहरू र सबैभन्दा कम मलेरियाका दीर्घ रोगीहरू रहेको पाइन्छ । विगत ५ वर्ष भित्रमा गंगादेव गाउँपालिकामा बाल स्वास्थ्य तथा मातृस्वास्थ्यको अवस्था निकै सन्तोषजनक रहेको छ । जसअनुसार गत १ वर्षमा मातृमृत्यु र बालमृत्यु दर नरहेको र शिशु मृत्यु २ जना रहेको देखिन्छ ।

राष्ट्रिय सुरक्षित मातृत्व कार्यक्रमको लक्ष्य मातृ र नवजात शिशु रोग र मृत्युदर घटाउने र निवारक र प्रवर्द्धनात्मक गतिविधिहरू मार्फत र गर्भावस्था, बच्चाको जन्म र प्रसवपछिको अवधिमा मृत्यु निम्त्याउने कारकहरूलाई सम्बोधन गरी मातृ र नवजात शिशुको स्वास्थ्यमा सुधार गर्नु हो । स्वास्थ्य संस्थामा पहिलो पटक गर्भवती जाँच (७१ प्रतिशत) गराएका गर्भवती महिलाहरूको तुलनामा ४ चोटि आउने ५३ प्रतिशत देखिएको छ । संस्थागत सुत्केरी गराउन ५९ प्रतिशत सुत्केरी पश्चात जाँच ५८ प्रतिशत महिलाहरू स्वास्थ्य संस्थामा आउनेको गरेका छन् । जाँच गर्न नआउनुको प्रमुख कारण दक्ष प्रसुतिकर्मीको अभाव, पूर्वाधारको कमी, सामाजिक मूल्य मान्यताहरू, जनचेतनाको कमी रहेका छन् ।

गंगादेव गाउँपालिकाको ४ वटा स्वास्थ्य संस्थामा डट्स मार्फत क्षयरोगको उपचार सञ्चालन भइरहेको छ र जाँचेको बिरामी क्षयरोगी बिरामी मध्ये पत्ता लागेका दर २४ देखिएको छ । नेपालले जनवरी २०१० मा कुष्ठरोगलाई राष्ट्रिय स्तरमा उन्मूलन भएको सार्वजनिक रूपमा घोषणा गरिसकेको छ तर गंगादेव गाउँपालिकामा कुष्ठरोगको बिरामी आ. व. २०७८/०७९- १ एक जना देखिएका छ । नेपालमा एचआईभी (HIV) लाई केन्द्रित महामारीको रूपमा चिनिन्छ । यो रोग ८० प्रतिशत भन्दा बढी यौन संक्रमणबाट सर्ने गरेको छ । इन्जेक्सन प्रयोग गर्ने व्यक्ति, महिला यौनकर्मी र अन्य पुरुषहरूसँग यौनसम्पर्क गर्ने पुरुषहरू महामारी फैलाउने उच्च जोखिममा रहेका प्रमुख जनसंख्या हुन् । गंगादेव गाउँपालिकामा एचआईभी (HIV) का कुनै पनि बिरामीहरू दर्ता भएको सरकारी रकर्डमा देखिदैन ।

## २.६ आर्थिक अवस्था

गंगादेव गाउँपालिकाको आर्थिक अवस्थाको मुख्य मेरुदण्डका रूपमा कृषि व्यवसाय रहेको छ । तथापि अधिकांश कृषकहरू निर्वाहमुखी कृषिमा निर्भर रहेका छन् । यस पालिकाको कृषिलाई व्यावसायिक र आधुनिक कृषि प्रणालीमा जोड दिनुपर्ने देखिन्छ । कृषि क्षेत्रलाई व्यावसायिक र उत्पादनमुखी बनाउन सकेमा आर्थिक समृद्धिका आधारहरू तय हुने, स्वदेशमै रोजगारी सृजना हुने र पालिकाको आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ । मध्य पहाडी क्षेत्रमा उत्पादन गर्न सकिने तरकारी, फलफूल, खाद्यान्न, दलहन तथा नगदे बाली र पशुपंक्षीजन्य उद्यमहरू संचालन गर्नका लागि उपयुक्त भौगोलिक बनावट रहेको पाइन्छ ।

ऐतिहासिक, धार्मिक, प्राकृतिक क्षेत्र, तटीय क्षेत्र, तथा युद्ध कालीन महत्वपूर्ण स्मारकहरूले गाउँपालिकाको पर्यटन प्रबर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याएका छन् । गाउँपालिकाका विभिन्न भागमा रहेका होचा अग्ला पहाडी श्रृंखला, उच्च स्थानका वस्तीहरु, स्थानीय सभ्यता र संस्कार आदिलाई पर्यटन व्यवसायसँग जोड्न सकेमा पालिकाको आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ । सुकिदह, शिवगुफा, सुखा ओडार, गणेश मन्दिर, सिद्ध गुफा, सिद्ध बाबा मन्दिर, सहिद पार्क, सुपेगैरा, विजय धुरी, बहारथान, बजुपुज्ने देवी मन्दिर, दल्लेटाकुरा देउती पुज्ने स्थान जस्ता पर्यापर्यटनका क्षेत्रहरूको संरक्षण, प्रबर्द्धन र प्रचार प्रचार गरी पर्यटकका लागि आकर्षकको केन्द्र बनाउन सकिने देखिन्छ । प्राकृतिक, सामाजिक, सांस्कृतिक र पर्यटन क्षेत्रको विकास र विस्तार गर्न सके पालिका भित्रै रोजगारीको सृजना हुनुको साथै समृद्धिका आधारहरू निर्माण हुन सक्ने देखिन्छ । ठुला तथा साना र परम्परागत घरेलु उद्योग संचालन तथा व्यवस्थापन गरी पालिकाको आर्थिक क्रियाकलाप संचालन गर्न पालिका देखि तुल्सीपुरसम्मको ग्रामीण सडकले यस पालिकालाई राष्ट्रिय सञ्जालमा जोडी व्यापार व्यावसायको ढोका खोलेको छ ।

### २.६.१ कृषि

गंगादेव गाउँपालिका भित्रको जम्मा जमिन १२४३० हेक्टर मध्ये कृषिका लागि ५११८.५८ हेक्टर अर्थात् ४१.१८ प्रतिशत रहेको छ । उक्त जमिनमा बसोबास गर्ने जनसंख्याको आफ्नो स्वामित्वमा भएको जग्गालाई खेत, पाखो बारी, घडेरी, आवासीय, औद्योगिक, व्यापारिक र अन्य गरी उपयोग गरिएको छ । गंगादेव गाउँपालिकाको अभिलेखका आधारमा गाउँपालिकामा खेतीयोग्य जमिन .३० वर्ग किलोमिटर रहेको छ । यस

गाउँपालिकाको कूल खेतीयोग्य जमिन ३० वर्ग किलोमिटरको १० प्रतिशत जमिनमा मात्र सिँचाइ उपलब्ध छ भने बाँकी ९० प्रतिशत जग्गामा वर्षातको सिचाइँमा भर पर्नु पर्दछ । यहाँका खेतहरू नदी किनारमा रहेका र हावापानीको उचित प्रवाहले गर्दा खेती उब्जनी सन्तोषजनक हुने गरेको छ ।

गाउँपालिकाको भर्ति, ठुला गौरा, औती, मार्के, मेलडाँडी, राङजिवाङ, रमाई, बडामेला, घोरानेटी, ओझ्फाबाङ, सुखाओडार, लोरीबिनी, बढाढुङगा, कुकुरगाढे, नाउली, बसारे, लोकचौर, फुलकास, मान्टा, उदिनढुङगा, याचौर, जयाखोला, उपल्लो जया, तल्लो जया, राँक, ताप्ला, रातामाटा, ढङटङ आदि स्थानहरु उत्पादनका दृष्टिले महत्वपूर्ण मानिन्छन् । यो गाउँपालिका तरकारी उत्पादन र व्यापार प्रर्द्धनका दृष्टिकोणले जिल्लाका अन्य पालिकाको तुलनामा राम्रो क्षेत्रका रुपमा रहेको छ । पालिकाको आवधिक योजना निर्माणका क्रममा भएको छलफल अनुसार गाउँपालिकामा ३०० वटा कृषि फर्म सञ्चालनमा रहेका छन् भने १ वटा कोल्ड स्टोर, आलु विउ भण्डारणका ६ वटा रष्ट्रीक स्टोर रहेको छ । परम्परागत कृषि प्रणालीमा आधारित रहेकाले कृषि पेशा केवल जीविकोपार्जनमा मात्र सीमित हुन पुगेको छ । परम्परागत कृषि प्रणालीमा प्रविधिकरण गरी कृषकहरूलाई व्यावसायिक बनाई आधुनिक कृषि प्रणालीमा जोड दिएमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन सकिने सम्भावना रहेको छ ।

### २.६.२ पशुपालनको अवस्था

गंगादेव गाउँपालिकामा पशुपालनको रूपमा गाई, भैंसी, भेडा, बाख्रा, कुखुरा, हाँस, सुँगुर, बँगुर आदि पालन गर्ने प्रचलन रहेको छ । पशु पालनको यो परम्परागत प्रचलनलाई व्यावसायिक बनाउन नसक्दा कृषकहरूले अपेक्षित लाभ लिन सकिरहेका छैनन् । पशुपालनका लागि हावापानी, चरण क्षेत्र, खर तथा डाले घाँसको स्रोत, पानीको पर्याप्तता र परम्परादेखि पशुपालनप्रति स्थानीय कृषकहरूको लगावलाई हेर्दा यो गाउँपालिका पशुपालनका दृष्टिले राम्रो सम्भावना रहेको छ । व्यावसायिक पशुपालन गरी आर्थिक उपार्जनका माध्यमबाट जीवनस्तरमा सुधार ल्याउन कृषकहरूको क्षमता विकास गरी वित्तीय लगानी सुनिश्चित गर्नुपर्ने देखिन्छ । गंगादेव गाउँपालिकामा परम्परागत दुध तथा मासुजन्य उत्पादनका लागि करिव ९० प्रतिशत परिवारले कुनै न कुनै प्रकारको पशु पक्षी पालन गरिरहेका छन् ।

### २.६.३ खाद्यान्न आपूर्तिको अवस्था

गाउँपालिकाको आवधिक योजना निर्माणका क्रममा मुख्य जानकार व्यक्तिसँग लिइएको अर्न्तवार्ताको अनुसार गाउँपालिकामा वार्षिक रूपमा सबै भन्दा बढी २,००,००० के.जी मकै उत्पादन हुने गरेको देखिन्छ । दोस्रोमा मा जौं ४००००० के.जी., तेस्रोमा गहुँ १५०,००० के.जी उत्पादन हुने गरेको देखिन्छ । त्यसैगरी सबैभन्दा कम धान ५०,००० के.जी उत्पादन हुने गरेको पाइएको छ । पालिका क्षेत्रमा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ । ग्रामीण परिवेश भएको हुँदा उत्पादनको मूल साधन नै जमिन हो । उत्पादनको प्रकारमा कृषि तथा पशुपालन नै हो । यस गाउँपालिकामा मकै, गहुँ, धान, दलहन तथा ताजा तरकारी उत्पादनले आर्थिक क्षेत्रमा योगदान कायम राखेको छ । पालिकाको आवधिक योजना निर्माणका क्रममा भएको छलफल अनुसार खाद्यान्न परिपूर्तिको आधारमा वर्षभरि आफ्नो उत्पादनले खाना पुग्ने र बचत समेत हुने १२ प्रतिशत, १०-१२ महिना सम्म १९ प्रतिशत, ७-९ महिना सम्म २६ प्रतिशत, ३-६ महिना सम्म २१ प्रतिशत, ३ महिना भन्दा कम १५ प्रतिशत, उत्पादन नगर्ने ७ प्रतिशत रहेको देखिन्छ ।

### २.६.४ उद्योग तथा वाणिज्य

रोल्पा जिल्लाको पश्चिम उत्तरी भागमा अवस्थित यो पालिका प्राकृतिक स्रोत साधन, खनिजजन्य पदार्थ, जडिबुटी, वनपैदावर आदिका दृष्टिले सम्पन्न छ । उद्योग व्यापार तथा वाणिज्य क्षेत्रको विकासका लागि यी

स्रोत र साधनहरु महत्वपूर्ण रहेका छन् । उच्च तथा वातावरणीय स्वच्छतायुक्त बस्तीहरूमा पर्यावरण मैत्री उद्योगहरू संचालन गर्नु उपयुक्त मानिन्छ । उद्योग तथा व्यापार व्यवसायको सोच भएका युवाहरू र परम्परागत रूपमा घरेलु तथा कुटिर उद्योग चलाएका व्यक्तिहरूलाई आधुनिक औद्योगिक ज्ञानको विकास गराइ स्थानीय स्रोत, साधन, सीप, बजारको माग र संभावित उद्यमीको चाहनालाई एकीकृत गर्न सकेमा नयाँ व्यवसायहरू सञ्चालन गरी आर्यआर्जनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ । उद्यम विकासका लागि पूर्व तयारी कार्य, स्रोत साधनको सर्भेक्षण, लक्षित समूह पहिचान, बजारको माग अध्यावधिक गर्न सके साना तथा कुटिर उद्योग सञ्चालन गर्नसक्ने सम्भावना छ । युवा पुस्तालाई स्वरोजगारमूलक बनाउन साना तथा मझौला उद्योगहरूलाई प्रविधिकरण, वित्तीय सेवामा पहुँच विस्तार र उत्पादित वस्तुको बजारीकरण गर्न आवश्यक उद्यमशील ज्ञान तथा सीपको विकास गराउन सकिने सम्भावना रहेको छ । भूबनोटको अवस्था, परम्परागत रूपमा उत्पादित वस्तु तथा वातावरणीय अवस्थालाई विश्लेषण गर्दा यस क्षेत्रमा जातीय परम्परा बोकेका घरेलु सीप र कलालाई लघु उद्योगका रुपमा विकास गर्ने, यस पालिकाका विभिन्न स्थानमा रहेका खनिजजन्य पदार्थको उत्खनन, प्रशोधन र बजारीकरण गर्ने, चुन ढुङ्गा, वन पैदावार, खोटो संकलन, जडिबुटीको दिगो संरक्षण सम्बर्द्धन र उपयोग गर्ने, मध्य पहाडी क्षेत्रमा पाइने सबै प्रकारका फलफूलहरुको उत्पादन र बजारीकरण गर्ने, रैथाने सीपमा आधारित साना तथा कुटिर उद्योग आदिको प्रविधिकरण र बजारीकरण गर्ने, दुग्धजन्य वस्तु प्रशोधन उद्योग, माछा पालन, स्वच्छ पिउने पानी उद्योग, मकै तथा गहुँमा आधारित खाद्यजन्य वस्तुको प्रशोधन उद्योग आदि संचालन गर्न सकिने देखिन्छ । यद्यपि यस गाउँपालिकामा सीमित मात्रामा मात्र उद्योग तथा वाणिज्यको विकास भएको छ । गाउँपालिकाको अभिलेख अनुसार विभिन्न प्रकारका ७ वटा उद्योगको संख्या रहेको छ । यसले सरदर ४ लाख जति रोजगारी सिर्जना गरेको अवस्था छ ।

### २.६.५ पर्यटन क्षेत्रको अवस्था

गंगादेव रोल्पा जिल्लाको पश्चिम उत्तरी भागमा अवस्थित एक पहाडी गाउँपालिका भएकोले ग्रामीण पर्यटनका दृष्टिले राम्रो सम्भावना रहेको गाउँपालिका हो । सुकिदह, शिवगुफा, सुखा ओडार, सिद्ध गुफा, सहिद पार्क, सुपेगैरा, विजय धुरी आदि प्राकृतिक पर्यटकीय स्थल रहेका छन् । गंगादेव गाउँपालिका होचा, अग्ला, चुच्चे डाँडाकाँडा तथा खोच र ती खोच भएर बग्ने खोलाहरू, उपल्ला पहाडी बस्तीहरू, घनघोर जंगल सहितका पहाडहरू ती पहाडी बस्तीको स्वच्छ हावा पानी तथा निश्चल पहाडी जीवन शैली यस पालिकाका पर्यटकीय आकर्षणका मुख्य आधारहरू हुन् ।

गंगादेव गाउँपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । जातीय रूपमा जनजाति, दलित, बाहुन र क्षेत्री समुदायको मिश्रित बसोबास रहे तापनि धार्मिक रूपमा हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ । यहाँ विभिन्न किसिमका सम्पदाहरू रहेका छन् । ऐतिहासिक तथा धार्मिक आकर्षणका रूपमा सुकिदह, शिवगुफा, सुख्खा ओडार, गणेश मन्दिर, सिद्ध गुफा, सिद्ध बाबा मन्दिर, सहिद पार्क, बहारथान, बजुपुज्ने देवी मन्दिर, दल्लेटाकुरा देउती पुज्ने स्थान आदि रहेका छन् । प्राकृतिक सौन्दर्य र जैविक विविधताको अवलोकन तथा मनोरञ्जनका रूपमा सुकिदह, शिवगुफा, सिद्धगुफा, राक्माधुरी, जिल्लाधुरी, तिखीधुरी, जालेमाधुरी, निपाने आदि रहेका छन् । सांस्कृतिक आकर्षणका रूपमा जातीय परम्परा अनुसार चाडबाड, पूजाआजा, धार्मिक विश्वास परम्परागत झ्याउरे नाच, मयूर नाच, पञ्चेबाजा नाच, पैसेरी नाच र सालैजो भाका वा ठाडी भाका आदि मौलिक सांस्कृतिक मूल्य मान्यताहरू रहेका छन् । यस पालिकाका ऐतिहासिक, धार्मिक, प्राकृतिक र पुरातात्विक महत्वका पर्यटकीय स्थलहरूले आकर्षित गर्ने गरेका छन् । बदलिँदो जीवन शैलीसँगै प्राकृतिक जीवनबाट कृत्रिम जीवन बिताइरहेका मानिसहरूलाई आन्तरिक पर्यटकको रूपमा र बाह्य पर्यटकहरू समेत यस पालिकामा विभिन्न पर्यटकीय उद्देश्यले भित्रिरहेका छन् ।



गंगादेव गाउँपालिका

व्यवस्थित रूपमा पर्यटक आगमनको अभिलेखीकरण नहुँदा वास्तविक तथ्याङ्कको अभाव देखिन्छ । यहाँ आउने पर्यटकका लागि आरामदायी सुविधायुक्त स्थानीय मौलिकतामा आधारित होम स्टेको व्यवस्था गर्न सकेमा पर्यटन क्षेत्रको राम्रो विकास हुने देखिन्छ । यी पर्यटकीय स्रोतहरूको व्यवस्थित रूपमा मर्मत सम्भार, संरक्षण, संबर्द्धन र विकास गरी प्रचार प्रसार गर्न आवश्यक छ ।

### २.६.६ वित्तीय संस्था र सहकारी

वित्तीय संस्थाहरू बैंक, सहकारी र लघुवित्त आर्थिक क्षेत्रको गतिशिलताका लागि महत्वपूर्ण पक्षहरू हुन् । गंगादेव गाउँपालिकामा सरकारी, लघुवित्त र सहकारी संस्थाहरू संचालनमा रहेका छन् । ग्लोबल आइ .एम. ई बैंक लिमिटेड एकमात्र वित्तीय तथा वाणिज्य संस्थाले कार्य गरिरहेको छ । यसका अतिरिक्त ग्रामीण अर्थतन्त्रको सहयात्रीको रूपमा ७ वटा कृषि तथा बचत सहकारीहरू दर्ता भै संचालनमा रहेका छन् । गाउँपालिकामा ९५ आमा समूह रहेका छन् ।

### २.६.७ पारिवारिक आय व्ययको अवस्था

गंगादेव गाउँबासीका आम्दानीका प्रमुख स्रोतहरू कृषि तथा पशुपालन, व्यापार तथा उद्योग, नोकरी तथा पेन्सन, वैदेशिक रोजगारी र ज्याला/मजदुरी, रहेका छन् । गंगादेव गाउँपालिकाको गाउँबासीका औषत आम्दानीका विषयमा आवधिक योजना निर्माणका क्रममा पालिका तथा वडा स्तरमा गरिएका विभिन्न समूहगत छलफल तथा नमुना सर्वेक्षणका आधारमा आम्दानीका स्रोतहरु तपसिल अनुसार रहेको देखिन्छ ।

**तालिका ७: गंगादेव गाउँबासीहरूका औषत वार्षिक आम्दानीका स्रोतहरू** (रु.मा)

| क्र.स | आम्दानीका स्रोतहरू | पालिकाको अभिलेख | आवद्ध घरधुरी | वार्षिक औषत प्रति परिवार आम्दानी रकम (रु) | वार्षिक पालिकाको औषत आम्दानी रकम (रु) |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | ४४३३ | ३९८९ | २५५६८५ | १,०१९,९२७,४६५.०० |
| २ | व्यापार व्यवसाय | ४४३३ | १५० | ५००००० | ७५,०००,०००.०० |
| ३ | सेवा नोकरी | ४४३३ | ५२५ | ३६०००० | १८९,०००,०००.०० |
| ४ | ज्याला मजदुरी | ४४३३ | ४०० | ९६००० | ३८,४००,०००.०० |
| ५ | विप्रेषण (विदेशबाट पठाएको रकम) संख्या | ४४३३ | १५५० | ६५८०६४ | १,०१९,९९९,२००.०० |
| ६ | घर भाडा वापत प्राप्त रकम | ४४३३ | १०० | ४०००० | ४,०००,०००.०० |
| ७ | उद्योग | ४४३३ | ७ | ४००००० | २,८००,०००.०० |
| ८ | व्याज | ४४३३ | ५० | ५००००० | २५,०००,०००.०० |
| ९ | पेन्सन | ४४३३ | १२० | २७६००० | ३३,१२०,०००.०० |
| १० | सवारी साधन | ४४३३ | १५ | ४८०००० | ७,२००,०००.०० |
| ११ | निर्माण व्यावसायी क वर्ग | ४४३३ | ० | ० | - |
| १२ | निर्माण व्यावसायी ख वर्ग | ४४३३ | २ | ५०००००० | १०,०००,०००.०० |
| १३ | निर्माण व्यावसायी ग र घ वर्ग | ४४३३ | १०० | १०००००० | १००,०००,०००.०० |
| १४ | अन्य | ४४३३ | १५ | ६००००० | ९,०००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | | | | २,५३३,४४६,६६५.०० |
| | सक्रिय जनसंख्या | | | | १२,०१३.०० |
| | प्रतिव्यक्ति आय | | | | २१०,८९२.०९ |

*स्रोत: आवधिक योजना निर्माणका क्रममा पालिका तथा वडा स्तरमा गरिएका विभिन्न समूहगत छलफल तथा नमुना सर्वेक्षण*

त्यसैगरी गंगादेव गाउँपालिकाका परिवारको वार्षिक खर्चका क्षेत्रहरू खानपान, लत्ताकपडा, औषधी, बच्चाहरूको पठनपाठन, इन्धन, यातायात, चाडपर्व, मनोरन्जन आदि रहेका छन् । आवधिक योजना निर्माणका क्रममा पालिका तथा वडा स्तरमा गरिएका विभिन्न समूहगत छलफल तथा नमुना सर्वेक्षणका आधारमा गंगादेव गाउँपालिकाको औषत खर्च प्रति परिवार तपसिल अनुसार रहेको छ ।

**तालिका ८: परिवारको वार्षिक खर्चका क्षेत्रहरू (रु. मा)**

| क्र.म | खर्च विवरण | औषत प्रति परिवार वार्षिक खर्च रकम | घरधुरी | जम्मा खर्च |
|---|---|---|---|---|
| १ | खानबस्न खर्च | १८०००० | ४४३३ | ७९७,९४०,०००.०० |
| २ | पहिरन (लत्ताकपडा) खर्च | ३५००० | ४४३३ | १५५,१५५,०००.०० |
| ३ | औषधी खर्च | १५००० | ४४३३ | ६६,४९५,०००.०० |
| ४ | शिक्षण (बालबालिकाहरूको) खर्च | ५००० | ४४३३ | २२,१६५,०००.०० |
| ५ | ईन्धन खर्च | ६०००० | ४४३३ | २६५,९८०,०००.०० |
| ६ | मनोरञ्जन खर्च | ३०००० | ४४३३ | १३२,९९०,०००.०० |
| ७ | यातायात खर्च | १८००० | ४४३३ | ७९,७९४,०००.०० |
| ८ | चाडपर्व खर्च | २५००० | ४४३३ | ११०,८२५,०००.०० |
| ९ | घरभाडा खर्च | ६०००० | ३०० | १८,०००,०००.०० |
| १० | कृषि सामग्री खर्च | १०००० | ४४३३ | ४४,३३०,०००.०० |
| ११ | सञ्चार खर्च | १२००० | ४४३३ | ५३,१९६,०००.०० |
| १२ | अन्य खर्च | ६००० | ४४३३ | २६,५९८,०००.०० |
| | **जम्मा** | | ४४३३ | १,७७३,४६८,०००.०० |
| | **औषत प्रति परिवार खर्च** | | | ४००,०६०.४६ |

*स्रोत: आवधिक योजना निर्माणका क्रममा पालिका तथा वडा स्तरमा गरिएका विभिन्न समूहगत छलफल तथा नमुना सर्वेक्षण*

## २.७ खानेपानी तथा सरसफाइको अवस्था

संविधानको भाग ३ धारा ३५ को उपधारा ४ मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने व्यवस्था गरेको छ । खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा बहुआयामिक प्रभाव पार्दछ । गंगादेव गाउँपालिकाले स्वच्छ खानेपानी उपलब्ध गराउन दीर्घकालीन तथा अल्पकालीन योजना

बनाइ कार्यान्वयन गरिरहेको छ । यद्यपि पूर्णरूपमा गाउँबासीका प्रत्येक घरमा स्वच्छ र शुद्ध खानेपानीको व्यवस्था हुन सकेको छैन । गाउँपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रलाई उच्च प्राथमिकतामा राखी स्वच्छ खानेपानी तथा ढलनिकास सहितको शौचालय व्यवस्था गर्नु पर्ने देखिन्छ ।

गाउँबासीहरूले विभिन्न खोला र मुहानको पानी दैनिक उपभोगका लागि प्रयोग गर्दै आएका भएपनि ती खोला र मुहानको पानी सुरक्षित र सफा छैनन् जसको प्रयोगले विभिन्न सरुवा रोग लाग्न सक्छ । गंगादेव गाउँपालिकामा प्रशस्त पिउने पानीको श्रोत रहेको भए तापनि व्यवस्थित रूपमा सबै घरघरमा पुगेको छैन । कतिपय गाउँमा स्रोत तल र बस्ती अग्लो ठाउँमा भएकोले पनि खानेपानीको समस्या निम्तिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार गंगादेव गाउँपालिकामा पानी प्रयोगको स्रोत अनुसार पाइपबाट ९०.२ प्रतिशत, ढुङ्गेधारा/मूलको पानी ५.८ प्रतिशत, नढाकिएको कुवाबाट ३.६ प्रतिशत, नदी/खोलाबाट ०.३ प्रतिशत, ढाकिएको कुवाबाट ०.१ प्रतिशत र अन्य श्रोतबाट ०.१२ प्रतिशत घर परिवार रहेका छन् । पाइपबाट पानी पुगेको संख्या धेरै देखिए पनि व्यवस्थित रूपमा घरमा पानी पुगेको छैन ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाभित्र रहेका जम्मा ४,४३३ घर परिवार मध्ये फल्स् सुविधा भएको र सार्वजनिक ढल निकासमा जडान भएका शौचालय ३.५ प्रतिशत, आधुनिक फल्स् सुविधा भएको सेफिटी ट्याङ्की सहितको शौचालय ५६.५ प्रतिशत, खाडल शौचालय ३८.९ प्रतिशत् र सार्वजनिक शौचालय ०.४ प्रतिशत परिवारले प्रयोग गरिरहेका छन् भने ०.७ प्रतिशत घरपरिवारको घरमा शौचालयको सुविधा छैन ।

## २.८ इन्धन तथा बत्तीको श्रोत र प्रयोगको अवस्था

गंगादेव गाउँपालिकामा मुख्यतः इन्धनको श्रोत दाउरा रहेको छ । मुख्य इन्धनको रूपमा प्रयोग गर्ने दाउराको स्रोत सामुदायिक, संरक्षित तथा निजी वन रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार दाउरा प्रयोग गर्ने ९४.७ प्रतिशत, एलपि ग्याँस प्रयोग गर्ने ४.७ प्रतिशत, वायोग्याँस प्रयोग गर्ने ०.४ प्रतिशत, बिजुली प्रयोग गर्ने ०.१ प्रतिशत र मट्टितेल प्रयोग गर्ने ०.१ प्रतिशत घर परिवार रहेका छन् । यसैगरी गाउँपालिकाका केही घरहरू केन्द्रीय प्रसारण तथा साना लघु जल विद्युत आयोजना मार्फत विद्युत जोडिएका छन् । यसैगरी उर्जाका लागि विद्युत् प्रयोग गर्ने ५५ प्रतिशत, सोलार प्रयोग गर्ने ४३.१ प्रतिशत, मट्टितेल प्रयोग गर्ने १.४ प्रतिशत र अन्य उर्जाको स्रोत प्रयोग गर्ने ०.५ प्रतिशत घर परिवार रहेका छन् ।

## २.९ वन वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था

वन सम्पदाको संरक्षण, सम्बर्द्धन तथा दिगो उपयोग गर्ने र गाउँपालिकाको आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा योगदान अभिवृद्धि गर्न आवश्यक रहेको छ । स्थानीय स्तरमा विकास निर्माणका क्रममा वातावरण प्रदुषण जस्ता समस्या टड्कारो रूपमा देखिएको छ । वायु र जल प्रदुषणले मानिसमा विभिन्न रोगहरू समेत निम्ताएको छ । प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन हुन आवश्यक छ । स्थानीय तहमा मानव अनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनु पर्ने आवश्यकता रहेको छ । फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक स्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदुषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन गर्नुपर्दछ ।

वन क्षेत्रको स्थानीय अर्थतन्त्रमा उल्लेख्य रूपमा योगदान पुग्ने गरी व्यावसायिक वन व्यवस्थापन र उपयोग गर्न नसक्नु, पूर्वाधार विकास र पर्यावरणीय प्रणालीबीच योजनाबद्ध तरिकाले सन्तुलन कायम गर्न नसक्नु, वन अतिक्रमण, वन पैदावारको चोरी निकासी, नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/बालुवा संकलन तथा निकासी हुनु, बढ्दो जनसंख्या, शहरीकरण, भू-उपयोगमा

आएको परिवर्तन, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक पूर्वाधार निर्माणका कारण वायु र पानीजन्य प्रदुषण, बाह्य मिचाहा झार (Invasive plant species) को प्रकोप, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जंगलको अतिक्रमण तथा ह्रास हुनु, विषादीको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकासबीच सामन्जस्यता स्थापित हुन नसक्नु आदि प्रमुख समस्याहरू रहेका छन् ।


गंगादेव गाउँपालिका पहिरो र भूक्षयको उच्च जोखिममा रहेको छ। वातावरणीय प्रभाव मूल्याङ्कन बिना नै विकासको काम गर्दा विपद्को जोखिम निम्तिने गरेको छ । गाउँपालिका अभिलेख अनुसार गंगादेव गाउँपालिकामा प्राकृतिक प्रकोपका कारण विभिन्न समयमा विभिन्न विपद्हरूको सामना गर्नु परेको छ । विगत ३ वर्ष भित्रमा सबैभन्दा बढी पहिरो र भूक्षयबाट करिब १५ करोड साथै असिनावाट करिब २ करोड रूपैयाँको क्षति भएको अनुमान गरिएको छ। साथै विभिन्न वडामा आगलागीबाट प्रभावित हुने घर परिवार संख्या करिब ५५ घर परिवार भन्दा बढी रहेको छ। भूक्षय तथा पहिरोबाट १९५ घर परिवार पीडित भएका छन् ।

गंगादेव गाउँपालिकाका विभिन्न ठाउँहरूमा भूक्षय तथा पहिरोको प्रभाव परेको छ। गाउँपालिकाको वडा नं. ४ को क्षेत्रमा म्वालेखोला पहिरोको जोखिम रहेको छ भने र वडा नं.१ मा चट्याङको जोखिम रहेको छ । गंगादेव गाउँपालिकाका केही वडाहरूमा बाँदरको समस्या समेत रहेको छ। बाँदर जस्ता वन्यजन्तुले लगाएको अन्नबाली तथा फलफूल नाश गरिदिने हुनाले यसको उचित व्यवस्थापन गर्ने तर्फ ध्यान जानु जरुरी छ ।

## २.१० यातायात तथा परिवहन सुविधाको अवस्था

सडक यातायातका दृष्टिले रणनैतिक महत्व बोकेको मदन भण्डारी राजमार्ग यो पालिकाको दक्षिणी भाग भएर विस्तार भएपनि पूर्ण रुपमा संचालनमा आएको छैन । सल्यान जिल्लाको कपुरकोटदेखि पालिका सदरमुकामलाई जाड्ने सडकलाई आधार मानी गाउँपालिकाका सबै वडा केन्द्र र मुख्य बस्तीहरुमा सडक सञ्जालको सेवा सुविधा विस्तार भएको भए तापनि पूर्णरूपमा सहज हुन सकेको छैन। भौगोलिक दुर्गमताका कारण यहाँका केही बस्तीहरु सडक सञ्जालको सेवा सुविधा प्राप्त गर्न सकिरहेका छैनन् । गाउँपालिकामा विस्तार भएका सडकहरू धुले कच्ची बाटाहरू छन् । यी बाटोहरू सञ्चालनमा रहे पनि बाह्रै महिना चल्न सकिरहेका छैनन् । गाउँपालिका पार्श्वचित्र २०७४ अनुसार गउँपालिका भित्र धुलौटे सडक मात्रै ४६५ किलो मिटर रहेको छ । यी सडकहरूमा नियमित सार्वजनिक बस सेवा तथा अन्य मोटर, ट्र्याक्टर, ट्रक, मोटरसाईकल आदि यातायातका साधनहरू सञ्चालनमा रहेका छन् । वर्षात्को समयमा बाढी पहिरोको कारणले यातायात नियमित रूपमा सञ्चालन गर्न कठिनाइ हुने गरेको छ ।

नक्सा ९: गंगादेव गाउँपालिकाको सडक सञ्जाल




तालिका ९: गंगादेव गाउँपालिकाको सडकका प्रकार

| सडकका प्रकार/Road Type | लम्बाई (कि.मि) | प्रतिशत |
|---|---|---|
| सडक | ३२.८४ | २४.६४ |
| ट्रयाक | २८.९६ | २१.७३ |
| अवर्गकृत | ७१.४८ | ५३.६३ |
| जम्मा | २०० | १००.०० |

## २.११ प्राकृतिक प्रकोप जोखिमका सम्भावित क्षेत्रहरू

गंगादेव गाउँपालिकामा विशेष गरी पहाडी र भिरालो बस्ती भएका कारण पहिरोको जोखिम रहेको छ। भू-बनोट र मोहडाको दृष्टिकोणले पनि यहाँका भू-भाग भिर पाखाले ओगटेको छ। यस्ता भिरपाखामा विशेषत: पहिरो जाने धेरै सम्भावना रहेका छन्। जम्मा १२४३०.८२ हेक्टर जमिन मध्ये भौगोलिक सूचना प्रणाली नक्सा (GIS Map) का अनुसार ३५ डिग्री भन्दा माथि रहेका सम्बेदनशील भिराला क्षेत्रहरू १८००.३५ हेक्टर अर्थात् १४.४८ प्रतिशत जमिन प्राकृतिक प्रकोप दृष्टिले जोखिमयुक्त रहेको छ। यस्ता जोखिमपूर्ण क्षेत्रहरु मानव बसोबासका निम्ति उपयुक्त नभएकाले यहाँका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरन गर्नु पर्ने आवश्कता देखिन्छ।

## २.१२ सूचना तथा सञ्चारको पहुँच

गंगादेव गाउँपालिकामा कुनै पनि किसिमका संचारका सुविधाहरू नभएको घरपरिवार ८१ अर्थात् १.८ प्रतिशत रहेको छ भने कुनै एक संचारका सुविधाहरू भएको घरपरिवार ४३५२ अर्थात् ९८.२ प्रतिशत रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकामा सञ्चारका साधनको प्रयोग सबैभन्दा बढी साधारण मोबाइल ३,८८० घर परिवार र स्मार्ट मोबाइल २,८७३ घर परिवारले प्रयोग गरेका छन् । त्यसै गरी सञ्चार सेवाका रूपमा विभिन्न ठाउँमा रेडियो, टेलिफोन, एफ.एम., पत्रपत्रिका, इन्टरनेट, अतिरिक्त हुलाक कार्यालय, टेलिभिजन आदिको व्यवस्था रहेको छ । तर यी सुविधाहरू पर्याप्त, भरपर्दा र गुणस्तरीय छैनन् ।

## २.१३ मनोरञ्जन स्थलहरु

गंगादेव गाउँपालिकाका विभिन्न वडा तथा बस्तीहरूमा पार्क तथा मनोरञ्जन स्थलका रूपमा प्राकृतिक डाँडा, लेक, पोखरी, समथल स्थानहरू, विभिन्न देवी देवताका मन्दिर तथा प्रतीक्षालय, जंगलको बीचमा रहेका खाली चउरहरू आदि रहेका छन् । तल उल्लेखित तालिकाले पनि यस तथ्यलाई प्रष्ट पार्दछ ।

**तालिका १०: गंगादेव गाउँपालिकाको मनोरञ्जन स्थलहरुको नाम**

| क्र.सं. | पर्यटकीय स्थलहरुको नाम | स्थलको महत्व |
|---|---|---|
| १ | सुकिदह | प्राकृतिक |
| २ | बाह्रजथाक | १०० देखि १५० सम्म मानिस बस्न सक्ने गुफा |
| ३ | रातामाटा | प्राकृतिक (बनभोज तथा घुमफिरका लागि उपयुक्त) |
| ४ | तपोवन शिवगुफा | प्राकृतिक तथा धार्मिक |
| ५ | सुख्खा ओडार | प्राकृतिक तथा धार्मिक |
| ६ | सहिद पार्क | ऐतिहासिक |
| ७ | सिद्धबाबा मन्दिर | धार्मिक |
| ८ | शिव बाबा मन्दिर | धार्मिक |
| ९. | बजु पुज्ने देवी मन्दिर | धार्मिक |
| १०. | जलजलाका बराहथान | धार्मिक |
| ११. | राकमाधुरी | प्राकृतिक |
| १२. | जिल्लाधुरी | प्राकृतिक |
| १३. | तिखीधुरी | प्राकृतिक |
| १४. | जालेमाधुरी | प्राकृतिक |
| १५. | निपाने | प्राकृतिक |

# परिच्छेद तीन
# गाउँवासीको अपेक्षा र विद्यमान अवस्थाको विश्लेषण

गंगादेव गाउँपालिकाका समस्या र गाउँवासीको अपेक्षालाई वडागत रूपमा पहिचान गरी विश्लेषण गरिएको छ । यस अन्तर्गत स्थलगत अध्ययन, अवलोकन र सर्वेक्षण गरी सम्बन्धित निकाय र विभिन्न राजनैतिक दलसँग छलफल, विषयगत विज्ञहरूसँगको अन्तर्क्रिया तथा गाउँपालिकामा गरिएको स्थलगत सर्वेक्षण र गाउँपालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेट र विभिन्न दस्तावेजहरूमा आधारित भै गरिएको छ । यस सम्बन्धी विस्तृत विश्लेषण तल प्रस्तुत गरिएको छ ।

## ३.१ गाउँपालिकाका प्रमुख समस्याहरू

गंगादेव गाउँपालिकाबाट प्राप्त तथ्यांकहरू, विज्ञ समूहको स्थलगत अध्ययन, भ्रमण, अवलोकन, सर्वेक्षण, छलफल तथा गोष्ठीबाट गाउँपालिकाका विद्यमान समस्याहरू पहिचान गरिएको छ। यस अध्ययनमा विभिन्न चरणमा विषयगत उपसमितिको छलफल, वडा भेला, स्थलगत अध्ययन भ्रमणबाट प्राप्त सूचनाका आधारमा गाउँपालिकाका प्रमुख समस्याहरू पहिचान गरिएको छ । ती समस्याहरूलाई विषयगत शीर्षक अनुसार वर्गीकरण गरिएको छ । साथसाथै समस्या समाधानका लागि गर्नुपर्ने अल्पकालीन तथा दीर्घकालीन योजना र कार्यक्रम समेत पहिचान गरी आवधिक योजनामा प्रस्ताव गरिएको छ ।

### ३.१.१ आर्थिक तथा वित्तीय विकाससँग सम्बन्धित समस्याहरू

क) परम्परागत कृषि तथा पशुपालन पेशालाई व्यावसायिक ज्ञान, सीप र प्रविधिसँग जोडी व्यावसायिकीकरण गर्न नसक्नु,

ख) पर्याप्त लगानी, वीउविजन, मल, प्राविधिक सेवा, उत्पादित वस्तुको बजारीकरण उचित व्यवस्थापन हुन नसक्नु,

ख) कृषि तथा पशुपालन व्यवसायलाई प्रविधिसँग जोडि व्यावसायिक तथा औद्योगीकरण गर्न नसकेको,

ग) बाली संरक्षण र भण्डारणको उचित व्यवस्था हुन नसकेकोले खाद्य सुरक्षामा समस्या देखिएको,

घ) कृषि र वनमा आधारित उत्पादित वस्तुहरूले उचित बजार पाउन नसकेको,

ङ) कृषि क्षेत्रको व्यावसायीकरणका लागि एकीकृत कृषि प्रबर्द्धन कार्यक्रम र प्रोत्साहनका लागि कृषि अनुदान कार्यक्रमहरुको अभाव हुनु,

च) खाद्यान्न तथा अन्य उपभोग्य सामग्रीहरूको आयातमा निर्भरता बढ्दै गएको तर गाउँपालिकाबाट निर्यात हुने वस्तुहरूको पहिचान र उत्पादन हुन नसकेको,

छ) भूबनोटको जटिलता र पर्याप्त स्रोतको अभावका कारण कृषि योग्य जमिनमा सिँचाइको सुविधा सहज हुन नसकेको,

ज) पर्यटन उद्योगका विषयमा व्यावहारिक ज्ञानको अभाव, पर्यटन मैत्री संस्कारको अभाव, पर्यटकीय स्थलहरुको मौलिकपनाको जगेर्ना, संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार हुन नसकेको,

झ) सांस्कृतिक रूपमा गाउँबस्तीमा रहेका झ्याउरे नाच, मयूर नाच, पञ्चेबाजा नाच, पैसेरी नाच र सालैजो भाका वा ठाडी भाका आदिको संस्थागत संरक्षण नभएको,

ञ) पर्यटकीय सम्भावना भएका सुकिदह, शिवगुफा, सुखा ओडार, सिद्ध गुफा, सहिद पार्क, सुपेगैरा, विजय धुरी लगायत कतिपय पर्यटकीय क्षेत्रहरूको पहिचान र संरक्षण हुन नसकेको,

ट) सांस्कृतिक सम्पदा र पर्यटकीय पूर्वाधारहरूको व्यवस्थापन हुन नसकेको,

ठ) आन्तरिक तथा वाह्य पर्यटकहरूलाई घरायसी वातावरणमा रमाउनका लागि आवश्यक होमस्टे (घरबास) हरू सञ्चालन तथा व्यवस्थापन गर्न नसकेको,

ड) आर्थिक तथा वित्तीय क्रियाकलापसँग सम्बन्धित साना तथा घरेलु र कुटीर उद्योगहरुको विकास हुन नसकेको,

ढ) आर्थिक गतिविधिलाई प्रोत्साहित गर्ने खालका सेवामूलक उद्योगहरू सञ्चालन नभएकाले रोजगारीका अवसरहरू उपलब्ध हुन नसकेको,

ण) गाउँपालिकाको आयआर्जनमा चुस्त, दुरूस्त गर्न आफ्नो क्षेत्रभित्र व्यवसाय कर, उद्योग कर, सम्पत्ति कर तथा सेवाशूल्क कर आदिको उचित व्यवस्थापन हुन नसकेको,

त) व्यापारिक केन्द्रहरूको समुचित व्यवस्थापन हुन नसकेको,

थ) गाउँपालिकाको समग्र विकास गर्नको लागि वित्तीय श्रोत व्यवस्थापन उचित किसिमले हुन नसकेको,

द) सार्वजनिक, साझेदारी तथा निजी क्षेत्रसँगको समन्वय गरी कर तथा गैरकरबाट प्राप्त हुने वित्तीय श्रोतको प्रभावकारी परिचालन हुन नसकेको,

ध) वित्तीय संस्थाहरूको अभाव र सरकारको सहयोग नभएकोले कृषि र पशुपालन क्षेत्रको आधुनिकीकरण र व्यावसायिकीकरण हुन नसकेको,

न) गरीब तथा सीमान्तकृत परिवारहरूको पहिचान र उनीहरूको समस्याको उचित सम्बोधन हुन नसकेको,

प) गाउँपालिका क्षेत्रमा रहेका उल्लेख्य प्राकृतिक स्रोत तथा सम्पदाहरूको समुचित उपयोग हुन नसकेको ।

### ३.१.२ सामाजिक विकाससँग सम्बन्धित समस्याहरू

क) गाउँपालिका क्षेत्रभित्र सरकारी विद्यालयहरूको कमजोर व्यवस्थापन, पाठ्य सामग्रीको अभाव, विषयगत शिक्षकको अभाव, आधुनिक प्रविधिमा पहुँचको अभाव, प्रभावकारी अनुगमनको अभावका कारण विद्यालय शिक्षाको गुणस्तर कमजोर हुँदै गएको,

ख) प्राविधिक र जीवन उपयोगी शिक्षाको व्यवस्था हुन नसकेको,

ग) स्वास्थ्य संस्थाहरूमा औषधी, आवश्यक प्रयोगशाला, गुणस्तरीय स्वास्थ्य सेवा तथा अपांगमैत्री सुविधाको अभाव रहेको,

घ) असहाय, अशक्त, बालबालिका, जनजाति, दलित, महिला, अपाङ्ग, ज्येष्ठ नागरिक आदिलाई उचित समयमा सेवा सुविधा दिन नसकेको,

ङ) दलित, उत्पीडित, असहाय वर्ग एवं महिलाको शसक्तीकरण हुन नसकेको,

च) स्थानीय विकासमा युवाहरूको संलग्नतालाई परिचालन गर्न तथा सीप तथा तालिमको व्यवस्था गर्न नसकेको,

छ) साहित्य, कला र संस्कृतिको प्रबर्द्धन तथा संरक्षण गर्न नसकेको,

ज) कृषि भूमिहीन परिवारलाई उचित व्यवस्थापन गर्न नसकेको,

झ) विकास आयोजनाहरूमा अशक्त, दलित, जनजाति, महिला, बालबालिका, अपाङ्ग, उत्पीडित समुदायको प्रतिनिधित्व कम रहेकाले उनीहरूको सहभागिता सुनिश्चित हुन नसकेको,

ञ) निर्माण संरचनाहरूमा अपाङ्ग, अशक्त तथा बालमैत्री हुन नसकेको,

ट) नीतिगत तहमा पीछडिएका समुदायको पहुँच नभएको,

ठ) जनचेतनामूलक कार्यक्रमहरू पर्याप्त नभएको,

ड) बृद्धबृद्धा तथा असहायका लागि आश्रय स्थलको व्यवस्थापन नभएको,

ढ) स्थानीय स्तरमा रहेका धार्मिक, सांस्कृतिक, प्राकृतिक र ऐतिहासिक सम्पदाहरुको उचित संरक्षण हुन नसकेको,

ण) स्वच्छ पिउने पानीको अवधारणा अनुसार एक घर एक धाराको व्यवस्था हुन नसकेको,

त) बढ्दै गइरहेको शहरीकरणको प्रभावबाट सचेत र सजग भै प्राकृतिक वातावरणीय स्वच्छता कायम गर्न नसकेको,

थ) युवाहरुको संर्वाङ्गिण विकास र शारीरिक स्वच्छताका लागि पर्यावरण मैत्री खेलकुद र खेल संरचनाको विकास हुन नसकेको,

### ३.१.३ भौतिक पूर्वाधार विकाससँग सम्बन्धित समस्याहरू

यस गाउँपालिकामा विद्यमान भौतिक पूर्वाधारसँग सम्बन्धित समस्याहरू निम्नअनुसार प्रस्तुत गरिएको छ ।

क) संघीयता कार्यान्वयनको दोस्रो कार्यकालसम्म पनि गाउँपालिकाको प्रशासकीय भवन आफ्नै नहुनु,

ख) गाउँपालिकामा योजनाबद्ध विकासको प्रारम्भ नभएकोले यससँग सम्बन्धित अल्पकालीन तथा दीर्घकालीन योजनाहरू छनौट गरी योजनाबद्ध रूपमा सञ्चालन हुन नसकेको,

ग) भौतिक पूर्वाधार अन्तर्गत सडकहरू विना योजना खोलिएका, खोलिएका सडकहरू पनि साँघुरा, धुले, हिले र कच्ची भएका सडक नाली नहुनुका साथै आवश्यक स्थानमा ह्युम पाइप नभएकाले वर्षा याममा यातायात आवतजावतमा कठीनाइ भएको,

घ) ट्र्याक खोलिएका सडकहरूमा ढलको उचित व्यवस्था नभएकोले वर्षा यामको पानीले सडकहरूको अवस्था दयनीय रहेको र नियमित यातायात सञ्चालन हुन नसकेको,

घ) जोखिमयुक्त तथा छरिएर रहेका बस्तीहरुमा सुरक्षित आवास र आधारभूत सेवाको पहुँच विस्तार हुन नसकेको,

ङ) वडा कार्यालय र सम्बन्धित शाखा भवनहरूको उचित निर्माण तथा व्यवस्थापन हुन नसकेको,

च) विद्यालय भवन र स्वास्थ्य चौकीहरूको स्तरोन्नति, मर्मत तथा सम्भार समयमै हुन नसकेको,

छ) गाउँपालिकाको अधिकांश स्थानहरूमा विद्युत् सुविधा नपुगेको,

ज) स्थानीय रूपमा साना जलविद्युत् केन्द्रहरूको स्थापना र उत्पादन पर्याप्त गर्न नसकिएको,

झ) सिंचाईका लागि प्रशस्त पानीको अभावका कारण खेतीयोग्य जमिन बाँझो रहेको र वर्षाको पानीमा निर्भर हुनु परेको,

ञ) सार्वजनिक भवन, सभा सम्मेलन र सामुदायिक अन्तर्क्रिया गर्ने व्यवस्थित सामुदायिक भवनहरूको अभाव रहेको र

ट) गाउँपालिकाभित्रका सबै बस्तीहरुमा प्रभावकारी सञ्चार सेवा पुग्न नसकेको र कतिपय सेवामूलक सार्वजनिक स्थलमा इन्टरनेट सेवा पुग्न सकिरहेको छैन ।

### ३.१.४ वातावरणीय तथा प्रकोप सम्बन्धी समस्याहरू

क) गाउँपालिका भित्र रहेका सार्वजनिक सम्पत्तिहरू (वनजंगल, वन्यजन्तु, जडिवुटी, खोलानाला, मठमन्दिर, पाटीपौवा) आदिको अभिलेख तयार नभएको,

ख) बस्तीहरूबाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापन हुन नसकेको,

ग) जलवायु परिवर्तनको कारणले पोखरी लोप हुँदै गैरहेका, मुहानहरू सुक्दै गैरहेका, वन्यजन्तुहरूको बासस्थान परिवर्तन भैरहेको, केही जंगली फलफूल, कन्दमूल तथा जडिबुटीहरू हराउँदै गइरहेको,

घ) बाढीपहिरो, खोला कटान, भूक्षय जस्ता प्राकृतिक प्रकोपको समस्या भैरहेको,

ङ) डढेलो, असिना, आँधिवेहेरी, भूकम्प, अतिवृष्टि, अनावृष्टि, दुम्सी जस्ता प्रकोप भैरहेको,

च) सार्वजनिक तथा निजी भवनहरूको संरचना जोखिम प्रतिरोधात्मक नभएको,

छ) प्राकृतिक विपत्तिका बेला आवश्यक जनशक्ति, सामग्री तथा राहतको उचित व्यवस्थापन नभएको,

ज) जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरु ठूलो स्तरमा संचालन हुन नसकेको ।

### ३.१.५ सुशासन तथा संस्थागत विकाससँग सम्बन्धित समस्याहरू

क) गाउँपालिकाका सबै शाखा कार्यालयहरू व्यवस्थित हुन नसक्दा सेवा प्रवाहमा समस्या भएको,

ख) भौगोलिक दुर्गमता, यातायातका साधनको सहज पहुँचको अभाव र शहर तथा सुविधामुखी कर्मचारी मानसिकता जस्ता कारणले दरबन्दी अनुसारका कर्मचारीको व्यवस्था हुन नसकेको,

ग) गाउँपालिकाका कतिपय वडाका कार्यालयमा सेवा प्रवाहका लागि आवश्यक प्रविधिमैत्री पूर्वाधारहरू व्यवस्थित नभएकाले सेवासुविधा प्रवाहमा सहज हुन नसकेको,

घ) गाउँपालिका केन्द्र र वडाहरूमा सुविधा सम्पन्न सामुदायिक हल नभएकाले सभा, गोष्ठी, तालिम, अन्तर्क्रिया आदि जस्ता कार्यक्रम सञ्चालन गर्न असहज भएको,

ङ) प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक दक्ष जनशक्ति, भौतिक पूर्वाधार र स्रोत साधनको अभाव भएको,

च) प्रविधिमैत्री सेवा प्रवाहको व्यवस्था गर्न नसकेको,

छ) संघीय तथा प्रदेश कानुनको अभावमा कतिपय जनसरोकारका सेवामूलक नीति, नियम र कानुनको निर्माण हुन नसकेको ।

## ३.२ गाउँपालिकाको सबलता, दुर्बलता, अवसर र चुनौतीको विश्लेषण

उल्लेखित अपेक्षा तथा समस्याहरूको पहिचानका आधारमा गंगादेव गाउँपालिकाका सम्भावना, अवसर समस्या र चुनौतीहरूलाई तपसिल अनुसार विश्लेषण गरिएको छ ।

| सबलता | दुर्बलता |
|---|---|
| • प्रदेश राजधानी देउखुरी उपत्यका भालुवाङ तथा प्रमुख व्यावसायिक केन्द्रका रुपमा रहेका | • भौगोलिक कठिनाइ, खाद्यजन्य वस्तु उत्पादनका लागि जमिनको कमी हुनु, |

| | |
|---|---|
| तुलसीपुर, घोराही दाङ, नेपालगञ्ज, बुटवल जस्ता प्रमुख शहरहरुसँगको यातायात पहुँच,<br>● नगदेबाली अन्तर्गत स्याउ, आलु, मार्फा र किवी खेतीका माध्यमबाट आर्थिक सुदृढीकरण गरी कृषि पर्यटन क्षेत्रको विकासको सम्भावना,<br>● शिक्षा र स्वास्थ्यको महत्वका विषयमा सचेत भै लैगिंक विभेदमा न्यूनीकरण हुनु,<br>● शुद्ध पिउने पानी तथा सिँचाइका लागि आवश्यक जलश्रोतको उपलव्धता,<br>● हावापानी, वनस्पति तथा जैविक विविधतामा एकरुपता,<br>● विविधतायुक्त तर सहअस्तित्व र सद्भावयुक्त जनसमुदाय,<br>● जनता र नेतृत्वको विकासप्रतिको उच्च सकारात्मक लगाव र प्रतिबद्धता,<br>● तलबाट उठेको (Bottom up) योजना निर्माण प्रक्रिया र यसमा स्थानीय जनताको प्रत्यक्ष सहभागिता,<br>● योजना तथा कार्यक्रमहरूको निरन्तर स्थानीय स्तरको सरोकार अनुगमन र खबरदारीको संभावना,<br>● जननिर्वाचित संवैधानिक अधिकार प्राप्त स्थानीय सरकार । | ● परम्परागत र निर्वाहमुखी कृषि प्रणाली तथा पशुपालनमा उल्लेख्य निर्भरता,<br>● बढ्दो बसाइँसराइ र जनशक्ति पलायन,<br>● खेतीयोग्य जमिन बाँझो भूमिमा रूपान्तरण र बढ्दो खण्डीकरण, अपर्याप्त सिंचाइ, उत्पादनमा ह्रास, आयातित खाद्यवस्तुमा बढ्दो निर्भरता,<br>● वन्यजन्तु र प्राकृतिक प्रकोपबाट बाली नालीहरूको असुरक्षा, बाली संरक्षण सुविधाको अभाव तथा शीतगृहको अभाव,<br>● युवा वर्गमा जीवन उपयोगी सीप, उद्यमशीलता र दक्षताको कमी हुनु,<br>● गैरकृषि क्षेत्रमा उल्लेख्य रोजगारीका अवसरहरूको सिर्जना हुन नसक्नु,<br>● गाउँपालिका कार्यालयमा पर्याप्त संस्थागत तथा प्राविधिक क्षमताको अभाव, प्रक्रियामुखी सार्वजनिक सेवा प्रवाह,<br>● प्राकृतिक प्रकोप र जोखिम व्यवस्थापनमा संरचना, सुविधा र सक्षमताको अभाव,<br>● विकास कार्यक्रम कार्यान्वयनमा सुस्पष्ट संरचना, कार्यविधि र दृढ इच्छाशक्तिको अभाव,<br>● विकास, योजना र कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन गर्ने परिपाटीको अभाव । |
| **अवसर** | **चुनौतीहरू** |
| ● जलश्रोतको प्रभावकारी उपयोगबाट सिंचाई, खानेपानी र सरसफाइको विकास गर्न सकिने,<br>● भूमिको बहुआयामिक उपयोग मार्फत स्थानीय अर्थतन्त्रको सुदृढीकरण गर्न सकिने,<br>● उच्च पहाडी क्षेत्रहरूमा उपलब्ध घाँसे मैदान, वन, चरन, जडिबुटी र जैविक विविधताको समुचित उपयोग गर्न सकिने,<br>● उच्च प्रतिफल दिने आधुनिक पशुपालन र नगदे बालीको विस्तार गर्न सकिने,<br>● वन तथा कृषि पैदावारमा आधारित प्रशोधन उद्योगको विकास गर्न सकिने, | ● सबैधानिक क्षेत्र अधिकारको अधिनमा रही स्थानीय तहमा रोजगारी सृर्जना गर्न नसक्नु,<br>● बालबिवाह, बोक्सी, धामी झाक्री लगायतका कुरीतिको निराकरण गर्न नसक्नु,<br>● बाह्य (स्वदेश तथा विदेश) बसाइँसराइको परिणाम स्वरूप बित्तीय स्रोत र श्रमशक्तिको पलायन,<br>● विकासमा जनसहभागिता वृद्धि गर्न कठिनाइ,<br>● जनताका आकांक्षामा तीव्र वृद्धि र स्रोतसाधनको सीमितताका कारण परिपूर्ति गर्न चुनौती, |

- आकर्षक पर्यटकीय स्थल र क्रियाकलापहरूको विकास र सम्बर्द्धन मार्फत जनताको आयआर्जनमा वृद्धि गर्न सकिने,
- परम्परागत सीप र ज्ञानमा आधारित घरेलु तथा साना उद्योगको प्रर्वद्धन र यसको पर्यटन व्यवसायसँगको आबद्धतामा विस्तार गर्न सकिने,
- युवा शक्तिलाई रोजगारमूलक र उद्यमशीलताको तालिम प्रदान गरी स्वरोजगारको प्रबर्द्धन गर्न सकिने,
- विकास निर्माणमा स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्न सकिने,
- संघ तथा प्रदेश सरकारको महत्वपूर्ण सहयोग र सद्भाव प्राप्त गरी विकासका कार्यक्रममा सहकार्य गर्न सकिने,
- परियोजनाहरूको विकासमा स्वदेशी तथा विदेशी दातृ निकाय र लगानी कर्तालाई आकर्षण गर्न सकिने,
- आधुनिक प्रविधि र सीपयुक्त नयाँ जनशक्तिको व्यवस्थापन गर्न सकिने ।

- कृषिमा आधुनिकीकरणका लागि पुजी, प्रविधि, गुणस्तरीय वीउ विजन, मल तथा प्राविधिज्ञ सेवाको अभाव,
- ठूला आयोजनाहरूको निर्माण र कार्यान्वयनमा पर्याप्त पुजी, प्रविधि र जनशक्तिको अभाव,
- बढ्दो अव्यवस्थित बसोवास वेंसी तथा सुगम स्थानमा बसोबासको केन्द्रीकरण,
- सम्भाव्य पर्यटकीय स्थलहरूमा पूर्वाधार निर्माणका लागि वित्तीय स्रोतको व्यवस्थाको अभाव,
- गुणस्तरीय स्वास्थ्य र शिक्षा सेवाको पहुँच पुऱ्याउने,
- फोहोर मैला प्रदूषण र भू:स्खलन नियन्त्रण र व्यवस्थापन,
- स्थानीय तहमा संविधानले प्रदान गरेको अधिकार सूचीको प्रभावकारी कार्यान्वयन,
- गाउँपालिकाबाट प्रवाह हुने सेवाको सरलीकरण तथा आधुनिकीकरण, वडास्तरमा जनशक्तिको सबलीकरण ।

उपयुक्त विश्लेषणको आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने गंगादेव गाउँपालिकाले योजनावद्ध विकास प्रकृया अबलम्बन गर्न सक्छ यसका लागि पर्याप्त भौतिक, आर्थिक, सामाजिक, संस्थागत सम्भावना रहेका छन् । राज्यको पुनर्संरचनाबाट स्थानीय तहको विकास स्थानीय स्तरमै हुने वातावरण निर्माण भएको सन्दर्भ, राजनैतिक प्रतिबद्धता र उच्च इच्छाशक्ति भएको नेतृत्वले योजनाको सफल कार्यान्वयन समयबद्ध रूपमा गर्न सक्छ ।

## ३.३ जनसंख्याको प्रक्षेपण तथा विश्लेषण

गंगादेव गाउँपालिकाको जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार जम्मा २०,००९ भने २०७८ अनुसार जनसंख्या २१,५०३ देखिएको छ । जनसंख्या प्रक्षेपण गर्दा रोल्पा जिल्लाको जनसंख्या वृद्धिलाई आधार मानी २०८१ देखि २०८६ सम्म प्रक्षेपण गरिएको छ ।

**तालिका ११: गंगादेव गाउँपालिकाको जनसंख्या वृद्धि तथा प्रक्षेपण**

| साल | महिला | पुरुष | जम्मा जनसंख्या | वार्षिक वृद्धि दर (प्रतिशत) |
|---|---|---|---|---|
| २०६८ | १०७९२ | ९२१७ | २०००९ | |
| २०८० | ११४५८ | १००४५ | २१५०३ | ०.७२ |
| २०८१ | ११७३६ | १००६६ | २१७९१ | ०.७२ |
| २०८२ | १२०१५ | १००८७ | २२०७९ | ०.७२ |

| | | | | |
|---|---|---|---|---|
| २०८३ | १२२९३ | १०१०८ | २२३६७ | ०.७२ |
| २०८४ | १२५७२ | १०१२९ | २२६५६ | ०.७२ |
| २०८५ | १२८५० | १०१५० | २२९४४ | ०.७२ |
| २०८६ | १३१२९ | १०१७२ | २३२३२ | ०.७२ |

राष्ट्रिय जनगणना २०७८ अनुसार गंगादेव गाउँपालिकामा प्रति घरपरिवार औसत सदस्य संख्या ४.८५ जना रहेको छ । यस गाउँपालिकाको जनघनत्व १७३ जना प्रति वर्ग कि.मि. छ । लैगिंक आधारमा जनसंख्याको विश्लेष्ण गर्दा महिला पुरुष अनुपात ८७.६७ रहेको छ। यस पालिकाको महिला पुरुषको जनसांख्यिकी अनुपात पुरुषको तुलनामा महिलाको बढी रहेको देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गंगादेव गाउँपालिकामा १५ वर्ष मुनिका बालबालिकाको जनसंख्या ७८३१ अर्थात् ३६ प्रतिशत, १५ देखि ५९ वर्षसम्मको सक्रिय जनसंख्या १२०१३ अर्थात् ५६ प्रतिशत र ६० वर्ष माथिका वृद्ध वृद्धाको संख्या १६५९ अर्थात् ८ प्रतिशत रहेको देखिन्छ । जनसंख्या निर्भरताको विश्लेषण गर्दा १ जना सक्रिय जनसंख्या बराबर २.८ जना निष्क्रिय जनसंख्या हुन आउँदछ ।

## ३.४ यातायात सुविधाको विश्लेषण

भौतिक तथा यातायात स्थिति विश्लेषण गर्दा गाउँपालिकाको भौतिक पक्षको स्थिति र विद्यमानको अवस्थामा विश्लेषण गरिएको छ । खासगरी बाह्रै महिना यातायातका साधनहरू चल्ने सडक, पुल पुलेसाको निर्माण, सबै गाउँहरूमा सञ्चार, खानेपानी, विद्युत पुर्‍याउनुका साथै सार्वजनिक भवनहरूको अवस्था र निर्माणको विश्लेषण गरिएको छ ।

सडक यातायातका दृष्टिले रणनैतिक महत्व बोकेको मदन भण्डारी राजमार्ग यो पालिकाको दक्षिणी भाग भएर विस्तार भएपनि पूर्ण रुपमा संचालनमा आएको छैन । सल्यान जिल्लाको कपुरकोटदेखि पालिका सदरमुकामलाई जाड्ने सडकलाई आधार मानी गाउँपालिकाका सबै वडा केन्द्र र मुख्य बस्तीहरुमा सडक सञ्जालको सेवा सुविधा विस्तार भएको भए तापनि पूर्णरूपमा सहज हुन सकेको छैन । भौगोलिक दुर्गमताका कारण यहाँका केही बस्तीहरु सडक सञ्जालको सेवा सुविधा प्राप्त गर्न सकिरहेका छैनन् । गाउँपालिकामा विस्तार भएका सडकहरू धुले कच्ची बाटाहरू छन् । यी बाटोहरू सञ्चालनमा रहे पनि बाह्रै महिना चल्न सकिरहेका छैनन् । गाउँपालिका पार्श्वचित्र २०७४ अनुसार गउँपालिका भित्र धुलौटे सडक मात्रै ४६५ किलो मिटर रहेको छ । यी सडकहरूमा नियमित सार्वजनिक बस सेवा तथा अन्य मोटर, ट्रयाक्टर, ट्रक, मोटरसाईकल आदि यातायातका साधनहरू सञ्चालनमा रहेका छन् । वर्षात्को समयमा बाढी पहिरोको कारणले यातायात नियमित रूपमा सञ्चालन गर्न कठिनाइ हुने गरेको छ ।

**तालिका १२: गंगादेव गाउँपालिकामा विस्तारित पालिका स्तरीय सडक सम्बन्धी विवरण**

| क्र.सं. | सडकको नाम | सडकले छुने वस्तीहरूको नाम | सडक (कि.मि..) |
|---|---|---|---|
| १. | झयाम सुख्खा ओडार ताप्ला सडक | कुकुरगारे, फारुला, सुख्खा ओडार, ओइलाम जायाचौर, ताप्ला | १७ किलोमिटर |
| २. | फारुला सानडाँडा, लोदचौर, म्वालेखला डलसिडे सडक | फारुला सानडाँडा, लोकचौर, म्वालेखला डलसिडे | १५ किलोमिटर |
| ३. | चाख्लेपातल नाउली गोठीखोला ओत सड्क | चाख्लेपातल नाउली गोठीखोला ओत ओइती | १३ किलोमिटर |

| | | | |
|---|---|---|---|
| ४. | ढानटान तिमिले जायचौर जायखोला फुलबास बसारीचौर | ढानटान जायचौर हाँसेपोखरा फुलबास बसारीचौर | १७ किलोमिटर |
| ५. | डलसिडे लामाछेरा रातामाटा वरझले ताप्ला ढानटन | डलसिडे लामाछेरा ताप्ला ढानटन | १४ किलोमिटर |
| ६. | रिमलखोला, छहरेपानी, दोबई खोला, मूलखोला हुँदै खर्सुबास | रिमलखोला, छहरेपानी, दोबई खोला, मूलखोला हुँदै खर्सुबास | २५ किलोमिटर |

**तालिका १३: गंगादेव गाउँपालिकामा विस्तारित वडा स्तरीय सडक सम्बन्धी विवरण**

| क्र.सं. | सडकको नाम | सडकले छुने वस्तीहरूको नाम | सडक (कि.मि..) |
|---|---|---|---|
| १. | छेरामालेखोला पैयाबोट बसालेचौर गैरनेटा डलसिडे वडा न.४ मा सडक | छेरामालेखोला पैयाबोट बसालेचौर गैरनेटा डलसिडे | ७ किलोमिटर |
| २. | ठुली मछाइने साझेकमद, खर्क | ठुली मछाइने साझेकमद, खर्क | ५ किलोमिटर |
| ३ | पोखरा, बल्लेजुर, चौरगाँउ, काफलचौर, रइजपानी हुँदै मेलडाँरी वडा नं १ मा सडक | पोखरा, बल्लेजुर, चौरगाँउ, काफलचौर, रइजपानी हुँदै मेलडाँरी | ९ किलोमिटर |
| ४. | बसालचौर जितेमारे कोप्चीखोला मछाइने वडा नं. ४ | बसालचौर जितेमारे कोप्चीखोला मछाइने वडा नं. ४ | ६ किलोमिटर |
| ५. | सिमखोला स्याला स्यालाखोला ५ | सिमखोला स्याला स्यालाखोला | ४ किलोमिटर |
| ६. | उधीढुङा माहानेटा सिम्तेखर्क पूर्णगाउँ सिमखोला बसारेचौर ५ | उधीढुङा मालनेटा सिम्तेखर्क पूर्णगाउँ सिमखोला बसालेचौर | ७ किलोङिमटर |
| ७. | उदिनढुङ्गा घरेली बस्नेउटा लोतचौर फूलबास वडा नं. ५ | उदिनढुङा घरेली बस्नेउटा लोतचौर फूलबास | ९ किलोमिटर |
| ८. | घरेली भाङाचौर सानडाँडा | घरेली भाङाचौर सानडाँडा | ७ किलोमिटर |
| ९. | छेरा खडकाडाँडा ताप्ला वडा न ं६ | छेरा खडकाडाँडा ताप्ला वडा नं ६ | ७ किलोमिटर |
| १०. | ताप्ला गोर्जले रातामाटा खानी डलसिडे वडा नं. ६ | | ९ किलोमिटर |
| ११. | गुराँसे पाथिहाल्न हुदै गर्पा हुदै रातामाटा टावर मुनी न्याउलेखा बल्ले बुरासे वडा नं ६ | रातामाटा न्याउलेखा बल्ले बुरासे वडा नं ६ | ७ किलोमिटर |
| १२. | ताप्ला पूर्णगाउ सल्लीचौर रातिघारी हिले वडा नं. ६ | ताप्ला पूर्णगाउ सल्लीचौर रातिघारी हिले | ६ किलोमिटर |
| १३. | तिमिले आराखोला ताप्ला वडा ७ | तिमिले आराखोला ताप्ला वडा ७ | ५ किलोमिटर |
| १४. | हासिपोखरा जायखोला लाखुरी चौर हिले वडा नम्बर ७ | हासिपोखरा जायखोला लाखुरी चौर हिले | ६ किलोमिटर |
| १५. | ओइलाम हाँसेपोखरा | उइलम हाँसेपोखरा | ४ किलोमिटर |

| | | | |
|---|---|---|---|
| १६. | सिमखोला बुढागाउँ सेतिगुराँस भिर गाउँ लोचौर वडा नम्बर ५ | सिडखोला बुढागाउँ सेतिब्रुस | ९ किलोमिटर |
| १७. | तिखेचुला भिता छराखोला पिपलबोट जितेमारे वडा नं.४ | तिखेचुला भिता छराखोला पिपलबोट जितेमारी | ७ किलोमिटर |
| १८. | ढुङेछाप पोखरा डाँडा गौरामाथि सुपाटोटके खौला वडा नम्बर ४ | ढुङेछाप पोखरा डाँडा गौरामाथि सुपाटोटके खौला | ६ किलोमिटर |
| १९. | सानडाँडा घरभिर घोप्टे ओडार पातिहाल्न हुदै कुकुर गाडे वडा नम्बर २ र ३ | सानडाँडा कुकुर गाडे घरभिर पातिहाल्न कुहेपानी वडा नम्बर २ | १३ किलोमिटर |
| २०. | गोठीखोला देखि ओत हुदै पेदिखोला वडा नम्बर १ | गोठीखोला देखि ओत हुदै घर्ति गाउँ | ७ किलोमिटर |
| २१ | लोद चौर फुलबास माछेइन छेरा खानी बुद्धिविकास मा.वि. डलसिडे | लोद चौर फुलबास माछेइन छेरा खानी बुद्धिविकास मा.वि. डलसिडे | २३ किलोमिटर |

## ३.५ आर्थिक अवस्थाको विश्लेषण

वर्तमान अवस्थामा गंगादेव गाउँपालिकाको आर्थिक आधार कृषि रहेको छ । यहाँका प्रमुख कृषि बालीमा मकै, गहुँ, जौं, धान, कोदो, फापर, दलहनमा मास, सिमी, भट्ट, तोरी, तरकारीमा आलु, बन्दा, काउली बोडी, काँक्रा आदि, फलफूलमा स्याउ, सुन्तला, केरा, किवी आदि, नगदेबालीमा अलैंची आदिको उत्पादन हुन्छ । यसबाहेक गाउँपालिकामा औषधीजन्य बहुमूल्य जडिबुटिहरू जस्तै टिमुर, अदुवा, बेसार, हाडे लसुन आदि जडिबुटीहरू पाइन्छन् । यी जडीबुटीहरू प्रशोधन गरी बिक्री वितरण गर्न सकेमा गंगादेव गाउँपालिकाको आर्थिक अवस्था मजबुत हुने देखिन्छ ।

गंगादेव गाउँपालिकाको आर्थिक अवस्थाको मुख्य मेरुदण्डका रूपमा कृषि व्यवसाय रहेको छ । तथापि अधिकांश कृषकहरू निर्वाहमुखी कृषिमा निर्भर रहेका छन् । यस पालिकाको कृषिलाई व्यावसायिक र आधुनिक कृषि प्रणालीमा जोड दिनुपर्ने देखिन्छ । कृषि क्षेत्रलाई व्यावसायिक र उत्पादनमुखी बनाउन सकेमा आर्थिक समृद्धिका आधारहरू तय हुने, स्वदेशमै रोजगारी सृजना हुने र गाउँपालिकाले आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ । मध्य पहाडी क्षेत्रमा उत्पादन गर्न सकिने तरकारी, फलफूल, खाद्यान्न, दलहन तथा नगदे बाली र पशुपंक्षीजन्य उद्यमहरू संचालन गर्नका लागि उपयुक्त भौगोलिक बनावट रहेको पाइन्छ ।

पर्यटन व्यवसाय गंगादेवको सम्वृद्धिको आधार हो । ऐतिहासिक, धार्मिक, प्राकृतिक ताल, तलैया, झरणा, लेकाली घाँसे मैदान, तथा युद्ध कालीन महत्वपूर्ण स्मारकहरूले गाउँपालिकाको पर्यटन प्रबर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । गाउँपालिकाका भएर बग्ने जया खोला, जिनावान खोला, मरिम खोला, बाफु खोला, गोठी खोला, उन्नेरी खोला, मनेता खोला र त्यसका सहायक खोलाहरूको दिगो व्यवस्थापन र पर्यटकीय सुन्दरता ल्याउने संरचनाहरु निर्माण गरी जल उपयोग, सिंचाइ, जलविहार, जलविद्युत् जस्ता क्षेत्रमा दिगो उपयोग गर्न सके गाउँपालिकाको आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ । सुकिदह, बाह्रजथाक, तपोवन शिव गुफा, सुख्खा ओडार, सहिद पार्क, सिद्धबाबा मन्दिर, शि बाबा मन्दिर, बजुपुज्ने देवी मन्दिर, जलजलाका बराहथान जस्ता पर्यापर्यटनका क्षेत्रहरूको संरक्षण, प्रबर्द्धन र प्रचार प्रचार गरी पर्यटकका लागि आकर्षकको केन्द्र बनाउन सकिने देखिन्छ । प्राकृतिक, सामाजिक, सांस्कृतिक र पर्यटन क्षेत्रको विकास र

विस्तार गर्न सके पालिका भित्रै रोजगारीको सृजना हुनुको साथै समृद्धिका आधारहरू निर्माण हुन सक्ने देखिन्छ ।

### ३.६ प्रकोप तथा वातावरणीय अवस्थाको विश्लेषण

वातावरणीय हिसाबले गंगादेव गाउँपालिका स्वच्छ र हराभरा छ । तापनि परम्परागत रुपमा एकीकृत ढंगले बसोबास गर्ने प्रचलन र आयातित वस्तुको उपभोग गर्ने प्रवृत्तिमा आएको वृद्धिका कारण यहाँ वातावरणसँग सम्बन्धित विभिन्न समस्याहरू रहेका छन् । जनचेतनाको अभावले गर्दा फोहोर मैलाको उचित व्यवस्थापन हुन सकेको छैन । गंगादेव गाउँपालिकामा वातावरण, प्राकृतिक प्रकोप तथा विपद्का घटनाहरू सबै वडाहरूमा हुने गरेको देखिन्छ । वन सम्पदाको संरक्षण, सम्बर्द्धन तथा दिगो उपयोग गर्ने र गाउँपालिकाको आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा योगदान अभिवृद्धि गर्न आवश्यक रहेको छ । स्थानीय स्तरमा विकास निर्माणका क्रममा वातावरण प्रदुषण जस्ता समस्या टड्कारो रूपमा देखिएको छ । वायु र जल प्रदुषणले मानिसमा विभिन्न रोगहरू समेत निम्ताएको छ । प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन हुन आवश्यक छ । स्थानीय तहमा मानव अनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनु पर्ने आवश्यकता रहेको छ । फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक स्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदुषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन गर्नुपर्दछ ।

वन क्षेत्रको स्थानीय अर्थतन्त्रमा उल्लेख्य रूपमा योगदान पुग्ने गरी व्यावसायिक वन व्यवस्थापन र उपयोग गर्न नसक्नु, पूर्वाधार विकास र पर्यावरणीय प्रणालीबीच योजनाबद्ध तरिकाले सन्तुलन कायम गर्न नसक्नु, वन अतिक्रमण, वन पैदावारको चोरी निकासी, खोला कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा संकलन तथा निकासी हुनु, बढ्दो जनसंख्या, शहरीकरण, भू-उपयोगमा आएको परिवर्तन, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक पूर्वाधार निर्माणका कारण वायु र पानीजन्य प्रदुषण, बाह्य मिचाहा झार (Invasive plant species) को प्रकोप, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जंगलको अतिक्रमण तथा ह्रास हुनु, विषादीको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकासबीच सामन्जस्यता स्थापित हुन नसक्नु आदि प्रमुख समस्याहरू रहेका छन् ।

। गाउँपालिका अभिलेख अनुसार गंगादेव गाउँपालिकामा प्राकृतिक प्रकोपका कारण विभिन्न समयमा विभिन्न विपद्हरूको सामना गर्नु परेको छ । विगत ३ वर्ष भित्रमा सबैभन्दा बढी पहिरो र भूक्षयबाट करिब १५ करोड साथै असिनावाट करिब २ करोड रूपैयाँको क्षति भएको अनुमान गरिएको छ । साथै विभिन्न वडामा आगलागीबाट प्रभावित हुने घर परिवार संख्या करिब ५५ घर परिवार भन्दा बढी रहेको छ । भूक्षय तथा पहिरोबाट १९५ घर परिवार पीडित भएका छन् ।

गंगादेव गाउँपालिकाका विभिन्न ठाउँहरूमा भूक्षय तथा पहिरोको प्रभाव परेको छ । गाउँपालिकाको वडा नं. ४ को क्षेत्रमा म्वालेखोला पहिरोको जोखिम रहेको छ भने र वडा नं.१ मा चट्याङको जोखिम रहेको छ । गंगादेव गाउँपालिकाका केही वडाहरूमा बाँदरको समस्या समेत रहेको छ । बाँदर जस्ता वन्यजन्तुले लगाएको अन्नबाली तथा फलफूल नाश गरिदिने हुनाले यसको उचित व्यवस्थापन गर्ने तर्फ ध्यान जानु जरुरी छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाभित्र रहेका जम्मा ४,४३३ घर परिवार मध्ये फल्स् सुविधा भएको र सार्वजनिक ढल निकासमा जडान भएका शौचालय ३.५ प्रतिशत्, आधुनिक फल्स् सुविधा भएको

सेफि्टी ट्याङ्की सहितको शौचालय ५६.५ प्रतिशत, खाडल शौचालय ३८.९ प्रतिशत् र सार्वजनिक शौचालय ०.४ प्रतिशत परिवारले प्रयोग गरिरहेका छन् भने शौचालय नभएको ०.७ प्रतिशत परिवार रहेका छन् ।

गंगादेव पहाडी क्षेत्रको स्वच्छ प्राकृतिक हावापानीमा अवस्थित गाउँपालिका हो । परम्परागत कृषि पेशा, पशुपालन र छरिएर रहेको बस्तीका कारण फोहोर मैला विर्सजनको ठूलो समस्या रहेको छैन । तथापि मदन भण्डारी राजमार्ग आसपासका स्थानहरुमा क्रमशः आधुनिक बजारको विकास र विस्तार हुने बजारीकरणसँगै पेशा व्यवसायमा परिवर्तन आउने र प्लाष्टिकजन्य वस्तुको उपयोग र उपभोगमा आउने वृद्धिका कारण फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाउन आवश्यक रहेको छ । तत्काल बस्तीहरूबाट निस्कने फोहोरमैलालाई टोलविकास संस्था मार्फत व्यवस्थापन गर्न वडा कार्यालयले पहल गर्नु पर्ने देखिन्छ । सार्वजनिक तथा व्यक्तिगत भवनहरू निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक विधि अपनाउनु आवश्यक छ । सडक दायाँबायाँमा सुरक्षित ढलनिकास सहित वृक्षारोपण, भू-क्षय, पहिरो तथा नदी कटान क्षेत्रमा चेक ड्याम निर्माण र वृक्षारोपण गर्न अपरिहार्य छ ।

## ३.७ प्रमुख परिसूचकहरूको प्रवृत्ति विश्लेषण

गंगादेव गाउँपालिकाको विकास र समृद्धिको परिसूचक तथा प्रवृत्ति विश्लेषण गर्दा विगतको तथ्यांकगत अवस्थाबाट आएको परिवर्तनले विद्यमान वस्तुस्थितिबाट भविष्यमा के कस्ता योजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा दिगो विकास गर्न सकिन्छ भन्ने पक्षलाई विशेष जोड दिइएको छ । वर्तमान अवस्थामा गंगादेव गाउँपालिकाका मुख्य समस्या तथा आवश्यकतामा सामाजिक सेवा तथा सुविधाको विकास र विस्तार, भौतिक पूर्वाधार विकास, विस्तार र स्तरोन्नति, वातावरण संरक्षण र प्रर्वद्धन तथा विपद् व्यवस्थापन तयारी आदि छन् । यस गाउँपालिकाका प्रवृत्तिगत विश्लेषणलाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

### ३.७.१ भौतिक पूर्वाधार

#### क) सडक :

पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी, विद्युत् आदिको विगत र वर्तमान स्थितिको विश्लेषण गरिएको छ । यस गाउँपालिकाको सडक पूर्वाधारको प्रवृत्तिलाई २०७४ र २०७९ सालको सडकलाई आधार मानेर निम्नानुसार विश्लेषण गरिएको छ :

**तालिका १४: गंगादेव गाउँपालिकामा सडक निर्माणको स्थिति**

| सडक निर्माणको स्थिति वडा नं. | सडक कि.मि.. (२०७४) | सडक कि.मि.. (२०८०) | परिवर्तन (प्रतिशत) |
|---|---|---|---|
| जम्मा | १५५ | २६४ | ४१ |

स्रोत : गंगादेव गाउँपालिकाको भौतिक पूर्वाधार शाखाको अभिलेख २०८० अनुसार

गंगादेव गाउँपालिकामा विगत चार वर्षको अन्तरालमा कच्ची सडकको रूपमा मात्रै विस्तार भएको पाइन्छ । समग्र गाउँपालिकाको सडक २०७४ सालमा करिब १५५ कि.मि. लम्बाइमा थियो भने २०८० मा करिब २६४ कि.मि. अर्थात् ४१ प्रतिशतले सडकको वृद्धि भएको छ ।

#### ख) खानेपानी

गंगादेव गाउँपालिकामा खानेपानी सुविधालाई विश्लेषण गर्दा ५८.१ प्रतिशत घरधुरीलाई खानेपानी सुविधा उपलब्ध भएको थियो भने २०७८ सालमा करिब ९० प्रतिशत घरधुरीलाई खानेपानी सुविधा उपलब्ध भएको देखिन्छ । वडा नं. ४ का प्रायः सबै घरहरूमा खानेपानी धारा उपलब्ध भएको र वडा नं ३ का घरहरूमा ५२. प्रतिशतभन्दा बढी घरहरू र वडा नं २ का घरहरूमा ४८ प्रतिशतभन्दा बढी घरहरूमा धारा जडान गरिएको छ । वडा नं ७ मा धारा जडान भएका घरहरू ज्यादै कम रहेका छन् ।

तालिका १५: गंगादेव गाउँपालिकामा खानेपानी सुविधाको स्थिति

| वडा नं. | खानेपानी सुबिधा भएका घरधुरी (२०७४) | खानेपानी सुबिधा भएका घरधुरी (२०७८) | परिवर्तन (प्रतिशत) |
|---|---|---|---|
| १ | ३८९ | ४४७ | १३ |
| २ | ३७ | ५१९ | ९३ |
| ३ | २३९ | ७०२ | ६६ |
| ४ | १५१ | ६२५ | ७६ |
| ५ | १७५ | ५६१ | ६९ |
| ६ | ४२८ | ६६७ | ३६ |
| ७ | ४३३ | ४७६ | ९ |
| **जम्मा** | **१८५०** | **३९९७** | **५४** |

स्रोत : राष्ट्रिय जनगणना, २०७८

### ग) विद्युत्:

समग्र गंगादेव गाउँपालिकाको स्थितिलाई सबै घरधुरीमा विद्युत् सुविधा पुगेको छैन । विगत २०७४ सालमा यस गाउँपालिकाका कुनै पनि घरहरूमा विद्युत् सेवा उपलब्ध नभएको देखिन्छ । विद्युत्का लागि सोलार प्रयोग गरेको देखिन्छ । उक्त सेवा २०७८ मा ५५ प्रतिशत घरहरूमा विद्युत् सेवा उपलब्ध भएको छ । गाउँपालिकाको प्रायः घरहरूमा विद्युत् सेवा उपलब्ध भए तापनि विद्युत् सेवा पुगेका घरधुरीमा नियमितता र गुणस्तरमा ध्यान दिनुपर्ने अवस्था रहेको छ ।

तालिका १६: गंगादेव गाउँपालिकामा विद्युत् सुविधाको स्थिति

| वडा नं. | विद्युत् सुविधा भएका घरधुरी (%) (२०७४) | विद्युत् सुविधा भएका घरधुरी (%) (२०७८) | परिवर्तन (% ) |
|---|---|---|---|
| १ | ० | ४५० | १०० |
| २ | ० | ३७१ | १०० |
| ३ | ० | ३८१ | १०० |
| ४ | ० | २३३ | १०० |
| ५ | ० | २११ | १०० |
| ६ | ० | ४८२ | १०० |
| ७ | ० | ३११ | १०० |

स्रोत : राष्ट्रिय जनगणना, २०७८

## ३.७.२ शैक्षिक स्थिति

शिक्षा क्षेत्रको विकास देश विकासको मूल आधार हो । दिगो, गुणस्तरीय र समयसापेक्ष रूपमा शिक्षा क्षेत्रको विकास भएमा देश विकास सहि ढंगले हुन सक्छ । गंगादेव गाउँपालिकाको दीर्घकालीन विकासका लागि शिक्षा क्षेत्रको विकास कोशेढुंगा सावित हुन्छ । यस परिप्रेक्ष्यमा यस गाउँपालिका क्षेत्रभित्र जम्मा ३९ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालय गरी जम्मा ४१ वटा विद्यालय रहेका छन् । गाउँपालिकाको अभिलेख अनुसार, कक्षागत आधारमा विद्यालयको संरचना हेर्दा १-५ कक्षा भएका विद्यालयहरू २१ वटा ( १९ वटा सामुदायिक र २ वटा माध्यामिक), १-८ कक्षा भएका विद्यालयहरू ९ वटा रहेका छन् भने माध्यमिक तह अन्तर्गत कक्षा १-१० सम्म ६ वटा र कक्षा १-१२ सम्म ५ वटा विद्यालयहरू रहेका छन् । गाउँपालिकामा

गाउँपालिकाको अभिलेख २०८० अनुसार गाउँपालिका भित्र रहेका ३९ सार्वजनिक विद्यालयहरूमा छात्र ४२९३ र छात्रा ४२४५ गरी जम्मा ८५३८ जना विद्यार्थी अध्ययनरत छन् । तहगत रुपमा प्रारम्भिक बाल कक्षामा छात्र ६६० र छात्रा ६४६ गरी जम्मा १३०६, प्रावि तह (कक्षा १ देखि ५ सम्म)मा छात्र र छात्राको संख्या क्रमश १९१३ र १७७१ गरी जम्मा ३६८४, निम्न माध्यमिक तह (कक्षा ६ देखि ८ सम्म)मा छात्र ८७७ र छात्रा ९८८ गरी जम्मा १८६५ विद्यार्थी रहेका छन् भने माध्यमिक तह (कक्षा ९ देखि १० सम्म)मा छात्र ५४१ र छात्रा ५६७ गरी ११०८ जना विद्यार्थी रहेका छन् । कक्षा ११ र १२ मा छात्र ३०२ र छात्रा २७३ गरी जम्मा ५७५ जना विद्यार्थी अध्ययनरत गरी रहेको देखिन्छ । त्यसैगरी संस्थागत विद्यालयमा बाल विकासमा छात्र ७१ र छात्रा ६५ जम्मा १०६ जना, १ देखि ५ सम्म छात्र ६३ र छात्रा ३४ गरी जम्मा ९७ जना विद्यार्थीहरु अध्ययनरत गरी रहेको देखिन्छ । गाउँपालिकाका यसरी हेर्दा विद्यालय प्रवेश गरेका बालबालिकालाई माध्यमिक तहसम्मको अध्ययन गर्ने गराउने कुराका लागि पालिकाले विशेष कार्यक्रम संचालन गनुपर्ने देखिन्छ ।

गाउँ शिक्षा समितिको तथ्यांक २०८१ अनुसार, गाउँपालिका भित्र रहेका सार्वजनिक विद्यालयको पठनपाठन क्रियाकलापलाई अगाडि बढाउनका लागि स्थायीमा ८१ जना, राहतमा ३८ जना, करार मा ५ जना, संघिय अनुदानमा १४ जना, पालिका अनुदानमा ९१ जना, पालिका बालविकासमा ५ जना र ३१ जना बालविकास सहजकर्ता गरी जम्मा २६५ शिक्षक कार्यरत रहेका छन् । यस तथ्यांकलाई विश्लेषण गर्दा पालिकामा शिक्षक विद्यार्थीको अनुपात १:३२ रहेको देखिन्छ । यस अर्थमा गाउँपालिकाले आगामी दिनमा शिक्षक दरबन्दीको तुलनामा विद्यालयको भौतिक, प्रशासनिक तथा शिक्षण सिकाइका क्षेत्रमा क्षमता अभिवृद्धि गरी विद्यार्थी संख्या बढाउने विषयमा दीर्घकालीन सोच बनाउनु पर्ने देखिन्छ ।

**तालिका १७: गंगादेव गाउँपालिकाको शैक्षिक संस्थाको स्थिति**

| विद्यालयमा सञ्चालित कक्षा | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| कक्षा १-५ | १९ | २ |
| कक्षा १-८ | १० | - |
| कक्षा १-१० | ५ | - |
| कक्षा १-१२ | ५ | - |
| **जम्मा** | **३९** | **२** |

स्रोतः गंगादेव गाउँपालिका, शिक्षा शाखा, २०८० अनुसार

गंगादेव गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसंख्याको ७७.३ प्रतिशत जनसंख्या साक्षर रहेको देखिन्छ । यसमध्ये पुरुष साक्षरता दर ८४.४ प्रतिशत र महिला साक्षरता दर ७१.२ प्रतिशत रहेको छ ।

### ३.७.३ स्वास्थ्य सेवा तथा सुविधाको अवस्था

गंगादेव गाउँपालिकाको मानव विकास, पूर्वाधार क्षेत्रको विकास र स्वास्थ्य क्षेत्रको विकासका सूचकांकका दृष्टिले राष्ट्रिय आँकडाभन्दा पछि परेको देखिन्छ । भौगोलिक विकटता तथा सामाजिक चेतना, आर्थिक अवस्था, साँस्कृतिक मूल्य, मान्यता र परम्परागत जातीय तथा धार्मिक मान्यताका कारण समुदायका मानिसहरू स्वास्थ्य सेवाबाट बञ्चित भएका छन् ।

गंगादेव गाउँपालिकामा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न ४ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य केन्द्र, २ वटा सामुदायिक स्वास्थ्य ईकाइ गरी जम्मा ९ वटा स्वास्थ्य केन्द्र रहेका छन् । साथै १३ वटा गाउँघर क्लिनिक, १५ वटा खोप क्लिनिक र ३३ जना महिला स्वास्थ्य स्वयंसेविका रहेका छन् । गाउँपालिकाको

आवश्यकतालाई सम्बोधन गर्न १२ क्लिनिक र एक वटा गैर सरकारी संस्थाहरूबाट पनि सेवा प्रदान हुदै आएका छ । सामन्यतः यस गाउँपालिकाका मानिसहरू बिरामी हुँदा सर्वप्रथम सरकारी अस्पताल र स्वास्थ्य चौकी जाने गरेका छन् । तथापि अझैपनि स्वास्थ्य केन्द्र पुग्न २/३ घण्टा हिड्नुपर्ने बाध्यता रहेको छ ।

राष्ट्रिय स्तरमा निर्धारण गरिएका खोप कार्यक्रम अन्तर्गत गंगादेव गाउँपालिकाले पालिका भित्रका स्वास्थ्य संस्थाहरु मार्फत खोप सेवाका साथै गर्भजाँच, परिवार योजनाका साधनहरू वितरण र परामर्श सेवाहरू प्रदान गरिरहेका छन् । गाउँपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र र केही स्वास्थ्य चौकीबाट २४ सै घण्टा प्रसुती सेवा उपलब्ध छन् भने ४ वटा स्वास्थ्य संस्थाबाट ५ प्रकारका (कण्डम, पिल्स, डिपो, आइसीडी, इम्पलान्ट) भने ५ वटा स्वास्थ्य संस्थाबाट कण्डम, पिल्स, डिपो परिवार नियोजनका सेवा उपलब्ध भइरहेका छन् । गाउँपालिका भित्रका सवै स्वास्थ्य संस्थामा सुरक्षित मातृत्व सेवा, परामर्श सेवा, स्वास्थ्य सेवा र जनचेतना सेवा उपलब्ध छ तथापि कुनै पनि स्वास्थ्य संस्थामा रक्तसंचार सेवा र आँखा उपचार सेवाको उपलब्धता छैन ।

गाउँपालिकाको स्वास्थ्य शाखाको अभिलेख अनुसार गाउँपालिका भित्रका स्वास्थ्य संस्थाको जम्मा दरबन्दी ३० जनाको रहेको भए तापनि स्थायी रुपमा स्वास्थ्य कर्मीको पदपूर्ती ११ जना मात्रै रहेको छ । भने बाँकी स्वास्थ्य संस्थाहरुमा पालिकाले करार तथा डोर हाजिरबाट सेवा प्रदान गरिरहेको छ । हाल पालिकामा २७ जना स्वास्थ्य कर्मी कार्यरत रहेका छन् । जसमध्ये स्थायी दरबन्दी भएका कर्मचारीको संख्या ११ जना अर्थात ३७ प्रतिशत र करार दरबन्दीमा कार्यरत कर्मचारी संख्या १७ जना अर्थात ६३ प्रतिशत रहेको छ । गाउँपालिका भित्र ३३ जना महिला स्वयं सेविका कार्यरत छन् । गंगादेव गाउँपालिकाको ९ वटा स्वास्थ्य संस्था मध्ये ६ वटाको आफ्नै भवन भएपनि निर्धारित मापदण्ड अनुसारका भवन जम्मा ५ वटा स्वास्थ्य संस्थाका मात्रै छन् । कुनै पनि स्वास्थ्य संस्थामा २४ सै घण्टा विद्युतको उपलब्धता छैन तर ६ वटा स्वास्थ्य संस्थामा मात्र सोलार ब्याकअप जडान गरिएको छ । सरसफाइको अवस्थामा जम्मा २ वटा स्वास्थ्य संस्थामा महिला र पुरुषको लागि छुट्टै शौचालय र ६ वटा स्वास्थ्य संस्थामा सुरक्षित खानेपानीको नियमित उपलब्धता छ । गंगादेव गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरू मध्ये ९ वटै स्वास्थ्य संस्थामा मोटरबाटो पुगेको छ र शीघ्र स्वास्थ्य उद्दारका लागि स्थानीय स्तरमा १ वटा एम्बुलेन्स सेवा उपलब्ध छ भने ७ वटा वडामा स्टेचरको सेवा उपलब्ध छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गंगादेव गाउँपालिका भित्र ५ वर्ष भित्रका बालबालिकाको संख्या २,६१९ र किशोरकिशोरीहरु १० देखि १९ वर्ष संख्या ५,१५६, प्रजनन् उमेरका महिलाहरु १५ देखि ४९ वर्ष संख्या ५३९२ रहेका छन् । गाउँपालिका भित्र विसिजी, डि.पि.टी, हेपटाइटिस बि, पोलियो, दादुरा रोग विरुद्ध खोप लिने बालबालिकाको संख्या शत प्रतिशत देखिन्छ । गाउँपालिकाको स्वास्थ्य शाखाको तथ्याङ्क अनुसार सबैभन्दा बढी ग्यास्टीक वा अल्सरका दीर्घ रोगीहरू र सबैभन्दा कम मलेरियाका दीर्घ रोगीहरू रहेको दखिएको छ । विगत ५ वर्ष भित्रमा गंगादेव गाउँपालिकामा बाल स्वास्थ्य तथा मातृस्वास्थ्यको अवस्था निकै सन्तोषजनक रहेको छ । जसअनुसार गत १ वर्षमा मातृमृत्यु र बालमृत्यु दर नरहेको र शिशु मृत्यु २ जना रहेको देखिन्छ ।

राष्ट्रिय सुरक्षित मातृत्व कार्यक्रमको लक्ष्य मातृ र नवजात शिशु रोग र मृत्युदर घटाउने र निवारक र प्रवर्द्धनात्मक गतिविधिहरू मार्फत र गर्भावस्था, बच्चाको जन्म र प्रसवपछिको अवधिमा मृत्यु निम्त्याउने कारकहरूलाई सम्बोधन गरी मातृ र नवजात शिशुको स्वास्थ्यमा सुधार गर्नु हो । स्वास्थ्य संस्थामा पहिलो पटक गर्भवती जाँच (७१ प्रतिशत) गराएका गर्भवती महिलाहरूको तुलनामा ४ चोटि आउने ५३ प्रतिशत देखिएको छ । संस्थागत सुत्केरी गराउन ५९ प्रतिशत सुत्केरी पश्चात जाँच ५८ प्रतिशत महिलाहरू स्वास्थ्य

संस्थामा आउनेको गरेका छन् । जाँच गर्न नआउनुको प्रमुख कारण दक्ष प्रसुतिकर्मीको अभाव, पूर्वाधारको कमी, सामाजिक मूल्य मान्यताहरू, जनचेतनाको कमी रहेका छन् ।

राष्ट्रिय सुरक्षित मातृत्व कार्यक्रमको मुख्य लक्ष्य मातृ तथा नवजात शिशु रोग र मृत्युदर घटाउने, निवारण गर्ने र प्रबर्द्धनात्मक गतिविधि मार्फत् गर्भावस्था, बच्चाको जन्म र प्रशवपछिको अवधिमा मृत्यु निम्त्याउने कारकलाई निदान गरी मातृ तथा नवजात शिशुको स्वास्थ्यमा सुधार गर्नु रहेको छ। स्वास्थ्य संस्थामा पहिलो पटक गर्भ परीक्षण गराउन आउने गर्भवती महिला ७१ प्रतिशत रहेकोमा स्वास्थ्य मापदण्ड अनुसार पुरा अवधी गर्भ परीक्षण गराउन आउने महिलाको संख्या ५३ प्रतिशत मात्र रहेको छ। गाउँपालिकामा संस्थागत सुत्केरी गराउन ५९ प्रतिशत र सुत्केरी पश्चात जाँच गराउन ५८ प्रतिशत महिलाहरू स्वास्थ्य संस्थामा आउनेको गरेका छन् । यसरी हेर्दा गर्भवती महिलालाई स्वास्थ्य मापदण्ड अनुसार पूरा अवधी गर्भ परीक्षण गराउनका लागि महिला स्वास्थ्य स्वयम्सेविका मार्फत चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । साथै संस्थागत रुपमा स्वास्थ्य केन्द्रमा सुत्केरी हुनका लागि जनचेतनामूलक सहजीकरण कार्यक्रम सञ्चालन, दक्ष प्रसूतिकर्मीको व्यवस्था, पूर्वाधारको पर्याप्तता गरी सामाजिक मूल्य र मान्यतामा परिवर्तन ल्याउनु पर्ने देखिन्छ। गंगादेव गाउँपालिकाको आधुनिक परिवार योजना विधिको लागि अस्थाइ गर्भनिरोधक प्रचलन दर (CPR) कम देखिएको छ। गर्भनिरोधक प्रचलन दर कम देखिनुको मुख्य कारण जनचेतनाको कमी, सामाजिक मूल्यमान्यता, वैदेशिक रोजगारी आदि पर्दछन् ।

### ३.७.४ प्राथमिकताका मुख्य विषयहरू

गंगादेव गाउँपालिकाको विभिन्न विषयगत क्षेत्रहरूको विगत र वर्तमान अवस्थाको विश्लेषण, प्रवृत्तिहरूको विश्लेषण र गंगादेवबासी जनताको विकास प्रतिको आकांक्षा समेतको विश्लेषणका आधारमा यस आवधिक योजनामा देहायबमोजिमका विकासका प्राथमिकता क्रम निर्धारण गरिएको छ ।

**तालिका १८: गंगादेव गाउँपालिकाको योजनाका प्राथमिकताका क्षेत्र**

| योजनाका क्षेत्रहरू | प्राथमिकता |
|---|---|
| • कृषि | पहिलो |
| • शिक्षा | दोस्रो |
| • स्वास्थ्य | तेस्रो |
| • पूर्वाधार | चौथो |
| • रोजगार (उद्योग, धन्दा) | पाँचौं |
| • सामाजिक न्याय र समानता | छैठौं |

# परिच्छेद चार
# सोंच, समग्र लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम

## ४.१ पृष्ठभूमि

नेपालको संविधान, राष्ट्रिय दीर्घकालीन लक्ष्य, दिगो विकास लक्ष्य, पन्ध्रौं योजनाले राखेका लक्ष्य र लुम्बिनी प्रदेश आवधिक योजनाका तीव्र आर्थिक विकासका लक्ष्यहरू समेतलाई मध्यनजर गर्दै परिच्छेद २ र ३ मा चित्रण गरिएको गंगादेवको विद्यमान मानचित्रलाई समृद्धिको मानचित्रमा रूपान्तरण गर्ने सोच तथा दीर्घकालीन परिमाणात्मक लक्ष्य र मार्गचित्र सहित गंगादेव गाउँपालिकाको सोंच २१०० अगाडि सारिएको छ । समग्रमा, सामाजिक न्यायमा आधारित र समाजवाद उन्मुख समतामूलक समाज निर्माण गर्नेतर्फ दीर्घकालीन सोंच लक्षित रहेको छ । गाउँपालिकाको दीर्घकालीन सोंच तयार गर्दा संघीय सरकार र प्रदेश सरकारका दीर्घकालीन सोच २१००, लक्ष्य, उद्देश्य, कार्यनीति तथा रणनीतिहरू र कार्यक्रमसँगको तादाम्यता सुनिश्चित गर्ने प्रयास गरिएको छ ।

## ४.२ राष्ट्रिय पन्ध्रौं योजनाको सोंच, लक्ष्य र रणनीतिहरू

राष्ट्रिय योजना आयोगले तयार पारेको पन्ध्रौं योजनाले अगाडि सारेको राष्ट्रिय सोंच, लक्ष्य र रणनीतिहरू देहाय अनुसार रहेका छन् ।

### ४.२.१ राष्ट्रिय सोंच

**"समृद्ध नेपाल, सुखी नेपाली"**

नेपाल एक समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिकहरू बसोबास गर्ने मुलुक हुनेछ ।

तालिका १९: राष्ट्रिय दीर्घकालीन लक्ष्य

| समृद्धि | सुख |
|---|---|
| १.१ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता | २.१ परिष्कृत तथा मर्यादित जीवन |
| १.२ मानव पुजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | २.२ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| १.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | २.३ स्वस्थ र सन्तुलित पर्यावरण |
| १.४ उच्च र समतामूलक राष्ट्रिय आय | २.४ सुशासन |
| | २.५ सबल लोकतन्त्र |
| | २.६ राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

### ४.२.२ राष्ट्रिय दीर्घकालीन रणनीति

१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
२. सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् शहर/बस्ती विकास गर्ने,
४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने,
६. गरिवी निवारण र आर्थिक, सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,
७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने,
८. सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने ।

गंगादेव गाउँपालिका

### ४.३ लुम्बिनी प्रदेशको दीर्घकालीन सोंच

**"समृद्ध प्रदेश: खुसी जनता"**

उच्च आर्थिक वृद्धिसहित समृद्ध अर्थतन्त्र, रोजगारीसहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने समृद्ध प्रदेशका खुसी जनता ।

#### ४.३.१ प्रदेशको दीर्घकालीन लक्ष्य

समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धि दरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउनु ।

### ४.४ गंगादेव गाउँपालिकाको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य तथा उद्देश्य

आवधिक योजना तयार गर्दा दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रमहरू निर्धारण गर्न जरुरी हुन्छ । यस आवधिक योजनाको तयारीका क्रममा यससँग सम्बन्धित पक्षहरूको अन्तरक्रियाका आधारमा विज्ञहरूको समेत राय लिई गंगादेव गाउँपालिकाको दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्यहरू देहायबमोजिम निर्धारण गरिएको छ ।

#### ४.४.१ गंगादेव गाउँपालिकाको दीर्घकालीन सोंच

गंगादेव गाउँपालिका जमिन, जंगल, जल सम्पदा, वनपैदावर, कृषि उपज, बजारीकरण, औद्योगिकीकरण, सडक यातायात तथा पर्यापर्यटनका दृष्टिले सम्पन्न रहेको छ। समाजवाद उन्मुख समृद्ध पालिका निर्माणका लागि आवश्यक दक्ष मानव संशाधनका दृष्टिकोणले समेत गाउँपालिका सम्पन्न रहेको छ। तथापि यी सम्पदा र संशाधनको समुचित सदुपयोग गरी पालिकाले निर्धारण गरेका समृद्धिका लक्ष्यहरू हासिल गर्नका लागि आवधिक योजना निर्माण गरिएको छ । नेपालको संविधानको व्यवस्था अनुसार संघीय संरचना अनुरूप स्थानीय सरकारका रूपमा गाउँपालिकाको समृद्धिको यात्रामा रणनीतिक योजना बनाई अगाडि बढीरहेको छ । आवधिक योजना निर्माणका आधारका सन्दर्भमा गाउँबासीको आवश्यकता, चाहना, यथार्थताका आधार र योजना तर्जुमा गोष्ठीमा सहभागी सरोकारवालाहरू बीच भएको छलफल, विचार विमर्ष र मस्तिष्क मन्थनका आधारमा सबै सहभागीहरूको एकमतका साथ गंगादेव गाउँपालिकाको ५ वर्षे दीर्घकालीन सोच निम्न अनुसार निर्धारण गरिएको छ :

**"समृद्ध गंगादेव: सम्मानित गंगादेवबासी"**

तालिका २०: गंगादेव गाउँपालिकाले निर्धारण गरेका सोंच पुरा गर्ने प्रमुख आधारहरू

| समृद्धिका आधारहरू | सम्मानितका आधारहरू |
|---|---|
| १.स्थानीय आर्थिक विकास (LED-Local Economic Development) क्षेत्रको पहिचान र परिचालन | १.संवैधानिक, कानुनी तथा व्यवहारगत रुपमा समानताको सुनिश्चितता सहितको पूर्ण लोकतान्त्रिक शासन व्यवस्था |
| २. मानव संशाधनको विकास तथा उपयोग | २. आधारभूत आवश्यकता (गास, बास र कपास)को राज्यद्वारा सुनिश्चितता सहित सबैका लागि सरल, सहज, सदाचारयुक्त सार्वजनिक सेवा |
| ३.उत्पादन र बजारीकरणमा केन्द्रित भौतिक पूर्वाधार निर्माण | ३. आधारभूत आवश्यकता परिपूर्तिको सुनिश्चितताका साथै दिगो जीविकोपार्जनको उपलब्धता र न्यायपूर्ण वितरणका माध्यमबाट योग्यता र क्षमता अनुसारको रोजगारीको सुनिश्चिता, |

| | |
|---|---|
| ४.आर्थिक उपार्जनमा सामाजिक न्याय सहितको समतामूलक सहभागिता र समानता | ४. स्वस्थ, शिक्षित, सीपयुक्त, सभ्य, सुसंस्कृत र सदाचारयुक्त मानव पुजीको विकास मार्फत न्यायपूर्ण समाज |
| ५.स्वच्छ वातावरण र स्वस्थ जीवन | ५. स्वस्थ तथा सन्तुलित पर्यावरण र सामाजिक सुरक्षाको प्रत्याभूति |

### ४.४.२ लक्ष्य

आर्थिक, सामाजिक, भौतिक, वन वातावरण र संस्थागत क्षेत्रको समग्र पक्षको विकास गरी समृद्ध गंगादेव  र सम्मानित गंगादेव बासीको गन्तव्यमा पुग्न उत्पादन र रोजगारीलाई प्राथमिकतामा राखी नगर उन्मुख पूर्वाधार तयार गर्ने ।

### ४.४.३ उद्देश्यहरू

उल्लेखित दीर्घकालीन सोंच र लक्ष्यलाई मध्यनजर राखी गंगादेव गाउँपालिकाको आवधिक योजनाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

**उद्देश्य १:** गाउँपालिकामा विद्यमान जमिन, जङ्गल, जल, जडिवुटी तथा खनिजको समुचित उपयोगको वातावरण निर्माण गर्दै कृषि तथा पशुपालन, पर्यटन, ऊर्जा, उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो अभिवृद्धि गर्नु,

**उद्देश्य २:** गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरू समावेशी र समन्यायिक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गरी असहाय, विपन्न, सीमान्तकृत वर्ग तथा समुदायहरूको सामाजिक विकास तथा सशक्तीकरण गर्ने र गाउँपालिका भित्रका भाषा, कला, संस्कृति एवं ऐतिहासिक तथा पुरातात्विक धरोहरहरूको संरक्षण तथा सम्बर्द्धन गर्दै मौलिकतामा आधारित गंगादेव गाउँपालिकाको सर्वाङ्गीण विकास गर्नु,

**उद्देश्य ३:** गाउँपालिका क्षेत्रमा सर्वसुलभ, आधुनिक र अन्तर पालिका, अन्तर जिल्ला तथा अन्तर प्रदेशसँग जोड्ने प्रविधि र वातावरण मैत्री आधुनिक भौतिक पूर्वाधारहरुको विकासका माध्यमबाट जनताको आर्थिक, सामाजिक क्रियाकलापहरूमा सहज पहुँच सुनिश्चित गर्नु,

**उद्देश्य ४:** गाउँपालिकाको प्राकृतिक तथा सांस्कृतिक, वातावरणीय धरोहरहरूको संरक्षण तथा सम्बर्द्धन गर्दै हरियाली, जैविक विविधता, जमिन र जलस्रोतको समुचित व्यवस्थापन, वातावरण मैत्री विकास तथा जलवायु परिवर्तन र विपद् उत्थानशीलताका साथै प्राकृतिक एवं सामाजिक जोखिमहरूबाट उत्पन्न विपद्हरूको समुचित व्यवस्थापन गर्नु,

**उद्देश्य ५:** स्थानीय जनताले प्राप्त गर्ने सार्वजनिक सेवा प्रवाह तथा अवसर सहज, गुणस्तरीय, प्रभावकारी, निष्पक्ष रूपमा समयमै उपलब्ध हुने वातावरण सुनिश्चित गरी संस्थागत विकासका प्रयासहरूलाई पारदर्शी, जवाफदेही, न्यायपूर्ण र परिणाममुखी बनाउनु ।

### ४.४.४ समग्र रणनीति तथा कार्यनीतिहरू

| उद्देश्य १ सँग सम्वन्धित रणनीति तथा कार्यनीतिहरू<br>**उद्देश्य १:** गाउँपालिकामा विद्यमान जमिन, जङ्गल, जल, जडिवुटी तथा खनिजको समुचित उपयोगको वातावरण निर्माण गर्दै कृषि तथा पशुपालन, पर्यटन, ऊर्जा, उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो अभिवृद्धि गर्नु, | |
|---|---|
| **रणनीतिहरू** | **कार्यनीतिहरू** |
| ● स्थानीय आर्थिक विकासका क्षेत्रको सम्भावना र अवसरको पहिचान गर्ने | ● स्थानीय स्रोतको पहिचान र उपयोगका लागि विस्तृत स्रोत सर्भेक्षण र नक्सांकन गर्ने,<br>● विषयगत रूपमा कृषि, पशुपालन, पर्यटन, जलश्रोत आदिका सम्भावनाहरूको पहिचान गरी सदुपयोग गर्न अनुसन्धान गर्ने,<br>● खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न माटोको प्रकार र हावापानी अनुसार पकेट क्षेत्र पहिचान तथा निर्धारण गर्ने,<br>● निरपेक्ष गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गर्ने,<br>● कृषि तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापनका लागि प्रविधिमैत्री प्रणाली (Agriculture App) को निर्माण गर्ने,<br>● सम्भावित ऊर्जाका स्रोतहरुको पहिचानका लागि सम्भाव्यता अध्ययन गर्ने । |
| ● कृषि तथा पशु क्षेत्रको प्रविधीकरण, व्यावसायिकीकरण र आधुनिकीकरण गर्ने | ● व्यावसायिक कृषि, पशु फर्म र कृषक समूह दर्ता तथा नियमनका लागि व्यबहारिक र कृषि मैत्री नीतिगत व्यवस्था गर्ने,<br>● कृषि तथा पशु व्यवसायलाई निर्वाहमुखीबाट कृषि उद्यमको रूपमा विकास (Agriculture and Livestock as Enterprise) गर्नका लागि लक्षित कृषकहरुलाई व्यावसायिक तालिमका कार्यक्रम संचालन गर्ने,<br>● गंगादेव गाउँबासीको आवश्यकतालाई परिपूर्ति गर्न आवश्यक वस्तुहरूको उत्पादनका लागि हाम्रा लागि हाम्रै उत्पादन अभियान संचालन गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउन खाद्यान्न, फलफूल तथा तरकारीजन्य उपजको उत्पादनका लागि प्रबर्द्धनात्मक कार्यक्रम संचालन गर्ने,<br>● पशुपंक्षीजन्य उत्पादन दुध, दही, घ्यू, पनिर, चिज, खुवा र मासुमा पालिकालाई आत्मनिर्भर बनाउनका लागि गाई, भैंसी, बाखा, भेंडा, कालिज, कुखुरा, माछा, बँगुर, बदेल, खरायो, टर्की, बट्इ, जस्ता पशुपंक्षी उत्पादन कार्यक्रम संचालन गर्ने,<br>● तरकारी तथा तरकारीजन्य उत्पादनलाई प्याकेजिङ, लेवलिङ् र ब्रान्डिङ् गरी भरपर्दो बजारीकरणको सुनिश्चितता गर्ने,<br>● कृषि तथा पशु विकासका लागि पकेट क्षेत्रहरू निर्धारण गर्ने र गाउँपालिकाबाट सम्बद्ध पकेट क्षेत्रहरूमा आवश्यक प्रविधि र प्राविधिक सेवा पालिकाबाट उपलब्ध गराउने र कृषकको वित्तीय क्षेत्रमा पहुँच विस्तारका लागि सहजीकरण गर्ने,<br>● कृषि तथा पशु पकेट क्षेत्रहरूको विकास गरी आधुनिक व्यावसायिक खेती र पशु व्यवसाय सञ्चालन गर्नका लागि गाउँपालिकाले उद्यमशील |

| | |
|---|---|
| | किसानहरूलाई प्रोत्साहन गरी प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराउने,<br>● प्रत्येक वडामा कृषि तथा पशु सम्बन्धी प्राविधिक सेवा र सुबिधा उपलब्ध गराउने,<br>● कृषि तथा पशु उत्पादनमा पकेट क्षेत्रको अवधारणा अनुसार व्यावसायीकरण गर्नका लागि तालिम, लागत सहभागिता, बीउ पुजी, उत्पादन तथा बाली संरक्षणमा आधारित अनुदान प्रदान गर्ने,<br>● तरकारी तथा तरकारीजन्य वीउ उत्पादनका लागि कृषकहरूलाई प्राविधिक तथा आर्थिक सहयोग गरी उत्पादन बढाउने,<br>● कृषि तथा पशु क्षेत्रको व्यावसायीकरण र यान्त्रिकीकरण गर्नका लागि कृषकहरूलाई आवश्यक पजी र पूर्वाधारमा सहयोग गर्ने, किसान तथा व्यावसायीहरूलाई सरल कर्जामा पहुँच वृद्धि गर्न वित्तीय संस्थाहरूसँग सहजीकरण गर्ने,<br>● प्राङ्गारिक कृषि क्षेत्रको वर्गीकरण र नमुना कृषि गाउँको पहिचान गरी एकल तथा सामुहिक प्राङ्गारिक खेती प्रणालीको विकासका कार्यक्रम सञ्चालन गर्ने,<br>● कृषि क्षेत्रको विकास र विस्तार गर्दै प्राङ्गारिक कृषि प्रणालीको विकास गर्ने,<br>● कृषि क्षेत्रको व्यावसायिकरण र यान्त्रीकरण गर्नका लागि कृषकहरूलाई आवश्यक पुजी र पूर्वाधारमा सहयोग गर्ने,<br>● गाउँपालिकाभित्रको बेरोजगारी समस्याको न्यूनीकरण गर्न गाउँपालिकाले कृषि तथा पशुपालनमा आधारित स्वरोजगार कार्यक्रम संचालन गरी १००० युवाहरूलाई विभिन्न किसिमका उद्यम संचालन गराउने,<br>● किसानका उत्पादनहरूलाई गाउँपालिकाका मुख्य उत्पादन क्षेत्रदेखि नजिकका ठूला बजार दाङ, बुटवल, भालुवाङ, नेपालगंञ्ज जस्ता सहरहरुसँग जोड्नका लागि आपूर्ति संजाल निर्माण गर्ने,<br>● समान उद्देश्य भएका सहकारीहरूलाई मर्ज गरी पुजी र सीपलाई एकीकृत गरी परिचालन गर्ने,<br>● पशुहरूको गोठ/खोर सुधार र मूत्र संकलन तथा प्राङ्गारिक मल जैविक विषादीका रूपमा उपयोग गर्न कृषकहरूलाई सहजीकरण गर्ने,<br>● पालिकाकाको सम्भावित क्षेत्रहरुमा व्यावसायिक मासुजन्य पशुवस्तु तथा जडिबुटी खेतीको सम्भाव्यता अध्ययन गरी फर्महरू स्थापना गर्ने,<br>● पालिकाको खाद्य वस्तु उत्पादनयोग्य ठाउँहरुमा मकै, गहुँ, कोदो, फापर, जौं आदि खाद्ययजन्य वस्तुको उत्पादनमा वृद्धि गर्न प्राविधिक सहयोग तथा प्रोत्साहनका कार्यक्रम संचालन गर्ने,<br>● पालिकाका फलफूल उत्पादनयोग्य ठाउँ खास गरी वडा नं. ३ मा किवी, सुन्तला, कागती, जुनार, एभोकाडो, ड्रागन फ्रुट, नास्पती, पलम, आदि |

| | |
|---|---|
| | फलफूलको व्यावसायिक खेती प्रवर्द्धन गर्नका लागि विरुवा, मल, औषधिजन्य विषादीमा अनुदान तथा प्राविधिक सेवा र बजारको सुनिश्चितता गर्ने,<br>● गाउँपालिकाभित्रका मसलाजन्य उत्पादन क्षेत्रहरुको पहिचान गरी अदुवा, बेसार, लसुन, प्याज, टिमुर, अलैंची जस्ता खेतीको प्रबर्द्धनका लागि प्राविधिक सेवा र बजारको सुनिश्चितता गर्ने,<br>● गाउँपालिकाभित्रका आर्थिक रुपमा विपन्न र पर्याप्त जमिन नभएका परिवारहरुको पहिचान गरी माहुरी पालन व्यवसायको संचालनका लागि आवश्यक प्राविधिक तालिम र वीउ पुजीको व्यवस्था गर्ने,<br>● पालिकाभित्रका खोला, खोल्सा तथा सिमसार युक्त चिस्यान क्षेत्रहरुमा खोल्साको सुनको उपाधि प्राप्त अलैंची खेतीको व्यावसायिक प्रबर्द्धनका लागि विरुवा वितरण तथा प्राविधिक सेवा उपलव्ध गराउने,<br>● ग्रामीण श्रमको उपयोग वृद्धि गरी कृषि तथा पशु सेवा कार्यकर्ता तयारी र परिचालन गर्ने,<br>● कृषि तथा पशु बिमा कार्यक्रम संचालन गरी कृषकको लगानी जोखिम न्यूनीकरण गर्ने,<br>● कृषि उपजजन्य वस्तुको दिगो सुरक्षा र भण्डारणका लागि शीतगृह निर्माण गर्ने,<br>● कृषिको व्यावसायीकरणलाई मद्दत पुग्ने गरी विभिन्न विकल्पबाट सिंचाई सुविधा वृद्धि गरी हाल सिंचाइ सुविधा भएको जमिनको प्रतिशत बढाउने,<br>● उत्पादित वस्तुको बजारीकरणका लागि त्यस स्थानबाट बजारसम्मको सहज पहुँचका लागि ग्रामीण कृषि सडकको निर्माण गर्ने, |
| ● पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने | ● पर्यटन क्षेत्रको विकासका लागि गंगादेव गाउँपालिकाले पर्यटन गुरूयोजना निर्माण गरी त्यसले औल्याएका विद्यमान सामाजिक तथा सांस्कृतिक सम्पदाहरूको अधिकतम् उपयोग गर्ने,<br>● पर्यटन गुरूयोजनाले पहिचान गरेका पर्यटकीय स्थलहरूको ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, प्राकृतिक, जलसम्पदा, पर्यावरणीय सुन्दरता र प्राचीन संस्कृति तथा सम्पदाहरूको संरक्षण, सम्बर्द्धन र आवश्यक भौतिक पूर्वाधारको निर्माण गरी पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने,<br>● प्रमुख पर्यटकीय पदमार्गहरूको निर्माण, स्तरोन्नति र नक्शाङ्कन गरी प्रमुख पहाडी चुचुराहरूमा पर्यटकीय दृष्यावलोकन स्थलहरू निर्माण तथा होमस्टेको व्यवस्था सहित गंगादेवका कम्तिमा २ वटा बस्तीलाई नमुना पर्यटकीय गाउँको रूपमा विकास गर्ने,<br>● पर्यटन क्षेत्रको विकास, विस्तारका लागि दीर्घकालीन गुरूयोजनाका आधारमा निजी क्षेत्रसँग सहकार्य गर्ने,<br>● पर्यटन गुरुयोजनाले पहिचान गरेका सम्भावित दातृ निकायहरुसँग सर्म्पक, समन्वय गरी आर्थिक स्रोतको सुनिश्चित गर्ने । |

| | |
|---|---|
| • स्थानीय स्रोतसाधनमा आधारित उद्योग तथा व्यवसायहरूको विकास र विस्तार गर्ने, | • गाउँपालिकाभित्र उद्योग ग्राम स्थापना गरी स्थानीय स्रोतमा आधारित उद्योगहरू सञ्चालन गर्ने,<br>• स्थानीय औद्योगिक उत्पादनहरू स्थानीय तथा बाह्य बजार प्रबर्द्धन गर्न संकलन केन्द्रहरूको स्थापना गर्ने,<br>• गाउँपालिकाभित्र छरिएर रहेका स्थानीय स्रोतसाधनहरूको पहिचान गरी उद्योग तथा व्यवसाय स्थापनाका लागि भौतिक तथा संस्थागत संरचनाको निर्माण गर्ने,<br>• सरकारी, निजी र सहकारीको सयुक्त साझेदारीमा अदुवा, बेसार कागती सुन्तला लगायतका फलफूल तथा मसलाजन्य वस्तुको प्रशोधन उद्योगहरुको स्थापना गर्ने,<br>• बेरोजगार जनशक्तिलाई स्थानीय, प्रादेशिक तथा राष्ट्रिय बजारको मागमा आधारित सीप विकास गराइ स्वरोजगार बनाउने,<br>• स्थानीय स्तरमा रहेका साना तथा घरेलु उद्योगको व्यावसायिक संचालन गरी आधारभूत आवश्यकताका लागि विदेश जाने वातावरणको न्यूनीकरण गर्ने, |
| • सार्वजनिक, निजी र सहकारी साझेदारी कार्यक्रम संचालन गर्ने, | • कृषि, पर्यटन र उर्जा जस्ता क्षेत्रहरुको विकासका लागि कम्पनी मोडेलमा सार्वजनिक, निजी र सहकारीको संयुक्त लगानीमा साना तथा मझौला उद्योगहरुको स्थापना गर्ने, |
| • श्रम तथा रोजगारी र मानव संसाधन विकास गर्ने, | • गंगादेव गाउँपालिकाको समृद्धिका लागि मानव पुजीलाई दक्ष बनाउनका लागि सरकारी सेवा प्रवेशका कक्षाहरु, छोटो तथा लामो अवधिका व्यावसायिक तालिमहरु, स्थानीय आवश्यकतामा आधारित रोजगार कार्यक्रमहरु, व्यावसायिक काउन्सिलिङ कक्षाहरु आदि संचालन गर्ने,<br>• बजार तथा रोजगारदाताको माग र बेरोजगार जनशक्तिको आपसी तादाम्यता मिलाउनका लागि समुदायमा छरिएर रहेका श्रम, सीप, प्रविधि र पुजीलाई गाउँपालिकाले प्रविधिमा आधारित सूचीकृत गरी एकआपसमा सामाञ्जस्यता कायम गरिदिने,<br>• उत्पादन, उत्पादकत्व र रोजगारीका अवसरहरु वृद्धि गर्ने, |
| • प्राकृतिक स्रोतहरू जल, जमिन, जंगल, जडिवुटी, खनिजको समुचित उपयोग गर्ने | • स्थानीय स्तरमा उपलब्ध जलस्रोतको सिंचाई, जलविद्युत् र पर्यावरण सन्तुलनमा उपयोग गर्ने,<br>• प्राकृतिक रूपमा संरचित वनजंगलको वैज्ञानिक सदुपयोग गरी जडिवुटी र खनिजजन्य उत्पादनको सदुपयोग गरी आर्यआर्जनमा वृद्धि गर्ने,<br>• गाउँपालिका भित्र रहेका बहुमूल्य खनिज तथा जडिबुटीको पहिचान गरी व्यापार प्रबर्द्धनका लागि प्रचार प्रसार गर्ने, |
| **उद्देश्य २ सँग सम्बन्धित रणनीति तथा कार्यनीतिहरू**<br>**उद्देश्य २:** गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरू समावेशी र समन्यायिक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गरी असहाय, विपन्न, | |

| सीमान्तकृत वर्ग तथा समुदायहरूको सामाजिक विकास तथा सशक्तीकरण गर्ने र गाउँपालिका भित्रका भाषा, कला, संस्कृति एवं ऐतिहासिक तथा पुरातात्विक धरोहरहरूको संरक्षण तथा सम्बर्द्धन गर्दै मौलिकतामा आधारित गंगादेव गाउँपालिकाको सर्वाङ्गीण विकास गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीतिहरू** |
| ● सामाजिक सुसम्पन्नता कायम गर्ने, | ● गाउँपालिकाको मानव विकास सूचकाङ्क राष्ट्रिय सूचकाङ्कको हाराहारीमा पुर्‍याउने,<br>● गाउँबासीको आर्थिक र सामाजिक पक्षलाई सबलीकरण गर्दै सुसम्पन्नताको विकासलाई सँगसँगै लग्ने,<br>● गाउँबासीको सुसम्पन्ताका लागि आर्थिक क्षेत्रको विकास, सांस्कृतिक सचेतनाको जागरण, चेतनाको अभिवृद्धि, शिक्षा, स्वास्थ्य, आवास, खानेपानी, आयआर्जन जस्ता आधारभूत क्षेत्रहरुको ग्यारेण्टी गरी नागरिकलाई गंगादेव बासी हुनुमा स्वाभिमान र आत्मगौरवको अनुभूति गराउने । |
| ● शिक्षा गुणस्तरीय र पहुँचयोग्य बनाउने, | ● विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन विद्यालयहरूको आधुनिक भौतिक पूर्वाधार, सुविधायुक्त डेस्कबेञ्च, स्मार्ट बोर्ड, विषयगत प्रयोगशालाहरू निर्माण, दक्ष शिक्षक व्यवस्थापन, शैक्षिक सामग्रीहरूको उपलब्धता मूल्याङ्कन प्रकृयामा सुधार र गाउँपालिकाबाट निरन्तर अनुगमन गर्ने,<br>● आधारभूत र माध्यमिक शिक्षाको गुणस्तर सुधार र सीमान्तकृत, अशक्त र अभिभावक विहीन बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न पालिकामा कम्तिमा १ वटा आवासीय नमुना विद्यालय सञ्चालन गर्ने,<br>● निरक्षरता उन्मूलन गर्न साक्षरता कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने,<br>● शैक्षिक क्षेत्रको गुणस्तर सुधारका लागि स्थानीय जनता, गैरसरकारी संस्था र शिक्षा प्रेमीहरूसँग सहकार्य गर्ने,<br>● दिगो विकास लक्ष्य अनुसारको शतप्रतिशत साक्षरता वृद्धि गर्न विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय शिक्षा कार्यक्रममा समाहित गर्ने, विद्यालय शिक्षाको उमेर पार गरेका व्यक्तिलाई व्यावसायिक सीपसहितको अनौपचारिक कक्षाहरु संचालन गर्ने,<br>● साक्षरता दरको वृद्धि, शैक्षिक गुणस्तरमा सुधार तथा पहुँचमा वृद्धि गर्नका लागि सार्वजनिक विद्यालय प्रतिको दृष्टिकोण र व्यवहारमा परिवर्तन गरी जिम्मेवार अभिभावक बनाउनका लागि समुदाय परिचालनका कार्यक्रमहरु संचालन गर्ने । |
| ● उच्च तथा प्राविधिक शिक्षाको अवसरहरू अभिवृद्धि गर्ने, | ● बहुउद्देश्यीय प्राविधिक शिक्षालयको स्थापना गरी विभिन्न कारणले साधारण विद्यालय छोडेका वेरोजगार किशोर किशोरीहरूलाई जीवन उपयोगी सीपयुक्त मानव पुजीमा रुपान्तरण गर्ने,<br>● उच्च शिक्षा प्रदायक चालु शैक्षिक संस्थाको भौतिक पूर्वाधार विकास, प्रविधिमैत्री शैक्षिक सामग्री, दक्ष, अनुभवी र नवप्रबर्द्धनात्मक सोच भएका जनशक्तिको व्यवस्था गरी गुणात्मक शिक्षाको ग्यारेण्टी गर्ने, |

| | |
|---|---|
| | ● शिक्षण क्षेत्रमा कार्यरत शिक्षकलाई पेशागत वृत्ति विकासका लागि अल्पकालीन तथा दीर्घकालीन प्राज्ञिक अध्ययन, भ्रमण र तालिमको व्यवस्था गर्ने, |
| ● स्वस्थ गाउँपालिका निर्माण गर्ने, | ● गाउँपालिकामा संचालित स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधारहरुलाई स्तरोनति गरी आधुनिक प्रविधि मैत्री बनाउने,<br>● नेपाल सरकारको मापदण्ड अनुसारको दरबन्दी नभएका स्थानमा यथाशीघ्र दरबन्दी बमोजिमका स्वास्थ्य कर्मीको व्यवस्था गर्ने,<br>● स्वास्थ्य क्षेत्रमा हाल कार्यरत जनशक्तिलाई पेशागत दक्षता वृद्धिका लागि समयानुकूलका तालिमहरु संचालन गर्ने,<br>● संघीय सरकारको स्वास्थ्य सेवा नीतिअनुसारको आधारभूत सेवा निःशूल्क र गुणस्तरीय गर्नका लागि आधुनिक प्रविधियुक्त औजारको व्यवस्था गर्ने,<br>● पालिका स्तरको अस्पतालमा विशेषज्ञ सेवा सहितको भौतिक पूर्वाधार, स्वास्थ्य औजार, प्रयोगशाला र चिकित्सकको व्यवस्था गर्ने,<br>● प्रत्येक स्वास्थ्य संस्थामा Birthing Centre र आधारभूत प्रयोगशालाको सेवा उपलब्ध गराउने,<br>● गाउँपालिका भित्र प्राकृतिक तथा मानवीय कारणले हुने आकस्मिक दुर्घटनामा परेका नागरिकको यथाशीघ्र उपचारको लागि स्रोत साधन सहित गाउँपालिका स्तरको दुर्घटना कोषको स्थापना गर्ने,<br>● नागरिकको स्वास्थ्यलाई स्वस्थ राख्न स्वास्थ्य तथा सरसफाइ मापदण्डको सचेतना पूर्वक परिपालना गराउनका लागि समुदायमा जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गर्ने,<br>● प्राकृतिक तथा मानवीय प्रकोप पश्चात उत्पन्न हुनसक्ने महामारीको नियन्त्रण र व्यवस्थापनका लागि पूर्वतयारी कार्यहरु गर्ने,<br>● मातृशिशु मृत्युदरमा उल्लेख्य कमी ल्याउने,<br>● पोषणको अवस्था सुधार गर्न एक घर एक घरबारी कार्यक्रम संचालन गर्ने, |
| ● युवाहरूलाई खेलकुदको माध्यमबाट गाउँपालिकाको गौरब वृद्धिमा सरिक गराउने, | ● विद्यालय उमेरदेखि नै बालबालिकालाई खेलकुदमा लगाउन खेलकुद शिक्षकको व्यवस्थापन गरी विभिन्न समयमा खेलकुद प्रतियोगिताहरूको आयोजना गर्ने,<br>● खेलकुदलाई विद्यालय शिक्षाको अभिन्न अंग बनाइ गाउँपालिका भित्रका युवा क्लबहरू र उनीहरूका खेलकुद क्रियाकलापहरूलाई भौतिक तथा वित्तीय सहयोग मार्फत सुदृढ गर्ने,<br>● खेलकुदको विकासलाई जोड दिन एक वार्ड एक भलिवल मैदान र एक वार्ड एक कभर्डहल निर्माण र गंगादेवमा समग्र खेलकुदका लागि भौतिक पूर्वाधार खेल मैदान निर्माण गर्ने, |
| ● सामाजिक सुरक्षा र न्याय प्रबर्द्धन गर्ने, | ● दलित तथा विपन्नहरूको आवास र जनजीविका सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने, |

| | |
|---|---|
| | • महिला तथा घरेलु हिंसामा उल्लेख्य रूपमा कमी ल्याउन कानुनको प्रभावकारी कार्यान्वयन र महिला जागरण तथा सशक्तीकरण कार्यक्रम संचालन गर्ने,<br>• वृद्ध, अपाङ्ग, असक्त र असहायहरूको आत्म सम्मानका लागि उनीहरुको प्रकृतिअनुरुपका आयआर्जनका कार्यक्रमहरु संचालन गर्ने र कानुनी रुपमा तोकिएको सामाजिक सुरक्षा सुनिश्चित गर्ने,<br>• सामाजिक, लैंगिक तथा जातीय विभेद अन्त्य गर्न सो अनुकूलका योजना र गतिविधिहरू अगाडि बढाउने, |
| • परम्परागत मौलिक कला संस्कृति, भाषा र परम्पराको जगेर्ना गर्ने, | • विभिन्न जातजातिहरूको भाषा, कला र संस्कृतिको संरक्षण र प्रबर्द्धनमा निरन्तर सहयोग गर्ने,<br>• गंगादेव गाउँपालिकाभित्र हुने कार्यक्रमहरूमा स्थानीय मौलिक संस्कृति र साधनहरूको उपयोग गर्ने, |
| • स्वच्छ खानेपानीको उपलब्धता सुनिश्चित गर्ने, | • स्वच्छ र शुद्ध खानेपानीको व्यवस्था गर्न एक घर एक खानेपानी धारा कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्न संघ, प्रदेश र गैरसरकारी संस्थाहरूसँग साझेदारी गरी हरेक घरमा स्वच्छ र शुद्ध खानेपानी (१ घर १ धारा) को सुविधा सुनिश्चित गर्ने,<br>• सरसफाइलाई जनताको बानीको रूपमा विकास गर्ने, |
| • सेवा, सुविधा र अवसर वितरणमा समावेशीकरण र समन्यायिक सिद्धान्त अवलम्बन गर्ने । | • लैङ्गिक तथा सामाजिक समावेशीकरण व्यावहारिक बनाउन नीतिगत र कार्यक्रम कार्यान्वयनका प्रत्येक चरणमा ध्यान दिने,<br>• विभिन्न जातजातिका भाषा, कला, संस्कृति, भेषभूषा, साहित्य र संस्कारको संरक्षण गरी जात, धर्म, लिङ्ग, वर्ग र वर्णका आधारमा हुने भेदभाव अन्त्य गर्दै सबैले सामाजिक सम्मान पाउने वातावरण निर्माण गर्ने,<br>• गाउँपालिकाको समग्र क्षेत्रको विकासमा सामाजिक रूपमा पछि परेका र पारिएका बहिस्कृत तथा सीमान्तकृत समुदायलाई केन्द्रबिन्दुमा राख्ने । |
| **उद्देश्य ३ सँग सम्बन्धित रणनीतिहरू**<br>**उद्देश्य ३:** बसोवास, बजार शहरी सुविधा र अन्तरआवद्धतालाई सहज, सुरक्षित र व्यवस्थित बनाउन प्रविधि र वातावरण मैत्री आधुनिक भौतिक पूर्वाधारको विकास गर्नु, | |
| **रणनीतिहरू** | **कार्यनीतिहरू** |
| • प्रमुख तथा सहायक सडकहरूलाई राष्ट्रिय मापदण्ड अनुसार निर्माण गर्ने,<br>• पुल तथा सामुदायिक भवन निर्माण गर्न प्रदेश तथा केन्द्र सरकारसँग साझेदारी गर्ने, | • गंगादेव गाउँबासीलाई बाह्रै महिना भरपर्दो र सुरक्षित यात्रा सुनिश्चित गर्न गाउँपालिकाभित्रका प्रमुख सडकहरूमा प्राकृतिक विपत्तिका कारण हुने अवरोधलाई तत्काल हटाउनका लागि पूर्वाधार एम्बुलेन्सको व्यवस्था गर्ने,<br>• सल्यानको कपुरकोटदेखि सुकिदह, सिमाना बजार हुँदै सल्यानकै बागचौर जोड्ने र सिमाना बजारदेखि सानडाँडा सल्यानको बाँफु खोला हुँदै पश्चिम रुकुमसम्म जोडिएको मार्ग अन्तर्गतको सडक खण्ड, राष्ट्रिय तथा प्रादेशिक सडकमा प्राकृतिक विपतिबाट हुने अवरोधलाई तत्काल हटाउन सम्बन्धित निकायमा संस्थागत पहल गर्ने, |

| | |
|---|---|
| | • गाउँपालिका स्तरका प्रमुख सडक खण्डलाई बाह्रै महिना संचालन गर्नका लागि राष्ट्रिय मापदण्ड अनुसारका बनाई कालोपत्रे गर्ने,<br>• मुख्य सडकबाट वडापालिका केन्द्र र सबै बस्तीहरूमा जोड्ने ग्रामीण कृषि सडकहरूलाई ग्राभेल गरी बाह्रै महिना चल्ने बनाउने,<br>• आवश्यक स्थानहरूमा मोटरेबल पुल, झोलुङ्गे पुल र सामुदायिक भवनहरू निर्माण गर्ने,<br>• सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाउनका लागि गाउँपालिका र वडा भवनहरू निर्माण गर्ने, |
| • विद्युत्, टेलिफोन र इन्टरनेटको गुणस्तरीय सेवाको सुनिश्चितताको लागि निजी क्षेत्रसँग साझेदारी गर्ने, | • राष्ट्रिय प्रशारण लाइन विस्तारका लागि विद्युत् प्रशारण सब स्टेशनको निर्माण गरी विद्युत् नपुगेका वडा र वस्तीहरूमा विद्युत् पुऱ्याउने,<br>• गुणस्तरीय इन्टरनेट तथा टेलिफोन सेवाका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने, |
| • भौतिक पूर्वाधारहरूको विकासको दीर्घकालीन नीति अवलम्बन गर्ने, | • भौतिक पूर्वाधार विकासको दीर्घकालीन गुरूयोजना तयार गर्ने,<br>• सार्वजनिक सेवा प्रवाहका लागि गाउँ तथा वडाहरूमा आवश्यक भौतिक पूर्वाधारहरूको निर्माण गर्न प्रदेश र संघीय सरकारको पर्याप्त लगानी सुनिश्चित गर्ने,<br>• आकस्मिक विपद् जोखिमलाई उद्धार तथा राहतका लागि पालिकाको केन्द्र भागमा हेलिप्याड निर्माण गर्ने,<br>• सार्वजनिक सेवा प्रवाहलाई सहज, सरल र गुणस्तरीय बनाउन आवश्यक भौतिक पूर्वाधारहरू अत्याधुनिक निर्माण गर्ने,<br>• निर्माण पूर्वाधारहरूको आकस्मिक क्षति पुग्दाको अवस्थामा मर्मत सम्भार गर्न निर्माण लागतको २ प्रतिशतका दरले जम्मा गर्ने गरी मर्मत सम्भार कोषको स्थापना गर्ने, |
| • भू-उपयोगको योजना तयार गरी कार्यान्वयन गर्दै जाने, | • भू-उपयोग योजना अनुसार बस्ती विकासको सम्भाव्यता अध्ययन गर्ने र स्थानीय जनतासँग सहकार्य गर्ने,<br>• गंगादेवका खोला बेंशीहरूमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने,<br>• पूर्वाधार निर्माण गर्दा बोटविरूवामा हुने क्षतिको परिपूर्तिको लागि सडकको दायाँबायाँ तथा तलमाथि वृक्षारोपण (बायोइन्जिनियरिङ्ग) गर्ने, |
| **उद्देश्य ४ सँग सम्बन्धित रणनीतिहरू**<br>**उद्देश्य ४:** हरियाली, जैविक विविधता, जमिन र जलस्रोतको समुचित व्यवस्थापन, वातावरण मैत्री विकास तथा जलवायु र विपद् उत्थानशीलता सुनिश्चित गर्नु, | |
| **रणनीतिहरू** | **कार्यनीतिहरू** |
| • प्राकृतिक, वातावरणीय र सांस्कृतिक | • प्राकृतिक, वातावरणीय र सांस्कृतिक स्रोतहरूको अध्ययन गरी स्रोत नक्सांकन र व्यावसायिक प्रर्वद्धन गर्ने, |

| | |
|---|---|
| स्रोतहरूको सूची (Inventory) अद्यावधिक गर्ने, | • हराभरा गंगादेव बनाउन सडक किनारामा वृक्षारोपण गर्नुका साथै सार्वजनिक खाली जमिनमा वृक्षारोपण गरी वनको क्षेत्र बढाउने,<br>• खाली रहेका सार्वजनिक स्थानहरूको संरक्षण, सम्बर्द्धन र दिगो उपयोगको नीति निर्माण गर्ने, |
| • पर्यटन लगायत आर्थिक विकासका कार्यक्रमहरू सञ्चालन गर्दा दिगो विकासको मान्यतालाई अवलम्बन गर्ने, | • ऐतिहासिक, सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाहरू, पर्यावरणीय पदमार्ग आदिलाई पर्यटन र आर्थिक विकास कार्यक्रमहरूसँग आबद्ध गर्ने,<br>• दिगो विकासको अवधारणा अनुसार प्राकृतिक र सांस्कृतिक स्रोतहरूको संरक्षण गर्ने, |
| • प्राकृतिक तथा सांस्कृतिक मौलिकतालाई संरक्षण गर्न स्थानीय रैथाने प्रचलन, प्रविधिको अधिकतम् उपयोग गर्ने, | • मौलिक संस्कृति, परम्परा, खानपान, पहिरन, चाडपर्वहरूलाई प्रबर्द्धन गरी पर्यटन विकास गर्ने ।<br>• स्थानीय जडिबुटी, परम्परागत रैथाने अन्नबाली धान, मकै, गहुँ, सिमी, कालो भटमास, मास, गहत, जौं आदिको उत्पादन र उत्पादकत्व बढाई अर्थोपार्जनको साधनको रुपमा विकास गर्ने,<br>• परम्परागत प्रविधि पानीघट्ट, काठे कोल, जाँतो, ढिकी जस्ता साधनको संरक्षण गरी पर्यटन उद्योगसँग जोड्ने र कपडा सिलाउने, घरेलु प्रयोजनार्थ आवश्यक फलामका हतियार बनाउने, छालाजन्य वस्तुको उत्पादन, डकर्मी, सीकर्मी आदि सीप तथा प्रविधिमा परम्परादेखि आवद्ध समुदायको चेतनाको विकास र आत्मसम्मानको ग्यारेण्टी गर्दै पेशाको सुरक्षासहित सीप तथा क्षमतामा समयानुकूल प्रविधिकरण गरेर उद्यमीका रुपमा विकास गर्ने,<br>• आर्थिक विकासका कार्यक्रमहरूमा स्थानीय स्रोत साधन, प्रविधि र ज्ञानको अधिकतम् प्रयोग गर्ने, |
| • प्राकृतिक तथा मानवीय विपत्तीको व्यवस्थापनका लागि पूर्वतयारी गर्ने, | • गाउँपालिकाभित्र हुनसक्ने प्राकृतिक तथा मानवीय जोखिमको अध्ययन तथा अनुसन्धान र मूल्याङ्कन गर्ने,<br>• आपतकालीन उद्धारका लागि यथाशीघ्र उद्धार, चिकित्सा सहायता र संचारको सम्प्रेषणका लागि स्पष्ट खाका र प्रोटोकलहरु निर्धारण गर्ने,<br>• आपतकालीन प्रतिक्रिया र पुनः प्राप्तिका लागि आवश्यक सीपयुक्त मानव जनशक्ति, उपकरण, तोकिएका अधिकारी, आर्थिक स्रोत, साधनको आपूर्ति जस्ता संसाधन व्यवस्थापन गर्ने,<br>• आपतकालीन प्रतिक्रियाका लागि जिम्मेवार अधिकारी तथा निकाय, आपतकालीन प्रतिक्रिया कर्ताहरु र जनतासँग प्रकोप अघि, समयमा र पछि सञ्चार गर्ने योजनाको विकास गर्ने,<br>• विपतबाट पुगेको भौतिक तथा मानवीय क्षतिबाट पुनर्स्थापनाका लागि आवास तथा भोजन, चिकित्सा र मनोवैज्ञानिक परामर्श, विशेष आवश्यकता |

| | |
|---|---|
| | भएका व्यक्तिका लागि थप सेवा तथा सुविधाको व्यवस्थाका साथै आर्थिक गतिविधिसहित पुनर्स्थापनाका लागि कार्यक्रम गर्ने,<br>● विपत जोखिम न्यूनीकरणका लागि तोकिएका अधिकारीहरुले आफ्नो भूमिका र जिम्मेवारीहरु बुझेका छन् र आपतकालीन अवस्थामा प्रतिक्रिया दिन तयार छन् भनी सुनिश्चित गर्न नियमित प्रशिक्षण र अभ्यासहरु सञ्चालन गर्ने,<br>● विपत जोखिम न्यूनीकरणका नवीनतम् आयाम र प्रविधिका बारेमा पुर्न ताजकी तालिम तथा अभ्यासका कार्यक्रमहरु संचालन गर्ने,<br>● भूकम्प, आगलागी, चट्याङ, बाढी पहिरो, जस्ता प्राकृतिक विपद्बारे जनचेतना अभिवृद्धि गर्ने,<br>● विद्यालय स्तरमा प्राकृतिक विपत्ती र मानवीय विपद्बारे नियमित कार्यक्रमहरू सञ्चालन गर्ने,<br>● विपद् पूर्व सूचना प्रणालीको विकास गर्ने,<br>● जलवायु अनुकूलनका उपायहरू अवलम्बन गर्ने,<br>● प्राकृतिक प्रकोपका घटनाको न्यूनीकरणका लागि वन तथा प्राकृतिक वातावरणको उचित संरक्षण गरी वातावरणमा सन्तुलन कायम गर्ने,<br>● मानव सिर्जित कारणहरूबाट हुने मानवीय र स्वास्थ्य सम्बन्धी विपद्हरूमा कमी ल्याउने, |
| ● विपद् व्यवस्थापनमा संस्थागत क्षमता अभिवृद्धि गर्न सम्बद्ध संस्थाहरूसँग सहकार्य गर्ने, | ● विपद् व्यवस्थापनका लागि काम गर्दै आएका सरकारी निकाय तथा त्यसका शाखाहरु, रेडक्रस लगायत अन्य गैरसरकारी संस्थाहरुसँग आपसी समन्वय र सहकार्य गर्ने,<br>● विपद् व्यवस्थापनको लागि वडा स्तरमा विपद् कोष खडा गर्ने र कोषको परिचालन मार्फत स्थानीय स्तरमा आइपर्ने विपद्को सामना गर्न भौतिक क्षमता विकास गर्ने,<br>● विपद् पछिको पुनर्स्थापनाको लागि आवश्यक संस्थागत, भौतिक र कानुनी संरचनाको विकास गर्ने,<br>● विपद् व्यवस्थापन तथा उद्धारका लागि क्षमता अभिवृद्धि गर्ने,<br>● जोखिमयुक्त पहिरो भू-क्षय र नदी कटान भएका क्षेत्रहरूको पहिचान गरी समुचित व्यवस्थापन गर्ने, |

**उद्देश्य ५ सँग सम्बन्धित रणनीति तथा कार्यनीतिहरू**

**उद्देश्य ५:** स्थानीय जनताले प्राप्त गर्ने सार्वजनिक सेवा प्रवाह तथा अवसर सरल, सहज, गुणस्तरीय, प्रभावकारी, निष्पक्ष रूपमा समयमै उपलब्ध हुने वातावरण सुनिश्चित गरी संस्थागत विकासका प्रयासहरूलाई पारदर्शी, जवाफदेही, न्यायपूर्ण र परिणाममुखी बनाउनु,

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **सेवा प्रवाहका लागि सुविधा सम्पन्न** | ● संघीयता कार्यान्वयनको दोस्रो कार्यकालसम्म पनि गाउँपालिकाको प्रशासनिक भवन नबन्नेको सन्दर्भमा गाउँपालिकाको भौगोलिक रुपमा मध्य भाग, शान्ति सुरक्षाको व्यवस्था भएको, बजारको पहुँच, मोटरवेल बाटोको |

| | |
|---|---|
| भौतिक पूर्वाधार निर्माण गर्ने | पहुँच भएको स्थान सुख्खा ओडारमा सरल, सहज, पहुँचयोग्य र प्रविधियुक्त आधुनिक पूर्वाधार सहितको गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्ने,<br>● संस्थागत क्षमता विकासका माध्यमबाट सेवा प्रवाहलाई जनअपेक्षा र आवश्यकता अनुसार बनाउनका लागि गाउँपालिका र सबै वडा केन्द्रहरूमा सरल, सहज, पहुँचयोग्य र प्रविधियुक्त आधुनिक पूर्वाधार तथा औजारहरुको निर्माण गर्ने, |
| ● मानव संसाधनको विकास, परिचालन र सुशासन सहितको चुस्त सेवा प्रवाह गर्ने | ● संघीय तथा प्रादेशिक कानुनको मर्म र स्थानीय आवश्यकतालाई मध्यनजर गरी अधिकार प्रदत्त जनमुखी कानुनहरूको निर्माण र मौजुदा कानुनहरूलाई समयसापेक्ष संशोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,<br>● गाउँपालिकाका जननिर्वाचित प्रतिनिधिहरुलाई देशको शासकीय स्वरुप, विद्यमान कानुन, ऐन, नियम, विकासका नवीनतम् आयाम, विकास, सुशासन र सेवा प्रवाहका नमुनायोग्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासका बारेमा अध्ययन, भ्रमण, तालिम तथा गोष्ठीका माध्यमबाट क्षमताको विकास गर्ने,<br>● गाउँपालिकाको सेवा प्रवाहलाई सरल, सहज र गुणस्तरीय बनाउनका लागि आवश्यक पर्ने मानव संसाधनको व्यवस्थापन गर्न कर्मचारी संगठन र व्यवस्थापन (O & M) सर्वे गर्ने,<br>● जनमुखी नीति, नियम र कानुन निर्माण गरी कार्यान्वयनका लागि दक्ष, सीपयुक्त, जवाफदेही र पारदर्शी संसाधनको व्यवस्था गर्ने,<br>● स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाउन नीति, नियम र कानुनका बारेमा जनतालाई सुसूचित गर्ने,<br>● न्याय सम्पादन र विधेयकहरू तयार गर्न सहजताका लागि कानुन विज्ञको सेवा प्राप्तिको व्यवस्था गर्ने,<br>● गाउँपालिकाका सेवाहरूलाई वडास्तरमा विकेन्द्रीकरण गर्न संस्थागत संरचनाको निर्माण गरी कार्यान्वयन गर्ने,<br>● गाउँपालिकाबाट प्रवाह गरिने सामाजिक विकासका क्षेत्र कृषि, पशुपालन, स्वास्थ्य, शिक्षा र वातावरण संरक्षणलाई घरदैलोमा नै सेवा प्रवाह गर्न संस्थागत संरचनाको व्यवस्था गर्ने,<br>● गाउँ तथा वडा पालिकाले गर्ने निर्णयहरूमा सबै पक्षको सहभागिता, पारदर्शीता, जवाफदेहिता तथा दिगोपनाका लागि संस्थागत संरचना तयार गर्ने,<br>● गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाह सम्बन्धी आवश्यक जानकारी भएको वडापत्र तयार गरी सार्वजनिक स्थानमा राख्ने, यो वडापत्रलाई पाँच वर्षभित्रमा जनतासँग गंगादेव गाउँपालिका नामक Digital Apps बनाइ प्रयोगमा ल्याउने, |

| | |
|---|---|
| | • गाउँपालिकाका विकास निर्माण कार्यहरूको वार्षिक कार्यतालिका बनाउने र तद्नुसार कार्यान्वयन गर्ने,<br>• स्पष्ट जिम्मेवारी तोक्ने र मापदण्ड सहित कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने,<br>• गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका प्रमुख परियोजनाहरूको विवरण भएको सूचना बोर्ड सम्वन्धित स्थानमा टाँस्ने,<br>• गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूको स्पष्ट, समयबद्ध र कति दिनमा के के हुने खाका सार्वजनिक गर्ने र तद्नुसार नभएमा कारणसहित स्पष्टीकरण दिनुपर्ने परिपाटीको विकास गर्ने,<br>• गाउँपालिकाको कर्मचारी संरचनालाई समावेशी बनाउन नियुक्ति, जिम्मेवारी बाँडफाँड, लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीय समावेशीकरणको मान्यतालाई कडाइकासाथ लागू गर्ने,<br>• गाउँपालिका र वडास्तरका विकास निर्माणका क्रियाकलापहरूमा समावेशी ढाँचा र सहभागितामूलक पद्धति अवलम्बन गर्ने, योजना छनौट, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, मूल्यांकनका संयन्त्रहरूमा महिलाको सहभागिता कम्तिमा ३३ प्रतिशत, सीमान्तकृत वर्गको २० प्रतिशत सहभागिता सुनिश्चित गर्ने,<br>• विकास निर्माणका आयोजनाहरूको वाँडफाड र बजेट विनियोजन क्षेत्रीय ( भेगीय) सन्तुलन कायम गर्ने,<br>• सेवा प्रवाहलाई डिजिटल प्रणालीमा रूपान्तरण गर्ने,<br>• Digital Apps मार्फत् सूचना दिनेलिने सिफारिस गर्ने साथै कर तथा अन्य शुल्कहरूको भूक्तानी दिनेलिने समेत गर्ने,<br>• गाउँपालिका र वडा स्तरमा तथ्यांकहरूको आय व्ययको लेखा अभिलेखीकरण Digital Apps प्रणालीमा ल्याउने,<br>• गाउँपालिकाका विभिन्न विषयगत शाखाहरूबाट हुने कामहरूको समन्वय गर्ने र सेवा प्रवाहमा एकद्वार प्रणाली लागू गर्ने,<br>• प्रत्येक वडाकेन्द्र र बजार उन्मुख स्थानमा कम्तिमा एक बैंक वा वित्तीय संस्था स्थापनाको लागि वित्तीय संस्थाहरूसँग पहल गर्ने,<br>• गाउँपालिकामा प्राप्त हुने भुक्तानी कारोवारहरू बैकिङ्ग प्रणाली मार्फत् गर्ने व्यवस्था मिलाउने,<br>• विकास निर्माणका क्षेत्रमा हुने कारोवार तथा राजश्व संकलन सम्बन्धित आय तथा भुक्तानी समेत बैकिङ्ग प्रणालीमा आबद्ध गर्ने,<br>• गाउँपालिका तथा वडाहरूमा प्रयोग हुने कार्यालय व्यवस्थापन वा कार्यक्रम संचालनका साधनहरू सम्भव भएसम्म स्थानीय साधन/श्रोतमा (खाजा, झोला, अतिथि सत्कार सामग्रीहरू लगायतका अन्य सम्भाव्य सामग्रीहरू) आधारित गराउदै लैजाने, |

| | |
|---|---|
| | ● विकास निर्माणका काममा संभव भएसम्म स्थानीय श्रोत सामग्रीहरू र जनशक्तिको प्रयोग गर्ने (काठ, दाउरा, ढुङ्गा, माटो, बालुवा आदि)<br>● गाउँपालिकाबाट सञ्चालित कार्यक्रमहरूमा समन्वय गरी दोहोरो प्रणालीको अन्त्य गर्ने,<br>● गाउँपालिका क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी संस्थाहरूको कार्यक्रमहरूमा समन्वय गर्ने र संस्थागत जिम्मेवारीको परिपाटी बसाउने,<br>● जनतामा प्रवाहित हुने सेवा एकीकृत गर्न हरेक क्रियाकलापमा गाउँपालिका वा वडाको स्वीकृति र समन्वयमा सञ्चालन गर्ने,<br>● गाउँपालिका तथा यसका वडाहरू सुविधा सम्पन्न कार्यालय भवनहरू निर्माण गरी तिनीहरूमा Opticle Fibre जडान गर्न प्रदेशसँग समन्वय गर्ने,<br>● गाउँपालिकाका हरेक विषयगत कार्यालयहरू र वडा कार्यालयहरूको भौतिक विकास तथा जनशक्ति व्यवस्थापन गरी संस्थागत क्षमता बढाउने,<br>● प्रत्येक विषयगत कार्यालयहरूमा प्राविधिक जनशक्ति (जस्तै, इन्जिनियर, स्वास्थ्यकर्मी, पशु चिकित्सक, कृषि विज्ञ, निरीक्षक आदि) को व्यवस्था गर्ने,<br>● कर्मचारीहरू नियुक्ति गर्दा आवश्यक प्राविधिक सीप र दक्षतालाई आधार बनाउने,<br>● कर्मचारीको पेशागत सीप तथा क्षमता अभिवृद्धिका लागि नियमित तालिमहरूको व्यवस्था मिलाउने,<br>● जन प्रतिनिधिहरूलाई योजना निर्माण, बजेट निर्माण, लेखा तथा विकास प्रशासन, नेतृत्व विकास र कार्यान्वयनको क्षेत्रहरूमा समयबद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,<br>● गाउँपालिका तथा वडाहरूका महत्वपूर्ण सार्वजनिक स्थानहरूमा स्वच्छ खानेपानी तथा व्यवस्थित शौचालयहरूको व्यवस्था गर्ने,<br>● गाउँपालिकाका कर्मचारीहरू तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिको लागि अवलोकन अध्ययन भ्रमण कार्यक्रम आवश्यकता अनुसार सञ्चालन गर्ने,<br>● गाउँपालिकाको केन्द्रमा कर्मचारी आवास गृहका साथै जन प्रतिनिधि तथा अतिथिहरूका लागि सुविधा सम्पन्न अतिथि गृहको निर्माण गर्ने,<br>● गाउँपालिकामा हुने विकास निर्माणका कामहरूमा स्थानीय भौतिक तथा मानवीय स्रोतहरूको अधिकतम् उपयोग गर्ने,<br>● प्रभावकारी सेवा प्रवाहको वातावरण निर्माण गरी उच्च मनोबलका साथ काम गर्नका लागि कर्मचारीको सेवा सुविधामा वृद्धि गर्ने,<br>● कृषि क्षेत्रको विकासका लागि ग्रामीण कृषि तथा पशु सेवा कार्यकर्ता तयार गरी परिचालन गरेर सेवा प्रवाहमा सहजता ल्याउने, |

| | |
|---|---|
| | • खानेपानी आपूर्तिलाई चुस्त बनाउन प्रत्येक वडामा खानेपानी उपभोक्ता समूहबाट दुई जना ग्रामीण खानेपानी मर्मत संभार कार्यकर्ता छनौट गरी परिचालन गर्ने, |
| • गाउँपालिकाको आन्तरिक राजश्व वृद्धि गर्ने उपायहरू खोजी गर्दै वित्तीय आत्म निर्भरतातर्फ अघि बढाउने, | • गाउँपालिकाको आन्तरिक वित्तीय स्रोतको वृद्धिका लागि विभिन्न विकल्पहरूको खोजी गरी क्रमशः लागू गर्ने,<br>• कर तथा शूल्कहरू वृद्धि गर्दा न्यायपूर्ण र दिगो वृद्धिलाई आधार बनाउने,<br>• गाउँपालिकाको आन्तरिक वित्तीय स्रोत वार्षिक बजेटको कम्तिमा १० प्रतिशत पुऱ्याउने, |
| • केन्द्र र प्रदेश तथा अन्य स्रोतहरूबाट प्राप्त वित्तीय स्रोतको मितव्ययी र परिणाममुखी सदुपयोग गर्ने, | • वित्तीय जवाफदेहिता र मितव्ययिता कायम गरी वित्तीय अनुशासनलाई कडाइका साथ पालना गर्ने,<br>• वार्षिक बजेटमा आधारित पुजीगत विकास खर्च शतप्रतिशत गर्ने, |
| • विकेन्द्रीकरणको अवधारणाअनुसार गाउँपालिकाबाट प्रवाह हुने सेवा र विकास कार्यलाई वडास्तरमा सञ्चालन हुने अवस्था सिर्जना गर्ने, | • गाउँपालिकाबाट हुने सेवा प्रवाहका कार्यहरूलाई क्रमशः वडा केन्द्रहरूमा विकेन्द्रीकरण गर्ने,<br>• गाउँपालिकामा हुने विकास निर्माणमा दोहोरोपन र पक्षपातरहित बनाउन गाउँपालिका कार्यालयले सहभागितात्मक योजनावद्ध विकास गर्ने र योजना बैंक बनाउने,<br>• गाउँपालिका अन्तर्गतका कार्यालय तथा शाखाहरू र वडा कार्यालय निर्माण गरी सेवा प्रवाहलाई सहज बनाउने, |
| • जनसहभागिता र समावेशीतामा आधारित विकास प्रकृया अवलम्बन गर्ने, | • गाउँपालिकाबाट बनाइने ऐन नियमहरू जनमुखी र समावेशी प्रकृतिका बनाउने,<br>• विकास कार्यहरूलाई सहभागितामूलक र समावेशी आधारहरूमा अगाडि बढाउने, |
| • निर्णय प्रक्रिया र सेवा प्रवाहमा पारदर्शिता जवाफदेहिता तथा समयबद्धतालाई अवलम्बन गर्ने, | • आधुनिक डिजिटल प्रविधिको प्रयोगबाट गाउँपालिकालाई सुसज्जित गर्दै सेवा प्रवाहमा सरलीकरण र प्रभावकारिता ल्याउने,<br>• योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा जनताको सहभागिता वृद्धि गर्ने,<br>• गाउँपालिकाको आयव्ययको कारोबार पूर्ण रूपमा बैंकिङ्ग प्रणालीबाट सञ्चालन गर्ने,<br>• Digital Apps मार्फत गाउँपालिकाका सेवा, सुविधाहरू र प्रकृयाहरूको जानकारी सर्वसाधारणलाई गराउने, |

| | |
|---|---|
| | ● गाउँपालिकाबाट प्रदान गरिने नागरिक सेवाहरूमा चुस्तता ल्याउन कर्मचारीहरूको पेशागत दक्षतामा वृद्धि गर्ने, |
| ● सार्वजनिक खर्चमा मितव्ययिता, पारदर्शिता र जवाफदेहितालाई अवलम्बन गर्ने, | ● विकास निर्माण कार्यहरूको सार्वजनिक लेखा परीक्षण (Public Auditing) गर्ने,<br>● हरेक विकास आयोजनाको सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गर्ने<br>● लेखा परीक्षण गर्ने,<br>● आय व्ययको सार्वजनिक गर्ने, |
| ● जनताको जीउधनको सुरक्षालाई उच्चतम् प्राथमिकता दिने । | ● जीउधनको सुरक्षाको लागि सुरक्षा व्यवस्था मिलाउने,<br>● जनताको जीउधनको सुरक्षाको प्रत्याभूति गर्न देवानी तथा फौजदारी अपराध कार्यमा कमी ल्याउन कानुनको प्रभावकारी कार्यान्वयन गर्ने, |

## ४.५ राष्ट्रिय र प्रदेशका दीर्घकालीन अपेक्षित नतिजा/उपलब्धिहरू

तालिका २१: राष्ट्रिय र प्रदेशका दीर्घकालीन परिमाणात्मक लक्ष्यहरू

| क्र.स. | नतिजा सूचकहरू | राष्ट्रिय लक्ष्य | | लुम्बिनी प्रदेशको लक्ष्य | |
|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०८०/०८१ | २०७५/०७६ | २०८०/०८१ |
| १ | प्रतिव्यक्ति आय अमेरिकी डलर | १०४७ | १५९५ | ८०३ | १६०० |
| २ | निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या प्रतिशत | १८.७ | ९.५ | १८.२ | १०.० |
| ३ | मानव विकास सूचकाङ्क | ०.५७९ | ०.६२४ | | |
| ४ | लैंगिक विकास सूचकाङ्क | ०.८९७ | ०.९६३ | | |
| ५ | अपेक्षित आयु (जन्म हुँदाको) | ६९.७ | ७२ | ६९.३ | ७२.० |
| ६ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | २३९ | ९९ | | |
| ७ | पाँच वर्ष मुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | ३९ | २४ | ४५ | २५ |
| ८ | ५ वर्ष मुनिका कम तौल भएका बालबालिकाको प्रतिशत | २७ | १५ | | |
| ९ | साक्षरता दर | ६५.९ | ९६ | ५८ | ८५ |
| १० | प्रारम्भिक बाल शिक्षा विकास/पूर्व प्राथमिक शिक्षामा कूल भर्नादर | ८५ | १०० | | |
| ११ | आधारभूत तह १ देखि ८ सम्मको खुद भर्नादर प्रतिशत | ९३ | ९९ | | |
| १२ | माध्यमिक तह ९ देखि १२ मा खुद भर्नादर प्रतिशत | ४६ | ६५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | उच्च शिक्षामा कूल भर्नादर प्रतिशत | १२ | २२ | | |
| १४ | आधारभूत तह १ देखि ८ सम्मको विद्यालय छाड्ने दर | ३.८ | १.० | | |
| १५ | आधारभूत तह ९ देखि १२ सम्मको विद्यालय छाड्ने दर | २.६ | ०.५ | | |
| १६ | विद्युत् उत्पादन मेगावाट | १२५० | ५८२० | | |
| १७ | विद्युत्मा पहुँच प्राप्त जनसंख्या प्रतिशत | ८८ | १०० | | |
| १८ | इन्टरनेट प्रयोगकर्ताको कुल जनसंख्या प्रतिशत | ६५.९ | ८० | | |
| १९ | वेरोजगार दर प्रतिशत | ४.४४ | २ | ११.२ | ६ |
| २० | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या प्रतिशत | १७ | ६० | | |
| २१ | ३० मिनेट सम्मको दुरीमा यातायातको पहुँच भएको परिवारको संख्या | ८२ | ९५ | | |
| २२ | ३० मिनेट सम्मको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको घरपरिवार प्रतिशत | ४९.३ | ८० | | |

## ४.६ गंगादेव गाउँपालिकाका अपेक्षित नतिजा/उपलब्धिहरू

तालिका २२: आर्थिक विकासको लक्ष्य तथा गन्तव्यका सूचकहरू

| नतिजा तहहरू | आर्थिक उपलब्धिका सूचकहरू | आधार वर्ष २०८१/२०८२ को अवस्था | २०८५/२०८६ सम्मको लक्ष्य |
|---|---|---|---|
| प्रभाव | दुई वर्ष मुनिका बालबालिका कुपोषित संख्या | ० जना, ( गाउँपालिका स्वास्थ्य शाखाको अभिलेख अनुसार) | यथावत राख्ने |
| | बेरोजगारको संख्या | पुरुष ३००, महिला ८०७ गरी जम्मा ११०७ ( गाउँपालिका रोजगार शाखा अभिलेख) | ७०७ मा झार्ने |
| असर | आफ्नो उत्पादनले ० देखि ३ महिनासम्म मात्र खान पुग्ने परिवार संख्या | १५ प्रतिशत (वडा स्तरीय गोष्ठीका आधारमा) | १८ प्रतिशतमा झार्ने |

| | | | |
|---|---|---|---|
| | आफ्नो उत्पादनले ४ देखि ६ महिनासम्म मात्र खान पुग्ने परिवार संख्या | २१ प्रतिशत (वडा स्तरीय गोष्ठीका आधारमा) | २५ प्रतिशत |
| | आफ्नो उत्पादनले ७ देखि ९ महिनासम्म मात्र खान पुग्ने परिवार संख्या | २६ (अध्ययन वडा स्तरीय गोष्ठीका आधारमा | ३० प्रतिशत |
| | आफ्नो उत्पादनले १० देखि १२ महिनासम्म मात्र खान पुग्ने परिवार संख्या | १९ प्रतिशत (अध्ययन वडा स्तरीय गोष्ठीका आधारमा) | २२ प्रतिशत |
| | वैदेशिक रोजगारीमा जानेको संख्या | २४२७ (राष्ट्रिय जनगणना २०७८) | १५०० मा झार्ने |
| **सि.नं** | **आर्थिक उत्पादनका लक्ष्य तथा गन्तव्यका सूचकहरू** | **आधार वर्ष २०८१/२०८२ को अवस्था** | **२०८५/२०८६ सम्मको लक्ष्य** |
| १ | मासु उत्पादन | १२ मे.टन | २० मे.टन पुऱ्याउने |
| २ | खसी बाखा तथा भेडाको संख्या | १६,००० | २५,००० पुऱ्याउने |
| ३ | कूल चरा प्रजाति मध्ये कुखुरा, हाँस, कालिज तथा बट्टाइको संख्या | ५०,००० | १,५०,००० पुऱ्याउने |
| ४ | बंगुरको संख्या | १५० | ५०० पुऱ्याउने |
| ५ | वार्षिक दुध उत्पादन | ८,५०,०००. लिटर | १५,००,००० लिटर पुऱ्याउने |
| ६ | गाई भैंसीको संख्या मध्ये दुध दिने गाई भैसीको संख्या | १२,००० | थप २००० समेत १४,००० संख्या पुऱ्याउने |
| ७ | अण्डा उत्पादन | ५०,००० | ४,५०,००० पुऱ्याउने |
| ८ | आलु उत्पादन | ५१००० क्वेन्टल कृषि शाखा | ६५००० क्वेन्टल |
| ९ | स्याउ | ५०० क्वेन्टल | १५०० क्वेन्टल |
| १० | किवी | ७०० क्वेन्टल | ४१०० क्वेन्टल |
| ११ | सुन्तला | ७०० क्वेन्टल | १३०० क्वेन्टल |
| १२ | कागति | १०० क्वेन्टल | ५०० क्वेन्टल |
| १४ | तरकारी उत्पादन | ४०००० क्वेन्टल | ८०००० क्वेन्टल |
| १५ | दलहन उत्पादन | २००० क्वेन्टल | ४००० क्वेन्टल |
| १६ | खाद्यान्न उत्पादन | २६००० क्वेन्टल | २६५०० क्वेन्टल |
| क. | मकै | २०००० क्वेन्टल | २०००० क्वेन्टल |
| ख. | गहुँ | १५०० क्वेन्टल | १५०० क्वेन्टल |
| ग. | धान | ५०० क्वेन्टल | ५०० क्वेन्टल |

| | | | |
|---|---|---|---|
| घ. | जौं | ४००० क्वेन्टल | ४५०० क्वेन्टल |
| १७ | विउ उत्पादन रायो चौडा पात | १०० क्वेन्टल | ४०० क्वेटल |
| १८ | उद्यम स्थापना | ७ (गाउँपालिका अभिलेख) | १५ पुऱ्याउने |
| १९ | सहकारी संख्या | ७ वटा (गाउँपालिका अभिलेख) | थप ७ समेत १२ पुऱ्याउने |
| २० | कृषि समुह | १२५ वटा | १६० वटा |
| २१ | कृषि फर्म | ३०० वटा | ५०० वटा |
| २२ | कोल्ड स्टोर | १ वटा | २ वटा |
| २३ | आलु विउ भण्डारण (रसटीक स्टोर) | ६ वटा | १२ वटा |

तालिका २३: सामाजिक विकासका लक्ष्य तथा गन्तव्यका सूचकहरू

| नतिजा तहहरू | सामाजिक विकासका उपलब्धिका सूचकहरू | आधार वर्ष २०८१/२०८२ को अवस्था | २०८५/२०८६ सम्मको लक्ष्य |
|---|---|---|---|
| प्रभाव असर | साक्षरता दर | ७७.३ प्रतिशत (राष्ट्रिय जनगणना २०७८) | शत् प्रतिशत पुऱ्याउने |
| | शिशु मृत्यु दर वा संख्या | २ | शून्यमा झार्ने |
| | बाल मृत्यु दर वा संख्या | ० | यथावत राख्ने |
| | मातृ मृत्यु दर वा संख्या | १ | शून्यमा झार्ने |
| | संस्थागत प्रसूति हुने प्रतिशत | ५९ | १०० प्रतिशत पुयाउने |
| | घरमै प्रसूति हुनेको संख्या | जना | ० मा झार्ने |
| | वार्षिक जन्म दर्ता संख्या | १५०२ पुरुष, १३७२ महिला | - |
| | वार्षिक मृत्यु दर्ता संख्या | २८१ पुरुष, २३१ महिला ( गाउँपालिका पञ्जीकरण शाखा अभिलेख) | - |
| | सम्बन्ध विच्छेद | ३५ जना विगत पाँच वर्षमा | - |
| | बसाइ सरी आएको | २६ घरपरिवार ८५ सदस्य संख्या | - |
| | बसाई सरी जाने | १८८ घरपरिवार ७१५ सदस्य संख्या | - |
| | प्रारम्भिक बालविकास कुल भर्नादर | ९३.२२ प्रतिशत (गाउँपालिका) | ९८ प्रतिशत पुऱ्याउने |
| | प्रारम्भिक बालविकास खुद भर्ना दर | ८१.२३ प्रतिशत (गाउँपालिका) | ९० प्रतिशत पुऱ्याउने |
| | आधारभूत तहमा कुल भर्ना दर | ९४.६५ प्रतिशत ( गाउँपालिका) | ९७ प्रतिशत पुऱ्याउने |
| | आधारभूत तहमा खुद भर्ना दर | ९२.३४ प्रतिशत ( गाउँपालिका) | ९६ प्रतिशत पुऱ्याउने |

गंगादेव गाउँपालिका

| | | | |
|---|---|---|---|
| | माध्यमिक तहमा कुल भर्ना दर | ९१.४५ प्रतिशत (गाउँपालिका) | ९७ प्रतिशत पुऱ्याउने |
| | माध्यमिक तहमा खुद भर्ना दर | ८८.६८ प्रतिशत (गाउँपालिका) | ९२ प्रतिशत पुऱ्याउने |
| | हिंसामा परेका महिलाको संख्या | ४२ न्यायिक समितिमा आएका मुद्दाका आधारमा | शून्यमा झार्ने |
| | न्यायीक समितिमा आएका जम्मा मुद्धा संख्या | ४२ वटा | शून्यमा झार्ने |
| | बाल विवाहको अवस्था | ३८४ जना (राष्ट्रिय जनगणना २०७८) | शून्यमा झार्ने |
| | सुरक्षित पिउने पानीमा पहुँच भएका परिवार संख्या | ३९९७ (राष्ट्रिय जनगणना २०७८) | शत् प्रतिशत पुऱ्याउने |
| **सि.नं** | **सामाजिक विकासका लक्ष्य तथा गन्तव्य र सूचकहरू** | **आधार वर्ष २०८१/२०८२ को अवस्था** | **२०८५/२०८६ सम्मको लक्ष्य** |
| १ | १५ वर्ष माथिको निरक्षर जनसंख्या | ४२७७ (राष्ट्रिय जनसंख्या २०७८) | शून्यमा झार्ने |
| २ | विभिन्न कारणले विद्यालय छाड्ने बालबालिकाको संख्या | २२५९ (राष्ट्रिय जनगणना २०७८) | शून्यमा झार्ने |
| ४ | ५ देखि ९ वर्ष समूहका विद्यालय नगएका बालबालिकाको संख्या | ९४ जना (राष्ट्रिय जनगणना २०७८) | शून्यमा झार्ने |
| ५ | १० देखि १२ वर्ष समूहका विद्यालय नगएका बालबालिकाको संख्या | १२१ जना (राष्ट्रिय जनगणना २०७८) | शून्यमा झार्ने |
| ६ | १३ देखि १६ वर्ष समूहका विद्यालय नगएका बालबालिकाको संख्या | १३८ जना (राष्ट्रिय जनगणना २०७८) | शून्यमा झार्ने |
| ७ | खुल्ला क्षेत्रमा शौचालय बस्नेको संख्या | ० प्रतिशत | यथावत कायम राख्ने |
| ८ | घरेलु फोहर जथाभावी नदी तथा खोल्सामा फाल्ने परिवारको संख्या | डम्पिङ साइट निर्माण नभएको | डम्पिङ साइट निर्माण गर्ने |
| ९ | दलित तथा विपन्न वर्गको सामाजिक सहभागिता | ४१ प्रतिशत (गाउँपालिका) | ९० प्रतिशत पुऱ्याउने |
| १० | वृद्ध चौतारीका माध्यमबाट जेष्ठ नागरिकको जीवन यापन उत्साहप्रद् बनाउँन वृद्ध चौतारी स्थापना | ० | प्रत्येक वडामा कम्तिमा एउटा निर्माण गर्ने |
| ११ | परम्परागत सांस्कृतिक मूल्य, मान्यता र संस्कारको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनको अवस्था | परम्परागत रूपमा संचालनमा रहेको | संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनका कार्यक्रम संचालन गर्ने |

तालिका २४: शहरी तथा पूर्वाधार विकासका लक्ष्य तथा गन्तव्यका सूचकहरू

| सि.न. | लक्ष्य तथा गन्तव्य र सूचकहरू | आधार वर्ष २०८१/२०८२ सम्मको अवस्था | २०८५/२०८६ सम्मको लक्ष्य |
|---|---|---|---|
| १ | कच्ची सडकको जम्मा लम्बाइ ( कि.मि.) | २६४ (गाउँपालिका अभिलेख) | ४०० |
| २ | ग्राभेल तथा सोलिङ्ग सडक जम्मा लम्बाइ (कि.मि.) | ० (गाउँपालिका अभिलेख) | १०० |
| ३ | नाला सहित कालोपत्रे सडकको जम्मा लम्बाइ (कि.मि.) | ० किलो मिटर ( गाउँपालिका अभिलेख) | २५ |
| ४ | भरपर्दो विद्युत् तथा वैकल्पिक उर्जामा पहुँच सुनिश्चितता भएको परिवारको संख्या | वडा नं. ३ र १ मा पुरा विधुतिकरण भएको छ (गाउँपालिका अभिलेख) | १०० प्रतिशत |
| ५ | सार्वजनिक सेवा प्रवाहका लागि गाउँपालिका तथा वडा भवन र सामुदायिक संरचनाहरू स्थापनाको अवस्था | ७ वडा कार्यालय भवन, ४ स्वास्थ्य चौकी भवन, १ कृषि उपज हाट बजार | वडा कार्यालय बनाउनु पर्ने छैन्<br>३ सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन,<br>७ हेल्थ पोष्टको स्तर विकास,<br>१५ शैयाको अस्पतालहरू<br>१ आयुर्वेदिक भवन र<br>२ कोल्ड स्टोर गरी |

तालिका २५: विपद् व्यवस्थापन तथा वातावरण संरक्षणका लक्ष्य तथा गन्तव्यका सूचकहरू

| सि.नं | विपद् व्यवस्थापन तथा वातावरण संरक्षणका लक्ष्य तथा गन्तव्य र सूचकहरू | आधार वर्ष २०८१/२०८२को अवस्था | २०८५/२०८६ सम्मको लक्ष्य |
|---|---|---|---|
| १ | गाउँपालिका तहमा विपद् कोषको व्यवस्था भएको वा नभएको | १० लाख | रु. २ करोडको स्थापना गर्ने |
| २ | विपद् प्रतिकार्यका लागि स्वयंसेवक तयार भए नभएको | हाल सम्म २०० जनालाई प्रतिकार्यका लागि तालिम प्रदान गरेको | प्रत्येक वडामा १०० जनाका दरले जम्मा ७०० जना स्वयंसेवक तयार गर्ने |
| ३ | खाली प्रति जमिन, सामुदायिक वन तथा नदी र सडक किनारामा वृक्षारोपणको अवस्था | विभिन्न समयमा गर्ने गरेको | निरन्तरता दिने |

| | | | |
|---|---|---|---|
| ४ | जलवायु परिवर्तन अनुकुलका उपायहरू अवलम्बनको अवस्था | कार्यक्रमहरू सञ्चालनमा रहेको | निरन्तरता दिने |
| ५ | खाना पकाउन दाउरा प्रयोग गर्ने परिवारको संख्या | ४१९९ परिवार (राष्ट्रिय जनगणना २०७८) | १८०० मा झार्ने |
| ६ | विपद्मा प्रत्येक वडामा प्रतिकार्यको अवस्था | नबनाएको | निरन्तरता दिने |
| ७ | खर र परालले छाएका असुरक्षित र जोखिमयुक्त आवासको संख्या | ५३ (राष्ट्रिय जनगणना २०७८) | शून्यमा झार्ने |
| ८ | वनले ढाकेको क्षेत्रफल | ५७.७२ प्रतिशत | ६० प्रतिशत पुर्‍याउने |

तालिका २६: संस्थागत विकास, सेवा प्रवाह र सुशासनका लक्ष्य तथा गन्तव्यका सूचकहरू

| सि.नं. | लक्ष्य तथा गन्तव्य र सूचकहरू | आधार वर्ष २०८१/२०८२ को अवस्था | आधार वर्ष २०८५/२०८६ को लक्ष्य |
|---|---|---|---|
| १ | सेवा बजारका रूपमा दक्ष जनशक्ति उत्पादनको अवस्था | अनौपचारिक रुपमा भइरहेको | संस्थागत रुपमा अगाडी बढाउने |
| २ | सूचना तथा सञ्चारका लागि इन्टरनेटको पहुँच भएका परिवारको संख्या प्रतिशत | ३५० (राष्ट्रिय जनगणना २०७८) | सबै घरपरिवारमा पुर्‍याउने |
| ३ | गाउँपालिका तथा वडामा वेभ वेस तथ्याङ्क प्रणाली स्थापनाको अवस्था | नभएको | स्थापना गर्ने |
| ४ | गाउँपालिकाको आय व्यय विवरण वेवमा आधारित बनाइ लेखा परीक्षण गर्ने परिपाटी | लागू भएको | निरन्तरता दिने |
| ५ | भू-उपयोग योजना निर्माणको अवस्था | नभएको | बनाउने |
| ६ | राजश्व सुधार योजना निर्माणको अवस्था | छ | प्रयोग गर्ने |
| ७ | कर्मचारी, जन प्रतिनिधि र सरोकारवाला संस्थाहरूको क्षमता विकास योजना निर्माण | निर्माण भएको छ | कार्यान्वयन गर्ने |
| ८ | हाल सम्म तयार भएका ऐन, नियम, कार्यविधि तथा मापदण्डहरूको संख्या | ६२ | आवश्यकता अनुसार तयार गर्दै जाने |
| ९ | संगठन र संरचना सर्भे भए/नभएको अवस्था | भएको | कार्यान्वयन गर्ने |
| १० | गाउँपालिका तथा वडाहरूबाट प्रवाह हुने सेवा सुविधाको विस्तृत विवरण नागरिक वडापत्र (होडिङ्ग बोर्ड) को राखेको/नराखेको अवस्था | राखिएको | निरन्तरता दिने |
| ११ | गाउँपालिका तथा वडाहरूमा सुझाव पेटिका राखेको/नराखेको अवस्था | राखिएको | निरन्तरता दिने |

| | | | |
|---|---|---|---|
| १२ | गाउँपालिकाका गुनासो सुनुवाई गर्ने अधिकारी तोकिएको/नतोकिएको अवस्था | तोकिएको | क्षमता विकास गरी थप जनमैत्री बनाउने |
| १३ | गाउँपालिकाका कार्य विवरण सार्वजनिक गर्ने गरेको/नगरेको | गरेको | निरन्तरता दिने |
| १४ | गाउँपालिकाको आन्तरिक राजश्वको अवस्था | उनन्तीस लाख चालिस हजार | रु १ करोड पुऱ्याउने |
| १५ | करदाताको लगत संकलन गरी अभिलेखिकरण गरे/नगरेको अवस्था | ५० प्रतिशत भएको | करदाताको प्रकार अनुरूप दुरूस्त राख्ने |
| १६ | गाउँपालिकाको राजश्व शाखा छुटै व्यवस्था भए/नभएको अवस्था | भएको | निरन्तरता दिने |
| १७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगको अवस्था (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | ८० प्रतिशत भएको | वडाहरू र पालिकामा दुरूस्त राख्ने |
| १८ | नतिजामुखी अनुगमन प्रणालीको स्थापना भए/नभएको अवस्था | भएको | निरन्तरता दिने |
| १९ | आर्थिक विकास र निजी क्षेत्रसँगको साझेदारी नीति तयारी भए/नभएको अवस्था | भएको | निरन्तरता दिने |
| २० | बेरूजुको अवस्था | एक करोड | शून्यमा झार्ने |
| २१ | परियोजना तथा कार्यक्रम बीच सहकार्य र समन्वय गर्ने गरेको/नगरेको अवस्था | गरेको | निरन्तरता दिदै अर्थपूर्ण बनाउने |
| २२ | अन्तर सरकारी योजना, बजेट, नीति नियम तथा कार्यगत तालमेल र एकता बारे संघ, प्रदेश र गाउँपालिका बीच समन्वय गर्ने गरेको/नगरेको अवस्था | गरेको | निरन्तरता दिने |

## ४.७ आय-व्ययको प्रवृत्ति र प्रक्षेपण

गाउँपालिकाको आवधिक योजना अवधिको आयव्ययको वित्तीय विश्लेषण गर्नको लागि २०७८/०७९ देखि २०८०/०८१ सम्मको आयव्ययको तथ्यांक संकलन विभिन्न स्रोतबाट गरिएको र त्यसका आधारमा आगामी २०८१/०८२ देखि २०८५/०८६ गरी जम्मा ५ वर्षको लागि आयव्ययको वित्तीय विश्लेषण र प्रक्षेपण गरिएको छ। आयव्ययको वित्तीय विश्लेषण र प्रक्षेपण क्रमशः तालिका ३० र ३१ मा राखिएको छ।

तालिका २७: गंगादेव गाउँपालिकाको योजना अवधिको आय र लगानीको अनुमान र प्रक्षेपण (रु. मा) आयका स्रोतहरू

| आय तर्फ | | | | ५ वर्षको आय प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **शीर्षक /स्रोत** | आ.व. २०७८ र२०७९ को यथार्थ | आ.व. २०७९र२०८० को अनुमान | आ.व २०८०र२०८१ को अनुमान | आ.व. २०८१र२०८२ को प्रक्षेपण | आ.व. २०८२र२०८३ को प्रक्षेपण | आ.व. २०८३र२०८४ को प्रक्षेपण | आ.व. २०८४र२०८५ को प्रक्षेपण | आ.व. २०८५र२०८६ को प्रक्षेपण | ५ वर्षको जम्मा |
| **संघीय सरकार** | **३४७,३५०,०००** | **३१५,३००,०००** | **३०३,८००,०००** | **३२४,२८०,०००** | **३५६,७०८,०००** | **३९२,३७८,८००** | **४३१,६१६,६८०** | **४७४,७७८,३४८** | **१,९७९,७६१,८२८** |
| समानीकरण अनुदान | ८९,३००,००० | ९४,५००,००० | ८३,३००,००० | ९१,६३०,००० | १००,७९३,००० | ११०,८७२,३०० | १२१,९५९,५३० | १३४,१५५,४८३ | ५५९,४१०,३१३ |
| शसर्त अनुदान चालु | २०२,७५०,००० | २१०,८००,००० | १७२,५००,००० | १८९,७५०,००० | २०८,७२५,००० | २२९,५९७,५०० | २५२,५५७,२५० | २७७,८१२,९७५ | १,१५८,४४२,७२५ |
| शसर्त अनुदान पुजीगत | | | २६,०००,००० | २८,६००,००० | ३१,४६०,००० | ३४,६०६,००० | ३८,०६६,६०० | ४१,८७३,२६० | १७४,६०५,८६० |
| विशेष अनुदान चालु | १७,९००,००० | १०,०००,००० | ९,०००,००० | | | | | | |
| विशेष अनुदान पुजीगत | | | ८,०००,००० | ८,८००,००० | ९,६८०,००० | १०,६४८,००० | ११,७१२,८०० | १२,८८४,०८० | ५३,७२४,८८० |
| समपूरक अनुदान पुजीगत | ३७,४००,००० | | ५,०००,००० | ५,५००,००० | ६,०५०,००० | ६,६५५,००० | ७,३२०,५०० | ८,०५२,५५० | ३३,५७८,०५० |
| **प्रदेश सरकार** | **३३,६९६,०००** | **३४,०१७,०००** | **२५,८६२,०००** | **२८,४४८,२००** | **३१,२९३,०२०** | **३४,४२२,३२२** | **३७,८६४,५५४** | **४१,६५१,०१०** | **१७३,६७९,१०६** |
| समानीकरण अनुदान | ४,१५२,००० | ५,०१७,००० | ५,७१२,००० | ६,२८३,२०० | ६,९११,५२० | ७,६०२,६७२ | ८,३६२,९३९ | ९,१९९,२३३ | ३८,३५९,५६४ |
| शसर्त अनुदान चालु | ८,५४४,००० | ८,०००,००० | २,१५०,००० | २,३६५,००० | २,६०१,५०० | २,८६१,६५० | ३,१४७,८१५ | ३,४६२,५९७ | १४,४३८,५६२ |
| शसर्त अनुदान पुजीगत | | | ८,०००,००० | ८,८००,००० | ९,६८०,००० | १०,६४८,००० | ११,७१२,८०० | १२,८८४,०८० | ५३,७२४,८८० |
| विशेष अनुदान पुजीगत | ६,०००,००० | ६,०००,००० | | - | - | - | - | - | - |
| समपूरक अनुदान | १५,०००,००० | १५,०००,००० | १०,०००,००० | ११,०००,००० | १२,१००,००० | १३,३१०,००० | १४,६४१,००० | १६,१०५,१०० | ६७,१५६,१०० |
| **राजश्व बाँडफाँड** | **७७,०३३,६२४** | **९२,५५२,०००** | **८८,८१८,१४९** | **९७,६९९,९६४** | **१०७,४६९,९६०** | **११८,२१६,९५६** | **१३०,०३८,६५२** | **१४३,०४२,५१७** | **५९६,४६८,०५०** |
| राजश्व बाँडफाँड-प्रदेश सरकार | ५,१३३,६२४ | ५,४५४,००० | ३,४७३,८४९ | ३,८२१,२३४ | ४,२०३,३५७ | ४,६२३,६९३ | ५,०८६,०६२ | ५,५९४,६६९ | २३,३२९,०१५ |
| राजश्व बाँडफाँड-स्थानीय | | | | - | - | - | - | - | - |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| राजश्व बाँडफाँड-संघीय सरकार | ७१,९००,००० | ८७,०९८,००० | ८५,३४४,३०० | ९३,८७८,७३० | १०३,२६६,६०३ | ११३,५९३,२६३ | १२४,९५२,५९० | १३७,४४७,८४९ | ५७३,१३९,०३५ |
| **आन्तरिक श्रोत** | **२,५००,०००** | **२,९४०,०००** | **२,९४०,०००** | **३,२३४,०००** | **३,५५७,४००** | **३,९१३,१४०** | **४,३०४,४५४** | **४,७३४,८९९** | **१९,७४३,८९३** |
| आन्तरिक श्रोत | २,५००,००० | २,९४०,००० | २,९४०,००० | ३,२३४,००० | ३,५५७,४०० | ३,९१३,१४० | ४,३०४,४५४ | ४,७३४,८९९ | १९,७४३,८९३ |
| **जम्मा आय रु मा** | ४६०,५७९,६२४ | ४४४,८०९,००० | ४२१,४२०,१४९ | ४५३,६६२,१६४ | ४९९,०२८,३८० | ५४८,९३१,२१८ | ६०३,८२४,३४० | ६६४,२०६,७७४ | २,७६९,६५२,८७७ |

तालिका २८: गंगादेव गाउँपालिकाको योजना अवधिको व्ययको अनुमान र प्रक्षेपण (रु. मा)

| व्यय तर्फ | | | | ५ वर्षको व्यय प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| खर्च शीर्षक | आ.व. २०७८ /०७९ यथार्थ | आ.व. २०७९/०८० को अनुमान | आ.व. २०८०/०८१ को अनुमान | आ.व. २०८१/०८२ को प्रक्षेपण | आ.व. २०८२/०८३ को प्रक्षेपण | आ.व. २०८३/०८४ को प्रक्षेपण | आ.व. २०८४/०८५ को प्रक्षेपण | आ.व. २०८५/०८६ को प्रक्षेपण | जम्मा |
| क.चालु खर्च तर्फ | ३४५७३५६०० | ४४४८०९००० | ८८८१८१४९ | ९७६९९९६३.९ | १०७४६९९६०.३ | ११८२१६९५६.३ | १३००३८६५२ | १४३०४२५१७.१ | ५९६४६८०४९.६ |
| ख.पुँजीगत खर्च तर्फ | १५७,०५०,००० | २०१,८६५,००० | ३२६,६७२,००० | ३८७,२८९,६८१ | ३८७,२८९,६८१ | ३८७,२८९,६८१ | ३८७,२८९,६८१ | ३८७,२८९,६८१ | १,९३६,४४८,४०६ |
| क. आर्थिक विकास | ६०००००० | ४५००००० | ११७५०००० | ४१७२४५०० | ४१७२४५०० | ४१७२४५०० | ४१७२४५०० | ४१७२४५०० | २०८६२२५०० |
| ख. सामाजिक विकास | ८५००००० | ५४७००००० | २०४६२५००० | १५२४५५८६० | १५२४५५८६० | १५२४५५८६० | १५२४५५८६० | १५२४५५८६० | ७६२२७९३०० |
| ग. शहरी विकास तथा पूर्वाधार | १५०००००० | ५१८७३००० | ९८९३२००० | १७७१८०३२१ | १७७,१८०,३२१ | १७७,१८०,३२१ | १७७,१८०,३२१ | १७७,१८०,३२१ | ८८५९०१६०६ |
| घ. वन, वातावरण तथा विपद व्यवस्थापन | २०००००० | १०००००० | १६६५००० | १४६८७००० | १४६८७००० | १४६८७००० | १४६८७००० | १४६८७००० | ७३४३५००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ङ. संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १२५५५०००० | ८९७९२००० | ९७००००० | १२४२००० | १२४२००० | १२४२००० | १२४२००० | १२४२००० | ६२१०००० |
| **जम्मा व्यय रु. ( क र ख को योग)** | **५०२७८५६००** | **६४६६७४०००** | **४१५४९०१४९** | **४८४,९८९,६४५** | **४९४,७५९,६४२** | **५०५,५०६,६३८** | **५१७,३२८,३३३** | **५३०,३३२,१९८** | **२,५३२,९१६,४५६** |
| **पुग तथा अपुग बजेट** | | | | -३१,३२७,४८१ | ४,२६८,७३९ | ४३,४२४,५८१ | ८६,४९६,००७ | १३३,८७४,५७६ | २३६,७३६,४२१ |

गंगादेव गाउँपालिका

माथिको तालिकामा गंगादेव गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ देखि २०८०/०८१ सम्मको यथार्थ आय व्ययको वित्तीय विश्लेषण गरिएको छ। यस अन्तर्गत संघ तथा प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत् प्राप्त राजश्व बाँडफाँड, समानीकरण, सशर्त, विशेष, समपूरक अनुदान गाउँपालिकाको आन्तरिक स्रोत, संचित कोष, संघीय सरकारका गौरवका परियोजनामा गरिएको बजेट विनियोजन र खर्चको आधारमा आगामी आर्थिक वर्ष २०८१/०८२ देखि २०८५/०८६ सम्मको अनुमानित बजेटको प्रक्षेपण गरिएको छ।

गाउँपालिका भित्र सामाजिक, आर्थिक, भौतिक, वन तथा वातावरण र संस्थागत विकासका विभिन्न क्षेत्रको विकासका लागि गैरसरकारी संस्था, निजी क्षेत्र, दातृ निकाय, वित्तीय संस्था, चन्दादाता र स्थानीय विकास साझेदारबाट सञ्चालन हुने कार्यक्रमहरूको अनुमानित बजेट, विकास निर्माणमा उनीहरूको नगद तथा अन्य सहभागितालाई ध्यानमा राखी आर्थिक वर्ष २०८१/८२ को लागि प्राप्त हुन सक्ने राजश्व र आयको अनुमान गरिएको छ। निजी क्षेत्रबाट जलविद्युत्, पर्यटन व्यवसाय, उद्योगधन्दा, कृषि तथा पशुपालनमा गाउँपालिका क्षेत्रभित्र भैरहेको र हुन सक्ने लगानी समेतलाई मध्यनजर राखी आर्थिक वर्ष २०८१/०८२ का लागि निजी क्षेत्रको कूल लगानीको अनुमान गरिएको छ। यस्तो लगानीका हकमा आगामी चार वर्षका लागि समेत समान लगानीको प्रक्षेपण गरिएको छ। तर योजना अवधिमा हुने गाउँपालिकाको आन्तरिक आय, संघ र प्रदेशबाट हुने वित्तीय हस्तान्तरण गैरसरकारी संस्थाबाट अपेक्षित कार्यक्रममा हुने खर्च र जनसहभागिताबाट हुने योगदान शीर्षकहरूमा प्रत्येक अघिल्ला वर्षहरूका लागि राजश्व र आम्दानीको प्रक्षेपण १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको छ। निजी लगानीकर्ताले योजना अवधिभर प्रत्येक वर्ष १० प्रतिशतका दरले लगानी वृद्धि गर्ने अनुमान र प्रक्षेपण गरिएको छ। निजी क्षेत्रको लगानी अनुमान गर्दा निजी क्षेत्रका लगानी कर्ताहरूबाट हाल गाउँपालिका क्षेत्रमा भइरहेको लगानी र भविष्यमा हुन सक्ने लगानीबारे सम्बन्धित व्यवसायीहरूसँगको छलफल र अन्तर्क्रियाबाट आएका तथ्य र सुझावहरूलाई समेत आधार मानिएको छ।

यस आवधिक योजनामा कूल प्रक्षेपित आय रु. २ अर्ब ७६ करोड ९६ लाख ५२ हजार ८ सय ७७ बाट रु. २ अर्ब ५३ करोड २९ लाख १६ हजार ४ सय ५६ लगानीको अनुमान गरिएको छ।

उल्लिखित आय र लगानीको प्रक्षेपण गर्दा गाउँपालिकामा विगत आर्थिक वर्षमा भएको यथार्थ आय मार्फत भएको विकास खर्चको परिचालनको स्थितिलाई विश्लेषण गरिएको छ। गाउँपालिकाको वर्तमान नेतृत्वको दीर्घकालीन सोच, क्रियाशीलता संघ र प्रदेशले आफ्ना नीति, कार्यक्रम र बजेट मार्फत देखाएको मार्गदर्शन जनताका अपेक्षा र विकासमा सहभागिता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको प्रभावकारी परिचालन समेतलाई दृष्टिगत गर्दा योजना अवधिका लागि अनुमानित आय तथा लगानीको अनुमान र त्यसलाई पूर्ति गर्ने स्रोतहरू अपेक्षा गरे अनुरूप परिचालन हुने विश्वास गरिएको छ।

गाउँपालिकाको योजना अवधिमा हुने कूल खर्च रु. रु. २ अर्ब ५३ करोड २९ लाख १६ हजार ४ सय ५६ मध्ये नियमित चालु खर्चमा ५९ करोड ६४ लाख ६८ हजार ५० (२३.५५ प्रतिशत) र पुजीगत खर्च १ अर्ब ९३ करोड ६४ लाख ४८ हजार ४ सय ६ (७६.४५ प्रतिशत) विनियोजन गरिएको छ। विनियोजित पुजीगत खर्चमध्ये विकासका पाँचवटा क्षेत्रमा निम्न अनुसार प्रक्षेपण गरिएको छ :

- आर्थिक विकासमा रु. २०८,६२२,५०० (१०.८ प्रतिशत)
- सामाजिक विकासमा रु. ७६२,२७९,३०० (३९.४ प्रतिशत)
- पूर्वाधार विकासमा रु. ८८५,९०१,६०६ (४५.७ प्रतिशत)
- वातावरण तथा विपद् व्यवस्थापनमा रु. ७३,४३५,००० (३.८ प्रतिशत)
- संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा रु. ६,२१०,००० (०.३ प्रतिशत)

विगत ३ आ.व.हरूको आन्तरिक राजश्वको हिसाब गर्दा आ.व. २०७९/८० मा रु ४४,४८,०९,००० भएकोमा आ.व. २०८०/८१ को अनुमान रु ४२,१४,२०,१४९ भएको हुँदा यसको सरदर वृद्धि तथा न्यूनले एकरूपता नपाएको हुँदा चालु आ.व. २०८०/८१ कै अनुमानलाई राजश्व सुधार कार्य योजना बनाएको खण्डमा औषत १० प्रतिशत वृद्धिका दरले आन्तरिक राजश्वबाट हुने आयलाई पनि सोहि अनुपातमा प्रक्षेपण गरिएको छ ।

तालिका २९: आय प्रक्षेपण

| १. चालु आ.व. मा विभिन्न स्रोतको आयमा प्रति वर्ष १० प्रतिशत वृद्धिका आधारमा | |
|---|---|
| प्रथम वर्ष रू | ४५३,६६२,१६४ |
| दोस्रो वर्ष रू | ४९९,०२८,३८० |
| तेस्रो वर्ष रू | ५४८,९३१,२१८ |
| चौथो वर्ष रू | ६०३,८२४,३४० |
| पाचौ वर्ष रू | ६६४,२०६,७७४ |
| **५ वर्षमा जम्मा रू** | **२,७६९,६५२,८७७** |

## ४.८ लगानीको स्रोत र व्यवस्था

### ४.८.१ लगानीको आवश्यकता र स्रोत

यो योजना कार्यान्वयन गर्न ५ वर्षका लागि चालु खर्चका अतिरिक्त आर्थिक, सामाजिक, शहरी तथा पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासन र अन्तर सम्बन्धित गरी कुल जम्मा रू २,२१,९५,४९,५५० आवश्यक पर्ने र ५ वर्षमा हुने अनुमानित आय रू २,७६,९६,५२,८७७ को अनुपातमा रू २३६,७३६,४२१ बढी हुने देखिन्छ । अपुग स्रोतको परिपूर्तिका लागि निम्न विकल्प अनुसार व्यवस्थापन गरिनेछः

विकल्प १: आवधिक योजनालाई संघ र प्रदेश सरकार समक्ष पेश गरी गौरबका योजनाहरूमा लगानी गर्न पहल गरेर,

विकल्प २: चालु खर्च नियन्त्रण तथा पुजीगत खर्च गर्दा न्यूनतम खर्चमा बढी उपलब्धि हुने ढंगबाट खर्च गरेर,

विकल्प ३: आन्तरिक राजश्वका स्रोत पहिचान र वृद्धि गरेर,

विकल्प ४: अन्य दातृ निकायसँग विकास आयोजनामा साझेदारी गरेर,

विकल्प ५: कार्यरत संघ संस्थाहरूसँग सहकार्य बढाएर,

विकल्प ६: लाभग्राहीहरू तथा स्थानीय सहकारीसँग लागत सहभागिता बढाएर,

विकल्प ७: कम जरूरी र कम महत्वपूर्ण आयोजनालाई वार्षिक योजनामा पुर्न बिचार गरेर ।

स्रोत आँकलनका विविध उपायहरू मध्ये बढी सरदर ५ वर्षका लागि उपलब्ध हुने भनी आ.व. २०८१/०८२ को सिलिङ्गका आधारमा सामान्यत: प्रति वर्ष १० प्रतिशतका दरले सबै क्षेत्रबाट उपलब्ध हुने आय र अनुदान तथा राजश्व बाँडफाँटमा वृद्धि हुने अपेक्षाका आधारमा ५ वर्षका लागि आय प्रक्षेपण गरिएको छ आयको आधार र प्रक्षेपण गरिएका प्रतिफलहरूको प्राप्तिका प्रत्येक नतिजा र सो अन्तर्गतका कार्यहरूको अनुमानित सरदर लागत हिसाबका आधारमा ५ वर्षको खर्च प्रक्षेपण गरिएको छ । यसरी हिसाब गर्दा केहि भिन्नता

आउने बजेट तल तालिकामा प्रस्तुत गरिएको छ । यसरी अपुग बजेटलाई गाउँपालिकाले माथि दिइएका विकल्पहरूको उपयोग गरेर घाटा पूर्ति गर्ने देखिन्छ ।

### ४.८.२ आन्तरिक स्रोतको व्यवस्था र परिचालन नीति

यस गाउँपालिकाको राजश्व परामर्श समितिको सिफारिसमा गाउँ परिषद्ले तोकेको दरमा गाउँपालिकाले राजश्व संकलन गर्दछ । सामान्यतः गंगादेव गाउँपालिका अन्तर्गत कर तथा गैर कर अन्तर्गत विभिन्न सिफारिस, व्यक्तिगत घटना दर्ता, व्यवसाय दर्ता, नवीकरण शुल्क, एकीकृत सम्पत्ति कर, घर बहाल कर, विज्ञापन कर, मालपोत तथा भूमि कर, व्यवसाय कर, औद्योगिक कर, निकासी कर जस्ता शीर्षकबाट प्राप्त आम्दानी गाउँपालिकाको आन्तरिक स्रोतहरू हुन् । यसरी प्राप्त स्रोतलाई यसै आवधिक योजनामा निर्दिष्ट गरिएका योजना तथा कार्यक्रमहरूमा परिचालन गरिनेछ ।

### ४.८.३ अन्तर सरकारी स्रोत परिचालन

सामान्यतः संघीय तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकमा गाउँपालिकाले बजेट प्राप्त गर्ने प्रावधान रहेको छ। राजश्व बाँडफाँडका अतिरिक्त अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अन्तर्गत नेपाल सरकारबाट समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र यही प्रकृतिका आधारमा सम्बन्धित प्रदेश सरकारले पनि बजेट हस्तान्तरण गर्ने गर्दछ। अन्तर स्थानीय तहबाट समेत रकम प्राप्त हुने गर्दछ। यसरी प्राप्त स्रोतलाई पनि यसै आवधिक योजनामा निर्दिष्ट गरिएका योजना तथा कार्यक्रमहरूमा परिचालन गरिनेछ ।

### ४.८.४ जनसहभागिता परिचालन

गाउँपालिकाको विकासका लागि जनसहभागिता एक महत्वपूर्ण पक्ष हो । यो गाउँपालिकाका नागरिक र गाउँपालिका सँगसँगै भन्ने मान्यतामा काम गर्ने र जनताको विकासमा स्वामित्व बोध गराउन पनि जनताले धान्न सक्ने हदसम्मका उत्पादन तथा उत्पादकत्व बढाउने र रोजगारी सिर्जना गर्ने प्रकारका योजनाहरू लागत सहभागितामा पहिलो प्राथामिकताका साथ कार्यान्वयन गर्ने तर्फ उन्मुख हुने छन् ।

### ४.८.५ निजी तथा वित्तीय क्षेत्रको स्रोत परिचालन

निजी तथा वित्तीय क्षेत्र गाउँपालिकाको विकास योजनाहरूका लागि अर्को महत्वपूर्ण विकास साझेदार पक्ष हुन् । खास गरी वित्तीय क्षेत्र ग्रामीण अर्थतन्त्र चलायमान बनाउन महत्वपूर्ण अंग हुन् । नेपाल सरकारको तीन खम्बे अर्थ नीति अन्तर्गत सहकारी र निजी क्षेत्र एक महत्वपूर्ण अंग हुन् । तसर्थ गाउँको अर्थतन्त्र मजबुत बनाउन निजी क्षेत्र र सहकारीसँगको सहकार्य बढाइने छ ।

### ४.८.६ संघ संस्थाको स्रोत परिचालन

स्थानीय स्तरमा कार्यरत संघ, संस्था र दातृ निकाय तथा अन्य संघसंस्थाहरू गाउँपालिकाको विकासका महत्वपूर्ण साझेदार पात्रहरू हुने छन् । विकास साझेदार तथा लागत साझेदारीमा यस्ता संघ संस्थाहरू सँगको सहकार्यलाई तीव्रता दिइने छ ।

### ४.८.७ अन्य स्रोत परिचालन

यो आवधिक विकास योजना कार्यान्वयन गर्न आवश्यकताका आधारमा योजनाको लक्ष्य प्राप्तिमा सहयोग गर्न चाहने र असल नियतबाट आउने जुनसुकै स्रोतलाई पनि स्वागत गरिनेछ ।

### ४.८.८ स्रोत साधनको बाँडफाँट तथा परिचालनका आधारहरू

स्रोत बाँडफाँटको मूल आधार वित्तीय व्यवस्थापनका न्यूनतम आधारहरू जस्तैः

**क. जनताको साधन जनताकै हितमा:** जनताबाट माग भै आएका योजनालाई प्राथमिकीकरण गरी कार्यान्वयन गरिनेछ ।

**ख. वित्तीय जवाफदेहिता:** स्रोतहरूको परिचालन जनताले महशुस गर्ने गरी पारदर्शी र जवाफदेहि भएर गरिनेछ ।

**ग. नीतिगत व्यवस्था प्रति अडिग:** राजश्व संकलन, लक्ष्य निर्धारण र खर्च निर्धारण स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ र स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) का प्रावधान अनुसार गरिनेछ ।

**घ. प्राथमिकता केन्द्रित:** योजनाहरूको प्राथमिकताका आधारमा खर्च गरिने छ ।

**ङ. कार्य संचालनका लागि क्षमता विकास:** स्थानीय सरकारको संस्थागत र मानव संसाधनको क्षमताले कार्यलाई असर पार्ने हुँदा यसतर्फ पनि ध्यान दिइने छ । कार्यान्वयन कार्य योजना, कार्य जिम्मेवारी निर्धारण, नतिजा र सूचकहरूको निर्धाण प्रष्ट पारिने छ ।

**च. जवाफदेहिता मापन:** आय व्ययको लेखा परीक्षण, आय व्ययको सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाइका माध्यमबाट जवाफदेहिता मापनको व्यवस्था गरिनेछ ।

प्रस्तुत गरिएका योजनाहरूमा लाग्ने अनुमानित लागत नै हो । खास गरी कृषिको यान्त्रिकीकरणका माध्यमबाट व्यावसायीकरण, पशु पालनमा व्यावसायीकरण, स्थानीय स्रोत साधनमा आधारित उद्यम व्यवसायको स्थापना, सम्पदामैत्री पर्यटन विकास, सामाजिक क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, दिगो पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन, अन्तर सम्बन्धित विषयहरू, सेवा प्रवाह र सुशासन जस्ता विषयहरूको एकीकृत विकास गर्ने लक्ष्य तथा प्रतिफल प्राप्तिका लागि तयार गरिएको खर्च योजना नै स्रोत साधनको बाँडफाँटका मूल आधारहरू हुन् ।

स्रोत साधनहरूको बाँडफाँटलाई निम्न संवैधानिक, कानुनी र नीतिगत आधार समेतलाई ख्याल गरिएको छ,

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,
- नेपाल सरकार तथा प्रदेश सरकारबाट आ.व. २०८१/०८२ को लागि प्रस्तुत भएको नीति तथा कार्यक्रम र बजेट,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू,
- संघ, प्रदेश तथा स्थानीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरू,
- नेपाल सरकारको पन्ध्रौं योजना (२०७६/२०७७–२०८०/२०८१)
- दिगो विकास लक्ष्य २०३०

## ४.९ सार्वजनिक खर्च र राजश्व परिचालन नीति:

### ४.९.१ सार्वजनिक खर्च नीति

गंगादेव गाउँपालिकाको सार्वजनिक खर्चको मूल नीति भनेको गाउँबासीको वृहत्तर हित र उनीहरूकै सरोकारका योजनाहरूमा पारदर्शी ढंगबाट खर्च गरिने नीति लिइने छ । थोरै लागतमा धेरै प्रतिफल प्राप्त

हुने प्रकारका गतिविधिहरूमा खर्च गरी लेखा परीक्षण तथा सार्वजनिक सुनुवाइको माध्यमबाट पारदर्शी बनाइने नीति लिइएको छ ।

### ४.९.२ राजश्व नीति

आन्तरिक राजश्व गाउँपालिकाको अभिन्न अंग हो र विकासका लागि ज्यादै महत्वपूर्ण अंश हो । संम्भावित र वर्तमानमा उपलब्ध राजश्वलाई व्यवस्थित रूपमा नियन्त्रण, व्यवस्थापन गर्नु आवश्यक छ। गाउँपालिकाको आफ्नो सार्वजनिक खर्च नियमावली तयार गरिएको छ र सोको मातहतमा रहेर राजश्व खर्च गरिने छ ।

### ४.१० निजी क्षेत्रको स्रोत परिचालन नीति

योजनाका कतिपय गतिविधिहरू लागत साझेदारीमा संचालन गरिने छन् । खास गरी व्यावसायिक कृषि तथा पशुपालन, सिंचाइका लागि पोखरी निर्माण, होम स्टे र ऊर्जा क्षेत्रको विकास गरिने छ । यस प्रकारका गतिविधिहरूमा निजी क्षेत्रको स्रोत परिचालनलाई प्राथमिकतामा राखिएको छ ।

### ४.११ सहकारी क्षेत्रको स्रोत परिचालन नीति

ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन सहकारीको निकै ठूलो भूमिका छ । सहकारीमा जनताको पहुँच वृद्धिका साथै आय आर्जनका क्षेत्रमा सहकारीबाट व्यवसाय विकास र ऋण प्रवाहलाई जोडिने छ ।

### ४.१२ जनसहभागिता परिचालन नीति

जनताले धान्न सक्ने हद सम्मका उत्पादन तथा उत्पादकत्व बढाउने र रोजगारी सिर्जना गर्ने प्रकारका योजनाहरू लागत सहभागितामा पहिलो प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति लिइने छ ।

### ४.१३ संघ संस्थाको स्रोत परिचालन नीति

योजनामा अनुमान गरिएका अपुग स्रोत जुटाउन र लागत साझेदारीमा कार्य गर्न स्थानीय संघ संस्थासँगको सहकार्य बढाइने छ ।

गंगादेव गाउँपालिका

# परिच्छेद पाँच
# आर्थिक क्षेत्रगत विकास योजना

## पृष्ठभूमि

यस अध्यायमा गंगादेव गाउँपालिकाको दीर्घकालीन योजनाको प्रारूपलाई मध्यनजर गरी Terms of Reference (TOR) मा उल्लिखित विषयगत क्षेत्र आर्थिक विकास योजना अन्तर्गतका कृषि, पशुपंक्षी, सिंचाइ, उद्योग तथा वाणिज्य, पर्यटन, सार्वजनिक, निजी र सहकारी साझेदारी, श्रम तथा रोजगारी र मानव संशाधन विकास जस्ता आर्थिक उत्पादनका उपक्षेत्रलाई समेटिएको छ। आर्थिक विकास योजना अन्तर्गत गाउँबासीको आर्थिक स्तर सुधारका लागि गरिने विकास कार्यक्रमहरू समावेश गरिएको छ । आर्थिक विकास योजना वडागत तथा गाउँपालिका स्तरीय आयोजनाहरूको रूपमा समेत प्रस्ताव गरिएको छ। यसका लक्ष्य, उद्देश्य, कार्यक्रमहरू र उपलब्धि देहाय बमोजिम रहेका छन् ।

## ५.१ कृषि

गंगादेव गाउँपालिका भित्रको जम्मा जमिन १२४३० हेक्टर मध्ये खेतीयोग्य जमिनले ओगटेको क्षेत्रफल ५.७८ हेक्टर अर्थात् ०.०५ प्रतिशत रहेको छ । उक्त जमिनमा बसोबास गर्ने जनसंख्याको आफ्नो स्वामित्वमा भएको जग्गालाई पाखो बारी, घडेरी, आवासीय, औद्योगिक, व्यापारिक र अन्य गरी उपयोग गरिएको छ । गंगादेव गाउँपालिकाको अभिलेखका आधारमा गाउँपालिकामा खेतीयोग्य जमिन ३० वर्ग किलोमिटर रहेको छ। यी खेतीयोग्य जमिन मध्ये जम्मा १० प्रतिशत जमिनमा मात्र सिँचाइ उपलब्ध छ भने बाँकी ९० प्रतिशत जग्गामा वर्षातको सिचाइँमा भर पर्नु पर्दछ । राष्ट्रिय जनगणना २०७८ अनुसार आर्थिक रूपले सक्रिय जनसंख्याको (१५ देखि ५९ वर्ष) १२,१०३ मध्ये यस पालिकाका मानिसहरूले अपनाउँदै आएका पेशाहरूमा करिब ७१.५ प्रतिशत मानिसहरुले मुख्य पेशाको रूपमा कृषि, पशुपालन तथा फलफूल खेती गर्दै आएका छन् ।

गाउँपालिकाका पारिला चौरहरु, ओसिला फाँटहरू उत्पादनका दृष्टिले महत्वपूर्ण मानिन्छन् । गाउँपालिकाको कृषि उत्पादनलाई हेर्दा वार्षिक सरदर आलु ५१००० क्वेन्टल (५१,००,००० के.जी.), तरकारी ४०,००० क्वेन्टल (४०,००,००० के.जी.) र फलफूल १४५० क्वेन्टल (१४५,००० के.जी.) उत्पादन हुने गरेको छ । यो गाउँपालिका तरकारी उत्पादन र पशु (बाख्रा) व्यापार प्रबर्द्धनका दृष्टिकोणले जिल्लाका अन्य पालिकाको तुलनामा राम्रो क्षेत्रका रुपमा रहेको छ । परम्परागत कृषि प्रणालीमा आधारित रहेकाले कृषि पेशा केवल जीविकोपार्जनमा मात्र सीमित हुन पुगेको छ । परम्परागत कृषि प्रणालीमा प्रविधिकरण गरी कृषकहरूलाई व्यावसायिक बनाई आधुनिक कृषि प्रणाली (खासगरी किवी, स्याउ, ओखर, लसुन, आलु) खेतीमा व्यक्तिगत, संस्थागत र सरकारी स्तरबाट नै जोड दिएमा गाउँपालिकाबाट निर्यात गर्न बनाउन सकिने सम्भावना रहेको छ ।

यो गाउँपालिकाका केहि स्थान तरकारी तथा तरकारीजन्य वस्तु उत्पादनका लागि समेत राम्रा रहेका छन् । तथापि उत्पादित तरकारीजन्य वस्तुको बिक्री वितरणका लागि भरपर्दो बजार व्यवस्थाको सुनिश्चितताको अभावमा तरकारी उत्पादन कार्यमा ह्रास आइरहेको छ, भने परम्परागत कृषि प्रणालीमा आधारित रहेकाले कृषि पेशा केवल जीविकोपार्जनमा मात्र सीमित हुन पुगेको छ। परम्परागत कृषि प्रणालीमा प्रविधिकरण गरी कृषकहरूलाई व्यावसायिक बनाई आधुनिक कृषि प्रणालीमा जोड दिएमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन सकिने सम्भावना रहेको छ ।

### संभावना र अवसर

गंगादेव गाउँपालिकाको भूबनोट कृषि उत्पादनका दृष्टिले उर्वरायुक्त पाङ्गो माटो धेरैजसो भूभागमा रहेको छ। मध्य पहाडी क्षेत्रमा उत्पादन गर्न सकिने तरकारी बाली र फलफूल जन्य वस्तुको उत्पादन गर्न सकिने सम्भावना रहेको छ। परम्परागत कृषि प्रणालीमा आधारित कृषक परिवारहरुको वाहुल्यता रहेको छ। तिनै कृषकहरुलाई व्यावसायिक कृषि खेतीका बारेमा तालिम दिई समृद्धिको यात्रा कृषिको व्यावसायीकरण तथा आधुनिकीकरणबाट गर्न सकिने, खेतीपातीका सुविधा वृद्धिका साथै उच्च मूल्यका बालीनालीको छनौट गरी खेती विस्तार गर्न सकिने संभावना देखिन्छ।

कृषिको आधुनिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरण गर्न दक्ष जनशक्ति, सिंचाइ सुविधा, सडक पहुँच, कृषि बजारको स्थापना, शीतभण्डारको व्यवस्था, गोदाम घर तथा संकलन केन्द्रको स्थापना, विजुलीको पर्याप्तता, व्यावसायिक उत्पादनका लागि यान्त्रीकीरण तथा बजारीकरणको प्रयास गर्दा उत्पादन बढाउन सक्ने संभावना प्रशस्तै छ। भिरालो तथा पाखोबारीमा फलफूल लहरे तथा कोशे बाली लगाई माटोको संरक्षण र कृषि क्षेत्रको विकास गर्ने सम्भावना रहेको छ।

### समस्या तथा चुनौती

- गंगादेव गाउँपालिका भित्रका सबै स्थानहरूमा माटो र हावापानी सुहाउँदो खेती गर्ने चलनको कमी रहेको छ।
- सबै खेतीयोग्य जमिनमा खेती नगर्नु, भिरालो पाखाहरूमा भूवनोट अनुसारको व्यावसायिक फलफूल तथा लहरे खेती गर्न नसक्नु,
- उर्वरायुक्त पाखोबारी भए तापनि व्यवस्थित सिंचाइ नहुनु, जल र जमिनको सदुपयोग गर्न नसक्नु, व्यावसायीकरणका लागि दिगो योजना नभएकाले उत्पादकत्व वृद्धिमा समस्या हुनु,
- कृषिको उत्पादनमा वृद्धि गर्नका लागि उन्नत जातका विउविजनहरू प्रयोग तथा उपयोग नहुनु नयाँ विउवीजन र नवीनतम प्रविधिको प्रयोगको ज्ञान नहुनु,
- कृषि प्राविधिक जनशक्तिको अभाव र परिचालन गर्न नसक्नु,
- कृषि उपजको विक्री वितरणका लागि भरपर्दो सडक पहुँच, बजारीकरण, संकलन केन्द्र र मूल्य स्थिरताको समस्या हुनु,
- साना तथा मझौला स्तरमा रहेका कृषकको दक्षता वृद्धि गरी व्यावसायिक बनाउनु चुनौती रहेको छ।
- प्राकृतिक प्रकोप विभिन्न किसिमका कृषिजन्य रोग र कतिपय जंगली जनावर तथा पंक्षीबाट बाली बालीनाली जोगाउनु चुनौती रहेको छ।
- उत्पादकत्व बढाउने प्रयास नहुनु, परम्परागत बालीहरू लोप हुँदै जानु, कृषिमा व्यवसायिक तथा उत्पादनको बजारीकरणबारे ज्ञान कम हुनु, उत्पादन पकेट क्षेत्रहरूमा बाह्रै महिना यातायातका साधन चल्ने सडक नहुनु, आवश्यक मात्रामा सिंचाइको व्यवस्था नहुनु,
- कृषिमा यान्त्रीकरण र आधुनिकीकरण नहुनु, आपूर्ति श्रृंखलाको दिगो व्यवस्थापन नहुनु,
- परम्रागत कृषि प्रणालीमा मात्र भर पर्नु, उच्च मूल्यका बाली छनौट गरी न्यूनतम लगानीमा अधिकतम् लाभ लिन नसक्नु, स्थानीय रैथाने जातका खाद्यान्न बालीको महत्व बुझाउन र संरक्षण गर्न नसक्नु,
- माटोको नियमित परीक्षण नहुनु, आवश्यक श्रमशक्तिको अभाव हुनु, बजार संजालको निर्माण नहुनु, प्राविधिक जनशक्तिको अभाव हुनुजस्ता समस्याहरू रहेका छन्,
- व्यावसायिक ज्ञान तथा सूचनाको कमी, कृषि बजारको अभाव, कृषि बिमाको अभ्यासको कमी, संकलन केन्द्रको अभाव मुख्य चुनौतीको रूपमा रहेका छन्,

- स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालका विभिन्न प्रजातीका बीउविजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको बोटविरूवा प्राप्त गर्न सकेका छैनन्,
- जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने समस्या र त्यसले पुऱ्याउने क्षतिका बारेमा यथेष्ट जानकारी नहुनु र रोकथाम तथा न्यूनीकरणका लागि पहल नहुनु समस्याका रूपमा रहेको छ ।

### सोचः

**“बनाऔं फलफूल र तरकारीको भण्डारः गंगादेवबासीको समृद्धिको आधार”**

### लक्ष्यः

- कृषि तथा फलफूल खेतीको यान्त्रिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरी निर्यात वृद्धि गर्ने,

### उद्देश्यः

- कृषि पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्नु,
- दक्ष कृषि जनशक्तिको उत्पादन गरी आधुनिक कृषि पेशामा जोड्नु,
- उत्पादन र उत्पादकत्व हासिल गरी कृषि उपजमा आत्मनिर्भर गाउँपालिका बनाउनु,
- कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु,
- कृषि उद्यमी तथा उद्योगको विकास गरी आय तथा रोजगारी वृद्धि गर्नु र
- कृषि उपजको बजारीकरण तथा निर्यातको लागि व्यावसायिक कृषि उत्पादनलाई बजार संजालमा जोड्नु ।
- मौषमी तथा बेमौषमी फलफूल, तरकारी खेतीको व्यावसायिक उत्पादन गरी ठूला कृषि बजारमा जोड्नु ।

### रणनीति तथा कार्यनीतिः

| रणनीति | कार्यनीति |
|---|---|
| • कृषि तथा फलफूल क्षेत्रको व्यावसायीकरण गरी समग्र कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने र आत्मनिर्भर कृषि प्रणालीको विकास गर्ने, | • व्यावसायिक कृषि, पशु फर्म, फलफूल समूह र कृषक समूह दर्ता तथा नियमनका लागि व्यावहारिक र कृषि मैत्री नीतिको व्यवस्था गर्ने,<br>• कृषि तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापनका लागि प्रविधि मैत्री प्रणाली (Agriculture App) को निर्माण गर्ने,<br>• कृषि तथा पशु व्यवसायलाई निर्वाहमुखीबाट कृषि उद्यमको रूपमा विकास (Agriculture and Livestock as Enterprise) गर्नका लागि लक्षित कृषकहरुलाई व्यावसायिक तालिमका कार्यक्रम संचालन गर्ने,<br>• व्यावसायिक फलफूल खेतीको विकास र प्रबर्द्धनका लागि कृषकहरुलाई तालिम तथा अध्ययन भ्रमणको व्यवस्था गरी लगानी सुनिश्चित गर्ने,<br>• गंगादेव गाउँबासीको आवश्यकतालाई परिपूर्ति गर्न आवश्यक वस्तुहरूको उत्पादनका लागि हाम्रा लागि हाम्रै उत्पादन अभियान संचालन गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउन खाद्यान्न, फलफूल तथा तरकारीजन्य उपजको उत्पादनका लागि प्रबर्द्धनात्मक कार्यक्रम संचालन गर्ने, |

| | |
|---|---|
| | • पशुपंक्षीजन्य उत्पादन दुध, दही, घ्यू, पनिर, चिज, खुवा र मासुमा पालिकालाई आत्मनिर्भर बनाउनका लागि भैंसी, बाख्रा, गाई, भेंडा, कालिज, कुखुरा, माछा, बँगुर, बदेल, खरायो, टर्की, बट्इ, जस्ता पशुपंक्षी उत्पादन कार्यक्रम संचालन गर्ने,<br>• तरकारी तथा तरकारीजन्य वीउ उत्पादनलाई प्याकेजिङ, लेवलिङ् र ब्रान्डिङ् गरी भरपर्दो बजारीकरणको सुनिश्चितता गर्ने,<br>• कृषि तथा पशु विकासका लागि पकेट क्षेत्रहरू निर्धारण गर्ने र गाउँपालिकाबाट सम्बद्ध पकेट क्षेत्रहरूमा आवश्यक प्रविधि र प्राविधिक सेवा पालिकाबाट उपलव्ध गराउने र कृषकको वित्तीय क्षेत्रमा पहुँच विस्तारका लागि सहजीकरण गर्ने,<br>• कृषि तथा पशु पकेट क्षेत्रहरूको विकास गरी आधुनिक व्यावसायिक खेती र पशु व्यवसाय सञ्चालन गर्नका लागि गाउँपालिकाले उद्यमशील किसानहरूलाई प्रोत्साहन गरी प्राविधिक तथा वित्तीय सहयोग उपलव्ध गराउने,<br>• प्रत्येक वडामा कृषि, बागबानी तथा पशु सम्बन्धी प्राविधिक सेवा र सुविधा उपलब्ध गराउने,<br>• कृषि तथा पशु उत्पादनमा पकेट क्षेत्रको अवधारणा अनुसार व्यावसायीकरण गर्नका लागि तालिम, लागत सहभागिता, बीउ पुजी, उत्पादन तथा बाली संरक्षणमा आधारित अनुदान प्रदान गर्ने,<br>• तरकारी तथा तरकारीजन्य वीउ उत्पादनका लागि कृषकहरूलाई प्राविधिक तथा आर्थिक सहयोग गरी उत्पादन बढाउने,<br>• कृषि तथा पशु क्षेत्रको व्यावसायीकरण र यान्त्रिकीकरण गर्नका लागि कृषकहरूलाई आवश्यक पुजी र पूर्वाधारमा सहयोग गर्ने, किसान तथा व्यावसायीहरूलाई सरल कर्जामा पहुँच वृद्धि गर्न वित्तीय संस्थाहरूसँग सहजीकरण गर्ने,<br>• प्राङ्गारिक कृषि क्षेत्रको वर्गीकरण र नमुना कृषि गाउँको पहिचान गरी एकल तथा सामुहिक प्राङ्गारिक खेती प्रणालीको विकासका कार्यक्रम सञ्चालन गर्ने,<br>• कृषि क्षेत्रको विकास र विस्तार गर्दै प्राङ्गारिक कृषि प्रणालीको विकास गर्ने,<br>• कृषि क्षेत्रको व्यावसायीकरण र यान्त्रीकरण गर्नका लागि कृषकहरूलाई आवश्यक पुजी र पूर्वाधारमा सहयोग गर्ने,<br>• गाउँपालिकाभित्रको बेरोजगारी समस्याको न्यूनीकरण गर्न गाउँपालिकाले कृषि, पशुपालन र फलफूल खेतीमा आधारित स्वरोजगार कार्यक्रम संचालन गरी १५०० युवाहरूलाई विभिन्न किसिमका उद्यम संचालन गराउने,<br>• समान उद्देश्य भएका सहकारीहरूलाई मर्ज गरी पुजी र सीपलाई एकीकृत गरी परिचालन गर्ने, |

गंगादेव गाउँपालिका

| | |
|---|---|
| | • पशुहरूको गोठ/खोर सुधार र मूत्र संकलन तथा प्राङ्गारिक मल जैविक विषादीका रूपमा उपयोग गर्न कृषकहरूलाई सहजीकरण गर्ने, पालिकाकाको उपल्लो स्थानहरूमा व्यावसायिक मासुजन्य पशुवस्तु तथा जडिबुटी खेतीको सम्भाव्यता अध्ययन गरी फर्महरू स्थापना गर्ने,<br>• पालिकाका खेतीयोग्य ठाउँहरुमा मकै, गहुँ, कोदो, फापर, जौं आदि खाद्यजन्य वस्तुको उत्पादनमा वृद्धि गर्न प्राविधिक सहयोग तथा प्रोत्साहनका कार्यक्रम संचालन गर्ने,<br>• विभिन्न ठाउँमा फलफूलका प्रकृति अनुरुपको स्थान छनोट गरी किवी, सुन्तला, कागती, जुनार, एभोकाडो, स्याउ, नास्पती, पलम, आदि फलफूलको व्यावसायिक खेती प्रबर्द्धन गर्नका लागि विरुवा, मल, औषधिजन्य विषादीमा अनुदान तथा प्राविधिक सेवा र बजारको सुनिश्चितता गर्ने,<br>• गाउँपालिकाभित्रका मसलाजन्य उत्पादन क्षेत्रहरुको पहिचान गरी अदुवा, बेसार, लसुन, प्याज, टिमुर, अलैंची जस्ता खेतीको प्रबर्द्धनका लागि प्राविधिक सेवा र बजारको सुनिश्चितता गर्ने,<br>• गाउँपालिकाभित्रका आर्थिक रुपमा विपन्न र पर्याप्त जमिन नभएका परिवारहरुको पहिचान गरी माहुरी पालन व्यवसायको संचालनका लागि आवश्यक प्राविधिक तालिम र वीउ पुजीको व्यवस्था गर्ने,<br>• पालिकाभित्रका खोला तटीय क्षेत्र, खोल्सा तथा सिमसार युक्त चिस्यान क्षेत्रहरुमा खोल्साको सुनको उपाधि प्राप्त अलैंची खेतीको व्यावसायिक प्रबर्द्धनका लागि बिरुवा वितरण तथा प्राविधिक सेवा उपलव्ध गराउने,<br>• ग्रामीण श्रमको उपयोग वृद्धि गरी कृषि तथा पशु सेवा कार्यकर्ता तयारी र परिचालन गर्ने,<br>• कृषि तथा पशु बिमा कार्यक्रम संचालन गरी कृषकको लगानी जोखिम न्यूनीकरण गर्ने,<br>• कृषि उपजजन्य वस्तुको दिगो सुरक्षा र भण्डारणका लागि शीतगृह निर्माण गर्ने, ,<br>• कृषिको व्यावसायीकरणलाई मद्दत पुग्ने गरी विभिन्न विकल्पबाट सिंचाइ सुविधा वृद्धि गरी हाल सिंचाइ सुविधा भएको जमिनको प्रतिशत बढाउने,<br>• उत्पादित वस्तुको बजारीकरणका लागि त्यस स्थानबाट बजारसम्मको सहज पहुँचका लागि ग्रामीण कृषि सडकको निर्माण गर्ने,<br>• कृषि क्षेत्रको विकास र प्रबर्द्धनका लागि कृषि प्रसार तथा विस्तारमा जोड दिने,<br>• खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न माटोको प्रकार र हावापानी अनुसार पकेट क्षेत्र पहिचान गर्ने,<br>• व्यावसायिक बन्न इच्छुक कृषकलाई आवश्यक प्राविधिक तथा वीउ पुजीका लागि वित्तीय संस्थामा पहुँच वृद्धिका लागि सहयोग गर्ने, |

गंगादेव गाउँपालिका

| | |
|---|---|
| | • सम्भावनाका आधारमा कृषकले छनौट गरेका उच्च मूल्यका बालीहरूमा व्यावसायिक उत्पादन गर्नका लागि व्यावसायिक योजना निर्माण गर्न सहजीकरण गर्ने,<br>• गाउँपालिका भित्रका साना लगानी कर्ताहरूको लगत अद्यावधिक गरी व्यावसायिक क्षमताको विकास गर्न व्यावसाय विकास सेवा प्रदायकहरूको सहयोग लिई कृषकहरूलाई आवश्यक सीप प्रदान गर्ने,<br>• आयात प्रतिस्थापन हुने तथा निर्यात प्रबर्द्धन गर्ने प्रकारका आय मूलक कृषि व्यवसाय छनौट र संचालन गर्न ऋणमा पहुँच वृद्धि र प्रविधिसँग जोड्न सहयोग गर्ने,<br>• कृषकहरूको हौसलाका लागि कृषक सम्मान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,<br>• जीविकोपार्जनका लागि कृषिमा आधारित विपन्न वर्गलाई लक्षित गरी आर्यआर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• पाखो जमिन र खेती नगरिएको बाँझो जमिनमा वैकल्पिक बालीहरूको प्रबर्द्धन गर्ने,<br>• जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने समस्या र त्यसले पुऱ्याउने क्षतिका बारेमा यथेष्ट जानकारी गराइ रोकथाम तथा न्यूनीकरणका लागि पहल गर्ने,<br>• वाह्य तथा आनुवांशिक जातीय शुद्धता र गुणस्तर कम हुने बीउविजनको परीक्षण गरी सस्तो मूल्यमा कृषकलाई वीउ वितरण गर्ने,<br>• स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन हुने खालका विभिन्न प्रजातिका बीउविजन उत्पादन गर्ने नर्सरीको व्यवस्था गरी कृषकहरूको माग र आवश्यकताका आधारमा बोटविरूवा सुलभ मूल्यमा वितरण गर्ने,<br>• प्राकृतिक प्रकोप विभिन्न किसिमका कृषिजन्य रोग र कतिपय जंगली जनावर तथा पंक्षीबाट बालीनाली जोगाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने,<br>• कृषि प्राविधिक जनशक्तिको पर्याप्त व्यवस्था गरी परिचालन गर्ने । |
| • कृषि उपजको बजारीकरणका लागि कृषकलाई बजार सञ्जालमा जोड्न सहयोग गर्ने, | • किसानका उत्पादनहरूलाई गाउँपालिकाका मुख्य उत्पादन क्षेत्रदेखि नजिकका ठूला बजार दाङ, बुटवल, नेपालगंञ्ज, नारायणगढ, काठमाडौं जस्ता सहरहरुसँग जोड्नका लागि आपूर्ति संजाल निर्माण गर्ने,<br>• व्यावसायीकरणमा सहयोग गरिएका साना किसानहरूको उत्पादनको बजारीकरण गर्न आवश्यक संकलन केन्द्रको निर्माण गर्ने,<br>• बजार सञ्जालमा आवद्ध गराउन थोक खरिद कर्ताहरूको पहिचान गरी उत्पादक र थोक खरिद कर्ताबीच समन्वय गराइ उत्पादक र थोक बिक्रेताहरू बीच खरिद बिक्री सम्झौताको लागि सहजीकरण गर्ने,<br>• सहकारीको माध्यमबाट विशेष उत्पादन क्षेत्रमा पायक पर्ने गरी संकलन तथा निर्यात केन्द्रको निर्माण गर्ने र |

गंगादेव गाउँपालिका

| | |
|---|---|
| | • उत्पादन कर्तालाई बजारीकरणको सीप प्रदान गर्ने । |
| • बाली बिमामा जोड, | • किसानको हितका लागि बाली बिमाको महत्व, आवश्यकता र बिमा प्रक्रियाबारे जनचेतनामूलक प्रचार प्रसार कार्यक्रम संञ्चालन गर्ने,<br>• बिमा प्रदायक संस्थाहरू र किसान समूहबीच समन्य गराई जोखिम न्यूनीकरणका लागि कृषकहरूलाई बाली बिमा गर्न प्रोत्साहन गर्ने,<br>• कृषि बिमा, आकस्मिक बाली संरक्षण कोष, बिमाले नसमेटिएका बाली नालीमा राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्ने,<br>• न्यूनतम् समर्थन मूल्यको सुरुवात गर्ने,<br>• जलवायु परिवर्तन अनुकूलका अभ्यासको विस्तार तथा प्रसार गर्ने,<br>• बिमा सहजकर्ताको सेवा घरदैलोमा नै उपलब्ध गराउने । |
| • कृषिमा यान्त्रिकीकरण मार्फत लागत घटाइ युवा जनशक्तिलाई आकर्षित गर्ने, | • सम्भावना र आवश्यकताका आधारमा कृषि क्षेत्रको यान्त्रिकीकरण गर्न सहयोग गर्ने,<br>• युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गरी व्यावसायीकरण गर्न प्रविधि हस्तान्तरण तथा कृषि अनुदानको व्यवस्था गर्ने,<br>• विपन्न वर्ग र सामाजिक रूपमा पछाडि पारिएका वर्गलाई लागत सहभागिताको प्रतिशतमा अन्यको तुलनामा २० प्रतिशत कम गराइ यान्त्रिकीकरण गर्न सहयोग गर्ने, |

गंगादेव गाउँपालिका

प्रमुख कार्यक्रम

| क्र. सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | पालिका स्तरीय | | | | | | | | | | | |
| १ | प्राङ्गारीक मल प्रशोधित मेसीन खरीद | वटा | गंगादेब गाउँपालिका स्तरिय | १ | | | | | १ | ३,०००,००० | संघ, प्रदेश,स्था | २ |
| २ | किविको पोल तार वितरण कार्यक्रम | पटक | गंगादेब गाउँपालिका स्तरिय | १ | १ | १ | १ | १ | ५ | ६०००००० | संघ, प्रदेश,स्था | ३ |
| ३ | घुम्ती शिविर कार्यक्रम | पटक | गंगादेब गाउँपालिका स्तरिय | १ | १ | १ | १ | १ | ५ | १०००००० | संघ, प्रदेश,स्था | १ |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | व्यावसायिक लसुन खेती पकेट क्षेत्र कार्यक्रम संचालन गर्ने | के.जी. | गंगादेव नं. का साविकका १, २, ६ र ७ वडा | ५० | ५० | ५० | ५० | ५० | २५० | १००,००० | संघ, प्रदेश,स्था | १ |
| २ | चिस्यान घर निर्माण | वटा | पालिकामा | | १ | | | | १ | १०,०००,००० | संघ, प्रदेश,स्था | ३ |
| ३ | उन्नत विउ वितरण (मकै, गहु, जौ) पकेट क्षेत्र निर्माण | के.जी. | साविक सबै वडामा | १०० | १०० | १०० | १०० | १०० | ५०० | ४५,००० | संघ, प्रदेश,स्था | २ |
| ४ | दाँते ओखर पकेट क्षेत्र निर्माण | वटा | साविक सबै वडामा | २०० | २०० | २०० | २०० | २०० | १००० | ३०,००० | संघ, प्रदेश,स्था | २ |
| ५ | संकलन केन्द्र (हाट बजार) भवन निर्माण | वर्ष | शिवनगर बजार | | | | | १ | १ | १,५००,००० | संघ, प्रदेश,स्था | ३ |
| | वडा नं. २ | | | | | | | | | | | |
| १ | रमाइ, बडामेला, ओइलाम ब्राखा पालनका लागि उन्नत जातको बोका वितरण | वटा | रमाइ, वरामेला, ओइलाम, घोरानेटी | १ | १ | १ | १ | १ | ५ | ६००,००० | संघ, प्रदेश | १ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | आलु तथा लसुन बाली पकेट क्षेत्र निर्माण कार्यक्र संचालन | के.जी. | फारुला, पूर्णगाउँ, डिमरखोली डाडाँगाउँ, हेल्लुड खोला, करडजीबोट, घरविर | २०० | २०० | २०० | २०० | २०० | १००० | ५०,००० | संघ, प्रदेश,स्था | ३ |
| ३ | आलु पकेट क्षेत्र | के.जी. | रमाइ, वडामेला, घोडानेटी ओइलाङ | १ | १ | १ | १ | | ४ | ४००,००० | संघ, प्रदेश,स्था | २ |
| ४ | किवी पकेट क्षेत्र निर्माण कार्यक्रम | विरुवा | गंगादेव वडा नं. २ का सबै घर परिवारलाई क्रमिक रुपमा बाँडने | २०० | २०० | २०० | २०० | २०० | १००० | ५०,००० | संघ, प्रदेश,स्था | २ |
| ५ | सुन्तला कागति अमिला, अंगुर, अनार, आदि फलफूलका पकेट क्षेत्र निर्माण कार्यक्रम | विरुवा | गंगादेव वडा नं. २ का सबै घर परिवारलाई समेटन् | २०० | २०० | २०० | २०० | २०० | १००० | २५,००० | संघ, प्रदेश,स्था | ३ |
| | **वडा नं. ३** | | | | | | | | | | | |
| १ | आलुको वीउ सुधार तथा उत्पादन कार्यक्रम | | वडाका सवै स्थान | २०० | २०० | २०० | २०० | २०० | १००० | १००,००० | संघ, प्रदेश,स्था | १ |
| २ | स्याऊ बगैचा सुधार कार्यक्रमहरु हाइडेनसिटी | विरुवा | स्याउ हुने स्थान | २०० | २०० | २०० | २०० | २०० | १००० | १००,००० | संघ, प्रदेश,स्था | ३ |
| ३ | किबीको पकेट क्षेत्र निर्माण कार्यक्रम | विरुवा | किवी हुने स्थानहरुमा | २०० | २०० | २०० | २०० | २०० | १००० | ५,०००,००० | संघ, प्रदेश,स्था | २ |
| ४ | अमिलो जातको फलफूल खेती प्रवद्धन कार्यक्रम | विरुवा | कागती हुने स्थानमा | २०० | २०० | २०० | २०० | २०० | १००० | २०,००० | संघ, प्रदेश,स्था | २ |
| ५ | बीउ उत्पादन मार्फा रायो मुला कार्यक्रम | वीउ | चिसो स्थानमा | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०,००० | संघ, प्रदेश,स्था | ३ |
| ६ | हरियाली साना किसान कृषि सहकारी | वटा | भवन निर्माण | | | | १ | | १ | २,५००,००० | संघ, प्रदेश,स्था | १ |

गंगादेव गाउँपालिका

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | चामी सुकीदह कृषि सहकारी संस्था भवन निर्माण | वटा | चामी सुकीदह | | | | १ | | १ | २,५००,००० | संघ, प्रदेश | ३ |
| ८ | चाख्ले पातलमा कृषि उपज वस्तु संकलन केन्द्र भौतिक संरचना निर्माण | वटा | चाख्ले पातल | | | १ | | | १ | ३०००००० | प्रदेश स्थानीय | २ |
| | **वडा नं. ४** | | | | | | | | | | | |
| १ | बाखा फारमका व्यावसायिक प्रवद्धन कार्यक्रम | घरपरिवार | पाखापानी रोल्पा | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५,००० | संघ, प्रदेश,स्था | २ |
| २ | बंगुर फारम पालन तथा खोर निर्माण कार्यक्रम | घरपरिवार | पाखापानी रोल्पा | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५,००० | संघ, प्रदेश,स्था | ३ |
| | **वडा नं. ५** | | | | | | | | | | | |
| १ | विभिन्न प्रजातिका हाइवेड तथा उन्नत जातका तरकारी, खाद्यान्न बाली, फलफूल आलु, लसुन, विउविजन आदि पकेट क्षेत्र निर्माण | घरधुरी | महानेटा उखिनढुङगा रातामाटा बरेली | ३० | ३० | ३० | ३० | ३० | १५० | ७,५०० | स्थानीय | १ |
| २ | विभिन्न प्रजातिका हाइवेड तथा उन्नत जातका तरकारी, खाद्यान्न बाली, फलफूल आलु, लसुन, विउविजन आदि पकेट क्षेत्र निर्माण | घरधुरी | हम्पाल बथान पुलबारी तल्लो कुलवास लेख वट्टापलोदचौर वस्लेवटा भाङगाचौर सिस्टेजर्ग | ५० | ५० | ५० | ५० | ५० | २५० | १२,५०० | संघ, प्रदेश, स्थानीय | ३ |
| ३ | विभिन्न प्रजातिका हाइवेड तथा उन्नत जातका तरकारी, खाद्यान्न बाली, फलफूल आलु, लसुन, विउविजन आदि पकेट क्षेत्र निर्माण | घरधुरी | घोगारी स्याला डाँडागाउ कुइनेटा सेतीगुरास | ५० | ५० | ५० | ५० | ५० | २५० | १२,५०० | संघ, प्रदेश, स्थानीय | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विभिन्न प्रजातिका हाइवेड तथा उन्नत जातका तरकारी, खाद्यान्न बाली, फलफूल आलु, लसुन, विउविजन आदि पकेट क्षेत्र निर्माण | घरधुरी | वजेर सिमखोला बुढागाँउ वन्सारी डाँगीगाउ खोरवारे पुर्णागाँउ | ५० | ५० | ५० | ५० | ५० | २५० | १२,५०० | संघ, प्रदेश, स्थानीय | २ |
| ५ | माटो परिक्षण कार्यक्रम | पटक | पालिका स्तरमा | १ | | | | | १ | ३००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ६ | आलु, अलैची, लसुन व्यावसायिक तथा प्रर्वधन कार्यक्रम | पटक | दमपाल वथान, फुलवारी तल्लो, फुलबारी लेख, वस्नेटा लोदचौर, भाङगाचौर सिम्टखर्क भटटाप | | १ | | | | १ | १००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ७ | व्यवसायिक प्रर्वधन कार्यक्रम (आलु, लसुन, अंलैची) | पटक | सिमाखोला मानेटा, घरली स्याला, रातामाटा उकाला पुर्णागाँउ | | | १ | | | १ | १००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ९ | फलफुल वाली विकास विरुवा पकेट क्षेत्र निर्माण कार्यक्रम | संख्या | बजेर सिमखोला फुलवारी, मानेटा वथान, रातामाटा मानेटा | ५० | ५० | ५० | ५० | ५० | २५० | ५००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| १० | शित भण्डार कार्यक्रम | वटा | आवश्यक स्थानमा | १ | | १ | | १ | ३ | २,५००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| | **वडा नं. ६** | | | | | | | | | | | |
| १ | माटो परिक्षण | पटक | सबै स्थानमा | १ | | | | | १ | ३००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | कृषि उत्पादन सम्बन्धी तालिम | पटक | वडा नं. ६ | १ | | | | | १ | २००,००० | संघ, प्रदेश, स्थानीय | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विभिन्न प्रजातिका हाइवेड तथा उन्नत जातका तरकारी, खाद्यान्न बाली, फलफूल आलु, लसुन, व्यावसायिक तथा प्रर्वधन कार्यक्रम | वटा | वल्ले | २०० | २०० | २०० | २०० | २०० | १००० | २५,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ४ | विभिन्न प्रजातिका हाइवेड तथा उन्नत जातका तरकारी, खाद्यान्न बाली, फलफूल आलु, लसुन, विउविजन वितरण कार्यक्रम क्रम | के.जी. | हिले लगायत सवै | १५० | १५० | १५० | १५० | १५० | ७५० | ३७,५०० | संघ, प्रदेश, स्थानीय | २ |
| ५ | जनजागरण कृषक समुह रष्ट्रीक स्टोर मर्मत | पटक | हिले | १ | | | | | १ | २००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ६ | सून्तला जात पकेट क्षेत्र निर्माण कार्यक्रम | वटा | ६ नं. का सबै टोल | २०० | २०० | २०० | २०० | २०० | १००० | २५,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ७ | मकै विउ उत्पादन कार्यक्रम | के.जी. | ६ नं. का सबै टोल | २०० | २०० | २०० | २०० | २०० | १००० | ७०,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ८ | लसून पकेट क्षेत्र निर्माण कार्यक्रम | के.जी. | ६ नं. का सबै टोल | २०० | २०० | २०० | २०० | २०० | १००० | ४००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ९ | वेसार विउ पकेट क्षेत्र निर्माण कार्यक्रम | के.जी. | ६ नं. का सबै टोल | २०० | २०० | २०० | २०० | २०० | १००० | ३०,००० | संघ, प्रदेश, स्थानीय | २ |
| | वडा नं. ७ | | | | | | | | | | | |
| १ | सित भण्डार निर्माण योजना | वटा | उपल्लोजाप | २ | २ | २ | २ | २ | १० | ५००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | फलफूल किवि तथा ओखर पकेट क्षेत्र निर्माण कार्यक्रम | वटा | विखोला, उपल्लोजाप, जापखोला | २०० | २०० | २०० | २०० | २०० | १००० | २५,००० | संघ, प्रदेश, स्थानीय | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | पकेट क्षेत्र निर्माण कार्यक्रम ( लसुन, धनिया, बेसार, अदुवा आदि) पकेट क्षेत्र निर्माण कार्यक्रम | के.जी. | जापचौर | १५० | १५० | १५० | १५० | १५० | ७५० | ३७,५०० | संघ, प्रदेश, स्थानीय | २ |
| ५ | तरकारी विउ वितरण कार्यक्रम (आलु) पकेट क्षेत्र निर्माण कार्यक्रम | के.जी. | जापचौर | १५० | १५० | १५० | १५० | १५० | ७५० | ३७,५०० | संघ, प्रदेश, स्थानीय | २ |
| ६ | किविको थाक्रो (पोल र तार) उपलब्ध कार्यक्रम | घरधुरी | ओखरबोट | २० | २० | २० | २० | | ८० | ४००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ७ | मिनि पावर टेलर (खेत जोत्नको लागि) वितरण कार्यक्रम | वटा | आरुखोला, विखोला, बाहुनथाना | ३ | ३ | ३ | ३ | ३ | १५ | ९००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ८ | कृषिको लागि आलस भण्डारण भवन निर्माण | | सबै टाल | | | | | | | ३०००००० | संघ, प्रदेश, स्थानीय | १ |
| | **जम्मा** | | | | | | | | | ४४,०५२,५०० | | |

गंगादेव गाउँपालिका

### अपेक्षित उपलब्धि

कृषि पेशामा समाजका दक्ष र शिक्षित युवा, ख्यातिप्राप्त लब्ध प्रतिष्ठित व्यक्तिहरु आवद्ध भई सम्मानित पेशाको रुपमा विकास भएको हुनेछ । कृषि तथा फलफूलमा उत्पादन र उत्पादकत्व हासिल गरी कृषि उपजमा आत्मनिर्भर गाउँपालिका भएको हुनेछ । कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यावसायिक प्रणालीमा रूपान्तरण गरी उद्योगको रूपमा विकास भएको हुनेछ । कृषि उद्यमी तथा उद्योगको विकास गरी आय तथा रोजगारी वृद्धि भएको हुनेछ । कृषि उपजको बजारीकरण तथा निर्यातको लागि व्यावसायिक कृषि उत्पादनलाई बजार संजालमा जोडिएको हुनेछ । कृषि क्षेत्रको यान्त्रिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आयातमा कमी र निर्यातमा प्रबर्द्धन गर्दै कृषि तथा फलफूल क्षेत्रले गंगादेव गाउँपालिकाको आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान गरेको हुनेछ ।

## ५.२ पशुपंछी विकास

गंगादेव गाउँपालिकामा कुल कृषि ग्राहस्थ्य उत्पादनमा खाद्यान्न र फलफूलपछि पशुपंक्षीको योगदान महत्वपूर्ण रहेको छ । यस गाउँपालिकामा पशुपंक्षी पालनको रूपमा गाई, भैंसी, भेडा, बाखा, सुँगुर, बँगुर, कुखुरा, माछा आदि पाल्ने चलन रहेको छ । पशुपालनका लागि हावापानी, चरण क्षेत्र, खर तथा डाले घाँसको स्रोत, पानीको पर्याप्तता र परम्परादेखि पशुपालनप्रति स्थानीय कृषकहरूको लगावलाई हेर्दा यो गाउँपालिका पशुपालनका दृष्टिले राम्रो सम्भावना रहेको छ । व्यावसायिक पशुपालन गरी आर्थिक उपार्जनका माध्यमबाट जीवनस्तरमा सुधार ल्याउन कृषकहरूको क्षमता विकास गरी वित्तीय लगानी सुनिश्चित गर्नुपर्ने देखिन्छ । बंगुर तथा सुँगुर नेपालको अधिकांश ग्रामीण क्षेत्रमा सीमित केही जातजातिका परिवारले मात्र परम्परागत रूपमा पाल्ने गरेको पाइन्छ । यस गाउँपालिकामा अन्य पशुपंक्षीका अतिरिक्त बंगुर तथा सुँगुर पालन गर्ने किसान परिवारको संख्या निकै कम पाइएको छ ।

गाउँपालिकाको पार्श्वचित्र अनुसार पशुपंक्षी उपक्षेत्रमा साना तथा मझौला किसानहरूको बाहुल्यता रहेको छ । गाउँबासीहरूले सरदर बाखा/भेडा १६,०००, गाई/भैंसी २,८००, सँगुर १५०, कुखुरा/हांस ५०,००० पालन गरेका छन् । मूलतः निर्वाहमुखी पशुपंक्षी पालन भएको र उन्नत प्रविधि तथा उत्पादन सामग्रीहरूको यथोचित उपलब्धता नभएकाले गंगादेव गाउँपालिकामा पशुपंक्षी विकासतर्फ आशातित उपलब्धि हुन सकेको छैन । साथै वित्तीय पहुँच नहुनु जस्ता कारणहरू पनि अवरोधका रूपमा रहेका छन् । आम उपभोक्ताहरूको क्रयशक्तिमा आएको वृद्धि र गाउँपालिकाका विभिन्न स्थानहरूमा प्रबर्द्धन हुँदै गरेको पर्यटन व्यवसायले पशुपंक्षीजन्य उत्पादनहरूको बढ्दो माग पूर्तिका लागि यस क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न जरुरी छ । पशुपंक्षी क्षेत्रको व्यावसायीकरण तथा बजारीकरणबाट स्थानीय स्तरमै रोजगारी सिर्जना र आयआर्जन गर्न सकिने हुँदा यस क्षेत्रको विकास गरिनु जरुरी छ ।

### सम्भावना र अवसर

- गंगादेव गाउँपालिकाका विभिन्न भूभागमा परम्परागत पशुपंक्षीहरूमा नश्ल सुधार गरी व्यावसायिक उद्देश्यका साथ पशुपालन गर्न सकिने सम्भावना रहेको छ । साथै परिवर्तित समय सन्दर्भसँगै कानुनको दायरामा रही कतिपय वन्यजन्तु कालिज, बटाइ, बँदेल तथा भेंडा, बाखाको व्यावसायिक फार्महरू संचालन गर्ने राम्रो सम्भावना रहेको छ । यसले आयआर्जन, रोजगारी र मासुमा आत्मनिर्भता प्रदान गर्दछ ।
- पशुपंक्षी पालनका दृष्टिले उपयुक्त गाउँपालिकाका विभिन्न स्थानहरूमा गाई, भैंसी र नश्ल सुधार गरिएका बाखा तथा पशुपंक्षीहरूको व्यावसायिक फार्महरू सञ्चालन गरी दुध तथा दुग्धजन्य वस्तु उत्पादन र मासुको समेत निर्यात गरी आयआर्जनमा वृद्धि गर्ने सम्भावना रहेको छ । साथै माहुरीको परम्परागत घारमा सुधार गरी व्यावसायिक मौरी पालन गर्ने प्रचुर सम्भावना रहेको छ ।

### समस्या र चुनौती

- परम्परागत कृषि प्रणालीमा सीमित हुनु, व्यावसायिक प्रयोजनका लागि आधुनिकीकरण गरी पशुपंक्षीको पालन नगर्नु, परम्परागत प्राकृतिक घाँसमा मात्रै निर्भर हुनाले सुक्खा, खडेरी, अस्वाभाविक प्राकृतिक वातावरणमा हुने परिवर्तन र प्राकृतिक विपत्तीका कारण पशुपंक्षीको व्यावसायिक पालन हुन नसक्नु,
- दक्ष प्राविधिक सेवा नहुँदा पोसिलो घाँस तथा कुडो पराल, गोठ, भकारा र खोरहरू पशुपंक्षी मैत्री नहुनाले दुध, मासु र प्रजनन् स्वास्थ्यमा समस्या उत्पन्न भई अपेक्षित लाभ दिन नसक्नु,
- विपन्न, साना तथा मध्यम आय भएका कृषकहरूका लागि सरल कर्जाको व्यवस्था नभएकाले निर्वाहमुखी पशुपंक्षी पालनमा मात्र सीमित रहनु,
- सीमित स्रोतसाधन, परम्परागत ज्ञान र अनुभवबाट उत्पादित दुग्धजन्य वस्तुले उचित मूल्य र सहज बजार पाउन नसक्दा कृषकहरू व्यावसायिक पशुपंक्षी पालनप्रति उत्साहित नहुनु,
- आफ्नै पुजी, सीप र अनुभवका आधारमा पशुपंक्षीजन्य उत्पादनमा संलग्न किसानहरूको व्यावसायिक दक्षता अभिवृद्धिमा संस्थागत ध्यान नजानु,
- गाउँपालिका भित्रका सबै स्थानमा दक्ष जनशक्तिको पहुँच नहुनु, विभिन्न रोग प्रतिरोधात्मक औषधीको अभाव, पशु स्वास्थ्य उपकरणको अभाव, नश्ल सुधार सेवाको कमी, भेट्नरी प्रसार सेवाको कमी हुनु ।

### सोचः

**"पशुपंक्षी पालनको व्यावसायिकता, गंगादेवबासीको सबलता"**

### लक्ष्यः

- स्वच्छ एवम् गुणस्तरीय पशुपंक्षी उत्पादनमा व्यावसायीकरण गरी खाद्य तथा पोषण सुरक्षामा गाउँपालिकालाई आत्मनिर्भर गराउनुका साथै जनताको आय स्तरमा सुधार ल्याउने ।

### उद्देश्यः

- गाउँपालिकाका सम्भाव्य वडाहरूमा उन्नत पशुपंक्षीमा विविधीकरण र व्यावसायीकरण गरी गाई र भैंसीको दुध उत्पादनमा वृद्धि गर्न नश्ल सुधार, पशु आहार व्यवस्थापन, गोठ सुधार, पशु स्वास्थ्य सेवामा सुधार गर्नु,
- गाउँपालिकाका सम्भाव्य वडाहरूमा व्यावसायिक भेंडा, बाख्रा, सुँगुर, बँगुर, कुखुरा, हाँस, जस्ता मासुजन्य पशुपंक्षी पालन व्यवसायलाई व्यावसायीकरण गर्न आवश्यक नश्ल सुधार, गोठ तथा खोर सुधार, पशु आहारा र पशु स्वास्थ्य सेवामा सुधार गरी उत्पादकत्व र उत्पादनमा वृद्धि गर्नु,
- व्यावसायिक जोखिमको न्यूनीकरणका लागि पशुपंक्षी बिमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- पशु तथा पशुपंक्षीजन्य उत्पादन (दुध, दही, घ्यू र मासु) को बजार व्यवस्था गर्नु र
- गाउँपालिको भौगोलिक अवस्थिति, हावापानी तथा प्रचलित कृषि प्रणालीमा व्यावसायिक मौरीपालनको संभावना निकै राम्रो देखिएकोले सम्भाव्य स्थानहरूमा मौरीपालन कार्यक्रम सञ्चालन गर्नु ।

### रणनीति तथा कार्यनीतिः

| रणनीति | कार्यनीति |
|---|---|
| • पशुपंक्षी पालनमा व्यावसायीकरण गरी समग्र पशुपंक्षी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने, | • गाउँपालिका भित्र व्यावसायिक पशुपंक्षी पालनका लागि पकेट क्षेत्र पहिचान गर्ने,<br>• साना तथा विपन्न किसानलाई पशुपंक्षीको व्यावसायिक पालनमा आकर्षित गर्न आवश्यक व्यावसायिक योजना सहित प्राविधिक र बिउ पुजीको व्यवस्था गर्ने,<br>• पशुपंक्षीजन्य उत्पादन दुध, दही, घ्यू, पनिर, चिज, खुवा र मासुमा पालिकालाई आत्मनिर्भर बनाउनका लागि भैंसी, बाखा, गाई, भेंडा, कालिज, कुखुरा, माछा, बँगुर, बदेल, खरायो, टर्की, बटाइ, जस्ता पशुपंक्षी उत्पादन कार्यक्रम संचालन गर्ने,<br>• प्रत्येक वडामा पशुपंक्षी सम्बन्धी प्राविधिक सेवा र सुविधा उपलब्ध गराउने,<br>• पशुपंक्षी उत्पादनमा पकेट क्षेत्रको अवधारणा अनुसार व्यावसायीकरण गर्नका लागि तालिम, लागत सहभागिता, बीउ पुजी, उत्पादन तथा बाली संरक्षणमा आधारित अनुदान प्रदान गर्ने,<br>• पशुपंक्षी क्षेत्रको व्यावसायीकरण र यान्त्रिकीकरण गर्नका लागि कृषकहरूलाई आवश्यक पुजी र पूर्वाधारमा सहयोग गर्ने, किसान तथा व्यावसायीहरूलाई सरल कर्जामा पहुँच वृद्धि गर्न वित्तीय संस्थाहरूसँग सहजीकरण गर्ने,<br>• गाउँपालिकाभित्रको बेरोजगारी समस्याको न्यूनीकरण गर्न गाउँपालिकाले पशुपंक्षी पालनमा आधारित स्वरोजगार कार्यक्रम संचालन गरी युवाहरूलाई पशुपंक्षी सम्बन्धी उद्यम संचालन गराउने,<br>• पशुहरूको गोठ/खोर सुधार र मूत्र संकलन तथा प्राङ्गारिक मल जैविक विषादीका रूपमा उपयोग गर्न कृषकहरूलाई सहजीकरण गर्ने,<br>• पालिकाकाको सम्भाव्य स्थानहरूमा व्यावसायिक मासुजन्य पशुवस्तु तथा जडिबुटी खेतीको सम्भाव्यता अध्ययन गरी फर्महरू स्थापना गर्ने,<br>• गाउँपालिकाभित्रका आर्थिक रुपमा विपन्न र पर्याप्त जमिन नभएका परिवारहरुको पहिचान गरी माहुरी पालन व्यवसायको संचालनका लागि आवश्यक प्राविधिक तालिम र बीउ पुजीको व्यवस्था गर्ने,<br>• पशुपंक्षी बिमा कार्यक्रम संचालन गरी कृषकको लगानी जोखिम न्यूनीकरण गर्ने,<br>• व्यावसायिक बन्न इच्छुक कृषकलाई पशुपंक्षी पालनमा व्यावसायीकरण गर्ने योजना, आवश्यक पूर्वाधार विकास, बीउ पुजी, प्राविधिक ज्ञान, राज्यले अंगीकार गरेका नीति, नियमबारे सचेतना कार्यक्रम संचालन गर्ने,<br>• पशुपंक्षी पालक किसानले छनौट गरेका पशु पैदावारको व्यावसायिक योजना बनाउन सहजीकरण गर्ने, |

गंगादेव गाउँपालिका

| | |
|---|---|
| | • लगानी सुनिश्चितताका लागि बैंक तथा वित्तीय संस्थाहरू सँग समन्वय गराउने,<br>• साना लगानी कर्ता किसानहरूको लागत अद्यावधिक गरी उनीहरूको व्यावसायिक क्षमताको विकास गर्न व्यवसाय विकास सेवा प्रदायकहरूको सहयोग लिई आवश्यक सीप प्रदान गर्ने,<br>• गाउँपालिकाका सबै वडाहरूमा पशु स्वास्थ्य सेवाको विस्तार गरी आय मूलक पशु व्यवसाय छनौट र प्रविधिसँग जोड्न सहयोग गर्ने,<br>• दुध उत्पादनका लागि पालिएका गाई र भैंसीको नश्ल सुधारको लागि सम्भावित व्यावसायिक गाई र भैंसी पालक समूहमा मुर्रा क्रस राँगा र जर्सी क्रस साँढे वितरण गर्ने,<br>• व्यावसायिक गाई भैंसी पालन पकेट क्षेत्रका पशु पालक कृषकहरूको गोठ सुधारमा सहयोग गर्ने,<br>• गाउँपालिकाका सम्भावित वडाहरूमा बारीको डिल, बाँझो बारी, तथा खरबारीमा उन्नत भुई घाँस तथा डाले घाँसका विरुवा रोप्ने कार्यक्रम सञ्चालन गर्ने,<br>• गाई भैंसीको नश्ल सुधार, पशु आहारा विकास, पशु स्वास्थ्य सेवा र पशु बिमा सेवाको भरपर्दो व्यवस्था गर्ने,<br>• गाउँपालिकाका दुग्ध उत्पादन पकेट क्षेत्रमा दुग्ध उत्पादक सहकारी संस्था मार्फत् दुग्ध संकलन केन्द्र सञ्चालन गर्ने,<br>• गाउँपालिका भित्रका स्थानीय बजारहरूमा दुध तथा दुग्धजन्य पदार्थ (दही, पनिर, मखन र घ्यू) को उत्पादन गरी बिक्रीका लागि बजारको व्यवस्था गर्ने,<br>• गाउँपालिकाका सम्भावित व्यावसायिक बाखा उत्पादन पकेट क्षेत्रमा स्थानीय बाखामा नश्ल सुधारका लागि क्रस वोयर बोका वितरण गर्ने,<br>• व्यावसायिक बाखा पालन पकेट क्षेत्रका किसानको बाखाको खोर सुधार कार्यक्रम संचालन गर्ने,<br>• गाउँपालिकाका सम्भावित बाखा उत्पादन पकेट क्षेत्रमा उन्नत भुई घाँस र डाले घाँस उत्पादनको लागि हावापानी सुहाउँदा घाँस तथा डाले घाँसका बीउ र वेर्ना वितरण गर्ने,<br>• व्यावसायिक बाखा पालक किसान परिवारलाई आ-आफ्नो बारी र खरबारीमा उन्नत घाँस र डाले घाँसका विरुवा रोप्नका लागि प्रेरित गर्ने,<br>• गाउँपालिकाका सबै व्यावसायिक बाखा पालक किसानहरूलाई न्यूनतम प्राविधिक पशु स्वास्थ्य सेवा उपलब्ध गराउने,<br>• गाउँपालिकामा उत्पादित बाखाको बजार व्यवस्थापनको लागि मोबाइल एप्सको निर्माण गरी आन्तरिक र वाह्य बजारमा बिक्री वितरणको व्यवस्था गर्ने, |

| | |
|---|---|
| | ● गाउँपालिकाका सम्भाव्य व्यावसायिक बाखापालन पकेट क्षेत्रमा स्थानीय सामुदायिक वन उपभोक्ता समूह र सम्बन्धित वन डिभिजन कार्यालयसँग समन्वय गरी बाखा चरण क्षेत्रमा चरण संरक्षण तथा विकासका कार्यक्रम सञ्चालन गर्ने,<br>● बाखाको ऊन काट्ने तथा धागो काट्ने मेसिन औजार उपलब्ध गराउने,<br>● गाउँपालिकाका सम्भावित क्षेत्रहरूमा व्यावसायिक सुँगुर, बंगुरका पाठा पाठी उत्पादन गर्ने र सुँगुर तथा बंगुर पालनका लागि छनोट भएका किसान परिवारलाई आवश्यक पोथी र भाले सुँगुर तथा बंगुरका पाठा उपलब्ध गराउने,<br>● व्यावसायिक सुँगुर तथा बंगुरपालक किसानहरूको न्यूनतम पशु स्वास्थ्य सेवामा पहुँचमा वृद्धि गर्ने,<br>● स्थानीय जातका कुखुराको व्यावसायिक उत्पादन गर्न आवश्यक खोर तथा प्राविधिक सहयोग गर्ने,<br>● स्थानीय जातका कुखुराको व्यावसायिक उत्पादन गर्ने सबै किसानहरूलाई आवश्यक तालिमको व्यवस्था गर्ने । |
| ● उत्पादित पशुपंछीको बजारीकरणका लागि पशुपालक कृषकहरूलाई बजार सञ्जालमा जोड्न सहयोग गरिनेछ । | ● विशेष उत्पादन क्षेत्रमा पायक पर्ने गरी संकलन तथा निर्यात केन्द्रको निर्माण गर्ने,<br>● उत्पादकहरूलाई बजारीकरणको सीप प्रदान गर्ने,<br>● पशुपालक किसानहरूलाई बजार सञ्जालमा आबद्ध गराउन थोक खरिदकर्ताहरूको पहिचान गरी उत्पादक र थोक खरिद कर्ता माफ्र समन्वय गराउने,<br>● उत्पादकहरू र थोक बिक्रेताहरू बीच समन्वय गराइ उत्पादकहरू र थोक बिक्रेताहरू बीच खरिद बिक्री सम्झौता गराउन सहजीकरण गर्ने । |
| ● पशुपंक्षी पालक किसान व्यावसायहरूमा आउने जोखिम कम गर्नका लागि पशु बिमा कार्यक्रम लागु गरिनेछ । | ● किसानको व्यावसायिक हितका लागि बिमाको महत्व, आवश्यकता र बिमा प्रक्रियाबारे जनचेतनामूलक प्रचार प्रसार कार्यक्रम संञ्चालन गर्ने,<br>● बिमा प्रदायक संस्थाहरू र किसान समूहबीच समन्य गराई जोखिम न्यूनीकरणका लागि कृषकहरूलाई पशुपंक्षी बिमा गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,<br>● बिमा सहजकर्ताको सेवा घरदैलोमा नै उपलब्ध गराउने । |

प्रमुख कार्यक्रमः

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोने निकाय | प्राथमि कता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | पालिका स्तरीय | | | | | | | | | | | |
| १ | पालिका तथा वडाका पशु उपचार केन्द्रमा ट्रेभिज निर्माण गर्ने | वटा | पालिकाका सबै वडामा | २ | २ | १ | १ | २ | ८ | २७००००० | संघ, प्रदेश | १ |
| २ | कृषकसँग घरदैलो प्राविधिक कार्यक्रम संचालन गर्ने | पटक | पालिकाका सबै वडामा | १ | १ | १ | १ | १ | ५ | ३००००० | संघ, प्रदेश | ३ |
| | वडा नं १ | | | | | | | | | | | |
| १ | उन्नत जातका नश्ल सुधारका लागी राँगा वितरण | वटा | वडाका सबै स्थान | १ | १ | | | | २ | ४००,००० | स्थानीय | १ |
| ३ | विभिन्न रोगको खोप तथा औषधी वितरण | पटक | वडाका सबै स्थान | १ | १ | १ | १ | १ | ५ | ५००,००० | संघ, प्रदेश | ३ |
| ४ | भकारो सुधार कार्यक्रम | घरधुरी | वडाका सबै स्थान | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | ५,६२५,००० | संघ, प्रदेश | २ |
| ५ | उन्नत जातका नश्ल सुधारका लागि सिरोही बोका वितरण | वटा | वडाका सबै स्थान | १ | १ | १ | १ | १ | ५ | ३५०,००० | स्थानीय | १ |
| | वडा नं २ | | | | | | | | | | | |
| १ | कृषकहरुलाई पशु पंक्षी पालन सम्वन्धी क्षमता विकास तालिम कायर्क्रम | | | | | | | | | ५००००० | प्रदेश | १ |
| | वडा नं ३ | | | | | | | | | | | |
| १ | दाना व्यवस्थापन तथा फोहर व्यवस्थापन कार्यक्रम | पटक | वडा नं. ३ का सबै फर्महरु | | १ | | | | १ | १,०००,००० | संघ, प्रदेश | १ |
| २ | साईलेज बनाउने मेसीन वितरण कार्यक्रम | वटा | वडा नं. ३ का सबै फर्महरु | १ | १ | १ | १ | १ | ५ | ३००,००० | स्थानीय | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | पशु चौपाया वीमा कार्यक्रम | परिवार | वडा नं. ३ का सबै घरहरु | २०० | २०० | २०० | २०० | २०० | १००० | १,०००,००० | संघ, प्रदेश | ३ |
| | **वडा नं ४** | | | | | | | | | | | |
| १ | वाखाफार्म निर्माण कार्यक्रम | वटा | विजयपुरी, गुइवाखोला | | १ | १ | | | २ | १००,००० | संघ, प्रदेश | १ |
| | **वडा नं ५** | | | | | | | | | | | |
| १ | भकारो सुधार कार्यक्रम | घरधुरी | वडा नं. ५ का सबै घरहरु | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | २,४७५,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | उन्नत जातको बोका वितरण कार्यक्रम | वटा | | १ | १ | १ | १ | १ | ५ | २५०,००० | संघ, प्रदेश | ३ |
| ३ | ट्रेभिज निमार्ण | संख्या | वडा नं. ५ | | | | १ | | १ | १२०,००० | संघ, प्रदेश | २ |
| ४ | पशुचौपाया आवश्यक खोप तथा औषधी वितरण कार्यक्तम | पटक | वडा नं. ५ सबै टोलहरु | १ | १ | १ | १ | १ | ५ | ५००,००० | संघ, प्रदेश | २ |
| ५ | कृषकहरुलाई पशु पंक्षी पालन सम्वन्धी क्षमता विकास तालिम कायर्क्रम | पटक | वडा नं. ५ सबै टोलहरु | १ | १ | १ | १ | १ | ५ | १५०,००० | प्रदेश, स्थानीय | ३ |
| ९ | उन्नत जातको ब्याड राँगा वितरण | वटा | वडा नै. ५ का सबै स्थान | | १ | १ | १ | | ३ | ६००,००० | संघ, प्रदेश | २ |
| | **वडा नं. ६** | | | | | | | | | | | |
| १ | पशुपालन सम्वन्धि तालिम | पटक | ६ नं. का सबै टोल | १ | १ | १ | १ | १ | ५ | ५००,००० | प्रदेश | १ |
| २ | बाखा प्रवद्धन कार्यक्रम | वटा | गोरजले | ४ | ४ | ४ | ४ | ४ | २० | ३००,००० | प्रदेश | २ |
| ३ | भकारो सुधार कार्यक्रम | घरधुरी | ६ नं. का सबै घरधुरी | १५ | १५ | १५ | १५ | १५ | ७५ | १,१२५,००० | प्रदेश, स्थानीय | २ |
| ४ | गोठ निर्माण कार्यक्रम | वटा | ६ नं. का सबै टोल | ३ | ३ | ३ | ३ | ३ | १५ | ३,०००,००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ७** | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाख्रापालन खोर निर्माण कार्यक्रम | वटा | उपल्लोजाप, विखोला, जायखोला | १० | १० | १० | १० | १० | ५० | २,५००,००० | संघ, प्रदेश | १ |
| २ | भकारो सुधार कार्यक्रम | घरधुरी | उपल्लोजाप, विखोला, जायखोला | २९ | २९ | २९ | २९ | २९ | ५८ | ८७०,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ३ | राँगा वितरण कार्यक्रम | वटा | अरुखोला | १ | १ | १ | १ | | ४ | १,५००,००० | संघ, प्रदेश | ३ |
| ४ | बोयर बोका वितरण कार्यक्रम | वटा | ओखरबोट | १ | १ | १ | १ | | ४ | १,५००,००० | संघ, प्रदेश | ३ |
| ५ | वंगुरपालन कार्यक्रम | वटा | जापचौर | ८ | ८ | ८ | ८ | ८ | ४० | २००,००० | स्थानीय | ४ |
| ६ | कुखुरा पालन खोर निर्माण कार्यक्रम | वटा | धप्री | १२ | १२ | १२ | १२ | १२ | ६० | ७८०,००० | संघ, प्रदेश, स्थानीय | २ |
| | **जम्मा** | | | | | | | | | २९,१४५,००० | | |

गंगादेव गाउँपालिका

### अपेक्षित उपलब्धिः

गाउँपालिकाका सम्भाव्य वडाहरूमा उन्नत पशुपंक्षीमा बिबिधीकरण र व्यावसायीकरण गरी गाई र भैंसीको दुध उत्पादनमा वृद्धि गर्न नश्ल सुधार, पशु आहार व्यवस्थापन, गोठ सुधार, पशु स्वास्थ्य सेवामा सुधार गरिएको हुनेछ । मासुजन्य पशुपंक्षी पालन व्यवसायलाई व्यावसायीकरण गर्न गाउँपालिकाका सम्भाव्य वडाहरूमा व्यावसायिक भेडा, बाखा, सुँगुर, बंगुर, कुखुरा, हाँस, जस्ता पशुपंक्षीमा आवश्यक नश्ल सुधार, गोठ तथा खोर सुधार, पशु आहारा र पशु स्वास्थ्य सेवामा सुधार गरी उत्पादकत्व र उत्पादनमा वृद्धि भएको हुनेछ । व्यावसायिक जोखिमको न्यूनीकरणका लागि पशुपंक्षी बिमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको हुनेछ । पशु तथा पशुपंक्षीजन्य उत्पादन (दुध, दही, घ्यू र मासु)को बजार व्यवस्था गर्नका लागि संकलन केन्द्र तथा कृषकहरूलाई बजार सञ्जालमा जोडिएको हुनेछ। गाउँपालिकाको भौगोलिक अवस्थिति, हावापानी तथा प्रचलित कृषि प्रणालीमा व्यावसायिक मौरीपालनको संभावना निकै राम्रो देखिएकोले सम्भाव्य स्थानहरूमा मौरीपालन कार्यक्रम सञ्चालन गरिएको हुनेछ । स्वच्छ एवम् गुणस्तरीय पशुपंक्षी उत्पादनमा व्यावसायीकरण भइ खाद्य तथा पोषण सुरक्षामा गाउँपालिकाले आयातमा कमी र निर्यातमा वृद्धि गरी आत्मनिर्भर भएको हुनेछ । पशुपंछी क्षेत्रको विकास विस्तार र व्यावसायीकरणका माध्यमबाट कृषकको आर्यआर्जनमा वृद्धि भई गंगादेव गाउँपालिकाको आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान गरेको हुनेछ ।

## ५.३ सिंचाइ

नेपाल परम्परागत कृषिबाट विस्तारै आधुनिक कृषि प्रणालीतर्फ रूपान्तरण हुँदै गैरहेको छ । कृषिको आधुनिकीकरणका लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ। कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाइ सुविधा पुर्‍याई कृषिको उत्पादकत्व बढाउन सिंचाइको दिगो व्यवस्थापन गर्न आवश्यक छ । गंगादेव गाउँपालिकाको भूबनोटको प्रकृति र पानीका स्रोतको अवस्थालाई हेर्दा सीमित मात्रामा परम्परागत सिंचाइ भएको र खोला तटीय क्षेत्रमा न्यून मात्रामा सिंचाइ भएको छ। यस पालिकाका प्रायः ठुला बस्तीहरु उच्च स्थानमा रहेका र बस्तीसँगै कृषिजन्य जमिन रहेकाले सिंचाइ आयोजना संचालन गर्न तुलनात्मक रूपमा जटिल रहेको छ। भूबनोट, हावापानी र माटोको प्रकृतिलाई हेर्दा खाद्यान्नजन्य उपज भन्दा फलफूल तथा नगदेबालीका लागि उपयुक्त रहेको छ।

गंगादेव गाउँपालिकाको पाश्वचित्र २०७४ अनुसार गाउँपालिका भित्र रहेको ३० वर्ग मिटर खेतीयोग्य जमिन मध्ये जम्मा १० प्रतिशत जमिनमा मात्र सिंचाइको सुविधा रहेको छ भने बाँकी ९० प्रतिशत जमिनमा वर्षाको भर पर्नु पर्ने अवस्था छ।

### सम्भावना र अवसर

- गाउँपालिकाको विभिन्न भाग र सामान्य भिरालो कृषि योग्य जमिनमा लिफ्ट पद्धतिबाट सिंचाइ सुविधा विस्तार गरी फलफूल तथा खाद्य बालीहरूको उत्पादनमा मनग्य वृद्धि गर्न सक्ने संम्भावना रहेको छ।
- सिंचाइ विकास र व्यवस्थापनमा कृषकहरुको चेतना बढ्दै जानु, नयाँ सङ्गठनात्मक परिवर्तनबाट सबै जिल्लामा सिंचाइ कार्यालयको स्थापना भई सेवा प्रवाहमा सुधार हुनु, कृषि क्षेत्रको उत्पादन र उपादकत्व बढाइ कृषि उपजमा आत्मनिर्भर बनाउन सिंचाइको भरपर्दो र दिगो व्यवस्था गर्नैपर्ने अवस्था सिर्जना हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन्।

### समस्या र चुनौती

- न्यून स्थानमा रहेका साना तथा अस्थायी परम्परागत कुलोलाई जोखिम रहित नहरमा रूपान्तरण गरी सिंचाइको दिगो व्यवस्थापन गर्न नसक्नु,

गंगादेव गाउँपालिका

- परम्परागत कुलोको मर्मत संभार र संरक्षण नगर्नु तथा सार्वजनिक जवाफदेहीको कमी हुनु,
- सिंचाइका श्रोतहरूको संरक्षण नहुनु,
- सिंचाइ सुविधाबाट वञ्चित रहेका पाखाबारीका लागि लिफ्ट पद्धतिबाट सिंचाइ सुबिधा पुऱ्याउन नसक्नु
- अधिकांश सिंचाइ योजना प्राकृतिक नदी प्रणाली (Run off the river) मा आधारित भएकाले बाह्रै महिना एकैनासले सिंचाइको भरपर्दो सेवा पुऱ्याउन नसक्नु,
- प्राकृतिक मुहानहरू सुक्दै जानु, उपलब्ध पानीको स्रोतमाथि चाप बढ्नु, सिंचाइ तथा जल उपयोग क्षमता न्यून हुनु, आदि यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।
- गाउँपालिकाको सम्पूर्ण कृषियोग्य भूमिमा नवीनतम् प्रविधिको छनोट गरी वर्षैभरि भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउन साना सिंचाइ प्रणाली निर्माण गर्न नसक्नु,
- सिंचाइ सुविधा उपलब्ध भएका एवम् हुने जमिन कृषिका लागि सुरक्षित नराख्नु र जलवायु परिवर्तनबाट सिर्जित असरका कारण पानीको उपलब्धतामा आएको जोखिम व्यवस्थापन नगर्नु यस क्षेत्रका चुनौती हुन् ।

### सोचः

**"सिंचाइमा नवीनतम् प्रविधिको प्रयोगः खाद्य तथा नगदे बाली उत्पादनमा जोड"**

### लक्ष्य

नवीनतम् प्रविधिको उपयोग मार्फत कृषि योग्य भूमिमा दिगो एवं भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउने,

### उद्देश्य

- सबै कृषि योग्य भूमिमा सिंचाइ सेवा विस्तार गरी वर्षैभरि भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउनु,
- उपलब्ध सिंचाइको बहुउद्देश्यीय उपयोगमा जोड दिनु र
- परम्परागत रूपमा सञ्चालित सिंचाइका क्षेत्रहरूको नियमित मर्मत सम्भार र स्तरोन्नति गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • गाउँपालिकाभित्रका सिंचाइ योग्य जलस्रोतको पहिचान, संरक्षण र दिगो व्यवस्थापन गर्ने | • गाउँपालिकाभित्र रहेका पानीका स्रोतहरुको पहिचान, संरक्षण र दिगो व्यवस्थापनका लागि विस्तृत परियोजना रिर्पोट तयार गर्ने,<br>• मुहान एवं पोखरी, ताल तलैयाहरूको संरक्षण तथा सुदृढीकरण गर्ने,<br>• जलवायु परिवर्तन अनुकूलन हुने गरी सिंचाइ योजनाहरूको विकास एवं विस्तार गर्ने,<br>• बाह्रै महिना सिंचाइ सेवा उपलब्ध गराउनको लागि नयाँ सिंचाइ आयोजनाहरू निर्माण गर्ने, |
| • परम्परागत रुपमा संचालित सिंचाइ प्रणालीको मर्मत संम्भार र क्षमता विकास गर्ने | • कृषियोग्य भूमिमा व्यावसायिक कृषिलाई प्रोत्साहन गर्न भरपर्दो सिंचाइ प्रणालीको विकास गर्ने, |

| | |
|---|---|
| | ● संचालित सिंचाइ आयोजनाहरुलाई सुदृढ तुल्याइ दिगोपना बढाउन सिंचाइ प्रणालीको मर्मत सम्भार एवं दिगो व्यवस्थापनका लागि स्रोत सहित उपभोक्ताको सहभागिता सुनिश्चित गर्ने, |
| ● सिंचाइमा नवीनतम् प्रविधिको उपयोग गरी कृषि योग्य जमिनमा सिंचाइ सुविधा विस्तार गर्ने, | ● असिंचित कृषियोग्य जमिनमा सिंचाइ विस्तार गर्न सिंचाइका लागि प्राकृतिक बहावको स्रोत नभएका स्थानमा नयाँ प्रविधिमा आधारित लिफ्ट प्रविधिबाट सिंचाइ व्यवस्था गर्ने,<br>● पानीको स्रोत न्यून हुने तथा बर्षैभरि सिंचाइ उपलव्ध हुन नसक्ने क्षेत्रमा सिंचाइ सेवा पुऱ्याउन आकाशे पानीको संकलन, पोखरी तथा जलाशयमा भण्डारण गरी थोपा तथा फोहोरा सिंचाइ प्रविधि समेतको व्यवस्था गर्ने,<br>● बाह्रै महिना सिंचाइ सेवा उपलव्ध गराउनको लागि बहुउद्देश्यीय, अन्तर जलाधार र जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने, |

गंगादेव गाउँपालिका

## प्रमुख कार्यक्रम

| क्र. सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | रलङखोला डाडागाउँ साना सिंचाइ कार्यक्रम | मिटर | साविक का ६, वडा हुदागाउँ २५ घरधुरी | १००० | १००० | १००० | १००० | | ४००० | ५००,००० | संघ, प्रदेश | १ |
| २ | ओखरेनतरा विवाङ साना सिंचाइ कार्यक्रम | मिटर | साविक का ६, वडा हुदागाँउ दिवाङ | २००० | | | | | २००० | २५०,००० | प्रदेश, स्थानीय | ३ |
| ३ | डिम्बरे तरा च्यान्डाँडा घरबारी साना सिंचाइ कार्यक्रम | मिटर | साविक का ७, वडा च्याङडाडा घरबारी | | ३५०० | | | | ३५०० | ३५०,००० | प्रदेश, स्थानीय | २ |
| ४ | खुरखुरी दोभान चौर साना सिंचाइ कार्यक्रम | मिटर | साविक का ७, वडा चौर | | | ५५०० | | | ५५०० | ७००,००० | संघ, प्रदेश | २ |
| ५ | रलङखोला भुर्ति ठुलाढुङगा साना सिंचाइ कार्यक्रम | मिटर | साविक का ६, वडा भुर्ति ठुलादुम्वा | | | | २५०० | | २५०० | ३२०,००० | प्रदेश, स्थानीय | ३ |
| ६ | गुनेपानि सिँचाई पोखरी निर्माण | वटा | गुनेपानि ७ नं. वडा | १ | | | | | १ | ४००,००० | संघ, प्रदेश | २ |
| ७ | तोरीछरे ओईती चौर लिप्ट साना सिंचाइ कार्यक्रम | मिटर | साविक का १, ६ र ७, वडा ओईली चौर | | | | | ५०० | ५०० | १,५००,००० | संघ, प्रदेश | ४ |
| ८ | पुवाबारी चौर लिप्ट सिंचाई योजना | मिटर | साविक का ६ र ७, वडा चौर | | १००० | | | | १००० | २,५००,००० | संघ, प्रदेश | ३ |
| ९ | मुलाखोला पानटोपे खाति गाउँ सेकाइ सिंचाइ योजना | | वडा नं. १ | | | | | | | १५००००० | संघ, प्रदेश | १ |
| १० | मलेवाचौर बागने मार्के सिंचाइ योजना | | वडा नं. १ | | | | | | | १५००००० | संघ, प्रदेश, | ५ |
| | वडा नं. २ | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | थोपा सिँचाइ योजना कार्यक्रम | वटा | रमाइ, वरामेला, ओइलाम, घोरानेटी | २ | २ | २ | २ | | ८ | ८००,००० | प्रदेश, स्थानीय | १ |
| २ | झाँक्रिसल्ला देखि फारुला सम्म सिंचाई योजना | कि.मि | फारुला, करङजीवोर्ड, | २ | | | | | २ | २,०००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ३ | पूर्णगाउँ खोला देखि डाँडागाउँ सम्म लिफ्ट सिचाई | मिटर | पूर्णगाउँ, डिम्बरखोली डाँडागाउँ, | | १५०० | | | | १५०० | १,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ४ | चौखाबाङ चोताबारी सिँचाइ कुलो निर्माण तथा मर्मत | कि.मि | चौखाबाङ चौताबारी | | | | २ | | २ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ५ | गोठी खोला लिस्ने मुहान लिफ्ट सिंचाइ | वटा | गोठी खोला लिस्ने मुहान | | | १ | | | १ | ४०००००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ३** | | | | | | | | | | | |
| १ | मंग्रा खोला देखि कुकुरगारे लिफ्ट सिंचाई योजना | वटा | मंग्रा खोला देखि कुकुरगारे | | | १ | | | १ | १,०००,००० | संघ, प्रदेश | १ |
| २ | सिंचाइका लागि पोखरी निर्माण | वटा | वडा नं. ३ | | | १ | | | १ | ३००,००० | स्थानीय | ३ |
| ३ | लिफ्ट सिंचाइ योजना | वटा | काला भीर खोटिय टोल,मगट्टा ढुङगो पानी, उमापानी | | १ | | | | १ | १,०००,००० | संघ, प्रदेश | १ |
| ४ | सिंचाईका लागि साना सिंचाइ कार्यक्रम | वटा | काला भीर भित्र खोला | १ | | | | | १ | ८००,००० | संघ, प्रदेश | ५ |
| ५ | सिंचाइ पोखरी निर्माण | वटा | पयौ चोर टोल | | | | १ | | १ | ७००,००० | संघ, प्रदेश | १ |
| ६ | सिंचाइ निर्माण योजना | वटा | लोरिविनी टोल | | | १ | | | १ | ३००,००० | प्रदेश, स्थानीय | ३ |
| ७ | खोलाकुटी मनीमारे सिंचाइ पाईपलाईन निर्माण | वटा | मनिमारे | | | | १ | | १ | ६००,००० | संघ, प्रदेश | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | चैते काफल दोबाइ देखि चामी गाउँमा विद्युतिय लिफटीङ आयोजना | वटा | चैते काफल दोबाइ देखि चामी | | २ | | | | | २000000 | संघ प्रदेश | २ |
| | **वडा नं. ४** | | | | | | | | | | | |
| १ | गरेना खोला देखी मछाईने सिँचाई लिफट योजना | कि.मि | गंगादेव ४ पाखापानी रोल्पा | ४ | | | | | ४ | १,000,000 | संघ, प्रदेश, स्थानीय | १ |
| २ | काल्चेखोला खानेपानी निर्माण गैरनेटा | कि.मि | गंगादेव ४ गैरनेटा | ५ | | | | | ५ | १,000,000 | संघ, प्रदेश, स्थानीय | ३ |
| ३ | काट्टो खानी देखि बागचरर्नी सिँचाई लिफट | कि.मि | गंगादेव ४ गैरानेटा | | ५ | | | | ५ | १,000,000 | संघ, प्रदेश, स्थानीय | २ |
| ४ | कोइलटे बुकेरा छारा गाउ सिचाइ योजन | कि.मि | जितेमारे | | २१ | | | | २१ | | संघ, प्रदेश | ३ |
| ५ | रमखोला गैरनेटा खोलाडो दोभान देखी लिफट सिंचाइ योजना | कि.मि | गैइनेता धर्मपानी सिद्धगुफा वसारे चौर | | | | | | ३५५ | १,000,000 | संघ, प्रदेश | २ |
| ६ | चउला खोला म्वालेखोला तल्लो बजार | कि.मि | तल्लो बजार | | | | | | ३० | १000000 | संघ, प्रदेश | १ |
| ७ | पाखा खोला | कि.मि | लसुने | | | | | | १० | १000000 | संघ, प्रदेश | ३ |
| ८ | मुङगले डाप्टी आरपाते खोला | कि.मि | जितेमारे | | | | | | १० | १000000 | प्रदेश | ३ |
| ९ | दोरजे पाङगर मुर्चुला सिँचाई योजना | कि.मि | गंगादेव ४ मुर्चुला | | | | | | ४ | १,000,000 | संघ, प्रदेश | १ |
| १० | जुगेसिम मुर्चुला सिचाई योजना | कि.मि | गंगादेव ४ मुर्चुला | | | | | | ४४ | १,000,000 | संघ, प्रदेश | २ |
| | **वडा नं. ५** | | | | | | | | | | | |
| १ | लिफट सिँचाई योजना | पटक | भट्टारा लेख बथान गैरगाँउ | १ | | | | | १ | १,000,000 | संघ, प्रदेश, स्थानीय | १ |
| | | पटक | उदिनढुगाँ वुरसोसिम ठाकुर | | १ | | | | १ | १,000,000 | संघ, प्रदेश, स्थानीय | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गम आरुचौर महानेटा सम्म | | | | | | | | | |
| | | पटक | आरुचौर डागीघर फुलबारी | | | १ | | | १ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| | | पटक | हात्तिढुगाँ चिलढाले ओतबसे बनसारी सिद्धपुज्ने | | | | १ | | १ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| | | पटक | दुर्गाखोला भिरगाँउ दयाधुरी, दाभानखोला, गोसाइगाँउ लोदचौर, विद्यालय घरेली ठुला पोखरी हुदैं कात्तिके दोबाटा गरझयाम खोला देखी घरेलीगाउँ | | | | | १ | १ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| | | कि.मी | बसन्यौटा धुम्का लिफ्ट सिंचाइ | ५० | ५० | ५० | ५० | | २०० | २0000000 | संघ, प्रदेश, | ३ |
| २ | पाइप सिचाई योजना | वर्ष | निपाने खोला देखी सिम हुदै ठुलापोखरी, भिताखर्क मुहान देखी लामामेला मेलापाखा घरेली, गम्थले खोलादेखी गरझयाक हुदैं पल्लेनी खेतबारी | | | | | १ | १ | १,२००,००० | संघ, प्रदेश, | १ |
| | वडा नं. ६ | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिस्नेगैरी (लिफट सिंचाई ) | वटा | हिले, धजाहाल्ने नेटा | १ | | | | | १ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ३ | धवारध्वारे खोला लिफट सिचाई कार्यक्रम | वटा | सुवेगैरा ताप्ला | | | १ | | | १ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ४ | उपल्लो ताप्ला ( तल्लोबाप्ला) सिंचाइ योजना | वटा | ताप्ला | | १ | | | | १ | १,१००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ५ | बाँहाकुने बजुपूज्ने सम्म सिंचाइ योजना | वटा | गोरजले | १ | | | | | १ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ६ | धाकलरी देखि गोरजले बजुपूज्ने बाटुलेचोर सिंचाइ योजना | वटा | गोरजले | | १ | | | | १ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ७ | ठगराखोला लिफट सिचाई योजना | वटा | वल्ले | | १ | | | | १ | १,३००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ८ | पिसानी पेलानी सिंचाइ योजना | वटा | वल्ले | | | | | १ | १ | ५००,००० | प्रदेश, स्थानीय | १ |
| ९ | पिसानी पेलानी सिंचाइ योजना | वटा | ताप्ला | | | | १ | | १ | ५००,००० | प्रदेश, स्थानीय | १ |
| १० | पिसानी पेलानी सिंचाइ योजना | वटा | गोरजले | | | १ | | | १ | ५००,००० | प्रदेश, स्थानीय | ३ |
| ११ | पिसानी पेलानी सिंचाइ योजना | वटा | ताप्ला | | | | | १ | १ | ५००,००० | प्रदेश, स्थानीय | ३ |
| | वडा नं. ७ | | | | | | | | | | | |
| १ | बाली विरुवा सिंचाइ आयोजना कार्यक्रम | घरधुरी | धप्री | | | ६५ | | | ६५ | १,३००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| २ | बाली विरुवा सिंचाइ आयोजना कार्यक्रम | घरधुरी | उपल्लोजाय | | | ४० | | | ४० | १,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ३ | बाली विरुवा सिंचाइ आयोजना कार्यक्रम | घरधुरी | जापखोला | | ५० | | | | ५० | १,२००,००० | संघ, प्रदेश, स्थानीय | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | बाली विरुवा सिंचाइ आयोजना कार्यक्रम | घरधुरी | राँकडाडा | ३० | | | | | ३० | ९००,००० | प्रदेश, स्थानीय | ३ |
| ५ | बाली विरुवा सिंचाइ आयोजना कार्यक्रम | घरधुरी | दुनेला | २० | | | | | २० | ९००,००० | प्रदेश, स्थानीय | १ |
| ६ | बाली विरुवा सिंचाइ आयोजना कार्यक्रम | घरधुरी | जापचौर | | ६० | | | | ६० | १,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ७ | प्रत्येक टोलमा सिंचाइ पोखरी निर्माण आयोजना | घरधुरी | तिमिले टोल | ७० | | | | | ७० | १,४००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| | **जम्मा** | | | | | | | | | ७६,३२०,००० | | |

### उपलब्धि

सीमित मात्रामा रहेका सिंचाइका लागि परम्परागत कुलोलाई जोखिम रहित नहरमा रूपान्तरण गरी सिंचाइको दिगो व्यवस्थापन गरिएको हुनेछ । परम्परागत कुलोको मर्मत संभार र संरक्षण गर्नका लागि सार्वजनिक जवाफदेहीताको विकास भएको हुनेछ । सिंचाइ सुविधाबाट वञ्चित रहेका पाखावारीका लागि नवीनतम् प्रविधि लिफ्ट पद्धतिबाट सिंचाइ सुबिधा पुर्‍याइएको हुनेछ। जलवायु परिवर्तनका कारण प्राकृतिक मुहानहरू सुक्दै गैरहेको अवस्थामा उपलब्ध पानीको स्रोतमाथि चाप बढेकाले सिंचाइ तथा जल उपयोग क्षमता न्यून भइरहेको सन्दर्भमा अधिकांश सिंचाइ योजना प्राकृतिक नदी प्रणाली (Run off the river) मा आधारित भएकाले बाह्रै महिना एकैनासले सिंचाइको भरपर्दो सेवा पुर्‍याउन ठूला तथा बहुउद्देश्यीय आयोजनामा पर्याप्त लगानी गरिएको हुनेछ।

## ५.४ उद्योग तथा वाणिज्य

नेपालको संविधानले सार्वजनिक, सहकारी र निजी गरी तीन खम्बे अर्थ नीति अवलम्बन गरेको छ । अर्थतन्त्रको विकासका लागि उद्योग धन्दा, कलकारखाना र विकासका ठुला परियोजनाहरू संचालन गर्नुपर्दछ । प्राकृतिक तथा मानवीय स्रोत साधनको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिनुपर्दछ। औद्योगिक क्षेत्रमा निजी, स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधार निर्माण गर्नुपर्दछ। निजी क्षेत्रलाई प्रोत्साहन र परिचालन गर्ने नीति लिनुपर्दछ। औद्योगिक लगानीले औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय सीपको प्रयोग, स्रोत साधनको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धनको मार्ग प्रशस्त गर्दछ । निर्यात प्रबर्द्धनमा जोड दिन विशेष आर्थिक क्षेत्रको निर्माण तथा सञ्चालन गर्ने र लघु, घरेलु तथा साना उद्योगहरूको प्रबर्द्धनको माध्यमबाट गरिबी न्यूनीकरण गर्नेतर्फ यस योजनाले जोड दिएको छ। उत्पादनका मुख्य तत्वहरू जमिन, पुजी र श्रम हुन । उद्यमशीलता उत्पादन प्राप्त गर्ने सीप हो । परनिर्भर अर्थतन्त्रबाट सानो स्तरमा भए पनि आत्मनिर्भर बन्न उद्यमशीलताले मद्दत पुर्‍याउँछ। सिर्जनशील सोच, उपयुक्त वातावरण र सामुहिकताबाट उद्यमशीलताको विकास गर्न सकिन्छ । उद्यमशीलता सामान्य जस्तो लागे पनि यसले देशको अर्थतन्त्रलाई मजबुत बनाउन सहयोग गर्दछ । खासमा उद्यमशीलता स्वरोजगार हुने एक सोच र कार्य हो ।

### सम्भावना र अवसर

- गंगादेव गाउँपालिका भौगोलिक, यातायात सञ्जालको पहुँच र अन्तरजिल्ला व्यावसायिक पहुँचका दृष्टिकोणले कृषि, पर्यटन, वनपैदावार र घरेलु उत्पादनका साना तथा मझौला उद्योगको लागि उपयुक्त स्थान रहेको छ। स्थल यातायातको पहिलो प्रवेश द्वार सल्यान जिल्लाको कपुरकोट, सल्यान र रोल्पाको सिमा क्षेत्र सिमाना बजार यस क्षेत्रका प्रमुख व्यापारिक केन्द्रका रुपमा रहेका छन् । आफ्नो क्षेत्रका नजिकका पुराना बजारबाट यहाँका व्यापारीहरूले आवश्यक ज्ञान, सीप र अनुभव सिकेर व्यावसायिक तथा औद्योगिककरणमा योगदान दिन सके उद्योग तथा वाणिज्य क्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको छ।
- उद्योग तथा व्यापार व्यवसायको सोच भएका युवाहरू र परम्परागत रूपमा घरेलु तथा कुटिर उद्योग चलाएका व्यक्तिहरूलाई आधुनिक औद्योगिक ज्ञानको विकास गराई स्थानीय स्रोत, साधन, सीप, बजारको माग र संभावित उद्यमीको चाहनालाई एकीकृत गर्न सकेमा नयाँ व्यवसायहरू सञ्चालन गरी आयआर्जनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ।
- उद्यम विकासका लागि पूर्व तयारी कार्य, स्रोत साधनको सर्भेक्षण, लक्षित समूह पहिचान, बजारको माग अध्यावधिक गर्न सके साना तथा कुटिर उद्योग सञ्चालन गर्नसक्ने सम्भावना छ।

- युवा पुस्तालाई स्वरोजगारमूलक बनाउन साना तथा मझौला उद्योगहरूलाई प्रविधिकरण, वित्तीय सेवामा पहुँच विस्तार र उत्पादित वस्तुको बजारीकरण गर्न आवश्यक उद्यमशील ज्ञान तथा सीपको विकास गराउन सकिने सम्भावना रहेको छ ।

## समस्या र चुनौती

- स्थल यातायातको पहुँच विस्तारसँगै स्थापित भएको सल्यान जिल्लाको कपुरकोट बजार र सल्यान तथा रोल्पाको सिमा क्षेत्रमा रहेको सिमाना बजारका व्यापारीहरूको ज्ञान, सीप, पुजी र अनुभवलाई अध्यावधिक गरी व्यावसायिक तथा औद्योगिककरणमा जोड्न नसक्नु,
- उद्योग तथा व्यापार व्यवसायको सोच भएका युवाहरू र परम्परागत रूपमा घरेलु तथा कुटिर उद्योग चलाएका व्यक्तिहरूलाई आधुनिक औद्योगिक ज्ञानको विकास गराइ स्थानीय स्रोत, साधन, सीप, बजारको माग र संभावित उद्यमीको चाहनालाई एकीकृत गरी व्यावसायिक बनाउन पोत्साहन गर्न नसक्नु,
- उद्यम विकासका लागि पूर्व तयारी कार्य, स्रोत साधनको सर्भेक्षण, लक्षित समूह पहिचान, बजारको माग अध्यावधिक गर्न नसक्नु,
- साना तथा मझौला उद्योग सिर्जना, विकास र विस्तार सम्बन्धी स्पष्ट नीतिको अभाव र लगानी मैत्री वातावरण नहुनु,
- परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसक्नु,
- युवा पुस्तालाई स्वरोजगारमूलक बनाउन साना तथा मझौला उद्योगहरूलाई प्रविधिकरण, सर्वसुलभ वित्तीय सेवामा पहुँच विस्तार र उत्पादित वस्तुको बजारीकरण गर्न आवश्यक उद्यमशील ज्ञान तथा सीपको विकास गराउन नसक्नु,
- पालिकामा भित्रिने विप्रेषण (रेमिट्यान्स) लाई नीतिगत रूपमा सम्बोधन गरी उत्पादनमूलक कार्यमा लगाउन नसक्नु,

## सोच

**"आर्थिक समृद्धिको विकासः लघुउद्यम विकास मार्फत स्वरोजगार"**

## लक्ष्य

- गंगादेव गाउँपालिकाबासीको उद्यमशीलताको विकास, विस्तार र प्रविधिकरण गरी उद्योग क्षेत्रको स्थापना मार्फत आय तथा रोजगारी वृद्धि गर्ने ।

## उद्देश्य

- नागरिकमा उद्यमशीलताको विकास गरी स्थानीय तहमा औद्योगिकीकरण गर्नु,
- उद्योगहरूको स्थापना र उत्पादन वृद्धि गरी कुल ग्राहस्थ्य उत्पादन बढाउनु,
- उद्योग क्षेत्रमा लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नु र
- आन्तरिक उत्पादन वृद्धि गरी आयात प्रतिस्थापनमा योगदान पुऱ्याउनु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● स्थानीय स्रोत, साधन र सीप तथा बजार मागमा आधारित उद्यम व्यवसायको स्थापना गर्न एकीकृत सेवाहरू प्रदान गर्ने, | ● गाउँपालिकाभित्र छरिएर रहेका स्थानीय स्रोतसाधनहरूको पहिचान गरी उद्योग तथा व्यवसाय स्थापनाका लागि भौतिक तथा संस्थागत संरचनाको निर्माण गर्ने,<br>● लक्षित समूहलाई उद्यमशीलता विकास तालिम प्रदान गरी सीपमा आधारित व्यवसाय संचालनका लागि प्रोत्साहन गर्न आवश्यकतामा आधारित प्रविधिको हस्तान्तरण गर्ने,<br>● उद्योग संचालनमा पर्यावरण मैत्री प्रविधिको प्रयोग गर्न प्रोत्साहन गर्ने,<br>● उद्योग व्यवसाय संञ्चालनका लागि आवश्यक लगानीको सुनिश्चितताका लागि वित्तीय संस्थाहरूसँग समन्वय गराइ पहुँच वृद्धि गराउने,<br>● उत्पादित वस्तुहरुको स्थानीय तथा बाह्य बजार प्रबर्द्धन गर्न स्थानीय औद्योगिक संकलन केन्द्रहरूको स्थापना गरी उद्यमी व्यावसायीहरूलाई बजार सञ्जालमा जोड्ने,<br>● गाउँपालिकाभित्र उद्योग ग्राम स्थापना गरी स्थानीय स्रोत वन पैदावार, जडिबुटी, खनिज, जल, कृषि आदिमा आधारित उद्योगहरूको स्थापना गर्ने,<br>● सरकारी, निजी र सहकारीको संयुक्त साझेदारीमा अदुवा, बेसार, कागती सुन्तला लगायतका फलफूल तथा मसलाजन्य वस्तुको प्रशोधन उद्योगहरुको स्थापना गर्ने,<br>● बेरोजगार जनशक्तिलाई स्थानीय, प्रादेशिक तथा राष्ट्रिय बजारको मागमा आधारित सीप विकास गराइ स्वरोजगार बनाउने,<br>● स्थानीय स्तरमा रहेका साना तथा घरेलु उद्योगको व्यावसायिक संचालन गरी आधारभूत आवश्यकताका लागि विदेश जाने वातावरणको न्यूनीकरण गर्ने, |
| ● सार्वजनिक, निजी र सहकारी साझेदारी कार्यक्रम संचालन गर्ने | ● कृषि, पर्यटन र उर्जा जस्ता क्षेत्रहरुको विकासका लागि कम्पनी मोडेलमा सार्वजनिक, निजी र सहकारीको संयुक्त लगानीमा साना तथा मझौला उद्योगहरुको स्थापना गर्ने, |
| ● श्रम तथा रोजगारी र माव संशाधनको विकास गर्ने, | ● गंगादेव गाउँपालिकाको समृद्धिका लागि मानव पुजीलाई दक्ष बनाउनका लागि सरकारी सेवा प्रवेशका कक्षाहरु, छोटो तथा लामो अवधिका व्यावसायिक तालिमहरु, स्थानीय आवश्यकतामा आधारित रोजगार कार्यक्रमहरु, व्यवसायिक काउन्सिलिङ कक्षाहरु आदि संचालन गर्ने,<br>● बजार तथा रोजगारदाताको माग र बेरोजगार जनशक्तिको आपसी तादाम्यता मिलाउनका लागि समुदायमा छरिएर रहेका श्रम, सीप, प्रविधि र पुजीलाई गाउँपालिकाले प्रविधिमा आधारित सूचीकृत गरी एकआपसमा सामाञ्जस्यता कायम गरिदिने, |

गंगादेव गाउँपालिका

| | |
|---|---|
| | ● उत्पादन, उत्पादकत्व र रोजगारीका अवसरहरु वृद्धि गर्न श्रम तथा रोजगारी र मानव संसाधन विकास गर्ने |
| ● परम्परागत सीपहरूको आधुनिकीकरण गर्ने, | ● लोपोन्मुख परम्परागत शिल्पीहरूको सीपलाई बजार मैत्री र सम्मानित बनाउन त्यस्ता सीपहरूको स्तरोन्नति गरी उन्नत प्रविधिसँग जोड्ने,<br>● सीप र शिल्पीहरूको तथ्याङ्क अद्यावधिक गर्ने,<br>● बजारमैत्री प्रविधियुक्त सीप प्रदान गर्ने,<br>● मान्यता प्राप्त संस्थाबाट व्यावसायिक सीप परीक्षणको व्यवस्था गर्ने,<br>● आय आर्जनका गतिविधिहरू सुरु गर्न बीऊ पुजीका लागि घुम्तिकोषको व्यवस्था गरी विपन्नहरूको पहुँच वृद्धि गर्ने । |
| ● प्राकृतिक स्रोतहरू जल, जमिन, जंगल, जडिबुटी, खनिजको समुचित उपयोग गर्ने, | ● स्थानीय स्तरमा उपलब्ध जलस्रोतको सिंचाई, जलविद्युत् र पर्यावरण सन्तुलनमा उपयोग गर्ने,<br>● प्राकृतिक रूपमा संरचित वनजंगलको वैज्ञानिक सदुपयोग गरी जडिबुटी र खनिजजन्य उत्पादनको सदुपयोग गरी आर्यआर्जनमा वृद्धि गर्ने,<br>● गाउँपालिका भित्र रहेका बहुमूल्य खनिज तथा जडिबुटीको पहिचान गरी व्यापार प्रबर्द्धनका लागि प्रचार प्रसार गर्ने, |
| ● वैदेशिक रोजगारीबाट फर्केका विप्रेषण प्राप्त परिवारलाई उद्यम स्थापनामा सहजीकरण गर्ने र सुरक्षित आप्रवासको सुनिश्चितता गर्ने, | ● वैदशिक रोजगारीबाट फर्केका युवा तथा विप्रेषण पाउने परिवारको लागत तयार गर्ने ।<br>● उनीहरूलाई पायक पर्ने स्थानमा व्यावसायिक सचेतना कार्य संचालन गर्ने र उपयुक्त उद्यम तथा व्यवसाय छनौट गर्न सहजीकरण गर्ने ।<br>● व्यावसायिक कृषि तथा अन्य गैर कृषि व्यवसायमा लगाउन सहजीकरण गर्ने,<br>● सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह गर्ने,<br>● वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरूमा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने । |
| ● वाणिज्य तथा व्यापार प्रबर्द्धन गर्ने, | ● उत्पादित वस्तुको सहज निर्यातका लागि बजार सञ्जालको विकास र विस्तार गर्ने,<br>● कृषि तथा पशु उत्पादनहरूको संकलन केन्द्र स्थापना गर्ने, |

## प्रमुख कार्यक्रम

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | जडिबुटी प्रशोधन उद्योग | संख्या | शिवनगर बजार | | १ | | | | १ | ५,०००,००० | संघ, प्रदेश | १ |
| २ | भाङ्गो तथा अल्लो प्रशोधन उद्योग | संख्या | शिवनगर बजार | १ | | | | | १ | ५००,००० | संघ, प्रदेश | १ |
| ३ | मसला उद्योग | संख्या | शिवनगर बजार | | | १ | | | १ | ३००,००० | स्थानीय | ३ |
| ४ | जुस उद्योग | संख्या | शिवनगर बजार | | | | १ | | १ | १,०००,००० | प्रदेश, स्थानीय | २ |
| ५ | चिप्स उद्योग | संख्या | शिवनगर बजार | | | | | १ | १ | १,०००,००० | प्रदेश, स्थानीय | १ |
| | वडा नं. २ | | | | | | | | | | | |
| १ | हेलङ खोला, ओइलाङ तल्लो र माथिल्लो विधुत घट निर्माणका लागि पोत्साहन सहयोग | वटा | हेलङ खोला, ओइलाङ तल्लो र माथिल्लो विधुत | २ | २ | २ | | | ६ | २००,००० | संघ, प्रदेश | १ |
| | वडा नं.३ | | | | | | | | | | | |
| १ | फलफूलको वाईन उत्पादन गर्ने | वर्ष | वडा नं. ३ | १ | १ | | | | २ | ३,०००,००० | संघ, प्रदेश | १ |
| | वडा नं.४ | | | | | | | | | | | |
| १ | अगरबत्ति सिप विकास तामिम | वर्ष | वडा नं. ४ | १ | १ | | | | २ | १५०००० | स्थानीय | १ |
| २ | आरण सम्बन्धी सीप तालिम कार्यक्रम | | वडा नं. ४ | | | | | | | ४००००० | प्रदेश | ३ |
| ३ | ढाँका बुनाई तालिम | | वडा नं. ४ | | | | | | | ४००००० | प्रदेश, स्थानीय | २ |
| | वडा नं.५ | | | | | | | | | | | |
| १ | सिस्नु पाउडर उद्यम शिल सीप विकास तालिम | वर्ष | वडा नं. ४ | १ | १ | | | | २ | ३,०००,००० | प्रदेश | १ |
| | वडा नं. ७ | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | घरेलु साबुन उद्योग निर्माण कार्यक्रम | वर्ष | जापचौर | | १ | | | | १ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | डेरी उद्योग निर्माण कार्यक्रम | वर्ष | ताप्ला | | १ | | | | १ | ५,०००,००० | संघ, प्रदेश | ३ |
| ३ | आलु भण्डारण निर्माण कार्यक्रम | वर्ष | तिमीले | | | | | १ | १ | २,५००,००० | संघ, प्रदेश | १ |
| ४ | मौरीपालन तथा मह उद्योग निर्माण कार्यक्रम योजना | घर | बाह्रनथाना | २ | २ | २ | २ | २ | १० | १,३००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| | **जम्मा** | | | | | | | | | २४,७५०,००० | | |

गंगादेव गाउँपालिका

### अपेक्षित उपलब्धि

उद्यमशील जनशक्तिको विकास भई उद्योगहरूको स्थापना तथा विस्तारमा वृद्धि र बजार सम्बन्धको विस्तार भएको हुनेछ । स्थानीय स्तरका सम्भाव्य क्षेत्रहरूमा लघु, घरेलु, साना, तथा मझौला उद्योगको स्थापना र सञ्चालन मार्फत आयात प्रतिस्थापन भै निर्यात प्रबर्द्धन भएको हुनेछ । गाउँपालिकाको अर्थतन्त्र विकासमा उद्यमशील जनशक्तिको योगदान वृद्धि भएको हुनेछ । बैंक, वित्तीय संस्था तथा सहकारीले उद्यमशीलता विकास कर्जा प्रवाह गर्ने दरमा वृद्धि भएको हुनेछ । घरेलु सीपको संरक्षण तथा नवीनतम् प्रविधिको उपयोग उद्यमीहरूले गरेका हुनेछन् । वैदेशिक रोजगारीमा जाने युवाहरूको संख्यामा कमी आई स्वदेशमै रोजगारी गर्ने युवाहरूको संख्यामा वृद्धि भएको हुनेछ ।

## ५.५ पर्यटन

रोल्पा जिल्लामा रहेको गंगादेव गाउँपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक सुन्दरताको साथै पर्यटकीय दृष्टिकोणबाट अति महत्वपूर्ण रहेको छ । पर्यटकीय क्षेत्रको विकास र प्रचार प्रसारले आयआर्जनमा वृद्धि गर्नुका साथै पालिकाको पहिचानलाई समेत उच्च बनाउँदछ । गाउँपालिका असीमित पर्यटकीय संभावनाहरूको खोजी गरी विकास गर्न सकेमा आर्थिक उपार्जनमा समेत टेवा पुग्ने देखिन्छ । यहाँ धार्मिक, सांस्कृतिक, प्राकृतिक, वन्यजन्तु, कृषि पर्यटन, साहसिक पर्यापर्यटन प्रवर्द्धनको प्रसस्त संभावना रहेको छ । समावेशी, सेवामूलक र रोजगारमूलक क्षेत्रको रूपमा अपेक्षा गरिएको पर्यटन क्षेत्रमा यस गाउँपालिकाले समृद्धिको एक प्रमुख सम्वाहकका रुपमा विकास गर्न सक्ने सम्भावना रहेको छ । यस गाउँपालिकामा रहेका जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक विविधताले पालिकाको पर्यटनमा अहम् भूमिका खेलेका छन् । यहाँ रहेका पर्यटकीय गन्तव्यहरूको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन प्रबर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ । पर्यटकहरूको आकर्षणको केन्द्र रहेको हुँदा पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापन मार्फत् स्थानीय अर्थतन्त्रको आधारशीला तयार पार्न गंगादेव गाउँपालिकाले पर्यटन गुरु योजना निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

### सम्भावना र अवसर

- ऐतिहासिक तथा धार्मिक आकर्षणका रूपमा सुकिदह, बाह्रजथाक, तपोवन शिवगुफा, जलजलाका बराह आदि रहेका छन् ।
- प्राकृतिक सौन्दर्य र जैविक विविधता अवलोकन तथा मनोरञ्जन गर्नका लागि यस गाउँपालिकामा विभिन्न अग्ला स्थानहरु रहेका छन् ।
- सांस्कृतिक आकर्षणका रूपमा जातीय परम्परा अनुसार चाडबाड, पूजाआजा, धार्मिक विश्वास परम्परागत नाँच, गान र मौलिक सांस्कृतिक मूल्य र मान्यताहरू रहेका छन् ।
- यहाँ आउने पर्यटकका लागि आरामदायी सुविधायुक्त स्थानीय मौलिकतामा आधारित होम स्टेको व्यवस्था गर्न सकेमा पर्यटन क्षेत्रको राम्रो विकास हुने देखिन्छ । यी पर्यटकीय स्रोतहरूको व्यवस्थित रूपमा मर्मत सम्भार, संरक्षण, सम्बर्द्धन र विकास गरी प्रचार प्रसार गर्ने,
- पर्यटन क्षेत्रको विकासका लागि गंगादेव गाउँपालिकाले पर्यटन गुरुयोजना निर्माण गरी त्यसले औल्याएका विद्यमान सामाजिक तथा सांस्कृतिक सम्पदाहरूको अधिकतम् उपयोग गर्ने,
- पर्यटन गुरुयोजनाले पहिचान गर्ने पर्यटकीय स्थलहरूको ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, प्राकृतिक, जलसम्पदा, पर्यावरणीय सुन्दरता र प्राचीन संस्कृति तथा सम्पदाहरूको संरक्षण, सम्बर्द्धन र आवश्यक भौतिक पूर्वाधारको निर्माण गरी पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने,

- प्रमुख पर्यटकीय पदमार्गहरूको निर्माण, स्तरोन्नति र नक्शाङ्कन गरी मुख्य पहाडी चुचुराहरूमा पर्यटकीय दृष्यावलोकन स्थलहरू निर्माण तथा होमस्टेको व्यवस्था सहित गंगादेवका कम्तिमा २ वटा बस्तीलाई नमुना पर्यटकीय गाउँको रूपमा विकास गर्ने,
- रणनैतिक महत्वको मदन भण्डारी राजमार्गले पूर्णता पाएसँगै पर्वतीय पर्यटन क्षेत्रको विकास भइ यस पालिकाका महत्वपूर्ण धार्मिक, सामाजिक तथा सांस्कृतिक र हिमालय सभ्यतालाई गन्तव्य बनाएर दाङको भालुवाङ बजारदेखि मदन भण्डारी राजमार्ग भएर मुख्य रुपमा भित्रिने पर्यटकहरूका लागि मुख्य केन्द्रको रूपमा गंगादेव गाउँपालिकालाई विकास गर्न सकिने सम्भावना रहेको छ ।

## समस्या र चुनौती

- पालिकाभित्रका ऐतिहासिक, धार्मिक, सामाजिक, सांस्कृतिक र पर्यापर्यटकीय क्षेत्रको संरक्षण, सम्बर्द्धन, विकास, विस्तार र प्रचार प्रसार गर्न नसक्नु मुख्य समस्या रहेको छ ।
- पर्यटन विकासका लागि आकर्षक पूर्वाधार, पर्यटन मैत्री मानवीय व्यवहार र संस्कारको विकास गर्न नसक्नु,
- रोल्पा जिल्लाका विभिन्न स्थानमा रहेका जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक स्थल, छिमेकी जिल्ला रुकुमका कमलताल, पुपाल, पुथा तथा सिस्ने हिमाल, बाग्लुङको ढोरपाटन शिकार आरक्ष, डोल्पाको से फोक्सन्डो ताल, उपल्लो डोल्पो, शहर तारा जस्ता सांस्कृतिक तथा हिमालय सभ्यता बोकेका, प्राकृतिक सुन्दरताले भरिएका र जैविक विविधताले सजिएका स्थानलाई गन्तव्य बनाएर दाङको घोराही बजार, नेपालगंञ्ज, कृष्णनगर तथा बुटवल लगायतका नाकाहरुबाट भित्रिएर राप्ती राजमार्गको कपुरकोट र भालुवाङ बजारदेखि मदन भण्डारी राजमार्ग भएर मुख्य रुपमा नेपाल भित्रिने बाह्य तथा त्यस आसपासका आन्तरिक पर्यटकहरुका लागि सुरक्षित र भरपर्दो भौतिक पूर्वाधार, आवास र पर्यटन मैत्री संस्कारको विकास गर्न नसक्नु,
- पर्यटन क्षेत्रको मुख्य केन्द्र गंगादेव गाउँपालिकालाई बनाउनका लागि सोही अनुसारका पर्यटकीय क्षेत्रको आकर्षणका मुख्य तत्वहरू : पर्यावरणीय स्वच्छता, होटेल, रेष्टुरेण्ट तथा मौलिक र घरायसी वातावरणमा सञ्चालित होमस्टे, मनोरञ्जनका लागि मौलिकतामा आधारित कला, संस्कृति, पर्यावरणमैत्री विश्राम स्थल आदिको संरचनागत विकास गर्नु चुनौतिका रूपमा रहेको छ ।

## सोचः

**"पर्यटन मैत्री संस्कारको विकास, गंगादेवबासीको समृद्धिको आधार"**

## लक्ष्य

- दिगो पर्यटन विकासबाट उत्पादन र रोजगारीमा वृद्धि गरी गाउँपालिकाको अर्थतन्त्र सुदृढ गर्ने,

## उद्देश्य

- पर्यावरण मैत्री मौलिकतामा आधारित पूर्वाधारको विकास मार्फत पर्यटन क्षेत्रको विकास गर्नु,
- सम्पदा तथा संस्कृतिहरूको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्दै उच्च मानवीय संस्कारको विकास गर्नु,
- प्राकृतिक सम्पदाहरूको जगेर्ना गर्दै पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रबर्द्धन गर्नु,
- पर्यटन मार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु र
- पर्यटन क्षेत्र तथा स्थानीय कृषि उत्पादनबीच सघन सहकार्य स्थापित गर्नु ।

गंगादेव गाउँपालिका

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • आकर्षक पर्यटकीय गन्तव्यहरूमा पूर्वाधारको स्तरोन्नति गरी बाह्रै महिना पर्यटक जान सक्ने पूर्वाधार निर्माण गर्ने,<br>• पर्यटकीय वस्तु तथा उपजहरूको व्यापक प्रबर्द्धन तथा प्रचार प्रसार गर्ने,<br>• पर्यटकको बसाइ अवधि लम्ब्याउने र खर्च बढाउने वातावरणको निर्माण गर्ने,<br>• पर्यटन क्षेत्रबाट प्राप्त हुने आय र रोजगारीको लाभलाई न्यायोचित वितरण गर्न ग्रामीण पर्यटकीय गन्तव्यहरूको पहिचान गरी विकास तथा व्यवस्थापन गर्ने,<br>• जनताको आर्थिक आयआर्जनको माध्यमका रूपमा पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने । | • गाउँपालिकाले पर्यटन गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्ने,<br>• गाउँपालिका क्षेत्रका पर्यटकीय स्थलहरुलाई जोड्ने सडक तथा पदमार्गलाई पर्यावरण मैत्री, भरपर्दो र सुरक्षित बनाउने,<br>• पर्यटक आकर्षित गर्न पर्यटनका पूर्वाधारहरूको विकासका साथै खास गरी होटलहरूको सुधार तथा होमस्टे प्रणालीको स्थापना गरी पर्यटन मैत्री बनाउन स्थानीय व्यवसायीहरूलाई रैथाने, सीप, कला र क्षमताको विकास गर्ने,<br>• गाउँपालिका भित्र विद्यमान प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गरी प्रचार प्रसार गर्ने,<br>• शान्ति स्तम्भ तथा भ्यू टावरहरूको निर्माण गर्ने,<br>• पर्यटन सूचना केन्द्रको स्थापना गर्ने,<br>• पदमार्गलाई नक्शाङ्कन गरी पर्यटकहरूको लागि गाइड (पथ प्रर्दशकहरू) तयार गर्न जनशक्ति विकास गर्ने,<br>• मुख्य पर्यटक स्थलहरूको प्रचार प्रसारका लागि परिचय पुस्तिका (Brochure) तथा भिडियोहरू (Documentry Film) तयार गर्ने,<br>• सांगीतिक सांस्कृतिक समूहहरूलाई तालिम दिने,<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गंगादेव गाउँपालिकाको पर्यटन क्षेत्रको प्रबर्द्धनका लागि Website बनाइ सामग्रीहरू अपडेट गर्ने,<br>• ट्रेकिङ रूटमा सूचना प्रवाह गर्न होर्डिङ बोर्ड राख्ने,<br>• साहसिक पर्यटन अन्तर्गत पर्वतारोहण, बन्जि जम्पिङ्, रक क्लाइम्बिङ्, प्याराग्लाइडिङ्, हनी हन्टिङ् आदिको सम्भाव्यता अध्ययन गर्ने,<br>• उच्च पर्वतीय खेलकुद तथा पर्वतारोहण तालिम केन्द्रको संभाव्यता अध्ययन गरी निर्माण गर्ने,<br>• फिल्म सुटिङ् स्थलको रूपमा विकास गर्ने,<br>• प्रमुख सांस्कृतिक ग्रामको वरिपरि आधुनिक सुविधा सम्पन्न होटल, स्वास्थ्य केन्द्र र पर्यटकले खरिद गर्ने सामान सम्बन्धी घरेलु उद्योग सञ्चालन गर्ने,<br>• जाति जनजातिका संस्कृति झल्काउने सांस्कृतिक संग्रहालय बनाउने,<br>• प्राकृतिक वन्यजन्तु उद्यानको रूपमा विकास गरी पर्यटकहरूलाई आकर्षित गर्ने,<br>• गंगादेव गाउँपालिका भित्रका अग्ला चुचुराहरूमा दृश्यावलोकन स्थल र पार्कको विकास गरी उक्त स्थानहरू पुग्नको लागि आवश्यक पदमार्ग र भौतिक पूर्वाधारको विकास गर्ने, |

| | |
|---|---|
| | • पर्यटकहरूको स्वागतमा प्रयोग हुने सामान र खानपिनका वस्तुहरूको उत्पादन स्थानीय स्तरमा गर्ने,<br>• पर्यटन क्षेत्रको बजारीकरणका लागि कुभिण्डे दह, स्वर्गद्वारी, धारापानी, बाह्रकुने दह, लुम्बिनी लगायत अन्य ठाउँमा रहेका पर्यटनसँग सम्बन्धित संघ, संस्थासँग समन्वय गर्ने, |

गंगादेव गाउँपालिका

## प्रमुख कार्यक्रम

| क्र. सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | पालिका स्तरीय | | | | | | | | | | | |
| १ | सुकीदह पर्यटकीय स्थल निर्माण आयोजना | पटक | गंगादेव गा.पा.वडा २ | १ | १ | १ | १ | १ | ५ | ९०,४४८,६६६ | संघ | १ |
| २ | सुख्खा ओडार ऐतिहासिक गुफा निर्माण आयोजना | पटक | गंगादेव गाउँपालिका | १ | १ | १ | १ | १ | ५ | १८,८२७,६३४ | संघ | १ |
| ३ | सार्वजनिक सौचालय र प्रतिक्षालय | घरधुरी | गंगादेव गा.पा. | | | | | | ३००० | ५००००० | प्रदेश | ३ |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | शिवगुफा जाने बाटो रेलीङ निर्माण | मिटर | शिवगुफा क्षेत्र | ५०० | | | | | ५०० | ७००,००० | प्रदेश | १ |
| २ | शिवगुफा मन्दिर र फिल्ड निर्माण | संख्या | शिवगुफा क्षेत्र | १ | १ | | | | २ | ५००,००० | प्रदेश | ३ |
| ३ | शिव मुर्ति र नन्दी मुर्ति निर्माण | संख्या | शिवगुफा क्षेत्र | | १ | १ | | | २ | १,०००,००० | संघ, प्रदेश | १ |
| ४ | शिव गुफा परिसर घेरबार | मिटर | शिवगुफा क्षेत्र | | | ५०० | ५०० | | १००० | ८००,००० | संघ, प्रदेश | २ |
| ५ | शिवगुफा घण्टी निर्माण | के.जी. | शिवगुफा क्षेत्र | १० | | | | | १० | १५,००० | पालिका | २ |
| ६ | शिवगुफा खानेपानी विद्युत तथा शौचालय निर्माण | वटा | शिवगुफा क्षेत्र | १ | १ | | | | २ | ५००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ७ | शिवगुफा पार्क | संख्या | शिवगुफा क्षेत्र | | | | १ | | १ | २००,००० | संघ, प्रदेश | ३ |
| ८ | बजर पाटा मन्दिर निर्माण | संख्या | वडा नं. १ | | | १ | | | १ | ५००,००० | संघ, प्रदेश | २ |
| | वडा नं. २ | | | | | | | | | | | |
| १ | सुख्खा ओडार, गणेश मन्दिर, शिवगुफा, स्वास्थ्य चौकी, गंगा मावि हुँदै पार्वती गुफा सम्म पैदल मार्ग निर्माण | वटा | वडा नं. २ | | १ | १ | | | २ | ५००,००० | प्रदेश, स्थानीय | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सुकिदह क्षेत्र पर्यटन विकास योजना | वटा | वडा नं. २ | १ | | | | | १ | १,०००,००० | संघ, प्रदेश | ३ |
| ३ | सिद्ध गुफा पर्यटन प्रवद्धनका लागि मन्दिर तथा प्रतिक्षालय निर्माण | वटा | ओइलाम लेखाचौर | | १ | | | | १ | ६००,००० | संघ, प्रदेश | १ |
| ४ | पूर्णगाउँ माथि रहेको सिद्ध बाबाको मन्दिर मर्मत | वटा | पूर्णगाउँ | | | १ | | | १ | ५००,००० | संघ, प्रदेश | २ |
| ५ | हेलङ ओला बराह पुज्ने मन्दिर | वटा | वडा नं. २ | | १ | | | | १ | ५००००० | पालिका | २ |
| ६ | खत्री परिवारकृ कुल पुजारीको मन्दिर निर्माण | वटा | कापरनेटा | १ | | | | | | ३००००० | पालिका | १ |
| | वडा नं. ३ | | | | | | | | | | | |
| १ | सहिदपार्क व्यवस्थापन तथा कृषी पर्यटन प्रर्वद्धन कार्यक्रम | पटक | वडा नं. ३ | १ | १ | १ | १ | १ | ५ | १५०,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | ब्राह जथाक पर्यटन स्टेट निर्माण | वटा | वडा नं. ३ | | १ | | | | १ | ५००,००० | संघ, प्रदेश | ३ |
| ३ | गंगादेव ३ मा होमस्टे स्थापना | वटा | वडा नं. ३ | | १ | १ | | | २ | ५००,००० | संघ, प्रदेश | १ |
| ४ | सार्वजनिक स्थानमा शौचालय र प्रतिक्षालय निर्माण | पटक | वडा नं. ३ | | १ | | | | १ | ३०००,००० | प्रदेश, स्थानीय | २ |
| | वडा नं. ४ | | | | | | | | | | | |
| १ | सुपेगैरामा पर्यटन स्थल निर्माण | वटा | सुर्यगैरा | १ | | | | | १ | ३००,००० | संघ, प्रदेश | १ |
| २ | विजय धुरी पर्यटन स्थल निर्माण | वटा | पाखापानी | १ | | | | | १ | ५००,००० | संघ, प्रदेश | ३ |
| | वडा नं. ५ | | | | | | | | | | | |
| ३ | स्थानिय, मेला, गुफा, मन्दिर प्रवद्धन तथा प्रतिक्षालय निर्माण | वटा | विरमोर, दयाधुरी, लामाचौर | | | १ | | | १ | ८००,००० | संघ, प्रदेश | १ |
| | वडा नं. ६ | | | | | | | | | | | |
| १ | ब्राहथान मन्दिर मर्मत | पटक | हिले | १ | | | | | १ | १५०,००० | संघ, प्रदेश | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ताप्ला बजारमा भगवति मन्दिर निर्माण | | | | १ | | | | | ३००००० | स्थानीय | ३ |
| २ | भगवती टोलमा होम स्टे विकास कार्यक्रम | पटक | ताप्ला | १ | | | | | १ | १००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ३ | सिद्धबाबा मन्दिर निर्माण | वटा | गोरजले | १ | | | | | १ | ४००,००० | संघ, प्रदेश | २ |
| ४ | जिल्ला धुरी शिवबाबा मन्दिर निर्माण | वटा | रातामाटा | १ | | | | | १ | ५००,००० | संघ, प्रदेश | २ |
| ५ | जिल्ला धुरी पर्यटकीय क्षेत्र निर्माण | वटा | रातामाटा | १ | | | | | १ | ३००,००० | प्रदेश, स्थानीय | १ |
| ६ | जीवन ज्योति मा.वि. सरस्वती मन्दिर निर्माण | वटा | दडलटाकुरा | | १ | | | | १ | ३००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ७ | वजुपूज्ने देवि मन्दिर मर्मत | पटक | वजुपूज्ने | | १ | | | | १ | १५०,००० | संघ, प्रदेश | २ |
| ८ | दल्लेटाकुरा देउती पूज्ने स्थान प्रचार प्रसार | वटा | वल्ले | | १ | | | | १ | ५०,००० | स्थानीय | १ |
| ९ | सुपेगैरा तिलिधुरी सिद्धबाबा मन्दिर निर्माण | वटा | तिरिक्धुरी | | १ | | | | १ | २५०,००० | प्रदेश, स्थानीय | ३ |
| १० | घामतारा बराहपूज्ने मन्दिर निर्माण | वटा | वल्ले | | १ | | | | १ | ३००,००० | संघ, प्रदेश | १ |
| | **वडा नं ७** | | | | | | | | | | | |
| १ | होम स्टे निर्माण कार्यक्रम | घर | जापचौर | १० | १० | १० | १० | | ४० | ४००,००० | संघ, प्रदेश | १ |
| २ | वडा भित्रका जिर्ण मन्दिर मर्मत कार्यक्रम | वटा | उपल्लो जाप | | १ | | | | १ | २००,००० | संघ, प्रदेश | ३ |
| ३ | राँकमा प्राकृतिक अवलोकन पर्यटकिय स्थल निर्माण | वटा | विखोला | १ | | | | | १ | ५००,००० | प्रदेश | ३ |
| ४ | विभिन्न स्थानका मन्दिरहरु निर्माण गर्ने | | | | | १ | | | | ५००,००० | स्थानीय | २ |
| | **जम्मा** | | | | | | | | | १८,२६५,००० | | |

### अपेक्षित उपलब्धि :

गाउँपालिकाका सम्पदा तथा संस्कृतिहरूको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गरिएको हुनेछ । प्राकृतिक सम्पदाहरूको जगेर्ना गर्दै पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रबर्द्धन भएको हुनेछ । पर्यटन मार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गरिएको हुनेछ । पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादन बीच सघन सहकार्य स्थापित गरिएको हुनेछ । पर्यटन क्षेत्रको दिगो विकासबाट उत्पादन र रोजगारीमा वृद्धि गरी गाउँपालिकाको अर्थतन्त्र सुदृढीकरणमा पर्यटन क्षेत्रको उल्खनीय योगदान पुगेको हुनेछ ।

## ५.६ सार्वजनिक, निजी र सहकारी साझेदारी

संघ, प्रदेश र स्थानीय तीन वटै तह मार्फत हुने विकासका गतिविधिहरूमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रत्यक्ष संलग्नता अपरिहार्य छ । विकासको लागि निजी क्षेत्रको अग्रणी भूमिका हुने भएकोले निजी क्षेत्रका समस्या, समाधानका उपाय र निजी क्षेत्रको विकासमा स्थानीय सरकारले गर्नुपर्ने सहयोगको समेत विश्लेषण गरी कार्य गर्न सक्नु पर्दछ । त्यसैगरी आर्थिक विकासमा सहकारी क्षेत्रको योगदान बढ्दै गएको वर्तमान परिवेशमा समुदायमा छरिएर रहेका श्रम, सीप, प्रविधि र पुजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसरहरू वृद्धि गरी स्थानीय तहको आर्थिक वृद्धि गर्न निजी र सहकारी क्षेत्रको सहकार्य आवश्यक छ । गंगादेव गाउँपालिकामा जम्मा जम्मी ६ वटा सहकारी स्थापना भइ संचालनमा रहेका छन् ।

### सम्भावना र अवसर

- राज्यले अंगिकार गरेको सरकारी, सहकारी र निजी साझेदारीको तीन खम्बे अर्थनीतिले सहकारीको आवश्यकता र औचित्यलाई थप बलियो बनाएको सन्दर्भमा स्थानीय स्तरमा छरिएर रहेको सानो पुजीलाई एकीकृत गरी सहकारीका माध्यमबाट ठुला आर्थिक क्रियाकलापहरू सञ्चालन गर्न सक्ने सम्भावना रहेको छ ।
- गंगादेव गाउँपालिकामा खासगरी कृषि, वित्तीय, श्रम, साना किसान आदि सहकारीहरूको सञ्चालन र व्यवस्थापनका माध्यमबाट ग्रामीण पुजीको एकीकृत रूपमा परिचालन गरी गाउँबासीको पुजी परिचालनको क्षमता विकास, गुणस्तरमा सुधार, रोजगारीको सृजना जस्ता कार्यहरू गर्ने सम्भावना रहेको छ ।
- सहकारीलाई व्यवस्थित, मर्यादित, सुशासनयुक्त र समुदायमुखी बनाइ उत्पादन, बजारीकरण र प्रविधीमैत्री वातावरण निर्माण गर्ने वातावरण बनाउनका लागि स्थानीय सरकारलाई अधिकार हुनु यस क्षेत्रका अवसरहरू रहेका छन् ।

### समस्या र चुनौती

- सहकारी शिक्षा र यस सम्बन्धी जनचेतनाको कमी हुनु,
- सहकारी सञ्चालन सम्बन्धी ज्ञान, सीप र क्षमताको अभाव हुनु,
- सञ्चालित सहकारीमा साँवा पुजीको कमी हुनु,
- पुजी परिचालन सम्बन्धी सहकारीको मर्म अनुसारको व्यावसायिक ज्ञानको अभाव हुनु,
- सहकारीको मूल्य, मान्यता र मर्म बमोजिम सञ्चालन नहुनु,
- वित्तीय संस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी हुनु,
- स्थानीयहरूमा आम्दानी र बचतको सन्तुलन कायम गर्न नसक्नु,
- सहकारीहरूको नियमित एवं प्रभावकारी अनुगमन नहुनु,

- सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच समन्वयात्मक वातावरण निर्माण गर्न नसक्नु,
- पर्याप्त विकासमैत्री तथा उत्तरदायी निजी क्षेत्रको विकास गर्न नसक्नु,
- सर्वसाधारणमा सहकारी क्षेत्रको सही ज्ञानको अभाव हुनु,
- सहकारीमा आबद्धता पश्चात् पनि भरपुर फाइदा लिन नसक्नु,
- निजी क्षेत्र प्रतिस्पर्धी, उद्यमशील र नवप्रवर्तनीय हुन नसक्नु,
- प्रतिस्पर्धी निजी क्षेत्रको विकासका लागि सरकारले सहज कर्ता र निर्णयकारी भूमिका प्रभावकारी नहुनु,
- लगानी मैत्री वातावरण सिर्जना गरी सहकारीको योगदानमा वृद्धि गर्न नसक्नु
- सहकारीलाई उचित नियमन गर्दै सहकारीको गुणस्तर वृद्धि र विकासमा योगदान पुऱ्याउन नसक्नु,

## सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### सोच

**"सार्वजनिक, निजी, सहकारी: जनताको हितका लागि समान साझेदारी"**

### लक्ष्य

- सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारी वातावरणको निर्माण मार्फत आर्थिक वृद्धि र रोजगारीमा योगदान गर्ने,

### उद्देश्य

- सहकारीहरूलाई पारदर्शी र व्यवस्थितरूपले सञ्चालन गरी उत्पादन र रोजगारी सिर्जनामा योगदान गर्नु,
- निजी क्षेत्रलाई उत्पादन क्षेत्रमा लगानी गर्ने वातावरण बनाइ समग्र विकासमा योगदान गर्नु,
- सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारीमा पुजीलाई केन्द्रीकृत गरी उत्पादनमा लगानी गर्नु,
- संचालनमा रहेका सहकारीहरूको संस्थागत विकास गरी स्तरोन्नति गर्नु,
- सहकारीका आम सदस्यहरूलाई सहकारी शिक्षा प्रदान गर्नु,

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • निजी क्षेत्रलाई पुजी सिर्जना र उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने,<br>• सहकारी क्षेत्रलाई उत्पादनमुखी बनाउने,<br>• सहकारी व्यवस्थापनका लागि स्थानीय तहले सहज सरल र जनमुखी नीति निर्देशिका तयार गर्ने, | • सहकारीलाई उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण र विविधिकरणका आयोजनाहरूमा सहयोग गर्ने,<br>• कृषि सहकारी आयोजनाहरूमा प्राविधिक सहयोग उपलब्ध गराइने,<br>• नमुना सहकारी निर्माणका लागि दस्तावेजीकरण, लेखा व्यवस्थापन, योजना निर्माण र सहकारी व्यवस्थापनका क्षेत्रमा सीपमूलक क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने, |

| | |
|---|---|
| ● सहकारीका माध्यमबाट नगरवासीहरूलाई सशक्तीकरण गरी लगानी मैत्री वातावरण निर्माण गर्ने,<br>● सहकारी व्यवस्थापन, संचालन, पुजी परिचालन र उत्पादन गरी आर्थिक समृद्धिमा संस्थागत विकास गर्ने,<br>● सहकारीका सञ्चयकर्ता, व्यवस्थापक र कर्मचारीलाई सहकारी शिक्षा दिने,<br>● निजी क्षेत्र र सहकारीका गतिविधिहरूको अनुगमन तथा मूल्यांकनका लागि गाउँपालिकाले संयन्त्र तयार गर्ने<br>● सहकारीलाई नियमित रूपमा नियमन गर्ने, | ● सहकारी भित्रको सुशासन, जवाफदेहिता, पारदर्शिता कायम गर्नका लागि गाउँपालिका र सहकारीबीच नियमित अन्तर्क्रियात्मक छलफलको आयोजना गर्ने,<br>● नियमित सहकारी अनुगमन तथा मूल्यांकन प्रणालीको व्यवस्था गर्ने,<br>● राम्रो र प्रभावकारी सेवा व्यवस्थापनको क्षेत्रमा सफल कार्य गर्ने सहकारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गर्ने,<br>● निजी क्षेत्रलाई आवश्यक सेवा तथा सुबिधाको व्यवस्था मिलाउन सहजीकरण गर्ने,<br>● सम्भाब्यता अध्ययन गरी निजी क्षेत्रसँग सहकार्यको लागि आयोजना बैंक निर्माण गर्ने,<br>● गाउँपालिकाभित्रका आयोजनाहरूको विकासको लागि निजी क्षेत्रहरूसँग नियमित छलफल तथा समन्वय गर्ने,<br>● निजी क्षेत्रमार्फत विभिन्न आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारको विकास र भौतिक सुरक्षाको प्रबन्ध मिलाउने,<br>● निजी क्षेत्रको लगानीको उपयोग कृषि, पशुपंक्षी पालन, पर्यटन, ऊर्जा, उद्योग र भौतिक पूर्वाधारको क्षेत्रमा गर्ने, |

गंगादेव गाउँपालिका

## प्रमुख कार्यक्रम

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | **पालिका स्तरीय** | | | | | | | | | | | |
| १ | पालिका भरीका सहकारीहरुलाई वर्गिकरण गरी उत्पादीत वस्तुको गंगादेवको पहिचान हुनेगरी बजारीकरण गर्नलाई सहकारी मार्फत सहजिकरण गर्ने व्यवस्था गर्ने | | गंगादेव गाउँपालिका स्तरीय | | | | | | | | | १ |
| | **वडा नं. १** | | | | | | | | | | | |
| १ | कम्प्यूटर प्रिन्टर तथा नेट जडान सेवा | पटक | ओत कृषि सहकारी संस्था लिमिटेड | १ | | | | | | ८०,००० | पालिका | १ |
| २ | सहकारी तथा वित्तिय क्षेत्र अभिमुखीकरण तालिम | वर्ष | ओत कृषि सहकारी संस्था लिमिटेड | | १ | | | | | १००,००० | संघ र प्रदेश | २ |
| | **वडा नं. २** | | | | | | | | | | | |
| १ | २ नम्बर वडाभित्र संचालित सहकारीहरुलाई लेखा व्यवस्थापन तालिम | पटक | वडा नं. २ | १ | १ | १ | १ | १ | ५ | २००,००० | संघ र प्रदेश | १ |
| | **वडा नं. ६** | | | | | | | | | | | |
| १ | कृषि सहकारी स्थापना तथा तालिम | पटक | गोरजले वल्ले पुर्णागाउँ, खरेडाँडा देउलटाकुरा | | १ | | | | १ | १००,००० | संघ र प्रदेश | १ |
| | **वडा नं. ७** | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि सहकारी तथा वित्तिय संस्था निर्माण कार्यक्रम | वर्ष | जापचौर | १ | | | | | | ३०,००० | संघ र प्रदेश | १ |
| २ | कृषि सहकारी तथा वित्तिय संस्था निर्माण कार्यक्रम | वर्ष | उपल्लोजाप | १ | | | | | | ३०,००० | संघ र प्रदेश | ३ |
| | **जम्मा** | | | | | | | | | ५४०,००० | | |

गंगादेव गाउँपालिका

### अपेक्षित उपलब्धि

सहकारी र निजी क्षेत्रको विकासका लागि सामान्य नागरिकका जिम्मेवारी, काम कर्तव्य र अधिकारका विषयमा स्पष्टता आएको हुनेछ । सहकारीहरूको व्यवस्थापकीय क्षमतामा सुधार आई सहकारीमा आबद्ध जनशक्तिले सहकारीको माध्यमबाट ऋण परिचालन, आफ्ना व्यवसाय व्यवस्थापन गर्ने कार्यमा सफलता प्राप्त गरेका हुनेछन् । निजी क्षेत्रको सहकार्य र सह-लगानीमा आयोजनाहरू संञ्चालन भएका हुनेछन् । निजी क्षेत्रबाट संचालित आयोजनाहरूमा स्थानीय जनताको लागि उल्लेख्य मात्रामा रोजगारी सिर्जना भएको हुनेछ । सहकारीहरूलाई विभिन्न प्रकारका सीप तथा प्रविधि हस्तान्तरण गरिएको हुनेछ । सार्वजनिक, निजी तथा सहकारी क्षेत्रमा साझेदारी वातावरणको निर्माण मार्फत आर्थिक वृद्धि र रोजगारीमा योगदान पुगेको हुनेछ ।

## ५.७ श्रम तथा रोजगारी र मानव संसाधन विकास

गरिबी निवारण र आर्थिक विकासमा उल्लेख्य प्रगति गर्न सकिने तथ्यलाई मध्यनजर गरी श्रम बजारको आवश्यकता अनुरूप सीपमूलक श्रमशक्तिको विकास गर्नु आजको आवश्यकता हो । गुणस्तरीय जनशक्तिको विकास मार्फत् श्रमको उत्पादकत्व अभिवृद्धि गरी स्थानीय अर्थतन्त्रलाई सबल बनाउन उत्पादनको क्रियाशील साधनको रूपमा श्रमको महत्वपूर्ण भूमिका रहन्छ । संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जित सीप, पुजी तथा प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर उपलब्ध गराउनु आवश्यक छ । स्थानीय स्तरमा विद्यमान बढ्दो बेरोजगारी न्यूनीकरण गर्नु आवश्यकता छ। उत्पादनमुखी, आत्मनिर्भर र समृद्ध गाउँपालिका निर्माणको प्रमुख साधन मानव संसाधन हो । शिक्षालाई सीपसँग, सीपलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग, बजारलाई रोजगारीका अवसर र आर्थिक विकाससँग जोड्न सक्ने जनशक्ति विकास गर्नु गंगादेव गाउँपालिकाको आवश्यकता हो । युवा जनशक्तिलाई प्रविधियुक्त सीप विकास गरी प्रतिस्पर्धा गर्न सक्ने बनाउन जरुरी देखिन्छ । गाउँपालिकाभित्र रोजगारीको अवसर सिर्जना गर्ने तथा स्वरोजगार हुन सक्ने वातावरण निर्माण गर्न आवश्यक देखिन्छ ।

### सम्भावना र अवसर

- गंगादेव गाउँपालिकामा बेरोजगारी श्रम शक्ति २१२ जना रहेका छन् । बेरोजगारीको प्रतिशतलाई रोजगारी सिर्जना गर्नका लागि स्थानीय सरकारले नीति कार्यक्रम र बजेटका माध्यमबाट सम्बोधन गरी श्रम बजारका विभिन्न किसिमका रोजगारीका सीपमूलक अवसरहरू प्रदान गर्न सक्ने सम्भावना रहेको छ ।
- प्रधानमन्त्री, मुख्यमन्त्री र अध्यक्ष जस्ता रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित विकासे आयोजनाहरूमा अत्यावश्यक बाहेक आधुनिक औजारको प्रयोगमा कमी ल्याई मानव श्रम शक्तिलाई उपयोग गर्न सके अधिक मात्रामा रोजगारीका अवसरहरू सृजना गर्ने सम्भावना रहेको छ ।
- श्रम बजारको बदलिँदो आवश्यकता अनुसार सीपमूलक जनशक्ति उत्पादन गर्नका लागि पालिकाले बजेटको व्यवस्था गरी बेरोजगार युवा युवतीलाई रोजगारमूलक सीप विकास तालिम दिएर पनि रोजगारी सिर्जना गर्न सकिने संभावना रहेको छ ।
- विकास आयोजनाहरूमा श्रमिक उपयोग गर्दा तुलनात्मक रूपमा मंहगो भए तापनि स्रोतको वितरण गरिब तथा विपन्न वर्गसम्म पुग्न सक्ने भएकाले यसलाई अवसरको रूपमा उपयोग गरी स्वदेशमै रोजगारी सृर्जना गर्ने कार्यलाई प्राथमिकता दिन सकिन्छ ।

- श्रममैत्री ऐन कानुनहरू निर्माण हुनु, श्रम तथा रोजगार सम्बन्धी संस्थागत संरचनाहरू स्थापना तथा सञ्चालन हुनु, सामाजिक तथा संस्थाहरू श्रम तथा रोजगारका क्षेत्रमा क्रियाशील रहनु, सरकारको शिक्षालाई बजारसँग जोडने प्राथमिकता रहनु, शिक्षा क्षेत्रमा सीपलाई आबद्ध गर्दै लैजानु, रोजगार तथा सीपमूलक क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको लगानी बढ्दै जानु, रोजगारमूलक क्षेत्रको विकास तथा विस्तार हुँदै जानु, वैदेशिक रोजगारबाट फर्केको युवाशक्ति यही नै रही स्वरोजगारको क्षेत्रमा आकर्षित हुनु जस्ता अवसरहरू रहेका छन् ।

## समस्या र चुनौती

- स्थानीय श्रम बजारमा श्रर्मिक बन्ने र आफ्नो गाउँघरको विकासमा आफै सहभागी हुने मानसिकताको अभाव रहेकाले युवा युवतीलाई स्थानीय रोजगारीका अवसरहरूमा जोड्न चुनौती देखिएको छ ।
- उपलब्ध श्रम शक्तिमा पनि आवश्यकता अनुसारको सीप र ज्ञानको अभाव रहेकाले त्यस्तो श्रमशक्तिलाई रोजगारीमा जोड्न लागत र प्रतिफलका हिसाबले चुनौतीपूर्ण रहेको छ ।
- निर्माण कार्यमा जथाभावी आधुनिक उपकरणको प्रयोग गर्ने प्रवृत्तिले प्राकृतिक भूबनोट र पर्यावरणीय सुन्दरतामा क्षयीकरण गर्नुका साथै लागत पुजीको पलायन भएको छ ।
- श्रमप्रतिको सम्मानको कमी हुनु, उद्यमशीलताको विकास, स्वरोजगार प्रबर्द्धन र उत्पादन कमजोर रहनु, युवा विदेश पलायन हुनु, वैदेशिक रोजगार सुरक्षित र भरपर्दो हुन नसक्नु, वैदेशिक रोजगारीका नाममा हुने मानव तस्करी नरोकिनु, स्थानीय तहमा रोजगारीको सृजना पर्याप्त हुन नसक्नु, वैदेशिक रोजगारीको सीप र पुजीलाई उत्पादनमा जोड्न नसक्नु, निजी क्षेत्रलाई रोजगार मैत्री लगानीमा प्रोत्साहन गर्न नसक्नु, श्रमबजार सूचना प्रणाली र श्रम प्रशासन चुस्त हुन नसक्नु, स्थानीय स्तरमा आवश्यक जनशक्तिको प्रक्षेपण गर्ने र सोही अनुसार जनशक्तिको उत्पादन नहुनु, उत्पादित जनशक्ति र तिनको बजार व्यवस्थापन हुन नसक्नु, उत्पादित जनशक्तिलाई टिकाइ राख्न नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।
- स्थानीय स्तरमा श्रमलाई सीप, प्रविधि, उत्पादन र बजारसँग जोड्न नसक्नु, उत्पादनशील क्षेत्रको पहिचान र रोजगारीका अवसरहरू सिर्जना गर्न नसक्नु, अनौपचारिक क्षेत्रका रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याई उद्यमशीलता विकास गर्न नसक्नु, असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धि मार्फत् आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो वनाउन नसक्नु, नयाँ श्रम क्षेत्रको पहिचान मार्फत जनशक्ति विकास योजना तयार गरी कार्यान्वयन गर्न नसक्नु, वैदेशिक रोजगारमा जाने व्यक्तिलाई दक्ष बनाउन नसक्नु र विदेशबाट फर्केर आउने व्यक्तिको सीप र दक्षतालाई उपयोग गर्न नसक्नु, छोटा, मध्यम तथा लामो अवधिका सीपमूलक तालिम संचालन गरी रोजगारीको क्षेत्रमा जोड्न नसक्नु ।

## क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### सोच

**"दक्ष र सिपयुक्त जनशक्ति निर्माण मार्फत रोजगारी सिर्जना"**

### लक्ष्य

- गंगादेव गाउँपालिका भित्रको मानव पुजीलाई दक्ष श्रमशक्तिमा रुपान्तरण गरी उत्पादनशील क्षेत्रमा लगाइ बेरोजगारी समस्या न्यूनीकरण गर्ने,

### उद्देश्य

- बेरोजगार तथा अर्धबेरोजगारलाई रोजगारीका अवसरहरू सिर्जना गर्नु,
- वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउनु,
- आवश्यक जनशक्ति प्रक्षेपण र उत्पादन गर्ने व्यवस्था गर्नु,
- प्रतिस्पर्धी, सक्षम र गुणस्तरीय जनशक्तिको आपूर्ति गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • श्रम सम्बन्ध सुदृढ गरी रोजगार सृजना गर्ने,<br>• श्रमिकको दक्षता वृद्धि गरी प्रतिस्पर्धी बनाउने,<br>• स्थानीय तहको निम्ति आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष जनशक्तिको प्रक्षेपण गर्ने,<br>• शिक्षालाई बजारको माग र सीपसँग आवद्ध गर्ने,<br>• स्थानीय सरकार तथा निजी क्षेत्रबीच साझेदारी गर्ने,<br>• जनशक्ति उत्पादन गर्दा प्राविधिक तथा व्यावसायिक सीप विकासमा जोड दिने, | • रोजगार सूचना केन्द्र स्थापना गरी श्रम बजारको माग अनुसार श्रमशक्तिको आपूर्ति गर्ने,<br>• श्रम र ज्याला बीचको सन्तुलन कायम गर्ने,<br>• बेरोजगारलाई प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम दिइ दक्ष जनशक्ति निर्माण गर्ने,<br>• वैदेशिक रोजगारीमा जानेहरूको अभिलेख राखी त्यसलाई सुरक्षित व्यवस्थित एवं मर्यादित बनाउन आवश्यक समन्वय गर्ने,<br>• वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र पुजीलाई उत्पादनमा लगाउन प्रोत्साहन गर्ने,<br>• स्थानीय तह र निजी क्षेत्रलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गर्ने,<br>• शैक्षिक संस्थासँग सहकार्य गरी आवश्यक जनशक्ति उत्पादन गर्ने व्यवस्था गर्ने,<br>• उत्पादन क्षेत्रलाई चाहिने मध्यम खाले जनशक्ति उत्पादनलाई प्राथमिकता दिने,<br>• युवाहरूलाई माग तथा आवश्यकताका आधारमा अल्प, मध्यम तथा लामो अवधिका व्यावसायिक तालिम संचालन गर्ने,<br>• विदेशबाट फर्कका व्यक्तिको सीपको प्रयोग गरी स्वरोजगार हुन तथा रोजगारी सिर्जना गर्न प्रोत्साहन गर्ने,<br>• नयाँ रोजगारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने,<br>• आर्थिक तथा सामाजिक हिसाबले पछि परेका समूहको क्षमता विकासका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसरमा छात्रवृत्ति लगायत सुविधाहरू प्रदान गर्ने,<br>• युवाहरूलाई स्वरोजगारतर्फ आकर्षित गर्न अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरी १५० जना बेरोजगारलाई प्रति वर्ष स्वरोजगार बनाउन व्यवसायमा बिउ पुजीको रूपमा अनुदान दिने र अन्य आवश्यक सहयोग गर्ने,<br>• निर्माण दलको गठन र परिचालनः स्थानीय बेरोजगार युवाहरूलाई विकास निर्माणका कार्यहरूको जिम्मेवारी दिने गरी वडाध्यक्षहरूको |

गंगादेव गाउँपालिका

| | |
|---|---|
| | प्रत्यक्ष निगरानीमा रहने १५ देखि २० जनाको एक निर्माण दल गठन गर्ने र निश्चित र समयबद्ध जिम्मेवारी दिने, आवश्यक तालिम दिने, निर्माण दलका सदस्यहरूको क्षमता पहिचान गरी जिम्मेवारी दिने, कामका आधारमा पारिश्रमिक र मूल्याङ्कन गर्ने र सीप प्रमाणीकरण गरी प्रमाणपत्र उपलब्ध गराउने ।<br>● महिलाहरूको घरयासी कामको मूल्यांकन प्रमाणीकरण गरी प्रमाणपत्र उपलब्ध गराउने, आयमूलक सीपको तालिम दिने र महिला स्वरोजगार प्रबर्द्धन गर्ने,<br>● विभिन्न सीपमूलक तालिम जस्तैः विद्युत् जडान, सिकर्मी, डकर्मी, सिलाइ बुनाइ, इलेक्ट्रोनिक्स, प्लम्बिङ, कम्प्युटर आदि छोटो तथा लामो अवधिका तालिम सञ्चालन गरी उद्यमशीलता र रोजगारी अभिवृद्धि गर्ने,<br>● गरिबी मापन र नक्सांकन गरी निरपेक्ष गरिबीको रेखामुनि रहेका घर परिवारको पहिचान गर्ने,<br>● गरिबीको रेखामुनि रहेका घर परिवारको सदस्यलाई कम्तिमा १०० दिनको रोजगारी सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने (जस्तैः गाउँपालिकाबाट सञ्चालित विकास निर्माण कार्यहरूमा गरिब परिवारका सदस्यहरूलाई प्राथमिकता दिने, स्थानीय विकास निर्माणका कार्यहरूमा श्रममूलक प्रविधिलाई प्राथमिकता दिने),<br>● कृषिमा आधुनिकीकरण र उन्नत पशुपालन कार्यक्रमहरूलाई गरिब लक्षित गर्दै आयस्तरमा वृद्धि गर्ने,<br>● गरिब परिवारका महिलाहरूलाई केन्द्रित गरी स्वरोजगार सीप प्रदान गर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने,<br>● स-साना व्यवसाय सञ्चालन गर्न लघुवित्त संस्था मार्फत बिउ पुजी उपलब्ध गराउन गाउँपालिकाले आवश्यक समन्वय र सहयोग गर्ने,<br>● गरिब घर परिवारलाई सहकारी मार्फत सामुहिक खेती, पशुपालन, स-साना व्यवसाय सञ्चालन गर्न गाउँपालिकाले आवश्यक समन्वय र सहयोग गर्ने (जस्तै भूमि बैंक मार्फत जमिन उपलब्ध गराउने),<br>● गरिब परिचय पत्र प्राप्त परिवारलाई सुपथ मूल्यमा खाद्यान्न तथा अन्य सेवा उपलब्ध गराउने,<br>● गरिब व्यक्तिसँग भएको परम्परागत सीप तथा ज्ञानको पहिचान गरी तदनुसारको कार्यक्रमतर्फ उन्मुख गराउन उत्प्रेरित गराउने,<br>● गरिब परिवारको शिक्षा स्वास्थ्य र आय आर्जनको क्षेत्रमा पहुँच बढाउन वडास्तरमा १ वर्षमा २ पटक परामर्श सेवा (Counselling) अभियान सञ्चालन गर्ने । |

गंगादेव गाउँपालिका

## प्रमुख कार्यक्रम

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | **पालिका स्तरीय** | | | | | | | | | | | |
| १ | युवाहरुलाई स्वरोजगारमूलक छोटो अवधिका तालिम संचालन | पटक | पालिका स्तरीय | १ | | १ | | १ | ३ | २०००००० | संघ, प्रदेश | १ |
| २ | लोकसेवाका लागि पूर्व तयारी कक्षा सञ्चालन | पटक | पालिका स्तरीय | १ | १ | १ | १ | १ | ५ | १०००००० | संघ, प्रदेश | १ |
| | **वडा नं. १** | | | | | | | | | | | |
| १ | बैदेशीक रोजगार सिपमुलक तालिम | जना | १ नं. वडा कार्यालय | १० | १० | १० | १० | १० | ५० | १,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | कृषि मैत्री तालिम | जना | १ नं. वडा कार्यालय | १० | १० | १० | १० | १० | ५० | १,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| | **वडा नं. २** | | | | | | | | | | | |
| १ | युवाहरुलाई स्वरोजगारमूलक छोटो अवधिका तालिम सचालन | जना | वडा नं. २ | ४० | ४० | ४० | ४० | ४० | २०० | २,५००,००० | संघ, प्रदेश | १ |
| | **वडा नं. ५** | | | | | | | | | | | |
| १ | व्यूटी पार्लर सिप विकास तालिम कार्यक्रम संचालन | जना | वडा नं. ५ | १० | १० | १० | १० | १० | ५० | १०००००० | प्रदेश, स्थानीय | १ |
| | **वडा नं. ६** | | | | | | | | | | | |
| १ | सिलाईकटाइ तालिम कार्यक्रम | जना | वडा नं. ६ | २५ | २५ | २५ | २५ | | १०० | २,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | मूडा बुनाई तालिम कार्यक्रम | जना | वडा नं. ६ | २५ | २५ | २५ | २५ | | १०० | २,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ३ | औजार निर्माण तालिम कार्यक्रम | जना | वडा नं. ६ | १० | १० | १० | १० | १० | ५० | १,०००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ४ | झोला बुनाई तालिम कार्यक्रम | जना | वडा नं. ६ | | २५ | २५ | २५ | २५ | १०० | २,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| | **वडा नं. ७** | | | | | | | | | | | |
| १ | सरकारी तथा गैरसरकारी कृषि अनुसन्धान कार्यक्रम संस्था निर्माण | वटा | सानडाँडा | | | | | १ | १ | ५०,००० | संघ, प्रदेश | |
| | **जम्मा** | | | | | | | | | **१५,५५०,०००** | | |

गंगादेव गाउँपालिका

### अपेक्षित उपलब्धि

योजनाको अन्तमा स्रोतको उपलब्धता, बजार र श्रमको अवस्था विश्लेषण भएको हुने, बजारको माग अनुसार प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन भएको हुने, उद्यमबाट उत्पादित वस्तुको बजार व्यवस्थापनमा सहयोग पुगेको हुने, वैदेशिक रोजगारीमा जानेको अभिलेख तयार भएको हुने र बेरोजगारहरूलाई उत्पादनमा लगाउन न्यून ब्याज दरको ऋण तथा अन्य सहयोग प्रवाह भएको हुनेछ । जनशक्ति प्रक्षेपण तथा उत्पादन योजना निर्माण तथा कार्यान्वयन पश्चात् स्थानीय तहको आवश्यकता बमोजिम सीपयुक्त जनशक्ति उत्पादन भएको हुनेछ। श्रम बजारमा जनशक्तिको माग र आपूर्तिबीच सन्तुलन कायम भएको हुनेछ । जनशक्ति विकासमा स्थानीय तह तथा निजी क्षेत्रहरूबीच सहकार्य र समन्वय उन्नत अवस्थामा हुनेछ ।

गंगादेव गाउँपालिका

# परिच्छेद छ
# सामाजिक क्षेत्र विकास योजना

## पृष्ठभूमि

यस अध्यायमा गंगादेव गाउँपालिकाको दीर्घकालीन योजनाको प्रारूपलाई मध्यनजर गरी Terms of Reference (TOR) मा उल्लिखित सामाजिक विकास योजनाका उपक्षेत्रलाई समेटिएको छ । गाउँपालिकाको समृद्धिका लागि पूर्वाधार विकास र सामाजिक विकास एकअर्काका अभिन्न अंग हुन् । भौतिक विकासले बाह्य पक्षलाई देखाउँदछ भने सामाजिक विकासले नागरिकका शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, युवा तथा खेलकुद, कला तथा संस्कृति र लक्षित समूहको विकास लगायतका उपक्षेत्रहरू पर्दछन् । यी उपक्षेत्रहरूको समुचित विकासका लागि गाउँपालिकाले लिएका सोच, लक्ष्य, उद्देश्य, रणनीति कार्यनीति प्रमुख कार्यक्रम र अपेक्षित उपलब्धिलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## ६.१ शिक्षा

शिक्षा क्षेत्रको विकास देश विकासको मूल आधार हो । दिगो, गुणस्तरीय र समयसापेक्ष रूपमा शिक्षा क्षेत्रको विकास भएमा देश विकास सहि ढंगले हुन सक्छ । गंगादेव गाउँपालिकाको दीर्घकालीन विकासका लागि शिक्षा क्षेत्रको विकास कोशेढुंगा सावित हुन्छ । यस परिप्रेक्ष्यमा यस गाउँपालिका क्षेत्रभित्र जम्मा ३९ वटा सामुदायिक विद्यालय रहेका छन् । गाउँपालिकाको अभिलेख अनुसार, कक्षागत आधारमा विद्यालयको संरचना हेर्दा १-५ कक्षा भएका विद्यालयहरू १९ वटा, ६-८ कक्षा भएका विद्यालयहरू १० वटा रहेका छन् भने माध्यमिक तह अन्तर्गत कक्षा ९-१० सम्म ५ वटा र कक्षा ११-१२ सम्म ५ वटा विद्यालयहरू रहेका छन् ।

### सम्भावना र अवसर

- स्थानीय सरकारको अभ्यास गरेसँगै शिक्षाले व्यावहारिक, जीवनउपयोगी, सीपमूलक, प्रतिस्पर्धी र समसामयिक चुनौतीको सामना गर्नसक्ने जनशक्ति उत्पादन गर्नका लागि संवैधानिक अधिकार क्षेत्रभित्र रही विभिन्न नीतिगत र आर्थिक कार्यक्रमको व्यवस्था गर्न सक्ने अधिकार नेपालको संविधान २०७२ ले गरेको छ ।
- शिक्षा क्षेत्रको विकासका लागि आवश्यक पर्ने आधुनिक भौतिक पूर्वाधारको विकास अधिकांश विद्यालयमा भएकाले शैक्षिक क्षेत्रको विकासका लागि योजनावद्ध कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक आधार तयार भएको छ ।
- पालिका भित्र भर्ना भएका जम्मा ८५३८ विद्यार्थी संख्या र २६५ शिक्षक संख्या को अनुपातलाई विश्लेषण गर्दा शिक्षक विद्यार्थी अनुपात १:३२ भएकाले शिक्षक संख्या पर्याप्त रहेको र यो जनशक्तिलाई शैक्षिक गुणस्तर विकासका लागि प्रभावकारी रूपमा परिचालन गर्न सकेमा पालिकाको शैक्षिक क्षेत्रको विकास हुने सम्भावना रहेको छ ।
- पालिका भित्रका विद्यालयको संख्या र पालिका भित्रका विद्यालय जाने उमेर समूहका बालबालिकाको जनसंख्यालाई विश्लेषण गर्दा विद्यालयको संख्या सरदर पालिकाको आवश्यकतालाई परिपूर्ति गर्न सक्ने रहेकाले यी विद्यालयमा आधुनिक शैक्षिक प्रविधिः कम्प्युटर ल्याव र विज्ञान प्रयोगशाला, ई-लाईब्रेरी तथा ICT को व्यवस्था गर्न सकेमा गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न सक्ने सम्भावना रहेको छ ।

गंगादेव गाउँपालिका

## समस्या र चुनौती

- संवैधानिक अधिकारको प्रयोग गरी शैक्षिक क्षेत्रको विकासका लागि गुरु योजना नबन्नु, प्राप्त अधिकार बमोजिमका जिम्मेवारी कार्यान्वयन गर्नका लागि पर्याप्त स्रोत साधनको अभाव हुनु,
- तुलनात्मक रूपमा भौतिक पूर्वाधार भएपनि गुणस्तरीय सिकाइका लागि आवश्यक प्रविधिमैत्री भौतिक पूर्वाधारको अभाव हुनु, विज्ञान प्रयोगशाला नहुनु, बालबालिका मैत्री पूर्वाधार नहुनु,
- प्राविधिक शिक्षालयको अभावका कारण प्राविधिक शिक्षा विकास चुनौतीको रूपमा रहनु,
- पालिका भित्रका विद्यालयमा विद्यालय छाड्ने दरमा अपेक्षित सुधार नहुनु, दलित तथा न्यून आय भएका परिवारका बालबालिकाहरूको भर्नादरमा कमी हुनु, विद्यालयहरू आर्थिक रूपले सबल हुन नसक्नु, विषयगत शिक्षक दरबन्दी कम हुनु, शिक्षामा राजनीतिकरण हुनु, शिक्षण पेशाप्रति प्रतिवद्धताको कमी, आधुनिक प्रविधिको प्रयोग नहुनु जस्ता समस्याहरू विद्यमान छन् ।
- शिक्षाको गुणस्तर सुधारका लागि विषयगत दरबन्दी मिलान, विद्यालय समायोजन, पाठयोजना सहितको शिक्षणमा जोड, स्थानीय पाठ्यक्रमको निर्माण तथा प्रयोग र प्रविधिमैत्री शिक्षण सिकाइमा जोड दिन नसक्नु,
- शारीरिक, मानसिक तथा संम्वेगात्मक रूपमा समस्यामा परेका बालबालिकाहरूका लागि विद्यालय पहुँच सहज नहुनु, बालमैत्री वातावरणको अभावमा पठनपाठन सञ्चालन हुनु र
- सार्वजनिक विद्यालयहरूलाई आत्मनिर्भर बनाउन आवश्यक योजना, बजेट, कार्यक्रम र सवल नेतृत्व क्षमताको अभाव हुनु ।

## क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### सोच

**"युग सापेक्ष सक्षम मानव पुजीको विकास, पालिका समृद्धिको आधार"**

### लक्ष्य

- विश्व बजारका सबै क्षेत्रमा स्वस्थ प्रतिस्पर्धा गरी राष्ट्र निर्माणमा योगदान पुऱ्याउन सक्ने सीपयुक्त सक्षम जनशक्ति उत्पादन गर्ने,

### उद्देश्य

- गंगादेव गाउँपालिका अन्तर्गतका सबै वर्ग तथा क्षमताका बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सुनिश्चित गर्नु,
- विद्यालय उमेर समूहका बालबालिकाको आधारभूत तथा माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित गर्नु,
- शिक्षालाई समावेशी, जीवनोपयोगी, व्यावहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाइ बालबालिकाको सिकाइलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धी बनाउनु,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु,
- शैक्षिक पूर्वाधारहरू आधुनिक, समावेशी, पर्यावरण मैत्री, सुरक्षित, र प्रविधि मैत्री बनाउनु र
- गुणस्तरीय शिक्षाका लागि योग्य, दक्ष र विषयगत शिक्षकको व्यवस्थापन गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकालाई बालमैत्री वातावरणमा पठनपाठनको सुनिश्चित गर्ने, | • स्थानीय समुदायसँगको सहकार्यमा प्रत्येक वडा तथा वस्तीहरूमा सामुदायिक बालविकास केन्द्रको स्थापना गरी आवश्यक भौतिक, प्राविधिक एवं शैक्षिक जनशक्तिको प्रबन्ध मिलाउने,<br>• यस्ता केन्द्रहरूमा दिवा खाजा, पोशाक, शैक्षिक सामग्री र अन्य साधनहरू उपलब्ध गराउन गाउँपालिका/वडाले आवश्यक वित्तीय सहयोग गर्ने ।<br>• बाल विकास केन्द्रको पहुँच नभएका बालबालिकाको बाहुल्यता भएका स्थानहरूको छनौट गरी थप बाल विकास केन्द्रहरूको स्थापना गर्ने, |
| • दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गर्ने, | • पालिका भित्रका सबै सार्वजनिक विद्यालयहरूको भौतिक पूर्वाधार तथा शैक्षिक सामग्री, विषयगत प्रयोगशाला, सुरक्षित खेलमैदान, स्वच्छ र शुद्ध पिउने पानी तथा सरसफाइ आदिको राष्ट्रिय मापदण्ड अनुसार व्यवस्था गर्ने,<br>• आधुनिक प्रविधिमैत्री शैक्षिक कार्यक्रम संचालन गर्ने,<br>• विद्यालयहरूमा विज्ञान प्रयोगशाला स्थापना गर्ने,<br>• ई. लाईब्रीको व्यवस्था गर्ने,<br>• कक्षा कोठाहरू प्रविधियुक्त बनाउने |
| • साक्षरता दर शत प्रतिशत पुऱ्याउने, | • विद्यालय उमेर समूहका बालबालिकाका लागि आधारभूत शिक्षा अनिवार्य गर्ने,<br>• प्रौढहरूका लागि प्रौढ र अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने,<br>• विद्यालय शिक्षा छोडेका बेरोजगार युवायुवतीहरूलाई सीपमूलक, जीवनउपयोगी र बजारको मागनुसारका शैक्षिक कार्यक्रम संचालन गर्ने,<br>• निरक्षर जनसंख्याको पहिचान गरी सघन साक्षरता कार्यक्रम सञ्चालन गर्न प्रत्येक वस्तीमा आमा समूह, महिला समूहलाई परिचालन गरी साक्षरता अभियान सञ्चालन गर्ने,<br>• आगामी ४ वर्षमा गंगादेव गाउँपालिकालाई पूर्ण साक्षर घोषणा गर्ने । |
| • प्राविधिक शिक्षामा जोड दिने, | • खेलकुद तथा तालिम सामग्री सहयोग गर्ने,<br>• विद्यालयहरूको स्तरोन्नति तथा अपुग दरबन्दी पुरा गर्ने,<br>• आवश्यक ठाँउमा केही नमुना विद्यालयहरूको स्थापना गर्ने,<br>• विद्यालय शिक्षालाई प्राविधिक शिक्षामा जोड्ने ।<br>• आधारभूत तथा माध्यमिक तहको शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन हाम्रा विद्यालय हामी आफै चलाउछौं कार्यक्रम सञ्चालन गर्ने ।<br>• आवश्यक जनशक्ति स्थानीय पाठ्यक्रम, शैक्षिक सामग्री तर्जुमा, शैक्षिक सामग्री तथा भौतिक सुविधाको विकासमा (कम्पाउन्ड वाल सहित) गाउँपालिकाले वडा मार्फत सहयोग गर्ने ।<br>• सबै माध्यमिक विद्यालयहरूलाई प्रभावकारी व्यावसायिक शिक्षा प्रारम्भ गर्न आवश्यक सहयोग गर्ने । |

| | |
|---|---|
| | • पाठ्यपुस्तक, पुस्तकालय तथा आधुनिक सञ्चार प्रविधि (ईन्टरनेट) माथिको पहुँच सबै विद्यालयहरूमा पुऱ्याउने,<br>• विषयगत शिक्षक व्यवस्थापन, शिक्षकहरूको नियमित विषयगत पुनर्ताजगी तालिम, नियमित पठनपाठनको अनुगमन उपलब्धिका आधारमा शिक्षकको कार्यदक्षता मूल्याङ्कन, वार्षिक शैक्षिक परीक्षण गर्ने र दण्ड एवं पुरस्कारको व्यवस्था लागू गर्ने । यस कामको लागि आवश्यक कानुनी र संस्थागत संयन्त्रको व्यवस्था गर्ने,<br>• विद्यालयको शैक्षिक स्तरको उन्नतिको लागि शैक्षिक नेतृत्वको आवश्यकता भएकोले प्रत्येक विद्यालयमा सक्षम व्यक्तिलाई प्रधानाध्यापक नियुक्त गर्ने र उनको निरन्तरता शैक्षिक उपलब्धिको मूल्याङ्कनमा निर्भर हुने व्यवस्था गर्ने,<br>• जेहेन्दार, गरिब, उत्पीडित, असहाय र महिला छात्राहरूका लागि  आधारभूत तथा माध्यमिक विद्यालयमा छात्र, छात्रालाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाउने,<br>• गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयका विद्यार्थीहरूलाई दिवा खाजाको कार्यक्रम सञ्चालन गर्ने,<br>• सम्पूर्ण विद्यालयमा भौतिक सुविधा सहित खेलकुद (Indoor and Outdoor Games) को व्यवस्था गर्ने,<br>• आगामी ५ वर्ष भित्रमा CTEVT बाट सम्बन्धन लिई कार्यक्रम संचालन गर्न चाहने विद्यालयहरूलाई सहजीकरण गरी प्राविधिक शिक्षाको व्यवस्था गर्ने,<br>• शिक्षाको गुणस्तर सुधार तथा प्रविधिमैत्री भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक योजना बनाइ केन्द्र र प्रदेशबाट समपूरक वा विशेष अनुदान प्राप्त गर्न पहल कदमी गर्ने,<br>• प्राविधिक उच्च शिक्षा हासिल गर्न चाहने गंगादेव गाउँपालिकाभित्रका विद्यार्थीहरूलाई उच्च शिक्षामा आंशिक छात्रवृत्ति प्रदान गर्ने,<br>• शैक्षिक गुणस्तर सुधारका लागि प्रयोगात्मक शिक्षण, स्थानीय पाठ्यक्रम ( व्यावसायिक शिक्षा) र अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने,<br>• आगामी ४ वर्ष भित्रमा गाउँपालिकाका एक वडा एक नमुना विद्यालयको (सुविधा सम्पन्न छात्रावास सहितको) रूपमा व्यवस्थापन गर्ने,<br>• शिक्षकलाई प्रविधिसँग परिचित हुन ICT तालिम एवं अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• गाउँपालिका भित्रका विद्यालयहरूमा किशोरीहरूलाई निःशुल्क सेनिटरी प्याड वितरण गर्ने,<br>• गाउँपालिका भित्रका विद्यालयहरूमा किशोर किशोरीहरूलाई प्रजनन् स्वास्थ्य तथा लैङ्गिक समानता सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्ने, |

| | |
|---|---|
| | • विद्यालयका भौतिक पूर्वाधारहरू बालमैत्री, अपाङ्गता मैत्री र किशोरी मैत्री बनाउने,<br>• आधारभूत तहका प्राथमिक कक्षाहरूमा स्थानीय मातृभाषामा पठनपाठनको संभाव्यताको अध्ययन गरी क्रमशः लागू गर्दै जाने,<br>• गाउँपालिका भित्रका विद्यालयहरूको अनुगमन गरी विद्यालय समायोजन प्रकृयालाई अगाडि बढाउने,<br>• गंगादेव गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार गर्न शिक्षा शाखाले स्थानीय पाठ्यक्रम निर्माण, शिक्षण सिकाइ, शिक्षक तालिम, भौतिक सुविधा, अभिभावक सचेतना, विद्यालय समायोजन लगायत विद्यालयको समग्र व्यवस्थापनको लागि कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने । |
| • समावेशी शिक्षामा जोड दिने, | • दलित तथा पिछडा वर्गका किशोर किशोरीहरू मध्ये जेहेन्दार विद्यार्थीको छनौट गरी उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने,<br>• अपाङ्गता भएका विद्यार्थी मध्ये जेहेन्दारहरूको छनौट गर्ने,<br>• जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षाका लागि भर्ना शुल्कमा अनुदान दिने । |

## प्रमुख कार्यक्रम

| क्र. सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | पालिका स्तरीय | | | | | | | | | | | |
| १ | श्री सिद्धार्थ आ.वि. विद्यालय भवन निर्माण डि.पि.आर | वटा | गंगादेव गाउँपालिका वडा नं. २ ओइलाम | १ | | | | | १ | ६२,०६३,५०२ | संघ | १ |
| २ | श्री राष्ट्रिय मा.वि. विद्यालय भवन निर्माण डि.पि.आर | वटा | गंगादेव गाउँपालिका वडा नं १ | १ | | | | | १ | २९,४५७,३१० | संघ | १ |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | राष्ट्रिय मा. वि. भवन निर्माण १२ कोठे | वटा | मेलडारी ओत | १ | | | | | १ | १२,०००,००० | संघ | १ |
| २ | ज्ञानकून्ज प्रा. वि. जग्गा खरिद १३ रोपनी | | गुराँस डाँडा ओत | १ | | | | | १ | १,३००,००० | संघ, प्रदेश | ३ |
| ३ | जनता आ.वि. शौचालय निर्माण ४ कोठे | वटा | पिपलचौर ओत | १ | | | | | १ | ६,०००,००० | प्रदेश, स्थानीय | २ |
| ४ | राष्ट्रिय मा. वि. शौचालय निर्माण | वटा | मेलडारी ओत | १ | | | | | १ | ३००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ५ | ज्ञानकून्ज प्रा. वि. जग्गा खरिद ४ कोठे | वटा | गुराँस डाँडा ओत | | १ | | | | १ | ६,०००,००० | संघ, प्रदेश | ३ |
| ६ | जनता आ.वि. घेरवार निर्माण | मि. | पिपलचौर ओत | | ५४०० | | | | ५४०० | ४००,००० | संघ, प्रदेश | २ |
| ७ | शिक्षक क्षमता अभिबृद्धि तालिम प्रति वर्ष | जना | मेलडारी ओत | १७ | १७ | १७ | १७ | १७ | ८५ | ५००,००० | संघ, प्रदेश, स्थानीय | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | ज्ञानकञ्ज प्रा. वि. शौचालय निर्माण | वटा | गुराँस डाँडा ओत | | | | १ | | १ | ५००,००० | प्रदेश, स्थानीय | १ |
| १२ | जनता आ. वि. भवन निर्माण २ कोठे | वटा | पिपलचौर ओत | | | | १ | | १ | ३,०००,००० | संघ | १ |
| १३ | राष्ट्रिय मा. वि. प्रविधिमैत्री पुस्तकालय | वटा | मेलडारी ओत | १ | | | | | १ | ३,०००,००० | संघ, प्रदेश | ३ |
| १४ | राष्ट्रिय मा. वि. RCC घेरवार | वटा | मेलडारी ओत | | १ | | | | १ | ५००,००० | प्रदेश, स्थानीय | २ |
| १५ | राष्ट्रिय मा. वि. विद्युतिय फिल्टर | वटा | मेलडारी ओत | | | | | ५ | ५ | १२५,००० | संघ, प्रदेश, स्थानीय | २ |
| १७ | राष्ट्रिय मा. वि.स्यानीटरी प्याड विर्सजन निर्माण | वटा | मेलडारी ओत | १ | | | | | १ | २००,००० | संघ, प्रदेश | १ |
| १८ | राष्ट्रिय मा. वि सौर्यवत्ती खरिद | वटा | मेलडारी ओत | | | २७०० | | | २७०० | १,५००,००० | संघ, प्रदेश | २ |
| | वडा नं. २ | | | | | | | | | | | |
| १ | गंगा मावि लाई ८ कोठे पक्की भवन निर्माण | वटा | जिनावाङ चौतारा | १ | | | | | १ | ८,०००,००० | संघ | १ |
| २ | कृष्ण आधारभूत विद्यालय घरभिर ४ कोठे पक्की भवन निमार्ण | वटा | घरभिर | | १ | | | | १ | ६,०००,००० | संघ, प्रदेश | ३ |
| ३ | सिद्धार्थ आधारभूत विद्यालय ओइलाम ८ कोठे भवन निर्माण | वटा | ओइलाम | | १ | | | | १ | ८,०००,००० | प्रदेश, स्थानीय | २ |
| ४ | प्रा.वि. रमाइ ४ कोठे पक्की भवन | वटा | रमाइ | | | १ | | | १ | ६,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ५ | बडामेला बालशिक्षा ४ कोठे भवन | वटा | बडामेला | १ | | | | | १ | ६,०००,००० | संघ, प्रदेश | ३ |
| ६ | सिद्धार्थ आधारभूत विद्यालय ओइलाम घेराबार | वटा | ओइलाम | | १ | | | | १ | ३५०,००० | संघ, प्रदेश | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | गंगा मावि जिनावाङ घेराबार | वटा | जिनावाङ | | | | १ | | १ | ३५०,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ८ | गंगा मावि बालमैत्री शौचालय | वटा | जिनावाङ | | | | १ | | १ | ७००,००० | प्रदेश, स्थानीय | १ |
| ९ | गंगा मावि दिवा खाजा भवन निर्माण | वटा | जिनावाङ | | १ | | | | १ | १५००००० | संघ, प्रदेश | १ |
| १० | जनचेतना प्रा.वि. भवन निर्माण | वटा | वडा नं. २ | | १ | | | | १ | ६०००००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ३** | | | | | | | | | | | |
| १ | श्री विरेन्द्र मा.वि. तह (कक्षा ९ देखि १२) मा कृषि प्राविधिक शिक्षा सञ्चालन कार्यक्रम | वटा | नाउली | १ | १ | १ | १ | १ | ५ | १०००००० | संघ, पालिका | १ |
| २ | श्री विरेन्द मा.वि. नाउलीको भवन निर्माण | वटा | नाउली | १ | | | | | १ | १०,०००,००० | संघ | १ |
| ३ | श्री विरेन्द्र मा.वि.को ढल निकास | मि | नाउली | | ५०० | | | | ५०० | २००,००० | स्थानीय | २ |
| ४ | श्री विरेन्द्र मा. वि. छात्रबास | वटा | नाउली | | | १ | | | १ | २,५००,००० | संघ, प्रदेश | ३ |
| ६ | श्री विरेन्द्र मा. वि. घेराबार | | नाउली | | | | | | | ७०००० | संघ, प्रदेश | २ |
| ७ | श्री गणेश आधारभूत विद्ययालय वडाढुङगा ४ कोठे भवन निर्माण | वटा | वडाढुङगा | १ | | | | | १ | ५,५००,००० | प्रदेश, स्थानीय | २ |
| ८ | श्री गणेश आधारभूत विद्यालयका शौचालय निर्माण (४ कोठे) | वटा | वडाढुङगा | १ | | | | | १ | २००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ९ | श्री सिदाथ नमुना मा वि तारजाली तथा बाटो निर्माण | कि.मी. | घोप्टे ओढार | २ | | | | | २ | ४००,००० | संघ, प्रदेश | ३ |
| १० | श्री भगवति आधारभूत विद्यालय भवन मर्मत | वटा | कुकुर गारे | | | | १ | | १ | १,०००,००० | संघ, प्रदेश | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | श्री भगवति आधारभूत विज्ञान प्रयोगशाला निर्माण | वटा | कुकुर गारे | | | | | १ | १ | १००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| १२ | श्री बाल कल्याण प्रा वि हिलेचौर घेरवार | मि. | हिलेचौर | | ४०० | | | | ४०० | ५००,००० | प्रदेश, स्थानीय | १ |
| १३ | श्री बाल कल्याण प्रा वि हिलेचौर भवन निर्माण | वटा | हिलेचौर | | | | १ | | १ | २,५००,००० | संघ, प्रदेश | १ |
| १४ | श्री बाग्यश्वरी प्रा. वि. गोठिखोला घेरबार | मि. | गोठीखोला | | | २०० | | | २०० | ५००,००० | संघ, प्रदेश | ३ |
| १५ | श्री बाग्यश्वरी प्रा. वि. खानेपानि | मि. | गोठीखोला | | | | ९०० | | ९०० | ५००,००० | प्रदेश, स्थानीय | २ |
| १७ | श्री बाग्यश्वरी प्रा.वि. भवन २ कोठे | वटा | गोठीखोला | | | १ | | | १ | ४,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| १८ | श्री लोक कल्याण प्रा.वि. चामी खानेपानी | मि. | चामी | ५०० | | | | | ५०० | ७५०,००० | संघ, प्रदेश | १ |
| २१ | श्री लाक कल्याण भवन २ कोठे | वटा | चामी | | | | | १ | १ | २,५००,००० | संघ, प्रदेश | १ |
| २२ | श्री गणेश आ. वि. कम्प्यूटर ल्याब निर्माण | वटा | वडाढुङगा | | | | १ | | १ | १,५००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| २३ | श्री गणेश आ. वि. नमुना विद्यालय निर्माण | वटा | वडाढुङगा | | | | | १ | १ | ५,०००,००० | प्रदेश, स्थानीय | २ |
| २४ | श्री गणेश आ. वि. नमुना विद्यालय लाईवेरी | वटा | वडाढुङगा | | १ | | | | १ | ५००,००० | प्रदेश | २ |
| २५ | श्री गणेश आ. वि. नमुना ढल निकास | वटा | वडाढुङगा | | | | १ | | १ | ५००,००० | प्रदेश, स्थानीय | ३ |
| २६ | सामुदायिक सिकाइ केन्द्रको तालिम हल निमार्ण | वटा | कुकुरगरे | | १ | | | | १ | २,५००,००० | संघ, प्रदेश | १ |

गंगादेव गाउँपालिका

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २७ | जनज्योति नवप्रतिभा जनसंस्थाबाट बाल विवाह मुक्त जनचेतना कार्यक्रम | वटा | कुयापानी | १ | | | | | १ | २००,००० | संघ, प्रदेश | १ |
| | वडा नं. ४ | | | | | | | | | | | |
| १ | **श्री सरस्वती माध्यामिक विद्यालय** | | | | | | | | | | | |
| १.२ | आठ कोठे भवन | वटा | गंगादेव ४ रोल्पा | | १ | | | | १ | ८,०००,००० | संघ, प्रदेश | १ |
| १.३ | तटवन्ध निर्माण | वर्ष | गंगादेव ४ रोल्पा | | १ | | | | १ | ३००,००० | प्रदेश | ३ |
| १.४ | छात्रामैत्री शौचालय | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ४५०,००० | प्रदेश, स्थानीय | २ |
| १.५ | खाजा भवन | वटा | गंगादेव ४ रोल्पा | | १ | | | | १ | ५००,००० | प्रदेश, स्थानीय | २ |
| १.६ | मेशीनरी वाल निर्माण | वर्ष | गंगादेव ४ रोल्पा | | | १ | | | १ | ८००,००० | संघ, प्रदेश | ३ |
| १.७ | कम्प्युटर ल्याव | वटा | गंगादेव ४ रोल्पा | | | १ | | | १ | १,५००,००० | संघ, प्रदेश | १ |
| २ | **श्री इन्द्रसेवक आधारभूत विद्यालय** | | | | | | | | | | | |
| २.१ | खानेपानी निर्माण | वर्ष | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ४००,००० | प्रदेश, स्थानीय | १ |
| २.३ | मेशिनरी वाल | मि. | गंगादेव ४ रोल्पा | | ६०० | | | | ६०० | ८००,००० | प्रदेश स्थानीय | ३ |
| २.४ | शौचालय | संख्या | गंगादेव ४ रोल्पा | | १ | | | | १ | ६२५,००० | प्रदेश | २ |
| २.५ | कम्प्यूटर | थान | गंगादेव ४ रोल्पा | ४ | | | | | ४ | १,५००,००० | संघ, प्रदेश | २ |
| २.६ | ४ कोठे भवन | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ६,०००,००० | संघ, प्रदेश | ३ |
| ३ | **श्री जनता विकास माध्यामिक विद्यालय** | | | | | | | | | | | |
| ३.१ | आठ कोठे भवन | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ८,०००,००० | संघ, प्रदेश | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.३ | खानेपानी निर्माण | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ३००,००० | प्रदेश, स्थानीय | ३ |
| ३.४ | शौचालय छात्र छात्रा | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ४००,००० | प्रदेश, स्थानीय | १ |
| ३.५ | लाइब्रेरी | वटा | गंगादेव ४ रोल्पा | | १ | | | | १ | ५००,००० | प्रदेश, स्थानीय | २ |
| ३.६ | विज्ञान प्रयोगशाला | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | २,०००,००० | संघ, प्रदेश | ३ |
| ३.७ | कम्प्यूटर ल्याब | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | १,५००,००० | संघ, प्रदेश | १ |
| ३.८ | मेशिनरी वाल | वर्ष | गंगादेव ४ रोल्पा | | १ | | | | १ | ७००,००० | संघ, प्रदेश | २ |
| ३.९ | सभाहल | वटा | गंगादेव ४ रोल्पा | | १ | | | | १ | ५००,००० | संघ, प्रदेश | १ |
| ३.१०. | खाजा क्यान्टिन | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ३००,००० | स्थानीय | २ |
| ४ | **श्री सिद्ध आधारभुत विद्यालय** | | | | | | | | | | | |
| ४.१ | शौचालय छात्र छात्रा | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ४५०,००० | प्रदेश | १ |
| ४.२ | खानेपानी मर्मत | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | २५०,००० | प्रदेश, स्थानीय | ३ |
| ४.३ | घेरावार | मि. | गंगादेव ४ रोल्पा | | ५०० | | | | ५०० | ३००,००० | संघ, प्रदेश | २ |
| ४.५ | कम्प्यूटर ल्याब | वटा | गंगादेव ४ रोल्पा | | १ | | | | १ | २,०००,००० | संघ, प्रदेश | २ |
| ५ | **श्री दशरथ विन्दु आधारभुत विद्यालय** | | | | | | | | | | | |
| ५.१ | ४ कोठे पक्की भवन | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ६,०००,००० | संघ, प्रदेश | १ |
| ५.३ | लाइब्रेरी | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ५००,००० | संघ, प्रदेश | ३ |
| ५.४ | खानेपानी निर्माण | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ३००,००० | स्थानीय | २ |
| ५.५ | शौचालय छात्र छात्रा | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ६००,००० | संघ, प्रदेश | २ |
| ६ | **श्री गौरा माथि बाल बिकास केन्द्र** | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६.१ | दुई कोठे भवन | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ३,०००,००० | संघ, प्रदेश | १ |
| ६.२ | खानेपानी निर्माण | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ३,०००,००० | संघ, प्रदेश | ३ |
| ६.३ | शौचालय | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ५००,००० | प्रदेश, स्थानीय | २ |
| ६.४ | शैक्षिक सामाग्री | वर्ष | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ७००,००० | प्रदेश, स्थानीय | २ |
| | **वडा नं. ५** | | | | | | | | | | | |
| १ | भवन निर्माण (४ कोठे पक्की) | वटा | बालबोध आ.वि. गंगादेव, झाँक्री सल्ला | २ | | | | | २ | ६,०००,००० | संघ, प्रदेश | १ |
| १ | भवन निर्माण (४ कोठे पक्की) | वटा | गुरासेतारा प्रा.वि. आरुचौर | | १ | | | | १ | ६,०००,००० | संघ, प्रदेश | १ |
| १ | भवन निर्माण (४ कोठे पक्की) | वटा | जनता प्रा.वि. उन्नेचौर | | १ | | | | १ | ६,०००,००० | संघ, प्रदेश | ३ |
| १ | भवन निर्माण (४ कोठे पक्की) | वटा | ने.रा.आ.वि. रातामाटा | | | १ | | | १ | ६,०००,००० | संघ, प्रदेश | २ |
| १ | भवन निर्माण (४ कोठे पक्की) | वटा | ने.रा.मा.वि. सिमखोला | | | | १ | | १ | ६,०००,००० | संघ, प्रदेश | २ |
| १ | भवन निर्माण (४ कोठे पक्की) | वटा | जनचेतना प्रा.वि लोदचौर | | | १ | | | १ | ६,०००,००० | संघ, प्रदेश | ३ |
| १ | भवन निर्माण (४ कोठे पक्की) | वटा | भाङगाचौर बाल शिक्षा भवन | | | | | १ | १ | ६,०००,००० | संघ, प्रदेश | १ |
| १ | भवन निर्माण (४ कोठे पक्की) | वटा | पुर्ने सिम बाल शिक्षा भवन निर्माण | | | | | १ | १ | ६,०००,००० | संघ, प्रदेश | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | पक्की घेरबार | पटक | बालवोध आ.वि. | १ | | | | | १ | ५५०,००० | प्रदेश, स्थानीय | ३ |
| २ | पक्की घेरबार | पटक | ने.रा.मा.वि.सिम खोला | १ | | | | | १ | ५५०,००० | प्रदेश, स्थानीय | २ |
| २ | पक्की घेरबार | पटक | गुरासेतारा आ.वि. आरुचौर | १ | | | | | १ | ५५०,००० | प्रदेश, स्थानीय | २ |
| २ | पक्की घेरबार | पटक | ने.रा.मा.वि. रातामाटा | १ | | | | | १ | ५५०,००० | प्रदेश, स्थानीय | ३ |
| २ | पक्की घेरबार | पटक | जनचेतना प्रा.वि. लौदचौर | १ | | | | | १ | ५५०,००० | प्रदेश, स्थानीय | १ |
| २ | पक्की घेरबार | पटक | जनता प्रा.वि. उन्नेचौर | १ | | | | | १ | ५५०,००० | प्रदेश, स्थानीय | १ |
| ३ | बालमैत्री फर्निचर निर्माण | सेट | वालवोध आ.वि. गंगादेव ५ रोल्पा | १०० | | | | | १०० | ५००,००० | प्रदेश, स्थानीय | ३ |
| ३ | बालमैत्री फर्निचर निर्माण | सेट | ने.रा.मा.वि. सिमखोला | १०० | | | | | १०० | ५००,००० | प्रदेश, स्थानीय | २ |
| ३ | बालमैत्री फर्निचर निर्माण | सेट | ने.रा.आ.वि. रातामाटा | | १०० | | | | १०० | ५००,००० | प्रदेश, स्थानीय | २ |
| ३ | बालमैत्री फर्निचर निर्माण | सेट | जनचेतना प्रा.वि लोदचौर | | १०० | | | | १०० | ५००,००० | प्रदेश, स्थानीय | ३ |
| ३ | बालमैत्री फर्निचर निर्माण | सेट | गुरासेतारा मा.वि. लोदचौर | | | १०० | | | १०० | ५००,००० | प्रदेश, स्थानीय | १ |
| ३ | बालमैत्री फर्निचर निर्माण | सेट | जनता प्रा.वि. उन्नेचौर | | | १०० | | | १०० | ५००,००० | प्रदेश, स्थानीय | १ |
| ४ | वास सहितको शौचालय | वटा | वालवोध आ.वि. गंगादेव ५ रोल्पा | २ | | | | | २ | ९००,००० | प्रदेश, स्थानीय | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | वास सहितको शौचालय | वटा | ने.रा.मा.वि. सिमाखोला | | २ | | | | २ | १,०००,००० | प्रदेश, स्थानीय | २ |
| ४ | वास सहितको शौचालय | वटा | ने.रा.मा.वि. रातामाटा | | | २ | | | २ | १,०००,००० | प्रदेश, स्थानीय | २ |
| ४ | वास सहितको शौचालय | वटा | जनचेतना प्रा.वि लोदचौर | | | | २ | | २ | १,०००,००० | प्रदेश, स्थानीय | ३ |
| ४ | वास सहितको शौचालय | वटा | जनता प्रा.वि. उन्नेचौर | | | | | २ | २ | १,०००,००० | प्रदेश, स्थानीय | १ |
| ४ | वास (WASH) सहितको शौचालय | वटा | गुरासेतारा प्रा.वि. आमचौर | २ | | | | | २ | १,०००,००० | प्रदेश, स्थानीय | १ |
| ५ | शिक्षकलाइ नविनतम ज्ञानको लागि तालिम | जना | वालवोध आ.वि. झाक्रीसल्ला | ४ | | | | | ४ | ६०,००० | स्थानीय | ३ |
| ५ | शिक्षकलाइ नविनतम ज्ञानको लागि तालिम | जना | ने.रा.मा.वि. सिमखोला | ६ | | | | | ६ | ९०,००० | स्थानीय | २ |
| ५ | शिक्षकलाइ नविनतम ज्ञानको लागि तालिम | जना | ने.रा.मा.वि. रातामाटा | ४ | | | | | ४ | ६०,००० | स्थानीय | २ |
| ५ | शिक्षकलाइ नविनतम ज्ञानको लागि तालिम | जना | जनचेतना प्रा.वि लोदचौर | ३ | | | | | ३ | ४५,००० | स्थानीय | ३ |
| ५ | शिक्षकलाइ नविनतम ज्ञानको लागि तालिम | जना | गुरासेतारा प्रा.वि. आमचौर | २ | | | | | २ | ३०,००० | स्थानीय | १ |
| ५ | शिक्षकलाइ नविनतम ज्ञानको लागि तालिम | जना | जनता प्रा.वि. उन्नेचौर | २ | | | | | २ | ३०,००० | स्थानीय | १ |
| ६ | वालवोध आ.वि.मा स्मार्ट वोर्ड व्यवस्थापन | वटा | वालवोध आ.वि. झाक्रीसल्ला | ९ | | | | | ९ | ३,२००,००० | संघ, प्रदेश | ३ |
| ६ | ने.रा.मा.वि. सिमखोलामा स्मार्ट वोर्ड व्यवस्थापन | वटा | ने.रा.मा.वि. सिमखोला | | | ११ | | | ११ | ३,९००,००० | संघ, प्रदेश | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ने.रा.मा.वि. रातामाटामा स्मार्ट वोर्ड व्यवस्थापन | वटा | ने.रा.मा.वि. रातामाटा पाखापानी | | ९ | | | | ९ | ३,२००,००० | संघ, प्रदेश | २ |
| ६ | जनचेतना प्रा.वि.मा स्मार्ट वोर्ड व्यवस्थापन | वटा | जनचेतना प्रा.वि लोदचौर | | | | ६ | | ६ | २,१००,००० | संघ, प्रदेश | ३ |
| ६ | गुरासेतारा प्रा.वि.मा स्मार्ट वोर्ड व्यवस्थापन | वटा | गुरासेतारा प्रा.वि. आमचौर | ४ | | | | | ४ | १,४००,००० | प्रदेश, स्थानीय | १ |
| ६ | जनता प्रा.वि.मा स्मार्ट वोर्ड व्यवस्थापन | वटा | जनता प्रा.वि. उन्नेचौर | | ४ | | | | ४ | १,४००,००० | प्रदेश, स्थानीय | १ |
| ७ | बालवोध आ.वि.मा कम्प्यूटर ल्याव निर्माण (१) र कम्प्यूटर वितरण | वटा | वालवोध आ.वि. भाक्रीसल्ला | | | | २० | | २० | २,०००,००० | प्रदेश, स्थानीय | ३ |
| ७ | ने.रा.मा.वि. सिमखोलामा कम्प्यूटर ल्याव निर्माण (२) र कम्प्यूटर वितरण | वटा | ने.रा.मा.वि. सिमखोला | | | | २० | २० | ४० | ४,०००,००० | संघ, प्रदेश | २ |
| ७ | ने.रा.मा.वि. रातामाटा पाखापानीमा कम्प्यूटर ल्याव निर्माण (१) र कम्प्यूटर वितरण | वटा | ने.रा.मा.वि. रातामाटा पाखापानी | | | २० | | | २० | २,०००,००० | संघ, प्रदेश | २ |
| ७ | जनचेतना प्रा.वि. मा कम्प्यूटर ल्याव निर्माण (१) र कम्प्यूटर वितरण | वटा | जनचेतना प्रा.वि लोदचौर | | | १० | | | १० | १,०००,००० | संघ, प्रदेश | ३ |
| ७ | गुरासेतारा प्रा.वि.मा कम्प्यूटर ल्याव निर्माण (१) र कम्प्यूटर वितरण | वटा | गुरासेतारा प्रा.वि. आमचौर | ५ | | | | | ५ | ५००,००० | संघ, प्रदेश | १ |
| ७ | कम्प्यूटर ल्याव निर्माण (१) र कम्प्यूटर वितरण | वटा | | | ५ | | | | ५ | २२५,००० | प्रदेश, स्थानीय | १ |

गंगादेव गाउँपालिका

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | बालवोध आ.वि.मा संगीत प्रशिक्षक र सामाग्री व्यवस्थापन | पटक | बालवोध आ.वि. झाक्रीसल्ला | | १ | | | | १ | १,०००,००० | प्रदेश, स्थानीय | ३ |
| ८ | ने.रा.मा.वि.मा संगीत प्रशिक्षक र सामाग्री व्यवस्थापन | पटक | ने.रा.मा.वि. सिमखोला | | | १ | | | १ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ८ | ने.रा.मा.वि. मा संगीत प्रशिक्षक र सामाग्री व्यवस्थापन | पटक | ने.रा.मा.वि. रातामाटा पाखापानी | | | | १ | | १ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ८ | संगीत प्रशिक्षक र सामाग्री व्यवस्थापन | पटक | जनचेतना प्रा.वि लोदचौर | | | | | १ | १ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ८ | संगीत प्रशिक्षक र सामाग्री व्यवस्थापन | पटक | जनता प्रा.वि. उन्न्चौर | | | १ | | | ३ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ८ | संगीत प्रशिक्षक र सामाग्री व्यवस्थापन | पटक | गुरासेतारा प्रा.वि. आमचौर | १ | | | | | १ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ९ | सि.सि.टि.भि क्यामरा (१२) र डिजिटल हाजिरी (१) | वटा | ने.रा.मा.वि. सिमखोला | १३ | | | | | १३ | १,५००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ९ | सि.सि.टि.भि क्यामरा (१०) र डिजिटल हाजिरी (१) | वटा | वालवोध आ.वि. झाक्रीसल्ला | १२ | | | | | १२ | १,३००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ९ | सि.सि.टि.भि क्यामरा (१०) र डिजिटल हाजिरी (१) | वटा | ने.रा.मा.वि. रातामाटा | | ११ | | | | ११ | १,३००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ९ | सि.सि.टि.भि क्यामरा (६) र डिजिटल हाजिरी (१) | वटा | जनचेतना प्रा.वि लोदचौर | | | ७ | | | ७ | १,३००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ९ | सि.सि.टि.भि क्यामरा (४) र डिजिटल हाजिरी (१) | वटा | गुरासेतारा प्रा.वि. आमचौर | | | | ५ | | ५ | १,३००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ९ | सि.सि.टि.भि क्यामरा (४) र डिजिटल हाजिरी (१) | वटा | जनता प्रा.वि. उन्नेचौर | | | | | ५ | ५ | १,३००,००० | संघ, प्रदेश, स्थानीय | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | बाल विकास कला व्यवस्थापन | पटक | वालवोध आ.वि. झाक्रीसल्ला | | | | | | १ | ८००,००० | संघ, प्रदेश | ३ |
| १० | बाल विकास कला व्यवस्थापन | पटक | ने.रा.मा.वि. सिमखोला | | | | | | १ | ८००,००० | संघ, प्रदेश | २ |
| १० | बाल विकास कला व्यवस्थापन | पटक | ने.रा.मा.वि. रातामाटा | | | | | | १ | ८००,००० | संघ, प्रदेश | २ |
| १० | बाल विकास कला व्यवस्थापन | पटक | जनचेतना प्रा.वि लोदचौर | | | | | | १ | ८००,००० | संघ, प्रदेश | ३ |
| १० | बाल विकास कला व्यवस्थापन | पटक | गुरासेतारा प्रा.वि. आमचौर | | | | | | १ | ८००,००० | संघ, प्रदेश | १ |
| १० | बाल विकास कला व्यवस्थापन | पटक | जनता प्रा.वि. उन्नेचौर | | | | | | १ | ८००,००० | संघ, प्रदेश | १ |
| | **वडा नं. ६** | | | | | | | | | | | |
| १ | श्री जीवन ज्योति मा.वि.RCC वाल | वटा | देउल टाकुरा | | | | | | | १,५००,००० | संघ, प्रदेश | १ |
| २ | श्री जीवन ज्योति (खानेपानी ) | वटा | देउल टाकुरा | | | | | | | २,५००,००० | संघ, प्रदेश | ३ |
| ४ | जन प्रेम आ.वि. सल्लीचौर खानेपानी | वटा | सल्लीचौर | | | | | | | १,०००,००० | संघ, प्रदेश | २ |
| ५ | जनप्रेम आ.वि. सल्लीचौर (४ कोठा) भवन निर्माण | वटा | सल्लीचौर | | | | | | | ६,०००,००० | संघ, प्रदेश | २ |
| ६ | सरस्वती मा.वि. बल्ले पोखरीमा खानेपानी | वटा | वल्ले | | | | | | | २,५००,००० | संघ, प्रदेश | ३ |
| ७ | सरस्वती मा.वि. बल्ले पोखरीमा घेराबार | वटा | वल्ले | | | | | | | १,०००,००० | संघ, प्रदेश | १ |
| ८ | सरस्वती मा.वि. बल्ले पोखरी तटबन्ध निर्माण | वटा | वल्ले | | | | | | | १,५००,००० | संघ, प्रदेश | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | बुद्धिविकास मा.वि. थप प्राविधिक विद्यालय लिफट खानेपानि | वटा | रातामाटा | | | | | | | ४,०००,००० | संघ, प्रदेश | १ |
| १० | बुद्धिविकास मा.वि. थप प्राविधिक विद्यालय मेसिनरी वाल | वटा | रातामाटा | | | | | | | १,५००,००० | संघ, प्रदेश | ३ |
| ११ | बुद्धिविकास मा.वि. थप प्राविधिक विद्यालय कम्प्यूटर खरिद | वटा | रातामाटा | | | | | | | २,०००,००० | संघ, प्रदेश | २ |
| १२ | जनविकास प्रा. वि. घेरावार | वटा | नेटापरी | | | | | | | ६००,००० | संघ, प्रदेश | २ |
| १३ | जनविकास प्रा. वि. तटबन्ध निर्माण | वटा | नेटापरी | | | | | | | ७००,००० | संघ, प्रदेश | ३ |
| १४ | जनविकास प्रा. वि. शौचालय निर्माण | वटा | नेटापरी | | | | | | | ६००,००० | संघ, प्रदेश | १ |
| १५ | अमरसत्य प्रा. वि (४ कोठे) भवन | वटा | झुलहुनेटाकुरा | | | १ | | | १ | ६,०००,००० | संघ, प्रदेश | १ |
| १६ | अमरसत्य प्रा. वि घेरावार | वटा | झुलहुनेटाकुरा | | १ | | | | १ | १,५००,००० | संघ, प्रदेश | ३ |
| १८ | अमरसत्य प्रा. वि. (खानेपानी मर्मत ) | वटा | झुलहुनेटाकुरा | १ | | | | | १ | १,०००,००० | संघ, प्रदेश | २ |
| १९ | सरस्वती मा. वि. ICT ल्याव | वटा | वल्लेपोखरी | | १ | | | | १ | २,०००,००० | संघ, प्रदेश | २ |
| २० | सरस्वती मा. वि. विज्ञान प्रयोगशाला | वटा | वल्लेपोखरी | | | १ | | | १ | २,०००,००० | संघ, प्रदेश | ३ |
| २१ | सरस्वती मा. वि. ४ कोठे भवन | वटा | वल्लेपोखरी | १ | | | | | १ | ६,०००,००० | संघ, प्रदेश | १ |
| २२ | जनविकास प्रा. वि. खानेपानी | वटा | नेटापरी | | | १ | | | १ | १,०००,००० | संघ, प्रदेश | १ |
| २३ | जनविकास प्रा. वि. कम्प्यूटर खरिद | वटा | नेटापरी | | ५ | | | | ५ | २,५००,००० | संघ, प्रदेश | ३ |
| २४ | जीवन ज्योति मा.वि. कम्प्यूटर खरिद | वटा | देउलटाकुरा | | २५ | | | | २५ | २,५००,००० | संघ, प्रदेश | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | जीवन ज्योति मा. वि. शौचालय निर्माण | वटा | देउलटाकुरा | १ | | | | | १ | ५००,००० | संघ, प्रदेश | २ |
| २६ | जीवन ज्योति मा. वि. ४ कोठे भवन निर्माण | वटा | देउलटाकुरा | १ | | | | | १ | ६,०००,००० | संघ, प्रदेश | ३ |
| २७ | जनप्रेम आ.वि. कम्प्यूटर खरिद | वटा | सल्लीचौर | | १० | | | | १० | १,५००,००० | संघ, प्रदेश | १ |
| | **वडा नं. ७** | | | | | | | | | | | |
| १ | श्री पृथ्वी नारायण मा.वि. ४ कोठे भवन | वटा | जायाचौर | १ | | | | | १ | ६,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | श्री पृथ्वी नारायण मा.वि. बालमैत्री शौचालय निर्माण | वटा | जायाचौर | १ | | | | | १ | ५००,००० | प्रदेश, स्थानीय | ३ |
| ३ | श्री पृथ्वी नारायण मा.वि. घेराबार | मिटर | जायाचौर | ७०० | | | | | ७०० | २०००००० | संघ, प्रदेश | २ |
| ४ | श्री नेपाल राष्ट्रिय प्रा.वि. २ कोठे भवन | वटा | लाखुरीचौर | | १ | | | | १ | ३,०००,००० | प्रदेश स्थानीय | २ |
| ५ | श्री ब्रम सिद्ध प्रा.वि. २ कोठे भवन | वटा | आरखोला | | | १ | | | १ | ३,०००,००० | संघ, प्रदेश | ३ |
| ६ | श्री ब्रम सिद्ध प्रा.वि. २ बालमैत्री शौचालय | वटा | आरखोला | १ | | | | | १ | ५००००० | स्थानीय | १ |
| ७ | श्री सिद्धेश्वरी प्रा.वि. भवन निर्माण | वटा | घरेली डाँडा | | | | १ | | १ | ३,०००,००० | संघ, प्रदेश | १ |
| ८ | श्री सिद्धेश्वरी प्रा.वि. भवन निर्माण | वटा | घरेली डाँडा | | | १ | | | १ | ५,००,००० | संघ, प्रदेश | ३ |
| ९ | श्री सिद्धेश्वरी प्रा.वि.दिवा खाजा भवन | वटा | घरेली डाँडा | १ | | | | | १ | २,०००,००० | संघ, प्रदेश | २ |
| १० | श्री लोकतन्त्र प्रा.वि. सात डाँडा अपाङ्गमैत्री तथा बाल मैत्री शौचालय | वटा | सानडाँडा | १ | | | | | १ | ५००,००० | संघ, प्रदेश | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | श्री लोकतन्त्र प्रा.वि. सात डाँडा अपाङ्गमैत्री तथा बाल मैत्री शौचालय | वटा | सानडाँडा | | | १ | | | १ | २५००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| १२ | श्री लोकतन्त्र प्रा.वि. घेराबार | वटा | सानडाँडा | १ | | | | | १ | ६००,००० | प्रदेश, स्थानीय | १ |
| १३ | श्री नेपाल राष्ट्रिय प्रा.वि. अपाङ्गमैत्री तथा बाल मैत्री शौचालय | वटा | लाखुरीचौर | | १ | | | | १ | ५५०,००० | संघ, प्रदेश | १ |
| १४ | श्री नेपाल राष्ट्रिय प्रा.वि. खानेपानी | वटा | लाखुरीचौर | १ | | | | | १ | ४००,००० | प्रदेश स्थानीय | ३ |
| १५ | श्री लोकतन्त्र प्रा.वि. सानडाँडा २ कोठे तल्ला थप | वटा | सानडाँडा | | | | | १ | १ | ३,०००,००० | संघ, प्रदेश | २ |
| १६ | श्री ब्रम सिद्ध प्रा.वि. फिल्ड निर्माण | वटा | आरखोला | १ | | | | | १ | ३००,००० | स्थानीय | २ |
| | **जम्मा** | | | | | | | | | ३६०,७४०,००० | | |

गंगादेव गाउँपालिका

### अपेक्षित उपलब्धि

गंगादेव गाउँपालिका अन्तर्गतका सबै वर्ग तथा क्षमताका बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सुनिश्चित गरिएको हुनेछ । विद्यालय उमेर समूहका बालबालिकाको आधारभूत तथा माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित गरिएको हुनेछ । शिक्षालाई समावेशी, जीवनोपयोगी, व्यावहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाइ बालबालिकाको सिकाइलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धी गर्न योग्य बनाइएको हुनेछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाएको हुनेछ । शैक्षिक पूर्वाधारहरू आधुनिक, समावेशी, पर्यावरण मैत्री, सुरक्षित, र प्रविधि मैत्री बनेका हुनेछन् । गुणस्तरीय शिक्षाका लागि योग्य, दक्ष र विषयगत शिक्षकको व्यवस्थापन गरी पेशागत दक्षता वृद्धि गरिएको हुनेछ । विश्व बजारका सबै क्षेत्रमा स्वस्थ प्रतिस्पर्धा गरी राष्ट्र निर्माणमा योगदान पुऱ्याउन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गरिएको हुनेछ ।

## ६.२. स्वास्थ्य तथा पोषण

नेपालको संविधान २०७२ को भाग ३ को धारा ३५ मा प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । स्वस्थ र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । यसै संदर्भमा लोककल्याणकारी राज्यको अवधारणा अनुरूप स्वास्थ्य क्षेत्रलाई नाफामूलकबाट क्रमशः सेवामूलक क्षेत्रमा रूपान्तरण गर्दै लैजानु पर्ने आवश्यकता छ । संविधानको एकल तथा साझा अधिकार सूची अनुसार संघ, प्रदेश र स्थानीय तहलाई स्वास्थ्य सेवाको जिम्मेवारी दिएको छ । स्वास्थ्यसम्बन्धी उपरोक्त संवैधानिक व्यवस्था एवम् दिगो विकासका लक्ष्य हासिल गर्न योगदान गर्ने सोचका साथ स्वास्थ्य क्षेत्रको प्रबर्द्धन गर्न आवश्यक भएको छ । गंगादेव गाउँपालिकामा विभिन्न कारणले गर्दा स्वास्थ्य सेवा भरपर्दो र सर्वसुलभ हुन सकेको छैन । विगत केही वर्षदेखि विश्वव्यापी रुपमा आएको पर्यावरणीय परिर्वतनसँगै रोग तथा तिनको संक्रमणको लक्ष्ण तथा संरचना बदलिएको छ । पहिले झाडापखाला र सरुवा रोगबाट मृत्यु हुनेको संख्या बढी थियो भने हाल निको हुन गाह्रो हुने रोगहरू जस्तै क्यान्सर, श्वासप्रश्वास, मुटु रोग र मृगौला सम्बन्धी समस्याबाट मृत्यु हुनेको संख्या बढ्दै गएको पाइन्छ । यसले गाउँपालिकामा स्वास्थ्य सेवामा विशिष्टिकृत सेवाहरूको माग बढ्दै गएको देखिन्छ । संविधानको मर्मानुसार मानव विकास सूचकाङ्कमा अपेक्षित उपलब्धि हासिल गरी गाउँपालिकाले “स्वस्थ गाउँपालिका र निरोगी गाउँबासी” तयार गर्ने नीति तथा कार्यक्रमहरू संचालन गर्नु पर्ने देखिन्छ ।

### सम्भावना र अवसर

- नेपालको संविधानले गुणस्तरीय स्वास्थ्यमा सबैको सहज पहुँचलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ । संविधानतः स्वास्थ्य जस्तो आधारभूत विषय मौलिक हकको रूपमा स्थापित भइसकेको छ । दिगो विकास लक्ष्य सन् २०१६-२०३० सम्ममा सबै नेपालीलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य राखेको छ । स्वास्थ्य सेवाका क्षेत्रमा राज्यले व्यक्त गरेको प्रतिवद्धता सकारात्मक रहेको छ ।
- गंगादेव गाउँपालिकाका प्रत्येक वडामा स्वास्थ्य चौकी व्यवस्थापन हुनु स्वास्थ्य सेवाका क्षेत्रमा यस पालिकाको अवसर हो ।
- आधारभूत स्वास्थ्य उपचारका लागि सबै वडासम्म सडक सञ्जालको विस्तार हुनु र सल्यानको कपुरकोटदेखि पालिका केन्द्रसम्म विस्तार भएको सडक यातायात भएर दाङ, नेपालगञ्ज र बुटवल जस्ता नजिकका सहरमा भरपर्दो स्वास्थ्य सेवाको सुविधा हुनु पनि अवसरका रूपमा रहेको छ ।

- आधारभूत स्वास्थ्य सेवाप्रति सबै नागरिक सचेत र सजग रहनु पनि स्वास्थ्य सेवा सुविधाका लागि एक अवसर हो ।

### समस्या र चुनौती

- सबै नागरिकलाई निःशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा दिन नसक्नु, अति विपन्न र जोखिममा परेका नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा सम्बन्धी राज्यले भरपर्दो व्यवस्था गर्न नसक्नु,
- सेवा सुविधा र सहरी मानसिकताका कारण दक्ष जनशक्तिको अभाव हुनु,
- परम्परागत मूल्य, मान्यता, स्वास्थ्य सेवाप्रति सचेतनाको कमी र पर्याप्त मात्रामा बर्थिङ सेन्टरको व्यवस्था नहुँदा असुरक्षित सुत्केरी हुने अवस्थालाई पूर्ण रूपमा रोक्न नसक्नु,
- स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली २०७४/७५ अनुसार शिशु मृत्यु १ जना तथा मातृ मृत्यु ० हुनु अझै चुनौतीपूर्ण रहेको छ ।
- यस पालिकाका जम्मा ४४३३ घरधुरी मध्ये ४१९९ घरधुरीले स्वास्थ्यका हिसावले हानीकारक रहेको काठदाउराबाट खाना पकाउने गरेका छन् । १२ परिवारले अझैं खोलाको पानी सोझै पिउनु, कतिपय विद्यालयमा अझैं व्यवस्थित शौचालय नहुनु र यथेष्ट रूपमा सार्वजनिक शौचालयको अभाव पनि स्वास्थ्यसँग जोडिएका चुनौतीहरू हुन ।

### क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### सोच

**"स्वस्थ गाउँपालिका, निरोगी गाउँबासी"**

#### लक्ष्य

- आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने ।

#### उद्देश्य

- आधारभूत स्वास्थ्य सेवा निःशुल्क र पहुँच योग्य बनाउनु,
- विशिष्ट सेवा सर्वसुलभ, गुणस्तरीय र विश्वसनीय बनाउनु,
- स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्नु,
- पोषण सुरक्षा सुनिश्चित गर्नु,
- सुरक्षित मातृत्वको सुनिश्चिता गर्दै बाल मृत्यु दर र मातृ मृत्यु दरमा कमी ल्याउनु,
- स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु र
- स्वास्थ्य बिमालाई अनिवार्य गर्नु ।

#### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • जनस्वास्थ्य सम्बन्धी सेवाहरू जनमैत्री बनाइने, | • गाउँपालिका भित्र हाल संचालित स्वास्थ्य संस्थाहरूको स्तरोन्नति गर्ने,<br>• आवश्यकताका आधारमा थप स्वास्थ्य केन्द्र तथा चौकीहरूको निर्माण गर्ने,<br>• सबै वडामा सुविधा सम्पन्न बर्थिङ्ग सेन्टर स्थापना गरी संचालन गर्ने,<br>• स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकासका लागि योजनाबद्ध कार्यक्रम संचालन गर्ने, |

| | |
|---|---|
| | • निश्चित समयावधिमा विशेष किसिमका रोगको निदानका लागि विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा तथा शिविर कार्यक्रमको सञ्चालन गर्ने,<br>• आधारभूत खोप र प्रसूति सेवालाई प्रभावकारी रूपमा संचालन गर्ने,<br>• स्वास्थ्य सेवालाई विपन्न, सीमान्तकृत, ज्येष्ठ नागरिक, दीर्घ रोगी, अपाङ्ग तथा अशक्तहरूका लागि विशेष कार्यक्रम संचालन गर्ने,<br>• गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरूमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने र थप विशेषज्ञ सुविधा सहितको दक्ष जनशक्तिको व्यवस्था गर्ने,<br>• स्वास्थ्य सेवाको पहुँच विस्तार गर्नका लागि वडा स्तरीय स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा अतिरिक्त सुविधासहितको विस्तारित स्वास्थ्य सेवा कार्यान्वयन गर्ने,<br>• नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीहरूका साथै औषधी तथा औषधीजन्य सामग्रीको आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गर्ने,<br>• गाउँबासीको सुरक्षित र स्वस्थ जीवनको सुनिश्चितताका लागि स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने,<br>• विशेषज्ञ स्वास्थ्य सेवा तथा आयुर्वेद लगायत अन्य स्वास्थ्य सेवालाई बिमा कार्यक्रम मार्फत् उपलब्ध गराउने,<br>• प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवाका बारेमा जनचेतना अभिवृद्धि गर्ने,<br>• विपद् तथा महामारीको तत्काल सम्बोधन, एम्बुलेन्स सेवाको एकीकृत विकास, साधन सम्पन्न तालिम प्राप्त चिकित्सक र स्वास्थ्यकर्मीको टोलीलाई परिचालन गर्ने,<br>• फोहोर मैलाको उचित व्यवस्थापन गर्ने,<br>• जनस्वास्थ्य विपद् व्यवस्थापनका एकीकृत उपायहरू अवलम्बन गर्ने,<br>• स्वाथ्यसम्बन्धी निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाउँदै लग्नका लागि अनुसन्धान तथा विकासमा जोड दिने र सबै विकास कार्यक्रममा स्वास्थ्यलाई एकीकृत गर्दै लैजाने,<br>• छोरा छोरी बीचको विभेद अन्त्य गर्न गर्भ पहिचान गरी गर्भपतन गर्ने प्रचलनलाई निरुत्साहित गर्न सचेतना कार्यक्रम सञ्चालन गर्ने,<br>• कुपोषित गर्भवती तथा सुत्केरी आमा तथा बालबालिकाहरूका लागि विशेष पोषण कार्यक्रम संचालनका लागि गाउँपालिकाले विशेष पहल गर्ने,<br>• खोप, औषधी तथा उपकरणको भण्डारणका लागि आधुनिक सुविधा सम्पन्न Cold Storage भवनको निर्माण गर्ने र Blood Bank को समेत व्यवस्थापन गर्ने,<br>• एम्वुलेन्स सेवा प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि स्थानीय क्लब, समुदाय वा संस्थाहरूलाई व्यवस्थापनको जिम्मा दिने, |

| | |
|---|---|
| | • स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूलाई अतिरिक्त कामको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराउने र<br>• सूर्तिजन्य, मदिराजन्य र लागूऔषधजन्य पदार्थहरूका प्रयोगलाई निरुत्साहित पार्दै लिने । |
| • बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउने, | • रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनका लागि पोषणयुक्त आहारमा लगानी गर्ने बानीको विकास गर्न बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउन जनचेतना अभिवृद्धि गर्ने,<br>• आयातित वस्तुहरूको न्यूनीकरण गर्दै स्थानीय परिवेश अनुकूल उपलब्ध अर्गानिक खाद्य पदार्थ, फलफूल र हरियो तरकारी उत्पादन तथा उपभोग गर्ने बानीको विकास गराउने,<br>• कुपोषण न्यूनीकरण गर्न गुणस्तरीय एवं स्वास्थ्यवर्द्धक खाद्य पदार्थको पहुँच सुनिश्चित गरी उपभोग बढाउँदै स्वस्थ बानी र व्यवहारलाई प्रबर्द्धन गर्ने,<br>• प्राकृतिक तथा मानवीय विपद् र महामारीका कारण उत्पन्न हुने खाद्य संकट न्यूनीकरणलाई तत्काल सम्बोधन गर्न खाद्य बैंकको स्थापना गर्ने,<br>• 'सुनौला हजार दिन' सम्बन्धी जनजागरण अभियानलाई निरन्तरता दिने । |
| • एक घर एक घरबारी (Home Garden) | • आगनमै पोषणयुक्त खाद्य वस्तुहरूको उत्पादनका लागि एक घर एक घरबारी कार्यक्रम संचालन गर्ने,<br>• प्रत्येक घरको एक जनालाई घरबारी व्यवस्थापन तालिम दिइ घरबारी स्थापना र स्तरोन्नतिका लागि लागत सहभागितामा सिंचाईका लागि पाइप र न्यूनतम् औजार प्रदान गर्ने । |

## प्रमुख कार्यक्रम

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | पालिका स्तरीय | | | | | | | | | | | |
| १ | गंगादेव गाउँपालिका वडा नं. १ मा अवस्थित स्वास्थ्य संस्थाको भवन निर्माण डि.पि.आर | वटा | गंगादेव गाउँपालिका वडा नं.१ | १ | | | | | १ | २७,९११,५९७ | संघ | १ |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसारको १५ कोठे भवन निर्माण | वटा | ओत | | १ | १ | | | १ | २०,०००,००० | संघ, प्रदेश | १ |
| २ | स्वास्थ्यको वरिपरी घेरबार निर्माण | वटा | ओत | | | १ | | | १ | ५००,००० | प्रदेश, स्थानीय | ३ |
| ३ | अतिआवश्यक औषधि खरिद ( १० प्रकारको) | पटक | ओत स्वास्थ्य चौकी | १ | | | | | १ | ७००,००० | प्रदेश, स्थानीय | २ |
| ४ | नर्सिङ स्टाफलाई बस्नको लागि २ कोठे भवनको उपलब्ध गराउन | वटा | ओत स्वास्थ्य चौकी | | १ | | | | १ | २,५००,००० | संघ, प्रदेश | २ |
| ५ | आवश्यक औजारको खरिद | पटक | ओत स्वास्थ्य चौकी | १ | | | | | १ | ५,०००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ६ | स्वास्थ्यका प्रत्येक कोठा मर्मत (८ कोठे) | वटा | ओत स्वास्थ्य चौकी | | | १ | | | १ | ५,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | बर्थिङ सेन्टरमा एक हजार लिटर टयाङक | वटा | ओत स्वास्थ्य चौकी | १ | | | | | १ | १५०,००० | संघ, प्रदेश | ३ |
| ८ | अपाङगता विरामीको लागि छुट्टै शौचालयको निमार्ण | वटा | ओत स्वास्थ्य चौकी | | १ | | | | १ | ६००,००० | प्रदेश स्थानीय | १ |
| ९ | म.स्वा.स्व. सेविकालाई वार्षिक रुपमा प्रोत्साहन कार्यक्रम | वटा | ओत स्वास्थ्य चौकी | | ४ | | | | ४ | १००,००० | स्थानीय | ३ |
| १० | स्वास्थ्य चौकी अन्तर्गतका खोप तथा गाउँघर क्लिनिक औजार खरिद ( टेबुल, बेन्च, कोठा ) | पटक | स्वास्थ्य पोखरा पानीखोला | ५ | | | | | ५ | १००,००० | स्थानीय | २ |
| ११ | स्वास्थ्य चौकीको गेट निर्माण | वटा | ओत स्वास्थ्य चौकी | | १ | | | | १ | १००,००० | स्थानीय | २ |
| १२ | वर्थिङ सेन्टरको बच्चालाई न्यानो पानिको लागि हिटर बेबी वारमर, पेरिलाइट खरिद | पटक | ओत स्वास्थ्य चौकी | ३ | | | | | ३ | २००,००० | प्रदेश | ३ |
| १३ | बर्थिङ सेन्टरमा छतमा जानाको लागि रेलिङको व्यवस्था | वटा | ओत स्वास्थ्य चौकी | १ | | | | | १ | ५००,००० | प्रदेश, स्थानीय | १ |
| १५ | स्वास्थ्यमा सोलारको खरिद | वटा | ओत स्वास्थ्य चौकी | २ | | | | | २ | १,०००,००० | संघ, प्रदेश | ३ |
| १६ | स्वास्थ्यमा एम्वुलेन्स खरिद | वटा | ओत स्वास्थ्य चौकी | | १ | | | | १ | ३,०००,००० | संघ, प्रदेश | १ |
| १७ | स्वास्थ्य वरिपरि फुलबारी निर्माण | वर्ष | ओत स्वास्थ्य चौकी | | १ | | | | १ | १००,००० | संघ, प्रदेश | ३ |
| १८ | पाँच वर्ष मुनिका कुपोषण बच्चालाई उपचार तथा व्यवस्थापन | पटक | ओत स्वास्थ्य चौकी | १ | १ | १ | १ | १ | ५ | १००,००० | प्रदेश, स्थानीय | २ |
| १९ | कुपोषण बच्चाको खोजपड्ताल कार्यक्रम | पटक | ओत स्वास्थ्य चौकी | १ | १ | १ | १ | २ | ६ | १००,००० | स्थानीय | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | दुई वर्ष मुनिका बच्चालाई 24 पटक तौल लिए वाफत प्रोत्साहन भत्ता | जना | ओत स्वास्थ्य चौकी | ४० | ४० | ४० | ४० | ४० | २०० | ६००,००० | संघ, प्रदेश | ३ |
| २१ | इलेक्ट्रिक फिल्टर खरिद | वटा | ओत स्वास्थ्य चौकी | २ | १ | | | | ३ | १८,००० | पालिका | १ |
| २२ | बच्चाको तौल लिनको लागि salfscode panscale खरिद | वटा | ओत स्वास्थ्य चौकी | | ४ | ४ | | | ८ | २००,००० | संघ, प्रदेश | ३ |
| २३ | बिरामी कुरुवाको लागि बस्ने व्यवस्था | कोठा | ओत स्वास्थ्य चौकी | | २ | | | | २ | १००,००० | संघ, प्रदेश | १ |
| | **वडा नं. २** | | | | | | | | | | | |
| १ | बथिङ सेन्टर निर्माणका लागि ४ कोठे भवन निर्माण | वटा | ओइलाम | | | १ | | | १ | ६,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| २ | बथिङ सेन्टर निर्माणका लागि ४ कोठे भवन निर्माण | वटा | रमाइ | | | १ | | | १ | ६,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| | **वडा नं. ३** | | | | | | | | | | | |
| १ | वडापालिका भित्रका सम्पूर्ण मा वि मा नर्सको व्यवस्था | वटा | २ वटा मा.वि | | २ | | | | २ | | नियमअनुसार | १ |
| २ | ३ न वडा भित्रका आ वि हरुमा स्वास्थ्य कर्मि | वर्ष | ७ वटा आ.वि | १ | | | | | १ | | नियमअनुसार | ३ |
| ४ | प्राथमिक उपचार बाकसको व्यवस्था | पटक | ३ नं. का सबै विद्यालय | १ | | | | | १ | १००,००० | प्रदेश | १ |
| ५ | सेनेटरी प्याडको व्यवस्था | पटक | ३ नं. का सबै विद्यालय | १ | १ | १ | १ | १ | ५ | १५०,००० | प्रदेश | ३ |
| ६ | प्रत्येक वडामा वर्थिङ सेन्टर निर्माण | वटा | | १ | १ | १ | | | ३ | २,४००,००० | संघ, प्रदेश | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | वडा पालिका एम्बुलेन्सको व्यवस्था | वटा | ३ नं. वडाका सबै टोल | १ | | | | | १ | ५००,००० | संघ, प्रदेश | २ |
| ८ | वडामा सुविधा सम्पन्न हस्पिटल निर्माण | वटा | ३ नं. वडाका सबै टोल | | | | १ | | १ | ५०,०००,००० | संघ, प्रदेश | ३ |
| ९ | स्वास्थ्य तथा पोषण सम्बन्धि चेतनामूलक कार्यक्रम | पटक | ३ नं. वडाका सबै टोल | १ | १ | १ | १ | १ | ५ | १००,००० | पालिका | १ |
| १० | अपाङ्ग अशक्त व्यक्तिहरु पोषण भत्ताको व्यवस्था | पटक | ३ नं. वडाका सबै टोल | | १ | | | | १ | १,०००,००० | प्रदेश, स्थानीय | ३ |
| ११ | वर्थिङ सेन्टरमा अल्ट्रसाउण्डको व्यवस्था | वटा | ३ नं. वडाका सबै टोल | | १ | | | | १ | २,५००,००० | संघ, प्रदेश | १ |
| | **वडा नं. ४** | | | | | | | | | | | |
| १ | सौर्य उर्जा | प्यानल | पाखापानी स्वास्थ्य चौकी | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ३,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | खानेपानी निर्माण | वटा | पाखापानी स्वास्थ्य चौकी | ३ | | | | | ३ | ७००,००० | प्रदेश, स्थानीय | २ |
| ३ | मेशिनरी वाल | मि. | पाखापानी स्वास्थ्य चौकी | | ५०० | | | | ५०० | ५००,००० | संघ, प्रदेश | ३ |
| ४ | फिल्ड निर्माण | संख्या | पाखापानी स्वास्थ्य चौकी | | १ | | | | १ | ३००,००० | प्रदेश स्थानीय | १ |
| ५ | फोहोर जलाउने खाडल | संख्या | पाखापानी स्वास्थ्य चौकी | १ | | | | | १ | २२५,००० | संघ, प्रदेश | ३ |
| ६ | स्तनपान कक्ष र प्रतिक्षालय | संख्या | पाखापानी स्वास्थ्य चौकी | १ | | | | | १ | ७००,००० | संघ, प्रदेश | १ |
| ७ | प्लासेन्टपिट | संख्या | पाखापानी स्वास्थ्य चौकी | १ | | | | | १ | ३००,००० | संघ, प्रदेश | ३ |

गंगादेव गाउँपालिका

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | प्रसुति गृह | वटा | पाखापानी स्वास्थ्य चौकी | | | १ | | | १ | ३,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| | **वडा नं. ५** | | | | | | | | | | | |
| १ | वर्थिङ सेन्टर निर्माण र आवश्यक सामाग्री | वटा | लोदचौर | १ | | | | | १ | २,०००,००० | संघ, प्रदेश | १ |
| २ | खोप किल्निक निर्माण मर्मत | वटा | सिमाखोला | १ | | | | | १ | ५००,००० | प्रदेश स्थानीय | ३ |
| ३ | गाउँघर किल्नीक निर्माण मर्मत | वटा | रातामाटा र भ्राक्रीसल्ला | | २ | | | | २ | १,५००,००० | संघ, प्रदेश | २ |
| ४ | घेरवार (आ.स्वा.से. लोदचौर) | वटा | लौदचौर स्वास्थ्य | | १ | | | | १ | १,५००,००० | संघ, प्रदेश | २ |
| ५ | पलासिन्टा पिट (आ.स्वा.से. लोदचौर) | वटा | लौदचौर स्वास्थ्य | | १ | | | | १ | १००,००० | प्रदेश, स्थानीय | ३ |
| ६ | खानेपानी मर्मत संभार | वटा | लौदचौर स्वास्थ्य | | १ | | | | १ | १००,००० | प्रदेश, स्थानीय | १ |
| ७ | अपाङ्ग मैत्री शौचालय | वटा | लौदचौर स्वास्थ्य | | १ | | | | १ | ७००,००० | संघ, प्रदेश | ३ |
| ८ | गाउँघर किल्नीकको लागी ट्वाईलेट | वटा | रातामाटा र भ्राक्रीसल्ला | | २ | | | | २ | ५००,००० | संघ, प्रदेश | १ |
| ९ | गाउँघर किल्नीक घेरवार | वटा | रातामाटा र भ्राक्रीसल्ला | | २ | | | | २ | ७००,००० | संघ, प्रदेश | ३ |
| १० | खानेपानी (गाउँघर किल्नीक को लागी | वटा | रातामाटा र भ्राक्रीसल्ला | १ | | | | | २ | १,०००,००० | संघ, प्रदेश | २ |
| | **वडा नं. ६** | | | | | | | | | | | |
| १ | आधारभुत स्वास्थ्य केन्द्र एम्बुलेन्स खरिद | वटा | वडा नं. ६ गोर्जने | १ | | | | | १ | ३,०००,००० | संघ, प्रदेश | ३ |
| २ | वर्थिङ सेन्टर निर्माण | वटा | वल्ल, रातामाटा | १ | | | | | १ | १,५००,००० | संघ, प्रदेश | १ |
| | **वडा नं. ७** | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | राँक स्वास्थ्य चौकी (बर्थिङ सेन्टरमा आवश्यक सामान खरिद | वर्ष | राँक स्वास्थ्य चौकी, ताप्ला | १ | | | | | १ | १,०००,००० | संघ, प्रदेश | १ |
| २ | राँक स्वास्थ्य चौकी एमबुलेन्स साथै रिफरको लागि सुत्केरी सेवा | वर्ष | राँक स्वास्थ्य चौकी, ताप्ला | | १ | | | | १ | ३,५००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ३ | राँक गाउँघर क्लिनिक र खोप संचालन भवन निर्माण (जग्गा सहित) | वर्ष | राँक स्वास्थ्य चौकी, ताप्ला | | १ | | | | १ | ४,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ४ | राँक स्वास्थ्य चौकी ल्याब सेवा संचालन | वर्ष | राँक स्वास्थ्य चौकी, ताप्ला | | | १ | | | १ | ३,०००,००० | संघ, प्रदेश | २ |
| ५ | खानेपानी राँक स्वास्थ्य चौकी | वर्ष | राँक स्वास्थ्य चौकी, ताप्ला | | | | १ | | १ | ३,५००,००० | प्रदेश स्थानीय | ३ |
| ६ | आर्थिक विपन्न परिवारको लागि सुत्केरीको रिफर गर्दा सुत्केरी कोष | वर्ष | राँक स्वास्थ्य चौकी, ताप्ला | | | | १ | | १ | १,०००,००० | संघ, प्रदेश | १ |
| ७ | बर्थिङ सेन्टर ४ कोठे भवन निर्माण | वटा | धप्री | | | १ | | | १ | ५०००००० | संघ, प्रदेश | ३ |
| ८ | बर्थिङ सेन्टर ४ कोठे भवन निर्माण | वटा | जायखोला | | १ | | | | १ | ५०००००० | संघ, प्रदेश | १ |
| ९ | स्वास्थ्य तथा पोषण सम्बन्धी जनचेतनामुलक कार्यक्रम | पटक | वडा नं. ७ | 1 | १ | १ | १ | १ | ५ | ५००००० | प्रदेश, स्थानीय | २ |
| | **जम्मा** | | | | | | | | | १५,७७४,३०० | | |

### अपेक्षित उपलब्धि

गाउँबासीले आधारभूत स्वास्थ्य सेवा निःशुल्क र गुणस्तरीय प्राप्त गरेका हुनेछन् । अति विपन्न, असहाय र जोखिममा परेका नागरिकलाई गाउँपालिकाले निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराएको हुनेछ । गंगादेव गाउँपालिकाका स्वास्थ्य संस्थाहरूमा राज्यको मापदण्ड अनुसारका दक्ष जनशक्तिको व्यवस्था भएको हुनेछ । परम्परागत मूल्य, मान्यता र स्वास्थ्य सेवाप्रति सचेतनाको कमी तथा पर्याप्त मात्रामा बर्थिङ सेन्टरको अभावका कारण हुने असुरक्षित सुत्केरीको अवस्थालाई पूर्ण रूपमा रोकिएको हुनेछ । शिशु मृत्यु, बाल मृत्यु तथा मातृ मृत्यु दरमा न्यूनीकरण भएको हुनेछ । स्वच्छ, सफा र शुद्ध खानेपानीको व्यवस्था गरिएको हुनेछ । गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयमा व्यवस्थित लैगिंक मैत्री शौचालयको व्यवस्था गरिएको हुनेछ । यथेष्ट रूपमा सार्वजनिक शौचालयको व्यवस्था गरिएको हुनेछ । गंगादेव गाउँपालिका भित्रका प्रत्येक घरले घरबारी निर्माण गरी पोषणयुक्त खानेकुरा उत्पादन तथा उपभोग गर्ने बानीको विकास भएको हुनेछ । गाउँबासीको सुरक्षित र स्वस्थ जीवनको सुनिश्चितताका लागि स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको हुनेछ ।

## ६.३ खानेपानी तथा सरसफाइ

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा बहुआयामिक प्रभाव पार्दछ । त्यसैले यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ । दिगो विकास लक्ष्य ६ मा खानेपानी तथा सरसफाइ सम्बन्धी ८ स्पष्ट लक्ष्यहरू निर्धारण गरेको छ । गंगादेव गाउँपालिकाले स्वच्छ खानेपानी उपलब्ध गराउन दीर्घकालीन तथा अल्पकालीन योजना बनाइ कार्यान्वयन गरिरहेको छ । यद्यपि गाउँबासीका प्रत्येक घरमा स्वच्छ र शुद्ध खानेपानीको व्यवस्था गर्न सकेको छैन । स्वस्थ नागरिक उत्पादन र समग्र आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्न स्वच्छ खानेपानी र सरसफाइ सुविधाको व्यवस्था गर्नु स्थानीय सरकारको दायित्व हो । गाउँपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रलाई उच्च प्राथमिकतामा राखी स्वच्छ खानेपानी तथा ढलनिकास सहितको शौचालय व्यवस्था गर्नु पर्ने देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गंगादेव गाउँपालिकामा पानी प्रयोगको स्रोत अनुसार पाइपबाट ९०.२ प्रतिशत, ढुङ्गेधारा/मूलको पानी ५.८ प्रतिशत, नढाकिएको कुवाबाट ३.६ प्रतिशत, नदी/खोलाबाट ०.३ प्रतिशत, ढाकिएको कुवाबाट ०.१ प्रतिशत र अन्य श्रोतबाट ०.१२ प्रतिशत घर परिवार रहेका छन् । पाइपबाट पानी पुगेको संख्या धेरै देखिए पनि व्यवस्थित रूपमा घरमा पानी पुगेको छैन ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाभित्र रहेका जम्मा ४,४३३ घर परिवार मध्ये फल्स् सुविधा भएको र सार्वजनिक ढल निकासमा जडान भएका शौचालय ३.५ प्रतिशत्, आधुनिक फल्स् सुविधा भएको सेफ्टिी ट्याङ्की सहितको शौचालय ५६.५ प्रतिशत, खाडल शौचालय ३८.९ प्रतिशत् र सार्वजनिक शौचालय ०.४ प्रतिशत् परिवारले प्रयोग गरिरहेका छन् भने ०.७ प्रतिशत घरपरिवारको घरमा शौचालयको सुविधा छैन ।

### सम्भावना र अवसर

- संविधानको निर्देशक सिद्धान्त र नीतिगत व्यवस्थाले स्वच्छ खानेपानी तथा सरसफाइ सम्बन्धी व्यवस्था गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ ।
- यस पालिका अन्तर्गतका बाँफु खोला, मगराह खोला, जाया खोला, गोठी खोला, जिनावन खोला, पाखापानी खोला, उन्नेरी खोला, मनेता खोला आदि प्राकृतिक रूपमा बगिरहने खोला तथा नदीको पानीलाई आधुनिक प्रविधिको प्रयोग गरेर प्रत्येक घरधुरीलाई स्वच्छ पिउने पानीको व्यवस्था गर्न सक्ने सम्भावना रहेको छ ।

- सरसफाइ तथा स्वच्छताका दृष्टिले खुल्ला दिशामुक्त पालिका घोषणा हुनु, भकारो सुधार कार्यक्रम लागू गर्नु, कोराना जस्ता महामारीका कारण सावुन पानी, मास्क, स्यानीटाइजर जस्ता सरसफाइका साधनको प्रयोगमा सचेतना हुनु ।
- मदन भण्डारी राजमार्ग अन्तर्गत सुख्खा ओडार बजारको रूपमा विकासित हुने भएकाले बजारमा उचित ढल निकासको व्यवस्था गर्न सके स्वच्छ हरित गाउँको पहिचान निर्माण गर्न सकिने सम्भावना रहेको छ ।

### समस्या र चुनौती

- गाउँपालिकाका अग्लो भूभागका वस्तीहरूमा आधारभूत स्वच्छ पिउने पानीको अभाव हुनु,
- पालिका भित्रका जलसम्पदाको परम्परागत तथा आधुनिक प्रविधिका माध्यमबाट पानीको अभाव रहेका बस्ती तथा घरहरूमा स्वच्छ पिउने पानीको व्यवस्था नहुनु,
- उपलब्ध रहेका पानीका मुहान, धारा तथा रिजर्भ ट्याङ्कीको मर्मत सम्भार र संरक्षण गर्न नसक्नु तथा तिनको उचित प्रकारको प्रयोग गर्न नसक्नु,
- प्रयोग भैइरहेको पानीलाई शद्धीकरण गरी प्रयोग नगर्नु,
- यातायात क्षेत्रको विकाससँगै बढ्दै गइरहेको शहरीकरणका कारण जथाभावी रूपमा बढीरहेको फोहोरमैलाको भरपर्दो व्यवस्थापन गर्न नसक्नु,
- अधिकांश घरपरिवारमा साधारण शौचालयको व्यवस्था भए तापनि केही घरपरिवारमा व्यवस्थित शौचालय नभएकाले वातावरण तथा सरसफाइ स्वच्छता कायम राख्न चुनौती देखिएको छ ।

### क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### सोचः

**"स्वस्थ र निरोगी जीवनका लागि शुद्ध पिउने पानी तथा सरसफाइ"**

#### लक्ष्यः

- सबैका लागि सहज रूपमा स्वच्छ, शुद्ध र सुरक्षित खानेपानी व्यवस्था गर्ने,

#### उद्देश्यः

- आधारभूत रुपमा स्वच्छ, शुद्ध र सुरक्षित खानेपानी सुविधा शतप्रतिशत घर परिवारमा व्यवस्था गर्नु र
- आधारभूत सरसफाइ सुविधा शतप्रतिशत घर परिवारमा व्यवस्था गर्नु,

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| • पानीका मुहानहरूको संरक्षण र सम्बर्द्धन गर्ने | • पानीका मुहानहरूको पहिचान गरी तिनको संरक्षणका लागि योजना निर्माण गर्ने,<br>• मुहानका संरक्षण र जलवायु परिवर्तनका असरहरू बारेमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने,<br>• मुहानको संरक्षणका लागि तारवार र पानीका स्रोतको दिगोपना तथा स्वच्छताका लागि वृक्षारोपन कार्यक्रम संचालन गर्ने, |

| | |
|---|---|
| | • ग्रामीण तथा शहरी खानेपानी आयोजनाहरूको जलाधारक्षेत्र तथा मुहान संरक्षण गर्ने,<br>• खानेपानी स्रोतहरूको अभिलेखन तथा संरक्षण गर्ने, |
| • गाउँबासीलाई स्वच्छ, शुद्ध र सुरक्षित खानेपानीको सुनिश्चितता गर्ने | • स्वच्छ, शुद्ध र सुरक्षित खानेपानी उपलब्ध नभएको परिवारलाई प्राथमिकता दिई विभिन्न नयाँ खानेपानी योजना निर्माण गर्ने,<br>• संचालनमा रहेका खानेपानीका योजनाहरूको मर्मत सम्भार तथा स्तरोन्नति गर्ने,<br>• खानेपानीको आपूर्तिलाई सहज बनाउन बहावको स्रोत नभएका ठाउँमा आधुनिक लिफ्ट प्रविधिको प्रयोग गरी शुद्ध पानीको व्यवस्था गर्ने,<br>• खानेपानी आयोजना निर्माण, मर्मत सम्भार तथा व्यवस्थापनमा वैकल्पिक वित्तीय स्रोत तथा जनशक्ति परिचालन गर्ने,<br>• खानेपानी आयोजना मर्मत सम्भार र व्यवस्थापन सम्बन्धी समुदाय लक्षित तालिम संचालन गर्ने,<br>• पुरातात्विक तथा ऐतिहासिक कुवा, मुल, धारा तथा पोखरीको संरक्षण गर्ने । |
| • सरसफाइ कार्यक्रमबाट जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याउने, | • घर, आगन, टोल, छिमेक र समाजमा सरसफाइ तथा शौचालयको पहुँचमा वृद्धि गर्ने,<br>• शहरोन्मुख तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरवृद्धि गर्ने,<br>• सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्ने,<br>• सुरक्षित खानेपानीका लागि संचालनमा रहेका खानेपानीका मुहान तथा आयोजनाहरूमा शुद्धीकरण प्रविधिको प्रयोग गर्ने,<br>• सरसफाइका माध्यमबाट वातावरण सुरक्षित बनाउने र जनताको जीवनस्तरमा सुधार ल्याउने,<br>• विद्यालय, घरपरिवार तथा समुदाय लक्षित सरसफाइ अभियान संचालन गर्ने,<br>• सार्वजनिक स्थलहरूमा शौचालय निर्माण गर्ने,<br>• शहरोन्मुख क्षेत्रको फोहोर तथा ढल व्यवस्थापन गर्न गुरुयोजना निर्माण गर्ने,<br>• शहरोन्मुख क्षेत्रहरूमा फोहोरमैला डम्पिङ साइटहरूको पहिचान र निर्माण गर्ने,<br>• बजार क्षेत्रमा ढल र डम्पिङ्ग साइट थप व्यवस्थित गर्ने,<br>• घरायसी फोहर व्यवस्थापनमा जोड दिने । |

गंगादेव गाउँपालिका

## प्रमुख कार्यक्रम

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोंने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | पालिका स्तरीय | | | | | | | | | | | |
| १ | रिमल खोला ओईलाम खानेपानी आयोजना | घरधुरी | गंगादेव गाउँपाकिला वडा २ | ४० | ४० | ४० | ४० | ४० | ८०० | १४,८९०,९१२ | संघ | १ |
| २ | छोटिखोला मगर गाउँ खानेपानी आयोजना | घरधुरी | गंगादेव गाउँपालिका वडा नं. १ | ८६ | ८६ | ८६ | ८६ | ८६ | ४३० | ११,७८७,२१३ | संघ | १ |
| ३ | रमखोला पैयाबोट सिमखोला बजेर खाने पानी आयोजना | घरधुरी | गंगादेव गाउँपालिका वडा नं. ४,५ | ३६७ | ३६७ | ३६७ | ३६७ | ३६७ | १८३६ | ३६,८९२,९६४ | संघ | १ |
| ४ | ढितपिटे खोला देखि फारुला खानेपानी आयोजना | घरधुरी | गंगादेव गाउँपालिका वडा नं. २ | १३३ | १३३ | १३३ | १३३ | १३३ | ६६६ | १५,७५३,२७७ | संघ | १ |
| ५ | ठुलिमछाइने डलसिगे क्षेत्रेबाफ पोखराडाडा ढुङ्गेछापा लिफ्ट खानेपानी आयोजना | घरधुरी | गंगादेव गाउँपालिका वडा नं. ४ | ९५३ | ९५३ | ९५३ | ९५३ | ९५३ | १७६३ | ४८,८९९,८९८ | संघ | १ |
| ६ | पाङ्ग्राखोला नाउली घोरनेता वडामेला रमाई खानेपानी आयोजना | घरधुरी | गंगादेव गाउँपालिका वडा नं. २,३ | ३१४ | ३१४ | ३१४ | ३१४ | ३१४ | १५७० | ३९,४७१,२४६ | संघ | १ |
| ७ | मुलखोला रातामाता लामाछेरा सानी मछाइने हिले कालाभिर जायखोला खानेपानी आयोजना | घरधुरी | गंगादेव गाउँपालिका वडा नं. ४,६, ७ | ३७४ | ३७४ | ३७४ | ३७४ | ३७४ | १८७२ | ५३,६५७,७३९ | संघ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **वडा नं. १** | | | | | | | | | | | |
| १ | खानेपानी सम्बन्धी प्रत्येक घरमा एक घर एक धारा निर्माण | पटक | वडा नं. १ | १ | १ | १ | १ | १ | ५ | ५000000 | संघ, प्रदेश, स्थानीय | १ |
| २ | छोटि खोला सेकाई उर्तिबाङ्ग खानेपानी | घरधुरी | मगरगाउँ ओत | | ८० | | | | ८० | ५,000,000 | प्रदेश, स्थानीय | ३ |
| ३ | भाडाँ सुकाउने चाङ्ग निर्माण | घरधुरी | एक नं वडा ओत | | | ५०० | | | ५०० | २,५00,000 | संघ, प्रदेश | २ |
| ४ | मुलखोला वल्लेजुर विवाङ्ग खानेपानी | घरधुरी | एक नं वडा विवाङ | ११० | | | | | ११० | ७,000,000 | प्रदेश स्थानीय | २ |
| ५ | पुवाबारी चौर लिफ्ट खानेपानी | घरधुरी | एक नं वडा चौर | ९० | | | | | ९० | २५,000,000 | संघ, प्रदेश | ३ |
| ६ | प्रत्येक विद्यालयमा खाने पानी व्यवस्थापन | घरधुरी | एक नं वडन भित्रका सबै | | | ३ | | | ३ | २,000,000 | संघ, प्रदेश | १ |
| | **वडा नं. २** | | | | | | | | | | | |
| १ | गरुले मुल देखि डाँडागाउँ चौतरासम्म लिफट खानेपानी योजना | घरधुरी | फारुला, सुखाओडार बजार, करङजीवोर्ड, पूर्णगाऊँ | | १०० | १०० | | | २०० | ४,000,000 | संघ, प्रदेश, स्थानीय | १ |
| २ | सेरङखोला देखि हेलङखोला करङजिवोट २ नम्बर वडा कार्यालय सम्म खानेपानी योजना | घरधुरी | सेरङखोला देखि हेलङखोला करङजिवोट २ नम्बर वडा कार्यालय सम्म खानेपानी योजना | | | ३५ | ३५ | | ७० | ४,000,000 | संघ, प्रदेश, स्थानीय | ३ |
| ३ | काफलबोट चोताबारी खानेपानी आयोजना निर्माण | घरधुरी | काफलबोट, चोतावारी, डिम्बरखोली, | | ५० | | | | ५० | २,५00,000 | संघ, प्रदेश | २ |
| ४ | ओइलाम खोली सुखाओडार खानेपानी आयोजना निर्माण | घरधुरी | सुखाओडार | ४० | | | | | ४० | २,५00,000 | प्रदेश स्थानीय | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | झाँकी सल्ला चौफारी खानेपानी निर्माण तथा मर्मत | घरधुरी | फारुला, चौतारा, करडजीबोट, सुखाओडार बजार | २० | २० | २० | २० | २० | १०० | ३,०००,००० | संघ, प्रदेश | ३ |
| ६ | रातामाटा ओइलाम खानेपानी निर्माण | घरधुरी | ओइलाम, तल्लो आइलाम, उपल्लो ओइलाम | ४० | ४० | ४० | ४० | ४० | २०० | १०,०००,००० | संघ, प्रदेश | १ |
| ७ | आकासे खानेपानी निर्माणका लागि टंकी निर्माण | घरधुरी | ओइलाम, रमाइ, वडामेला | २० | २० | २० | २० | २० | १०० | १०,०००,००० | संघ, प्रदेश | ३ |
| ८ | कोप्ची देखि बरामेला घोरनेटी सम्म लिफ्ट खानेपानी योजना | घरधुरी | वडा नं. २ | | | | | | २०० | ५०००००० | प्रदेश, स्थानीय | १ |
| ९ | परेमुल देखि लिफ्ट खानेपानी योजना | पटक | वडा नं. २ | | | | ४० | | | ३०००००० | प्रदेश, स्थानीय | ३ |
| १० | कोप्थी गन्थले लिफ्ट खानेपानी योजना | पटक | वडा नं. २ | | | | | | १ | ५,०००,००० | संघ, प्रदेश | २ |
| ११ | पुवा खोली हुंद धाराचौर लिफ्ट खानेपानी योजना | पटक | वडा नं. २ | | | | | | १ | ५०००००० | संघ, प्रदेश | २ |
| १२ | जथा पांगर खोला मूलबाट नाउली भालमारे घोरनेटा जलेखर्क गम्थले बडामेला रमाई खानेपानी पुनः निर्माण | पटक | वडा नं. २ | | | | | | १ | ५०००००० | संघ, प्रदेश | ३ |
| १३ | धाराचौर खानेपानी निर्माण | पटक | वडा नं. २ | | | | | | १ | ३०००००० | संघ, प्रदेश | १ |
| | **वडा नं. ३** | | | | | | | | | | | |
| १ | लिफट खानेपानी बडाढुङगा | घरधुरी | वडाढुङगा | २५० | | | | | २५० | १०,०००,००० | संघ, प्रदेश | १ |
| २ | लिफट खानेपानी रातामाटा मङगा | घरधुरी | रातामाटा | | १०० | | | | १०० | ५,०००,००० | संघ, प्रदेश | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | लिफट खानेपानी नाउली | घरधुरी | नाउली | | | ३०० | | | ३०० | ५,०००,००० | संघ, प्रदेश | २ |
| ४ | लिफट खानेपानी कुकुरगारे | घरधुरी | कुकुरगारे | | | २५० | | | २५० | १,५००,००० | संघ, प्रदेश | २ |
| ५ | लिफट खानेपानी घोप्टेओडार | घरधुरी | घोप्टेओडार | | | | ३०० | | ३०० | २०,०००,००० | संघ, प्रदेश | ३ |
| ६ | लिफट खानेपानी झाक्रीसल्ला जिउलो | घरधुरी | जहेले | | | | ५० | | ५० | ५,०००,००० | संघ, प्रदेश | १ |
| ७ | धाइराखोला अग्लो खर्सु खानेपानी | घरधुरी | अग्ली खर्क | | | २० | | | २० | १,०००,००० | संघ, प्रदेश | ३ |
| ८ | कुकुरगारे खानेपानी | घरधुरी | कुकुरगारे | | | | | २०० | २०० | १,०००,००० | संघ, प्रदेश | १ |
| ९ | सबै विद्यालय खानेपानी | वटा | वडा नं. ३ सवै | | | ९ | | | ९ | ५,०००,००० | संघ, प्रदेश | ३ |
| १० | धाउखोली कल्यागैरा खानेपानी | घरधुरी | चामी | | | | | १२ | १२ | १,०००,००० | संघ, प्रदेश | २ |
| ११ | हाँसेकाटे हल्हले लिफट खानेपानी | घरधुरी | कुपापानी | ३५ | | | | | ३५ | ३,०००,००० | संघ, प्रदेश | २ |
| १२ | नाउली आटीघर टोल खानेपानी | घरधुरी | नाउली | २० | | | | | २० | १,०००,००० | संघ, प्रदेश | ३ |
| १३ | झाक्रि सल्लाबाट डाँडाखुटी लिफट खानेपानी योजना | घरधुरी | डाँडाखुट्टी | ३५ | | | | | ३५ | ५,०००,००० | संघ, प्रदेश | १ |
| १४ | माहेनेटी लिफट खानेपानी योजना | घरधुरी | | | | ४० | | | ४० | २,५००,००० | संघ, प्रदेश | ३ |
| १५ | गोठिखोला लिफट खानेपानी योजना | | गोठीखोला | | | | | | | ५,०००,००० | संघ, प्रदेश | १ |
| १६ | पोखरेनी देखि जहेले सम्म लिफट खानेपानी योजना | | जहेले | | | | | | | १,०००,००० | संघ, प्रदेश | ३ |
| १७ | खानेधर घरेलडाँडा खानेपानी योजना | मि. | खानेधर | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ५,०००,००० | संघ, प्रदेश | २ |
| १८ | चैते काफल देखि खोरिया खोला खानेपानी | | | | | | | | | १५००००० | स्थानीय | १ |

गंगादेव गाउँपालिका

| | वडा नं. ४ | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जुगेसिम सिस्नेचार खानेपानी निर्माण | कि.मि | गंगादेव ४ सिस्नेचार | ४ | | | | | ४ | १,०००,००० | संघ, प्रदेश | ३ |
| २ | दोदरेपाङग्रा म्वाले खोला खानेपानी निर्माण | कि.मि | गंगादेव ४ मुर्चुला | | ५ | | | | ५ | १,०००,००० | संघ, प्रदेश | १ |
| ३ | जुगेसिम मुर्चुला खानेपानी निर्माण | कि.मि | गंगादेव ४ मुर्चुला | ५ | | | | | ५ | १,०००,००० | संघ, प्रदेश | ३ |
| ४ | डलसिङगे माथिल्लो लिफट खानेपानी निर्माण | कि.मि | गंगादेव ४ डलसिङगे | ४ | | | | | ४ | ९००,००० | प्रदेश, स्थानीय | १ |
| ५ | ठारापानी मछाईने लिफट खानेपानी मर्मत | कि.मि | गंगादेव ४ मदाईने | ४ | | | | | ४ | १,०००,००० | संघ, प्रदेश | ३ |
| ६ | सुपाटोट्के लिफट खानेपानी निर्माण | कि.मि | गंगादेव ४ सुपाटोट्के | | ४ | | | | ४ | १,०००,००० | संघ, प्रदेश | २ |
| ७ | झयाङडाँडा छेत्रेबाज पोखराडाँडा गारतरा खानेपानी निर्माण | कि.मि | गंगादेव ४ सुपाटोट्के | ४ | | | | | ४ | १,५००,००० | संघ, प्रदेश | २ |
| ८ | ठुलिमछाईने लिफट खानेपानी मर्मत | कि.मि | गंगादेव ४ ठुलीमछाईने | | ५ | | | | ५ | ७००,००० | प्रदेश, स्थानीय | ३ |
| ९ | पातल खोला सिँचाई खानेपानी लिफट पम्म सिस्टम पैयाबोट सुवाखोला सम्म | कि.मि | पैयाबोट कोइलोटे बसारे चौर | | ६५ | | | | ६५ | ८००,००० | संघ, प्रदेश | १ |
| १० | राम्री खोला खानेपानी मर्मत | कि.मि | डाँडा वाफु | | १५१ | | | | १५१ | २००,००० | .स्थानीय | ३ |
| ११ | खानीखोला खानेपानी योजना निर्माण | कि.मि | गंगादेव ४ खानीखोला | | | | | | ५० | ८००,००० | संघ, प्रदेश | १ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | ४ नं. वडा कार्यालय खानेपानी निर्माण | कि.मि | गंगादेव ४ म्वाले खोला | | | | | | | ४००,००० | प्रदेश, स्थानीय | ३ |
| | गरेन दयालेख खानेपानी योजना | कि.मि | | | | | | | २ | २०००००० | | २ |
| | **वडा नं. ५** | | | | | | | | | | | |
| १ | रमखोला सिमखोला खानेपानी मर्मत | पटक | सिमाखोला | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | संघ, प्रदेश | ३ |
| २ | कात्तीकेखोला देखी दाद्रा हुँदै ठुलापोखरी मर्मत योजना | पटक | धोली | १ | १ | १ | १ | १ | ५ | २,०००,००० | संघ, प्रदेश | १ |
| ३ | बाजेखुट्टी उदिनढुङगा दोबाटो खानेपानी मर्मत | पटक | उदिम दुरु | १ | १ | १ | १ | १ | ५ | ३,०००,००० | संघ, प्रदेश | ३ |
| ४ | ठुलाखोला घरेली गाँउ खानेपानी मुहान | पटक | धरेली | १ | १ | १ | १ | १ | ५ | ३,०००,००० | संघ, प्रदेश | १ |
| ५ | हम्पाल वथान खानेपानी मर्मत | पटक | हम्पाल वथान | १ | १ | १ | १ | १ | ५ | २०,०००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ६ | फुल्वारी तल्लो दवारेखोला जुग्यापानी खानेपानी योजना | पटक | फुल्वारी | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ७ | तल्लो उदिनढुङ्गा चौराला तल्लो उदिनढुङ्गा | पटक | तल्लो उदिनढुङ्गा | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | संघ, प्रदेश | २ |
| ८ | गज्याम घरेली लिफ्ट खानेपानी योजना | घरधुरी | | | | | १५० | | १५० | ६०००००० | संघ, प्रदेश | ३ |
| ९ | भागचौर लिफ्ट खानेपानी योजना | घरधुरी | | ४० | ४० | ४० | ४० | ४० | २०० | १०००००००० | संघ, प्रदेश | २ |
| | **वडा नं. ६** | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हिले लिफट खानेपानी आयोजना निर्माण | | गंगादेव ६ हिले | | | | | | | ८००,००० | संघ, प्रदेश | ३ |
| २ | डोप्टा बढिखोला देउराली पुज्ने डोप्टा खोला खानेपानी आयोजना | | गंगादेव ६ देउराली देउराली पूज्ने सारेगैटा गैरागाँउ | | | | | | | ८००,००० | संघ, प्रदेश | १ |
| ३ | ओखरबोट गर्पा खानेपानी मर्मत | | गर्पा ओखरबोट | | | | | | | ३,०००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ४ | गर्पा खानेपानी मर्मत | | फूरकेमेल, डीरमरगैरा, मैरुपे, बुरासे | | | | | | | २५०,००० | संघ, प्रदेश | २ |
| ५ | बगरखोला लिफटीङ खानेपानी | घरधुरी | गर्पा ओखरबोट फूरकेमेल बल्ले डीमरगैरा बूरासे छेरा मेना | ३० | ३० | ३० | ३० | ३० | १५० | १,०००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| ६ | सरेनि पानी खानेपानी निर्माण | घरधुरी | हिले | २० | २० | २० | २० | २० | १०० | १,०००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ७ | लाखुरी लिफ्ट आयोजना निर्माण | | डिम्मुरगैरा | | | | | | | १,०००,००० | प्रदेश, स्थानीय | १ |
| ८ | देउलटाकुरा खानेपानी आयोजना | | देउलटाकुरा | | | | | | | ८००,००० | प्रदेश, स्थानीय | ३ |
| ९ | दहवाङ खानेपानी आयोजना | | दहवाङ | | | | | | | ८००,००० | प्रदेश, स्थानीय | १ |
| १० | सिम्तेरी खोला हुँदै ठुलापैयाँ धजाहाल्ने नेटा लिफट खानेपानी निर्माण | घरधुरी | सिस्नेरी खोला धजाहाल्ने नेटा | २० | २० | २० | २० | २० | १०० | ७००,००० | संघ, प्रदेश | ३ |
| ११ | खोला धरधवारे देखि सुपेगैरा लिफट खानेपानी निर्माण | घरधुरी | धजाहाल्ने नेटा सुवेगैरा | ३० | ३० | ३० | ३० | ३० | १५० | १,०००,००० | संघ, प्रदेश | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | सिनेनी खानेपानी निर्माण | | हिले | | | | | | | ८००,००० | संघ, प्रदेश | २ |
| १३ | सिस्नेगैरी हिले खानेपानी आयोजना निर्माण योजना | घरधुरी | सिस्नेगैरी हिले | २० | २० | २० | २० | २० | १०० | २७५,००० | संघ, प्रदेश | ३ |
| १४ | खानेपानी मुहान घेरबार, संरक्षण | पटक | दउलटाकुरा,गैरागाँउ | | | | | | | १५०,००० | स्थानीय | १ |
| १५ | धागलरी खानेपानी मुहान खानेपानी निर्माण | पटक | सालिगंगा गोर्जले | | | | | | | १५०,००० | स्थानीय | ३ |
| १६ | बाकुने पातल खानेपानी मुहान संरक्षण | पटक | उमा गैरा छुयाला गोर्जले | | | | | | | १५०,००० | स्थानीय | १ |
| १७ | चिनेगैरी खानेपानी मर्मत | पटक | देउराली पुज्ने | | | | | | | ३००,००० | संघ, प्रदेश | ३ |
| १८ | रातामाटा डिमुरगैरा खानेपानीकालागि पाइप खरिद | पटक | रातामाटा | | | | | | | ७००,००० | स्थानीय | २ |
| १९ | रातिघारी लिफट खानेपानी योजना | घरधुरी | | | | | | | ३० | ५०००००० | संघ, प्रदेश | २ |
| २० | गुँरासे लिफट खानेपानी आयोजना | घरधुरी | | | | | | | ३० | ५०००००० | संघ, प्रदेश | ३ |
| २१ | घड्डारतरा देखि झाझरखोला खानेपानी आयोजना | घरधुरी | | | | | | | ५५ | ४०००००० | संघ, प्रदेश | १ |
| २२ | खर्का डाँडा खानेपानी आयोजना | घरधुरी | | | | | | | ५० | ३०००००० | संघ, प्रदेश | ३ |
| २३ | सिस्नेगरी मुहानदेखि ६ वडा कार्यालयसम्म खानेपानी योजना | पटक | | | | | | | | ३०००००० | संघ, प्रदेश | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | मैगराउने मुहान हुँदै फर्मेमेत बल्ले खानेपानी | पटक | गंगादेव ६ | | १ | | | | १ | ४000000 | संघ, पालिका | १ |
| २५ | छर्रा खोला हुँदै तल्लो बल्ले खानेपानी | पटक | गंगादेव ६ | १ | | | | | १ | ४000000 | संघ, पालिका | १ |
| २६ | घंरारुतरा मुहान हुँदै सानोतिर मौरीघारे खानेपानी | पटक | गंगादेव ६ | | | १ | | | १ | ४000000 | संघ, पालिका | १ |
| | **वडा नं. ७** | | | | | | | | | | | |
| १ | तिमिले खानेपानी योजना | वटा | वडा नं. ७ | | १ | | | | १ | ३0000000 | संघ, प्रदेश | २ |
| २ | आराखोला दुनेला खानेपानी योजना | वटा | वडा नं. ७ | १ | | | | | | ५000000 | संघ, प्रदेश | २ |
| ३ | सुपेगैरा बिखोला खानेपानी योजना | वटा | वडा नं. ७ | | १ | | | | १ | ५000000 | संघ, प्रदेश | ३ |
| ४ | सुनार गाउँ ओखरबोट खानेपानी | वटा | वडा नं. ७ | | | १ | | | १ | ८,000,000 | संघ, प्रदेश, स्थानीय | १ |
| ५ | सानडाँडा खानेपानी | वटा | वडा नं. ७ | | | | | १ | १ | ३,000,000 | संघ, प्रदेश, स्थानीय | ३ |
| ६ | उपल्लोजाय खानेपानी निर्माण तथा मर्मत | वटा | वडा नं. ७ | | १ | | | | १ | ३,000,000 | संघ, प्रदेश | १ |
| ७ | धप्री खानेपानी निर्माण योजना | वटा | वडा नं. ७ | | | | १ | | १ | ५,000,000 | संघ, प्रदेश | ३ |
| ८ | उपल्लोजाय लिफ्ट खानेपानी योजना | वटा | उपल्लोजाप | | | १ | | | १ | ८00,000 | प्रदेश, स्थानीय | १ |
| ९ | जायखोला लिफ्ट खानेपानी योजना | वटा | जायरखोला | | १ | | | | १ | ८00,000 | प्रदेश, स्थानीय | ३ |
| १0 | ओखरबोट दमाइगाउँ खानेपानी योजना | वटा | ओखरबोट | १ | | | | | १ | १,000,000 | संघ, प्रदेश | २ |

गंगादेव गाउँपालिका

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | पाँचपुनी लिफ्ट खानेपानी योजना | वटा | पाँचपुनि | | | १ | | | १ | १,०००,००० | संघ, प्रदेश | २ |
| १२ | बाहुनथान खानेपानी योजना | वटा | | | १ | | | | १ | १,०००,००० | संघ, प्रदेश | ३ |
| १३ | जायचौर टोल खानेपानी योजना | वटा | सायाचौर | | | १ | | | १ | ७००,००० | प्रदेश, स्थानीय | १ |
| १४ | सचेतनामुलक तथा सरसफाई कार्यक्रम | वटा | तिमिले | १ | | | | | १ | १००,००० | प्रदेश, स्थानीय | ३ |
| १५ | राँकडाडा बाहुनथान खानेपानी पानी योजना | वटा | बाहुनथान | १ | | | | | १ | ८००,००० | प्रदेश | घ |
| | **जम्मा** | | | | | | | | | ३५१,६७५,००० | | |

### अपेक्षित उपलब्धि:

गाउँपालिका अन्तर्गत रहेका सबै खानेपानीका श्रोतहरूको उचित संरक्षण गरिएको हुनेछ । खानेपानीको श्रोतको अभाव भएका वस्तीहरूमा खानेपानीको वैकल्पिक स्रोतहरूको पहिचान गरी समाधानका उपायहरू जस्तै : सौर्य शक्तिमा आधारित लिफ्ट प्रणालीबाट खानेपानी आपूर्ति, वर्षाद्को पानी जम्मा गरी उपयोग गरिएको हुनेछ। गाउँपालिकाका सबै वडा अन्तर्गत रहेका वस्तीहरूमा एक घर एक धारा शुद्ध खानेपानीको वितरणको व्यवस्था सुनिश्चित गरिएको हुनेछ । सरसफाइ तथा पानीजन्य रोगका कारण हुने रोगमा पनि कमी आएको हुनेछ। शत प्रतिशत घरधुरीमा स्वच्छ, शुद्ध र सुरक्षित पिउने पानीको व्यवस्था गरिएको हुनेछ ।

## ६.४. युवा तथा खेलकुद

स्थानीय विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ। नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्या करिव ४३ प्रतिशत रहेको छ। जनसांख्यिकी पुजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै स्थानीय विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट स्थानीय विकासमा योगदानको वातावरण सिर्जना गर्नु आवश्यक छ । त्यसरी नै व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ । खेलकुद मानिसको संर्वाङ्गिन विकासका लागि महत्वपूर्ण पक्ष हो । वर्तमान सन्दर्भमा सबैका लागि खेलकुद भन्ने अभियान सञ्चालन गरी समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो । खेलकुदलाई मनोरञ्जनका रूपमा मात्र नलिइ मानव विकासको सूचकाङ्कको रूपमा लिई यस क्षेत्रमा लगानी बढाउन सकेको खण्डमा स्थानीय विकासमा महत्वपूर्ण योगदान सावित हुन सक्दछ ।

### सम्भावना र अवसर

- खेलकुद राष्ट्रको पहिचान र युवाको आकर्षणको क्षेत्र भएकाले यसको विकास र विस्तार गर्नु राज्यको दायित्व हो । खेलकुद क्षेत्रको विकासका माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त गर्ने भएकाले यसका लागि आवश्यक पर्ने विभिन्न किसिमका खेल पूर्वाधार निर्माणका सम्भावनाहरू रहेको छ ।
- गंगादेव गाउँपालिकाभित्र रहेका विद्यालय तथा सार्वजनिक खुल्ला चउरहरूलाई प्रयोग गरी भलिवल, फुटवल, क्रिकेट, व्याडमिन्टन आदि खेल पूर्वाधारहरूको निर्माण गर्न सके खेलकुद क्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको छ ।
- विद्यालय स्तरदेखि नै खेल प्रशिक्षकको व्यवस्था गरी दक्ष र उर्जावान खेलाडी उत्पादन गरी प्रतियोगितात्मक खेलकुदका माध्यमबाट क्षेत्रीय तथा राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

### समस्या र चुनौती

- खेलकुद क्षेत्र सामाजिक विकासको महत्वपूर्ण अंग हो भन्ने कुरालाई समाजमा बोध गराउन नसक्नु र युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लागि नभइ नहुने खेलकुदको क्षेत्रमा पर्याप्त लगानी नहुनु,

गंगादेव गाउँपालिका

- पालिका भित्र निर्मित खेलकुद सम्बन्धी पूर्वाधारहरूको मर्मत सम्भार समयमा हुन नसक्नु,
- बालबालिकाको मानसिक तथा शारीरिक विकाससँगै खेलकुदको महत्व सम्बन्धी सकारात्मक धारणाको विकास गर्नका लागि खेल प्रशिक्षकको व्यवस्था नहुनु,
- राष्ट्रिय स्तरका भलिबल, फुटबल, व्याडमिन्टन, क्रिकेट, एथ्लेटिकस जस्ता खास खेलहरूमा विशेष रुचि भएका खेलाडीहरूका लागि दक्ष प्रशिक्षक र राज्यको तर्फबाट प्रोत्साहित गर्ने वातावरणको निर्माण गर्न नसक्नु ।

### क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### सोचः

**"आधुनिक खेल पूवार्धारः सक्षम खेलाडीको विकास"**

#### लक्ष्यः

- युवा जनशक्तिलाई गाउँपालिकाको सामाजिक र आर्थिक विकासमा मूल प्रवाहीकरण गर्ने र गाउँपालिकालाई खेलकुद केन्द्र (हव) का रूपमा विकास गर्ने ।

#### उद्देश्य

- युवाको जोश, जाँगर, सीप र नेतृत्व क्षमतालाई प्रस्फुटन गर्दै पालिकाको समग्र विकासमा युवाको सहभागिता वृद्धि गर्नु,
- युवा लक्षित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गर्नु,
- युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउनु,
- खेलकुदका माध्यमबाट युवा युवतीको शारीरिक विकासको सुनिश्चितता गर्नु,
- खेलकुद पूर्वाधारको विकास गर्नु,
- खेलाडीलाई स्वस्थ, अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक बनाउनु र
- युवा युवतीलाई खेलकुदका पूर्वाधारमा पहुँच वृद्धि गर्दै खेलकुद सामग्री उपलब्ध गराउनु ।

#### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • युवा वर्गको शारीरिक, मानसिक तथा संवेगात्मक क्षमताको विकास गर्ने,<br>• युवालाई उद्यमशील, व्यावसायिक र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने,<br>• युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने,<br>• युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने, | • युवा लक्षित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गर्ने,<br>• रोजगार तथा स्वरोजगार सिर्जनाका लागि वित्तीय संस्थाहरू मार्फत् सहुलियत ब्याज दरमा लगानीका लागि कर्जा प्रवाहको व्यवस्था गर्ने,<br>• युवाहरूमा नैतिकता, सदाचारको विकास गरी देश, समाज, र ज्येष्ठ नागरिक प्रतिको दायित्व बोध गराउने,<br>• खेलकुदको विकासका लागि खेल पूर्वाधारहरूको विकास र विस्तार गर्ने, |

| | |
|---|---|
| • खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने । | • स्थानीय स्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान् खेलाडीहरूको पहिचान तथा विकास गर्ने,<br>• खेल मैदान नभएका वडाहरूमा पायक पर्ने गरी खेल मैदानहरू निर्माण गर्ने,<br>• सबै वडामा कम्तिमा पनि एक भलिबल मैदान र कभर्डहलको व्यवस्था गर्ने,<br>• वार्षिक रूपमा खेलकुद प्रतियोगिता आयोजना गरी ठूलो संख्यामा युवाहरूलाई सहभागी गराउने । |

गंगादेव गाउँपालिका

### प्रमुख कार्यक्रम

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | ज्ञानकञ्ज प्रा.वि. फिल्ड निर्माण | वटा | गुराँस डाँडा ओत | | | १ | | | १ | ३००,००० | संघ, प्रदेश | १ |
| २ | जनता आ. वि. फिल्ड निर्माण | वटा | पिपलचौर ओत | | | १ | | | १ | ३००,००० | संघ, प्रदेश | ३ |
| ३ | राष्ट्रिय मा. वि. फिल्ड निर्माण | वटा | मेलडारी ओत | | | | १ | | १ | ३००,००० | संघ, प्रदेश | २ |
| ४ | राष्ट्रिय मा. वि. खेलकुद सामाग्री खरिद | पटक | मेलडारी ओत | १ | | | | | १ | १००,००० | प्रदेश, स्थानीय | २ |
| | वडा नं. २ | | | | | | | | | | | |
| १ | सिद्धार्थ आधारभूत विद्यालय फिल्ड निर्माण | वटा | ओइलाम | | १ | | | | १ | ३५०,००० | संघ, प्रदेश | १ |
| २ | गंगा मावि जिनावाङ फिल्ड निर्माण | वटा | जिनावाङ | | | | १ | | १ | ३५०,००० | संघ, प्रदेश | ३ |
| | वडा नं. ३ | | | | | | | | | | | |
| १ | श्री गणेश आधारभुत विद्यालयको फिल्ड निर्माण | मि. | वडाढुङगा | | १५०० | | | | १५०० | २००,००० | संघ, प्रदेश | १ |
| २ | श्री भगवति आधारभूत विद्‌यालय फिल्ड निर्माण | मि. | कुकुर गारे | | | १०० | | | १०० | ३५०,००० | संघ, प्रदेश | ३ |
| ३ | श्री लोक कल्याण प्रावि फिल्ड निर्माण | वटा | चामी | | | | १ | | १ | २५०,००० | संघ, प्रदेश | २ |
| ४ | श्री सहिद खकेन्द्र जनप्रा वि फिल्ड निमार्ण | मि. | झयाम | | | ३०० | | | ३०० | २००,००० | संघ, प्रदेश | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | श्री प्रगति शिल प्रा वि घोरेओढार फिल्ड निर्माण | मि. | घोप्टे ओढार | | | | | ३०० | ३०० | २००,००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ४** | | | | | | | | | | | |
| १ | श्री सरस्वती माध्यामिक विद्यालय फिल्ड कटिङ | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ३००,००० | संघ, प्रदेश | १ |
| २ | श्री इन्द्रसेवक आधारभूत विद्यालय फिल्ड निर्माण | वटा | गंगादेव ४ रोल्पा | | १ | | | | १ | ३००,००० | संघ, प्रदेश | ३ |
| ३ | श्री जनता विकास माध्यामिक विद्यालय फिल्ड निर्माण | मि. | गंगादेव ४ रोल्पा | | ४०० | | | | ४०० | ३५०,००० | संघ, प्रदेश | २ |
| ४ | श्री सिद्ध आधारभुत विद्यालय फिल्ड कटिङ | | गंगादेव ४ रोल्पा | | १ | | | | १ | २००,००० | संघ, प्रदेश | २ |
| ५ | श्री दशरथ विन्दु आधारभुत विद्यालय फिल्ड निर्माण | वटा | गंगादेव ४ रोल्पा | १ | | | | | १ | ३००,००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ५** | | | | | | | | | | | |
| १ | ने.रा.मा.वि. सिमखोला फिल्ड निर्माण | वटा | ने.रा.मा.वि. सिमखोला | | | | | १ | १ | ३००,००० | प्रदेश, स्थानीय | ३ |
| २ | ने.रा.आ.वि. रातामाटा, फिल्ड निर्माण | वटा | ने.रा.मा.वि. रातामाटा | | | | १ | | १ | ८००,००० | संघ, प्रदेश | १ |
| ३ | वालवोध आ.वि. फिल्ड निर्माण | वटा | वालवोध आ.वि. झाक्रीसल्ला | १ | | | | | १ | ३००,००० | संघ, प्रदेश | ३ |
| ४ | गुरासेतारा प्रा.वि. फिल्ड निर्माण | वटा | गुरासेतारा प्रा.वि. आमचौर | | | १ | | | १ | ३००,००० | संघ, प्रदेश | २ |
| ५ | जनता प्रा.वि. फिल्ड निर्माण | वटा | जनता प्रा.वि. उन्नेचौर | | | १ | | | १ | ३००,००० | संघ, प्रदेश | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | जनता प्रा.वि. फिल्ड निर्माण | वटा | जनता प्रा.वि. लोदचौर | | १ | | | | १ | ३००,००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ६** | | | | | | | | | | | |
| १ | जन प्रेम आ.वि. सल्लीचौरमा फिल्ड निर्माण | वटा | सल्लीचौर | | | | १ | | १ | २५०,००० | प्रदेश, स्थानीय | १ |
| २ | अमरसत्य प्रा. वि फिल्ड निर्माण | वटा | झुलहुनेटाकुरा | | | १ | | | १ | २५०,००० | प्रदेश, स्थानीय | २ |
| | **वडा नं. ७** | | | | | | | | | | | |
| १ | श्री पृथ्वी नारायण मा.वि. घेराबार र खेलमैदान निर्माण | वर्ष | जायाचौर | १ | | | | | १ | ३००,००० | प्रदेश, स्थानीय | १ |
| २ | श्री ब्रम सिद्ध प्रा.वि. फिल्ड निर्माण | वर्ष | आरखोला | १ | | | | | १ | ३००,००० | प्रदेश, स्थानीय | ३ |
| ४ | जनल जनार्दन सूनौलो प्रगतिशिल यूवा क्लव तथा मयूर क्लव व्यवस्थापन | | रातामाटा | १ | | १ | | १ | ३ | १,०००,००० | संघ, प्रदेश | २ |
| | **जम्मा** | | | | | | | | | ८,२५०,००० | | |

### अपेक्षित उपलब्धि:

युवा लक्षित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था भएको हुनेछ । गंगादेव गाउँपालिका भित्रका वेरोजगार युवा युवतीले साना तथा ठुला उद्योगहरू खोली स्वरोजगार बन्नका लागि वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याज दरमा कर्जा प्रवाहको व्यवस्था भएको हुनेछ। खेलकुदको विकासका लागि खेल पूर्वाधारहरूको विकास र विस्तार भएको हुनेछ। स्थानीय स्तरमा विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरू सञ्चालन भई प्रतिभावान् खेलाडीहरूको पहिचान गरी प्रदेश तथा राष्ट्रिय स्तरका खेलाडीका रूपमा विकास भएका हुनेछन् । खेल मैदान नभएका वडा तथा वस्तीहरूमा खेल मैदानहरू निर्माण भएका हुनेछन् । सबै वडामा कम्तिमा पनि एक भलिबल मैदान र कभर्डहलको व्यवस्था भएको हुनेछ। वार्षिक रूपमा खेलकुद प्रतियोगिता आयोजना गरी ठूलो संख्यामा युवाहरूलाई सहभागी गराइएको हुनेछ । युवाहरू सदाचार, नैतिकवान् र व्यावसायिक भइ समाज र देशलाई योगदान दिइरहेका हुनेछन् ।

## ६.५ कला तथा संस्कृति

कला तथा संस्कृति कुनै निश्चित भूगोल र त्यहाँ बसोबास गर्ने मानव जातिको पहिचान हो। हरेक कला र संस्कृति मानवीय मूल्य मान्यताको सम्पत्ती पनि हो। कला र संस्कृतिको जगेर्ना गर्नु मानव जातिको कर्तव्य पनि हो। नेपालको संविधान २०७२ ले स्थानीय कला, संस्कृति र सभ्यताको संरक्षण, प्रबर्द्धन र प्रचार प्रसार गर्ने जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ। यस सन्दर्भमा गंगादेव गाउँपालिकाले आफ्नो पालिका भित्रको कला र संस्कृतिलाई जगेर्ना गर्नु प्रमुख दायित्व रहेको छ । यो गाउँपालिका धार्मिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक आदि दृष्टिकोणले विविधतामा रमेको छ । एकले अर्काको कला र संस्कृतिको संरक्षण र सम्बर्द्धन गरी आपसी मित्रता र सद्भावका साथ जीउने कुरामा पालिकाले अभिभावकको भूमिका निर्वाह गर्नुपर्दछ ।

धार्मिक रूपमा मुख्यतः हिन्दुहरूको बाहुल्यता रहेको यस पालिकामा सीमित मात्रामा बौद्ध र क्रिश्चयन समुदायको बसोबास रहेको छ । जातीय रूपमा क्षेत्री, जनजाति, दलित, ठकुरी आदि समुदायको बसोबास रहेको छ। हरेक धार्मिक विश्वास र आस्था तथा जातीय परम्परा र प्रचलन अनुसार आफ्ना मूल्य मान्यता कला संस्कृति र परम्परा फरक फरक रहेका छन्। तथापि एक आपसमा मिलेर बसोबास गरेका छन्। यस किसिमको सामाजिक सांस्कृतिक र धार्मिक परम्परालाई स्थानीय सरकारले संरक्षण गर्न आवश्यक छ।

### सम्भावना र अवसर

- सांस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र विकास गर्ने जिम्मेवारी स्थानीय सरकारलाई संविधानले दिएको सन्दर्भमा, गंगादेव गाउँपालिकामा रहेका ऐतिहासिक, धार्मिक, पौराणिक, सामाजिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्बर्द्धन, विकास, विस्तार र प्रचार प्रसार गर्नका लागि गुरु योजना निर्माण गरी कार्यान्वयन गर्न सके कला संस्कृति क्षेत्रबाट गंगादेव गाउँपालिका लाभाम्वित हुने राम्रो संभावना रहेको छ।
- गंगादेव गाउँपालिकामा रहेका झ्याउरे नाच, मयूर नाच, पञ्चेबाजा नाच, पैसरी नाच र सालैजो भाका वा ठाडी भाका खस तथा जनजातिको परम्परागत पहिरन र तिनका सामाजिक सांस्कृतिक मूल्य मान्यताको विकास र विस्तार गरी कला संस्कृतिको मौलिक पहिचान सहित गाउँपालिकालाई चिनाउने सम्भावना रहेको छ।
- यस पालिकामा सुकिदह, बाह्रजथाक, रातामाटा, राक्माधुरी, तपोवन शिव गुफा आदि रहेका छन्। प्राकृतिक सौन्दर्य र जैविक विविधताको अवलोकन तथा मनोरञ्जनका रूपमा रहेका स्थानहरुको प्रचार प्रसार गरी पर्यटन क्षेत्रको विकास गर्न सक्ने सम्भावना रहेको छ।

### समस्या र चुनौती

- सांस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र विकास गर्ने जिम्मेवारी स्थानीय सरकारलाई संविधानले दिएको सन्दर्भमा, गंगादेव गाउँपालिकामा रहेका ऐतिहासिक, धार्मिक, पौराणिक, सामाजिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्बर्द्धन, विकास, विस्तार र प्रचार प्रसार गर्नका लागि गुरु योजना निर्माण गरी कार्यान्वयन गर्न नसक्नु,
- गंगादेव गाउँपालिकामा रहेका झ्याउरे नाच, मयूर नाच, पञ्चेबाजा नाच, पैसरी नाच र सालैजो भाका वा ठाडी भाका खस तथा मगर जातिको परम्परागत पहिरन र तिनका सामाजिक सांस्कृतिक मूल्य मान्यताको विकास र विस्तार गरी कला संस्कृतिको मौलिकतामा आधारित कला संस्कृतिको संरक्षण र प्रचार प्रसार गर्न यसको महत्वप्रति ध्यान नदिनु,

### सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच:**

**"कला, संस्कृति र मूल्य मान्यताको संरक्षण, गंगादेव बासीको पहिचान"**

**लक्ष्य:**

- स्थानीय कला, संस्कृति र सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने,

**उद्देश्य:**

- स्थानीय कला, संस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्नु,
- स्थानीय लोक साहित्य, चाडबाड, रीतिरिवाज र परम्पराको संरक्षण गर्नु र
- ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको खोज अनुसन्धान गरी प्रचार प्रसार गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● स्थानीय ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रबर्द्धन गर्ने, | ● गाउँपालिकाभित्रका विभिन्न मठ, मन्दिर, गुम्बा र चर्चहरूको न्योचित संरक्षण गर्ने,<br>● ऐतिहासिक, पुरातात्विक र सांकृतिक सम्पदाहरूको पहिचान गरी तिनको महत्वका बारेमा प्रचार प्रसार गर्ने,<br>● सम्पदाहरूको मर्मत संभार तथा स्तरोन्नति गर्ने,<br>● परम्परागत कला, सीप, संस्कृति र बाजागाजा संरक्षण गर्ने,<br>● स्थानीय लोक साहित्य, मेला, चाडबाड र पर्वहरूको संरक्षण तथा सम्बर्द्धन गर्ने,<br>● गंगादेव गाउँपालिकाका ऐतिहासिक, पुरातात्विक, धार्मिक स्थलहरूको पहिचान गरी पुस्तिका प्रकाशन गर्ने साथै उक्त स्थलहरूको संरक्षण तथा सम्बर्द्धन गर्ने,<br>● गाउँपालिकाभित्रका लोक संस्कृतिसँग सम्बन्धित (झ्याउरे नाच, मयूर नाच, पञ्चेबाजा नाच, पैसरी नाच र सालैजो भाका वा ठाडी भाका) विभिन्न |

| | |
|---|---|
| | सांस्कृतिक गतिविधिहरूको उत्थान र संरक्षणका निम्ति उपयुक्त नीति निर्धारण गर्ने,<br>● गाउँपालिका अन्तर्गत साहित्य कलाको प्रबर्द्धनका लागि गाउँपालिका/वडा स्तरीय प्रतिस्पर्धा नियमित रूपमा आयोजना गर्ने,<br>● गाउँपालिका भित्र रहेका कवि, कलाकार, साहित्यकारहरूलाई आदर, सम्मान तथा पुरस्कारबाट उत्प्रेरित गर्ने,<br>● भाषा, लिपि, धर्म, साहित्य, कला तथा संस्कृतिको संरक्षणको लागि गाउँपालिका स्तरको एक प्रतिष्ठान स्थापना गर्ने । |

गंगादेव गाउँपालिका

## प्रमुख कार्यक्रम

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | लहरे पैसेरु नाच तालिम | जना | ओत | ८ | | | | | ८ | १५०,००० | संघ, प्रदेश | १ |
| २ | मयूर नाच तालिम | वर्ष | वडा १ का तीन विद्यालय | १ | | | | | | १५०,००० | संघ, प्रदेश | ३ |
| ३ | लामा धामीहरुको होमयज्ञ स्थान निर्माण | वटा | मेल्डारी ओत | १ | | | | | १ | १००,००० | स्थानीय | २ |
| ४ | डोका डालो थुन्से माद्रौ बुनाई तालिम | पटक | गंगादेव वडा नं. १ | १ | १ | १ | १ | १ | ५ | ४००,००० | संघ, प्रदेश | २ |
| ५ | पुराना सामग्रीहरुको संरक्षणको लागि सङग्राहलय निर्माण | वटा | मल्डारी ओत | | १ | | | | १ | १,५००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ६ | नृत्य सम्बन्धि तालिम | पटक | ओत | १ | १ | १ | १ | १ | ५ | १८०,००० | संघ, प्रदेश | १ |
| | वडा नं. २ | | | | | | | | | | | |
| १ | पञ्चेबाजा सेट खरिद | सेट | ४ वटा स्कुलमा | २ | २ | | | | ४ | १,५००,००० | संघ, प्रदेश | ज्ञ |
| | वडा नं. ३ | | | | | | | | | | | |
| १ | वडा नं. ३ मा नृत्य तथा गायन सङग्रालय निर्माण | वटा | कुमापानी | १ | | | | | १ | १,०००,००० | संघ, प्रदेश | १ |
| २ | प्रत्येक टोलका लहरे पुराना नाँच सरक्षण | टोल संख्या | प्रत्येक टोल | २ | २ | २ | २ | | ८ | २००,००० | प्रदेश, स्थानीय | ३ |
| ३ | आमा समूहहरुलाई कला सम्बन्धी तालिम | टोल संख्या | प्रत्येक टोल | २ | २ | २ | २ | | ८ | ३६०,००० | प्रदेश, स्थानीय | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | साहित्य समाज निर्माण तथा पुस्तक खरिद | टोल संख्या | प्रत्येक टोल | २ | २ | २ | २ | २ | १० | १००,००० | प्रदेश | २ |
| ५ | नृत्य सामाग्री खरिद | टोल संख्या | प्रत्येक टोल | २ | २ | २ | २ | २ | १० | ५००,००० | प्रदेश, स्थानीय | ३ |
| ६ | खेलकुद पैशिक्षक नियुक्ति | जना | वडा नं. ३ | | | | | १ | १ | ५००,००० | प्रदेश, स्थानीय | १ |
| ७ | सङ्गीत पैशिक्षक नियुक्ति | जना | वडा नं. ३ | | | १ | | | १ | ५००,००० | प्रदेश, स्थानीय | ३ |
| | **वडा नं. ४** | | | | | | | | | | | |
| १ | प्रत्येक आमासमुहलाई तालिम तथा बाजा सामाग्रीहरु उपलब्ध गराउने | जना | सबै आमा समुह लाई | ७ | ७ | ७ | ७ | ७ | ३५ | ३,०००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| | **वडा नं. ६** | | | | | | | | | | | |
| १ | बाद्यबादन खरीद (दमाहा, मादल, क्यासिनो) | दमाहा, मादल, क्यासिनो | वडा ६ का सबै टोल | १ | १ | १ | १ | १ | ५ | २,८००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| २ | जनस्मृती पैसुरु नाच समूह | दमाहा, मादल, झयाली | हिले | १ | १ | १ | १ | १ | ५ | ५००,००० | प्रदेश, स्थानीय | २ |
| | **जम्मा** | | | | | | | | | १३,४४०,००० | | |

**अपेक्षित उपलब्धि:**

गाउँपालिकाभित्रका विभिन्न मठ, मन्दिर, गुम्बा र चर्चहरूको न्योचित ढंगले संरक्षण गरिएको हुनेछ । ऐतिहासिक, पुरातात्विक र सांकृतिक सम्पदाहरूको पहिचान गरी तिनको महत्वका बारेमा प्रचार पसार गरिएको हुनेछ। सम्पदाहरूको मर्मत संभार तथा स्तरोन्नति गरिएको हुनेछ। परम्परागत कला, सीप, संस्कृति र बाजागाजा संरक्षण गरिएका हुनेछन्। स्थानीय लोक साहित्य, मेला तथा चाडपर्वहरूको संरक्षण र सम्बर्द्धन गरिएका हुनेछन्।

## ६.६ लक्षित समूह विकास

गंगादेव गाउँपालिका भित्र सीमान्तकृत तथा सुविधाबाट वञ्चितमा परेका दलित, जनजाति, असहाय, विपन्न समुदायहरूको उल्लेखनीय बसोबास रहेको छ । महिला, दलित, पीछडिएका वर्ग, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपले विपन्न व्यक्ति तथा परिवारहरू आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक रूपमा वञ्जितीकरणमा परेका छन् । राज्यका विभिन्न संवैधानिक, कानुनी, नीतिगत व्यवस्था मार्फत पछि परेका समुदायहरूको समावेशीकरणका लागि लक्षित कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । कार्यक्रमको अपर्याप्तता, योजनाबद्ध विकासको अभाव र चालु विकासका आयोजनाको मन्द गति र विभिन्न जाति, वर्ग एवम् क्षेत्रबीच देखिएको असमानताको कारण अपेक्षित सुधार हुन सकेको छैन। आर्थिक रूपमा सीमान्तकृत, जातिगत रूपमा बहिष्कृत, भाषा, जाति तथा धार्मिक रूपमा अल्प संख्यक र उमेर, लिङ्ग तथा शारीरिक क्षमताका आधारमा फरक अवस्थाका समुदायलाई संरक्षण तथा विकास गरी राज्यको मुल प्रवाहमा ल्याउनका लागि स्थानीय सरकारले विशेष कार्यक्रम संचालन गर्नुपर्दछ।

यस सन्दर्भमा योजना अवधिमा कार्यक्रम तर्जुमा, कार्यान्वयन र प्रतिफलमा प्रत्यक्ष सहभागिता र थप लक्षित कार्यक्रम मार्फत उल्लेखित समुदायहरूको अर्थपूर्ण सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्नका लागि आवधिक योजनामा यस उपक्षेत्रको व्यवस्थित सोच, लक्ष्य, उद्देश्य, कार्यनीति, रणनीति र उपलब्धिहरूको खाका प्रस्तुत गरिएको छ।

### सम्भावना र अवसर

- गंगादेव गाउँपालिकामा भौगोलिक, सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, जातीय तथा वर्गीय रूपमा पछाडि पारिएका र समाजको मूल प्रवाहीकरणबाट वञ्चितीकरणमा परेका समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउनका लागि स्थानीय सरकार जनताको घरदैलोको सरकार भएकाले तिनीहरूको पहिचान तथा आवश्यक कार्यक्रमको कार्यान्वन गरी मुल प्रवाहमा ल्याउन सक्ने सम्भावना रहेको छ।
- खास गरी सीमान्तकृत समुदायका मानिसहरुलाई समाजको मूल प्रवाहमा ल्याउन उच्च शिक्षासम्म छात्रवृत्तिको व्यवस्था गर्ने, रोजगारयुक्त श्रमशक्तिलाई स्थानीय स्तरमा रोजगारीको व्यवस्था गर्ने, फुसको छाना वा घरबार विहीनहरूलाई जनता आवास कार्यक्रम र सुकुम्बासी समस्या सामाधान आयोग जस्ता कार्यक्रमबाट सुरक्षित घरबासको व्यवस्था गर्नका लागि स्थानीय सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने सम्भावना रहेको छ।

### समस्या र चुनौती

- गंगादेव गाउँपालिकामा भौगोलिक, सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, जातीय तथा वर्गीय रूपमा पछाडि पारिएका र समाजको मूल प्रवाहीकरणबाट वञ्चितीकरणमा परेका समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउनका लागि उनीहरूको बसाइका कारण फरक फरक आवश्यकता तथा

स्वतःस्फूर्त रूपमा अगाडि बढ्ने तत्परताको अभाव, विशेष कार्यक्रम सञ्चालनका लागि पर्याप्त आर्थिक स्रोत साधनको कमी हुनु जस्ता समस्याहरू रहेका छन् ।

### सोच, लक्ष्य, उद्देश्य, कार्यनीति, रणनीति र उपलब्धि

**सोचः**

**"सीमान्तकृत समुदायको मूल प्रवाहीकरणः समग्र पक्षको रूपान्तरण"**

**लक्ष्यः**

- लक्षित समुदायको सम्मानजनक उपस्थिति तथा सामाजिक सम्मानको अनुभूति ।

**उद्देश्यः**

- महिला, बालबालिका तथा किशोर किशोरीहरूको विकास तथा सामाजिक सुरक्षाको सुनिश्चितता गरी भेदभाव मुक्त पालिका बनाउनु र
- सामाजिक रूपमा असुरक्षित महसुस गरेका समुदायलाई सुरक्षाको प्रत्याभूति प्रदान गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| • लैङ्गिक तथा जातीय विभेद न्यूनीकरणका लागि दलित एवं पीछडिएको वर्गको उत्थानका लागि कार्यक्रम संचालन गर्ने, | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जनचेतना कार्यक्रम संचालन गर्ने,<br>• गाउँपालिकाभित्र रहेका सबै दलित तथा उत्पीडितहरूका लागि शसक्तीकरण कार्यक्रम सञ्चालन गर्ने, शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगारमूलक आयआर्जनका कार्यक्रमका माध्यमबाट सशक्त तुल्याउने,<br>• छुवाछुत र जातीय विभेद जस्ता कुरीतिको अन्त्य गर्न सचेतना कार्यक्रमहरू ( पोष्टर, जनचेतना, गोष्ठी, सार्वजनिक सूचना) सञ्चालन गर्ने ।<br>• दलित तथा विपन्न युवा युवतीलाई सीपमूलक व्यावसायिक तालिम प्रदान गर्ने ।<br>• आधारभूत तथा माध्यमिक तहको शिक्षामा दलितहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने । |
| • पीछडिएका वर्गका किशोर किशोरीको आर्थिक उत्थान गर्ने, | • अवसरबाट वञ्चितीकरणमा परेका किशोर किशोरीहरूमा अन्तरनिहित प्रतिभा पहिचानका लागि वडा स्तरीय प्रतिभा पहिचान कार्यक्रम संचालन गर्ने,<br>• जोखिममा परेका र अवसर नपाएका युवा युवतीको पहिचान गरी उद्यशीलता विकास तालिमको व्यवस्था गर्ने,<br>• जोखिममा परेका र अवसर नपाएका युवा युवतीलाई उद्यम संचालन गर्नका लागि वीउ पुँजीको व्यवस्था गर्ने,<br>• जोखिममा परेका र अवसर नपाएका युवा युवतीहरूले संचालन गरेका उद्यमहरूलाई समयानुकूल प्रविधिकरण गर्न आवश्यक सहयोग गर्ने,<br>• विद्यालय छाडेका विपन्न वर्गका किशोर किशोरीहरूलाई उच्च शिक्षाको लागि सहयोग गर्ने, |

| | |
|---|---|
| | • कक्षा १२ पछि विद्यालय छाड्ने विपन्न वर्गका किशोरीहरूलाई ICT प्रयोगका लागि तालिमको व्यवस्था गर्ने, |
| • परम्परागत पेशाहरूको संरक्षण गर्ने, | • परम्परागत रूपमा चलिरहेको स्थानीय पेशाहरूलाई आधुनिक र प्रविधिकरण गर्न शिल्पीहरूको पहिचान गरी तिनलाई नवीनतम् पेशामा जोड्ने,<br>• समयानुकूलका प्रविधि, सीप तथा लगानीका लागि वित्तीय संस्थाहरूसँग समन्वय गर्ने, |
| • जेष्ठ नागरिकको सम्मान तथा सुरक्षाका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, | • वृद्धवृद्धाहरूको भेला तथा भलाकुसारीका लागि विश्राम स्थल र मनोरञ्जनयुक्त सार्वजनिक स्थलको निर्माण गर्ने,<br>• वृद्धवृद्धाहरूलाई विभिन्न कार्यक्रमका माध्यमबाट सम्मान गर्ने र<br>• वार्षिक रूपमा पर्यटकीय तथा धार्मिक स्थलहरूको भ्रमणको व्यवस्था मिलाउने, |
| • अनाथ तथा जोखिममा परेका बालबालिकाहरूका लागि विशेष कार्यक्रम संचालन गर्ने, | • अनाथ तथा जोखिममा परेका बालबालिकाहरूको अवस्था अद्यावधिक गर्ने,<br>• पालिकाभित्र रहेका अनाथ तथा जोखिममा परेका बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, आवास, लत्ताकपडाको सुनिश्चितता गर्ने,<br>• गाउँपालिकाभित्रका सवै वडाका वस्तीहरूमा बाल स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,<br>• गाउँपालिकाभित्र संचालित बालविकास केन्द्रहरूको अनुगमन र सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने तथा आवश्यक ठाउँमा बालविकास केन्द्रको स्थापना गरी संञ्चालन गर्ने,<br>• गाउँपालिका भित्रका पायक पर्ने ठाउँहरूमा बाल उद्यान एवं बाल क्लवको निर्माण गर्ने,<br>• गाउँपालिका भित्र बाल पुस्तकालय स्थापना तथा सञ्चालन सहयोग कार्यक्रम सञ्चालन गर्ने,<br>• बालबालिकाको मानसिक स्वास्थ्यलाई ध्यान दिइ मनोरञ्जनयुक्त बाल उद्यान निर्माण गर्ने,<br>• बाल शिक्षा सम्बन्धी प्रकाशनमा सहयोग गर्ने,<br>• गाउँपालिका स्तरीय बाल संजाल गठन गर्ने,<br>• प्रारम्भिक बाल विकासका लागि अभिभावक सचेतना तथा पोषण कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले सहयोग गर्ने र<br>• बालबालिकाको चौतर्फी विकासका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न सहयोग गर्ने । |
| • महिला विकास तथा लैङ्गिक समानतामा जोड दिने, | • गाउँपालिका भित्र महिला सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• आगामी ५ वर्ष भित्रमा गाउँपालिकालाई महिला हिंसा मुक्त बनाउने,<br>• गाउँपालिका भित्र बाल विवाहलाई निरुत्साहित गर्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, |

| | |
|---|---|
| | • महिला तथा विपन्न बालबालिकाहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने,<br>• हाल कार्यरत महिला स्वंयसेविका/सामाजिक परिचालकहरूलाई उत्प्रेरित गरी उनीहरूको कार्य क्षमता वृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• गाउँपालिकाभित्र निर्माण हुने विकास निर्माणका परियोजनाहरूमा महिलाहरूको सहभागिता सुनिश्चित हुने खालका कार्यक्रमहरू संचालन गर्ने ।<br>• गाउँपालिकाभित्र परम्परागत सीपमा आधारित भइ उत्पादन क्षेत्रमा लागेका महिलाहरूलाई उन्नत सिप, तथा क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम एवं कार्यशालाको व्यवस्था गर्ने,<br>• महिलाद्वारा संचालित उद्योग तथा आर्थिक क्रियाकलापलाई सघाउन सहुलियत ऋण र अनुदानका कार्यक्रम सञ्चालन गर्ने,<br>• गाउँपालिकाभित्र रहेका दलित, पीछडिएको वर्ग एवं गरिब महिलाहरूको क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• गाउँपालिकाभित्र विद्यालयको पहुँचभन्दा टाढा रहेका छोरीहरूलाई विद्यालय पठाउने कार्यक्रम सञ्चालन गर्ने र आगामी ५ वर्षभित्र गाउँपालिकाका सबै छोरीहरूलाई विद्यालय पठाउन अभिप्रेरित गर्ने,<br>• गाउँपालिकाभित्र समूहमा उद्यम गर्न खोज्ने महिला समुह तथा क्लबहरूलाई सहुलियत दरमा ऋण उपलब्ध गराउने तथा अनुदानको कार्यक्रम सञ्चालन गर्ने,<br>• महिलाहरूको घरायसी कामको मूल्याङ्कन गरी प्रमाणपत्र प्रदान गर्ने र राष्ट्रिय आम्दानीमा त्यसको गणना गर्न पहल गर्ने,<br>• मुलुकी संहिता र अन्य कानुनी सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, |
| • जेष्ठ नागरिक सम्मान तथा हेरचाह कार्यक्रम संचालन गर्ने, | • जेष्ठ नागरिकहरूको तथ्यांक संकलन तथा अद्यावधिक गर्ने,<br>• जेष्ठ नागरिकहरूका लागि बस्ती स्तरमा जेष्ठ नागरिक केन्द्र स्थापना गर्ने र उक्त केन्द्रमा योगा, मनोरञ्जन तथा अन्य अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने,<br>• जेष्ठ नागरिकहरूको नियमित स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराउने,<br>• सामाजिक सुरक्षा भत्ता नियमित रूपमा उपलब्ध गराउने,<br>• प्रदेश सरकारको कार्यक्रम अन्तर्गत एक स्थानीय तह एक जेष्ठ नागरिक आश्रय स्थलको छनोट गरी निर्माणका लागि प्रदेश सरकारसँग समन्वय गर्ने, |
| • असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सम्मानित जीवन यापनका कार्यक्रम संचालन गर्ने, | • पालिकाभित्र रहेका असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूको सूची तयार गर्ने,<br>• असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूको फरक क्षमताको पहिचान गर्ने,<br>• शिक्षा, स्वास्थ्य, आवास तथा लत्ताकपडामा सुनिश्चितताका लागि आवश्यक पहल गर्ने,<br>• फरक क्षमता भएका युवायुवतीका लागि स्वःरोजगारका कार्यक्रम संचालन गर्ने, |

| | |
|---|---|
| | • अपाङ्गताका प्रकृतिअनुसार सहज जीवनका लागि सहयोगी सामग्री उपलब्ध गराउने,<br>• अपाङ्गता भएकाहरूका लागि आयमूलक सीप प्रदान गर्ने,<br>• असहाय, द्वन्द्वपीडित बालबालिका तथा एकल महिलालाई संरक्षण गरी आयमूलक कार्यक्रमका माध्यमबाट आत्मनिर्भर बनाउन पहल गर्ने,<br>• अपाङ्गताको किसिम अनुसार वर्गीकरण गरी परिचय पत्र अनुरूप भत्ता उपलब्ध गराउने,<br>• गाउँपालिकाभित्रका सार्वजनिक पूर्वाधारहरू लैङ्गिक तथा अपाङ्गमैत्री बनाउने । |
| • जनजाति उत्थान कार्यक्रम संचालन गर्ने, | • गाउँपालिकामा बसोबास गर्ने जनजातिहरूको तथ्यांक संकलन तथा अद्यावधिक गर्ने र उनीहरूको भाषा, संस्कृति, पुरातात्विक स्थलहरूको संरक्षण गर्ने,<br>• जातीय पहिचान र मौलिक परम्परा झल्किने किसिमका जातीय संग्रहालय निर्माण गर्ने,<br>• जनजातिको भाषा, कला, संस्कृति र मौलिक परम्पराको संरक्षण गर्न आधारभूत तहमा पाठ्यक्रम निर्माण गरी विद्यालय शिक्षा कार्यक्रम लागू गर्ने । |

गंगादेव गाउँपालिका

## प्रमुख कार्यक्रम

### लक्षित समूह विकास

| अअ | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | **वडा नं. १** | | | | | | | | | | | |
| १ | सिपमुलक तालिम | जना | ओत | १० | १० | १० | १० | १० | ५० | १,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | जनचेतनामुलक अभिमुखीकरण तालिम | जना | ओत | | १० | १० | १० | | ३० | ३००,००० | प्रदेश, स्थानीय | ३ |
| | **वडा नं. ३** | | | | | | | | | | | |
| १ | सिपमुलक तालिम सबैटोल र महिला | पटक | वडा नं. ३ | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | प्रदेश स्थानीय | २ |
| २ | गरिब घरका युवालाई स्वरोजगार तालिम | पटक | वडा नं. ३ | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ३ | अपाङ्ग युवा युवतीलाई सिप मुलक तालिम | पटक | वडा नं. ३ | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ४ | बाल मैत्री विद्यालय वातावरण निर्माण तालिम | वर्ष | सबै विद्यालय | | | | १ | | १ | ५००,००० | प्रदेश, स्थानीय | ३ |
| ५ | बृद्धबृद्धा सम्मान कार्यक्रम | पटक | वडा नं. ३ | | | | | १ | १ | २००,००० | संघ, प्रदेश | १ |
| ६ | महिला नेतृत्व विकास तालिम | पटक | वडा नं. ३ | | १ | | | | १ | २,०००,००० | प्रदेश स्थानीय | ३ |
| ७ | दिर्घ रोगीलाई निशुल्क उपचार | पटक | वडा नं. ३ | १ | | | | | १ | १,०००,००० | संघ, प्रदेश | २ |
| ८ | सिकाई केन्द्रबाट पुर्ण सरसफाई चेतनामुलक कार्यक्रम | पटक | | १ | | | | | १ | १,५००,००० | संघ, प्रदेश | २ |
| | **जम्मा** | | | | | | | | | ९,५००,००० | | |

### लैगिक समानता तथा सामानीकरण

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यर्होने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | जनचेतनामुलक कार्यक्रम | पटक | ओत | १ | १ | १ | १ | १ | ५ | ५००,००० | पालिका | १ |
| | वडा नं. ३ | | | | | | | | | | | |
| १ | चेतना मुलक कार्यक्रम | सबै टोल | वडा नं ३ | १ | १ | १ | १ | १ | ५ | ५००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | पिछडिएको वर्गलाई सचेतनामुलक कार्यक्रम | पटक | वडा नं ३ | १ | १ | १ | १ | १ | ५ | ६००,००० | प्रदेश, स्थानीय | ३ |
| ३ | घरेलु हिंसा विरुद सचेतना कार्यक्रम | पटक | वडा नं ३ | १ | १ | १ | १ | १ | ५ | ४००,००० | संघ, प्रदेश | २ |
| ४ | बालविवाह विरुद सचेतना कार्यक्रम | पटक | वडा नं ३ | १ | १ | १ | १ | १ | ५ | ३००,००० | प्रदेश स्थानीय | २ |
| ५ | जातिय विभेद विरुद्ध चेतनामूलक कार्यक्रम | पटक | वडा नं ३ | १ | १ | १ | १ | १ | ५ | १००,००० | संघ, प्रदेश | ३ |
| ६ | बालिका बिमा कार्यक्रम | पटक | वडा नं ३ | १ | १ | १ | १ | १ | ५ | ५००,००० | संघ, प्रदेश | १ |
| | जम्मा | | | | | | | | | २,९००,००० | | |

### अपेक्षित उपलब्धिः

सामाजिक रूपमा असुरक्षित महसुस गरेका समुदायलाई सुरक्षाको प्रत्याभूति प्रदान गर्नका लागि विशेष कार्यक्रम सञ्चालन हुनेछन् । महिला हिंसामा कमी, अनाथ तथा जोखिममा परेका बालबालिकाको सुरक्षा, फरक क्षमता भएका र जेष्ठ नागरिकको सम्मानजनक व्यवस्थापन गरी लक्षित समुदायको सम्मानजनक उपस्थिति तथा सामाजिक सम्मानको अनुभूति भएको हुनेछ। महिला, बालबालिका तथा किशोर किशोरीहरूको विकास तथा सामाजिक सुरक्षाको सुनिश्चितता गरी भेदभाव मुक्त गाउँपालिका घोषणा गरिएको हुनेछ ।

गंगादेव गाउँपालिका

# परिच्छेद सात
# पूर्वाधार क्षेत्र विकास योजना

## पृष्ठभूमि

यस अध्यायमा गंगादेव गाउँपालिकाको दीर्घकालीन योजनाको प्रारूपलाई मध्यनजर गरी Terms of Reference (TOR) मा उल्लिखित विषयगत क्षेत्र पूर्वाधार विकास योजनाका उपक्षेत्रलाई समेटिएको छ । भौतिक विकास योजनाले गाउँपालिकाको विकास प्रकृयालाई योजनाबद्ध तरिकाले विकास गर्दै लैजान आवश्यक दिशानिर्देश गर्दछ । यस अन्तर्गत हाल निर्माणाधीन सडकहरूको स्तरोन्नति, मोटरेबल पुल निर्माण गर्ने, गाउँपालिका केन्द्रदेखि वडाकेन्द्र र सम्पूर्ण बस्ती जोड्ने सडक निर्माण गर्ने, गाउँपालिका तथा वडा केन्द्रहरू तथा सेवा केन्द्रहरूको निर्माण तथा आधुनिकीकरण गर्ने कार्यक्रमहरू समावेश गरिएको छ । साथै भू-उपयोग क्षेत्रको सफल कार्यान्वयनका लागि पूर्वाधार विकास योजना तथा पूर्वाधार निर्माणका लागि गाउँपालिकाको लगानी रणनीति लगायतका कार्यक्रम तथा विनियमहरूको समेत पहिचान गरिएको छ । गाउँपालिकाको भौतिक योजनाको प्रस्ताव गर्दा विद्यमान वस्तुस्थितिको लेखाजोखा गरी एकीकृत बस्ती विकास गर्न आवश्यक छ । गाउँपालिकामा भौतिक विकास गर्नको लागि प्रशस्त खुला ठाउँ भएकाले उपयुक्त ठाउँहरू छनौट गरी भवन आचारसंहिता मापदण्डअनुसार विभिन्न प्रयोजनको लागि भवनहरू निर्माण गर्न जोड दिइएको छ । भौतिक विकास योजनाले गाउँपालिकाको विकासलाई निश्चित गर्न एक अबधारणागत मार्गचित्र प्रस्तुत गर्दछ । पूर्वाधार विकासको लागि वडागत र गाउँपालिका स्तरीय योजनाहरूमा वर्गीकरण गरी सोही आधारमा लगानी रणनीति तयार गर्नुपर्ने हुन्छ। यसै वास्तविकतालाई ध्यानमा राखेर गाउँपालिकाको भौतिक विकास योजना तयार गर्दा वडास्तरीय तथा गाउँपालिका स्तरीय योजनाहरू प्रस्ताव गरिएको छ ।

## ७.१ सडक, ढल तथा पुल पुलेसा

आर्थिक-सामाजिक विकासलाई गतिशील बनाउन, सर्वसाधारणलाई पुऱ्याउने सेवा तथा सुविधालाई सहज तथा सरल पार्न र आर्थिक सामाजिक एकीकृत एवम् प्रादेशिक तथा भौगोलिक सन्तुलन कायम गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ । नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाउने परिकल्पना गरेको छ । आवश्यक पूर्वाधारको विकास केही हदसम्म भए तापनि यातायात सेवा दिगो र भरपर्दो हुन सकेको छैन । निजी क्षेत्रको प्रमुख लगानी रहेको सार्वजनिक यातायात सेवालाई व्यवस्थित र मर्यादित बनाइ सहज तरिकाबाट नागरिकले निर्वाध रूपमा आवतजावत गर्न पाउने हकको यथोचित उपयोग अझैं गर्न नपाएको अवस्था छ । शहरीकरणको चाप र ग्रामीण भेकसम्म पनि सडक सञ्जाल विस्तार हुँदै गरेको सन्दर्भमा सबै नागरिकलाई किफायती, सुरक्षित, प्रदुषण रहित र सुविधा सम्पन्न यातायात सेवाको प्रत्याभूति गराउन यातायात व्यवस्थापन क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ । स्थानीय यातायात पूर्वाधारको बढ्दो माग र आवश्यकतालाई दिगो विकास र व्यवस्थापन गर्दै लैजानु पर्ने आवश्यकता रहेको छ । गंगादेव गाउँपालिकाका अधिकांश गाउँ तथा बस्तीहरूमा सडक सञ्जालका लागि ट्र्याक खोलिएको भए तापनि सबै मौषममा संचालन हुन सक्ने अवस्था रहेको छैन् । भने कतिपय स्थानमा प्रारम्भिक नक्साङ्कन समेत हुन सकेको छैन । कच्ची धुले सडकहरूको निर्माण भए तापनि ती सडकहरूमा ग्राभेल र कालोपत्रे गर्ने काम हुन सकिरहेको छैन ।

गंगादेव गाउँपालिकामा विगत चार वर्षको अन्तरालमा कच्ची सडक मात्रै विस्तार भएको पाइन्छ । समग्र गाउँपालिकाको सडक २०७४ सालमा १०० कि.मि. लम्बाइमा थियो भने २०८० मा १८२ कि.मि. अर्थात् ८२ प्रतिशतले सडकको वृद्धि भएको छ । पालिका भित्रका प्रमुख बस्तीहरु यातायात सञ्जालमा जोडिएका छन् । यस पालिकाभित्र निर्माणाधिन मदन भण्डारी राजमार्गको ट्र्याक खोल्ने काम सुरु भइसकेको छ । सल्यानको कपुरकोट बजारदेखि पालिका मुकामसम्मको सडक खण्डलाई पिच गर्न सकेमा पलिकाबासीको यातायात सेवा सहज हुने देखिन्छ । गाउँपालिकाका सबै ठाउँ र बस्तीहरू कच्ची मोटर बाटोले जोडिएका छन् । हालको अवस्थामा यस गाउँपालिका भरीमा कच्ची बाटो १८२ कि.मि, रहेको छ भने ग्राभेल भएको बाटो तथा पिच बाटो रहेको छैन ।

### सम्भावना र अवसर

- गंगादेव गाउँपालिका भएर बन्दै गरेको मदन भण्डारी राजमार्गले नजिकैको भालुवाङ बजार हुँदै पूर्व पश्चिम महेन्द्र राजमार्ग जस्ता राष्ट्रिय सडक सञ्जालमा जोडिने भएकाले स्थानीय सडक पूर्वाधारको निर्माण, विकास र विस्तार गरी राष्ट्रिय तथा क्षेत्रीय यातायात सञ्जालमा जोडिन सक्ने सम्भावना रहेको छ ।
- गाउँपालिकाका मुख्य सडकहरू झयाम-सुख्खा-ओडार-ताप्ला सडक, फारुला-सानडाँडा-लोकचौर-मालेखोला-डलसिङे सडक, चाख्लेपातल-नाउली-गोठीखोला-ओत सडक, ढानटान-जायचौर-हाँसेपोखरा - फुलबास-बसारीचौर सडक, डलसिङे-लामाछेरा-ताप्ला-ढानटन, रमलखोला-छहरेपानी-दोबई खोला-मूलखोला हुँदै खर्सुबास सडक गरी ६ वटा सडक खण्डलाई बाह्रै महिना यातायातका साधन चल्न सक्ने गरी राष्ट्रिय मापदण्ड अनुसार स्तरोन्नति गरी आर्थिक तथा सेवाका क्षेत्रमा गाउँबासीलाई जोड्न सक्ने राम्रो सम्भावना रहेको छ ।
- वडास्तरमा सञ्चालनमा आएका सडकलाई मापदण्ड अनुसार सडक नाली र ढलको व्यस्थापन गरी बाह्रै महिना चल्न सक्ने बनाउन सके गाउँबासीलाई गुणस्तरीय सेवा प्रदान गर्न सकिने सम्भावना रहेको छ ।

### समस्या र चुनौती

- गंगादेव गाउँपालिकाको अधिकांश भिरालो पहाडी भूभाग र बाढी, पहिरो, खहरे, भूक्षय जस्ता कारणले सडक तथा पुल निर्माण तथा दिगो व्यवस्थापन गर्न चुनौतीपूर्ण रहेको छ ।
- भौगोलिक विकटता र जटिलताका कारण पनि अपेक्षित पूर्वाधार विकासका लागि श्रोत साधनको जोहो गर्न समस्या परेको छ ।

### सोचः

**"गुणस्तरीय सडक सञ्जालः गंगादेवबासीको आर्थिक सम्वृद्धिको आधार"**

### लक्ष्य

- गाउँपालिकाका सबै वडा तथा बस्तीहरूमा सडक सञ्जालको विस्तार गरी यातायात प्रणालीको दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने ।

### उद्देश्यः

- प्रभावकारी, दिगो, भरपर्दो, र सुरक्षित यातायात सेवा मार्फत अन्तर वडा, अन्तर पालिका तथा जिल्ला र प्रदेश हुँदै राष्ट्रिय सडक सञ्जालमा जोडी आर्थिक क्षेत्रमा गंगादेवबासीलाई जोड्नु,
- गाउँपालिकामा हाल संचालनमा रहेका सम्पूर्ण सडकहरूलाई राष्ट्रिय मापदण्ड अनुसारका सडकमा रूपान्तरण गर्नु,

- गाउँपालिकामा हाल ट्र्याक मात्र खोलिएका सडकहरूको स्तरोन्नति गर्नु,
- गाउँपालिकाका सबै वडा तथा बस्तीहरूमा सडक सञ्जालको विस्तार गर्न नयाँ सडकहरूको निर्माण गर्नु,
- गाउँपालिकाकामा यातायात सेवालाई बाह्रै महिना संचालनका लागि आवश्यक स्थानमा मोटरेवल पुलको निर्माण गर्नु ।

रणनीति तथा कार्यनीतिः

| रणनीति | कार्यनीति |
|---|---|
| • स्तरीय र भरपर्दो सडक यातायातको विकास गर्ने, | • गाउँपालिकामा हाल संचालनमा रहेका सम्पूर्ण सडकहरूको स्तरोन्नति गरी बाह्रै महिना संचालन योग्य बनाउने,<br>• ट्र्याक मात्र खोलेका वडा स्तरीय सडकहरूको स्तरोन्नति गरी सबै वडाका बस्तीहरूमा यातायात सेवालाई संचालन गर्ने,<br>• निर्माणाधिन तथा संचालित सडकहरूमा अनिवार्य रूपमा नालीको व्यवस्था गर्ने,<br>• सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसाय लगायतका आर्थिक उपार्जनसँग सम्बन्धित पक्षको प्रबर्द्धन गर्ने,<br>• सडक संरक्षण, मर्मत सम्भार, पुनर्निर्माण एवम् व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउने,<br>• गाउँपालिकाका विभिन्न वडाहरूमा बसपार्कको निर्माण गरी सञ्चालन गर्ने,<br>• यातायातका साधनको व्यावहारिक तथा वैज्ञानिक भाडा दर कायम गर्ने,<br>• सडक दुर्घटना सूचना व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गर्ने,<br>• घना बस्ती र धार्मिक स्थलहरू एकीन गरी सवारी साधन निषेधित क्षेत्र तोक्ने,<br>• उर्जा रणनीतिसँग आबद्ध गरी विद्युतीय सवारी साधन प्रबर्द्धन गर्ने र पायक पर्ने स्थानहरूमा चार्जिङ्ग स्टेशनको स्थापना तथा सञ्चालन गर्ने,<br>• गाउँपालिकाबासीको पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित यातायात सुविधा विस्तार गर्ने,<br>• सडक दुर्घटनालाई न्यूनीकरण प्रविधिमा आधारित जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,<br>• गाउँपालिकाका सडक सञ्जालमा जोड्न बाँकी बस्तीहरूमा तत्कालै नयाँ ग्रामीण सडकको निर्माण गर्ने,<br>• संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी पालिका भित्रका धुले सडकलाई स्तरोन्नति गरी ग्राभेलिङ्ग र ग्राभेलिङ्ग भइसकेका सडकहरूलाई कालोपत्रे गर्ने,<br>• यात्रुहरूका लागि सुरक्षित तथा पायक पर्ने स्थलहरूमा यात्रु प्रतीक्षालयको निर्माण गर्ने, |

| | |
|---|---|
| | ● पुराना सवारी साधनहरूको व्यवस्थापन गर्ने,<br>● जोखिमयुक्त सडक स्थलहरूमा सुरक्षाका लागि पर्खालको निर्माण गर्ने,<br>● सडकका दायाँवायाँ वायो इन्जिनियरिङ्ग गरी वृक्षारोपन गर्ने र<br>● प्रत्येक वडामा बसपार्कको निर्माण गर्ने, |
| ● पालिका भित्रका सडकहरूलाई बाह्रै महिना संचालन गर्न आवश्यक स्थानहरूमा पुल निर्माण गर्ने, | ● सडक सञ्जालको पहुँच र नागरिकको सुविधा, व्यावसायिक लाभ र रणनीतिक महत्व बोकेका पुल पुलेसा आवश्यक पर्ने स्थानहरूको पहिचान गर्ने,<br>● गाउँपालिका भित्रका सडकहरूमा आवश्यक स्थानमा पक्की पुलहरू निर्माण गर्ने,<br>● स्थानीय तथा रणनीतिक सडकका आवश्यक स्थानहरूमा पुल निर्माण गर्नुका साथै जीर्ण अवस्थामा रहेका पुलहरूको मर्मत गर्ने,<br>● निर्माण सम्पन्न पुलहरूको मर्मत सम्भार गर्ने । |
| ● बजार उन्मुख स्थानहरूमा ढल निकासको व्यवस्था गर्ने, | ● मुख्य बजार उन्मुख बस्तीहरूमा स्थायी र भरपर्दो ढलको व्यवस्था गर्ने,<br>● ढल निर्माण कार्य गाउँपालिका र उपभोक्ताको साझेदारीमा सम्पन्न गर्ने, |

गंगादेव गाउँपालिका

## प्रमुख कार्यक्रम

### सडक तथा पुल

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | **पालिका स्तरीय** | | | | | | | | | | | |
| १ | लिउरेबारी ट्रष्ट पुल निर्माण | मिटर | लिरुबारी खोला | ६ | ६ | ६ | ६ | ८ | ३२ | ३,३१८,५४६ | संघ, प्रदेश | १ |
| २ | जाले खर्क घोरनेता बरमेला घरेमाइ सडक स्तरउन्नती | | | | | | | | | ३३४,९६१,०७४ | संघ | १ |
| | **वडा नं. १** | | | | | | | | | | | |
| १ | मेलडारी काफलचौर हुदैं चौर गाउँसम्म मो.बा. निर्माण | कि.मी. | गंगादेव १ ओत | ५ | | | | | ५ | २,०००,००० | संघ | १ |
| २ | पोखरा देखी च्यान डाँडा प्युठानचौर सम्म मो.बा. निर्माण | कि.मी. | गंगादेव १ ओत | ३ | | | | | ३ | १,०००,००० | संघ, प्रदेश | ३ |
| ३ | खातीगाउँ सेकाई दुईगाड दोभानसम्म मो.बा. निर्माण | कि.मी. | गंगादेव १ ओत | | २ | | | | २ | ८००,००० | संघ, प्रदेश | २ |
| ४ | मुलखोला साउनेपानी हुदैं त्रिवेणी सम्म मो. बा. निर्माण | कि.मी. | गंगादेव १ ओत | | | | १५ | | १५ | ५,०००,००० | संघ, प्रदेश | २ |
| ५ | ज्ञानडोरे पुरन्ते माडी जोड्ने मो.वा. निर्माण | कि.मी. | गंगादेव १ ओत | | | १० | | | १० | ४,०००,००० | संघ, प्रदेश | ३ |
| ६ | पुवावारी खोला मोटरेबल स्यालब पुल | मी. | मुलखोला | २० | | | | | २० | ५०,००० | संघ, प्रदेश | १ |
| ७ | भैयातरा RCC Slab पुल मान्छे हिड्ने | मी. | गोठिखोला | ८ | | | | | ८ | १५,००० | संघ, प्रदेश | ३ |
| ८ | लंकुखोला RCC Slab पुल मान्छे हिड्ने | मी. | लङ्कुखोला | | १० | | | | १० | १६,००० | संघ, प्रदेश | १ |
| ९ | कुनुके खोला RCC Slab पुल मान्छे हिड्ने | मी. | मुलखोला | | ८ | | | | ८ | १५,००० | संघ, प्रदेश | ३ |
| १० | ओखेनी तरा खोला RCC Slab पुल मान्छे हिड्ने | मी. | मुलखोला | | | ८ | | | ८ | १५,००० | संघ, प्रदेश | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बाबेधारा RCC Slab पुल मान्छे हिड्ने | मी. | पुवावारी | | | ८ | | | ८ | १५,००० | संघ, प्रदेश | २ |
| १२ | भर्ल्याखोला RCC Slab पुल मान्छे हिड्ने | मी. | पिठान चौर | | | ८ | | | ८ | १५,००० | संघ, प्रदेश | ३ |
| १३ | ज्ञानकुञ्ज प्रा.वि. देखि खेतडेरा सम्म पि.सी.सी. बाटो | कि.मी. | मगरगाँउ | २ | | | | | २ | ८००,००० | संघ, प्रदेश | १ |
| १४ | विवाङचौर स्कुल देखि बल्लेजुर चौर पि.सी.सी. बाटो | कि.मी. | चौर बल्लेजुर | | ३ | | | | ३ | १,२००,००० | संघ, प्रदेश | ३ |
| १५ | भालुडोरे इमानटोल पिसीसी घो.वा. निमार्ण | कि.मी. | इमानटोल | | | | | | | १,५००,००० | संघ, प्रदेश | १ |
| | **वडा नं. २** | | | | | | | | | | | |
| १ | सुखावडार पुर्णगाउँहुँदै फुलबारी गंगादेव ५ जोडने मोटरबाटो निर्माण | कि.मी. | वडा नं. २ | ५ | | | | | ५ | २,०००,००० | संघ, प्रदेश | २ |
| २ | चौखावाङ ओइलाम हुदै गंगादेव ७ जायखोला रातामाटा जोडने मोटरबोटो स्तरोन्ती | कि.मी. | वडा नं. २ | | ७ | ८ | | | १५ | ६,०००,००० | संघ, प्रदेश | २ |
| ३ | झयाम देखि सुखाओडार हुँदै रुकुम सम्मको बाटो कालोपत्रे | कि.मी. | वडा नं. २ | ६ | ६ | ६ | ६ | ६ | ३० | १५०,०००,००० | संघ, प्रदेश | ३ |
| ४ | सुखाओडार देखि डिम्रखोली सानडाँडासम्म मोटरबाटो निर्माण | कि.मी. | वडा नं. २ | | | | | | ३ | १,२००,००० | संघ, प्रदेश | १ |
| ५ | खोपिकाटे रमाइ हुदै वडा नं. १ को दोभान सम्म जोड्ने मोटरबाटो निर्माण | कि.मी. | वडा नं. २ | | | | | ५ | ५ | २,०००,००० | संघ, प्रदेश | ३ |
| ६ | कोपची देखि वडामेला सम्म मोटरबाटो निर्माण | कि.मी. | वडा नं. २ | | | | ३ | | ३ | १,२००,००० | संघ, प्रदेश | १ |
| ७ | कोपची देखि घोडानेटी सम्म मोटरबाटो निर्माण | कि.मी. | वडा नं. २ | | | | | २ | २ | ८००,००० | संघ, प्रदेश | ३ |
| ८ | सिमापानी खुरखुरी साउनेपानी मोटरबाटो निर्माण | कि.मी. | वडा नं. २ | | ३ | | | | ३ | १,२००,००० | संघ, प्रदेश | १ |
| ९ | सुखावडार भिरलाखोला देखि वडामेला सम्म मोटरबाटो निर्माण | कि.मी. | वडा नं. २ | | ३ | | | | ३ | १,२००,००० | संघ, प्रदेश | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | ओइलाम ठाराबाना हुँदै जायखोला सम्मको बाटो कालोपत्रे निर्माण | कि.मी. | वडा नं. २ | | | ७ | | | ७ | २,८००,००० | संघ, प्रदेश | २ |
| ११ | दाम्कु खोला मोटरबाटो पुल | कि.मी. | वडा नं. २ | ६ | ६ | ६ | ६ | ६ | ३० | १२,०००,००० | संघ, प्रदेश | २ |
| १२ | सुखाओडार बजार क्षेत्रको मोटरबाटो कालोपत्रे योजना निर्माण | कि.मी. | वडा नं. २ | १ | | | | | १ | ४००,००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ३** | | | | | | | | | | | |
| १ | सिदार्थ मा वि घोप्टे वडार देखि पातिहाल्ना चामी वडाढुङ्गा कुकुर गाडे चाखले पातल नाउली ढोरेनी गोठी खोला सम्म ट्र्याक ओपन र स्तर उन्नती गर्ने कार्य | कि.मी. | वडा नं. ३ | ९ | ३ | | | | १२ | ४,८००,००० | संघ, प्रदेश | ३ |
| २ | कुयापानी मन्दिर तामाखानी मोटर वाटो निर्माण चौपारी देखी घोप्टेओराल हुँदै वडा नं. ५ को लामाचौर सम्मको ट्र्याक खोल्ने | कि.मी. | वडा नं. ३ | | २ | | | | २ | ८००,००० | संघ, प्रदेश | १ |
| ३ | झयाम पहिलो मोर देखी ठारि खोली खोरया खोला तल्लो वडाढुङ्गा गौरो फाल्ने चैते काफल हँदै लोरीबैनी सडक | कि.मी. | वडा नं. ३ | | | ८ | | | ८ | ३,२००,००० | संघ, प्रदेश | ३ |
| ४ | प्रा.वि. गौरी डाँडाबाट झार पोखरी हुँदै खाल्टागुटी सम्म मो.बा. निर्माण | कि.मी. | वडा नं. ३ | १ | | | | | १ | ४००,००० | संघ, प्रदेश | २ |
| ५ | खर्केडाँडा बगाले काफल रुखागैरी स्याउली वजार मो.बा. निर्माण | कि.मी. | वडा नं. ३ | | ३ | | | | ३ | १,२००,००० | संघ, प्रदेश | २ |
| ६ | खोरीया टोलबाट सयानढुङा डाँडा खोटी मो.वा. निर्माण | कि.मी. | वडा नं. ३ | | १ | | | | १ | ४००,००० | संघ, प्रदेश | ३ |
| ७ | माथील्लो जहेले जलेखर्क रोल्पा | कि.मी. | वडा नं. ३ | | १ | | | | १ | ४००,००० | संघ, प्रदेश | १ |
| ९ | चामी छेर्न देखी कल्ले गैरा मो.वा. | कि.मी. | वडा नं. ३ | | | | २ | | २ | ८००,००० | संघ, प्रदेश | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | बखुर देखी हिलेचौर भेगा भुला जिर स्तरउन्नती | कि.मी. | वडा नं. ३ | ४ | | | | | ४ | १,६००,००० | संघ, प्रदेश | १ |
| ११ | नमुना मा.वि. देखी घोप्टेओडार हुदैं लामाचौर मो.वा. निर्माण | कि.मी. | वडा नं. ३ | | ५ | | | | ५ | २,०००,००० | संघ, प्रदेश | ३ |
| १२ | मतिमारे देखी कोरेमारे गणेश आवि मो.वा. स्तर उन्नती | कि.मी. | वडा नं. ३ | | ५ | | | | ५ | २,०००,००० | संघ, प्रदेश | २ |
| १३ | एकले घर देखी तल्लो गंगा जोड्ने मो.वा. | कि.मी. | वडा नं. ३ | ३ | | | | | ३ | १,२००,००० | संघ, प्रदेश | २ |
| १५ | गैरी धलो कौवा घारी टाकुरा मो.वा. | कि.मी. | वडा नं. ३ | | १ | | | | १ | ४००,००० | संघ, प्रदेश | ३ |
| १६ | खोला छेर्ना भैसेखुटी पानीखोला पानीहाल्ना मो.वा. | कि.मी. | वडा नं. ३ | | २ | | | | २ | ८००,००० | संघ, प्रदेश | १ |
| १७ | डाडा खुटी गौराचौर खोरेखोला घर हुँदै स्याउली वजार जोड्ने मो.वा. | कि.मी. | वडा नं. ३ | | २ | | | | २ | ८००,००० | संघ, प्रदेश | ३ |
| १८ | खोरेखोला तथा नयाँ वस्ती जोड्ने मो.वा. | कि.मी. | वडा नं. ३ | १.५ | | | | | १.५ | ६००,००० | संघ, प्रदेश | १ |
| | **वडा नं. ४** | | | | | | | | | | | |
| १ | लामा छेरा देखि म्वालेखोला मो.बा. निर्माण | कि.मी. | गंगादेव ४ पाखापानी | ५ | | | | | ५ | २,०००,००० | संघ, प्रदेश | २ |
| २ | गुइचे खोला चाख्ले पातल भितालेकम्द मो. बाटो निर्माण | कि.मी. | गंगादेव ४ पाखापानी | ३ | | | | | ३ | १,२००,००० | संघ, प्रदेश | २ |
| ३ | टोटके लामाचौर सिम्तेखर्क बसारी चौर भिरबाटो वरपानी डलसिडे मो.बा. निर्माण | कि.मी. | गंगादेव ४ पाखापानी | | २७ | | | | २७ | ८,५००,००० | संघ, प्रदेश | ३ |
| ४ | फारुला सानडाँडा लोदचौर म्वाले खोला सडक कालोपत्रे तथा स्तारेन्नती | कि.मी. | गंगादेव ४ पाखापानी | | १९ | | | | १९ | ७,६००,००० | संघ, प्रदेश | १ |
| ५ | मछाइने छेडा रातामाटा टावर सडक | कि.मी. | गंगादेव ४ पाखापानी | | | १३ | | | १३ | ५,२००,००० | संघ, प्रदेश | ३ |
| ६ | म्वाले खोला पक्की पुल | मी. | गंगादेव ४ पाखापानी | | | २५० | | | २५० | १,२५०,००० | संघ, प्रदेश | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | दहचौर खोला पक्की पुल | मी. | गंगादेव ४ पाखापानी | | | १५० | | | १५० | ७५०,००० | संघ, प्रदेश | ३ |
| ८ | लामाडाँडा जलेखर्क सापेमारे सुपाटोटके खोला | कि.मी. | गंगादेव ४ पाखापानी | | | ४ | | | ४ | १,६००,००० | संघ, प्रदेश | २ |
| ९ | खौला डलसिङको लामेमेला चुनवाङ पूर्वि रुकुम | कि.मी. | गंगादेव ४ पाखापानी | | ५५ | | | | ५५ | १५,०००,००० | संघ, प्रदेश | २ |
| | **वडा नं. ५** | | | | | | | | | | | |
| १ | सल्यान महानेटा सिमाखोला डलासिङ्गे रुकुम जोडने मो. वा. निर्माण | कि.मी. | वडा नं. ५ | ६.४ | ६.४ | ६.४ | ६.४ | ६.४ | ३२ | १२,८००,००० | संघ, प्रदेश | १ |
| २ | सल्यान रातामाटा घरेली लौदचौर फुल्वारी छेरा रातामाटा बागवारा पूर्वी रुकुम जोड्ने मो.वा. निर्माण | कि.मी. | वडा नं. ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १०,०००,००० | संघ, प्रदेश | ३ |
| ३ | सेतीगुराँस हात्तीढुङ्गा जोड्ने मो.वा. निर्माण | कि.मी. | वडा नं. ५ | | २ | २ | ३ | | ७ | २,८००,००० | संघ, प्रदेश | १ |
| ४ | कुइनेउटा देखी टाकुरा बैसवारी झालढुङ्गा जोडेने मो.वा. निर्माण | कि.मी. | वडा नं. ५ | | | २ | २ | १ | ५ | २,०००,००० | संघ, प्रदेश | ३ |
| ५ | धोगारी देखी ठाराखोला स्याला जोड्ने मो.वा. निर्माण | कि.मी. | वडा नं. ५ | | | १ | २ | २ | ५ | २,०००,००० | संघ, प्रदेश | २ |
| ६ | पिढानचौर भिरगाँउ, सिमाखोला जोड्न. मो.वा. निर्माण | कि.मी. | वडा नं. ५ | | | २ | २ | २ | ६ | २,४००,००० | संघ, प्रदेश | २ |
| ७ | सिमगैरी देखी बजेर हुदै ढुङ्गा हाने सम्म जोड्ने मो.वा. निर्माण | कि.मी. | वडा नं. ५ | २ | २ | | | | ४ | १,६००,००० | संघ, प्रदेश | ३ |
| ८ | घरेली देखी तल्लो उदिनढुङ्गा महानेटा मोड जोड्ने मोटर वाटो निर्माण | कि.मी. | वडा नं. ५ | | | ५ | ५ | | १० | ४,०००,००० | संघ, प्रदेश | १ |
| ९ | बेतालेखुट्टी देखी आमा समुह घर हुँदै ठाकुर गाउँ जोड्ने मो.वा. निर्माण | कि.मी. | वडा नं. ५ | १ | १ | १ | १ | | ४ | १,६००,००० | संघ, प्रदेश | ३ |
| १० | दोवाटो देखी ढोल्ढुङ्गा जोडने मा.वा. निर्माण तथा मर्मत | कि.मी. | वडा नं. ५ | २ | २ | १ | | | ५ | २,०००,००० | संघ, प्रदेश | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | गोसाईगाँउ देखी गरभ्याम खोला पिदानचौर चिनाली जोड्ने मा.वा. निर्माण | कि.मी. | वडा नं. ५ | | | ४ | ४ | ४ | १२ | ४,८००,००० | संघ, प्रदेश | ३ |
| १२ | रातामाटा तल्लो उदिनढुङ्गा ढोरेनी मोटर बाटो स्तरोन्नती | कि.मी. | वडा नं. ५ | ४ | ४ | ४ | | | १२ | ४,८००,००० | संघ, प्रदेश | २ |
| १३ | उदिनढुङ्गा खोलादेखी कवरका घर सम्म जोड्ने मा.वा. निर्माण | कि.मी. | वडा नं. ५ | | | ३ | | | ३ | १,२००,००० | संघ, प्रदेश | २ |
| १४ | जोगीडाँडा ओखरवोट लेख हम्पाल गरेना म्वाले खोला जोड्ने मो. वा. निर्माण | कि.मी. | वडा नं. ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ८,०००,००० | संघ, प्रदेश | ३ |
| १५ | घरेली स्कुलदेखी दाद्रा दोवाटा जोड्ने मोटर वोध मर्मत | कि.मी. | वडा नं. ५ | | ३ | | | | ३ | १,२००,००० | संघ, प्रदेश | १ |
| १६ | पनेरीखोला वस्नेउटा फुलवारी जोड्ने मो.वो निर्माण | कि.मी. | वडा नं. ५ | | | ५ | ५ | | १० | ४,०००,००० | संघ, प्रदेश | ३ |
| १७ | भागाचौर देखी हरीघर कोसेढुङ्गा सम्म जोड्ने मो.वा. | कि.मी. | वडा नं. ५ | ३ | | | | | ३ | १,२००,००० | संघ, प्रदेश | १ |
| १८ | सुखाओडार पूर्णागाउँ सेरुगा फुलवारी जोड्ने मो.वा. निर्माण | कि.मी. | वडा नं. ५ | | | | | | ७ | २,८००,००० | संघ, प्रदेश | ३ |
| १९ | पातेटाकुरी देखि मानेउटा डाँडा सम्म जोड्ने मो.वा. निर्माण | कि.मी. | वडा नं. ५ | | | | | | | - | संघ, प्रदेश | २ |
| २० | घामतारा देखी लामाचौर मेलपोखरी कतिके डिक मो.वा. निर्माण | कि.मी. | वडा नं. ५ | | | | | | ८ | ३,२००,००० | संघ, प्रदेश | २ |
| २१ | वथान देखी हिले जोड्ने मो.बा. निर्माण | कि.मी. | वडा नं. ५ | | | | | | ४ | १,६००,००० | संघ, प्रदेश | ३ |
| २२ | फुलवारी देखी जायखोला मो.वा. निर्माण | कि.मी. | वडा नं. ५ | | | | | | ४ | १,६००,००० | संघ, प्रदेश | १ |
| २३ | वाटुल्ले स्याला हुदैं सिमाखोला बाघखोर सम्म जोड्ने मो.वा. निर्माण | कि.मी. | वडा नं. ५ | | | | | | ४ | १,६००,००० | संघ, प्रदेश | ३ |
| २४ | पाथीहाल्ना लामाचौर टोटके रातामाटा जोड्ने मोटर वाटो निर्माण | कि.मी. | वडा नं. ५ | | | | | | ८ | ३,२००,००० | संघ, प्रदेश | १ |
| २५ | फूलवारी जाने मोटरेबल पुल निर्माण | मी. | वडा नं. ५ | | | | ६० | | ६० | ३००,००० | संघ, प्रदेश | ३ |
| २६ | सिम्टेखर्क मोटरेबल पुल निर्माण | मी. | वडा नं. ५ | | | | | ६० | ६० | ३००,००० | संघ, प्रदेश | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २६ | लोदचौर खोला पक्की पुल | मि | वडा नं. ५ | | ४० | | | | | १0000000 | संघ प्रदेश | २ |
| २७ | फुलबास खोला पक्की पुल | मी. | | | ४० | | | | | १0000000 | संघ, प्रदेश | ३ |
| | **वडा नं. ६** | | | | | | | | | | | |
| १ | ताप्ला दहवाङ स्वास्थ्य गोरजले दोभाइ भारे रातामाटा हुँदै पश्चिम रुकुम सम्म मोटर वाटो निर्माण | कि.मी. | ताप्ला देखि रुकुम पश्चिम | ६ | ६ | ६ | ६ | ६ | ३० | ८,५००,००० | संघ, प्रदेश | ३ |
| २ | गुरासे  बल्ले न्याउलेखा डलसिङे खोला मोटर बाटो निर्माण | कि.मी. | गुरासे खोला | ३ | ३ | ३ | ३ | ३ | १५ | ५,०००,००० | संघ, प्रदेश | १ |
| ३ | ताप्ला पूर्णागाँउ हिले हुदै छेरा वजार हुदै गंगादेव चार मोटर वाटो स्थर उन्नती | कि.मी. | ताप्ला देखि म्वाले खोला | ४ | ४ | ४ | ४ | ४ | २० | ७,५००,००० | संघ, प्रदेश | ३ |
| ४ | छेरा सुपेगैरा लामछेरा खानी हुँदै लाम्मेला सम्म मोटर वाटो स्थर उन्नति | कि.मी. | छेरा देखि लाम्मेला | १५ | | | | | १५ | ५,०००,००० | संघ, प्रदेश | २ |
| ५ | छेरा खर्कडाडा छ वडा कार्यालय हुँदै ताप्ला बजार मोटर वाटो ग्राविल नालि कटिङ तथा कलबट | कि.मी. | छेरा देखि ताप्ला | २ | २ | २ | २ | २ | १० | ४,०००,००० | संघ, प्रदेश | २ |
| ६ | स्वास्थ्य भवन गैरा नेटापरि हुँदै लामाछेरा मोटर वाटो स्थर उन्नति नालि कटिङ | कि.मी. | स्वास्थ्य देखि लामाछेरा | २ | ३ | | | | ५ | २,०००,००० | संघ, प्रदेश | ३ |
| ७ | वल्ले पातल पोखरी हुँदै झलाउने टाकुरा मोटर वाटो निर्माण | कि.मी. | वल्लेपातल देखि अम्मर सत्य | | ८ | | | | ८ | ३,२००,००० | संघ, प्रदेश | १ |
| ८ | रातीघारी सरुनिखोला हुँदै सल्लीचौर मोटर वाटो निर्माण | कि.मी. | रातिघारी देखि सल्लीचौर | ४ | | | | | ४ | १,६००,००० | संघ, प्रदेश | ३ |
| ९ | लामाछेरा पारनागा सुपेगैरा वेरचौर हुदै वडा नं.छ कार्यालय सम्म | कि.मी. | लामाछेरा 6 वडा कार्यलय | २ | २ | २ | २ | २ | १० | ४,०००,००० | संघ, प्रदेश | १ |
| १० | ताप्ला वजार मोटरेवेल पुल निर्माण | मि. | ताप्ला बजार | २०० | | | | | २०० | १,०००,००० | संघ, प्रदेश | ३ |
| ११ | जायचौर झाझरखोला मोटरेवल पुल निर्माण | मि. | जारचौर | | ५०० | | | | ५०० | २,५००,००० | संघ, प्रदेश | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | दहवाङ झाझरखोला वल्ले परिवर्तन गाउँपालिका जोड्ने बाटो | कि.मी. | दवाङ देखि रातामाटा | | | | २ | २ | ४ | १,६००,००० | संघ, प्रदेश | २ |
| १३ | वल्ले विद्यालय देखी पातिहाल्ना हुँदै रातामाटा टावर सम्म मोटर बाटो निर्माण | कि.मी. | वडा नं. ६ | | ८ | | | | ८ | ३,२००,००० | संघ, प्रदेश | ३ |
| १४ | देवलटाकुरा खानीखोला गोरजले | कि.मी | वडा नं. ६ | | | ३ | | | ३ | ३०००००० | संघ, प्रदेश | १ |
| १५ | जारचौर सुपेगैरा पोखारीडाँडा अमरसत्य प्रा.वि. डलसिङनेटी मोटर बाटो निर्माण | कि.मी | वडा नं. ६ | | ५ | | | | ५ | ३०००००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ७** | | | | | | | | | | | |
| १ | जायखोला हुदै ओइलाम जोड्ने सडक | वर्ष | जायाखोला ओइलाम | १ | | | | | १ | १५००००० | संघ, प्रदेश | १ |
| २ | उपल्लोजाय पातीहाल्न, विरमारे हुँदै जायखोला पातीहाल्ने सडक | वर्ष | उपल्लोजाया जायाखोला | | १ | | | | १ | १५००००० | संघ, प्रदेश | ३ |
| ३ | आरुखोला हुँदै घरेलीडाँडा विखोला | वर्ष | घरेलीडाँडा | | | १ | | | १ | १५००००० | संघ, प्रदेश | २ |
| ४ | उपल्लोताप्ला, बिखोला जोड्ने पुल | वर्ष | उपल्लोताप्ला | १ | | | | | १ | १५००००० | संघ, प्रदेश | २ |
| ५ | हिले, तिमिले, जायचौर, जायखोला, फुलबास मो.बा. स्तरोन्नती | वर्ष | वडा नं. ७ | | १ | | | | १ | ३००००००० | संघ, प्रदेश | ३ |
| ६ | हिले, सुपेगैरा, बिखोला, ताप्ला मो.बा. स्तरोन्नती | वर्ष | वडा नं. ७ | | | १ | | | १ | ३००००००० | संघ, प्रदेश | १ |
| ७ | तिमिले, बाखलडाँडा, आराखोला, मो.बा. निर्माण | वर्ष | वडा नं. ७ | | | १ | | | १ | ५०००००० | संघ, प्रदेश | ३ |
| ८ | आराखोला, बिखोला मो.बा. निर्माण | वर्ष | वडा नं. ७ | १ | | | | | १ | ५०००००० | संघ, प्रदेश | १ |
| ९ | धप्री, तिमिले, आरखोला, ताप्ला मो.बा. स्तरोन्नती | वर्ष | वडा नं. ७ | | | १ | | | १ | ३००००००० | संघ, प्रदेश | ३ |
| १० | लाखुचौर, सुनारगाउँ, ओखरबोट मो.बा निर्माण | वर्ष | वडा नं. ७ | | १ | | | | १ | ६०००००० | संघ, प्रदेश | २ |

गंगादेव गाउँपालिका

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | चिसापानी, बिरमारे, जायखोला मो.बा. निर्माण | वर्ष | वडा नं. ७ | | १ | | | | १ | ३००००००० | संघ, प्रदेश | २ |
| १२ | आरखोला, ताप्ला मो.बा. निर्माण | वर्ष | वडा नं. ७ | | | १ | | | १ | ४००००००० | संघ, प्रदेश | ३ |
| १३ | लाखुरीचौर, हिले, उपल्लोजया, राँकडाँडा, ताप्ला मो.बा. निर्माण | वर्ष | वडा नं. ७ | | १ | | | | १ | १५००००००० | संघ, प्रदेश | १ |
| १४ | बिखोला मोटर बाटो निर्माण | वर्ष | वडा नं. ७ | १ | | | | | १ | १०००००००० | संघ, प्रदेश | ३ |
| १४ | जायचौर मौटरेवल पुल | वर्ष | वडा नं. ७ | | १ | | | | १ | ५००००००० | संघ, प्रदेश | १ |
| | **जम्मा** | | | | | | | | | ५६६८४१००० | | |

## झुलुङ्गे पुल

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | **पालिका स्तरीय** | | | | | | | | | | | |
| १ | ताप्ला खोला झोलुङ्गे पुल निर्माण | मिटर | ताप्ला खोला | | | | | | १२० | ३०,०००,००० | संघ | १ |
| २ | भक्री खोला झोलुङ्गे पुल निर्माण | मिटर | भक्री खोला | | | | | | २० | २५,०००,००० | संघ, प्रदेश | १ |
| | **वडा नं. १** | | | | | | | | | | | |
| १ | दहतरा झोलुङ्गे पुल | मि. | दहतरा भोट | | १२० | | | | १२० | ३,०००,००० | संघ, प्रदेश | १ |
| २ | राङजीवाङ ओइलाम झोलुङ्गे पुल | मि. | राङजीवाङ ओइलाम | | ४०० | | | | ४०० | ८,०००,००० | संघ, प्रदेश | ३ |
| ३ | सुख्खा ओडार करङजीबोट झोलुङ्गे पुल | | सुख्खा ओडार करङजीबोट | | | | | | | ५०००००० | संघ, प्रदेश | २ |
| | **वडा नं. २** | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ओइलाम दामखोला झोलुङै पुल | मि. | वडा नं. २ | | ५० | ३० | | | ७० | १,६१०,००० | संघ, प्रदेश | ३ |
| २ | राकोट धप्री जाने पुल | मि. | वडा नं. २ | २५ | २५ | | | | ५० | १,१५०,००० | संघ, प्रदेश | १ |
| ३ | सानाडाँडा देखि सेरङखोला पुल | मि. | वडा नं. २ | ३० | ३० | ३० | ३० | ३० | १५० | ३,४५०,००० | संघ, प्रदेश | ३ |
| ४ | कोप्ची खोला भेरलाखोला टस्र पुल | मि. | वडा नं. २ | | | | १० | ५ | १५ | ३४५,००० | संघ, प्रदेश | १ |
| ५ | फारुला स्यालापाखा जाने बाटोमा टस्र पुल | मि. | वडा नं. २ | | ५ | ५ | ५ | | १५ | ३४५,००० | संघ, प्रदेश | ३ |
| ६ | पुर्चाखोला घरभिर जाने बाटो टस्र पुल | मि. | वडा नं. २ | १० | १० | | | | २० | ४६०,००० | संघ, प्रदेश | २ |
| ७ | बाफुखोला सुखा ओडारको लागि गाडी हिड्ने मोटरेवल पुल | मि. | वडा नं. २ | | | | २० | १० | ३० | ६९०,००० | संघ, प्रदेश | २ |
| | **वडा नं. ३** | | | | | | | | | | | |
| १ | गोठी खोला झो.पु. निर्माण | मि. | गंगादेव वडा नं. ३ | | १०० | | | | १०० | २,३००,००० | संघ, प्रदेश | १ |
| २ | गौरोफाल्ने देखी गुन्टाकुरी झोलुङ्गे पुल | मि. | गंगादेव वडा नं. ३ | | ५०० | | | | ५०० | ५,०००,००० | संघ, प्रदेश | ३ |
| ३ | मंग्रा देखी रम्झ्यालघर झोलुङ्गे पुल | मि. | गंगादेव वडा नं. ३ | | | ५०० | | | ५०० | ४,५००,००० | संघ, प्रदेश | १ |
| ४ | चामी दोवाई खोला झोलुङ्गे पुल | मि. | गंगादेव वडा नं. ३ | | ५०० | | | | ५०० | ५,०००,००० | संघ, प्रदेश | ३ |
| ५ | चैते काफल झोलुङ्गे पुल | मि. | गंगादेव वडा नं. ३ | | | २०० | | | २०० | ४,६००,००० | संघ, प्रदेश | २ |
| | **वडा नं ४** | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मरठ गरेना खोला झोलुङ्गे पुल निर्माण | मि. | पाखापानी | २५० | | | | | २५० | ५,७५०,००० | संघ, प्रदेश | ३ |
| २ | तिखेचुला धनचुला खोला झोलुङ्गे पुल निर्माण | मि. | पाखापानी | २०० | | | | | २०० | ४,६००,००० | संघ, प्रदेश | १ |
| ३ | गारतरी साझेतरा वडा कार्यालय झोलुङ्गे पुल निर्माण | मि. | पाखापानी | २०० | | | | | २०० | ४,६००,००० | संघ, प्रदेश | ३ |
| ४ | गुइचाखोला झोलुङ्गे पुल निर्माण | मि. | पाखापानी | | १५० | | | | १५० | ३,४५०,००० | संघ, प्रदेश | १ |
| ५ | काट्टो खाने मुर्चुला झोलुङ्गे पुल निर्माण | मि. | पाखापानी | | ५० | | | | ५० | १,१५०,००० | संघ, प्रदेश | ३ |
| | **वडा नं ५** | | | | | | | | | | | |
| १ | फुलबारी जाने झोलुङ्गे पुल | मि. | वडा नं. ५ | ५० | ३० | | | | ७० | १,६१०,००० | संघ, प्रदेश | २ |
| २ | सानडाडा देखी सेरुङ्ग जाने झोलुङ्गे पुल | मि. | वडा नं. ५ | | ४० | ४० | १० | | ९० | २,०७०,००० | संघ, प्रदेश | ३ |
| ३ | स्यालाखोला झोलुङ्गे पुल | मि. | वडा नं. ५ | | | | ४० | ४० | ८० | १,८४०,००० | संघ, प्रदेश | १ |
| ४ | मैतेमारे गरभ्याम झोलुङ्गे पुल | मि. | वडा नं. ५ | | | ४० | ४५ | | ८५ | १,९५५,००० | संघ, प्रदेश | ३ |
| ५ | आरुचौर झोलुङ्गे पुल | मि. | वडा नं. ५ | ५० | | | | | ५० | १,१५०,००० | संघ, प्रदेश | १ |
| ६ | सिम्टेखर्क झोलुङ्गे पुल | मि. | वडा नं. ५ | | ४० | ४० | १० | | ९० | २,०७०,००० | संघ, प्रदेश | ३ |
| ७ | उदिनढुङ्गा आर सि सि पुल तथा ट्रस पुल | मि. | वडा नं. ५ | २० | | | | | २० | ४६०,००० | संघ, प्रदेश | २ |
| ८ | उदिनढुङ्गा खोला आर.सि.सि. पुल तथा ट्रस पुल | मि. | वडा नं. ५ | २० | | | | | २० | ४६०,००० | संघ, प्रदेश | २ |
| | **वडा नं ६** | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दोभाई खोला वडा नं. ६ गोरजले झोलुङ्गे पुल | मि. | दोभाइ गोरजले | २०० | २०० | | | | ४०० | ३,५००,००० | संघ, प्रदेश | १ |
| २ | पुर्नागाउँ जिवन ज्योती स्कुल | मि. | पुर्नागाँउ | | | ३०० | २०० | | ५०० | २,५००,००० | संघ, प्रदेश | ३ |
| ३ | बल्ले खोला | मि. | वल्ले खोला | | ३०० | | | | ३०० | २,५००,००० | संघ, प्रदेश | १ |
| ४ | न्याउलेखा पातिहाल्ना झोलुङ्गे पुल निर्माण | कि.मी. | न्याउखोला पातिहाल्ना | | ०.५ | ०.५ | ०.५ | ०.५ | २ | ३,०००,००० | संघ, प्रदेश | ३ |
| ५ | चिफले पातल लिरेडाँडा झोलुङ्गे पुल | मि. | चिप्लेपातल | | २०० | २०० | २०० | | ६०० | ३,०००,००० | संघ, प्रदेश | २ |
| ६ | गुरासे टाकुरा झोलुङ्गे पुल | कि.मी. | गुरासे टाकुरा | ०.५ | ०.५ | | | | १ | ३,०००,००० | संघ, प्रदेश | २ |
| | वडा नं ७ | | | | | | | | | | | |
| १ | भर्कि खोला झोलुङ्गे पुल | वर्ष | वडा नं ७ | | १ | | | | १ | ३५००००० | संघ, प्रदेश | १ |
| २ | पाल्लेगार झोलुङ्गे पुल | वर्ष | वडा नं ७ | | | १ | | | १ | ३५००००० | संघ, प्रदेश | ३ |
| ३ | ओखरबोट झोलुङ्गे पुल | वर्ष | वडा नं ७ | | १ | | | | १ | ३५००००० | संघ, प्रदेश | १ |
| ४ | ताप्ला झोलुङ्गे पुल | वर्ष | वडा नं ७ | १ | | | | | १ | ३५००००० | संघ, प्रदेश | ३ |
| ५ | उपल्लो ताप्ला झोलुङ्गे पुल | वर्ष | वडा नं ७ | | | | | १ | १ | ३५००००० | संघ, प्रदेश | २ |
| ६ | वेसतारा झोलुङ्गे पुल | वर्ष | वडा नं ७ | | | | १ | | १ | ३५००००० | संघ, प्रदेश | २ |
| | जम्मा | | | | | | | | | १७०,११५,००० | | |

## ढल निकास

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | वडा नं. १ | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ओत ओइती शिवनगर बजार ढल निकास | कि.मी | शिवनगर बजाार | | | १ | | | १ | ५००,००० | संघ, प्रदेश | १ |
| २ | खातिगाउँ देखि ठुलाखोलासम्म ढल निकास | मि. | मगरगाउँ | | | | | ५०० | ५०० | १००,००० | गाउँपालिका | ३ |
| ३ | पातिहाल्ना टोल ढल निकास | मि. | पातिहाल्ना | | ५०० | | | | ५०० | २००,००० | गाउँपालिका | २ |
| | सुख्खाओडार ढल निकास योजना | | | | | | | | | | | २ |
| | **वडा नं. ३** | | | | | | | | | | | |
| १ | झयाम बजार ढल निकास | मि. | झयाम वजार | | २०० | | | | २०० | ५००,००० | गा.पा., प्रदेश | १ |
| २ | पर्ण बा को घर देखी इस्वरी को घर सम्म ढल निकास | मि. | वडा नं ३ | | | २०० | | | २०० | १,०००,००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ४** | | | | | | | | | | | |
| १ | सिमाहा घट्ट साझेतरा खोला ढल निकास निर्माण | मि. | पाखापानी | ३०० | | | | | ३०० | १०,०००,००० | संघ, प्रदेश | १ |
| २ | तिखेचुला लामातरा खोला ग्याविङ वाल निर्माण | मि. | पाखापानी | २५० | | | | | २५० | ३००,००० | गाउँपालिका | ३ |
| ३ | लामतरा ग्याविन वाल निर्माण | मि. | पाखापानी | | | १०० | | | १०० | २००,००० | गाउँपालिका | २ |
| ४ | वडा सडक वाल निर्माण | मि. | पाखापानी | | ५० | | | | ५० | ५००,००० | गा.पा., प्रदेश | २ |
| ५ | ठुलाखेत ग्याविन वाल निर्माण | मि. | पाखापानी | | | १०० | | | १०० | ३२०,००० | गा.पा., प्रदेश | ३ |
| ६ | गुइचाखोला ग्याविन वाल | मि. | पाखापानी | ३०० | | | | | ३०० | ८००,००० | संघ, प्रदेश | १ |
| ७ | धाराखोला डलसिङगे ग्याविन वाल | मि. | पाखापानी | ३०० | | | | | ३०० | ८००,००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ५** | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सल्यान महानेटा सिमखोला डलसिङ्गे जोड्ने ढल निकास | मि. | वडा नं ५ | ६ | ६ | ६ | ६ | ८ | ३२ | ७००,००० | संघ, प्रदेश | १ |
| २ | सल्यान रातामाटा घरेली लोदचौर फुल्वारी पूर्वि रुकुम जोड्ने ढल निकास | मि. | वडा नं ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ५००,००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ६** | | | | | | | | | | | |
| १ | रातामाटा पातिहाल्ना सडक ढल निर्माण | कि.मी | रातामाटा | १ | १ | | | | २ | ५००,००० | संघ, प्रदेश | २ |
| २ | खानि लामाछेरा नेटापरि गोरजले ढल सडक निर्माण | कि.मी | | | १ | २ | | | ३ | ५००,००० | संघ, प्रदेश | ३ |
| ३ | डलसीङ नेटी झाझर खोला गर्पा वल्ले सडक ढल निर्माण | कि.मी | डलसीङ नेटा वल्ले गुरासे | १ | १ | २ | २ | १ | ७ | ७००,००० | संघ, प्रदेश | १ |
| ४ | ताप्लाबजार ढल निकास तथा तटबन्द निमाण | | | | | | | | | १०००००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ७** | | | | | | | | | | | |
| १ | लिम्फु जायचौर ताप्ला ढल निकास | वटा | लिमफु जायचौर ताप्ला | | १ | | | | १ | ७००००० | संघ, प्रदेश | १ |
| २ | हिले तिमिले जायचौर जायखोला उपल्लोजाय ढल निकास | वटा | वडा नं ७ | | | | | १ | १ | ७००००० | संघ, प्रदेश | ३ |
| ३ | दामखु धप्री तिमिले आराखोला ताप्ला ढल निकास | वटा | वडा नं ७ | | | १ | | | १ | ७००००० | संघ, प्रदेश | २ |
| ४ | सुपेगैरा विखोला ढल निकास | वटा | वडा नं ७ | | | | | १ | १ | ७००००० | संघ, प्रदेश | २ |
| ५ | सुनारगाउँ ढल निकास | वटा | वडा नं ७ | | १ | | | | १ | ७००००० | संघ, प्रदेश | ३ |
| | **जम्मा** | | | | | | | | | २२,६२०,००० | | १ |

### अपेक्षित उपलब्धिः

प्रभावकारी, दिगो, भरपर्दो र सुरक्षित यातायात सेवा मार्फत अन्तर वडा, अन्तर पालिका तथा जिल्ला र प्रदेश हुँदै राष्ट्रिय सडक सञ्जालमा जोडी आर्थिक क्षेत्रमा गंगादेवबासीलाई जोडिएको हुनेछ। गाउँपालिकामा हाल संचालनमा रहेका सम्पूर्ण सडकहरूलाई राष्ट्रिय मापदण्ड अनुसारका सडकमा रूपान्तरण गरिएको हुनेछ। गाउँपालिकामा हाल ट्र्याक मात्र खोलिएका सडकहरूको स्तरोन्नति गरिएको हुनेछ। गाउँपालिकाका सडक सञ्जालमा नजोडिएका सबै बस्तीहरूमा नयाँ सडकहरूको विस्तार गरिएको हुनेछ। गाउँपालिकामा यातायात सेवालाई बाह्रै महिना संचालनका लागि आवश्यक स्थानमा मोटरेवल पुलको निर्माण कार्य सम्पन्न भएको हुनेछ। गाउँपालिकाका सबै वडा तथा बस्तीहरूमा सडक सञ्जालको विस्तार गरी यातायात प्रणालीको दिगो तथा वैज्ञानिक व्यवस्थापन गरिएको हुनेछ।

## ७.२ उर्जा र संचार

गंगादेव गाउँपालिका भित्रका सबै बस्तीहरूमा विद्युत् सेवा विस्तार हुन सकिरहेको छैन। यस गाउँपालिकाभित्र स्थानीय समुदायको लगानीमा एक वटा लघु जलविद्युत आयोजना संचालनमा रहेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गंगादेव गाउँपालिकामा खाना पकाउनका निम्ति दाउरा प्रयोग गर्ने घरधुरी करिब ९४.७ प्रतिशत, एलपि ग्याँस प्रयोग गर्ने करिब ४.७ प्रतिशत, वायोग्याँस प्रयोग गर्ने ०.४ प्रतिशत, मट्टितेल प्रयोग गर्ने ०.१ प्रतिशत र विद्युत् प्रयोग गर्ने ०.१ प्रतिशत घर परिवार रहेका छन्। यसैगरी बत्ती (उज्यालो) का लागि विद्युत् प्रयोग गर्ने ५५ प्रतिशत, सोलार प्रयोग गर्ने ४३.१ प्रतिशत, मट्टितेल प्रयोग गर्ने १.४ प्रतिशत र अन्य उर्जाको स्रोत प्रयोग गर्ने ०.५ प्रतिशत घर परिवार रहेका छन्।

गंगादेव गाउँपालिकाका अधिकांश मानिसहरूले सञ्चारका साधनका रूपमा मोबाइल र एफ.एम. रेडियोको प्रयोग गरेका छन्। त्यसैगरी टेलिभिजन, टेलिफोन, इन्टरनेट, पत्रपत्रिका आदि सञ्चारका साधनहरूको पनि प्रयोग गरेको पाइन्छ।

### सम्भावना र अवसर

- गंगादेव गाउँपालिका भित्र रहेका बाँफु खोला, मगराह खोला, जाया खोला, गोठी खोला जस्ता जल उर्जाका श्रोतहरू मार्फत साना तथा लघु उर्जाको विकास र विस्तारका लागि सम्भावना हुनु,
- रोल्पा जिल्लामा विस्तार भैरहेको राष्ट्रिय प्रशारण लाइनले यस पालिकालाई पनि समेट्ने र चालु अवस्थामा रहेको लघु जलविधुत आयोजना मार्फत गंगादेव बासीलाई विद्युत सेवा पुऱ्याउन सक्ने सम्भावना रहेको छ।
- उत्पादित उर्जालाई घरायसी तथा औद्योगिक क्षेत्रमा प्रयोग गरी पेट्रोलियम पदार्थको खपतमा कमी र औद्योगिक सामग्री उत्पादन गरी आयआर्जनमा वृद्धि गर्ने सम्भावना रहेको छ।

### समस्या र चुनौती

- उर्जा उत्पादनको सम्भावना र उपयोगका लागि दीर्घकालीन योजना बनाउन नसक्नु प्रमुख समस्या रहेको छ।
- सरकारी, सहकारी र निजी क्षेत्रको पुजीलाई एकीकृत गरी उर्जा क्षेत्रको उत्पादन र दिगो प्रयोगका लागि लगानी मैत्री वातावरण निर्माण गर्न नसक्नु,

### क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### सोच

**"हरित उर्जाको उपयोगः स्वस्थ जीवनको सदुपयोग"**

### लक्ष्य

- जलविद्युत् तथा वैकल्पिक नवीकरणीय उर्जाको उत्पादन, प्रयोग क्षमता विस्तार र सञ्चार क्षेत्रको विकासका माध्यमबाट स्थानीय आर्थिक, सामाजिक विकासमा टेवा पुऱ्याउने,

### उद्देश्य

- साना तथा ठुला जलविद्युत् आयोजना पहिचान, उत्पादन र प्रयोग गरी दिगो अर्थतन्त्रको आधारशीला तयार गर्नु,
- वैकल्पिक नवीकरणीय उर्जाको उत्पादन र प्रयोग गरी दिगो र समावेशी आर्थिक वृद्धिमा टेवा पुऱ्याउनु,
- उर्जाको अधिकतम् उपयोग मार्फत वातावरणीय सन्तुलन कायम, आयात प्रतिस्थापन र स्वस्थ जीवन निर्माणमा टेवा पुऱ्याउनु,

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • जलविद्युत् विकासमा लगानी वृद्धिको वातावरण सिर्जना गर्ने,<br>• प्राविधिक र आर्थिकरूपमा आकर्षक आयोजनाको पहिचान र उत्पादन मार्फत स्थानीय अर्थतन्त्रलाई दिगो र सबल बनाउने,<br>• प्रसारण लाइन नपुगेका र सम्भाव्यता नभएका क्षेत्रमा नवीकरणीय उर्जाको माध्यमबाट विद्युती्करण गर्ने,<br>• नवीकरणीय उर्जाको स्रोतलाई उत्पादनमा वृद्धि र व्यावसायिक उर्जाको रूपमा विकास गर्ने,<br>• वैकल्पिक तथा विद्युत् उर्जामा पहुँच वृद्धि गरी दैनिक इन्धनलाई न्यूनीकरण गर्ने,<br>• विद्युत् विरणको वर्तमान अवस्थामा सुधार गरी सुरक्षित र सबैको पहुँचमा पुऱ्याउने । | • विद्युत् उर्जामा पहुँच नपुगेका परिवारको लगत संकलन गरी विद्युत् प्राधिकरणसँगको सहकार्यमा यथाशीघ्र सुरक्षित र सर्ब सुलभ विद्युतीकरण गर्ने,<br>• प्राविधिक र आर्थिक रूपमा आकर्षक आयोजनाको पहिचान र उत्पादन गर्न स्थानीय जनतासँगको सहकार्यमा आयोजना संचालन गर्ने,<br>• स्थानीय जनतालाई जलविद्युत् आयोजनाहरूमा सेयर लगानी गर्ने अवसर सिर्जना गर्ने,<br>• विद्युत् वितरण लाइनका काठेपोलहरू प्रतिस्थापन गर्ने,<br>• विद्युत् चुहावट रोक्न र विद्युत् सेवालाई प्रभावकारी बनाउन स्मार्ट मिटर तथा स्मार्ट ग्रिड र अनलाइन सिस्टमबाट बिल भुक्तानीको व्यवस्था गर्ने,<br>• विद्युत् जडान तथा मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्ति उत्पादन गर्ने,<br>• लघुजलविद्युत्, वायु तथा सौर्य विद्युत्का साना आयोजना संचालन गरी विद्युत्मा नागरिकको पहुँच वृद्धि गर्ने,<br>• विद्युतीय चुलो प्रयोगको लागि प्रोत्साहन गर्ने । |

## प्रमुख कार्यक्रम

### उर्जा

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | राष्ट्रिय विद्युत लाईन विस्तार विद्युत पोल | थान | गंगादेव १ वडा भरी | | १०० | १०० | १०० | | ३०० | ५००००० | संघ, प्रदेश | १ |
| २ | राष्ट्रिय विद्युत लाईन विस्तार लाईन विस्तार | वटा | गंगादेव १ वडा भरी | १ | | | | | १ | ५००००० | संघ, प्रदेश | ३ |
| | वडा नं. २ | | | | | | | | | | | |
| १ | विद्युतिकरण गर्न बाँकी वस्तीमा तत्काल विधुतिकरण गर्ने | घरधुरी | वडा नं. २ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ८००००० | संघ, प्रदेश | २ |
| | वडा नं. ३ | | | | | | | | | | | |
| १ | खानी गैरा गोठीखोला विद्युतीकरण | कि.मि. | गंगादेव ३ नं वडा | ५ | | | | | ५ | २५०००० | संघ, प्रदेश | १ |
| | वडा नं. ४ | | | | | | | | | | | |
| १ | वडा नं. ४ का सबै टोलका बस्तीमा विद्युत निर्माण | घरधुरी | पाखापानी | ४२० | ४२० | ४२० | ४२० | ४२० | २१०० | १०००००० | संघ, प्रदेश | १ |
| | वडा नं. ६ | | | | | | | | | | | |
| १ | रातामाटा खानी न्याउलेखा केन्द्रिय लाईन विस्तार | घरधुरी | वडा नं. ६ का केहि भाग | २०० | २०० | | | | ४०० | २०००००० | संघ, प्रदेश | २ |
| २ | रातामाटा सौर्य ऊर्जा | घरधुरी | | | २० | २० | २० | २० | ८० | १०००००० | संघ, प्रदेश | २ |
| | वडा नं. ७ | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वडा नं. ७ का सबै घरधुरीलाई केन्द्रिय प्रसारण विद्युत लाइन सँग जोड्ने | वर्ष | ओइलीम देखि जायखोला | १ | | | | | १ | १५०००००० | संघ, प्रदेश | १ |
| | **जम्मा** | | | | | | | | | ७५५०००० | | |

## लघु तथा साना जलविधुत

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोंने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | छहरेपानी लज. वि. मर्मत सम्भार | पटक | ओत | | १ | | | | १ | १५००००० | | १ |
| २ | देउराली छहरा ल.ज.वि. मर्मत सम्भार | पटक | ओत | | | १ | | | १ | १५००००० | | ३ |
| | वडा नं. २ | | | | | | | | | | | २ |
| १ | बाबुखोला लघु जलविधुत मर्मत | वटा | | १ | | | | | १ | १०००००० | | २ |
| | **जम्मा** | | | | | | | | | ४०००००० | | |

## वैकल्पिक उर्जा

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोंने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | ज्ञानकुञ्ज प्रा.वि. सौर्य सिस्टम जडान | वाट | ओत | १००० | १००० | १००० | १००० | १००० | ५००० | १५०००० | संघ, प्रदेश | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | रा.मा. वि. ओत सौर्य सिस्टम जडान | वाट | ओत | | | | | | १०००० | २५०००० | संघ, प्रदेश | ३ |
| ३ | जनता आ.वि. दिवाङ सौर्य सिस्टम जडान | वाट | ओत | १००० | १००० | १००० | १००० | १००० | ५००० | १५०००० | संघ, प्रदेश | २ |
| ४ | स्वास्थ्य चौकी सौर्य सिस्टम जडान | वाट | ओत | २००० | २००० | १००० | | | ५००० | १५०००० | संघ, प्रदेश | २ |
| ५ | शिवनगर बजार सडक सौर्य बत्ती जडान | बत्ती | शिवनगर | | ३० | | | | ३० | १००००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. २** | | | | | | | | | | | |
| १ | वडा नं. २ का स्वास्थ्य चौकी वर्थिङ सेन्टरमा सौर्य सिस्टम जडान | वटा | वडा नं. २ | | १ | | | | १ | ५००००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ३** | | | | | | | | | | | |
| १ | बालकल्याण प्रा.वि. वैकल्पिक उर्जा जडान | वाट | हिलेचौर | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००००० | संघ, प्रदेश | १ |
| २ | बागेश्वरी प्रा.वि.मा वैकल्पिक उर्जा जडान | वाट | गैरीडाँडा | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००००० | संघ, प्रदेश | ३ |
| ३ | सिदार्थ नमुना मा.वि. वैकल्पिक उर्जा | वाट | गंगादेव वडा नं. ३ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००००० | संघ, प्रदेश | २ |
| ४ | आधारभुत स्वास्थ्य केन्द्रमा वैकल्पिक उर्जा जडान | वाट | गंगादेव वडा नं. ३ कुकुरगार | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००००० | संघ, प्रदेश | २ |
| | **वडा नं. ४** | | | | | | | | | | | |
| १ | ४ नं. वडाका सबै वस्तीमा तथा प्रत्येक घरमा विद्युत पुग्नेगरी निर्माण | घरधुरी | पाखापानी | १३८ | १३८ | १३८ | १३८ | १३८ | ६९० | २०००००० | संघ, प्रदेश | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा नं. ५ | | | | | | | | | | | |
| १ | ५ नं. वडा भित्र सवैलाई पहुँच हुने गरी वैकल्पिक उर्जा निर्माण | घरधुरी | वडा नं ५ | १२८ | १२८ | १२८ | १२८ | १२८ | ६४२ | २००००० | संघ, प्रदेश | २ |
| | जम्मा | | | | | | | | | ५७००००० | | |

## सञ्चार

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | नेपाल टेलिकम फाईबर नेट विस्तार | पटक | ओत | १ | १ | १ | १ | १ | ५ | ५००००० | | १ |
| २ | नेपाल टेलिकम 4G नेटवर्क विस्तार | पटक | ओत | १ | १ | १ | १ | १ | ५ | ५००००० | | ३ |
| | वडा नं. ३ | | | | | | | | | | | |
| १ | सुकिदह नेपाल टेलिकम टाभ्फोरमा 4G सेवा विस्तार | पटक | वडा नं. ३ | १ | | | | | १ | ५००००० | | २ |
| | वडा नं. ४ | | | | | | | | | | | |
| १ | तिखीधुर्की नेपाल टेलिकम टावर निर्माण | वटा | पाखापानी | १ | | | | | १ | १०००००० | | १ |
| २ | विजय धुरी पर्यटन एनसेल टावर निर्माण | वटा | पाखापानी | | १ | | | | १ | १०००००० | | ३ |
| | वडा नं. ५ | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५ नं. वडा कार्यालयको पहुँच हुनेगरी विद्युत लाईन सम्पन्न गर्ने | | दयाधुरी | १ | | | | | १ | १०००००० | | १ |
| | | | धुम्का | | १ | | | | १ | १०००००० | | ३ |
| | | | घामतारा डाँडा | | | १ | | | १ | १०००००० | | २ |
| , | **जम्मा** | | | | | | | | | २४५०००००० | | २ |

### अपेक्षित उपलब्धि:

विद्युत् उर्जामा पहुँच नपुगेका परिवारको लगत संकलन गरी विद्युत् प्राधिकरणसँगको सहकार्यमा यथाशीघ्र सुरक्षित र सर्ब सुलभ विद्युतीकरण गरिएको हुनेछ । प्राविधिक र आर्थिक रूपमा आकर्षक आयोजनाको पहिचान र उत्पादन गर्न स्थानीय जनतासँगको सहकार्यमा आयोजना संचालन गरिएको हुनेछ । स्थानीय जनतालाई जलविद्युत् आयोजनाहरूमा सेयर लगानी गर्ने अवसर सिर्जना गरिएको हुनेछ । विद्युत् वितरण लाइनका काठेपोलहरू प्रतिस्थापन गरिएको हुनेछ । विद्युत् चुहावट रोक्न र विद्युत् सेवालाई प्रभावकारी बनाउन स्मार्ट मिटर तथा स्मार्ट ग्रिड र अनलाइन सिस्टमबाट बिल भुक्तानीको व्यवस्था गरिएको हुनेछ । विद्युत् जडान तथा मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्ति उत्पादन गरिएको हुनेछ । लघु जलविद्युत्, वायु तथा सौर्य विद्युत्का साना आयोजना संचालन गरी विद्युत्मा नागरिकको पहुँच वृद्धि गरिएको हुनेछ । विद्युतीय चुलो प्रयोगको लागि प्रोत्साहन गरिएको हुनेछ ।

## ७.३ भवन निर्माण, आवास तथा बस्ती विकास

मौलिकतामा आधारित आधुनिक, वातावरणमैत्री, विपद् प्रतिरोधात्मक, व्यवस्थित, अपाङ्ग तथा लैंगिक मैत्री पूर्वाधार सहितको शहर तथा ग्रामीण बस्ती निर्माण गर्नुपर्दछ । बजार उन्मुख हुँदै गइरहेका बस्तीहरूमा बन्ने मापदण्ड विनाका अव्यवस्थित पूर्वाधारले शहरी सभ्यता र पर्यावरण मैत्री बसोबासमा असर पऱ्याउने भएकाले दीर्घकालीन योजनाको निर्माण गरी शहरका बस्तीहरूमा पूर्वाधार निर्माण गर्नुपर्दछ । ग्रामीण बस्तीमा भवन निर्माण गर्दा स्थानीय कच्चा पदार्थको प्रयोग गरी स्वच्छ, सुरक्षित र आधुनिक बनाउनु पर्दछ ।

बदलिँदो परिस्थतिसँगै मानिसमा शहरप्रतिको मोह बढ्दै गएको छ । आधारभूत सुविधाको पहुँचमा सहजता र शहरी मनोविज्ञानले शहरलाई कुरूप बनाउने सम्भावना बढेको छ । त्यसैले तीव्र गतिमा भइरहेको शहरीकरणको व्यवस्थापनका लागि एकीकृत बस्तीको विकास गरी शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सेवा सुविधाको सुनिश्चित गर्नुपर्दछ । राज्यबाट प्रवाह गरिने सार्वजनिक सेवा तथा सुविधाहरूलाई एकीकृत, सहज, सरल, प्रविधिमैत्री, समावेशी, लैंगिक तथा अपाङ्ग मैत्री बनाउनका लागि सोही अनुसारको भौतिक पूर्वाधारको निर्माण गर्नुपर्दछ । भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारलाई सुविधासम्पन्न, सुरक्षित, वातावरणमैत्री आवासको व्यवस्थापन र विपन्न तथा शहरी क्षेत्रमा अनाधिकृत तथा अव्यवस्थित रूपले बसोबास गरेका घर परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकता राखी कार्य गर्नुपर्ने आवश्यकता छ ।

रणनैतिक महत्वको मदन भण्डारी राजमार्गको निर्माणसँगै सबैभन्दा नजिक पर्ने छिमेकी जिल्ला दाङको भालुवाङ, घोराही, तुल्सीपुर लगायतका शहरी क्षेत्रको प्रभावका कारण यो पालिका छिट्टै शहरउन्मुख गाउँपालिकामा परिणत हुने सम्भावना भएकाले यहाँका निजी तथा सार्वजनिक पूर्वाधारहरू क्रमिक रूपमा जोखिम प्रतिरोधात्मक बनाउनु पर्ने छ । यद्यपि निजी आवासहरू परम्परागत परिपाटीमा बनेकाले आगामी दिनमा बन्ने संरचनाहरू जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम, भूकम्प, बाढी, पहिरो, हावाहुरी लगायतका प्राकृतिक प्रकोपहरूबाट सुरक्षित रहन र सुरक्षित आवासको प्रत्याभूति गरी जीवन निर्वाह गराउन भवन निर्माण गर्दा मापदण्ड अनुसार गर्न गराउन आवश्यक छ ।

### सम्भावना र अवसर

- रणनैतिक महत्वको मदन भण्डारी राजमार्गभित्र गंगादेव गाउँपालिका पनि पर्ने भएकाले व्यापारिक, प्रशासनिक र औद्योगिक दृष्टिकोणले सुरक्षित ठुला भवनहरू निर्माण हुन सक्ने सम्भावना रहेको छ । गंगादेवको सुख्खा ओडार हुँदै निर्माणाधिन मदन भण्डारी राजमार्ग र त्यसले पार्ने प्रभावका कारण भवन निर्माण आचारसहिंता अनुसारका आधुनिक भवन निर्माण गरी छरिएर रहेका बस्तीहरूलाई एकीकृत बस्तीमा रूपान्तरण गर्ने सम्भावना रहेको छ ।

- गंगादेव गाउँपालिका यातायात सञ्जालमा जोडिएसँगै गाउँबासीहरूले पक्की घर निर्माण गर्ने क्रममा रहेकाले गाउँपालिकाले घर निर्माणको मापदण्ड तयार गरी लागु गर्न सके जोखिम प्रतिरोधात्मक, वातावरण अनुकूल, पर्यटनमैत्री गाउँ निर्माण हुन सक्ने सम्भावना रहेको छ ।
- बदलिँदो परिस्थितिसँगै मानिसमा सहरीकरणको प्रवृत्ति बढेको, अव्यवस्थित बस्तीको विकासले उत्पादनयोग्य जमिनलाई ओगटेको, संघीयता कार्यान्वयनसँगै जनताको सेवाका लागि प्रशासनिक तथा सामुदायिक संरचनाहरू नयाँ निर्माण गर्नुपर्ने भएकाले एकीकृत सार्वजनिक सेवा र आवास तथा स्मार्ट सिटी निर्माण गर्न सकिने संभावना रहेको छ ।

### समस्या र चुनौती

- मदन भण्डारी राजमार्गको निर्माणसँगै त्यस आसपासका क्षेत्रको दिगो विकासका लागि सरकारले नीति, कार्यक्रमको घोषणा गरी बजेटको विनियोजन गर्न सकिरहेको छैन । कतिपय प्रक्रियागत उल्झन र कार्यान्वयनमा भएको ढिलासुस्तीका कारण व्यापारिक, प्रशासनिक र औद्योगिक दृष्टिकोणले सुरक्षित ठुला भवनहरू निर्माण हुन सकिरहेका छैनन् ।
- गंगादेव बजार र मुख्य सडकसँग जोडिएका प्रमुख वस्तीहरुको सडकसँगै भवन आचारसंहिता अनुसारका आधुनिक भवन निर्माण गरी छरिएर रहेका बस्तीहरूलाई एकीकृत बस्तीमा रूपान्तरण गर्न दीर्घकालीन योजना बनाउने सोच नहुनु,
- संघीयता कार्यान्वयनसँगै स्थापना भएको गंगादेव गाउँपालिकाले भवन निर्माण सम्वन्धि दीर्घकालीन योजना ल्याउन नसक्नु,
- सार्वजनिक सेवालाई एकीकृत रूपमा प्रवाह गर्नका लागि निर्माण गर्नुपर्ने संरचनाहरूको डिपिआर समयामा गराउन नसक्नु तथा स्रोत जुटाउन नसक्नु,

### क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### सोच

**"सुरक्षित, भरपर्दो र विपद् प्रतिरोधात्मक संरचनाको विकास: पर्यावरण मैत्री आवासका लागि निकास"**

#### लक्ष्य

- भवन निर्माण संहिता (भूकम्प प्रतिरोधात्मक, प्रविधि, पर्यावरण र लैंगिक तथा अपाङ्गमैत्री) बमोजिमका सुरक्षित सार्वजनिक तथा निजी भवन निर्माण गर्ने,

#### उद्देश्य

- छिटो छरितो प्रविधिमैत्री गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्नका लागि गाउँपालिकाका सम्पूर्ण प्रशासनिक भवनहरू भूकम्प प्रतिरोधात्मक, प्रविधि, पर्यावरण र लैंगिक तथा अपाङ्गमैत्री र सुरक्षित भवन निर्माण गर्नु,
- एकीकृत आवास तथा बस्ती विकास गरी अनाधिकृत, अव्यवस्थित र छरिएर रहेका विपन्न तथा सीमान्तकृत घर परिवारलाई सुरक्षित आवासको व्यवस्था गर्नु,

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • सेवा ग्राहीलाई पायक पर्ने स्थानमा सार्वजनिक सेवा प्रवाहका लागि भवन निर्माण गर्ने,<br>• साविकका सार्वजनिक भवनहरूको आधुनिक प्रविधिका माध्यमबाट स्तरोन्नति गर्ने,<br>• आवासीय बस्तीहरूमा वातावरण मैत्री भौतिक पूर्वाधार तथा सेवाहरूको विस्तार गर्ने, | • जोखिमयुक्त स्थानको पहिचान गरी ती ठाउँमा हुन सक्ने बस्ती विस्तार कार्यलाई निरुत्साहित गर्ने,<br>• निजी तथा सार्वजनिक भवन निर्माणका कार्य गर्दा हुने वातावरणीय प्रभावको न्यूनीकरणका उपाय अवलम्बन गर्ने,<br>• निजी तथा सार्वजनिक भवन निर्माण गर्नका लागि एकीकृत विकास गुरुयोजना निर्माण गरी क्रमागत रूपमा पूर्वाधार निर्माण गर्ने,<br>• माग र आवश्यकताका आधारमा पालिकाका सार्वजनिक भवनहरू सबैलाई पायक पर्ने स्थानमा निर्माण गर्ने,<br>• सार्वजनिक सेवा प्रदायक भवनहरूमा विद्युत्‌ीकरण, प्रविधीकरण गर्नुका साथै खानेपानी, शौचालय र सेवा प्रवाहको सहजताका लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने,<br>• अव्यवस्थित रूपमा बसोबास गर्दै आएका विपन्न, गरिब, असहाय र जोखिममा रहेका घरपरिवारलाई सुरक्षित स्थानमा आधारभूत पूर्वाधार सहितको बस्ती निर्माण गरी स्थानातरण गर्ने,<br>• जोखिमयुक्त र छरिएर रहेका बस्तीको दिगो व्यवस्थापन गर्ने,<br>• बजारउन्मुख तथा बाक्लो बस्ती रहेका राजमार्ग क्षेत्रको बस्ती व्यवस्थित गर्ने, |

गंगादेव गाउँपालिका

## प्रमुख कार्यक्रम

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | पालिका स्तरीय | | | | | | | | | | | |
| १ | गाउँपालिकाको प्रशासकीय भवन निर्माण | १ | | १ | | | | | | ५००००००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | गंगादेव गाउँपालिका वडा नं. १ वडा कार्यालय भवन निर्माण | वटा | गंगादेव गाउँपालिका वडा नं. १ | १ | | | | | १ | १७,८७२,००१ | प्रदेश, स्थानीय | ३ |
| ३ | गंगादेव गाउँपालिका वडा नं. ५ वडा कार्यालय भवन निर्माण | वटा | गंगादेव गाउँपालिका वडा नं. ५ | १ | | | | | १ | १८,००३,६०५ | संघ, प्रदेश | १ |
| ४ | सबै वडामा मसानघाट व्यवस्था | | | | | | | | १ | १००००००० | प्रदेश स्थानीय | २ |
| | वडा नं १ | | | | | | | | | | | |
| १ | वडा कार्यालय भवन निर्माण | वटा | मेलडाँरी | १ | | | | | १ | ३०००००० | संघ, प्रदेश | १ |
| | वडा नं २ | | | | | | | | | | | |
| १ | २ नम्बर वडाकार्यालय भवन निर्माण | वटा | वडा नं. २ | १ | | | | | १ | १००००००० | संघ, प्रदेश | २ |
| | वडा नं ३ | | | | | | | | | | | |
| १ | मगंराखोला मसानघाटमा प्रतिक्षालय भवन निर्माण | वटा | वडा नं. ३ | | १ | | | | १ | १५००००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | जनज्योती नव प्रतिभा संस्था भवन निर्माण | वटा | वडा नं. ३ | | १ | | | | १ | २०००००० | प्रदेश, स्थानीय | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | चाख्लेपातल प्रतिक्षालय निर्माण | वटा | वडा ३ | | | | १ | | १ | ७००००० | संघ, प्रदेश | १ |
| | **वडा नं. ४** | | | | | | | | | | | |
| १ | सेवाग्राही प्रतिक्षालय निर्माण | वटा | वडा नं ४ | १ | | | | | १ | १०००००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | वडा कार्यालय पक्की घेरबार | मि. | वडा नं ४ | | ४०० | | | | ४०० | ७००००० | संघ, प्रदेश | १ |
| ३ | वडा कार्यालयको सभाहल निर्माण | वटा | वडा नं ४ | १ | | | | | १ | ५००००० | प्रदेश, स्थानीय | ३ |
| | **वडा नं. ५** | | | | | | | | | | | |
| १ | पाँच नम्बर वडा भवन निर्माण | वटा | वडा नं ५ | | १ | | | | १ | १०००००००० | संघ, प्रदेश | १ |
| २ | सामुदायिक भवन निर्माण | वटा | वडा नं ५ | १ | | | | | १ | १५००००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ६** | | | | | | | | | | | |
| १ | वडा कार्यालय भवन थप तल्ला निर्माण | वटा | वडा नं. ६ | | | | १ | | १ | ३०००००० | संघ, प्रदेश | २ |
| २ | वडा कार्यालय घेराबार तथा फिल्ड निर्माण | वटा | वडा नं. ६ | | | | | १ | १ | १०००००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ७** | | | | | | | | | | | |
| १ | जायछहरी युवा क्लब २ काठे भवन निर्माण | वटा | जायाखोला | १ | | | | | १ | १०००००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | हिम शिखर जनजागरण युवा क्लब भवन निर्माण | वटा | तिमिले | | १ | | | | १ | १५००००० | प्रदेश, स्थानीय | ३ |
| ३ | वडा नं. ७ वडा कार्यालय भवन घेराबार | वटा | वडा कार्यालय | | | १ | | | १ | २०००००० | संघ, प्रदेश | १ |
| | **जम्मा** | | | | | | | | | **८४,५७५,६०६** | | |

**अपेक्षित उपलब्धिः**

भवन निर्माण संहिता (भूकम्प प्रतिरोधात्मक, प्रविधि, पर्यावरण र लैंगिक तथा अपाङ्ग मैत्री) बमोजिमका सुरक्षित सार्वजनिक तथा निजी भवन निर्माणको मापदण्ड बनाइ लागु गरिएको हुनेछ । छिटो छरितो प्रविधिमैत्री गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्नका लागि गाउँपालिकाका सम्पूर्ण प्रशासनिक भवनहरू भूकम्प प्रतिरोधात्मक, प्रविधि, पर्यावरण, लैंगिक तथा अपाङ्ग मैत्री र सुरक्षित भवन निर्माण भएका हुनेछन् । एकीकृत आवास तथा बस्ती विकास गरी अनाधिकृत, अव्यवस्थित र छरिएर रहेका विपन्न तथा सीमान्तकृत घर परिवारलाई सुरक्षित आवासको व्यवस्था गरिएको हुनेछ ।

गंगादेव गाउँपालिका

# परिच्छेद आठ
# वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र विकास योजना

## पृष्ठभूमि

यस अध्यायमा गंगादेव गाउँपालिकाको दीर्घकालीन योजनाको प्रारूपलाई मध्यनजर गरी Terms of Reference (TOR) मा उल्लिखित वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र विकास योजनाका उपक्षेत्रलाई समेटिएको छ। वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको विकास योजना अन्तर्गत वन तथा वातावरण, विपद् व्यवस्थापन, वातावरण संरक्षण र जलवायु परिवर्तन जस्ता उपक्षेत्रहरू पर्दछन् । यी उपक्षेत्रहरूको समुचित विकासका लागि गाउँपालिकाले लिएका सोच, लक्ष्य, उद्देश्य, रणनीति कार्यनीति प्रमुख कार्यक्रम र अपेक्षित उपलब्धिलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## ८.१ वन तथा वातावरण

वन तथा वातावरण क्षेत्र प्रत्यक्ष रूपमा पर्यापर्यटन, कृषि, पशुपालन, स्वच्छ पर्यावरण, जडिबुटी र जलविद्युत्मा आधारित उद्योगसँग सम्बन्धित रहेको छ । यस क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडिबुटी, हरित उद्यम र पर्यापर्यटन (Eco-tourism) को विकास र विस्तार सम्बृद्धिका आधार हुन् । जन सहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहेको छ। त्यस्तै दिगो विकासका लागि प्रकृति संरक्षणको राष्ट्रिय रणनीतिक प्रारूप २०७२ जारी भई गाउँपालिकामा समेत यो कार्यक्रम कार्यान्वयनमा रहेको छ। वन सम्पदाको संरक्षण, सम्बर्द्धन तथा दिगो उपयोग गर्ने र गाउँपालिकाको आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा योगदान अभिवृद्धि गर्न आवश्यक छ। त्यसरी नै स्थानीय स्तरमा विकास निर्माणका क्रममा वातावरण प्रदुषण जस्ता समस्या टड्कारो रूपमा देखिएका छन् । वायु र जल प्रदुषणले मानिसमा विभिन्न रोगहरू समेत निम्ताएको छ । प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन हुन आवश्यक छ । स्थानीय तहमा मानव अनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनु पर्ने आवश्यकता रहेको छ । फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक स्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदुषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन गर्न सकिने हुनाले यसैमा आधारित रहेर यस योजनाको निर्माण गरिएको छ ।

### सम्भावना र अवसर

- उपलब्ध वन क्षेत्रबाट वनपैदावारको औद्योगिक उपयोग तथा कार्वन व्यापार गरी अर्थोपार्जन गर्ने सम्भावना रहेको छ ।
- गंगादेव गाउँपालिकामा रहेका निजी तथा सार्वजनिक खाली जमिन, खोला तटीय क्षेत्र र सडकका किनारमा सामुदायिक वन उपभोक्ता समितिसँगको सहकार्यमा वृक्षारोपन गरी भूक्षयको नियन्त्रण र पर्यावरण सन्तुलन कायम गर्ने सम्भावना रहेको छ ।
- जिल्ला वन कार्यालय, सामुदायिक वन उपभोक्ता समिति, वन तथा वातावरण सम्बन्धी काम गरिरहेका संघसंस्था र विकास साझेदार निकायहरूसँगको सहकार्यमा प्रत्येक वर्ष अनिवार्य रूपमा खाली जमिन, खोला तटीय क्षेत्र र सडकका किनारमा वृक्षारोपन कार्यक्रम सञ्चालन गरी गंगादेव गाउँपालिकालाई हराभरा बनाउँन सकिने प्रशस्तै संभावना छ ।
- भौतिक एवं आर्थिक विकासका कार्यक्रम संचालन गर्दा स्थानीय स्तरमा उपलब्ध वन, जलाधार, वनस्पति तथा जैविक विविधताको सदुपयोग गरी लाभ लिन सकिन्छ ।

गंगादेव गाउँपालिका

- औषधीजन्य तथा मानवहितकारी जडिवुटीको संरक्षण सम्बर्द्धन र व्यापार गरी आर्थिक लाभ लिन सकिने सम्भावना रहेको छ ।
- प्राकृतिक वन तथा वातावरणको संरक्षण गरी जैविक विविधता युक्त परिवेशमा वन्यजन्तु तथा पंक्षीको संरक्षण गरी पर्यापर्यटनको माध्यमबाट लाभ लिन सकिने सम्भावना रहेको छ ।

## समस्या र चुनौती

- वन क्षेत्रको स्थानीय अर्थतन्त्रमा उल्लेख्य रूपमा योगदान पुग्ने गरी व्यावसायिक व्यवस्थापन र उपयोग गर्न नसक्नु,
- पूर्वाधार विकास र पर्यावरणीय प्रणालीबीच योजनाबद्ध तरिकाले सन्तुलन कायम गर्न नसक्नु,
- वन अतिक्रमण, वन्यजन्तुको अवैध चोरी शिकार तथा व्यापार, वन्य जन्तुको प्रकोप, मानव र वन्यजन्तु बीचको द्वन्द्वलाई प्रभावकारी रूपमा नियन्त्रण एवं व्यवस्थापन गर्न नसक्नु,
- वन अतिक्रमण बढ्दै जानु, वन पैदावारको चोरी निकासी, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा संकलन तथा निकासी हुनु,
- बढ्दो जनसंख्या, शहरीकरण, भू-उपयोगमा आएको परिवर्तन, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदुषण, बाह्य मिचाहा झार (Invasive plant species) को प्रकोप, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु,
- नागरिक सचेतना कम हुनु, वन जंगलको अतिक्रमण तथा ह्रास हुनु, विषादीको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकासबीच सामन्जस्यता स्थापित हुन नसक्नु,
- हरित गंगादेव बनाउन वन क्षेत्रको संरक्षण र विस्तार गरी जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम संचालन गर्न नसक्नु र
- जलवायु परिवर्तनका कारण वन तथा वातावरणमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न नसक्नु ।

## क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### सोच

**"वन तथा वातावरणको संरक्षणः स्वच्छ र स्वस्थ जीवनको भरण"**

### लक्ष्य

- वन पैदावार उद्यम तथा पर्यापर्यटन र कार्बन व्यापार मार्फत स्थानीय अर्थतन्त्रमा सुधार गर्ने,
- वन तथा वातावरणको संरक्षण मार्फत जैविक विविधता कायम गरी स्वच्छ र स्वस्थ वातावरणको निर्माण गर्ने,

### उद्देश्य

- गंगादेव गाउँपालिकामा उपलब्ध वनको वैज्ञानिक रूपमा दिगो व्यवस्थापन गर्नु,
- स्वच्छ र स्वस्थ वातावरण निर्माणका लागि वन तथा वातावरणमैत्री जैविक विविधता संरक्षण गर्नु,
- वन अतिक्रमण, वन पैदावारको चोरी निकासी, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा संकलन तथा निकासी कार्यको नियन्त्रण गर्नु,

- वन तथा वातावरणको महत्व र पर्यावरणीय सन्तुलन कायम गर्नका लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्नु,
- वन तथा वातावरणसँग सम्बन्धित उद्यमहरू संचालन गर्नु,
- आर्थिक उपार्जन, वनको संरक्षण र दिगो उपयोगका लागि लाभ दिनयोग्य रुखको कटान गरी नयाँ विरुवा रोप्ने कार्यक्रम संचालन गर्नु,
- आर्थिक उपार्जन, पर्यटकीय गन्तव्यको विकास र जैविक विविधता कायम गर्नका लागि वन्यजन्तुको संरक्षण र सम्बर्द्धन गर्नु,
- गाउँपालिकामा संञ्चालन हुने उत्पादनमूलक उद्योग तथा विकास आयोजनाका पूर्वाधार निर्माण गर्दा वातावरणमैत्री बनाउनु र
- प्रदुषणमुक्त स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो ध्वनि लगायत सबै प्रकारका प्रदुषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • वन तथा वातावरण र पारिस्थितिकीय प्रणालीको संरक्षणका लागि स्थानीय स्तरमा नीति निर्माण गर्ने,<br>• वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको एकीकृत रूपमा संरक्षण, सम्बर्द्धन र व्यवस्थापन गर्ने,<br>• नदी तथा जलाधारको पारिस्थितिकीय प्रणाली संरक्षण गर्ने,<br>• सहभागितात्मक वन, जैविक विविधता तथा जलाधार व्यवस्थापन गर्दै वनपैदावार जन्य वस्तुको व्यापार गरी प्राप्त लाभको न्यायोचित वितरण गर्ने, | • संघीय तथा प्रादेशिक वन कानुनले समेट्न नसकेका स्थानीय वन संरक्षण, सम्बर्द्धन र दिगो उपयोग सम्बन्धी कानुनको निर्माण गर्ने,<br>• वन क्षेत्रको दिगो व्यवस्थापनमा सरकारी तथा गैरसरकारी निकाय, वन उपभोक्ता समिति लगायत सरोकारवालासँगको सहकार्यमा वन नर्सरीको स्थापना गरी निजी तथा सामुदायिक वन, खाली जमिन, नदी तटीय क्षेत्र र सडकका किनारमा वृक्षारोपन कार्यक्रम संञ्चालन गर्ने,<br>• सामुदायिक वन व्यवस्थापन मार्फत वन नर्सरीको स्थापना गरी सरकारी जग्गाहरूमा व्यावसायिक कृषि वन र वनजन्य उद्यम संचालन गर्ने,<br>• निजी बाँझा जग्गाहरूमा निजी तथा पारिवारिक वन कार्यक्रमका माध्यमबाट व्यावसायिक कृषि वन र वनजन्य उद्यम संचालनका लागि अभियान संचालन गर्ने,<br>• खोला कटान, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/बालुवा संकलन, फोहार मैला व्यवस्थापन, पलाष्टिक, पहिरो तथा भू-क्षय, वन डढेलो, वायु प्रदुषण नियन्त्रण गर्ने,<br>• उत्पादनमा आधारित पर्यापर्यटन, काष्ठ फर्निचर लगायतका उद्योग स्थापना गरी आर्यआर्जनमा वृद्धि गर्ने,<br>• बस्ती नजिकको पहिरो तथा क्षतिग्रस्त भूमिहरूको पुनरुत्थानको लागि कम खर्चिलो प्रविधि र कृषि वन प्रणालीको विकास गर्ने,<br>• खोलाजन्य वन पैदावर, ढुङ्गा, गिटी आदि वस्तुहरूको उत्खण्डन, संकलन, प्रशोधन, ओसार पसार र बिक्री वितरणलाई नियमन गरी व्यवस्थित एवं दिगो उपयोग गर्ने,<br>• प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो ध्वनि लगायत सबै प्रकारका प्रदुषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्ने, |

| | |
|---|---|
| • वातावरणमैत्री प्रविधि विकास तथा विस्तार गरी उत्पादनमूलक उद्योग स्थापना तथा पूर्वाधार निर्माण गर्ने,<br>• वन वातावरण र जलाधार क्षेत्रको संरक्षणका लागि लैंगिक तथा सीमान्तकृत समुदायको समावेशीकरणमा जोड दिने,<br>• वन वातावरण तथा जलाधार क्षेत्रको संरक्षण र दिगो उपयोगका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँगको सहकार्यमा अध्यन, अनुसन्धान र जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, | • वन ह्रासलाई न्यूनीकरण गर्न वन अतिक्रमण, चोरी निकासी, वन डढेलो जस्ता अपराधलाई निरुत्साहन र मिचाहा बाह्य प्रजाति (Invasive species) को नियन्त्रण गर्ने,<br>• वन तथा वातावरणको प्राकृतिक सन्तुलन कायम गर्न उद्योग तथा पूर्वाधारको निर्माणका लागि वातावरणीय मूल्याङ्कन (BES/IEE/EIA) अनिवार्य रूपमा गराइ वातावरणीय मूल्याङ्कनका निष्कर्षहरूको प्रभावकारी कार्यान्वयन गर्ने,<br>• वातावरणमैत्री उत्पादनलाई प्रोत्साहन तथा विशेष अनुदानको व्यवस्था गर्ने,<br>• वन तथा वातावरण, जैविक विविधता, जलाधार संरक्षण सम्बन्धी विषयवस्तु स्थानीय शैक्षिक पाठ्यक्रममा समावेश गर्ने,<br>• वन, जैविक विविधता तथा जलाधारको संरक्षण, सम्बर्द्धन, दिगो उपयोग तथा व्यवस्थापनमा समावेशीमूलक सहभागिताको सुनिश्चितता गर्ने,<br>• वन पैदावार मानवहितकारी जडीबुटी संकलन तथा खेती विस्तार गर्ने,<br>• पालिकाभित्र भौतिक पूर्वाधार निर्माण गर्दा अनिवार्य रूपमा बायोईन्जिनियरिङ्ग गर्ने,<br>• फोहर व्यवस्थापन क्षेत्र (Dumping site) निर्धारण गरी आवश्यक पूर्वाधार निर्माण फोहोर मैला व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग गर्ने,<br>• सुधारिएको चुलो तथा वैकल्पिक उर्जा प्रबर्द्धन कार्यक्रम संचालन गर्ने,<br>• स्थानीय सरकार, सामुदायिक वन र निजी तथा सहकारी क्षेत्रको सहकार्यमा वन्यजन्तुको पालन, प्रजनन, व्यावसायीकरण गरी स्थानीय आय स्रोतमा वृद्धि गर्ने,<br>• स्थानीय सरकार, निजी, सहकारी तथा सामुदायिक संघ संस्थासँगको सहकार्यमा काष्ठ तथा जडिबुटीमा आधारित उद्योगको स्थापना गर्ने,<br>• विद्यार्थीलाई वन तथा वातावरण व्यवस्थापन, वन उपभोक्ता समिति परिचालन र वनमा आधारित उद्योग संचालन विषयमा इन्टर्नसीप कार्यक्रम संचालन गर्ने,<br>• स्थानीय रैथाने वनस्पति लगायत उपयोगी जडिबुटीको अध्ययन अनुसन्धान तथा विकास गर्ने र<br>• वन क्षेत्रको उत्पादकत्व वृद्धि र जैविक विविधता संरक्षण गर्न स्थानीय युवा क्लब, संघसंस्था, वन उपभोक्ता समिति लगायतको क्षमता र सीप विकास तथा प्रचार प्रचार कार्यक्रम संचालन गर्ने । |

## प्रमुख कार्यक्रमहरू

### वन तथा भूसंरक्षण

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | ३ | वर्ष ५ | लक्ष्य | | | |
| | वडा नं. १ | | | | | | १ | | | | | |
| २ | गराली खोला जाली निमार्ण | वटा | गरालीखोला | | १ | | २ | | १ | ३००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ३ | मुलागैरा जाली निमार्ण | वटा | मुलागैरा | | १ | | ३ | | १ | ३००,००० | प्रदेश, स्थानीय | ३ |
| ४ | रातामाटा खोला जाली निमार्ण | वटा | रातामाटा | | | | १ | | १ | ३००,००० | संघ, प्रदेश | १ |
| ५ | गैरनेटी कुवापानी जाली निमार्ण | वटा | गैरनेटी | | | १ | ३ | | १ | ३००,००० | प्रदेश स्थानीय | २ |
| ६ | किचकिचे खोला जाली निमार्ण | वटा | किचकिचे चौर | | १ | | २ | | १ | ३००,००० | संघ, प्रदेश | ३ |
| ७ | छहरेपानी खोला जाली निमार्ण | वटा | छहरेपानी | १ | | | १ | | १ | ३००,००० | संघ, प्रदेश | १ |
| | वडा नं.२ | | | | | | ३ | | | | | |
| १ | वृक्षारोपन कार्यक्रम | पटक | मेलडाँडा सामुदायिक वन | १ | १ | १ | १ | १ | ५ | १००,००० | प्रदेश, स्थानीय | १ |
| | | | दुधलाइन पोखरी | १ | १ | १ | २ | १ | ५ | १००,००० | प्रदेश, स्थानीय | ३ |
| | | | रातामाटा सामुदायिक वन | १ | १ | १ | ३ | १ | ५ | १००,००० | संघ, प्रदेश | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | रमाइ सामुदायिक वन | १ | १ | १ | १ | १ | ५ | १००,००० | संघ, प्रदेश | २ |
| | | | सुकीदह सामुदायिक वन | १ | १ | १ | ३ | १ | ५ | १००,००० | संघ, प्रदेश | ३ |
| | | | घरविर सामुदायिक वन | १ | १ | १ | २ | १ | ५ | १००,००० | संघ, प्रदेश | १ |
| | | | डाँराघारी सामुदायिक वन | १ | १ | १ | १ | १ | ५ | १००,००० | संघ, प्रदेश | ३ |
| | | | वरामेला रातामाटा सामुदायिक वन | १ | १ | १ | ३ | १ | ५ | १००,००० | संघ, प्रदेश | २ |
| | **वडा नं.३** | | | | | | १ | | | | | |
| १ | लालीगुरास सामुदायक वन वृक्षारोपण कार्यक्रम | हेक्टर | निपाने | | १ | | २ | | १ | १००,००० | संघ, प्रदेश | १ |
| २ | लालीगुरास समुदायक वन तारवार | मिटर | निपाने | | | २०० | ३ | १०० | ५०० | ३००,००० | संघ, प्रदेश | ३ |
| ३ | तारजालि निर्माण | हेक्टर | भितापाखो | | १ | १ | १ | | २ | १,५००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ४ | बाह्र जथाक समुदायक वन कार्यक्रम तारजाली तथा भवन निर्माण | हेक्टर | बहर जथाक | | | १ | ३ | | १ | १,५००,००० | प्रदेश, स्थानीय | २ |
| ५ | ठारा पातल मुलगौरा सामुदायक वन उपभोक्ता कार्यक्रमः तारजाली तथा भवन निमार्ण | वटा | ठाडापातल भुलगैटा | | १ | | २ | | १ | १,५००,००० | संघ, प्रदेश | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | दुर्गा सामुदायक वन कार्यक्रम तारजाली तथा भवन निमार्ण | हेक्टर | दुर्गा सामुदायक वन | | ३ | | १ | | ३ | १,५००,००० | प्रदेश स्थानीय | १ |
| ७ | लालिगुँरास सामुदायक वन कार्यक्रम | हेक्टर | लालिगुराँस वन | ३ | २ | | ३ | | ५ | १००,००० | संघ, प्रदेश | ३ |
| ८ | वृक्षारोपन तार जालि भवन निर्माण | विरुवा उत्पादन | लालिगुराँस वन | २०० | २०० | २०० | १ | २०० | १००० | ५०,००० | संघ, प्रदेश | २ |
| १० | गोढीखोला तटबन्ध ( खोलामा) | कि..मी | गोठिखोला | | | १ | २ | | १ | २,०००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| ११ | झयाम देखि वडा कार्यालय सम्म तटबन्ध | कि..मी | भ्याम देखि घ नं. वडा | | ३ | | ३ | | ३ | २,०००,००० | प्रदेश, स्थानीय | ३ |
| १२ | बखुर देखि गोठिखोला सड्क तटबन्ध | कि..मी | बखुर देखि गोठिखोला | | | ५ | १ | | ५ | १,५००,००० | संघ, प्रदेश | १ |
| १३ | खौला छेर्ना ढोरिनी सडक तटबन्ध | कि..मी | खौलाढेनी देखि ढोरेनी | | ३ | | ३ | | ३ | १,५००,००० | प्रदेश स्थानीय | २ |
| | **वडा नं.४** | | | | | | २ | | | | | |
| १ | सिद्धगुफा गुफा सामुदायिक वन | | पाखापानी १ | | | | १ | | | | संघ, प्रदेश | १ |
| १.१ | रमखोला वन वृक्षारोपन | बोट संख्या | पाखापानी १ | ५०० | ८०० | | ३ | | १३०० | १००,००० | संघ, प्रदेश | ३ |
| १.२ | रमखोला पोखरी निर्माण | वटा | पाखापानी १ | ६ | | | १ | | ६ | १,३००,००० | संघ, प्रदेश, स्थानीय | २ |
| १.३ | राम्री पाखा वन वृक्षारोपन | बोट संख्या | पाखापानी १ | ३०० | | | २ | | ३०० | १२०,००० | प्रदेश, स्थानीय | १ |
| १.४ | डलसिङ्गे रिचार्ज पोखरी | वटा | पाखापानी १ | | १ | | ३ | | १ | २००,००० | संघ, प्रदेश | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.५ | डलसिङ्गे वन वृक्षारोपन | बोट संख्या | पाखापानी १ | | ३०० | | १ | | ३०० | १५०,००० | प्रदेश स्थानीय | १ |
| १.६ | डलसिङ्गे वन घेरावार | कि..मी | पाखापानी १ | | ५ | | ३ | | ५ | ५००,००० | संघ, प्रदेश | २ |
| २ | **भिरगैरा सामुदायिक वन उपभोक्ता समिती** | | | | | | २ | | | | | ३ |
| २.१ | पङग्रेनी खानेपानी वृक्षारोपन | संख्या | पाखापानी | ३०० | १०० | | १ | | ३०० | १२०,००० | संघ, प्रदेश | १ |
| २.२ | भिरगैरा सामुदायिक वन वृक्षारोपन | संख्या | पाखापानी | | ३०० | ४०० | ३ | | ७०० | १००,००० | संघ, प्रदेश | ३ |
| २.३ | पारेपानी वन वृक्षारोपन | संख्या | पाखापानी | ४०० | | | १ | | ४०० | १५०,००० | संघ, प्रदेश | २ |
| २.४ | सिमाडाँडा वन वृक्षरोपन | संख्या | पाखापानी | २०० | ३०० | ३०० | २ | | ८०० | १००,००० | संघ, प्रदेश | १ |
| २.५ | पाल्लाझार वन वृक्षरोपन | संख्या | पाखापानी | | ३०० | ४०० | ३ | | ७०० | १००,००० | संघ, प्रदेश | ३ |
| २.६ | छोटीपातल वन वृक्षरोपन | संख्या | पाखापानी | | | ५०० | १ | | ९०० | १००,००० | संघ, प्रदेश | १ |
| २.७ | धुम वन वृक्षरोपन | संख्या | पाखापानी | | ३०० | | ३ | | ३०० | १२०,००० | संघ, प्रदेश | २ |
| २.८ | पाखा वन वृक्षरोपन | संख्या | पाखापानी | | ३०० | ३०० | २ | | ९०० | १००,००० | संघ, प्रदेश | ३ |
| २.९ | पलटे पोखरी निर्माण | वटा | पाखापानी | | १ | | १ | | १ | १५०,००० | संघ, प्रदेश | १ |
| २.१०. | पाल्लाझार पोखरी निर्माण | वटा | पाखापानी | | १ | | ३ | | १ | २००,००० | संघ, प्रदेश | ३ |
| २.११ | सिद्धगुफा पोखरी निर्माण | वटा | पाखापानी | | १ | | १ | | १ | २००,००० | संघ, प्रदेश | २ |
| २.१२ | धुम पोखरी निर्माण | वटा | पाखापानी | | १ | | २ | | १ | २००,००० | संघ, प्रदेश | १ |
| २.१३ | पाखा वन पोखरी निर्माण | वटा | पाखापानी | | १ | | ३ | | १ | २००,००० | संघ, प्रदेश | ३ |
| | **वडा नं.५** | | | | | | १ | | | | | |
| १ | वडा भित्रको जग्गामा विरुवा तथा वाली वृक्षारोपन | संख्या | सिमाखोला स्याला हम्पाल वथान फुल्वारी | १०० | १०० | १०० | ३ | १०० | ५०० | १,०००,००० | संघ, प्रदेश | १ |

गंगादेव गाउँपालिका

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बुढागाउँ<br>भिरगाउँ | | | | | | | | | |
| | | संख्या | महानेटा घरेली<br>भागाचौर<br>उकाला<br>उदिनढुङ्ग | १०० | १०० | १०० | २ | १०० | ५०० | १,०००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| | | संख्या | गैरागाउ<br>कूइनेटा<br>वस्नेउटा<br>सेतीगँरास | १०० | १०० | १०० | १ | १०० | ५०० | १,०००,००० | प्रदेश, स्थानीय | १ |
| | **वडा नं.६** | | | | | | ३ | | | | | |
| १ | जिल्लाधुरी सामुदायिक बन उपभोक्ता समुह गंगादेव छ रातामाटा राल्पा (विरुवा धूपि, देवदार वृक्षारोपन कार्यक्रम | वटा | जिल्ला धुरिवन रातामाटा | २०० | २०० | २०० | १ | २०० | १००० | १००,००० | प्रदेश स्थानीय | १ |
| २ | लालेखा सामुदायक वन गंगादेव छ ताप्ला (बोट किमु सल्ला) | वटा | | २०० | २०० | २०० | २ | २०० | १००० | १००,००० | संघ, प्रदेश | १ |
| ३ | भूसंरक्षण | वटा | ताप्ला | | | | ३ | | | १००,००० | संघ, प्रदेश | ३ |
| ४ | तटबन्ध | वटा | गोरजले | | | | १ | | | ३००,००० | संघ, प्रदेश | २ |
| ६ | तटबन्ध निर्माण | वटा | बाटुलेचौर | | | | ३ | | | ३५०,००० | संघ, प्रदेश | १ |
| ७ | भूसंरक्षणका लागि वृक्षारोपण | पटक | नेटापरि | १ | १ | १ | २ | १ | ५ | १००,००० | संघ, प्रदेश | ३ |
| ८ | तटबन्ध निर्माण | वटा | स्यालगंगा | | | | १ | | | ४००,००० | संघ, प्रदेश | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | तटबन्ध निर्माण | वटा | सरेनी हिले पोखरा | | | | ३ | | | ४००,००० | संघ, प्रदेश | २ |
| १० | तटबन्ध निर्माण | वटा | नरापानि हिले | | | | १ | | | ४००,००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ७** | | | | | | २ | | | | | |
| १ | दुनेला ओखरबोट जायचौर तटबन्ध निर्माण | पटक | गंगादेव गा.पा. ७ | १ | | | ३ | | १ | ५५०,००० | संघ, प्रदेश | १ |
| २ | लाँखुरीचौर देखि जायखोला सम्मको सडक तटबन्ध | पटक | गंगादेव गा.पा. ७ | | १ | | १ | | १ | ५५०,००० | संघ, प्रदेश | २ |
| ३ | ताप्ला मन्दिर देखि ताप्ला वोडीङ तटबन्ध | पटक | गंगादेव गा.पा. ७ | | | १ | ३ | | १ | ५५०,००० | संघ, प्रदेश | १ |
| ४ | ढाँरा खोला देखि विखोला डोहरा विखोला सम्म तटबन्ध | पटक | गंगादेव गा.पा. ७ | | | | २ | | १ | ५००,००० | संघ, प्रदेश | ३ |
| ५ | गोडाङ खोला देखि उपल्लो जायखोला सम्म | पटक | गंगादेव गा.पा. ७ | | | | १ | १ | १ | १००,००० | संघ, प्रदेश | १ |
| ६ | ओखरबोट टोलको वनमा पोखरी निर्माण | पटक | गंगादेव गा.पा. ७ | १ | | | ३ | | १ | २००,००० | संघ, प्रदेश | २ |
| ७ | ओखरबोट वनमा वृक्षारोपन | पटक | गंगादेव गा.पा. ७ | | १ | | १ | | १ | १००,००० | संघ, प्रदेश | ३ |
| ८ | वर्मथान घाटदेखि गहतरासम्म तारजाली | पटक | गंगादेव गा.पा. ७ | | | १ | २ | | १ | ५००,००० | संघ, प्रदेश | १ |
| ९ | खाली चौर वनमा नास्पाती खेती | बोट | गंगादेव गा.पा. ७ | १०० | १०० | १०० | ३ | १०० | ५०० | २५,००० | संघ, प्रदेश | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | झारापातल वाखलडाडा वन र आराखोलाको वनको सिमामा काँडेतार घेरावार | पटक | तिमिले | १ | | | १ | | १ | ५००,००० | संघ, प्रदेश | २ |
| ११ | तटबन्ध निर्माण | | नुनथला, ठाराखोला, धप्री, चक्कुहाल्ने, आराखोला, जायचौर, बिखोला, ओखरबोट, ताप्ला, उपल्लोजाय | | | | ३ | | | १००००००० | संघ, प्रदेश | घ |
| | **जम्मा** | | | | | | २ | | | ३९,१८५,००० | | |

## जलाधार संरक्षण

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यर्होने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | ओइली खा.पा. जलाधार मुहान संरक्षण | पटक | ओइती | १ | १ | १ | १ | १ | ५ | २००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | फुर्चे खोला मुहान संरक्षण | पटक | फुर्चे खोला | | १ | | | | १ | १५०,००० | प्रदेश, स्थानीय | ३ |
| ३ | कुवापानी मुहान संरक्षण | पटक | कुवापानी चौर | | | १ | | | १ | २००,००० | संघ, प्रदेश | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | गैरनेटी मुहान संरक्षण | पटक | गैरनेटीती | | | | १ | | १ | २००,००० | प्रदेश स्थानीय | २ |
| ५ | साउनेपानी मुहान संरक्षण | पटक | साउन पानी | १ | १ | १ | १ | १ | ५ | २००,००० | संघ, प्रदेश | ३ |
| ६ | थारेदार मुहान संरक्षण | पटक | शिवनगर | १ | | १ | | १ | ३ | २००,००० | संघ, प्रदेश | १ |
| ७ | चौराखोला मुहान संरक्षण | पटक | चौर | | १ | | १ | | २ | २००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ८ | कालेखोला मुहान संरक्षण | पटक | भूर्ति | १ | १ | १ | १ | १ | ५ | २००,००० | प्रदेश, स्थानीय | २ |
| | **वडा नं. २** | | | | | | | | | | | |
| १ | ओइलाम पुर्णपानी मुहान संरक्षण | पटक | वडा नं. २ | १ | | | | | १ | २००,००० | प्रदेश स्थानीय | १ |
| २ | वडामेला धाराचौर मुहान संरक्षण | पटक | वडा नं. २ | | १ | | | | १ | २००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ३ | पनेरा चौर मुहान संरक्षण | पटक | वडा नं. २ | | | १ | | | १ | २००,००० | प्रदेश, स्थानीय | १ |
| ४ | सिमपानी हेलङ खोला मुहान संरक्षण | पटक | वडा नं. २ | | | | १ | | १ | २००,००० | संघ, प्रदेश | २ |
| ५ | फारुला सिमालेपानी मुहान संरक्षण | पटक | वडा नं. २ | | | | | १ | १ | २००,००० | प्रदेश स्थानीय | ३ |
| ६ | घरभिर ओखरारुखती मुहान संरक्षण | पटक | वडा नं. २ | १ | | | | | १ | २००,००० | संघ, प्रदेश | १ |
| ७ | काफलबोट खोला मुहान संरक्षण | पटक | वडा नं. २ | | १ | | | | १ | २००,००० | संघ, प्रदेश | ३ |
| | **वडा नं. ३** | | | | | | | | | | | |

गंगादेव गाउँपालिका

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तिलेधुरु सा. व ज.स. कार्यक्रम : मुल संरक्षण गर्ने पोखरी निर्माण तथा वृक्षारोपन गर्ने | हेक्टर | तिनेधुरु सा.व. | | | १० | | | १० | १५०,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | मितापाखो सा.व. कार्यक्रमः मुलसंरक्षण तथा पोखरी निर्माण | हेक्टर | भितापाखो वन | | | २ | | | २ | २००,००० | प्रदेश, स्थानीय | ३ |
| ३ | वाहर जथाक वन कार्यक्रम मुल संरक्षण तथा पोखरी निर्माण | हेक्टर | बाहर जथाक | | | | ५ | | ५ | २००,००० | संघ, प्रदेश | १ |
| ४ | अक्षपातल मुलागैरा वन कार्यक्रम | हेक्टर | ठारा वा तल | | ७७ | | | | ७७ | २००,००० | प्रदेश स्थानीय | २ |
| ५ | वडा भित्रका पुराना कुवाहरु सँरक्षण मर्मत | हेक्टर | ३ नं. वडा भित्र | | | | | | २०० | २५०,००० | संघ, प्रदेश | ३ |
| ६ | वडा भित्रका खाली ठाउँमा वृक्षारोपण | बोट | ३ नं. वडा भित्र | २००० | २००० | २००० | २००० | २००० | १०००० | १५०,००० | संघ, प्रदेश | १ |
| | **वडा नं. ४** | | | | | | | | | | | |
| १ | लालीगुराँस सामुदायिक वन जलाधार संरक्षण | पटक | पाखापानी | | १ | | | | १ | १००,००० | प्रदेश, स्थानीय | १ |
| २ | गुइचाखोला वृक्षारोपन तथा रिचार्ज पोखरी निर्माण | विरुवा संख्या | पाखापानी | ३०० | | | | | ३०० | २५०,००० | संघ, प्रदेश | ३ |
| ३ | काला खोला वन वृक्षारोपन | विरुवा संख्या | पाखापानी | | २५० | | | | २५० | २००,००० | संघ, प्रदेश | १ |
| | **वडा नं. ५** | | | | | | | | | | | |
| १ | खानेपानी मुहान संरक्षण | पटक | ठुला खोला हम्पाल | १ | १ | १ | १ | १ | ५ | ३००,००० | | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पटक | मछाड्ने चौर खोला मुहान हम्पाल | १ | १ | १ | १ | १ | ५ | ३००,००० | प्रदेश, स्थानीय | १ |
| | | पटक | फुलबास घामतारा महान | १ | १ | १ | १ | १ | ५ | ३००,००० | संघ, प्रदेश | ३ |
| | | पटक | भाक्रीसल्ला वालवोध जाने मुहान | १ | १ | १ | १ | १ | ५ | ३००,००० | प्रदेश स्थानीय | २ |
| | | पटक | दल्लुगेरा लेख मुहान | १ | १ | १ | १ | १ | ५ | ३००,००० | संघ, प्रदेश | १ |
| | | पटक | भाक्रीसल्ला काफलगरी मुहान | १ | १ | १ | १ | १ | ५ | ३००,००० | संघ, प्रदेश | ३ |
| | | पटक | जालिमे खोला मुहान ( वथान) | १ | १ | १ | १ | १ | ५ | ३००,००० | संघ, प्रदेश | १ |
| | | पटक | तल्लो माथील्लो खानी धोगारी स्याला सिसगैरी | १ | १ | १ | १ | १ | ५ | ३००,००० | संघ, प्रदेश | २ |
| | | पटक | गैरागाउ किमवोट | १ | १ | १ | १ | १ | ५ | ३००,००० | संघ, प्रदेश | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पटक | वुरागाउ उतिस खोला | १ | १ | १ | १ | १ | ५ | ३००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| | | पटक | वजेट गोलापनी भीरगाउ | १ | १ | १ | १ | १ | ५ | ३००,००० | प्रदेश, स्थानीय | ३ |
| | | पटक | मुलागैरा वथान | १ | १ | १ | १ | १ | ५ | ३००,००० | संघ, प्रदेश | २ |
| | | पटक | ठुलामेल लेख | १ | १ | १ | १ | १ | ५ | ३००,००० | प्रदेश स्थानीय | १ |
| २ | रिचार्ज पोखरी निर्माण | वटा | डगीघर | | | | १ | | १ | २००,००० | प्रदेश स्थानीय | ३ |
| | | वटा | विरभाटे | | | १ | | | १ | २००,००० | प्रदेश स्थानीय | १ |
| | | वटा | दयाधुरी | | १ | | | | १ | २००,००० | प्रदेश स्थानीय | २ |
| | | वटा | मिसाउ | | | | १ | | १ | २००,००० | प्रदेश स्थानीय | ३ |
| | | वटा | धेरेली | | १ | | | | १ | २००,००० | प्रदेश स्थानीय | १ |
| | | वटा | रातामाटा | | १ | | | | १ | २००,००० | संघ, प्रदेश | ३ |
| | वडा नं. ६ | | | | | | | | | | | |
| १ | ओखरका रुख, गैरा, खरवाउलाजुरा, भेरीतालबस्ने पातिहाल्ना नदि कटान तार जाली | पिस | रातामाटा खानी | १०० | १०० | | | | | ५००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | ढारा खोला नदि कटान तार जाली | पिस | ताप्ला | | ४० | | | | | ३००,००० | प्रदेश, स्थानीय | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | दोबारीखोला नदि कटान तार जाली | पिस | दोवरी | ५० | ५० | | | | | ३५०,००० | संघ, प्रदेश | १ |
| ४ | गंगादेव ६ छेरा बजारको ढल निकास तथा तारजाली | पिस | छेरावजार | | ५० | | | | | २००,००० | प्रदेश स्थानीय | २ |
| | **वडा नं. ७** | | | | | | | | | | संघ, प्रदेश | |
| १ | होब्रेखोला मुल व्यवस्थापन | घरधुरी | तिमिले | २५ | | | | | २५ | ३००,००० | संघ, प्रदेश | १ |
| २ | बस्नेतटोद सिंचाइ पोखरी निर्माण | घरधुरी | तिमिले | १० | | | | | १० | २००,००० | संघ, प्रदेश | ३ |
| | **जम्मा** | | | | | | | | | ११,६००,००० | | |

## फोहरमैला व्यवस्थापन

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | **पालिका स्तरीय** | | | | | | | | | | | |
| १ | सबै वडामा सडक, टोल बस्ती सरसफाई कार्यक्रम सञ्चालन गर्ने | पटक | पालिका भरी | १ | १ | १ | १ | १ | ५ | २०००००० | संघ, प्रदेश, स्थानीय | १ |
| | **वडा नं. १** | | | | | | | | | | | |
| १ | शिवनगर वजार फोहोरमैला व्यवस्थापन | वर्ष | ओइली शिवनगर | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | संघ, प्रदेश | १ |
| २ | पोखरा बजार फोहोरमैला व्यवस्थापन | वर्ष | पोखरा | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | प्रदेश स्थानीय | २ |
| ३ | भुर्ती बजार फोहोरमैला व्यवस्थापन | वर्ष | भूर्ती | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | मगरगाउँ फोहोरमैला व्यवस्थापन | वर्ष | मगरगाउँ | १ | १ | १ | १ | १ | ५ | १,000,000 | प्रदेश, स्थानीय | १ |
| | **वडा नं.२** | | | | | | | | | | | |
| १ | सुखा ओडार बजारको पलाष्टीक जन्य फोहरमैला व्यवस्थापन कार्यक्रम | | वडा नं.२ | | | | | | | १,000,000 | प्रदेश स्थानीय | १ |
| | **वडा नं. ३** | | | | | | | | | | | |
| १ | फोहरमैला व्यवस्था सम्बन्धी जनचेतनामूलक कार्यक्रम | पटक | वडा नं. ३ | | २ | २ | | | ४ | १००,००० | संघ, प्रदेश | १ |
| २ | आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण | | वडा नं. ३ | | | १ | | | ५ | ३००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| | **वडा नं. ५** | | | | | | | | | | | |
| १ | फोहर व्यवस्थापनको लागि डस्टविन वितरण | | वडा ५ का सबै घरधरी | | | | | | | १,५००,००० | प्रदेश, स्थानीय | १ |
| | **वडा नं. ६** | | | | | | | | | | | |
| २ | वडा नं. ६ का सार्वजनिक ठाउहरुमा फोहोर व्यवस्थापनको लागि शौचालय र खाडलहरु निर्माण | | वडा नं. ६ | | | | | | | ८००,००० | प्रदेश, स्थानीय | १ |
| | **जम्मा** | | | | | | | | | ९,७००,००० | | |

### अपेक्षित उपलब्धि

गंगादेव गाउँपालिकामा उपलब्ध वनको वैज्ञानिक रूपमा दिगो व्यवस्थापन गरिएको हुनेछ। स्वच्छ र स्वस्थ वातावरण निर्माणका लागि वन तथा वातावरण मैत्री जैविक विविधता संरक्षण गरिएको हुनेछ। वन अतिक्रमण, वन पैदावारको चोरी निकासी, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, खोला कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा संकलन तथा निकासी कार्यको नियन्त्रण गरिएको हुनेछ। वन तथा वातावरणको महत्व र पर्यावरणीय सन्तुलन कायम गर्नका लागि जनचेतनामूलक कार्यक्रम संचालन भइरहेका हुनेछन्। वन तथा वातावरणसँग सम्बन्धित उद्यमहरू स्थापना भइ संचालन गरिएका हुनेछन्। आर्थिक उपार्जन, वनको संरक्षण र दिगो उपयोगका लागि लाभ दिनयोग्य रुखको कटान गरी नयाँ बिरुवा रोप्ने कार्यक्रम संचालन गरिएका हुनेछन्। आर्थिक उपार्जन, पर्यटकीय गन्तव्यको विकास र जैविक विविधता कायम गर्नका लागि वन्यजन्तुको संरक्षण र सम्बर्द्धन गरिएको हुनेछ। गाउँपालिकामा सञ्चालन हुने उत्पादनमूलक उद्योग तथा विकास आयोजनाका पूर्वाधार वातावरणमैत्री बनाएका हुनेछन्। प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो र ध्वनि लगायत सबै प्रकारका प्रदुषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गरिएको हुनेछ। वन उद्यम तथा वन पैदावरको व्यावसायीकरण भै आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनमा सुधार आएको हुनेछ। यो योजनाको अवधिमा लोपोन्मुख, सङ्कटापन्न र जोखिममा परेका प्रजाति/वनस्पतिको संरक्षण भएको हुनेछ। वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताका साथै गाउँपालिकामा अवस्थित विभिन्न ताल तलैयाहरूको संरक्षण भै पर्यापर्यटनको प्रबर्द्धन भएको हुनेछ। स्थानीय तहमा फोहर व्यवस्थापन तथा प्रशोधनका पूर्वाधार विकास भएको हुनेछ। वायु प्रदुषण हानीकारक तहभन्दा कम रहनेछ। वातावरण स्वच्छता सम्बन्धी जनचेतना विकास भएको हुनेछ। प्राकृतिक स्रोतको पूर्ण रूपमा संरक्षण भएको हुनेछ।

## ८.२ विपद् व्यवस्थापन

विपद् भन्नाले चट्याङ्ग, असिना, भूकम्प, आगलागी, बाढी पहिरो, अनावृष्टि, अतिवृष्टि, अनिकाल, महामारी, युद्ध, भोकमरी, आदिबाट सृजित समाजको अस्तव्यस्त अवस्थालाई बुझिन्छ। गंगादेव गाउँपालिका पनि विभिन्न किसिमका प्राकृतिक तथा मानव सिर्जित प्रकोपबाट अछुतो रहन सकेको छैन्। त्यसैले अप्रत्यासित विपत्तिहरूको व्यवस्थापनका लागि पूर्वतयारी गर्नुपर्ने आवश्यकता रहेको छ। प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने तथा जलउत्पन्न प्रकोप नियन्त्रण र खोलाको व्यवस्थापन जस्ता कार्य आवश्यक हुन्छन्। विपत् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पुरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ।

### सम्भावना र अवसर

- संघीय सरकार मातहतमा संवैधानिक प्रत्याभूति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८-२०३० लगायतका नीतिगत तथा कानुनी व्यवस्था हुनु, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन भइ सञ्चालनमा आउनु,
- सबै तहका सरकारमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अधिकार तथा जिम्मेवारीको बाँडफाँट हुनु, दफा ११ मा पूर्व विभिन्न अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन हुँदै जानु, जोखिम न्यूनीकरणमा निजी क्षेत्र तथा समुदायको जागरुकता र सचेतना अभिवृद्धि हुनु, गैरसरकारी संस्थाको

सक्रियता रहनु, प्राज्ञिक तथा अध्ययन अनुसन्धान क्षेत्रमा संलग्नता बढ्दै जानु र आधुनिक प्रविधिमा पहुँचको विस्तार हुनु,

- विपद् जोखिम न्यूनीकरणलाई स्थानीय निकायको नीति तथा कार्यक्रममा समावेश गरी नयाँ बन्ने संरचना र पूर्वाधार निर्माण गर्दा विपद् व्यवस्थापनलाई ध्यान दिएर निर्माण गर्ने, खुला क्षेत्र संरक्षण गर्ने, विपद् उत्थानशील शहर तथा एकीकृत वस्ती विकास गर्ने, नदी प्रणालीको व्यवस्थापन गर्न सके जोखिम न्यूनीकरण गर्ने सम्भावना रहेको छ ।
- स्थानीय स्तरमा विपद् व्यवस्थान पूर्वानुमान सूचना प्रणालीको जडान, दक्ष जनशक्तिको व्यवस्थापन, उद्धारका लागि आधुनिक प्रविधियुक्त सामग्रीको पर्याप्तता, उद्धार, राहत र पुनर्स्थापनाको लागि प्रभावकारी संयन्त्र बनाइ परिचालन गर्न सके विपद् जोखिम न्यूनीकरण गर्न सक्ने सम्भावना रहेको छ ।

### समस्या र चुनौती

- विपद् जोखिमका बारेमा पर्याप्त सूचना र ज्ञानको कमी हुनु,
- विपद् जोखिम न्यूनीकरण र विकास निर्माण कार्यबीच आवश्यक तालमेलको कमी हुनु,
- विपद् उत्थानशील विकास प्रक्रियाको कमजोर अवलम्बन हुनु,
- विकास निर्माणमा विपद् व्यवस्थापनको न्यून मूल प्रवाहीकरण हुनु,
- सबै विषयगत क्षेत्रमा विपद् जोखिमको पहिचान तथा नक्साङ्कन हुन नसक्नु,
- प्राकृतिक स्रोतहरूको अव्यवस्थित एवम् अत्यधिक दोहन हुनु,
- सबै विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना र पर्याप्त लगानीको कमी हुनु,
- सरोकारवालाहरू बीचको कार्यमा सामाञ्जस्यताको कमी हुनु,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सूचकमा आधारित सूचना व्यवस्थापन प्रणालीको अभाव हुनु,
- आपतकालीन अवस्थाका लागि दक्ष र यथेष्ट मानव स्रोत, उपकरण, बन्दोबस्ती तथा राहत सामग्रीको कमी हुनु,
- विकास आयोजनाहरूको छनोट प्रक्रियादेखि नै आयोजना व्यवस्थापनका प्रत्येक चरणमा विपद् जोखिम मूल्याङ्कनलाई समाविष्ट गराउनु,
- जोखिममा आधारित योजना तथा निर्णय प्रक्रिया अवलम्बन गराउनु,
- विपद् जोखिम न्यूनीकरणका लागि पर्याप्त लगानीको अभाव हुनु,
- अव्यवस्थित एवम् छरिएर रहेका बस्तीलाई विपद्को दृष्टिकोणबाट उत्थानशील बनाइ नागरिकलाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नसक्नु,
- सरोकारवालाहरू बीचको आपसी समन्वय र सहकार्य सुदृढ नगर्नु,
- संघ, प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन सम्बन्धी पर्याप्त कोषको व्यवस्थापन नहुनु,
- एकीकृत विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्चालन गर्न नसक्नु,
- संघीय शासन प्रणाली अनुसार विपद् व्यवस्थापनलाई संघ प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र र जिम्मेवारीमा आन्तरिकीकरण गर्दै कार्यान्वयन क्षमता अभिवृद्धि गर्न नसक्नु,

- पूर्व मनसुन र मनसुनको समयमा हुने मेघगर्जन र चट्याङ्ग, मनसुनी वर्षाले नियमित रूपमा सृजना गर्ने बाढी, पहिरो, डुवानका अतिरिक्त विकासका लागि भैरहेको डोजरको जथाभावी प्रयोगले भू–क्षय भई ताल, तलैया, खेतीवारी, जलविद्युत्का बाँध पुरिने तथा भौतिक पूर्वाधारमा समेत क्षति हुनु र
- गुणस्तरीय स्वास्थ्य सेवा नहुनु, सरसफाइ तथा खानपानमा सतर्कता सम्बन्धी चेतनाको कमी, शहरी क्षेत्रमा खुला स्थलको कमी, क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धानमा कमी हुनु ।

### क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### सोच

**"विपद जोखिमको प्रभावकारी न्यूनीकरण र नियन्त्रणः सुरक्षित समाजको चित्रण"**

### लक्ष्य

- प्राकृतिक तथा गैर-प्राकृतिक विपद् एंव जोखिम नियन्त्रण मार्फत सुरक्षित समाज निर्माण गर्ने,

### उद्देश्य

- जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु,
- प्राकृतिक तथा मानवीय कारणबाट हुने विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय सरकार संघसंस्था, क्लब, उपभोक्ता समिति मार्फत जनसचेतना मूलक कार्यक्रम सञ्चालन गर्नु,
- विपद् जोखिम पूर्वानुमान पूर्वतयारी प्रतिकार्य सम्बन्धी क्षमताको विकास गरी जोखिमको न्यूनीकरणका लागि पूर्वाधार निर्माणका कार्यक्रम संचालन गर्नु,
- विपद् पश्चात्को पुनर्लाभ, पुनःस्थापना, पुनर्निर्माण र नव निर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● प्रकोप तथा प्रकोपजन्य विपद्को प्रतिकूल असरलाई सीमित तुल्याउन अल्पीकरण (Mitigation) तथा अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने,<br>● अग्रिम सावधानी तथा | ● स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन गर्ने,<br>● भौतिक तथा मानवीय क्षति न्यूनीकरणका लागि विपद् व्यवस्थापन सम्बन्धी दक्ष र यथेष्ट मानव स्रोत, उपकरण, बन्दोबस्ती तथा राहत सामग्री सहितको योजना निर्माण गरी कार्यान्वयन गर्ने,<br>● जोखिम तथा संकटासन्न क्षेत्रको लेखांकन तथा नक्सांकन गर्ने,<br>● स्थानीय विपद् जोखिम व्यवस्थापन योजना (LDRMP) निर्माण गर्ने,<br>● गाउँपालिकाले आपतकालीन पूर्व तयारी तथा प्रतिकार्य योजना (MEPRP) निर्माण गर्ने,<br>● भूकम्प, डढेलो, माहामारी, अनावृष्टि, अतिवृष्टि, आँधिवेहरी, असिना, तुषारो आदिबाट उत्पन्न हुन सक्ने प्रकोपका बारेमा सबै बस्तीहरूमा पूर्व सूचना तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने,<br>● विद्यालय स्तरमा जोखिम व्यवस्थापन, उद्धार, राहत तथा पुनर्स्थापना कार्यक्रम स्थानीय शैक्षिक पाठ्यक्रममा समाबेश गरी अध्यापन गराउने,<br>● सामाजिक अपराध, रोगव्याधी, एवं महामारी विरुद्ध नियमित रूपमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने । |

| | |
|---|---|
| पूर्वतयारी (Early preparedness) को व्यवस्था गरी विपद् पश्चात्का आधारभूत आवश्यकता परिपूर्ति गर्न आपत्कालीन सेवाहरू सहितको प्रतिकार्य (Response) को व्यवस्था गर्ने,<br>● विपद्मा परेका व्यक्ति तथा समुदायको पुनर्स्थापना तथा उत्थानशीलता विकास गर्ने,<br>● एकीकृत विपद् व्यवस्थापन प्रणालीको विकास गर्ने,<br>● दीर्घकालीन नीति र मापदण्ड निर्धारण गर्ने । | ● प्रकोप पूर्व तयारी सामग्रीको भण्डारण एवं व्यवस्थापन गर्ने ।<br>● प्रकोपबाट उत्पन्न हुन सक्ने संभावित विपद्बाट नागरिकलाई सुरक्षित बनाउन प्रत्येक वडामा स्वयम्सेवी दल (Rescue team) को तयारी तथा परिचालन गर्ने,<br>● विपत्तीमा परेका तथा उच्च जोखिममा रहेका व्यक्तिको यथाशीघ्र उद्धारका लागि मुख्य बस्तीहरूमा हेलिप्याड निर्माण गर्ने,<br>● खोलाको बाढी प्रकोपको संभाव्यता अध्ययन गरी पूर्व सूचना प्रणाली (Early Warning System) को व्यवस्था गर्ने,<br>● गाउँपालिका अन्तर्गतका अति जोखिम तथा खोला किनारमा रहेका वस्तीहरूको भौगर्भिक अध्ययन गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्ने,<br>● विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्लव, युवा समूह, विभिन्न सामाजिक संघसंस्थाहरू आदिको क्षमता अभिवृद्धि गर्ने,<br>● गाउँपालिकाले प्रत्येक वडामा प्राकृतिक विपद् राहत कोषको स्थापना गर्न सहयोग गर्ने,<br>● गाउँपालिकाले जोखिम अभिलेख राख्ने कार्यलाई निरन्तरता दिने र उद्धार तथा राहत वितरण एकद्वार प्रणालीबाट सञ्चालन गर्ने ।<br>● अतिवृष्टि र अनावृष्टिका कारण उत्पन्न हुने प्रकोपको न्यूनीकरणका लागि जलाधार क्षेत्र र प्राकृतिक मुहानको संरक्षण गर्दै ताल, तलैया र पोखरीको मर्मत सम्भार तथा निर्माण गर्ने,<br>● प्रभावित समुदायको जीवन रक्षाको लागि तत्कालीन आवश्यकताको पहिचान र प्रतिकार्यको लागि प्रारम्भिक तथ्याङ्कहरू तयार गरी राहत कार्य सञ्चालन गर्ने,<br>● राहत तथा उद्धार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक तालिम, प्रविधियुक्त सामग्रीको व्यवस्था गर्ने,<br>● समुदायमा प्रकोपको सामना गर्न सक्ने र पूर्ववत: अवस्थामा फर्कन सक्ने क्षमताको विकास गराउने,<br>● प्रकोपमा परेका व्यक्ति तथा घर परिवारलाई तत्काल सुरक्षित सार्वजनिक स्थानमा बसोबासको व्यवस्था गरी आवश्यक सहयोग गर्ने,<br>● विपद्बाट हुन सक्ने क्षति कम गर्न विपद् जोखिम व्यवस्थापनलाई विकास निर्माणमा मूलप्रवाहीकरण गर्ने<br>● स्थानीय स्तरको योजना तर्जुमामा विपद् जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गर्ने,<br>● विकास निर्माणका आयोजना संचालन गर्दा जोखिम क्षेत्रको पहिचान गरी जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने,<br>● भू-उपयोग नीति अवलम्बन गरी भूमिको क्षमताको आधारमा भूउपयोग गर्न प्रोत्साहन गर्ने,<br>● विपद् प्रभावितहरूका लागि जीविकोपार्जन सहयोगार्थ आयमूलक कार्यक्रम सञ्चालन गर्ने,<br>● आकाशे पानी संकलनलाई प्रबर्द्धन गरी कृषि प्रणालीमा उपयोग गर्ने,<br>● खडेरी सहन सक्ने प्रकारका उत्पादन प्रणालीको विकास गर्ने, |

| | |
|---|---|
| | ● गाउँपालिकाले जोखिम न्यूनीकरण गर्नका लागि जोखिम व्यवस्थापन योजना निर्माण, कार्यान्वयन निर्देशिका तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने,<br>● गाउँपालिका भित्रका सार्वजनिक तथा निजी भवनहरू निर्माण गर्दा जोखिम प्रतिरोधात्मक संरचना मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, |

गंगादेव गाउँपालिका

### प्रमुख कार्यक्रमहरू

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यर्होने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | **पालिका** | | | | | | | | | | | |
| १ | विपत व्यवस्थापन सम्बन्धी पूर्व तयारी तालिम, खोला छेउ र सडकमा तारजाली माग | पटक | सबै वडाहरुमा | १ | १ | १ | १ | १ | ५ | ५००,००० | प्रदेश, स्थानीय | १ |
| २ | हतपत झोला वितरण | पटक | सबै वडाहरुमा | | १ | | | | १ | ५००,००० | प्रदेश, स्थानीय | ३ |
| ३ | विपद व्यवस्थापन चेतनामूलक सूचना पाटी निर्माण | पटक | सबै वडाहरुमा | १ | | | | | १ | १००,००० | पालिका | १ |
| ४ | स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाउने | पटक | सबै वडाहरुमा | १ | | | | | १ | ७००,००० | संघ, प्रदेश | २ |
| ५ | खोज तथा उद्धार टोलीलाई तयार तालिम | पटक | सबै वडाहरुमा | १ | | | १ | | २ | १,०००,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| ६ | भूकम्प प्रतिरोधात्मक तालिम | पटक | सबै वडाहरुमा | | १ | | | १ | २ | १,५००,००० | संघ, प्रदेश | १ |
| ७ | भवन निर्माण आचारसंहिता निर्माण र कार्यान्वयन गर्ने | पटक | सबै वडाहरुमा | १ | | | | | १ | १००,००० | पालिका | ३ |
| | **जम्मा** | | | | | | | | | ४,४००,००० | | |

जल  उत्पन प्रकोप नियन्त्रण

| क्र. सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | वडा नं. १ | | | | | | | | | | | |
| १ | पोखरा वजार सड्क जाली निर्माण | पटक | पोखरा वजार | १ | १ | १ | १ | १ | ५ | २००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | ठुलाखोला सडक जाली निर्माण | पटक | मगरगाउँ | १ | १ | १ | १ | १ | ५ | २००,००० | प्रदेश, स्थानीय | ३ |
| | वडा नं. २ | | | | | | | | | | | |
| १ | हेलङ खोला तटबन्ध निर्माण | मि. | वडा नं. २ | २०० | १०० | | | | ३०० | ५००,००० | प्रदेश स्थानीय | ज्ञ |
| २ | सुखाओडार बजार क्षेत्र तथा सेवा केन्द्र फिल्डमा तटबन्दन कार्यक्रम | मि. | वडा नं. २ | १०० | १०० | १०० | | | ३०० | ५००,००० | संघ, प्रदेश | ३ |
| ३ | वडाका सबै खोलाका छेउछाउ क्षेत्रमा तटबन्धन कार्यक्रम | मि. | वडा नं. २ | | | २०० | २०० | १०० | ५०० | ६००,००० | संघ, प्रदेश | १ |
| | वडा नं. ३ | | | | | | | | | | | |
| १ | जोखीमपूर्ण खहरेखोलामा तटबन्ध | वटा | वडा नं. ३ | | | | ६५ | | ६५ | ६५०,००० | संघ, प्रदेश, स्थानीय | ३ |
| | वडा नं. ५ | | | | | | | | | | | |
| १ | तटबन्धन निर्माण | वर्ष | सानडाँडा देखी स्यालाखोला | १ | | | | | १ | ७००,००० | संघ, प्रदेश | १ |
| | | वर्ष | लोदचौर हुदै सिम्लेखर्क | | १ | | | | १ | ७५०,००० | प्रदेश स्थानीय | घ |
| | जम्मा | | | | | | | | | ४,१००,००० | | |

### अपेक्षित उपलब्धि

जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ बनाइएको हुनेछ । प्राकृतिक तथा मानवीय कारणबाट हुने विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय सरकार संघसंस्था, क्लब, उपभोक्ता समिति मार्फत् जनसचेतना कार्यक्रम सञ्चालन गरिएको हुनेछ । विपद् जोखिम पूर्वानुमान पूर्वतयारी प्रतिकार्य सम्बन्धी क्षमताको विकास गरी जोखिमको न्यूनीकरणका लागि पूर्वाधार निर्माणका कार्यक्रम संचालन गरिएका हुनेछन् । विपद् पश्चात्को पुनर्लाभ, पुनःस्थापना, पुनर्निर्माण र नव निर्माणका कार्यलाई सबल र सुरक्षित समाज बनाइएको हुनेछ । प्राकृतिक तथा गैर-प्राकृतिक विपद् एंव जोखिम न्यूनीकरण गर्दै सुरक्षित समाज निर्माण भएको हुनेछ ।

## ८.३ वातावरण संरक्षण र जलवायु परिवर्तन

वातावरण व्यवस्थापन मानव स्वास्थ्य र सुखसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । स्थानीय तहमा विकास निर्माणका क्रममा वातावरण प्रदुषण जस्ता समस्या टड्कारो रूपमा देखिएका छन् । वायु र जल प्रदुषणले मानिसमा विभिन्न रोगहरू समेत निम्ताएको छ । वातावरण संरक्षण गर्न आवश्यक संरचनागत र संस्थागत व्यवस्था हुन सकेको छैन । प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन गरेर मात्र सञ्चालनको अनुमति दिने जस्ता कार्य स्थानीय स्तरबाट हुन आवश्यक छ । मानव अनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनु पर्ने आवश्यकता रहेको छ । फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक स्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदुषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन गर्न सकिन्छ । त्यसैगरी जलवायु परिवर्तनको कारण कृषि तथा खाद्यान्न, जलस्रोत, वन जंगल तथा जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, उर्जा, सिंचाइ, बसोवास तथा पूर्वाधारमा प्रतिकूल प्रभाव पर्न थालेको छ । बाढी, पहिरो, डढेलोमा समेत तीव्रता आएका कारण ठूलो मात्रामा धनजनको क्षति हुनुको साथै जीविकोपार्जनमा समेत असर पारी बसाइँसराइ गर्नुपर्ने बाध्यता सिर्जना भएको देखिन्छ । गंगादेव गाउँपालिका जलवायु परिवर्तनको उच्च जोखिममा छ । यहाँका जनताले पनि अति वर्षा, खडेरी, अति गर्मी र अति चिसोका घटनाहरू वृद्धि भएको महसुस गरेका छन्, जलवायुको अवस्था सरदरभन्दा परिवर्तन भएको पाइन्छ, जसले कृषि, खानेपानी, स्वास्थ्य, वन, जलस्रोत, पर्यटन र अन्य क्षेत्रमा दैनिक जीवन पद्धतिमा समेत असर गरेको छ । तापक्रमका साथै वर्षातको समय, मात्रा र अवधिमा आएको परिवर्तनका कारणले कृषि उत्पादन र खाद्य सुरक्षामा थप नकारात्मक प्रभाव देखिन थालेको छ भने जलवायुको परिवर्तित अवस्था अनुसार खेतीपातीमा सुधार गर्ने सीप र दक्षताको अभावका कारण न्यून आय भएका समुदाय थप मारमा परेका छन् । जलवायु परिवर्तनका प्रभावसँग अनुकूलित हुने तथा प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने तर्फ नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नु आवश्यक छ ।

### प्रमुख समस्या

- बढ्दो जनसंख्या, शहरीकरण, भू-उपयोगमा आएको परिवर्तन, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, फोहोर मैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदुषण, जलकुम्भी, वनमासा, निलोगन्धे, मरट्ठी, माइकेनिया जस्ता बाह्य मिचाहा झारको प्रकोप लगायत मुख्य वातावरणीय समस्या रहेका छन् ।
- प्रदुषण नियमन सम्बन्धी मापदण्डको कार्यान्वयन नहुनु, प्रदुषकलाई नियमानुसार दण्ड तिराउने व्यवस्था नहुनु, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जंगलको अतिक्रमण तथा ह्रास हुनु, विषादीको प्रयोग, वातावरण संरक्षण र

पूर्वाधार विकासबीच सामन्जस्यता स्थापित हुन नसक्नु, बढ्दो शहरीकरण, सवारी साधनहरूको बढ्दो प्रयोग, भौतिक पूर्वाधारहरूको निर्माणमा भएको वृद्धि, वनजंगलको विनाशका कारण जमिनमाथिको वायुमण्डलको तापक्रम बढ्नु, पर्यटन, कृषि, जैविक विविधता र उर्जा लगायतका क्षेत्रहरू एवं जीविकोपार्जनमा समेत प्रतिकूल प्रभाव पर्नु, जटिल भौगालिक अवस्था अनुरूपका विभिन्न किसिमका प्रकोपहरू, संवेदनशील तथा जोखिमपूर्ण क्षेत्रमा जलवायु परिवर्तनको बढी असर हुने र गंगादेव गाउँपालिका जोखिमपूर्ण अवस्थामा रहनु, अनुसन्धान तथा तथ्याङ्कको कमी हुनु तथा अन्तर निकाय समन्वय नहुनु र नीति तथा कार्यक्रमहरूमा जलवायुको मुद्दा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण नहुनु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### चुनौती तथा अवसर

- ढल निकास तथा फोहरमैला व्यवस्थापन, वातावरणमैत्री विकास संस्थागत हुन नसक्नु, खोला सार्वजनिक स्थलहरूबाट ढुंगा, गिट्टी, बालुवा, माटोको अत्यधिक र अनियन्त्रित प्रयोग, प्राकृतिक स्रोतको अधिक दोहन, शहरोन्मुख क्षेत्रमा धुलो तथा धुँवाले वायु प्रदुषण, भूक्षय, स्थानीय तहमा वातावरण संरक्षण सम्बन्धी चेतनाको अभाव हुनु, नागरिक स्तरमा वातावरण सम्बन्धी दायित्वबोध नहुनु, निश्चित क्षेत्रमा मात्र पर्यटकको अत्यधिक चाप हुनु र विकाससँगै हरित गृह ग्याँसको उत्सर्जन कम गर्नु, विकास आयोजनाले वातावरणमा पारेको असरको अनुगमन गरी नियमन गर्नु तथा जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू न्यून गरी अनुकूलन क्षमता वृद्धि गर्नु, आवश्यक पर्ने जनशक्ति, सीप, दक्षताको अभाव तत्काल पुरा गरी प्रभावकारी तुल्याउनु, संवेदनशील र कमजोर भू-बनोट भएको क्षेत्रका संरक्षण गर्नु आदि प्रमुख चुनौती रहेका छन् ।

### क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### सोच

**"सफा, स्वच्छ, हरित जलवायु उत्थानशील गंगादेवबासीको हित"**

### लक्ष्य

- स्थानीय स्तरमा वातावरण मैत्री विकास मार्फत् सफा, स्वच्छ र हरित वातावरण सहितको समृद्धि हासिल गर्ने,
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन गर्दै जलवायु परिवर्तन उत्थानशील समाज निर्माण गर्ने ।

### उद्देश्य

- स्थानीय तहमा संञ्चालन हुने उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरणमैत्री बनाउनु,
- जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु,
- सङ्कटापन्न जनता तथा प्राकृतिक स्रोतहरूको जलवायु उत्थानशीलता अभिवृद्धि गर्नु र
- जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्नु ।

### कार्यनीति तथा रणनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • उत्पादनमूलक उद्योग स्थापना तथा पूर्वाधार निर्माण गर्नु | • वातावरणीय मूल्यांकन आवश्यक हुने उद्योग तथा पूर्वाधारको नीति तथा मापदण्ड तयार गर्ने,<br>• वातावरणमैत्री उत्पादनहरूलाई विशेष अनुदान तथा प्रोत्साहन गर्ने, |

| | |
|---|---|
| पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने,<br>● हरित गृह ग्यास उत्सर्जन कम गर्ने,<br>● विभिन्न पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने,<br>● नदी तथा तालजन्य प्रदुषण नियन्त्रण गर्ने,<br>● जमिन, ध्वनि तथा वायु प्रदुषण रोकथाम गर्ने,<br>● फोहर मैला व्यवस्थापन गर्ने,<br>● जलवायु परिवर्तनका असरहरूको जोखिममा रहेका प्राकृतिक स्रोत तथा समुदायको उत्थानशीलता विकास गर्ने,<br>● सबै स्थानीय तहको अनुकूलन योजना निर्माण गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने,<br>● कार्बन उत्सर्जन कम गर्ने भूउपयोग तथा प्रविधि प्रयोग गर्ने,<br>● वन तथा वातावरण संरक्षण गर्ने,<br>● पर्यावरणीय सन्तुलनका लागि पार्क तथा बगैंचा निर्माण गर्ने, | ● स्थानीय स्तरमा वातावरण शिक्षा तथा प्रचार प्रसार गर्ने,<br>● वन संरक्षण तथा जलाधार क्षेत्रको व्यवस्थापनबाट कार्वन उत्सर्जन कटौती गर्ने,<br>● वन, जैविक विविधता तथा जलाधारको संरक्षण एंव सहभागितामूलक व्यवस्थापन गर्ने,<br>● पर्वतीय पर्यावरणको एकीकृत संरक्षण गर्ने,<br>● फोहोर मैला व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग गर्ने,<br>● वन, जलाधार तथा पारिस्थितिकीय प्रणालीको संरक्षण तथा दिगो व्यवस्थापन गर्ने,<br>● जलवायु परिवर्तनको जोखिममा रहेका जनताको क्षमता अभिवृद्धि गर्ने,<br>● जलवायु उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वतयारी तथा सचेतना कार्यक्रम संचालन गर्ने,<br>● गंगादेव गाउँपालिकाको जलवायु परिवर्तन अनुकूलन योजना बनाइ कार्यान्वयन गर्न सहजीकरण गर्ने,<br>● दिगो वन व्यवस्थापन गर्दै वनको कार्बन संचिति वृद्धि गर्ने,<br>● एकीकृत जलाधार व्यवस्थापन गर्दा जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरूलाई मूल प्रवाहीकरण गर्ने,<br>● जलवायु परिवर्तन न्यूनीकरण र स्वच्छ उर्जाका कार्यक्रम विस्तार गर्न निजी क्षेत्रको सहभागिता र लगानीलाई वृद्धि गर्ने,<br>● विश्वव्यापी तथा स्थानीय रूपमा जलवायुको मुद्दा टड्कारो भैरहेको परिप्रेक्ष्यमा प्रत्येक नागरिकलाई जलवायु परिवर्तन सम्बन्धी सही जानकारी उपलब्ध गराउन गाउँपालिकाले समय समयमा जलवायु सम्बन्धी विज्ञद्वारा सचेतना कार्यक्रम सञ्चालन गर्ने,<br>● जलवायु परिवर्तनको असरलाई ध्यानमा राखेर गाउँपालिका अन्तर्गतका उपयुक्त स्थानमा जलवायु परिवर्तनको अभिलेख तयार गर्न कम्तिमा तापक्रम, वर्षा, सापेक्षिक आर्द्रता मापन स्टेसन स्थापना गर्ने,<br>● जलवायु परिवर्तनको कारणले तापक्रम, वर्षा, सापेक्षित आर्द्रतामा आएको परिवर्तनसँग अनुकूलन हुने विधिबारे जानकारी गराउने र सोही अनुसारका मानवीय क्रियाकलाप सञ्चालन गर्ने,<br>● गंगादेव गाउँपालिकामा रहेका जलाधार क्षेत्रहरूको पहिचान गरी संरक्षणका उपायहरू अवलम्वन गर्ने,<br>● गंगादेव गाउँपालिकाभित्र रहेका सबै खोलाहरूको जलाधार क्षेत्रमा भएको भूक्षय खोला कटान नियन्त्रण गर्ने कार्यक्रम सञ्चालन गर्ने,<br>● गाउँपालिकाभित्र रहेका सार्वजनिक सम्पतिहरू (वन, जंगल, जग्गा, गुम्बा, पाटी, पौवा, मन्दिर आदि) को नापजाँच तथा एकीकृत अभिलेख कायम गरी संरक्षणको रणनीति तयार गर्ने, |

| | |
|---|---|
| ● जलवायु परिवर्तन अनुकूलन कार्यक्रम संचालन गर्ने,<br>● जलाधार, खहरे नियन्त्रण भू-संरक्षण कार्यक्रम संचालन गर्ने, | ● गाउँपालिका अन्तर्गतका सार्वजनिक सम्पत्तिहरूको प्रबर्द्धन गर्न उपयुक्त विकास योजनाहरू तर्जुमा गर्ने,<br>● वातावरणीय सौन्दर्य कायम राख्न अभिप्रेरित गर्ने खालका वोर्डहरू राख्ने,<br>● गाउँपालिका भित्रका सबै विद्यालयहरूमा अनिवार्य रूपमा प्रकृति क्लवहरू गठन गर्ने,<br>● गाउँपालिका भित्र रहेका विभिन्न किसिमका वनस्पतिका प्रजातिहरू र औषधिजन्य जडिबुटीहरूको अनुसन्धान गरी अभिलेख तयार गरेर त्यसको संरक्षण र सम्बर्द्धन गर्ने,<br>● गाउँपालिका भित्रका वन जंगल क्षेत्रमा रहेका विभिन्न किसिमका वन्यजन्तुहरू र लोपोन्मुख वनयजन्तुहरूको अध्ययन अनुसन्धान र संरक्षणका कार्यक्रमहरू अबलम्वन गर्ने,<br>● गाउँपालिका/वडा अन्तर्गतका सबै बस्तीहरूमा सरसफाइको व्यापक सचेतना कार्यक्रम अभियानको रूपमा सञ्चालन गर्ने,<br>● गाउँपालिका/वडा अन्तर्गतका सवै बस्तीहरूमा संकलन भएको फोहोर मैला उचित विर्सजन गर्न कन्टेनरहरूको व्यवस्था गर्ने,<br>● फोहोरको किसिम स्रोतमै छुट्याएर रिसाईक्लिङ्ग गर्ने तथा कम्पोष्ट मल बनाउने,<br>● गाउँपालिका/वडा अन्तर्गतका सबै बस्तीहरूबाट उत्पन्न हुने तरल फोहोरलाई सुरक्षित विर्सजन गर्ने,<br>● सडक, नदी किनार, पहिरो, नाङ्गा पाखा आदि क्षेत्रमा वृक्षारोपण गरी वन क्षेत्रमा कृषि वन प्रवद्धन गर्ने,<br>● सामुदायिक र संरक्षित वन व्यवस्थापन कार्यक्रम संचालन गर्ने,<br>● वन क्षेत्रमा हुने बाढी, पहिरो, भूक्षय र आगलागी नियन्त्रणका उपायहरूको सचेतना कार्यक्रम संचालन गर्ने,<br>● मानव र वन्यजन्तु वीचको द्वन्द्वलाई उचित ढंगले व्यवस्थापन गर्ने,<br>● खर्क खर्तरीको उचित व्यवस्थापन कार्यक्रम संचालन गर्ने,<br>● गाउँपालिका/वडा कार्यालयहरूले आफ्नो हाताभित्र सुन्दर नमुना बगैंचा निर्माण गर्ने र सोही बगैंचालाई नमुना गराइ बस्ती बस्तीमा बगैंचा विस्तार गर्न उत्प्रेरित गर्ने,<br>● गाउँपालिका अन्तर्गत रहेका दृश्यावलोकनका लागि उपयुक्त स्थानहरूमा वडा मार्फत आकर्षक पार्कहरू निर्माण गर्ने,<br>● गाउँपालिकाले वातावरण कोष निर्माण गरी सो कोषको रकम वृक्षारोपण, विरुवा उत्पादन, पहिरो नियन्त्रण लगायतका कार्यक्रममा प्रयोग गर्ने र<br>● गाउँपालिकाले साझेदारी निजी तथा सार्वजनिक सहकार्यमा वातावरण मैत्री पर्यटकीय हरियाली पार्क तथा पिक्निक स्थलहरूको निर्माण गर्ने । |

### प्रमुख कार्यक्रम

- वातावरणमैत्री प्रविधि प्रयोगमा प्रोत्साहन तथा सहुलियत प्रदान गर्ने,
- वन तथा झाडी बुट्यान क्षेत्रको संरक्षण एवं व्यवस्थापन गर्ने,
- महत्वपूर्ण तथा संवेदनशील क्षेत्रको संरक्षण गर्ने,
- खोलाको स्वच्छता कायम र हरियाली विस्तार गर्ने,
- वायुप्रदुषण गर्ने उद्योगको अनुगमन तथा नियन्त्रण गर्ने,
- फोहर व्यवस्थापन क्षेत्रको पूर्वाधार निर्माण गर्ने,
- वैकल्पिक उर्जा प्रबर्द्धन कार्यक्रम संचालन गर्ने,
- प्लाष्टिक जन्य वस्तु तथा अन्य फोहरको व्यवस्थापन तथा प्रशोधन गर्ने,
- जलवायुमैत्री खेती प्रविधि कार्यक्रम सञ्चालन गर्ने,
- स्थानीय अनुकूलन योजना (LAPA) तर्जुमा र कार्यान्वयन गर्ने,
- पानीको मुहान संरक्षण कार्यक्रम गर्ने,
- जलवायु परिवर्तन सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
- सडक किनारा र खाली रहेका जमिनमा वृक्षारोपणका साथै उद्यान निर्माण गर्ने,
- कृषि र पशुपंक्षीमा आधारित अनुकूलन कार्यक्रमहरू संञ्चालन गर्ने,
- समुदाय अनुकूलन कार्य योजना (CAPA) तर्जुमा र कार्यान्वयन गर्ने ।

गंगादेव गाउँपालिका

### प्रमुख कार्यक्रम

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोंने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| १ | जलवायु परिवर्तन तथा अनुकुलन सम्बन्धी समुदाय स्तरमा सचेतनामूलक क्रियाकलाप गर्ने | पटक | सबै वडामा | १ | | १ | | १ | ३ | २००,००० | संघ, प्रदेश, स्थानीय | १ |
| २ | अनुकुलनका प्रविधिहरु सहयोग गर्ने | जना | सबै वडाका किसानहरुलाई | | १ | | | | १ | ५००,००० | प्रदेश, स्थानीय | ३ |
| ३ | सुधारिएको चुलो वितरण तथा सहयोग | घरधुरी | सबै वडामा | | | | १ | | १ | १,५००,००० | संघ, प्रदेश | १ |
| ४ | जलवायु परिवर्तन र अनुकुलन योजना तयार गर्ने | वडा | सबै वडामा | | | | | | ७ | १५०,००० | प्रदेश स्थानीय | २ |
| ५ | जलवायु अनुकूल खेती कार्यक्रम | पटक | सबै वडामा | १ | | १ | | | २ | २,०००,००० | संघ, प्रदेश | ३ |
| ६ | काठ दाउराको प्रयोग न्यूनिकरण गर्न कार्यक्रम गर्ने | पटक | सबै वडामा | | १ | | | | १ | १००,००० | संघ, प्रदेश | १ |
| | **जम्मा** | | | | | | | | | ४,४५०,००० | | |

### अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा वातावरण संरक्षण सम्बन्धी नीतिगत व्यवस्था, नियमनकारी संयन्त्र तथा संरचनाको विकास भएको हुनेछ। स्थानीय तहका सम्पूर्ण स्थानहरूमा फोहरमैला व्यवस्थापन तथा प्रशोधनका पूर्वाधार विकास भएको हुनेछ । वातावरण स्वच्छता सम्बन्धी जनचेतना विकास भएको हुनेछ । प्राकृतिक स्रोत साधनको पूर्ण रूपमा संरक्षण भएको हुनेछ। खाली जग्गामा बृहत् वृक्षारोपण गरी वनको क्षेत्रफलमा वृद्धि भएको हुनेछ। जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण, अनुकूलन तथा समयानुकूलन भएको हुनेछ। स्थानीय तहहरूको जलवायु अनुकूलन योजना तयार तथा कार्यान्वयन भएको हुनेछ। जलवायुमैत्री गाउँ (Climate Smart City), हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा अनुकूलन तथा समयानुकूलनका कार्यक्रम सञ्चालन भएको हुनेछ।

# परिच्छेद नौ
# संस्थागत विकास तथा सुशासन क्षेत्र विकास योजना

## पृष्ठभूमि

यस अध्यायमा गंगादेव गाउँपालिकाको दीर्घकालीन योजनाको प्रारूपलाई मध्यनजर गरी Terms of Reference (TOR) मा उल्लिखित संस्थागत विकास तथा सुशासन क्षेत्र विकास योजनाका उपक्षेत्रलाई समेटिएको छ । यस क्षेत्र अन्तर्गत संस्थागत क्षमता विकास योजना, मानव संसाधन विकास र सुशासन जस्ता उपक्षेत्रहरू पर्दछन् । यी उपक्षेत्रहरूको समुचित विकासका लागि गाउँपालिकाले लिएका सोच, लक्ष्य, उद्देश्य, रणनीति कार्यनीति प्रमुख कार्यक्रम र अपेक्षित उपलब्धिलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## ९.१ संस्थागत क्षमता विकास योजना

स्थानीय सरकार नागरिकको घरदैलोको सरकार हो। नेपालको संविधान २०७२ ले स्थानीय तहलाई विधायकी, अर्धन्यायिक र कार्यकारी अधिकार प्रदान गरेको छ। यस्तो अधिकार प्राप्त स्थानीय सरकार संस्थागत सुशासन, प्रभावकारी सेवा प्रवाह, पारदर्शी वित्तीय व्यवस्थापन, सबल, सक्षम र पूर्ण प्रजातान्त्रिक हुनुपर्दछ । यो जिम्मेवारी पुरा गर्न स्थानीय सरकार संस्थागत रूपमा सक्षम हुनु जरुरी छ ।

स्थानीय सरकार आधारभूत सेवा प्रवाहका माध्यमबाट नागरिकको जीवनस्तर सुधारका लागि एकीकृत रूपमा कार्य गर्ने जिम्मेवार निकाय हो । स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कत्तिको कुशल रूपमा सम्पादन हुन्छन् भन्ने कुरा जनप्रतिनिधि र कर्मचारी प्रशासनको कार्यकुशलता र संस्थागत सेवा प्रवाहको क्षमतामा भर पर्दछ। लोकतान्त्रिक पद्धतिमा राज्यले दिने सेवा प्रवाहको मूल्याङ्कन शासक तथा प्रशासक र सेवाग्राहीको सक्षमतामा भर पर्दछ। संविधान प्रदत्त एकल तथा साझा अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणस्तरीय सेवा प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्य क्षेत्रमा रहेको छ । तसर्थ यस योजनाले गंगादेव गाउँपालिकाको संस्थागत क्षमता विकास गरी सेवा प्रवाहमा प्रभावकारिता र सुशासनमा पारदर्शिता कायम गर्ने छ। यसले संस्थागत सुदृढीकरणका साथै गाउँबासीलाई प्रवाह गर्ने सेवा सुविधालाई प्रभाकारी बनाउने विश्वास गरिएको छ।

### सम्भावना र अवसर

- संविधान प्रदत्त अधिकारको प्रयोग गरी गंगादेव गाउँपालिकाले संस्थागत क्षमता विकास र सुशासनका लागि आवश्यक स्थानीय कानुन, ऐन, नियम, नीति, कार्यविधि तयार गरी कार्यान्वयन गरिरहेको छ ।
- एकीकृत सेवा प्रवाहका लागि गाउँपालिकाले प्रशासनिक भवनको निर्माण गरी सबै शाखाहरूलाई व्यवस्थित गर्ने प्रयास गरिरहेको छ ।
- यातायात क्षेत्रको पहुँचका कारण जिल्लाका अन्य पालिकाको तुलनामा मानव संशाधनको आवश्यक उपलब्धता रहेको छ ।
- गाउँपालिकाले संञ्चालन गर्ने कतिपय कार्यक्रमका लागि आवश्यक पर्ने मानव स्रोतको व्यवस्था गरी परिचालन गर्न पाउने अधिकार पालिकासँग रहेको छ।

### समस्या र चुनौती

- कर्मचारी संगठन र व्यवस्थापन (O&M Survey) नहुनु,

- गाउँपालिकाका कतिपय वडाका आफ्नो स्वामित्वका वडा कार्यालय भवन नभएका र भएका पनि व्यवस्थित नभएकाले सेवासुविधा प्रवाहमा सहज हुन नसकेको,
- गाउँपालिकामा सुविधा सम्पन्न सामुदायिक हल नभएकाले सभा, गोष्ठी, तालिम, अन्तर्क्रिया आदि जस्ता कार्यक्रम सञ्चालन गर्न नसकिएको,
- गाउँपालिकाका वडाका स्वास्थ्य संस्थामा आवश्यक स्रोत, साधन र दक्ष जनशक्तिको व्यवस्था नहुनु,
- गाउँपालिकालाई संविधान प्रदत्त एकल र साझा अधिकारहरू प्राप्त भए तापनि विकास व्यवस्थापन, वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन, सेवा प्रवाह मापदण्ड निर्धारण, राजश्व परिचालन र वित्तीय अनुशासन जस्ता एकल, साझा तथा संघीय कानुनबाट व्यवस्थित अधिकारहरूको प्रभावकारी उपयोगका लागि भौतिक स्रोत साधनको व्यवस्था, नीति, योजना, ऐन/नियम/कार्यविधि तयारी, मानव संसाधन प्राप्ति जस्ता कुराहरूमा खासै ध्यान नपुगेको ।

## सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि

### सोच

**"सक्षम र सबल संस्थागत विकास मार्फत जनमैत्री शासन "**

### लक्ष्य:

- गाउँपालिकालाई सबल र सक्षम संस्थागत विकास गरी सेवा प्रवाह र विकासमा समावेशी र सहभागितामूलक जनमैत्री शासनको अनुभूति गर्ने,

### उद्देश्य:

- मूल संविधानको अधिनमा रही सेवामुखी आवश्यक कानुन निर्माण, समयसापेक्ष संशोधन र कार्यान्वयन गर्नु,
- एकीकृत सेवा प्रवाहका लागि प्रविधि मैत्री भौतिक पूर्वाधारहरूको निर्माण र मर्मत सम्भार गर्नु,
- समयानुकूल सेवा प्रवाहका लागि दक्ष मानव संशाधनको व्यवस्था गर्नु,
- सेवा बजारहरूको विकास, विस्तार र परिचालन गर्नु,

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • संस्थागत प्रणालीमा आवश्यक सुधार गर्नका लागि आवश्यक कानुन निर्माण, समयसापेक्ष संशोधन र कार्यान्वयन गर्ने,<br>• एकीकृत सेवा प्रवाहका लागि प्रविधि मैत्री भौतिक पूर्वाधार निर्माण र | • संघीय तथा प्रादेशिक कानुनको मर्म र स्थानीय आवश्यकतालाई मध्यनजर गरी अधिकार प्रदत्त जनमुखी कानुनहरूको निर्माण र मौजुदा कानुनहरूलाई समयसापेक्ष संशोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,<br>• स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधालाई छिटो छरितो र प्रभावकारी बनाउन नीति नियम र कानुनका बारेमा जनतालाई सुसुचित गर्ने,<br>• न्याय सम्पादन र विधेयकहरू तयार गर्न सहजताका लागि कानुन विज्ञको सेवा प्राप्तिको व्यवस्था गर्ने,<br>• पालिकाको गुरुयोजना लगायत प्राप्त नमूना कानुन अनुसार आवश्यकताका आधारमा ऐन, नियम, विधि तथा कार्यविधिहरूको तयार गर्ने,<br>• गाउँपालिकाका सेवाहरूलाई वडास्तरमा विकेन्द्रीकरण गर्न संस्थागत संरचनाको निर्माण गरी कार्यान्वयन गर्ने, |

| | |
|---|---|
| सामग्रीको व्यवस्थापन गर्ने,<br>● सार्वजनिक जवाफदेही जनप्रतिनिधि र दक्ष, सेवामुखी, पारदर्शी, जिम्मेवार कर्मचारी प्रशासनको विकास गर्ने,<br>● सेवा बजारहरूको विकास, विस्तार र परिचालन गर्ने, | ● गाउँपालिकाबाट प्रवाह गरिने सामाजिक विकासका क्षेत्र कृषि, पशुपालन, स्वास्थ्य, शिक्षा र वातावरण संरक्षणलाई घरदैलोमा नै सेवा प्रवाह गर्न संस्थागत संरचनाको व्यवस्था गर्ने,<br>● गाउँ तथा वडा पालिकाले गर्ने निर्णयहरूमा सबै पक्षको सहभागिता, पारदर्शिता, जवाफदेहिता तथा दिगोपनाका लागि संस्थागत संरचना तयार गर्ने,<br>● गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाह सम्बन्धी आवश्यक जानकारी भएको वडापत्र तयार गरी सार्वजनिक स्थानमा राख्ने, यो वडापत्रलाई पाँच वर्षभित्रमा जनतासँग गंगादेव गाउँपालिका नामक Digital Apps बनाई प्रयोगमा ल्याउने,<br>● गाउँपालिकाका विकास निर्माण कार्यहरूको वार्षिक कार्यतालिका बनाउने र तदनुसार कार्यान्वयन गर्ने,<br>● स्पष्ट जिम्मेवारी तोक्ने र मापदण्ड सहित कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने,<br>● गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका प्रमुख परियोजनाहरूको विवरण भएको सूचना बोर्ड सम्वन्धित स्थानमा टाँस्ने,<br>● गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूको स्पष्ट, समयबद्ध र कति दिनमा के के हुने खाका सार्वजनिक गर्ने र तद्नुसार नभएमा कारणसहित स्पष्टीकरण दिनुपर्ने परिपाटीको विकास गर्ने,<br>● गाउँपालिकाको कर्मचारी संरचनालाई समावेशी वनाउन नियुक्ति, जिम्मेवारी बाँडफाँड, लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीय समावेशीकरणको मान्यतालाई कडाइकासाथ लागू गर्ने,<br>● गाउँपालिका र वडास्तरका विकास निर्माणका क्रियाकलापहरूमा समावेशी ढाँचा र सहभागितामूलक पद्धति अवलम्बन गर्ने, योजना छनौट, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, मूल्यांकनका संयन्त्रहरूमा महिलाको सहभागिता कम्तिमा ३३ प्रतिशत, सीमान्तकृत वर्गको २० प्रतिशत सहभागिता सुनिश्चित गर्ने,<br>● विकास निर्माणका आयोजनाहरूको बाँडफाड र बजेट विनियोजन क्षेत्रीय (भेगीय) सन्तुलन कायम गर्ने,<br>● सेवा प्रवाहलाई डिजिटल प्रणालीमा रूपान्तरण गरी Digital Apps मार्फत सूचना दिनेलिने सिफारिस गर्ने साथै कर तथा अन्य शुल्कहरूको भुक्तानी दिनेलिने समेत गर्ने,<br>● गाउँपालिका र वडा स्तरमा तथ्यांकहरूको आय व्ययको लेखा अभिलेखीकरण Digital Apps प्रणालीमा ल्याउने,<br>● गाउँपालिकाका विभिन्न विषयगत शाखाहरूबाट हुने कामहरूको समन्वय गर्ने र सेवा प्रवाहमा एकद्वार प्रणाली लागू गर्ने,<br>● प्रत्येक वडा केन्द्र र बजार उन्मुख स्थानमा कम्तिमा एक वित्तीय संस्था स्थापनाको लागि वित्तीय संस्थाहरूसँग समन्वय गर्ने, |

| | |
|---|---|
| | • गाउँपालिकामा प्राप्त हुने भुक्तानी कारोवारहरू बैकिङ्ग प्रणाली मार्फत गर्ने व्यवस्था मिलाउने,<br>• विकास निर्माणका क्षेत्रमा हुने कारोवार तथा राजश्व संकलन सम्बन्धी आय तथा भुक्तानी समेत बैकिङ्ग प्रणालीमा आबद्ध गर्ने,<br>• गाउँपालिका तथा वडाहरूमा प्रयोग हुने कार्यालय व्यवस्थापन वा कार्यक्रम संचालनका साधनहरू सम्भव भएसम्म स्थानीय साधन/श्रोतमा (खाजा, झोला, अतिथि सत्कार सामग्रीहरू लगायतका अन्य सम्भाव्य सामग्रीहरू) आधारित गराउदै लैजाने,<br>• विकास निर्माणका काममा संभव भएसम्म स्थानीय श्रोत सामग्रीहरू र जनशक्तिको प्रयोग गर्ने (काठ, दाउरा, ढुङ्गा, माटो, वालुवा आदि),<br>• गाउँपालिकाबाट सञ्चालित कार्यक्रमहरूमा समन्वय गरी दोहोरो प्रणालीको अन्त्य गर्ने,<br>• गाउँपालिका क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी संस्थाहरूको कार्यक्रमहरूमा समन्वय गर्ने र संस्थागत जिम्मेवारीको परिपाटी बसाउने,<br>• जनतामा प्रवाहित हुने सेवा एकीकृत गर्न हरेक क्रियाकलापमा गाउँपालिका वा वडाको स्वीकृति र समन्वयमा सञ्चालन गर्ने,<br>• गाउँपालिका तथा यसका वडाहरू सुविधा सम्पन्न कार्यालय भवनहरू निर्माण गरी तिनीहरूमा Optical Fibre जडान गर्न प्रदेशसँग समन्वय गर्ने,<br>• गाउँपालिकाका हरेक विषयगत कार्यालयहरू र वडा कार्यालयहरूको भौतिक विकास तथा जनशक्ति व्यवस्थापन गरी संस्थागत क्षमता बढाउने,<br>• प्रत्येक विषयगत कार्यालयहरूमा प्राविधिक जनशक्ति (जस्तै, ईन्जिनियर, स्वास्थ्यकर्मी, पशु चिकित्सक, कृषि विज्ञ, निरीक्षक आदि) को व्यवस्था गर्ने<br>• कर्मचारीहरू नियुक्ति गर्दा आवश्यक प्राविधिक सीप र दक्षतालाई आधार बनाउने,<br>• कर्मचारीको पेशागत सीप तथा क्षमता अभिवृद्धिका लागि नियमित तालिमहरूको व्यवस्था मिलाउने,<br>• जन प्रतिनिधिहरूलाई योजना निर्माण, बजेट निर्माण, लेखा तथा विकास प्रशासन, नेतृत्व विकास र कार्यान्वयनको क्षेत्रहरूमा समयबद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,<br>• गाउँपालिका तथा वडाहरूका महत्वपूर्ण सार्वजनिक स्थानहरूमा स्वच्छ खानेपानी तथा व्यवस्थित शौचालयहरूको व्यवस्था गर्ने,<br>• गाउँपालिकाका कर्मचारीहरू तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिको लागि अवलोकन अध्ययन भ्रमण कार्यक्रम आवश्यकता अनुसार सञ्चालन गर्ने,<br>• गाउँपालिकाको केन्द्रमा कर्मचारी आवासगृहका साथै जन प्रतिनिधि तथा अतिथिहरूका लागि सुविधा सम्पन्न अतिथि गृहको निर्माण गर्ने । |

## प्रमुख कार्यक्रम

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | **गंगादेव गाउँपाकिला** | | | | | | | | | | | |
| १ | गाउँपालिका प्रशासकिय भवन निर्माण | संख्या | गाउँकार्यपालिका | १ | | | | | १ | ४0000000 | संघ | १ |
| २ | सबै कार्यालयहरुमा कम्प्यूटर, ल्यावटप, प्रिन्टर, फोटोकपी मेसिनको माग | संख्या | अन्तर्गतका शाखाहरु | ७ | ७ | ७ | ७ | ७ | ३५ | १0000000 | संघ प्रदेश | १ |
| ३ | स्थानिय तथ्याङ्क तथा अभिलेखीकरण | संख्या | वडाहरुमा | २ | २ | २ | २ | २ | १0 | २000000 | संघ, प्रदेश, स्थानीय | १ |
| ४ | उजुरीपेटिका राख्न | संख्या | शाखाहरु | २ | २ | २ | २ | २ | १0 | ५0000 | प्रदेश, स्थानीय | १ |
| ५ | व्यवस्थापन समितिलाई तालिमको व्यवस्था | संख्या | गाउँपालिका | १ | | | | | १ | १५00000 | संघ, प्रदेश | १ |
| ६ | वडा कार्यालय, विद्यालय र स्वास्थ्यमा नागारिक वडा पत्रको व्यवस्था | संख्या | गाउँपालिका | २ | २ | २ | २ | २ | १0 | १00000 | प्रदेश स्थानीय | १ |
| | **जम्मा** | | | | | | | | | ५३६५0000 | | |

### उपलब्धि:

सेवा प्रवाहमा सबलीकरण, विकास निर्माणमा प्रभावकारिता, समावेशिता र सहभागितामा वृद्धि भएको हुनेछ । मूल संविधानको अधिनमा रही सेवामुखी आवश्यक कानुन निर्माण, समयसापेक्ष संशोधन र कार्यान्वयन गरिएको हुनेछ । एकीकृत सेवा प्रवाहका लागि प्रविधि मैत्री भौतिक पूर्वाधारहरूको निर्माण र मर्मत सम्भार गरिएको हुनेछ । समयानुकूल सेवा प्रवाहका लागि दक्ष मानव संशाधनको व्यवस्था गरिएको हुनेछ । सेवा बजारहरूको विकास, विस्तार र परिचालन गरिएको हुनेछ ।

## ९.२ मानव संसाधन विकास

गंगादेव गाउँपालिकामा विभिन्न तहमा गरी जम्मा ३९ जनप्रतिनिधि र १०३ कर्मचारी रहेका छन् । प्रशासनिक कार्यका लागि पालिकाको आफ्नै भवन रहेको छैन भने आवश्यक मात्रामा फर्निचर र अन्य भौतिक सामग्रीहरू रहेका छन् । कार्यालय चलायमान बनाउन मानिसमा ज्ञान, सीप, अनुभव र आवश्यक स्रोत साधन चाहिन्छ । त्यसैले मानव संसाधनको क्षमता विकास भनेको गाउँपालिकाको खर्च नभई लगानी हो भन्ने कुरा बुझ्नु पर्दछ । मानव संशाधनको विकास र पेशागत कार्यक्षमता वृद्धि गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउनु नै यसको मुख्य अभिप्राय रहेको छ ।

### सम्भावना र अवसर

- पालिकाले मानव संसाधनको विकासका लागि सबै तह र क्षेत्रका शैक्षिक संस्थाको संस्थागत विकास गरी ह्वाइट कलर जब गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने र पूर्वाधार निर्माण, कृषि क्षेत्रको विकास, पर्यापर्यटन तथा जलपर्यटन र व्यावसायिक सीपमूलक क्षेत्रको विकास गरी अधिक मात्रामा मानिसलाई रोजगारी र आयआर्जनमा जोड्न सक्ने सम्भावना रहेको छ ।
- गाउँपालिका भित्रका मानव संसाधनलाई जीवन उपयोगी सीप विकासका लागि आवश्यक स्वरोजगार मूलक तालिम तथा प्रशिक्षण दिई उनीहरूलाई विभिन्न क्षेत्रमा परिचालन गर्न सक्ने सम्भावना रहेको छ ।
- लुम्बिनी प्रदेशको राजधानी दाङ देउखुरीदेखि करिब ६३.९ कि. मि., तुलसीपुरदेखि ३३.२ किलोमिटरमा दुरीमा रहेको, यस पालिकालाई निर्माणाधिन मदन भण्डारी रार्जमार्गले समेत जोड्ने भएकोले निकट भविष्यमा यातायातको पहुँचका दृष्टिले सुगम मानिने र सबै किसिमका मानव श्रोत साधनलाई रोजगारी पाउन सक्ने सम्भावना रहेको छ ।
- कृषि सहकारीका माध्यमबाट किसानहरूलाई कृषि तथा पशुपालनका क्षेत्रमा व्यावसायीकरण गरी मानव संसाधनलाई स्वरोजगार बनाउने सम्भावना रहेको छ ।

### समस्या र चुनौती

- मानव संसाधन विकासका लागि संस्थागत कार्ययोजना नहुनु, विभिन्न क्षेत्रका दक्ष जनशक्ति उत्पादन गर्ने संस्थागत संरचना र सीप विकास तालिम सञ्चालन नहुनु,
- आफ्नो गाउँठाउँको श्रमप्रति विश्वस्त नहुनु, त्यस किसिमको सामाजिक परिवेश नबन्नु र सीपयुक्त मानव स्रोत पनि विदेश पलायन हुनु,

### सोच:

**"जनउत्तरदायी मानव संशाधन मार्फत जनमुखी सेवा प्रवाह"**

### लक्ष्य:

- दक्षता सहितको जनमुखी सेवा प्रवाहका लागि जनउत्तरदायी प्रशासनिक सेवाको विकास गर्ने,

### उद्देश्य

- कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास गर्नु,
- सेवा बजारको क्षेत्र विस्तार गर्नु,

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • कर्मचारी र जनप्रतिनिधिहरूलाई पेशागत क्षमता विकास गरी कार्य दक्षतामा वृद्धि गर्ने,<br>• सेवा बजारहरूको विकास र विस्तार गर्ने । | • कर्मचारीको पेशागत दक्षतालाई समयानुकूल बनाउन नेतृत्व विकास तथा प्रविधिसँग सम्बन्धित सीप विकास तालिमको व्यवस्था गर्ने,<br>• जननिर्वाचित प्रतिनिधिको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र सुशासनबारे अनुशिक्षण कार्यक्रम संचालन गर्ने,<br>• गाउँपालिकाको कर्मचारी संरचनालाई समावेशी बनाउन नियुक्ति र जिम्मेवारी बाँडफाँड गर्दा अपाङ्ग, लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीय समावेशीकरणको मान्यतालाई कडाइका साथ लागू गर्ने,<br>• गाउँपालिकाका विभिन्न विषयगत शाखाहरूबाट हुने कामहरूको समन्वय गर्ने र सेवा प्रवाहमा एकद्वार प्रणाली लागू गर्ने,<br>• प्रत्येक विषयगत कार्यालयहरूमा प्राविधिक जनशक्ति (जस्तै, ईन्जिनियर, स्वास्थ्यकर्मी, पशु चिकित्सक, कृषि विज्ञ, निरीक्षक आदि) को व्यवस्था गर्ने,<br>• कर्मचारीहरू नियुक्ति गर्दा आवश्यक प्राविधिक सीप र दक्षतालाई आधार बनाउने,<br>• कर्मचारीको पेशागत सीप तथा क्षमता अभिवृद्धिका लागि नियमित तालिमहरूको व्यवस्था मिलाउने,<br>• जन प्रतिनिधिहरूलाई योजना निर्माण, बजेट निर्माण, लेखा तथा विकास प्रशासन, नेतृत्व विकास र कार्यान्वयनका क्षेत्रहरूमा समयबद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,<br>• गाउँपालिकाका कर्मचारीहरू तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिको लागि अवलोकन अध्ययन भ्रमण कार्यक्रम आवश्यकता अनुसार सञ्चालन गर्ने,<br>• कृषि तथा पशुपालनका सेवा बाक्लो बनाउन अगुवा कृषकहरूबाट छनौट गरी कृषि तथा पशु सेवा कार्यकर्ताको तालिम प्रदान गर्ने,<br>• खानेपानी मर्मत सेवाहरूका लागि खानेपानी उपभोक्ता समूहबाटै सहभागी छनौट गरी तालिम प्रदान गर्ने,<br>• गाउँपालिकाको केन्द्रमा कर्मचारी आवासगृहका साथै जन प्रतिनिधि तथा अतिथिहरूका लागि सुविधा सम्पन्न अतिथि गृहको निर्माण गर्ने । |

### प्रमुख कार्यक्रम

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय | प्राथमिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | **गंगादेव गाउँपालिका** | | | | | | | | | | | |
| १ | कर्मचारी तथा जनप्रतिनिधी क्षमता विकास तथा उत्प्रेरणादायक कार्यक्रम | पटक | पालिका भर | १ | १ | १ | १ | १ | ५ | १०००००० | पालिका | १ |
| २ | प्रत्येक विद्यालयका शिक्षकलाई कम्प्यूटर, प्रोजेक्टर तालिम | पटक | पालिका भर | १ | १ | १ | १ | १ | ५ | १०००००० | संघ र पालिका | ३ |
| ३ | कर्मचारी संगठन र व्यवस्थापन (O&M) सर्भे | पटक | पालिका भर | १ | | | | | १ | १०००००० | पालिका | १ |
| ४ | विद्यालय र स्वास्थ्य केन्द्रमा विद्युतिय हाजिरी माग | पटक | पालिका भर | १ | १ | १ | १ | १ | ५ | २५००००० | पालिका र गै.स.सं. | २ |
| ५ | कर्मचारी प्रोत्साहन | पटक | पालिका भर | ५ | ५ | ५ | ५ | ५ | २५ | २५०००० | पालिका | ३ |
| ६ | महिला स्वयमसेवका प्रोत्सान तथा भ्रमण | पटक | पालिका भर | १ | १ | १ | १ | १ | ५ | ५००००० | संघ र पालिका | १ |
| ७ | सेवा ग्राहि, जनप्रतिधि कर्मचारीविच मासिक अन्तर्क्रीया | पटक | पालिका भर | १ | १ | १ | १ | १ | ५ | ५००००० | पालिका | ३ |
| ८ | वडा कार्यालयमा जनप्रतिनिधि, कर्मचारीहरुलाई लेखा व्यवस्थापन सम्बन्धी तालिम माग | पटक | पालिका भर | १ | १ | १ | १ | १ | ५ | १०००००० | | २ |
| | **जम्मा** | | | | | | | | | ८२५०००० | | |

### अपेक्षित उपलब्धि

जनप्रतिनिधिहरूमा समयानुकूल क्षमता वृद्धि भएको हुनेछ । कर्मचारीहरूको पेशागत दक्षता निरन्तर अध्यावधिक गर्ने कार्यक्रम संचालन गरिएको हुनेछ । जनताको दैनिक जीवनसँग सम्वन्धित सेवा बजारको क्षेत्र विस्तार गरिएको हुनेछ ।

## ९.३ सुशासन

संघीयताको कार्यान्वयनसँगै जनताको घरआँगनको सरकारका रूपमा स्थानीय सरकार रहेको छ। केन्द्रीकृत शासनबाट सन्तुष्ट हुन नसकेका जनताका आशा र अपेक्षालाई पुरा गर्ने दायित्व स्थानीय सरकारलाई रहेको छ। आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा राखेका छन्। संवैधानिक व्यवस्था, कानुनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारमा रहेको छ।

बदलिँदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरू अवलम्बन गर्न जरुरी देखिएको छ। संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, निजी तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउनेतर्फ गाउँपालिकाले विशेष ध्यान दिन आवश्यक छ।

गाउँपालिकाबाट हालसम्म ६२ वटा ऐन, नियम, कार्यविधि निर्माण, प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन्। संविधानले व्यवस्था गरेका कतिपय ऐन, नियम अझै बनाउनु पर्ने छ। सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिक समाज संस्था समेतको सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत् सार्वजनिक गर्ने अभ्यास गरिएको छ।

### सम्भावना र अवसर

- शासकीय स्वरूप संघीय संरचनामा गइ स्थानीय सरकारलाई कानुनी, विधायकी र कार्यकारी अधिकार प्रदान गर्नु,
- सुशासन कायम गर्नका लागि स्थानीय सरकारलाई आवश्यक पर्ने कानुनहरू आफै पारदर्शी रूपमा निर्माण गर्ने कानुनी अधिकार रहनु,
- कर्मचारी प्रशासन तथा जनप्रतिनिधि प्रत्यक्ष रूपमा जनताप्रति जवाफदेही हुने कानुनी प्रावधानहरू निर्माण हुनु,
- वित्तीय संघीयताको कार्यान्वयनले प्राकृतिक स्रोत साधनको सदुपयोग र स्थानीय राजश्वको प्रयोग स्थानीय स्तरमा नै हुने अवसर प्राप्त हुनु,
- सार्वजनिक जीवनका व्यक्तिहरूले सार्वजनिक सेवाका सिद्धान्तको परिपालना परिपाटीको सुरुआत हुनु र
- राज्यले भष्टाचार शून्य सहनशीलताको नीति लिएको र सेवाग्राही सुशासन तथा भष्टाचारप्रति सजक र सचेत हुनु,

### समस्या र चुनौती

- जनप्रतिनिधि शासकको मानसिकताबाट मुक्त भइ सेवक र जनउत्तरदायी हुन नसक्नु
- कर्मचारी प्रशासन नतिजामुखी भन्दा प्रक्रियामुखी भइ पारदर्शी र जनउत्तरदायी नहुनु,

- सुशासन कायम गर्नका लागि मौजुदा कानुनहरू दोहोरो अर्थ दिने र प्रक्रियामुखी तथा आवश्यक पर्ने सबै कानुनहरूको निर्माण नहुनु,
- शासकीय स्वरूप संघीयतामा गए पनि प्रशासनिक मानसिकता संघीयताको भावना अनुरूपको नहुनु,
- दलीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूमा दलीय मानसिकताबाट माथि उठ्न नसक्नु,
- कर्मचारी तथा जनप्रतिनिधिहरूले सदाचारयुक्त आचरण निर्माण गर्न नसक्नु,

**सोचः**

**"नतिजामुखी र जनसेवी सार्वजनिक प्रशासन सुशासनको आधार"**

**लक्ष्यः**

- जनमुखी र जनअपेक्षा अनुसारका छिटो, छरितो, सरल एवं न्यायिक रूपमा सार्वजनिक सेवा प्रवाह गर्ने,

**उद्देश्यः**

- पारदर्शी रूपमा कानुनी शासनको प्रत्याभूति गराउनु,
- जवाफदेही उत्तरदायी र समानतामा आधारित सेवा प्रवाह गर्नु,
- गाउँपालिकाबाट प्रवाह हुने सेवाहरू पारदर्शी बनाउनु,
- सेवा प्रवाह जवाफदेही र पूर्ण सहभागितामूलक बनाउनु,
- आर्थिक तथा विकासका गतिविधिहरू पारदर्शी रूपमा संचालन गर्नु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • गाउँपालिकाले सम्पादन गर्ने सम्पूर्ण सेवाहरू पारदर्शी बनाउने, | • गाउँपालिकाले गर्ने सार्वजनिक सरोकारका हरेक निर्णयहरू वेभसाइट, सामाजिक सञ्जाल, सूचना पाटी र आम सञ्चारका माध्यमबाट सार्वजनिक गर्ने,<br>• गाउँपालिकाको सम्पूर्ण आय व्यय विवरण नियमित रूपमा वेभसाइट, सामाजिक सञ्जाल, सूचना पाटी र आम सञ्चारका माध्यमबाट सार्वजनिक गर्ने,<br>• आर्थिक, सामाजिक तथा पूर्वाधार विकास कार्यहरूको प्रगति विवरण वेभसाइट, सामाजिक सञ्जाल, सूचना पाटी र आम सञ्चारका माध्यमबाट सार्वजनिक गर्ने,<br>• प्रत्येक योजनाहरूको सम्पन्नतापछि सार्वजनिक लेखा परीक्षण गर्ने,<br>• अध्ययन, अनुसन्धान, मूल्याङ्कन र अनुगमन प्रतिवेदन वेभसाइट, सामाजिक सञ्जाल, सूचना पाटी र आम सञ्चारका माध्यमबाट सार्वजनिक गर्ने, |
| • योजना चक्रको हरेक तहमा समावेशिता सहितको सहभागिता सुनिश्चित गर्ने, | • गाउँपालिकाद्वारा निर्माण गरिने योजना तर्जुमा प्रकृयामा बस्ती स्तरका आम जनताको सहभागिता सुनिश्चित गर्ने,<br>• उपभोक्ता समिति छनौटमा सीमान्तकृत, विपन्न, असहाय, लैंगिक समावेशी सहभागिताको सुनिश्चित गर्ने, |

गंगादेव गाउँपालिका

| | |
|---|---|
| | ● गाउँपालिकाले संचालन गर्ने हरेक योजनाहरू कार्यान्वयन गर्दा सम्भव भएसम्म जनसहभागिता सुनिश्चित गर्ने, |
| ● अन्तर सरकारी स्तरको सहकार्य वृद्धि गर्ने, | ● योजनाहरूको विवरण आदान प्रदान गर्ने,<br>● संघ, प्रदेश र पालिकाबीच विकास प्रशासन, बजेट, कार्यक्रम र रणनीतिहरूका बारेमा अन्तरसम्बन्ध स्थापना तथा समन्वय गर्ने, |
| ● अन्तर योजना तथा परियोजनाहरू बीच सहकार्य वृद्धि गर्ने, | ● पालिका क्षेत्रमा कार्यरत संघ, संस्था, आयोजना तथा परियोजना र कार्यरत निकायबीच अन्तरसम्बन्ध स्थापना तथा समन्वय गर्ने, |

गंगादेव गाउँपालिका

## प्रमुख कार्यक्रम

| क्र.सं. | बिषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम | इकाई | कार्यान्वयन हुने स्थान | ५ बर्षको लक्ष | | | | | ५ बर्षको लक्ष्य जम्मा | अनुमानित लागत रु. | लागत सहभागिता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ | | | |
| | गंगादेव गाउँपालिका | | | | | | | | | | |
| १ | २४ घण्टा सेवा प्रवाह गर्नुपर्ने सेवालाई व्यवस्थापन गर्ने | नियमित | गा.पा. | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | ८००,००० | गा.पा. |
| २ | नीति, कानुन तर्जुमा एवम् निर्माण | नियमित | गा.पा. | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | १००,००० | गा.पा. |
| ३ | विद्युतीय सामग्री तथा ईन्टरनेट खरिद, संचालन एवम् व्यवस्थापन | पटक | गा.पा. | १ | | | | | १ | १८००००० | |
| ४ | आन्तरिक लेखा प्रणालीको प्रयोग | पटक | गा.पा. | १ | १ | १ | १ | १ | ५ | १०००००० | पालिका |
| ५ | गाउँपालिकाको सार्वजनिक लेखा परीक्षण | पटक | गा.पा. | १ | १ | १ | १ | १ | ५ | ५००००० | |
| ६ | नियमित अनुगमन तथा मूल्याङकन योजना | पटक | गा.पा. | १ | १ | १ | १ | १ | ५ | ५००००० | |
| ७ | योजनाको सार्वजनिक सुनुवाई र परिक्षण | पटक | गा.पा. | १ | १ | १ | १ | १ | ५ | ३०००००० | |
| ८ | राजस्वको महत्व बारे सचेतना अभिवृद्धि योजना | पटक | गा.पा. | २ | २ | २ | २ | २ | १० | २००००० | |
| ९ | करको दायरा निर्माण | पटक | गा.पा. | १ | | | | | | ५००००० | |
| १० | वभिन्न संघ संस्था, टोल विकास, उपभोक्ता समिति, आमा समूह, सहकारीलाई सार्वजनिक सुनुवाई तथा जनलेखा परिक्षण सम्बन्धी तालिम | पटक | गा.पा. | १ | १ | १ | १ | १ | ५ | ७५०००० | |
| | **जम्मा सुशासन रु** | | | | | | | | | ९,१५०,००० | |

**अपेक्षित उपलब्धिः**

पारदर्शी रूपमा कानुनी शासनको प्रत्याभूति गराएको हुनेछ । जवाफदेही, जनउत्तरदायी र समानतामा आधारित सेवा प्रवाह संचालन भइरहेका हुनेछन् । गाउँपालिकाबाट प्रवाह हुने सेवाहरू जनमुखी र पारदर्शी हुनेछन् । सेवा प्रवाह जवाफदेही र पूर्ण सहभागितामूलक हुनेछन् । आर्थिक तथा विकासका गतिविधिहरू पारदर्शी रूपमा संचालन गरिएका हुनेछन् ।

गंगादेव गाउँपालिका

## परिच्छेद दश

## योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन

गंगादेव गाउँपालिकाको समग्र विकास योजनाको कार्यान्वयन एउटा महत्वपूर्ण चुनौतीको विषय हो । विकासका लागि प्रस्ताव गरिएका कार्यक्रमहरूको सफल कार्यान्वयन गाउँपालिकाको आन्तरिक क्षमता र सरोकारवालाबाट प्राप्त हुने सहयोग र सहकार्यमा भर पर्दछ । यस आवधिक योजना तर्जुमाले गाउँपालिकाको योजना अवधिमा आफ्नो वित्तीय तथा संस्थागत अवस्थामा सुदृढ गरेको हुनेछ । यो योजनाले संघ, प्रदेश, निजी क्षेत्र, सहकारी, गैरसरकारी संघसंस्थाहरू र समुदायबाट यथेष्ट विश्वास आर्जन गरी सहयोग र सहभागिता प्राप्त गरी कार्यान्वयन हुनेछ । यसका आधारमा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी रूपमा अगाडि बढाउनका लागि तथ्याङ्क प्रणाली, योजना तर्जुमा तथा कार्यान्वयन, आयोजना बैंक, तहगत सम्बन्धता र अन्तर सरकार समन्वय, अनुगमन तथा मूल्याङ्कन र जोखिम व्यवस्थापन क्षेत्रको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, प्रमुख कार्यक्रम र उपलव्धि समेत तयार गरी यस अध्यायमा समेटिएको छ ।

### १०.१ तथ्याङ्क प्रणाली

नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीयतहको तथ्याङ्कीय अधिकार स्पष्ट किटानी गरेको छ । उत्पादित तथ्याङ्क तीन तहका सरकारका नीति तथा योजना तर्जुमा, अनुगमन र मूल्यांकनका साथै विकासको दीर्घकालीन सोच, दिगो विकासको लक्ष्य हासिल गर्नका लागि वस्तुगत आधार बन्न सक्नेछन् । प्रशासनिक अभिलेख, सूचना व्यवस्थान प्रणाली, अध्ययन अनुसन्धानका प्रतिवेदनको प्रशोधन र विश्लेषणबाट समेत तथ्याङ्क उत्पादन भै रहेको छ । तथ्याङ्क प्रणालीको विकासको लागि राष्ट्रिय रणनीति तर्जुमा भएको र नयाँ तथ्याङ्क ऐन तर्जुमाको चरणमा छ । योजना अवधिमा स्थानीय तहबाट उत्पादित यी तथ्याङ्कहरू राष्ट्रिय तथ्याङ्क प्रणालीमा आवद्ध भएमा योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन प्रणाली सुदृढ गर्न सहयोग गर्ने छ ।

#### सम्भावना र अवसरहरू

- स्थानीयगत तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने जिम्मा स्थानीय सरकारलाई दिनु, स्थानीय स्तरको तथ्याङ्क संकलन र व्यवस्थापनमा सहजीकरण र सहकार्य गर्न केन्द्रीय तथा प्रादेशिक तथ्याङ्क विभाग तयार रहनु, छिटो र छरितो रूपमा तथ्याङ्क संकलन, प्रशोधन र वितरण गर्न सघाऊ पुऱ्याउन सक्ने नयाँ प्रविधिहरू विकास हुँदै जानु, नीति तथा योजना आयोगद्वारा सामाजिक आर्थिक विकासका मानक सूचकहरूको स्पष्ट पहिचान हुनु, गुणस्तरीय तथ्याङ्कको प्रयोगका लागि स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकार प्रतिबद्ध रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

#### समस्या तथा चुनौतीहरू

- संरचना नयाँ हुँदा जिल्ला र स्थानीय स्तरमा तथ्याङ्क खण्डीकृत गर्न कठिनाइहरू रहनु, तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गर्न आवश्यकता अनुसारको दक्ष जनशक्ति उपलब्ध नहुनु, तथ्याङ्कहरू एकीकृत नहुँदा प्रयोगमा एकरूपता कायम गर्न नसक्नु आदि यस क्षेत्रका समस्याहरू हुन् ।
- स्थानीय तहबाट एकीकृत प्रणालीमा तथ्याङ्क उपलव्ध गराउनु, तथ्याङ्कमा आधारित रहेर योजना तर्जुमा गर्ने र योजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको आधारशीला तय गर्नु, स्थानीय तह, प्रदेश सरकार र केन्द्रीय तथ्याङ्क विभागले लिने तथ्याङ्कहरूको संकलन र प्रशोधन मानकहरूमा

एकरूपता कायम गर्नु, तथ्याङ्कको मूल्य र महत्व बारे सचेतना जगाउनु, तथ्याङ्कको प्रयोग दक्षता वृद्धि गर्नु, तथ्याङ्कको प्रयोगमा एकरूपता कायम गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

## सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### सोच

**"तथ्यमा आधारित एकीकृत तथ्याङ्क प्रणाली"**

### लक्ष्य

- तथ्यमा आधारित नीति, नियम, कानुन र यसको कार्यान्वयनका लागि विश्वसनीय तथ्याङ्क प्रणालीको विकास गर्ने,

### उद्देश्य

- तथ्यमा आधारित विश्वसनीय आधुनिक तथ्याङ्क प्रणालीको विकास गर्नु,
- पारदर्शी, जवाफदेही, जनमुखी शासन संचालनका लागि विश्वसनीय, तथ्यपरक र प्रभावकारी तथ्याङ्क उपयोग गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| ● दिगो विकासको लागि स्थानीय स्तरका तथ्याङ्क प्रणालीको विकास गर्ने,<br>● तथ्याङ्कको संकलन, प्रशोधन, व्यवस्थापन र प्रकाशनलाई व्यवस्थित बनाउने ।<br>● तथ्याङ्क संकलन, प्रशोधन र वितरण प्रणालीको आधुनिकीकरण गर्ने ।<br>● गाउँपालिका कार्यालयले प्रशोधन गरेका सूचना भरपर्दा माध्यम मार्फत् सार्वजनिक गर्ने । | ● केन्द्रीय तथा प्रादेशिक तथ्याङ्क विभाग, विश्वविद्यालय, सरकारी कार्यालय र निजी क्षेत्रसँग समन्वय गरी तथ्याङ्क संकलन, प्रशोधन, व्यवस्थापन र प्रकाशन गर्ने,<br>● आवश्यक तथ्याङ्कहरूको सूची तयार गरी नियमित तथ्याङ्क संकलन गर्ने प्रणालीको विकास गर्ने,<br>● आवश्यकता पहिचान गरी विषयगत तथ्याङ्कहरू संकलन गर्ने,<br>● स्थानीय तहगत तथ्याङ्क सम्बन्धी कर्मचारी तथा विज्ञहरूको क्षमता र दक्षता वृद्धि गर्ने,<br>● आयोजना सञ्चालन अवस्थाको तथ्याङ्क संकलन र विश्लेषण गर्ने कार्यलाई नियमित रूपमा संचालन गर्ने,<br>● तथ्याङ्क संकलन, प्रशोधन र वितरणका लागि उपलब्ध विधि र प्रविधिहरूको उच्चतम प्रयोग गर्ने,<br>● स्थानीय तथ्याङ्क वेब पोर्टल निर्माण गरी तथ्याङ्कहरूको एकीकृत रूपमा व्यवस्थापन र वितरण गर्ने,<br>● विषयगत क्षेत्रहरूमा सम्बन्धित तथ्याङ्कहरूको प्रशोधन गरी नक्सांकन गर्ने,<br>● वेव पोर्टल र विभिन्न प्रकाशन मार्फत् तथ्याङ्कको नियमित प्रकाशन गरी प्रयोग कर्ताको आवश्यकता पूर्ति गर्ने,<br>● तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी वेब पोर्टल र विभिन्न प्रकाशन मार्फत् प्रयोग कर्ता माझ पुऱ्याउने कार्यलाई नियमित रूपमा संचालन गर्ने, |

### प्रमुख कार्यक्रम

- स्थानीय तथ्याङ्क वेब पोर्टल निर्माण, व्यवस्थापन र सार्वजनिकीकरण गर्ने,
- तथ्याङ्क सम्बन्धी स्थानीय तहको क्षमता र दक्षता वृद्धि तालिम गर्ने,
- स्थानीय तहको सूचना संकलन र विश्लेषण गर्ने,
- संकलन गरिएका तथ्याङ्क तथा सूचनाहरू प्रदेश तथा संघमा उपलब्ध गराउने र
- संघीय तथा प्रदेश सरकारले संचालन गर्ने सर्वेक्षण र जनगणनामा सघाउने ।

### अपेक्षित उपलव्धी

योजनाको अन्तमा स्थानीय स्तरमा विद्युतीय तथ्याङ्क प्रणालीको स्थापना र संचालन भएको हुनेछ। आयोजना अनुगमन र मूल्याङ्कनको लागि आवश्यक सूचना उपलब्ध भएका हुनेछन् । तथ्यमा आधारित योजना तर्जुमा गर्न आवश्यक तथ्याङ्क उपलब्ध भएका हुनेछन् ।

## १०.२ योजना तर्जुमा तथा कार्यान्वयन

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यावहारिक कार्यनीति सहितको योजना आवश्यक पर्दछ । राष्ट्रिय स्तरमा पहिलो योजनाकालदेखि नै सामाजिक-आर्थिक क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गर्ने लक्ष्य सहित रणनीति र कार्यक्रम समावेश गरी आवश्यक श्रोतको विनियोजन गर्दै आएको भए तापनि अपेक्षाकृत उपलब्धि भने हासिल हुन सकेको छैन । योजना प्रणालीलाई राजनैतिक परिवर्तन सापेक्ष नतिजामुखी र यथार्थपरक बनाउन निरन्तर प्रयासहरू हुँदै आएका छन् । तेहौं योजनाबाट नतिजा खाकाको अवधारणालाई आत्मसात गरी यसलाई थप परिष्कृत बनाउँदै योजनासँग मध्यमकालीन खर्च संरचना र आर्थिक विकास कार्यक्रमलाई आबद्ध गर्दै लगिएको छ । परिवर्तित संघीय संरचना अनुसार स्थानीय तहमा समेत योजना प्रणालीको विकास गरी संस्थागत गर्ने प्रयास बमोजिम स्थानीय तहमा योजनाबद्ध विकासको संस्थागत अभ्यासको सुरुआत भएको छ । प्रादेशिक तथा स्थानीय योजना तर्जुमा दिग्दर्शन, राष्ट्रिय र प्रादेशिक अनुगमन तथा मूल्यांकन दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा लगिएको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र स्थानीय सरकारले कार्यान्वयनमा लगेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धी सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्नका लागि यसको आवश्यकता रहेको छ ।

### सम्भावना तथा अवसर

- नीति तथा योजना तर्जुमा गर्नको लागि संस्थागत संरचनाको निर्माण हुनु, राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोगको अनुभव स्थानीय योजना निर्माणमा उपयोग गर्न सक्ने सम्भावनाहरू रहनु, स्थानीय तहले पनि आफ्नो पञ्चवर्षीय योजना निर्माण गरी योजनाबद्ध रूपमा विकास निर्माणका कार्यहरू अगाडि बढाउनु, योजना तर्जुमा प्रति सबै समुदायको जनचासो र सहभागिता बढ्दै जानु, राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोगबीच सहकार्य र समन्वय वृद्धि हुँदै जाने संभावनाहरू रहनु, प्रादेशिक र स्थानीय तहको योजना तर्जुमाको लागि प्राविधिक सहयोग गर्न विभिन्न विकास साझेदार संघसंस्थाहरू इच्छुक हुनु आदि यस क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

### समस्या तथा चुनौती

- पर्याप्त जनशक्ति, भौतिक संरचना र बजेटको अभाव रहनु, नियमित रूपमा विषयगत छलफल गरी नीति तथा योजना तर्जुमा गर्ने र कार्यक्रमहरूको वर्गीकरण गर्ने वातावरण बन्न नसक्नु, योजना

तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक स्थानीय तहगत खण्डीकृत तथ्याङ्कको उपलब्धता नहुनु, स्थानीय तह अन्तर्गतका संस्थागत संरचनाहरू व्यवस्थित नहुनु, कर्मचारीहरूको स्थायित्व नहुनु, आदि यस क्षेत्रका समस्याहरू हुन् ।

- नियमित रूपमा विषयगत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गरी योजना छनौट गर्ने प्रणालीको आधारशीला तयार गर्न नसक्नु, प्रथम पञ्चवर्षीय योजना, वार्षिक विकास कार्यक्रम र मध्यकालीन खर्च संरचना बीचको सामन्जस्यता कायम गर्दै योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन नसक्नु, योजना निर्माणको लागि आवश्यक विज्ञ जनशक्तिहरू स्थानीय स्तरमा नै उत्पादन गरी स्थानीय योजना निर्माणको प्रणालीलाई मजबुत र दिगो बनाउन नसक्नु, योजना कार्यान्वयन गर्ने निकायको क्षमता र दक्षता अभिवृद्धि गरी योजना कार्यान्वयन गर्न नसक्नु, स्थानीय तहको योजना निर्माण क्षमता र दक्षता अभिवृद्धि गर्न नसक्नु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### सोच

**“परिणाममुखी योजना तर्जुमा र वस्तुनिष्ट कार्यान्वयन प्रणाली”**

#### लक्ष्य

- जनमुखी विकासका लागि आवश्यकतामा आधारित योजना निर्माण गरी वस्तुनिष्ट कार्यान्वयन प्रणालीको विकास गर्ने,

#### उद्देश्य

- तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु,
- योजनाको प्रभावकारी कार्यान्वयन गर्नु,
- योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गर्नु,

#### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • तथ्याङ्कको वैज्ञानिक प्रयोग गर्दै परिणाममुखी नीति तथा योजना तर्जुमा गर्ने,<br>• विषयगत मापदण्ड बनाइ तहगत सम्बन्ध तथा अन्तरसरकारी समन्वय कायम गर्ने,<br>• योजना अनुगमन निर्देशिका र सयन्त्र बनाई नियमित समीक्षा गर्ने साथै तेस्रो र स्वतन्त्र पक्षबाट विशेष | • तथ्याङ्कीय पूर्व सूचीका आधारमा गाउँपालिकाका नीति तथा योजना तर्जुमा गर्ने<br>• स्थानीय योजना निर्माणको लागि निरन्तर विभिन्न निकायहरूसँग सहकार्य र समन्वय गर्ने,<br>• गाउँपालिकाले तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषणको लागि विभिन्न निकायहरूबाट प्राविधिक सहयोग लिने,<br>• गाउँपालिकाले आवश्यक तथ्याङ्कहरूको सूची तयार गरी नियमित तथ्याङ्क संकलन गर्ने प्रणालीको विकास गर्ने,<br>• स्थानीय स्तरमा आवश्यकता पहिचान गरी विषयगत तथ्याङ्कहरू संकलन गर्ने,<br>• गाउँपालिकामा तथ्याङ्क सम्बन्धि कार्य गर्ने कर्मचारीहरूको क्षमता र दक्षता वृद्धिका कार्यक्रम संचालन गर्ने<br>• उपलब्ध वैज्ञानिक विधि र प्रविधिहरूको उच्चतम प्रयोग गरी तथ्याङ्क संकलन र विश्लेषण गर्ने, |

गंगादेव गाउँपालिका

| | |
|---|---|
| आयोजनाहरूको मूल्याङ्कन गर्ने । | ● तथ्याङ्क वेब पोर्टल निर्माण गरी तथ्याङ्कहरूको एकीकृत रूपमा व्यवस्थापन र वितरण गर्ने,<br>● वेबपोर्टल र विभिन्न प्रकाशन मार्फत् तथ्याङ्कको नियमित प्रकाशन गर्ने,<br>● तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी वेबपोर्टल र विभिन्न प्रकाशन मार्फत् प्रयोग कर्ता माझ पुऱ्याउने, |

### प्रमुख कार्यक्रमहरू

- तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्ने,
- स्थानीय सरकारका योजनाहरू व्यापक जनसहभागितामा निर्माण गर्ने,
- स्थानीय सरकारको संस्थागत सुधारका लागि पेशागत तालिम तथा गोष्ठीको आयोजना गर्ने,
- एकीकृत तथा विकेन्द्रिकृत गर्नका लागि स्थानीय सरकारले आवश्यक संरचना निर्माण गर्ने,
- स्थानीय आवश्यक कानुनहरूका निर्माण गर्ने,
- संघ तथा प्रदेश सरकारले प्रदान गर्ने समपूरक, सशर्त र विशेष अनुदान कार्यक्रमहरू लिई कार्यान्वयन गर्ने,

### अपेक्षित उपलब्धि

योजनाको अन्तमा स्थानीय स्तरमा विद्युतीय तथ्याङ्क प्रणालीको स्थापना र संचालन भएको हुनेछ। योजनाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन र मूल्याङ्कनको लागि आवश्यक सूचना उपलब्ध भएको हुनेछ। तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा गर्न आवश्यक तथ्याङ्क उपलब्ध भएका हुनेछन्। तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्ने परिपाटीको विकास भएको हुनेछ। योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गरिएको हुनेछ।

## १०.३ आयोजना बैंक

आवश्यकता, लागत र मुनाफा हेरेर आयोजनाको प्राथमिकीकरण गर्नु पर्नेमा राजनीतिक तथा प्रशासनिक पहुँचका आधारमा आयोजना सिफारिस गर्ने वा गर्न लगाउने र सोही अनुसार बजेट विनियोजन गर्दा योजनाको प्रभावकारी कार्यान्वयन हुन नसकिरहेको अवस्था छ। यसर्थ द्रुत र दिगो सामाजिक आर्थिक विकासको लागि लगानी र लाभको विश्लेषण गरी आयोजना बैंक बनाउने र आयोजनाहरूको प्राथमिकीकरण गरी वित्तीय स्रोत साधनको व्यवस्था र योजनाबद्ध कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ। स्थानीय तहमा योजनाहरूको मूल्याङ्कन, स्क्रीनिङ र प्राथमिकीकरण गरी परिणाममुखी योजनाहरूको सूची तयार गर्न थप बजेट र जनशक्ति परिचालन गर्दै आयोजना छनौट र कार्यान्वयन प्रकृयालाई पारदर्शी, सरलीकरण गर्न र सरकारी लगानीले मात्र अपुग हुने आयोजनाको लागि निजी, सहकारी तथा वैदेशिक लगानी आकर्षित गर्न आयोजना बैंक बनाउने कार्यलाई उच्च प्राथमिकतामा राखी निरन्तर कार्य गर्नुपर्ने आवश्यकता छ।

### सम्भावना तथा अवसर

- स्थानीय सरकारले आयोजना बैंक बनाउने कार्यलाई प्राथमिकतामा राख्नु, आयोजना बैंक बनाएर मात्र बजेट विनियोजन योजना तर्जुमालाई भरपर्दो बनाउन आयोजनाको सूची तयार गर्ने अभ्यासको प्रारम्भ हुनु, स्थानीय तहले पनि सम्भाव्यता अध्ययनका आधारमा स्थानीय स्तरको आयोजना बैंक बनाउने अभ्यास प्रारम्भ गर्नु, आयोजना विकास गर्न जनशक्ति क्रमशः विकास हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन्।

गंगादेव गाउँपालिका

### समस्या तथा चुनौतीहरू

- आवश्यकता, लागत र लाभ विश्लेषण गरी आयोजनाहरूको बैंक बनाउने परिपाटी विकास हुनु पर्नेमा राजनीतिक र प्रशासनिक पहुँच हाबी हुनु, संस्थागत संरचना र पर्याप्त जनशक्ति नहुँदा आयोजना बैंक बनाउने कार्यहरू अगाडि बढ्न नसक्नु, अध्ययन र अनुसन्धानको आधारमा आयोजनाहरूको लागत र मुनाफाबारे स्पष्ट हुन नसक्दा आन्तरिक लगानी व्यवस्थापन र लगानी आकर्षित गर्नमा कठिनाईहरू हुनु आदि यस क्षेत्रका समस्याहरू हुन् ।
- आयोजना बैंक बनाउनको लागि संस्थागत संरचना निर्माण गर्न नसक्नु, स्थानीय तहमा आयोजनाहरूको छनौट प्रक्रिया वैज्ञानिक नहुनु, लागत र मुनाफा हेरी सरकारी आयोजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको विकास नहुनु, सरकारले कार्यान्वयनमा ल्याउने आयोजनाहरूको आयोजना बैंक बनाउन नसक्नु, सरकारी स्रोतले मात्र विकास आयोजनाहरूको विकासको लागि निजी क्षेत्र तथा वैदेशिक लगानी कर्ता आकर्षित गर्न सहयोगी हुने गरी आयोजना बैंक बनाउन नसक्नु, नेपाल तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी स्थानीय स्तरीय आयोजनाहरूको बैंक तयार पार्न नसक्नु, आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

### दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### सोच

**" पारदर्शी, समतामूलक र वैज्ञानिक विकासका लागि आयोजना बैंक स्थापना"**

### लक्ष्य

- क्षेत्रगत बजेट विनियोजन पारदर्शी, समतामूलक र वैज्ञानिक बनाउन आयोजना बैंकको स्थापना गर्ने,

### उद्देश्य

- आयोजना बैंक बनाउने आधारशीला निर्माण गर्नु,
- आयोजना कार्यान्वयन मोडालिटी पहिचान गरी सिफारिस गर्नु,
- वित्तीय स्रोतको पहिचान गरी प्रभावकारी ढंगबाट परिचालन गर्नु,

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • आयोजना बैंकलाई स्थानीय तहसम्म विस्तार गर्ने,<br>• कार्यान्वयन मोडालिटीको लागि आवश्यक नीति नियम बनाइ नियमन गर्ने,<br>• स्थानीय तहमा आवश्यक वित्तीय स्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने । | • आयोजना बैंक निर्माणको लागि आवश्यक संस्थागत संरचनाको निर्माण गर्ने,<br>• आयोजना बैंक निर्माणको लागि आवश्यक नीति, नियम, निर्देशिका तयार गरी नियमन गर्ने,<br>• आयोजना बैंकलाई व्यवस्थित गर्नको लागि आवश्यक सफ्टवेयरको विकास गरी सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने,<br>• आयोजना बैंकमा भएका आयोजनाहरूलाई पारदर्शी र यथार्थपरक ढंगबाट अभिलेख राख्न र छनौट गर्न विद्युतीय प्रणालीमा आवद्ध गर्ने,<br>• आयोजना बैंक बनाउनको लागि स्थानीय तहको क्षमता र दक्षता वृद्धि गर्ने, |

| | |
|---|---|
| | • परियोजना कार्यान्वयनको लागि आवश्यक नीति नियम तयार पारी लागू गर्ने,<br>• संघ, प्रदेश, निजी, सहकारी तथा सामाजिक संघ संस्थासँग समन्वय गरी आवश्यक वित्तीय स्रोत साधनको पहिचान तथा परिचालन गर्ने,<br>• स्थानीय स्तरका आयोजना बैंकमा आबद्ध भएका आयोजना संञ्चालन गर्न सार्वजनिक, निजी, सहकारी, सामुदायिक र वैदेशिक लगानीको सम्भावनाहरू पहिचान गरी वित्तीय स्रोतको व्यवस्थापन गर्ने,<br>• प्राथमिकताको आधारमा आयोजना छनौट गरी मध्यमकालीन खर्च संरचनामा समावेश गर्ने । |

### प्रमुख कार्यक्रमहरू

- आवश्यक संस्थागत संरचनाको निर्माण गर्ने,
- आवश्यक नीति, नियम, निर्देशिका तयार गर्ने,
- सम्भाव्यता अध्ययन गरी स्थानीय स्तरीय आयोजनाहरूको बैंक बनाउने,
- आयोजनाको पहिचान, वर्गीकरण, प्राथमिकीकरण, छनौट र मूल्याङ्कनको मापदण्ड निर्माण गर्ने,
- स्थानीय तहमा आयोजना बैंक स्थापना गर्न क्षमता र दक्षता अभिवृद्धि गर्ने,
- विद्युतीय प्रणालीमा अभिलेख राख्न कर्मचारीको दक्षता अभिवृद्धि गर्ने,
- स्थानीय तहमा आवश्यक अन्य पूर्वाधारहरूको विकास गर्ने,

### अपेक्षित उपलब्धि

योजनाको अन्तमा स्थानीय स्तरमा विकासका आयोजनाहरू आयोजना बैंकमा आबद्ध गरी संचालन भएका हुनेछन् । आयोजनाहरूको प्राथमिकीकरण छनौट, अध्ययन, अनुसन्धान र मापदण्डको आधारमा भएका हुनेछन् । बजेट विनियोजन प्रणाली न्यायोचित, पारदर्शी, समतामूलक र वैज्ञानिक हुनेछ ।

## १०.४ तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय

देशमा संघीयताको अभ्याससँगै संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यी सरकारका एकल अधिकार क्षेत्र प्रष्ट भए पनि साझा अधिकारका क्षेत्रको कार्यान्वयनमा केही अस्पष्टता रहेका छन् । तसर्थ तीन तहका सरकारले प्रभावकारी कार्य सम्पादन गर्न आपसी सामन्जस्य, समन्वय र सहकार्य आवश्यक पर्दछ । स्पष्ट नभएका अधिकार क्षेत्रमा आपसी सहकार्य र समन्वय गर्दै जनतालाई सरकारको उपस्थिति र अनुभूति गराउनु पर्दछ ।

### प्रमुख समस्या

नेपालको संविधानको अनुसूची ५ मा संघीय सरकारले सम्पादन गर्ने एकल अधिकार क्षेत्र भित्रका कार्यहरू, अनुसूची ६ मा प्रदेश सरकारले सम्पादन गर्ने कार्यहरू, अनुसूची ७ मा संघ र प्रदेशले साझा रूपमा सम्पादन गर्ने कार्यहरू, अनुसूची ८ मा स्थानीय तहका एकल अधिकार क्षेत्रभित्रका कार्यहरू र अनुसूची ९ मा तीन तहका सरकारले सम्पादन गर्ने साझा अधिकारका कार्यहरू उल्लेख गरिएको छ । यी कार्यहरू मोटामोटी रूपमा मात्र उल्लेख गरिएको र मसिनो ढंगले नछुट्याइएको हुँदा कार्य सम्पादन गर्न केही अस्पष्टताहरू छन् । कार्य विस्तृतीकरणमा केही व्याख्या गरिएको भए तापनि व्याख्या नभएका कैयौं सवालहरू छन् र कार्यान्वयन चरणमा ती कार्यहरू दोहोरिने, एक अर्काको क्षेत्र अतिक्रमण हुने जस्ता समस्याहरू छन् । तीन तहका

सरकारले कार्यान्वयन गर्ने आयोजनाहरूको हालसम्म वर्गीकरण गरिएको छैन र यसले योजना तर्जुमा तथा कार्यान्वयनमा थप समस्या पैदा गरेको छ । यस प्रकारका समस्या समाधान गर्न तीन तहका सरकारबीच आपसी सहकार्य र समन्वय आवश्यक छ ।

### चुनौती र अवसर

तीन तहका सरकारले कार्यान्वयन गर्ने आयोजनाहरूको वर्गीकरण गरी कार्य प्रष्टता गर्नु, तीनै तहका सरकारको प्राथमिकतामा परेका आयोजनाहरू कार्यान्वयनको लागि स्रोत व्यवस्थापन गर्नु, एक अर्कोको कार्यक्षेत्र अतिक्रमण नहुने गरी कार्यसम्पादनमा सहजीकरण गर्नु, आयोजना कार्यान्वनमा प्रभावकारिता ल्याउनु आदि प्रमुख चुनौती हुन् । प्रदेश र स्थानीय तह बीच तथा स्थानीय तहहरू बीच कुनै समस्या देखा परे तिनको समाधान गर्न माननीय मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश स्तरमा समन्वय परिषद्को व्यवस्था हुनु, संघीयता कार्यान्वयनको लागि कार्यतालिका निर्माण हुनु, आयोजनाहरूको वर्गीकरण गरी कार्य प्रष्टता ल्याउन आयोजना वर्गीकरण सम्बन्धी छलफलले नीति निर्माताको ध्यान आकर्षण गर्नु, दु:खको बेला मिलेर काम गर्ने नेपालीको संस्कृति हुनु आदि अवसर हुन् ।

### दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### सोच

**"समन्वय, सहकार्य र सहअस्तित्वमा प्रतिवद्धता"**

### लक्ष्य

- आपसी समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित संघीयताको मान्यतामा प्रतिवद्धत भई उत्कृष्ट नतिजा हासिल गर्ने,

### उद्देश्य

- आपसी सहयोग र समन्वयमा आयोजनाको पहिचान, विकास र कार्यान्वयन गर्नु,

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • तीन तहका सरकारको कार्यक्षेत्र र क्षेत्राधिकार प्रष्ट गर्न आयोजनाहरूको वर्गीकरण गर्न नेपाल सरकारसँग बहस पैरबी गर्ने,<br>• आपसी सहकार्य र समन्वय गर्ने संयन्त्रहरू सुदृढ गर्ने, | • ठूला विकास आयोजनाहरूको लागि आवश्यक स्रोत बहुपक्षीय समन्वय र सहकार्यको माध्यममार्फत् व्यवस्था गर्ने,<br>• स्थानीय तहमा उत्पादन वृद्धिमा सघाउने एवम् आर्थिक गतिविधि बढाउने खाले आयोजनाहरू गाउँपालिका आफैले पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था गर्ने,<br>• जनातामा सेवाप्रवाह गर्ने साना आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन गर्ने,<br>• नीति तथा योजना आयोगको स्थानीय तहमा योजना तर्जुमा सहजीकरण समितिमार्फत् योजना तर्जुमा र प्राविधिक सहयोग गर्ने,<br>• स्थानीय तहमा कार्यरत कर्मचारीहरूको आयोजना कार्यान्वयन गर्न क्षमता वृद्धि गर्ने, |

### प्रमुख कार्यक्रमहरू

- नीति तथा योजनाको संस्थागत संरचना निर्माण गर्ने,

- आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन गर्ने,
- स्थानीय तहका योजना तर्जुमा र कानुन निर्माण गर्ने,
- स्थानीय तहका कर्मचारीको क्षमता वृद्धि तालिम गर्ने,
- नेपाल सरकारबाट प्राप्त राजश्वको बाँडफाँड गर्ने,
- आयोजनाहरूको विस्तृत अध्ययन र कार्यान्वयनको लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,

### अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा आवश्यक स्रोत बहुपक्षीय समन्वय र सहकार्यको माध्यमबाट व्यवस्था गरिएको हुनेछ। उत्पादन वृद्धिमा सघाउने एवम् आर्थिक गतिविधि बढाउने खालका आयोजनाहरू गाउँपालिका आफैले पहिचान गरी कार्यान्वयन गरिएको हुनेछ। जनतामा सेवाप्रवाह गर्ने साना आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन भएको हुनेछ। स्थानीय तहमा कार्यरत कर्मचारीहरूको आयोजना कार्यान्वयन गर्ने क्षमता वृद्धि भएको हुनेछ।

## १०.५ अनुगमन तथा मूल्याङ्कन

अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, विकास आयोजना कार्यान्वयनको चरणमा पनि यसको बहुआयामिक महत्व रहेको छ। यसको मुख्य उद्देश्य चालू परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराइ परियोजनालाई सही बाटोमा हिडाउनु हो। स्थानीय स्तरमा पनि अनुगमन प्रणालीको विकास गरी चालू परियोजनाहरूलाई सक्रिय र परिणाममुखी बनाउन जरुरी छ। अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ। अनुगमन तथा मूल्याङ्कनले कार्यक्रम वा आयोजनाका सबल र दुर्बल पक्ष पत्ता लगाई दुर्बल पक्षलाई न्यूनीकरण गर्ने उपायको खोजी गर्नुका साथै समीक्षा गरी सूचना संकलन गरी प्रमाणमा आधारित सुधार तथा निर्णय गर्न सहयोग पुऱ्याउँछ। त्यसैले हरेक क्षेत्र सार्वजनिक, निजी र गैर सरकारी) ले परियोजनाको कार्यान्वयन चरणमा अनुगमन र परियोजनाको मध्यम तथा अन्तिम चरणमा मूल्याङ्कन गर्न जरुरी हुन्छ। राम्रो योजनाले परिणाममा ध्यान केन्द्रित गर्न मद्दत गर्दछ, जबकि अनुगमन र मूल्याङ्कनले हामीलाई अघिल्लो सफलता र चुनौतीहरूबाट पाठ सिक्न मद्दत गर्दछ र निर्णय गर्नको लागि मद्दत पुऱ्याउँछ। जसले गर्दा वर्तमान र भविष्यका पहलहरू मानिसहरूको जीवन सुधार गर्न र आफ्नो छनौटहरू विस्तार गर्न सक्षम हुन्छन्।

### सम्भावना र अवसर

- अनुगमन तथा मूल्याङ्कनबारे संस्थागत धारणा बन्नु, अनुगमन तथा मूल्याङ्कन कार्यको लागि संगठन संरचना निर्माण गर्दा महत्व दिनु, अनुगमन तथा मूल्याङ्कनका निर्देशिकाहरू तयार हुनु आदि अवसरहरू हुन्।

### समस्या र चुनौती

- स्थानीय तहमा पर्याप्त जनशक्ति र भौतिक संरचना नहुनु, सीमित बजेट, तथ्याङ्कको कमजोर आधारहरू, स्थानीय तह अन्तर्गतका संस्थागत संरचनाहरू व्यवस्थित नहुनु, कर्मचारीहरूको स्थायित्व नहुनु, आवश्यक तथ्याङ्क र सूचनाहरू उपलव्ध र व्यवस्थित नहुनु जस्ता समस्याहरू विद्यमान छन्।
- स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन प्रभावकारी बनाउन नसक्नु, तथ्य र वस्तुपरक रूपमा अनुगमन तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्न नसक्नु, नतिजामूलक

तथ्यहरूको पहिचान गरी आयोजनामा समावेश गर्न नसक्नु, यस क्षेत्रका मुख्य चुनौतीको रूपमा रहेका छन् ।

## दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### सोच

**"प्रभावकारी कार्यान्वयन र नतिजामुखी विकासका लागि अनुगमन"**

### लक्ष्य

- आयोजनाहरूको प्रभावकारी कार्यान्वयन र नतिजामूलक परिणामका लागि वैज्ञानिक अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गर्ने,

### उद्देश्य

- योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु,
- आयोजनाहरूको प्रतिफल, नतिजा र प्रभावहरूको मापन गर्नु,

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • अनुगमन तथा मूल्याङ्कनको लागि स्पस्ट नीति बनाई लागू गर्ने,<br>• स्थानीय स्तरमा अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,<br>• अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाई स्थानीय तहगत रूपमा अनुगमन संयन्त्र विकास गर्ने,<br>• जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,<br>• आयोजनाहरूको हरेक पक्षलाई आधार मानी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने,<br>• योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनलाई यथार्थपरक र परिणामुखी बनाउने,<br>• नीति, कार्यक्रम, योजना र आयोजनाहरूको मूल्याङ्कन गर्दा सान्दर्भिकता, प्रभावकारिता कार्यकुशलता, प्रभाव, दिगोपना, समावेशिता, लैंगिक समता र लाभग्राहीको सन्तुष्टि जस्ता मापदण्डको आधारमा गर्ने, | • स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तयार गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने,<br>• स्थानीय स्तरीय अनुगमन तथा मूल्याङ्कन इकाईलाई प्रभावकारी गर्ने,<br>• स्थानीय तहका अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने कमचारीलाई तालिम प्रदान गर्ने,<br>• सार्वजनिक नीति, पञ्चवर्षीय योजना, आर्थिक नीति तथा कार्यक्रम, बजेट तथा आयोजनाको दस्तावेजको अनुगमन तथा मूल्याङ्कन गर्ने,<br>• हरेक आयोजनाको ठिकठिक समयमा अनुगमन तथा मूल्याङ्कन विश्लेषणको आधारमा योजना तर्जुमा र कार्यान्वयनलाई परिणाममुखी र प्रभावकारी गर्ने,<br>• दिगो विकास लक्ष्यका सूचकहरूको प्रगतिलाई अनुगमन तथा मूल्याङ्कनमा एकीकृत गर्ने,<br>• अनुगमन प्रणालीलाई नियमित र प्रभावकारी बनाउन नीति कार्यक्रम,योजना वा आयोजना निर्माण तहमा नै सूचकहरू निर्धारण र उपलब्धिहरूको मापन गर्ने प्रणालीको विकास गर्ने,<br>• यस योजनामा विकास भएको नतिजाखाकालाई प्रत्येक नीति, कार्यक्रम, योजना तथा आयोजना मूल्याङ्कनको आधार मानिने, |

### प्रमुख कार्यक्रमहरू

- अनुगमन र मूल्याङ्कन निर्देशिकाको निर्माण गर्ने,
- अनुगमन तथा मूल्याङ्कन मापदण्ड निर्माण र कार्यान्वयन गर्ने,
- जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,
- अनुगमन र मूल्यांकनमा संलग्न कर्मचारीलाई तालिम गर्ने,
- ठूला आयोजनाको पूर्व, चालू र संम्पन्न मूल्याङ्कन प्रतिवेदन तयारी गर्ने,

### अपेक्षित उपलब्धि

अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तयार गरी प्रभावकारी ढंगबाट कार्यान्वयन भएको हुनेछ। अनुगमन तथा मूल्याङ्कन इकाई प्रभावकारी भएको हुनेछ। अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने कर्मचारीको क्षमतम विकास भएको हुनेछ। योजनामा विकास भएको नतिजा खाकालाई प्रत्येक नीति, कार्यक्रम, योजना तथा आयोजना मूल्याङ्कनको आधार भएको हुनेछ।

## १०.६ जोखिम व्यवस्थापन

योजनाको अपेक्षित लक्ष्य तथा उद्देश्य हासिल गर्न राजनीतिक स्थायित्व, राजनीतिक दलहरू बीच सहकार्य, नीतिगत स्थिरता, लगानीको अनुकूल वातावरण, आर्थिक स्थायित्व, मित्र राष्ट्र र विकास साझेदारको सहयोग, निकायगत कार्यदक्षता र कुशलता, अन्तर क्षेत्रगत र अन्तर तहगत समन्वय र सहकार्य आवश्यक हुन्छ। त्यस्तै योजनाले निर्धारण गरे अनुरूप सार्वजनिक, निजी तथा सहकारी एवं गैर सरकारी क्षेत्रबाट लगानी हुने अपेक्षा गरिएको छ। योजना अवधिमा सम्पन्न हुने प्राथमिकता प्राप्त आयोजना र कार्यक्रमले योजनाको कार्यान्वयन पक्षलाई निक्यौंल गर्नेछ। तसर्थ योजना तर्जुमा गर्दा लिइएका मान्यता र पूर्वानुमान अनुरूप सम्भाव्य जोखिम प्रक्षेपित अवस्था अनुरूप नियन्त्रणको दायराभित्र रहने अनुमान गरिएको छ। संघीय शासन प्रणाली नेपालको लागि नयाँ अभ्यास भएको हुँदा स्थानीय तहको संस्थागत विकास र कार्यान्वयन क्षमताले विकास योजना, नीति तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावित पार्ने छ। साथै, योजना अवधिमा तर्जुमा हुने वार्षिक र आवधिक योजनामा उल्लेख भएका लक्ष्य तथा रणनीतिको निरन्तरता दिनुपर्ने हुन्छ। योजनाका लक्ष्यहरू हासिल गर्न सो अनुरूप राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिकको दृष्टिकोण तथा मनोवृति संरचनात्मक व्यवस्थामा परिवर्तन हुनु आवश्यक छ। स्रोत साधनको विनियोजन एवमं सञ्चालन कुशलता कायम गर्दै कार्य पद्धति र कार्य संस्कृतिमा सुधार गर्न सकेमा जोखिम पक्षको व्यवस्थापन हुन सक्छ। स्थानीय अर्थतन्त्रलाई आत्म निर्भर बनाउँदै वित्तीय, मानवीय तथा भौतिक साधनको प्रभावकारी परिचालन हुनसकेमा उल्लेखित लक्ष्य हासिल हुने जोखिम रहँदैन।

### सम्भावना र अवसर

- दिगो विकास लक्ष्य र दीर्घकालीन सोचसहितको यस ५ वर्षे आवधिक योजना कार्यान्वयन गर्न स्थानीय सरकारलाई संघीय सरकार, प्रदेश सरकार, निजी र सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार संस्था र गैरसरकारी संस्थाबाट महत्वपूर्ण सहयोग प्राप्त हुनु र गाउँपालिकामा उपलव्ध पर्याप्त स्रोत साधनलाई अवसरका रूपमा लिन सकिन्छ।

### समस्या र चुनौती

- जलवायु परिवर्तनबाट वातावरणमा पर्न सक्ने नकारात्मक असर, पेट्रोलियम पदार्थमा हुन सक्ने मूल्यवृद्धि, महामारी तथा उत्पन्न हुन सक्ने अन्य विपद्, गाउँपालिका आर्थिक रूपले सम्वृद्ध हुँदै गर्दा मानवीय, भौतिक तथा आर्थिक क्षति प्रमुख समस्याका रूपमा रहेका छन्।

- महामारी तथा विपद् व्यवस्थापन गरी योजनाले लिएको लक्ष्यहरू प्राप्त गर्न, जलवायु परिवर्तनका कारण जनजीवन, उत्पादन, पूर्वाधार तथा अन्य क्षेत्रमा पर्न सक्ने प्रतिकूल असर न्यूनीकरण गर्नु, बढ्दो वायु प्रदुषण नियन्त्रण गरी स्वच्छ र हरित अर्थतन्त्र निर्माण गर्नु, विपद् जोखिम न्यूनीकरण गर्न पर्याप्त तयारी गर्नु, पूर्वाधार निर्माणमा पर्याप्त सावधानी नअपनाउनु जस्ता चुनौतीहरू जोखिम पक्ष रहेका छन् ।
- तीनै तहका सरकारबीच समन्वय र सहकार्यको वातावरण स्थापित गर्नु, सीमित ज्ञान सीप र क्षमता भएका कर्मचारीहरूलाई उत्प्रेरित गर्दै योजना कार्यान्वयन गर्नु, सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्य सञ्चालन गर्न स्रोत जुटाउने कार्य गर्नु, आवश्यकता र राजश्व परिचालन क्षमता अनुसारको स्रोत प्राप्त गर्नु, स्थानीय तहको विकासमा निजी क्षेत्र, सहकारी, नागरिक समाज र गैरसरकारी क्षेत्रको सहयोग आवश्यक मात्रामा प्राप्त गर्नु आदि चुनौतीका रूपमा रहेका छन् ।

## दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### सोच

**"सम्भाव्य जोखिमको पहिचान र व्यवस्थापनका लागि पूर्व तयारी"**

### लक्ष्य

- योजनाको जोखिम पक्षका निराकरण गर्दै वित्तीय, मानवीय तथा भौतिक साधनको प्रभावकारी परिचालनबाट अपेक्षित लक्ष्य हासिल गर्ने,

### उद्देश्य

- योजना कार्यान्वयनका दौरान वित्तीय जोखिम न्यूनीकरण गर्नु,
- पूर्वाधार र सूचना प्रविधिजन्य जोखिम न्यूनीकरण गर्नु,
- प्राकृतिक विपद् र जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्नु,
- शासकीय जोखिम न्यूनीकरण गर्नु,
- सामाजिक तथा सांस्कृतिक जोखिम न्यूनीकरण गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • सार्वजनिक वित्तको प्रभावकारी व्यवस्थापन गर्ने,<br>• मौद्रिक तथा वित्तीय क्षेत्रका जोखिम न्यूनीकरण गर्ने,<br>• पूर्वाधार र सूचना प्रविधिजन्य जोखिम न्यूनीकरण गर्ने,<br>• प्राकृतिक विपद् र जलवायु | • राजश्व संकलन तथा यसको दायरा विस्तार गर्ने,<br>• सार्वजनिक खर्चलाई उत्पादनशील तथा प्रतिफलयुक्त हुने गरी परिचालन गर्ने,<br>• चालू खर्च व्यवस्थापन सम्बन्धि मापदण्ड बनाइ वाञ्छित सीमाभित्र राखिने छ र गैर बजेटरी खर्चलाई नियन्त्रण गर्ने,<br>• सामाजिक सुरक्षा लगायतका सामाजिक सुरक्षा प्रणालीलाई विस्तार तथा सवल बनाउने,<br>• मध्यकालीन खर्च संरचना तर्जुमा प्रक्रियालाई सुदृढ गरी यथार्थपरक बनाइने,<br>• अर्थतन्त्रको लागि आवश्यक लगानी र आन्तरिक स्रोत उपलव्धता बीचको अन्तर पूर्ति गर्न बाह्य लगानी भित्र्याइने,<br>• वित्तीय संस्थाको विस्तार र प्रविधिमैत्री वित्तीय सेवाको विकास गरी वित्तीय पहुँच बढाइने, |

गाउँपालिका

| | |
|---|---|
| परिवर्तनका जोखिम न्यूनीकरण गर्ने,<br>● शासकीय जोखिम न्यूनीकरण गर्ने,<br>● सामाजिक तथा सांस्कृतिक जोखिम न्यूनीकरण गर्ने । | ● उर्जा, पूर्वाधार, मानवीय र साइबर सुरक्षा प्रदान गर्ने तथा साइबर अपराध नियन्त्रण गर्ने,<br>● विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि समुदाय स्तरदेखि नै उत्थानशील क्षमता अभिवृद्धि गर्ने,<br>● विकास निर्माणका चरणहरूमा जलवायु परिवर्तन सम्बन्धी विषयलाई मूलप्रवाहीकरण गर्ने,<br>● पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व प्रवर्द्धन गरी सुशाशन कायम गर्ने,<br>● संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य र समन्वयलाई प्रभावकारी बनाइने,<br>● दीर्घकालीन सोच, आवधिक योजना र वार्षिक बजेट बीचको तादाम्यता र क्षेत्रगत नीतिहरूसँग सामञ्जस्यता कायम गर्ने,<br>● कामको सम्मान, सम्मानजनक काम र कामप्रतिको जिम्मेवारीलाई प्रवर्द्धन गर्ने,<br>● सार्वजनिक पदमा रहने सबै पदाधिकारीहरूको पदीय आचारण र अनुशासन सम्बन्धी आचार संहिता लागू गर्ने,<br>● पेशागत मर्यादा, व्यावसायिकता र सदाचार प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने । |

### प्रमुख कार्यक्रमहरू

- वित्तीय जोखिमको लेखाजोखा गर्ने विधि तयारी तथा अद्यावधि गर्ने,
- राजश्व संकलन कार्य योजनको निर्माण गर्ने,
- चालू खर्च व्यवस्थापन सम्बन्धि मापदण्ड निर्माण गर्ने,
- वित्तीय संस्थाको विस्तार, विपद् जोखिम संवेदनशील योजना तथा पूर्वाधार निर्माण योजना तयारी गर्ने,
- सुशासन सम्बन्धि कार्य योजना निर्माण गर्ने,
- सार्वजनिक पदाधिकारीहरूको पदीय आचारण र अनुशासन सम्बन्धी आचारसंहिता निर्माण गर्ने,
- कर्मचारी सम्बन्धि आचारसंहिता निर्माण गर्ने ।

### अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा सार्वजनिक वित्तको प्रभावकारी व्यवस्थापन भएको हुनेछ । मौद्रिक तथा वित्तीय क्षेत्रका जोखिम न्यूनीकरण भएको हुनेछ । पूर्वाधार र सूचना प्रविधिजन्य जोखिम न्यूनीकरण भएको हुनेछ । स्थानीय स्तरमा प्राकृतिक विपद् र जलवायु परिवर्तनका जोखिम न्यूनीकरण भएको हुनेछ । स्थानीय रूपमा शासकीय जोखिम न्यूनीकरण भएको हुनेछ । साथै गाउँपालिकामा सामाजिक तथा सांस्कृतिक जोखिम न्यूनीकरण भै सभ्य तथा सुसंस्कृत समाजको निर्माण भएको हुनेछ ।

गंगादेव गाउँपालिका